नेपाल सरकार

# मन्त्रालयगत प्रगति विवरण

नेपाल सरकार

**अर्थ मन्त्रालय**

२०७८

# नेपाल सरकार

# मन्त्रालयगत प्रगति विवरण

(आर्थिक वर्ष २०७६/७७ को यथार्थ र आर्थिक वर्ष २०७७/७८ को फागुनसम्मको विवरण)

नेपाल सरकार

## अर्थ मन्त्रालय

२०७८, जेठ

# प्राक्कथन

नेपाल सरकारका विभिन्न मन्त्रालयलाई उपलब्ध गराइएको बजेट र उक्त बजेटको खर्च एवं हाँसिल भएको उपलब्धी समेत सार्वजनिक गर्ने प्रयोजनका लागि आर्थिक वर्ष २०७६/७७ मा विनियोजित बजेट र सोको उपलब्धी एवं आर्थिक वर्ष २०७७।७८ को विनियोजित बजेट र २०७७ फागुन मसान्तसम्म हाँसिल भएको वित्तीय र भौतिक प्रगतिका आधारमा मन्त्रालयगत प्रगति विवरण तयार गरिएको छ।

आर्थिक वर्ष २०७७/७८ को बजेटले कोभिड-१९ संक्रमणबाट नागरिकको जीवन रक्षाका लागि स्वास्थ्य प्रणाली सुधार गरी जीवन सुरक्षित बनाउने, उपलब्ध स्रोतसाधनको उच्चतम परिचालन गरी शीघ्र आर्थिक पुनरूत्थान गर्ने तथा पूर्वाधार विकास मार्फत उत्थानशील, स्वाधीन, समृद्ध एवं समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्दै जाने उद्देश्य लिए अनुरूप सोका लागि बजेटको प्रभावकारी कार्यान्वयन र सार्वजनिक वित्त व्यवस्थापन प्रणालीमा सुधार गरिएको छ। सार्वजनिक खर्च प्रणालीलाई थप प्रभावकारी बनाउन आयोजनाको बहुवर्षीय ठेक्कासम्बन्धी मापदण्ड जारी गर्नुका साथै मध्यकालीन खर्च संरचनालाई संस्थागत गरिएको छ। समष्टिगत आर्थिक स्थायित्व कायम गर्दै सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीलाई नतिजामूलक तथा उत्तरदायी बनाउन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन र सोको नियमावली कार्यान्वयनमा ल्याइएको छ। वित्त व्यवस्थापनमा विकास गरिएका सूचना प्रणालीलाई अन्तर-आबद्ध गराई राजस्व र खर्चको अवस्थाको सूचना तत्कालै प्राप्त गर्न सकिने प्रणालीको विकास गरिएको छ।

कोभिड-१९को संक्रमणका कारण शिथिल बनेको अर्थतन्त्रलाई गतिशील बनाउन सञ्चालित राहत र पुनरूत्थानका कार्यक्रमको सफल कार्यान्वयनबाट गत आर्थिक वर्षको विनियोजित रकमको उपयोग सन्तोषजनक रहेको छ। चालु आर्थिक वर्षको फागुनसम्मको खर्च र उपलब्धि पनि सन्तोषजनक रहेको छ। साथै, कोभिड-१९ महामारीको रोकथाम, उपचार र नियन्त्रण कार्यबाट नागरिकको जीवनरक्षामा अपेक्षाकृत सफलता हाँसिल भएको छ। तथापी, आर्थिक गतिविधि बिस्तार, सार्वजनिक सेवा प्रवाह र विकास निर्माणमा भने प्रतिकूल प्रभाव कायमै रहेको छ। यसले एकातर्फ स्रोत परिचालनमा चुनौती सिर्जना भएको छ भने अर्कोतर्फ स्वास्थ्य क्षेत्रमा प्राथमिकताका साथ थप रकम विनियोजन गर्नु पर्ने कारण आयोजनाको पुन: प्राथमिकीकरण गर्दै आयोजना सञ्चालनमा थप प्रभावकारिता आवश्यक छ।

प्रस्तुत विवरणबाट चालु आर्थिक बर्षमा मन्त्रालयबाट भएको खर्च र सोको उपलब्धिको यथार्थ जानकारी हुनुका साथै सरोकार राख्ने सबैलाई उपयोगी हुने विश्वास लिएको छु। अन्तमा, यो विवरण तयार गर्ने कार्यमा संलग्न हुनुहुने मन्त्रालयका सचिव लगायत सम्पूर्ण कर्मचारीसाथीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

विष्णुप्रसाद पौडेल
अर्थमन्त्री

२०७८, जेठ

# प्रगति विवरणको सम्बन्धमा

- यस मन्त्रालयगत प्रगति विवरण पुस्तिकामा सबै मन्त्रालयको दीर्घकालीन सोच, उद्देश्य, रणनीति तथा कार्यक्षेत्रसहितको संक्षिप्त परिचय, अघिल्लो आर्थिक वर्ष २०७६/७७ को यथार्थ खर्च र प्रगति साथै चालु आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्मको खर्चको विवरण समाविष्ट गरिएको छ। साथै, बजेट वक्तव्यमा उल्लेख भएका सम्बन्धित मन्त्रालयसँग सम्बन्धित नीति तथा कार्यक्रमको २०७७ फागुन मसान्तसम्मको प्रगति विवरण र सम्बन्धित मन्त्रालयबाट सोही अवधिमा सम्पादन भएका अन्य महत्त्वपूर्ण कार्यलाई समेत संक्षिप्त रूपमा प्रस्तुत गरिएको छ।
- यसमा आर्थिक ऐन, २०७६ बमोजिम आर्थिक वर्ष २०७६/७७ को पूर्ण अवधिको तथा आर्थिक ऐन, २०७७ बमोजिम फागुन मसान्तसम्म विभिन्न निकायको सिफारिसमा प्रदान गरिएको राजस्व छुटको विवरण पनि समावेश गरिएको छ। त्यसैगरी, अघिल्लो आर्थिक वर्ष २०७६/७७ मा नेपाल सरकारलाई प्राप्त वैदेशिक ऋण तथा अनुदान सहायता र चालु आर्थिक वर्ष २०७७/७८ को फागुनसम्म नेपाल सरकारलाई प्राप्त वैदेशिक ऋण तथा अनुदान सहायताको आयोजनागत प्रतिबद्धता विवरण समेत समावेश गरिएको छ।
- प्रस्तुत विवरणमा सम्बन्धित मन्त्रालयले उपलब्ध गराएका तथ्याङ्क, प्रगति एवं सोसँग सम्बन्धित विवरण र बजेट खर्चको सम्बन्धमा महालेखा नियन्त्रक कार्यालयको एकल खाता कोष प्रणालीबाट उपलब्ध तथ्याङ्क प्रस्तुत गरिएको छ।

# विषय-सूची


| क्र.सं. | मन्त्रालयको नाम | पृष्ठ संख्या |
|---|---|---|
| १. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ |
| १.क. | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | १४ |
| २. | अर्थ मन्त्रालय | २० |
| ३. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ५८ |
| ४. | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | ८० |
| ५. | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | १०४ |
| ६. | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | १०९ |
| ७. | खानेपानी मन्त्रालय | १२७ |
| ८. | गृह मन्त्रालय | १३७ |
| ९. | परराष्ट्र मन्त्रालय | १५४ |
| १०. | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | १६६ |
| ११. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | १७६ |
| १२. | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | १९२ |
| १३. | युवा तथा खेलकुद मन्त्रालय | २०३ |
| १४. | रक्षा मन्त्रालय | २१४ |
| १५. | वन तथा वातावरण मन्त्रालय | २२९ |
| १६. | शहरी विकास मन्त्रालय | २४० |
| १७. | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | २५० |
| १८. | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | २६७ |
| १९. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | २७५ |
| २०. | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २८९ |
| २१. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ३०३ |
| २२. | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | ३१८ |
| **अनुसूचीहरू** | | |
| १. वैदेशिक सहायता प्राप्तिको विवरण<br>२. वैदेशिक सहयोग सम्बन्धमा भएका सम्झौताको विवरण<br>३. विभिन्न कार्यालय, संघ/संस्था तथा व्यक्तिहरूलाई दिइएको राजस्व छुटको विवरण | | |

# संवैधानिक निकाय/मन्त्रालयगत व्यय विवरण

(रू. हजारमा)

| अनुदान संकेत | मन्त्रालय/निकाय | आर्थिक वर्ष २०७६/७७ को यथार्थ खर्च | आर्थिक वर्ष २०७७/७८ को खुद बजेट | आर्थिक वर्ष २०७७/७८ को संशोधित अनुमान |
|---|---|---|---|---|
| १०१ | राष्ट्रपति | १५८०२७ | १५९९१३ | १४९९०० |
| १०२ | उपराष्ट्रपति | ४६४४८ | ५३५०० | ५२३०० |
| १०३ | प्रदेश प्रमुखहरू | १४४३८९ | २३०१५० | २२४००० |
| २०२ | सङ्घीय संसद | ११७९५७३ | १२५५८६२ | १२२४३०० |
| २०४ | अदालत | ४७६८५८१ | ७९५२६९८ | ७०२७४०० |
| २०६ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ९५३३७२ | १३३०४०० | १२०८४०० |
| २०८ | महालेखापरीक्षकको कार्यालय | ४८८४७८ | ६२३२०० | ५७७२०० |
| २१० | लोक सेवा आयोग | ६७०५४५ | ९२८३५१ | ८९९९०० |
| २१२ | निर्वाचन आयोग | ५३०८२० | १२३६१९३ | ११५४४०० |
| २१४ | राष्ट्रिय मानव अधिकार आयोग | १८८४९४ | २६३६३७ | २५८००० |
| २१८ | न्याय परिषद् | ६२८१२ | ४८१३४ | ४६८०० |
| २२० | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | ४६३५५ | ८८००० | ८५७०० |
| २२२ | राष्ट्रिय महिला आयोग | ६०९३२ | १२६४०० | १०४२०० |
| २२४ | राष्ट्रिय दलित आयोग | १२९४३ | ३२८०० | ३२००० |
| २२६ | राष्ट्रिय समावेशी आयोग | १६१६७ | ३४१०० | ३३४०० |
| २२८ | आदिवासी जनजाति आयोग | ८८९५ | ३१५०० | ३०६०० |
| २३० | मधेशी आयोग | २४०९८ | ३६८५० | ३५६०० |
| २३२ | थारू आयोग | २७६७१ | ५५७११ | ५१४०० |
| २३४ | मुस्लिम आयोग | २४५८१ | ४४४०० | ४२२०० |
| ३०१ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३५०५२५९ | ४२३२७३१ | ३८७८६०० |
| ३०५ | अर्थ मन्त्रालय | ७७७७६७२ | ३३१०३३८९ | २१३८६४०० |
| ३०७ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ४१२९६१६ | ९५३१८७० | ७७४२१०० |
| ३०८ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | २३४१२९३७ | ४१८३७०७४ | २९२३३२०० |
| ३११ | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | २८१८३९ | ५०८५०५ | ४९४७०० |
| ३१२ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | २१०७९२८९ | २८६६८९४४ | २१०२५८०० |
| ३१३ | खानेपानी मन्त्रालय | ९०११०८० | २५८८१००० | १८४४८४०० |
| ३१४ | गृह मन्त्रालय | १२९६६५१२४ | १४०५०४११० | १३४८३२७०० |

| अनुदान संकेत | मन्त्रालय/निकाय | आर्थिक वर्ष २०७६/७७ को यथार्थ खर्च | आर्थिक वर्ष २०७७/७८ को खुद बजेट | आर्थिक वर्ष २०७७/७८ को संशोधित अनुमान |
|---|---|---|---|---|
| ३२५ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ३८८०७८० | ६०१५९९१ | ५९८१४०० |
| ३२६ | परराष्ट्र मन्त्रालय | ३८११३९० | ६६५९३८७ | ६३६१००० |
| ३२९ | वन तथा वातावरण मन्त्रालय | ९७२१३८१ | १२११०२९० | १००११९०० |
| ३३६ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | ५१८२३८७ | ८१०३७०४ | ७४६६२०० |
| ३३७ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | ८४६२९६०४ | १४८०७९९७३ | ९८१२७४०० |
| ३४० | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | ४३२१२२ | ६७५९९६ | ६७८४०० |
| ३४३ | युवा तथा खेलकुद मन्त्रालय | ४६५१०१८ | १८५६०१७ | १६६२३०० |
| ३४५ | रक्षा मन्त्रालय | ५०२६८७९४ | ५३७७४१८९ | ५२९१०६०० |
| ३४७ | शहरी विकास मन्त्रालय | २४५७१४२७ | ३१११६९७७ | २३५७९९०० |
| ३५० | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | ३९४७९७५१ | ४८९३९५९९ | ४३२१७५०० |
| ३५८ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ५७२९१२२ | ७१४५३२३ | ७६१४००० |
| ३६५ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | १६२७९६७९ | २७८५८८२० | १९८८५५०० |
| ३७० | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | ३०८६२९१० | ५८३६८८६५ | ४१७७९००० |
| ३७१ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | ९९९७८० | ६२४८३९२ | ४४०८२०० |
| ३९१ | राष्ट्रिय योजना आयोग | ५४६३५३ | ३६२८१३४ | ३५१४५०० |
| ३९२ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | ५२५५८५२६ | ६३७९९०१५ | ४७७८३७०० |
| ५०१ | अर्थ मन्त्रालय- वित्तीय व्यवस्था | ६०३६४१६९ | १०५१२४७०० | ८३१२३५०० |
| ५०२ | अर्थ मन्त्रालय- आन्तरिक ऋण भुक्तानी | ५४७९९५७७ | ६५६४१७०० | ६४८०४४०० |
| ५०३ | अर्थ मन्त्रालय- वैदेशिक ऋण भुक्तानी (बहुपक्षीय) | २३२४३७३६ | २७४०९२०० | २७२५३९०० |
| ५०४ | अर्थ मन्त्रालय- वैदेशिक ऋण भुक्तानी (द्विपक्षीय) | ५५५४४३८ | ७१०७४०० | ७०६२७०० |
| ६०१ | अर्थ मन्त्रालय- कर्मचारी सुविधा तथा सेवानिवृत्त सुविधा | ५४२६५२९० | ७८०३३२६६ | ७४९०३४०० |
| ६०२ | अर्थ मन्त्रालय- विविध | ८४४३८८ | १५२४४९९४ | १७७५८१०० |
| ७०१ | प्रदेश | १०७४०९१६७ | १०८७३८४७७ | १०४१८५५०० |
| ८०१ | स्थानीय तह | २४२९७१२७१ | २८४१६५५६९ | २६१९१२८०० |
| | **कुल जम्मा** | **१०९१३३३०५७** | **१४७४६४५४००** | **१२६६२६४६००** |

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## १. पृष्ठभूमिः

मुलुकको सर्वोच्च प्रशासनिक निकायको रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले समग्र सार्वजनिक नीति तर्जुमाको संयोजन तथा नीति कार्यान्वयनको अनुगमनसम्बन्धी कार्य गर्दछ। यस कार्यालयले नेपाल सरकारको तत्कालीन, मध्यकालीन तथा दीर्घकालीन नीति तथा रणनीतिको तर्जुमा, स्वीकृति तथा कार्यान्वयनको अनुगमन, मूल्याङ्कन गर्ने, विधेयक तथा अध्यादेश स्वीकृतिको प्रक्रियालाई अगाडि बढाउने र नियम तथा आदेश स्वीकृत गरी जारी गर्दछ। नेपाल सरकारका मन्त्रालय एवं निकायबाट सम्पादन हुने कार्यको रेखदेख, नियन्त्रण, निरीक्षण, समन्वय तथा अनुगमन, मूल्याङ्कन गर्नुका साथै, प्रादेशिक सन्तुलन तथा अन्तर प्रदेश समन्वय, संघ, प्रदेश र स्थानीय तहका बीचमा समन्वय गर्ने तथा देशको समग्र राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक तथा शान्ति सुव्यवस्थाको गतिविधि बारेमा अद्यावधिक जानकारी लिने तथा अनुगमन गर्ने जिम्मेवारी यस कार्यालयको रहेको छ। त्यसैगरी व्यवस्थापन सूचना प्रणालीको विकास, शासकीय सुधार तथा भ्रष्टाचार नियन्त्रण, सदाचार प्रवर्द्धन, प्रशासनिक पुनर्संरचना, द्विपक्षीय वा बहुपक्षीय सन्धि/सम्झौता वा सहमति कार्यान्वयनको अनुगमन, मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धनसम्बन्धी कार्य पनि गर्दछ।

## २. दीर्घकालीन सोचः

सुशासन प्रवर्द्धनको नेतृत्वदायी र उत्कृष्ट निकायको रूपमा स्थापित गर्ने।

## ३. उद्देश्यः

- प्रशासन संयन्त्रलाई विश्वसनीय, परिणाममुखी, जनउत्तरदायी र सक्षम बनाउने,
- सार्वजनिक नीति तथा योजना कार्यान्वयनलाई नतिजामूलक बनाउने,
- सार्वजनिक सेवा प्रवाहलाई दक्ष र प्रभावकारी बनाउने,
- मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्ने,
- मन्त्रालय तथा निकायको रेखदेख, नियन्त्रण तथा निरीक्षण गर्ने,
- विद्युतीय सुशासनलाई बढावा दिने,
- विकास निर्माण कार्यलाई पारदर्शी तथा जनमैत्री बनाउने,
- शून्य सहनशीलता मार्फत भ्रष्टाचार निवारण गरी सदाचार पद्धतिलाई प्रोत्साहन गर्ने।

## ४. रणनीतिः

- कार्यसम्पादन सूचक मार्फत नतिजामूलक व्यवस्थापन पद्धति लागू गर्ने,
- सार्वजनिक सेवा प्रवाहको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउने,
- मानव अधिकारको सम्मान, संरक्षण एवं प्रवर्द्धन गर्ने,
- भौतिक पूर्वाधार विकासमा समन्वय एवं सुधार गर्ने,
- विद्युतीय शासन प्रणालीको विकास एवं विस्तार गर्ने,

- गुनासो व्यवस्थापनलाई सुदृढ गरी सुशासन कायम राख्ने,
- संघ, प्रदेश र स्थानीय तहको बीचमा सहकार्य, समन्वय एवं सहजीकरण गर्ने।

## ५. कार्यक्षेत्रः

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस कार्यालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायअनुसार रहेका छन्:

- मन्त्रिपरिषद्सम्बन्धी,
- नेपाल सरकारको कार्य विभाजन र कार्यसम्पादन नियमावली तर्जुमा तथा कार्यान्वयन,
- नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन,
- नेपाल सरकार मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन,
- नेपाल सरकारका मन्त्रालयको कार्यको रेखदेख निरीक्षण, नियन्त्रण र समन्वय,
- नेपाल सरकारको अल्पकालीन र दीर्घकालीन नीति, आवधिक योजना र रणनीतिको तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
- प्रचलित कानुनबमोजिम प्रमाणीकरण गर्नुपर्ने लिखत,
- संघीय विधेयक, अध्यादेश, नियम, आदेश, निर्देशिका र कार्यविधिसम्बन्धी,
- मुलुकको राजनीतिक, आर्थिक, सामाजिक अवस्था, पूर्वाधार, राष्ट्रिय सुरक्षा, शान्ति सुव्यवस्था, कूटनीतिक गतिविधि, प्रशासनिक गतिविधिहरूको अद्यावधिक जानकारी प्राप्ति, निर्देशन र समन्वय,
- शासकीय प्रबन्ध, सुशासन प्रवर्द्धन र प्रशासनिक सुधार,
- द्विपक्षीय तथा बहुपक्षीय सन्धि, सम्झौता, समझदारी र सहमति कार्यान्वयनको अनुगमन,
- संघीय शासन प्रणाली र अन्तरप्रदेशसम्बन्धी कार्य,
- प्रधानमन्त्रीको सम्पर्क र सञ्चार,
- प्रधानमन्त्रीको निर्देशन कार्यान्वयन,
- मानव अधिकारको संरक्षण, प्रवर्द्धन, समन्वय र प्रतिवेदन,
- भ्रष्टाचार विरूद्धको नीति, योजना तथा कार्यान्वयन,
- राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालयसम्बन्धी,
- संवैधानिक परिषद्,
- संघीय संसदको अधिवेशन आह्वान र अन्त्य,
- प्रदेश प्रमुखसम्बन्धी,
- परराष्ट्र तथा सुरक्षा मामिला,
- अख्तियार दुरूपयोग अनुसन्धान आयोग,
- लोक सेवा आयोग,
- राष्ट्रिय मानव अधिकार आयोग,
- महान्यायाधिवक्ताको कार्यालय र सरकारी वकीलको सम्पर्क निकाय,
- राष्ट्रिय योजना आयोग,
- राष्ट्रिय पुनर्निर्माण प्राधिकरण,

- लगानी बोर्ड,
- राष्ट्रिय सतर्कता केन्द्र,
- सार्वजनिक खरिद अनुगमन कार्यालय,
- नेपाल ट्रष्टको कार्यालय,
- राष्ट्रिय अनुसन्धान विभाग,
- सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग,
- राजस्व अनुसन्धान विभाग,
- नीति अनुसन्धान प्रतिष्ठान,
- राष्ट्रिय तथा अन्तर प्रदेशस्तरीय विकास आयोजनाहरूको नतिजा व्यवस्थापन,
- प्रदेशका पदाधिकारी तथा कर्मचारीको वैदेशिक भ्रमणसम्बन्धी नीति, कानुन र मापदण्ड,
- गैरसरकारी संस्थाको नियमनसम्बन्धी मापदण्ड,
- भ्रष्टाचार निगरानी, नेपाल ट्रष्ट, राजस्व अनुसन्धान, सम्पत्ति शुद्धीकरण, लगानी बोर्ड, गरिबी निवारण कोष, सार्वजनिक खरिद र राष्ट्रिय पुनर्निर्माणसम्बन्धी निकायहरू र सो सम्बन्धी नीति, कानुन र मापदण्ड,
- विपद व्यवस्थापनसम्बन्धी समन्वय,
- प्रधानमन्त्री केन्द्रीय विपद् सहायता कोष सञ्चालन,
- अदालतको फैसला कार्यान्वयन तथा अनुगमन,
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय,
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान आदिको सञ्चालन र नियमन,
- नेपाल न्याय सेवाको सरकारी वकील समूहको सञ्चालन,
- अवशिष्ट अधिकारको प्रयोग,
- प्रधानमन्त्री र मन्त्रिपरिषद्सम्बन्धी अन्य कार्यहरू।

## ६. चालु आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमका बुँदाहरूको फागुन मसान्तसम्मको प्रगति विवरण:

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| २६८ | न्यायपालिका र महान्यायाधिवक्ताको कार्यालयको आवधिक रणनीतिक योजनाको कार्यान्वयनलाई निरन्तरता दिइनेछ। | • रणनीतिक योजना कार्यान्वयन गर्ने क्रममा पूर्वाधारतर्फ महान्यायाधिवक्ताको कार्यालय समेत १९ सरकारी वकील कार्यालयहरूको भवन निर्माण सम्पन्न भएको।<br>• क्षमता विकास तर्फ सरकारी वकीलहरूलाई विद्युतीय अपराध नियन्त्रण, कर कानुन र लैङ्गिक तथा बाल न्यायसम्बन्धी कानुनका सम्बन्धमा विशिष्टिकृत प्रशिक्षण दिइएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | • “अभियोजनमा सुधार, फौजदारी न्यायको आधार” भन्ने मूल नारा सहित सरकारी वकीलहरूको तेस्रो राष्ट्रिय सम्मेलन, २०७७ ले २३ बुँदे घोषणापत्र जारी गरेको। इ-एटर्नी कार्यक्रमलाई निरन्तरता दिइएको। |
| २६९ | सबै तहका अदालत र न्यायिक अनुसन्धान तथा तहकिकातमा सहयोग पुऱ्याउन सबै प्रदेशमा विधि विज्ञान प्रयोगशाला विस्तार गरिनेछ। | • प्रमाणको वैज्ञानिक परीक्षणलाई आवश्यक सहजीकरण गर्ने क्रममा प्रदेश नं. २ को बर्दिवास र सुदूरपश्चिम प्रदेशको कैलालीमा राष्ट्रिय विधि विज्ञान प्रयोगशालाका प्रादेशिक कार्यालयहरू स्थापना भई परीक्षण कार्य प्रारम्भ भएको। |
| २७३ | राष्ट्रिय अनुसन्धान विभागको क्षमता विकास गरी प्रविधिको प्रयोग मार्फत व्यावसायिक इन्टेलिजेन्स र अनुसन्धानमा जोड दिइनेछ। | • राष्ट्रिय सुरक्षा तथा राष्ट्रहित विरूद्धका गतिविधिमा संलग्न विभिन्न समूह तथा पक्षको बारेमा सूचना संकलन गर्ने, राष्ट्रिय रणनीतिक महत्त्वका सूचना चोरी तथा चुहावट हुने क्षेत्रको पहिचान गर्ने, सुशासन प्रवर्द्धनमा प्रतिकूल हुने गतिविधिको पहिचान गर्ने लगायतका विभागीय जिम्मेवारीसँग सम्बन्धित कार्यहरू निरन्तर भइरहेको। |
| २८७ | सार्वजनिक निकाय लगायत सबै क्षेत्रमा सदाचार संस्कृतिको विकास गरिनेछ। **म भ्रष्टाचार गर्दिन, म भ्रष्टाचार हुन दिन्नँ, म देश र जनताका लागि इमान्दार भएर काम गर्नेछु** भन्ने प्रतिज्ञासहितको सुशासन कार्य संस्कृति प्रवर्द्धन गरिनेछ। भ्रष्टाचार रोकथाम र नियन्त्रणको कार्यलाई थप प्रभावकारी बनाउन सम्बन्धित निकायको क्षमता अभिवृद्धि गरिनेछ। शासकीय प्रबन्धमा कानुनी राज्यको अवधारणालाई पूर्ण परिपालना गरिनेछ। | • सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार नियन्त्रणका लागि सदाचार प्रणालीको विकास गर्न राष्ट्रिय सदाचार नीतिको मस्यौदा तयार भएको।<br>• सदाचार प्रवर्द्धनका लागि निरन्तर निगरानी र अनुगमन भइरहेको। |
| २८८ | सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिवद्धताअनुरूप आगामी वर्ष पारस्परिक मूल्याङ्कन शुरू गरिनेछ। सम्पत्ति शुद्धीकरण राष्ट्रिय रणनीति तथा कार्य | • सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजनाबमोजिम राष्ट्रिय जोखिम मूल्याङ्कन प्रतिवेदनको पूरक कार्ययोजना तयार गरिएको।<br>• जोखिम मूल्याङ्कन प्रतिवेदन, २०७७ पारित गरी |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ। | सम्बन्धित निकायमा कार्यान्वयनका लागि पठाइएको।<br>• नेपालको तर्फबाट पारस्परिक मूल्याङ्कन प्रयोजनका लागि प्रतिवेदन तयार भइरहेको।<br>• Asia Pacific Group on Money Laundering (APG) ले गर्ने Mutual Evaluation को प्राविधिक परिपालना तर्फ प्रस्तुत गरेको ४० विभिन्न सुझावको प्रारम्भिक प्रतिक्रिया लेखन कार्य सम्पन्न भएको।<br>• सम्पति शुद्धीकरण विभाग, अनुसन्धानकारी निकाय र अन्य सक्षम निकायहरू बीच जोखिममा आधारित सूचना आदान प्रदान एवं समन्वयको निमित्त भौतिक र भर्चुअल विधि मार्फत बैठक सहित अन्य समन्वयकारी कार्य भइरहेको।<br>• सम्पति शुद्धीकरण विभाग र अन्य सक्षम निकायहरूबीच सामूहिक र समानान्तर वित्तीय अनुसन्धान एवं सहकार्य भइरहेको। |
| २८९ | सरकारी सेवालाई सहज र प्रविधिमैत्री बनाइनेछ। हेलो सरकारको पोर्टललाई स्तरोन्नति गरी आम नागरिकको आवाज प्रतिबिम्बित गर्ने माध्यमका रूपमा विकास गरिनेछ। | • नागरिक एप्स प्रयोगमा ल्याइएको र सोमा हालसम्म १३ प्रकारका सेवा आवद्ध गरिएको।<br>• हेलो सरकार विद्युतीय गुनासो व्यवस्थापन निर्देशिका, २०७७ को मस्यौदा तयार गरी विभिन्न सरोकार निकायहरूसँग राय परामर्श तथा सहमति प्राप्त गर्ने प्रक्रियामा रहेको।<br>• हेलो सरकार गुनासो व्यवस्थापनको नयाँ पोर्टल सञ्चालनमा ल्याई आम नागरिकहरूको पहुँच अभिवृद्धि गर्ने प्रयास गरिएको। |
| ३०१ | सार्वजनिक खरिद कानुनलाई समसामयिक संशोधन गरिनेछ। | • सार्वजनिक खरिद ऐन, २०६३ को दोस्रो संशोधनको लागि संघीय संसदमा विधेयक प्रस्तुत भएको। |
| ३३५ | राजस्व प्रशासनसँग सम्बन्धित केन्द्रीय विजक अनुगमन प्रणाली, आशिकुडा र भिसिटिएस लगायतका सबै किसिमका सूचना प्रविधि प्रणालीको क्षमता विकास र अन्तर-आबद्धता कायम गरिनेछ। | • आन्तरिक राजस्व विभाग र राजस्व अनुसन्धान विभागका सूचना प्रणालीको अन्तर आबद्धता भई सकेको र भन्सार विभागको ASYCUDA सँग आबद्धता कायम गर्ने कार्य भइरहेको।<br>• प्राविधिक सेवा लिइ Vehicle & Consignment |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | Tracking System (VCTS) को क्षमता विकास गरिएको। हालसम्म १ लाख २४ हजार ७ सय ४७ व्यावसायिक फर्मलाई VCTS को दायरामा ल्याइएको। |

## ७. चालु आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

- मन्त्रिपरिषद् समिति अन्तर्गत विभिन्न समितिहरूको ४४ बैठक बसी ९३ निर्णयहरू भएको। मन्त्रिपरिषद् विधेयक समितिमा प्राप्त हुन आएका विधेयक, नियमावली, गठन आदेश, विनियमावली सहित यस अवधिमा ४१ थान कानुन मन्त्रिपरिषद् विधेयक समितिमा छलफल भई मन्त्रिपरिषद्मा पेश गरिएको।
- राष्ट्रिय महत्त्व/प्राथमिकता प्राप्त ८ आयोजनाको संयुक्त रूपमा अनुगमन गरिएको। राष्ट्रिय गौरवका २३ (काठमाडौं-तराइ-मधेश द्रुतमार्ग आयोजना बाहेक) आयोजनाको वर्तमान अवस्था, समस्या र समाधानका उपायको विषयमा समीक्षा गरिएको।
- नेपालको संविधानको धारा ५३ एवं सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ बमोजिम राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व कार्यान्वयनका सम्बन्धमा भए गरेका कार्य र हासिल गरिएका उपलब्धिहरू सहितको आ. व. २०७६/७७ को वार्षिक प्रतिवेदन तयार गरी सम्माननीय राष्ट्रपतिज्यू समक्ष प्रस्तुत गरिएको।
- एकीकृत अनुगमन प्रणालीमा प्राप्त विवरणका आधारमा चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको मन्त्रालय/निकायगत ४ मासिक प्रतिवेदन तयार गरेको। राष्ट्रिय गौरव, रूपान्तरणकारी एवं अन्य राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना गरी ६७ आयोजनाको अनलाईन अनुगमन प्रणाली मार्फत मासिकरूपमा प्रगति लिई प्रतिवेदन तयार गरेको।
- हेलो सरकार कक्षमा दर्ता भएका जम्मा ४ हजार ६ सय ८२ गुनासो मध्ये ३ हजार १ सय १२ (६६.४७ प्रतिशत) फछ्र्यौट गरिएको। गुनासो व्यवस्थापनसँग सम्बन्धित वृत चित्र निर्माण गरी प्रसारण गर्न नेपाल टेलिभिजनसँग सम्झौता भएको।
- चालु आर्थिक वर्षको फागुन मसान्तसम्म कोभिड-१९ को संक्रमण, रोकथाम तथा नियन्त्रणका लागि भएको खर्चको संघीय, प्रदेश तथा स्थानीय तहहरूले आ-आफ्नो क्षेत्रको खर्च सार्वजनिक गरिसकेका र एकीकृत खर्च सार्वजनिकीकरणको लागि महालेखा नियन्त्रक कार्यालय लगायतका सम्बन्धित निकायसँग खर्च विवरण माग गरी सार्वजनिक हुने अन्तिम चरणमा रहेको।
- संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध) ऐन, २०७७ को दफा १२ को उपदफा (८) तथा दफा १९ को उपदफा (१) बमोजिम निकाय तोक्ने सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७७/१०/१५ मा निर्णय भई कार्यान्वयनका लागि पठाइएको।

- सम्माननीय प्रधानमन्त्री, नेपाल सरकार, मन्त्रिपरिषद्, संवैधानिक परिषद्, मुख्य सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाई सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालतबाट म्याद प्राप्त हुन आएका १ सय ५८ थान मुद्दाको लिखित जवाफ, पुनरावेदन पत्र तथा प्रतिउत्तर पत्र तयार गरी सम्बन्धित अदालतमा पठाइएको।

**महान्यायाधिवक्ताको कार्यालय**

- अभियोजन नीति तथा मार्गदर्शन, २०६७ लाई परिमार्जन तथा अद्यावधिक गरी अभियोजन नीति तथा मार्गदर्शन, २०७७ जारी गरिएको। चालु आर्थिक वर्ष २०७७/७८ लाई अभियोजन सुधार वर्षको रूपमा घोषणा गरी कार्यान्वयनमा ल्याइएको। सरकारी वकीलको इतिहास एवं अपराध अनुसन्धान तथा अभियोजनको इतिहास देखिने गरी संग्रहालय कक्ष स्थापना गरिएको।
- एसिडजन्य प्रहार एवं एसिडको नियमनसम्बन्धी सुझाव समेतका आधारमा नेपाल सरकारले २०७७ असोज महिनामा तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) अध्यादेश, २०७७ जारी गर्नुका साथै मुलुकी अपराध संहितामा समेत अध्यादेश मार्फत सजायको व्यवस्थामा संशोधन गरिएको। यौन हिंसाजन्य कार्यका विरूद्धमा कानुन संशोधनका लागि सहजीकरण गरिएको।
- सर्वोच्च अदालतबाट वातावरणीय न्याय, जेष्ठ नागरिक, नागरिकता, अपराध पिडित संरक्षण, जातीय भेदभाव तथा छुवाछुत, समावेशीकरण, बाल न्याय, लैङ्गिक न्याय, सरकारवादी फौजदारी मुद्दासम्बन्धी विषयमा भएका अन्तिम निर्णय वा आदेशहरू तथा कानुनको व्याख्या वा प्रतिपादित कानुनी सिद्धान्तको कार्यान्वयन भए, नभएको सम्बन्धमा कार्यान्वयनको अवस्था र सुधारका क्षेत्रको पहिचान गरी अनुसन्धानमूलक अध्ययन सम्पन्न गरिएको।
- सरकार वादी भएको मुद्दाको कारबाही प्रक्रिया एवं विद्यमान कानुनी व्यवस्थाको प्रचार प्रसार गर्नुका साथै नयाँ बनेका कानुनहरूको बारेमा जानकारी दिन र फौजदारी न्याय प्रशासनमा नागरिकको सहयोग प्राप्त गर्न तथा कानुन कार्यान्वयन र अपराधको रोकथाममा समुदायको भूमिका सम्बन्धमा जानकारी दिन समुदायमा सरकारी वकील कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गरिएको।

**सार्वजनिक खरिद अनुगमन कार्यालय**

- सार्वजनिक खरिद ऐन, २०६३ को दोस्रो संशोधन र सार्वजनिक खरिद नियमावली, २०६४ को दशौं संशोधन गरिएको।
- सार्वजनिक खरिदसम्बन्धी अनुगमन, मूल्याङ्कन तथा निरीक्षण कार्यक्रम सम्पन्न गरिएको। सार्वजनिक खरिद योजना र गुरूयोजनासम्बन्धी ३ वटा अनुगमन, मूल्याङ्कन तथा निरीक्षण कार्यक्रम सम्पन्न भएको।
- कार्यालयमा प्राप्त १०१ वटा गुनासो सुनुवाइका लागि सम्बन्धित सार्वजनिक निकायमा लेखी पठाइएको। सार्वजनिक खरिद सम्बन्धी जटिल विषयहरूमा १० वटा राय परामर्श प्रदान

गरिएको। सार्वजनिक खरिद ऐन नियमबमोजिम ४३ वटा फर्म तथा कम्पनीलाई कालोसूचीमा राखिएको।

**नेपाल ट्रष्टको कार्यालय**

- नेपाल ट्रष्टको स्वामित्वमा रहेको लाजिम्पाटस्थित हाल स्टयाण्डर्ड चार्टर्ड बैंकले लिजमा उपभोग गरिरहेको भौतिक संरचना र चर्चेको जग्गा लिजमा दिन सार्वजनिक सूचना प्रकाशन गरिएको। नेपाल ट्रष्टको स्वामित्वको हेटौंडास्थित कान्ति ईश्वरीगृह र चर्चेको जग्गालाई सरकारी दररेट अनुसारको लिजमा दिन मन्त्रिपरिषद्बाट स्वीकृती भएको।
- नेपाल ट्रष्टको स्वामित्वको दक्षिणकालीस्थित जग्गा तथा गोकर्णस्थित ७ रोपनी जग्गा सरकारी दररेटमा लिजमा दिन नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरिएको। नेपाल ट्रष्टको स्वामित्वमा रहेको पोखरास्थित रत्नमन्दिर तथा हेमागृहको उपयोग सम्बन्धमा वित्तीय तथा प्राविधिक सम्भाव्यता अध्ययनको अन्तिम प्रतिवेदन प्राप्त भएको।
- कमलादीस्थित जग्गा (भौतिक संरचनासहित) लिजमा दिन प्रस्ताव आह्वान गरिएको। गोकर्णस्थित सैनिक व्यारेक रहेको स्थानमा ढल र भवनको छाना मर्मत सम्पन्न गरिएको। छाउनीस्थित भवनको छाना तथा सामान्य मर्मत सम्पन्न गरिएको।

**राष्ट्रिय सतर्कता केन्द्र**

- केन्द्रमा प्राप्त जम्मा ७ सय २९ उजुरी मध्ये २ सय ६९ फछ्र्यौट गरिएको। विभिन्न ७८ निकायमा पोशाक तथा समय पालनाको अनुगमन गरिएको। सिन्धुपाल्चोक जिल्लाको ११ कार्यालयमा नागरिक बडापत्र कार्यान्वयनको अनुगमन गरिएको। १५ आयोजनाको प्राविधिक परीक्षण कार्य भइरहेको।
- सिन्धुपाल्चोक जिल्लामा भ्रष्टाचार नियन्त्रणः हाम्रो साझा दायित्व विषयक गोष्ठी साथै काभ्रेको नमोबुद्ध नगरपालिका र सिन्धुपाल्चोकको बाह्रबिसे नगरपालिकामा स्थानीय तह सदाचार कार्यक्रम सञ्चालन गरिएको।

**लगानी बोर्डको कार्यालय**

- Doing Business का सूचकहरूमा देखिएको Gap Analysis सहितको सुधार कार्ययोजना तर्जुमा भइरहेको। लगानी प्रवर्द्धनसम्बन्धी वृत्तचित्र तयार भएको।
- मुक्तिनाथ केवलकार परियोजना अन्तर्गत विकासकर्ता कम्पनीबाट पेश भएको विस्तृत परियोजना प्रतिवेदनको पुनरावलोकन तथा पृष्ठपोषण प्रदान गर्ने क्रममा रहेको। सौर्य ऊर्जा परियोजना अन्तर्गत वाणगंगा र कोहलपुर सौर्य ऊर्जा परियोजना विषयमा बैठक, छलफल तथा अन्तरक्रिया सम्पन भएको र Risen Energy Singapore JV Pte. Ltd. सँग समझदारी पत्रमा हस्ताक्षर भएको।
- ६ सय ७९ मेगावाटको तल्लो अरूण जलविद्युत्त परियोजना BOOT मोडलमा विकास गर्नका लागि विकासकर्ता छनौट गरिएको।
- आ.व. २०७७/७८ मा लगानी स्वीकृत भएको रू.३८ अर्ब ६७ करोड ९१ लाख सहित हालसम्म पूर्वाधार निर्माणका १४ परियोजनाको लागि रू.१० खर्ब ८९ अर्ब १२ करोड ८९ लाख बराबरको लगानी स्वीकृत गरिएको।

**<u>नीति अनुसन्धान प्रतिष्ठान</u>**

- स्वयम् सेवा नीतिको मस्यौदा तयार गरिएको।
- नीति अनुसन्धान स्रोत केन्द्रको स्थापना गरी विज्ञहरूको सूची तयार गरिएको।
- नीति निर्माणसम्बन्धी दिग्दर्शन तयार गरिएको।
- गृह प्रशासनको सेवाप्रतिको सन्तुष्टि र नीति सुधार सम्बन्धी, सरकारको वार्षिक नीति तथा कार्यक्रम थप प्रभावकारी बनाउने सम्बन्धी, Addressing Trade Deficit of Nepal: Nepal's Productive Structure and Avenues for Diversification सम्बन्धी र निर्वाचनमा Electronic Voting Machine को प्रयोग सम्बन्धी अनुसन्धान गरिएको।
- "सुशासन र सेवा प्रवाह" सम्बन्धी, Nepal's National Interests, Foreign Policy and Strategic Affairs सम्बन्धी र Policymaking, Governance and Service Delivery in Nepal सम्बन्धी सोचपत्र प्रकाशन गरिएको।
- २० पटक Public Policy Dialogue Series गरिएको।

**<u>सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग</u>**

- विभागमा परेका ९१ सूचना/ उजुरीमध्ये ८६ सूचना/ उजुरीमा प्रारम्भिक जाँचबुझ अधिकृत तोकिएको। ९ सूचना/उजुरी अदालतमा मुद्दा दायर गरिएको। अन्य निकायको क्षेत्राधिकारमा पर्ने देखिएका ८ सूचना/उजुरी सम्बन्धित निकायमा पठाइएको।

**<u>राजस्व अनुसन्धान विभाग</u>**

- अनुसन्धान तथा अभियोजनलाई सूचना, प्रमाण, प्रविधि तथा ज्ञानमा आधारित बनाइएको। मूल्य अभिवृद्धि करका झुट्टा तथा नक्कली विजकबाट भएको आर्थिक अपराधको पहिचान, अनुसन्धान र अभियोजन गरिएको।
- मालवस्तु तथा ढुवानीका साधनको अनुगमन प्रणाली (Vehicle & Consignment Tracking System-VCTS) पूर्णरूपमा कार्यान्वयनमा ल्याइएको। मुद्दा सूचना व्यवस्थापन प्रणाली (Case Management Information System-CMIS) तयार भई कार्यान्वयनमा आएको।
- झुट्टा तथा नक्कली विजक जारी गर्ने २ सय फर्मको पहिचान गरिएको। राजस्व छलीका सम्बन्धमा १ सय ७१ फर्मको अनुसन्धान सम्पन्न भएको। बिगो रकम रू.१७ अर्ब ८० करोड दाबी गरी १ सय ३७ फर्म उपर मुद्दा दायर गरिएको। झुट्टा तथा नक्कली विजक खरिद गरी राजस्व छल्ने १ हजार २ सय भन्दा बढी फर्महरूको पहिचान भएको।५२ फर्मको अनुसन्धान सम्पन्न गरी ४ अर्ब ६१ करोड विगो कायम गरी मुद्दा दायर गरिएको।

## ८. <u>आर्थिक वर्ष २०७६/७७ मा सम्पन्न भएका महत्त्वपूर्ण कार्यहरू:</u>

- संविधानको धारा ५३ बमोजिमको नेपाल सरकारको वार्षिक प्रतिवेदन तयार गरी सम्माननीय राष्ट्रपतिज्यू समक्ष प्रस्तुत गरिएको।२४ विधेयक, ३५ नियमावली, ८ गठन आदेश/ कार्यविधि/विधान स्वीकृतिको लागि मन्त्रिपरिषद्मा पेश गरिएको।
- ८ मुद्दाहरूको पुनरावेदन गरिएको, ५१ मुद्दाहरू फैसला कार्यान्वयनको लागि सम्बन्धित निकायहरूमा जानकारी गराइएको र विभिन्न ११ विषयमा कानुनी राय उपलब्ध गराइएको।

- सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय जोखिम मूल्याङ्कन प्रतिवेदन स्वीकृत गरिएको। सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले विभिन्न सरोकारवाला निकायहरू तथा व्यक्तिहरूबाट जम्मा २ सय ४८ सूचना/उजुरीहरू प्राप्त गरेकोमा २३ उजुरी अनुसन्धान प्रक्रियामा राखिएको, १० उजुरी अदालतमा मुद्दा दायर गरिएको, ३५ उजुरीको कारबाही समाप्त भएको तथा १६ उजुरी अन्य निकायमा पठाइएको।
- सम्पति शुद्धीकरण अनुसन्धान विभागबाट दायर भएका मुद्दा मध्ये आ.व. २०७६/७७ मा सम्मानित सर्वोच्च अदालतबाट ४ मुद्दा (सम्पत्ति शुद्धीकरण-३ र आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी-१) फैसला भई नेपाल सरकारलाई १ मुद्दामा पूर्ण र ३ मुद्दामा आंशिक सफलता प्राप्त भएको। साथै, विशेष अदालतमा दायर भएका मुद्दामध्ये आ.व. २०७६/७७ मा फैसला भएको ३ मुद्दामा नेपाल सरकारलाई आंशिक सफलता प्राप्त भएको।
- राजस्व अनुसन्धान विभागबाट विदेशी विनिमय अपचलन र हुण्डीसँग सम्बन्धित कुल १ सय ९ र विभाग अन्तर्गतका कार्यालयले कुल ३९ गरी कुल १ सय ४८ मुद्दाहरू सम्बन्धित जिल्ला अदालतमा दर्ता गरेको। राजस्व चुहावटसँग सम्बन्धित कुल ६१ र विभाग अन्तर्गतका कार्यालयले कुल ३५ समेत ९६ मुद्दा जिल्ला अदालत र उच्च अदालतमा ३ सय १६ जनालाई प्रतिवादी वनाई विगो रू.१५ अर्ब ५९ करोड ७१ लाख ३६ हजार ६५ माग दावी सहित मुद्दा दर्ता गरिएको।
- हेलो सरकार विद्युतीय गुनासो व्यवस्थापनको नयाँ पोर्टल लागु गरिएको। हालसम्म तीनै तहका लगभग ४ हजार वढी सार्वजनिक निकाय उक्त पोर्टलमा आबद्ध भई सोही पोर्टलबाट नागरिकको गुनासो व्यवस्थापन हुँदै आएको।
- सिंहदरबार परिसर भित्र फोहोर मैला व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइएको, २ हजार फलफूलका विरूवा रोपण, केही भवनमा रङ्गरोगन, ४८ पुराना सवारी साधनलाई अन्य निकायमा हस्तान्तरण गरिएको।
- Doing Business सम्बन्धी प्रतिवेदन तयार गरी विश्व बैंङ्कमा पठाइएको। वैदेशिक लगानी परिचालन तथा प्रवर्द्धनमा प्रत्यक्ष असर पार्ने तत्व (व्यवसाय दर्ता, सञ्चालन, कर्जा प्राप्ति, कर दायित्व भुक्तानी, मुद्दा व्यवस्थापन) का विषयमा अध्ययन तथा सुधारका क्षेत्र पहिचान गरिएको। कार्यान्वयन गर्ने विषयमा मन्त्रालयस्तरको Thematic Group निर्माण गरी कार्यजिम्मेवारी निर्धारण गरिएको।
- लगानी वोर्डबाट आ.व.२०७६/७७ मा रु.३ खर्ब ४१ अर्ब ७० करोड ९८ लाख बराबरको लगानी स्वीकृत गरिएको।
- मन्त्रालय र अन्तर्गतका निकायबाट सम्झौता भई सम्पन्न हुन बाँकी ठेक्का तथा अनुदान वितरणको विवरण संकलन गरी प्रतिवेदन गरिएको। पूर्वाधार निर्माणसँग सम्बन्धित विभिन्न आयोजना कार्यान्वयनसँग सम्बन्धित समस्या समाधान गर्न स्थलगत अनुगमन, समन्वय तथा सहजीकरण तथा निर्देशन गरिएको।
- नागरिक मोबाईल एप्सको विकास गरिएको।
- राष्ट्रिय गौरवका आयोजना रानीजमरा कुलरीया सिंचाई आयोजना तथा भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाको स्थलगत अनुगमन गरी देखिएका समस्याहरू समाधानको लागि सिफारिस गरिएको।

- महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयनबाट हासिल भएका उपलब्धि र बाँकी रहेका कार्यक्रमको मध्यावधि मूल्याङ्कन गरिएको। सरकारी वकीलको नयाँ संरचना र दरबन्दी स्वीकृत गरिएको। समुदायमा सरकारी वकील कार्यक्रम आयोजना गरिएको।
- राष्ट्रिय सतर्कता केन्द्रमा दर्ता भएका ७ सय १६ र गतवर्षबाट जिम्मेवारी सरी आएको ४ सय ६० उजुरी समेत गरी जम्मा १ हजार १ सय ७६ उजुरी मध्ये ७ सय ७७ उजुरी (६६.०७ प्रतिशत) फछ्र्यौट भएको।
- राष्ट्रिय सतर्कता केन्द्रबाट विभिन्न १३ जिल्लाका २ सय ६६ कार्यालयमा नागरिक बडापत्र कार्यान्वयनको अनुगमन गरिएको। २ सय ८४ कार्यालयमा समय पालना सम्बन्धी अनुगमन गरी २ हजार ३ सय ४८ जना कर्मचारीलाई कारवाहीको लागि सम्बन्धित निकायमा सिफारिस गरिएको। राष्ट्रिय सतर्कता केन्द्रबाट ३० आयोजनाको प्राविधिक परीक्षण गरिएको।
- नेपाल ट्रष्ट नियमावली, २०६५ मा पहिलो संशोधन भएको। नेपाल ट्रष्टको स्वामित्वका खुल्ला जग्गा छोटो अवधिको लागि भाडामा दिने कार्यविधि स्वीकृत भएको। कालो सूचीबाट फुकुवा गर्ने निर्देशिका तयार गरिएको। नेपाल ट्रष्टको श्वेतपत्र प्रकाशन गरी सार्वजनिक गरिएको।
- नेपाल ट्रष्ट स्वामित्वमा रहेको छाउनी स्थित भौतिक संरचनासहितको करिब १५ रोपनी जग्गाको मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट नेपाल ट्रष्टको पक्षमा अन्तिम निर्णय भएको। साथै कालिमाटी सोल्टी आउटडोर क्षेत्रमा रहेका सातवटा पसल कबलको उपभोगसम्बन्धी मुद्दामा सम्मानित काठमाडौं जिल्ला अदालतबाट नेपाल ट्रष्टको पक्षमा फैसला भएको। नेपाल ट्रष्टको स्वामित्वको लिजमा दिएको गोकर्ण राजनिकुञ्जस्थित रिसोर्टको लिज अवधि थप गरी सम्झौता गरिएको।

## ९. आर्थिक वर्ष २०७६/७७ को खुद बजेट तथा खर्चको यथार्थ विवरण:

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/ कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०१०११३ | मन्त्रिपरिषद् | ९४५०० | ३४५९९ | ३६.६१ |
| ३०१०१३३ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ४८३४३० | २३४९७७ | ४८.६१ |
| ३०१०२०३ | सार्वजनिक खरिद अनुगमन कार्यालय | ८३००० | ६५४३८ | ७८.८४ |
| ३०१०२२३ | नेपाल ट्रष्टको कार्यालय | ४४५५५ | ४०५६९ | ९१.०५ |
| ३०१०२५३ | राष्ट्रिय सतर्कता केन्द्र | ९१४४१ | ८८७४५ | ९७.०५ |
| ३०१०३१३ | लगानी बोर्डको कार्यालय | ४२१६०० | ३९८७७ | ९.४६ |
| ३०१०३५३ | महान्यायाधिवक्ताको कार्यालय | १२५०२० | ११२८४२ | ९०.२६ |
| ३०१०३६३ | उच्च सरकारी वकील कार्यालयहरू | २००५८९ | १८२७९५ | ९१.१३ |
| ३०१०३७३ | जिल्ला सरकारी वकील कार्यालयहरू | ४८०८९२ | ४४२५६४ | ९२.०३ |
| ३०१०३८३ | विशेष सरकारी वकील कार्यालय | २४५०९ | २३०२६ | ९३.९५ |
| ३०१०३९३ | राजस्व अनुसन्धान विभाग | १२०१०० | ९१२७६ | ७६.०० |
| ३०१०४०३ | राजस्व अनुसन्धान इकाई कार्यालयहरू | १०९२२६ | ९१८३९ | ८४.०८ |
| ३०१०४१३ | सम्पति शुद्धीकरण अनुसन्धान विभाग | ९६१९७ | ६२४२७ | ६४.८९ |
| ३०१०४२३ | राष्ट्रिय अनुसन्धान विभाग | १३२०६४७ | ११८२८७८ | ८९.५७ |
| | **कुल जम्मा** | **३६९५७०६** | **२६९३८५२** | **७२.८९** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/ कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०१०१३४ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १७६४४९ | ४५८६४ | २५.९९ |
| ३०१०२०४ | सार्वजनिक खरिद अनुगमन कार्यालय | ५९००० | ३६०२ | ६.१० |
| ३०१०२२४ | नेपाल ट्रष्टको कार्यालय | ६९०० | ६५५६ | ९५.०१ |
| ३०१०२५४ | राष्ट्रिय सतर्कता केन्द्र | २३३५० | १५७८९ | ६७.६२ |
| ३०१०३१४ | लगानी बोर्डको कार्यालय | ८२४०० | ३५६ | ०.४३ |
| ३०१०३५४ | महान्यायाधिवक्ताको कार्यालय | ५९०० | ३०८१ | ५२.२२ |
| ३०१०३६४ | उच्च सरकारी वकील कार्यालयहरू | ६६५०० | ५८४२८ | ८७.८६ |
| ३०१०३७४ | जिल्ला सरकारी वकील कार्यालयहरू | २५९८७४ | २३००२० | ८८.५१ |
| ३०१०३८४ | विशेष सरकारी वकील कार्यालय | ११०० | १०९९ | ९९.९७ |
| ३०१०३९४ | राजस्व अनुसन्धान विभाग | १०६०० | ६७९० | ६४.०५ |
| ३०१०४०४ | राजस्व अनुसन्धान इकाई कार्यालयहरू | २०३९० | ७३०४ | ३५.८२ |
| ३०१०४१४ | सम्पति शुद्धीकरण अनुसन्धान विभाग | ७७०० | १९९५ | २५.९१ |
| ३०१०४२४ | राष्ट्रिय अनुसन्धान विभाग | ५४५५०० | ४३०५२३ | ७८.९२ |
| | **कुल जम्मा** | **१२६५६६३** | **८११४०७** | **६४.११** |

## १०. चालु आर्थिक वर्ष २०७७/७८ को खुद बजेट तथा २०७७ फागुन मसान्तसम्मको खर्चको विवरण:

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/ कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०१०००११३ | मन्त्रिपरिषद् | ७९८०० | २५७४८ | ३२.२७ |
| ३०१०००१२३ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३१३६५९ | १७४८८४ | ५५.७६ |
| ३०१०१०११३ | महान्यायाधिवक्ताको कार्यालय | १३९५०० | ६४१४७ | ४५.९८ |
| ३०१०१०१२३ | उच्च सरकारी वकील कार्यालयहरू | २०६७०० | १०८७३३ | ५२.६० |
| ३०१०१०१३३ | विशेष सरकारी वकील कार्यालय | २९९४६ | १५८१९ | ५२.८३ |
| ३०१०१०१४३ | जिल्ला सरकारी वकील कार्यालयहरू | ५४९५०० | २७५२९६ | ५०.१० |
| ३०१०२०११३ | सार्वजनिक खरिद अनुगमन कार्यालय | ६९७०० | ३६५१९ | ५२.३९ |
| ३०१०३०११३ | नेपाल ट्रष्टको कार्यालय | ४७८४६ | २६०९८ | ५४.५५ |
| ३०१०४०११३ | राष्ट्रिय सतर्कता केन्द्र | ९९१०० | ५०३३३ | ५०.७९ |
| ३०१०५०११३ | राजस्व अनुसन्धान विभाग | १५८८५० | ८६७९९ | ५४.६४ |
| ३०१०६०११३ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | ७५४०० | २८४५४ | ३७.७४ |
| ३०१०७०११३ | राष्ट्रिय अनुसन्धान विभाग | १३८६९०० | ७४२२५८ | ५३.५२ |
| ३०१३१०११३ | लगानी बोर्डको कार्यालय | ६१२८०० | १६७४६ | २.७३ |
| | **कुल जम्मा** | **३७६९७०१** | **१६५१८३५** | **४३.८२** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/ कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०१०००१२४ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २६९०० | २३६६ | ८.७९ |
| ३०१०१०११४ | महान्यायाधिवक्ताको कार्यालय | ९५०० | २२२ | २.३४ |
| ३०१०१०१२४ | उच्च सरकारी वकील कार्यालयहरू | ३८४१७ | २६८७९ | ६९.९७ |
| ३०१०१०१३४ | विशेष सरकारी वकील कार्यालय | १२०० | ३५ | २.९१ |
| ३०१०१०१४४ | जिल्ला सरकारी वकील कार्यालयहरू | १२७६८३ | ४७३७१ | ३७.१० |
| ३०१०२०११४ | सार्वजनिक खरिद अनुगमन कार्यालय | ८७०० | १०४८ | १२.०४ |
| ३०१०३०११४ | नेपाल ट्रष्टको कार्यालय | ८०० | ३१९ | ३९.९३ |
| ३०१०४०११४ | राष्ट्रिय सतर्कता केन्द्र | २२०० | १७३० | ७८.६६ |
| ३०१०५०११४ | राजस्व अनुसन्धान विभाग | १२८३० | २६२२ | २०.४४ |
| ३०१०६०११४ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | १७०० | ७३ | ४.३२ |
| ३०१०७०११४ | राष्ट्रिय अनुसन्धान विभाग | १९११०० | ३२९१९ | १७.२३ |
| ३०१३१०११४ | लगानी बोर्डको कार्यालय | ४२००० | १६५१ | ३.९३ |
| | **कुल जम्मा** | **४६३०३०** | **११७२३५** | **२५.३२** |

◆ ◆ ◆

# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

## १. पृष्ठभूमिः

२०७२ साल बैशाख १२ गतेको विनाशकारी भूकम्प तथा तत् पश्चातका पराकम्पबाट क्षतिग्रस्त भौतिक संरचनाको पुनर्निर्माण गर्न/गराउन २०७२ पौषमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको गठन भई भूकम्पबाट क्षतिग्रस्त सरकारी संरचना, निजी आवास, सामुदायिक विद्यालय र ऐतिहासिक एवं पुरातात्विक सम्पदाको पुनर्निर्माण, जोखिमयुक्त बस्ती स्थानान्तरण, एकीकृत बस्ती विकास र आर्थिक सामाजिक पुनर्स्थापनासम्बन्धी कार्य भइरहेका छन्। समग्र पुनर्निर्माणमा Built Back Better र निजी आवास पुनर्निर्माणमा Owner Driven Reconstruction को अवधारणाअनुरूप राष्ट्रिय पुनर्निर्माण प्राधिकरण गठन भएको ५ वर्षको अवधिमा निजी आवाससहित पुनर्निर्माणका सबै क्षेत्रमा उल्लेखनीय प्रगति हाँसिल भएको छ। प्राधिकरणको थप गरिएको कार्य अवधि २०७८ पौषसम्मलाई विचार गरी पुनर्निर्माणको बाँकी रहेका कामलाई यथाशीघ्र योजनाबद्ध रूपमा सम्पन्न गर्ने गरी स्थानीय तह र सरकारका सम्बद्ध विषयगत मन्त्रालयहरूसँगको समन्वय र सहभागितालाई अझ बढी प्रभावकारी रूपमा परिचालन गरिएको छ। साथै, २०७८ पौष पश्चात सम्पन्न हुन बाँकी पुनर्निर्माणका कार्यहरू सम्बन्धित विषयगत निकायमा हस्तान्तरण गर्ने गरी प्राधिकरणको बहिर्गमन योजना समेत तयार गरिएको छ।

## २. दीर्घकालीन सोचः

- पाँच वर्ष भित्र २०७२ सालको भूकम्पबाट क्षतिग्रस्त संरचनाको सुरक्षित र योजनाबद्ध पुनर्निमाणको कार्य सम्पन्न गर्ने।

## ३. उद्देश्यः

- भूकम्पबाट क्षतिग्रस्त निजी आवास, विद्यालय, स्वास्थ्य संस्था, सरकारी भवन, पुरातात्विक सम्पदा तथा सार्वजनिक भौतिक संरचनाको शीघ्र पुनर्निर्माण सम्पन्न गर्ने,
- जोखिमयुक्त बस्ती स्थानान्तरण, एकीकृत बस्ती विकास एवं पुनर्स्थापनाको कार्य गर्ने।

## ४. रणनीतिः

- भूकम्पबाट क्षतिग्रस्त निजी आवास र सार्वजनिक भौतिक संरचनाहरूको भूकम्प प्रतिरोधी हुनेगरी पुनर्निर्माण र सुधार गर्ने,
- क्षतिग्रस्त संरचनामध्ये पूनर्निर्माण गरी बाँकी रहेका भौतिक संरचना प्राथमिकताको आधारमा भूकम्प प्रतिरोधी हुनेगरी शीघ्र र लागतमैत्री प्रबलीकरण तथा पुनर्निर्माण गर्ने,
- निजी आवास पुनर्निर्माणका लागि आवश्यक अनुदान वितरण एवं सहुलियतपूर्ण कर्जा प्रवाहलाई प्रभावकारी बनाई सम्पन्न गर्ने,

- धार्मिक तथा साँस्कृतिक सम्पदा एवं परम्परागत शैलीका निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना कार्यमा यथाशक्य स्थानीय सीप, सामग्री र प्रविधिको उपयोग गर्ने,
- विश्व सम्पदा सूचीमा सूचीकृत साँस्कृतिक सम्पदाको पुनर्निर्माण एकीकृत गुरुयोजनाका आधारमा सम्पन्न गर्ने,
- प्रदेश तथा स्थानीय तहसँग सहकार्य र समन्वयमा पुनर्निर्माण तथा पुनर्स्थापनासम्बन्धी कार्य सम्पन्न गर्ने,
- जोखिमयुक्त बस्ती स्थानान्तरण एवं एकीकृत बस्ती विकास गर्ने,
- भूकम्पपीडित (मूलत: जोखिममा परेका) को जीविकोपार्जनका लागि आय-आर्जनका अवसर सिर्जना गर्ने,
- विपद् व्यवस्थापनका लागि स्थानीय तहदेखि नै आवश्यक क्षमता र प्रभावकारिता सुदृढ गर्ने।

## ५. कार्यक्षेत्र:

- भूकम्प प्रभावित ३२ जिल्लाका क्षति भएका निजी आवास, विद्यालय, स्वास्थ्य संस्था, सरकारी भवन, पुरातात्विक सम्पदा तथा अन्य भौतिक संरचनाहरूको पुनर्निर्माण गर्ने।

## ६. चालु आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्यमा उल्लिखित नीति र कार्यक्रमका बुँदाको फागुन मसान्तसम्मको प्रगति विवरण:

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| २५७ | निर्माणाधीन धरहरा, रानी पोखरी र सिंहदरवारको मूल भवन लगायत भूकम्पपछिको पुनर्निर्माणको काम आगामी आर्थिक वर्ष भित्र सम्पन्न गरी निजी आवास, पुरातात्विक सम्पदा, विद्यालय भवन, स्वास्थ्य संस्था र सरकारी भवन तथा क्षतिग्रस्त अन्य संरचनाको पुनर्निर्माण गरिनेछ। | • धरहरा पुनर्निर्माण सम्पन्न भएको। साथै, धरहरा परिसर वरिपरि पार्किङ स्थल तथा म्युजियमको पुनर्निर्माण कार्य जारी रहेको।<br>• रानीपोखरी र बालगोपालेश्वर मन्दिरको पुनर्निर्माणको कार्य सम्पन्न भई सम्माननीय राष्ट्रपतिज्यूबाट २०७७ कार्तिक ५ गते उद्घाटन भएको।<br>• सिंहदरवारको पूर्व, उत्तर र दक्षिणको भागमा प्रबलीकरण कार्य सम्पन्न भई सम्माननीय प्रधानमन्त्रीज्यूबाट २०७७ फागुन ३ गते उद्घाटन गर्नुभई सोही भवनवाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सञ्चालन भएको।<br>• चालु आ.व.को फागुन मसान्तसम्म ८२ हजार ३ सय २० निजी आवास पुननिर्माण सम्पन्न भएको र हालसम्म सो संख्या ५ लाख ९० हजार ४ सय ६१ (७२.८६ प्रतिशत) रहेको तथा १ लाख ६० हजार ९ सय ५ (१९.८५ प्रतिशत) निजी आवास पुननिर्माण जारी रही कुल ९२.७१ प्रतिशत निजी आवासको पुननिर्माण कार्य सम्पन्न हुने अवस्थामा पुगेको।<br>• १ हजार १ सय ९७ स्वास्थ्य संस्थामध्ये हालसम्म ६ सय ९८ को पुनर्निर्माण कार्य सम्पन्न भएको तथा १ सय ४३ |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | स्वास्थ्य संस्थाको विभिन्न चरणमा निर्माण कार्य भइरहेको।<br>• ४ सय १५ सरकारी भवनमध्ये हालसम्म ३ सय ५४ निर्माण सम्पन्न भएको र ३८ भवन निर्माणाधीन अवस्थामा रहेको।<br>• चालु आ.व.को फागुनसम्ममा आवास निर्माणको लागि २२ हजार ८ सय ४५ लाभग्राहीलाई प्रथम किस्ता, २५ हजार २ सय ४९ लाभग्राहीलाई दोस्रो किस्ता र ३४ हजार ४ सय ६३ लाभग्राहीलाई तेस्रो किस्ता अनुदान रकम वितरण गरिएको।<br>• हालसम्म कायम भएका ८ लाख ५५ हजार १ सय ६६ लाभग्राही मध्ये ८ लाख ७ हजार ६ सय ६७ लाभग्राहीलाई प्रथम किस्ता, ६ लाख ९६ हजार २ सय २३ लाई दोस्रो किस्ता र ६ लाख ३५ हजार ८ सय ६४ लाभग्राहीलाई तेस्रो किस्ता अनुदान रकम वितरण गरिएको।<br>• प्रवलीकरणमा परेका लाभग्राहीले पहिलेको घर भत्काई नयाँ घर बनाउन चाहेमा पुनर्निर्माण लाभग्राहीमा परिवर्तन गरिने व्यवस्थाबमोजिम हालसम्म २४ हजार ७ सय ४४ प्रवलीकरण लाभग्राहीलाई पुनर्निर्माण लाभग्राहीमा परिवर्तन गरिएको।<br>• क्षति भएका ९ सय २० पुरातात्विक सम्पदामध्ये चालु आ.व. मा ३९ सम्पदाको पुनर्निर्माणको कार्य सम्पन्न भई हालसम्म ४ सय ९० सम्पदाको पुनर्निर्माण सम्पन्न भएको तथा ७८ सम्पदाको पुननिर्माण कार्य जारी रहेको। |
| २५८ | विद्यालय भवन पुनर्निर्माणको बाँकी कार्य सम्पन्न गर्न सम्बन्धित स्थानीय तहसँगको साझेदारीमा स्थानीय आवश्यकताअनुसार डिजाइन गरी विद्यालय व्यवस्थापन समितिबाट निर्माण गरिनेछ। | • क्षतिग्रस्त ७ हजार ५ सय ५३ विद्यालयहरू मध्ये २०७७ फागुन मसान्तसम्म ६ हजार २ सय ४६ विद्यालयको पुनर्निर्माण सम्पन्न भएको तथा १ हजार ३ सय ७ विद्यालय निर्माणधीन रहेको। |

## ७. चालु आर्थिक वर्ष २०७७/७८को फागुन मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

- जोखिमयुक्त बस्तीमा रहेका ४ हजार ७ सय २० भूकम्प प्रभावित घरपरिवार मध्ये ६ सय २९ घरपरिवारलाई जग्गा उपलब्ध गराइएको। ३ हजार ४ सय ६२ घरपरिवारलाई जग्गा खरिद अनुदान उपलब्ध गराइएको।

- जोखिमयुक्त बस्तीमा रहेका लाभग्राहीहरूलाई एकीकृत बस्ती विकास गरी स्थानान्तरण गर्ने क्रममा हालसम्म २० वटा एकीकृत बस्तीको निर्माण र स्थानान्तरण कार्य सम्पन्न भएको तथा ३४ वटा एकीकृत बस्ती विकास गर्ने कार्य भइरहेको।
- जोखिमयुक्त बस्ती सुधार, संरक्षण एवं बस्ती विकास गरी एकीकृत बस्ती बसाउनको लागि ६६ प्रस्ताव मध्ये १९ वटा बस्ती सुधार, संरक्षण एवं विकास कार्य सम्पन्न भई २४ वटा बस्तीको सुधार, संरक्षण एवं विकास कार्य जारी रहेको।

**तालिका नं. १. निजी आवास पुनर्निर्माणसम्बन्धी भएको प्रगति विवरणः**

| क्र.सं. | विवरण | | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८* | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | जम्मा लाभग्राही पहिचान | | ५३१,९६४ | २१५,५२० | ६०,००२ | १८,६३४ | ८,२४३ | २०,३६५ | ८५५,१६६ | |
| २ | अनुदान सम्झौता | | २७८,८८० | ३५०,७३३ | ९२,४०६ | ४६,४५० | २१,९८१ | १९,९७७ | ८१०,४२७ | ९४.७७ |
| ३ | प्रथम किस्ता भुक्तानी | | ३५,१४५ | ५६२,४३२ | ११६,३१६ | ४९,८६२ | २१,०६७ | २२,८४५ | ८०७,६६७ | ९९.६६ |
| ४ | निर्माण कार्य शुरु भएका घर संख्या | | | ९६,७२२ | ४१७,७२४ | १२६,०६० | ७०,१९६ | ४०,६६४ | ७५१,३६६ | ९२.७१ |
| ५ | दोस्रो किस्ता | माग | | ७८,३८० | ४०८,५५७ | १२०,७९८ | ५९,९७७ | ५१,३४९ | ७१९,०६१ | ८८.७३ |
| | | प्रमाणिकरण | | ६५,९८१ | ४०९,९८९ | १२९,४०३ | ५८,८६३ | ४५,८३७ | ७१०,०७३ | ८७.६२ |
| | | भुक्तानी | | ५५,०५५ | ४०९,३३६ | १२७,०४७ | ७९,५३६ | २५,२४९ | ६९६,२२३ | ८५.९१ |
| ६ | तेस्रो किस्ता | माग | | ७,०३१ | २४९,८०९ | २२३,५८१ | ११२,१९२ | ६३,१२३ | ६५५,७३६ | ८०.९१ |
| | | प्रमाणिकरण | | ४,४७४ | २४०,६२४ | २३३,९३३ | १०९,०४६ | ६०,९१७ | ६४८,९९४ | ८०.०८ |
| | | भुक्तानी | | २,७३४ | २१९,०४२ | २३४,४९६ | १४५,१२९ | ३४,४६३ | ६३५,८६४ | ७८.४६ |
| ७ | निर्माण कार्य शुरु भएका मध्ये निर्माण सम्पन्न भएका निजी आवास संख्या | | | ४४,९२७ | २०४,१६६ | १६९,६७१ | ८९,३७७ | ८२,३२० | ५९०,४६१ | ७२.८६ |
| ८ | निर्माणाधीन घर संख्या | | | | | | | | १६०,९०५ | १९.८५ |
| ९ | प्रवलीकरण | लाभग्राही | | | ५२,०५४ | १९,३७९ | ६,५६६ | | ६५,२३१ | |
| | | सम्झौता | | | ८,८३३ | १३,४१७ | ३२,७१७ | | ५३,१९४ | ८१.५५ |
| | | प्रथम किस्ता भुक्तानी | | | ७,४३१ | १४,३६९ | ३२,६०९ | | ५३,१२७ | ८१.४४ |
| | | दोस्रो किस्ता भुक्तानी | | | ० | ४५ | २५७ | ११३ | ४५ | २५७ |
| १० | दुई लाख अनुदान लिई सुरक्षित स्थानमा जग्गा व्यवस्थापन गरिसकेका लाभग्राहीको संख्या | | | | १,१९९ | ९५८ | ४१२ | ८९३ | ३,४६२ | ७३.३५ |

***२०७७ फागुनसम्मको।**

***नोटः- प्रवलीकरण लाभग्राहीबाट पुनर्निर्माण लाभग्राहीमा परिवर्तन भएकोले प्रवलीकरण लाभग्राहीको संख्या घटेको र पुनर्निर्माण लाभग्राही संख्या बढेको ।***

- सङ्घीय सचिवालय मुख्य भवन सिंहदरवार पश्चिमी लङ्ग, बबरमहल, केशरमहल लगायत भवनको प्रवलीकरण कार्य जारी रहेको। हालसम्म सिंहदरबार पश्चिमी लङ्गको ६५ प्रतिशत, बबरमहलको ३७ प्रतिशत, केन्द्रीय बालकल्याण भवन नक्सालको २० प्रतिशत प्रवलीकरण कार्य सम्पन्न भएको।

- केन्द्रीय तथा जिल्लास्तरका विभिन्न ३८ भवनको पुनर्निर्माण कार्य ८० प्रतिशत भन्दा बढी सम्पन्न भएको।
- ग्रामीण सडक पुनर्निर्माणतर्फ कुल ६ सय ६४ कि.मी. को स्तरोन्नति तथा पुनर्निर्माण भइरहेकोमा हालसम्म ४ सय ३७ कि.मी. सडकको निर्माण सम्पन्न भएको र बाँकी २ सय २७ कि.मी. सडकको विभिन्न चरणमा निर्माण तथा स्तरोन्ति कार्य भइरहेको। साथै ती सडकहरूमा पर्ने १५ वटा सडक पुलहरू मध्ये २ वटाको निर्माण सम्पन्न भई बाँकी १३ वटाको निर्माण कार्य जारी रहेको।

**तालिका नं. २ सार्वजनिक संरचनाहरूको पुनर्निर्माणसम्बन्धी प्रगति विवरणः**

| क्र. सं. | विवरण | जम्मा पुनर्निर्माण गर्नुपर्ने क्षति | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८* | जम्मा सम्पन्न | निर्माणाधीन |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सरकारी भवनको पुनर्निर्माण | ४१५ | ० | १८२ | ६६ | ५५ | ५० | १ | ३५४ | ३८ |
| २ | विद्यालय भवनको पुनर्निर्माण | ७५५३ | ० | २,४५६ | १,३६० | १,२४७ | ९९५ | १८८ | ६,२४६ | १,३०७ |
| ३ | स्वास्थ्य संस्था भवनको पुनर्निर्माण | ११९७ | ८३ | २९६ | २६४ | २२ | ३३ | ० | ६९८ | १४३ |
| ४ | पुरातात्विक सम्पदाको पुनर्निर्माण | ९२० | ० | ५६ | १२९ | १९५ | ७३ | ३७ | ४९० | ७८ |
| ५ | सुरक्षा निकायका भवनको पुनर्निर्माण | ३८३ | ० | १८ | ७५ | ९० | २४ | ० | २०७ | ९ |

**२०७७ फाल्गुनसम्मको।*

## ८. आर्थिक वर्ष २०७६/७७ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

- २०७७ असार मसान्तसम्म कायम भएका ८ लाख ३४ हजार ८ सय १ लाभग्राही मध्ये ७ लाख ९० हजार ४ सय ५० लाभग्राहीसँग सम्झौता सम्पन्न गरिएको। ७ लाख ८४ हजार ८ सय २२ लाभग्राहीलाई प्रथम किस्ता, ६ लाख ७० हजार ९ सय ७४ लाभग्राहीलाई दोस्रो किस्ता र ६ लाख १ हजार ४ सय १ लाभग्राहीलाई तेस्रो किस्ता बापतको रकम भुक्तानी गरिएको।
- २०७७ असार मसान्तसम्म ५ लाख ८ हजार १ सय ४१ निजी आवास पुनर्निर्माण सम्पन्न भई २ लाख २ हजार ५ सय ६१ निजी आवास निर्माणाधीन रहेको।
- १ हजार ६० वटा बस्तीमध्ये भौगर्भिक अध्ययनबाट जम्मा ३२८ वटा बस्ती संरक्षण गर्नुपर्ने र २ सय ८९ वटा बस्ती जोखिमयुक्त भएकोले उक्त जोखिमयुक्त बस्तीमा रहेका ४ हजार ६ सय ८९ लाभग्राही मध्ये ३ हजार १ सय ९८ लाभग्राहीलाई सुरक्षित स्थानमा बसोबासको व्यवस्था मिलाइएको। आफैं अन्यत्र स्थानान्तरण हुन चाहेका २ हजार ५ सय ६९ जना लाभग्राहीलाई जग्गा खरिदका लागि प्रतिव्यक्ति थप रु.२ लाख अनुदान उपलब्ध गराइएको र ६२९ लाभग्राहीलाई जग्गा उपलब्ध गराइएको।

- भौगर्भिक अध्ययनका आधारमा स्थानान्तरण गर्नुपर्ने बस्तीका लागि सम्भावित स्थानहरूको छनौट सहित ६४ एकीकृत बस्ती विकास कार्यक्रम स्वीकृत भएकोमा हालसम्म २० एकीकृत बस्ती विकासको कार्य सम्पन्न भएको। जोखिमयुक्त बस्ती सुधार, संरक्षण एवं बस्ती विकास गरी एकीकृत बस्ती बसाउन ६६ प्रस्ताव मध्ये १९ वटा बस्तीको बस्ती सुधार, संरक्षण एवं विकास कार्य सम्पन्न भएको।
- रणनीतिक सडकहरू खास गरी दोलखा-सिंगटी सडक ३३.४९ कि.मी., धादिङ-गोरखा सडक ४२.१७ कि.मी. सडकको पुनर्निर्माण कार्य सम्पन्न भएको, पाँचखाल-मेलम्ची २२.९७ कि.मी. सडकमध्ये ११ कि.मी. सडकको निर्माण कार्य सम्पन्न भएको। ग्रामीण सडक पुनर्निर्माणतर्फ कुल ६ सय ६४ कि.मी. को स्तरोन्ति तथा पुनर्निर्माण भइरहेकोमा हालसम्म ३ सय ५९ कि.मी. सडकको निर्माण सम्पन्न भएको।

## ९. आर्थिक वर्ष २०७६/७७ को खुद बजेट तथा खर्चको यथार्थ विवरण:

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३९२०००११३ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | १५५५९० | १२२५३७ | ७८.७६ |
| ३९२०००१२३ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण कोष | ६४५३८०७३ | २७१६६९४४ | ४२.०९ |
| | **कुल जम्मा** | **६४६९३६६३** | **२७२८९४८१** | **४२.१८** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३९२०००११३ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | ७५०० | २२९२ | ३०.५५ |
| ३९२०००१२३ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण कोष | ७५२७६३७८ | २५२६६७५३ | ३३.५७ |
| | **कुल जम्मा** | **७५२८३८७८** | **२५२६९०४५** | **३३.५७** |

## १०. चालु आर्थिक वर्ष २०७७/७८ को खुद बजेट तथा २०७७ फागुन मसान्तसम्मको खर्चको विवरण:

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३९२०००११३ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | २४०४१२६३ | ९८६८८९९ | ४१.०५ |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३९२०००११४ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | ३९७५७७५२ | ११२१०७७९ | २८.२० |

♦ ♦ ♦

# अर्थ मन्त्रालय

## १. पृष्ठभूमिः

मुलुकमा समष्टिगत आर्थिक स्थायित्व कायम गर्दै प्रभावकारी सार्वजनिक वित्तीय व्यवस्थापन प्रणाली सञ्चालन गर्ने जिम्मेवारी अर्थ मन्त्रालयमा रहेको छ। सार्वजनिक खर्च व्यवस्थापन, अन्तर सरकारी वित्त व्यवस्थापन, राजस्व तथा वैदेशिक सहायता परिचालन, नेपाल सरकारको आर्थिक प्रशासन, वित्तीय क्षेत्रको दिगो विकास तथा व्यवस्थापन र नियमन, सार्वजनिक संस्थानको समग्र नीतिगत विषय तथा नेपाल सरकारको आर्थिक नीतिको तर्जुमा र कार्यान्वयन गर्ने कार्य अर्थ मन्त्रालयले गर्दछ।

## २. दीर्घकालीन सोच :

सबल आर्थिक तथा वित्तीय व्यवस्थापनको माध्यमबाट अर्थतन्त्रको क्षमता अभिवृद्धि गर्दै दिगो, फराकिलो तथा उच्च आर्थिक वृद्धि र सामाजिक न्यायसहितको विकासमा योगदान पुऱ्याउँदै स्वाधीन, समृद्ध र समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने।

## ३. उद्देश्यः

सार्वजनिक वित्तको प्रभावकारी र समुचित उपयोगबाट आर्थिक विकास, समष्टिगत आर्थिक स्थायित्व र अर्थतन्त्रको सुदृढीकरणमा सहयोग पुऱ्याउने।

## ४. रणनीतिः

- वैज्ञानिक, अनुमानयोग्य र पारदर्शी राजस्व प्रणालीको विकासबाट निजी लगानी मैत्री वातावरण सिर्जना गरी उत्पादनमूलक उद्योग तथा व्यवसाय प्रवर्द्धन र औद्योगिक संरक्षण प्रदान गर्ने साथै आयात प्रतिस्थापन गरी निर्यात प्रवर्द्धन गर्ने,
- दक्ष, व्यावसायिक, स्वच्छ, सुदृढ एवं करदातामैत्री कर प्रशासनको विकास र प्रक्रियागत सरलीकरण र सूचना प्रविधिको प्रयोग बढाई कर सहभागिता अभिवृद्धि गर्ने,
- करयोग्य सबै किसिमका आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याउँदै कर छली तथा चुहावट नियन्त्रण गरी कराधार फराकिलो बनाउने,
- गैरकर राजस्वका दरलाई समसामयिक, लागतप्रभावी र पारदर्शी बनाई थप राजस्व परिचालन गर्ने,
- प्राथमिकता प्राप्त क्षेत्रको लागि प्रभावकारी र न्यायोचितरूपमा साधनको बाँडफाँड गर्ने नीति अवलम्बन गर्ने,
- वित्तीय संस्था र वित्तीय उपकरणहरूको माध्यमबाट उत्पादन र बजारको सुदृढीकरण गर्दै सक्षम वित्तीय प्रणालीको विकास गर्ने,
- निजीकरण भएका संस्थानको कार्यकुशलता अभिवृद्धि गर्दै सरकारी स्वामित्वमा सञ्चालनमा रहेका संस्थानहरूलाई व्यावसायिकताको सिद्धान्तका आधारमा सञ्चालन गर्ने,
- पारदर्शी र उत्तरदायी आर्थिक तथा वित्तीय सूचना प्रणालीको अवलम्बन गर्ने,
- सार्वजनिक खर्चलाई मितव्ययी, प्रभावकारी र अनुशासित तुल्याउने,

- सार्वजनिक निकायको लागि विनियोजित बजेट र प्रदान गर्ने सेवा प्रवाह प्रणाली बीचमा प्रतिफलदायी सम्बन्ध स्थापित गर्ने,
- वित्तीय उत्तरदायित्वसम्बन्धी कानुनी व्यवस्था गरी कार्यान्वयनको सुनिश्चितता गर्ने,
- वैदेशिक सहायताको अधिकतम सदुपयोगका लागि प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई अवलम्बन गर्ने,
- समग्र आर्थिक विकासमा अनुकूल वातावरण सिर्जना गर्न सार्वजनिक र निजीक्षेत्रको लगानी तथा विकासमा परिपूरक सम्बन्ध स्थापित गर्ने,
- नेपाल सरकार, प्रदेश तथा स्थानीय तहबीच आर्थिक नीति, लगानी, ऋण व्यवस्थापन, राजस्व बाँडफाँड र अनुदानको विषयमा समन्वयकारी भूमिका निर्वाह गर्ने,
- मुलुकको राष्ट्रिय प्राथमिकता, ऋण तिर्न सक्ने क्षमता विकास र समग्र आर्थिक वृद्धिमा पुऱ्याउन सक्ने योगदानका आधारमा सार्वजनिक (आन्तरिक तथा बाह्य) ऋण परिचालन गर्ने।

## ५. कार्यक्षेत्रः

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायअनुसार रहेका छन्ः

- आर्थिक अवस्थाको विश्लेषण, आर्थिक तथा वित्तसम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन,
- आर्थिक साधनको बाँडफाँड, कुल राष्ट्रिय लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन,
- समष्टिगत आर्थिक स्थायित्व, मूल्य स्थिरतासम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन,
- विकास सहायता नीतिको तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
- केन्द्रीय बैंक सञ्चालन, नियमन र मौद्रिक नीति,
- बैंक तथा वित्तीय संस्थासम्बन्धी नीति, कानुन, समन्वय र नियमन,
- विदेशी मुद्रा विनिमय तथा नियन्त्रण,
- आर्थिक तथा सामाजिक विकास र मुद्रा तथा बैङ्किङ्गसम्बन्धी द्विपक्षीय, बहुपक्षीय अन्तर्राष्ट्रिय संस्थाहरूसँग सम्पर्क र समन्वय,
- वैदेशिक ऋण अनुदान तथा अन्य द्विपक्षीय र बहुपक्षीय सहायतासम्बन्धी सन्धि, सम्झौता र कार्यान्वयन,
- सङ्घीय सञ्चित कोष वा सङ्घीय सरकारी कोष सञ्चालन, राजस्व र व्ययको अनुमान, विनियोजन ऐन, पूरक अनुमान, पेस्की खर्च, उधारो खर्च, आकस्मिक कोष र अन्य सरकारी कोषको व्यवस्थापन,
- बजेट तर्जुमा कार्यान्वयन र नियमन,
- सरकारी जमानत,
- संघ, प्रदेश र स्थानीय तहको आन्तरिक र वैदेशिक ऋण एवं अनुदानसम्बन्धी नीति, कानुन र नियमन,
- तलव भत्ता उपदान निवृत्तिभरण लगायतका सेवा सुविधा र आर्थिक दायित्वसम्बन्धी विषय,
- संघ, प्रदेश र स्थानीय तहको सार्वजनिक पदाधिकारीको सुविधासम्बन्धी नीति, कानुन र मापदण्ड,
- सरकारी बाँकी रकमको अभिलेखीकरण र असुली,
- राजस्वसम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, प्रक्षेपण, कार्यान्वयन र नियमन,
- राजस्व प्रशासनको सञ्चालन र सुदृढीकरण,

- सार्वजनिक खर्चसम्बन्धी नीति, कानुन, कार्यान्वयन र नियमन,
- आर्थिक कार्यविधिसम्बन्धी नीति, कानुन मापदण्ड, कार्यान्वयन र नियमन,
- मूल्य नीति,
- लेखा तथा लेखापरीक्षण प्रणाली,
- सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन,
- संघ, प्रदेश र स्थानीय तहबीच वित्तीय हस्तान्तरणसम्बन्धी नीति, कानुन, कार्यान्वयन, समन्वय र नियमन,
- सङ्घीय विनियोजन, राजस्व, विभाज्य कोष, धरौटी, कार्यसञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्ति,
- भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, आयकर, राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर एवं अन्य कर तथा गैरकर, सेवा शुल्क, दस्तुर लगायतका सेवा शुल्कहरूको लक्ष्य निर्धारण, प्रशासन, संकलन र बाँडफाँड,
- कर तथा भन्सार राजस्वसम्बन्धी द्विपक्षीय, क्षेत्रीय, बहुपक्षीय समन्वय सन्धि, सम्झौता, समझदारी, कार्यान्वयन र नियमन,
- राजस्वसम्बन्धी तथ्याङ्क अभिलेखन र सूचना आदान प्रदान,
- धितोपत्र तथा कमोडिटी बजारसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- बीमासम्बन्धी नीति कानुन मापदण्ड र नियमन,
- संघ प्रदेश र स्थानीय तहमा राजस्व र प्राकृतिक स्रोत उपयोग वा लाभको बाँडफाँडसम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा र कार्यान्वयन,
- राजस्व चुहावट नियन्त्रण,
- महालेखापरीक्षकको कार्यालय,
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग,
- निक्षेप तथा कर्जा सुरक्षण कोष,
- सरकारी स्वामित्वमा भएका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलव, भत्ता, बोनस, लगानी र लाभांशसम्बन्धी नीति निर्धारण,
- राजस्व र आर्थिक प्रशासनसम्बन्धी तालिम, अध्ययन र अनुसन्धान,
- कर्मचारी सञ्चय कोष,
- नागरिक लगानी कोष,
- राजस्व परामर्श विकास समिति,
- अवकाश कोषको व्यवस्थापन,
- सार्वजनिक संस्थानहरू र निजीकरणसम्बन्धी नीति, कानुन, मापदण्ड अनुगमन र नियमन,
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी, आदिको सञ्चालन र नियमन,
- नेपाल लेखापरीक्षण सेवाको सञ्चालन।

**६. चालु आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमका बुँदाहरूको फागुन मसान्तसम्मको प्रगति विवरण:**

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ५२ | घरेलु, साना तथा मझौला उद्यम तथा कोरोना प्रभावित पर्यटन व्यवसायका श्रमिक तथा कर्मचारीको पारिश्रमिक भुक्तानी तथा व्यवसाय सञ्चालनका लागि ५ प्रतिशत ब्याजमा कर्जा उपलब्ध गराउन रू.५० अर्बको छुट्टै कोष खडा गरिनेछ। नेपाल राष्ट्र बैंक मार्फत सञ्चालन हुने यस कोषमा नेपाल सरकार, सरकारी स्वामित्वमा रहेका सार्वजनिक संस्थान र दातृ निकायबाट प्राप्त हुने रकम जम्मा रहनेछ। | • व्यावसायिक निरन्तरताका लागि चालु पुँजी कोष खडा गरी सहुलियत ब्याजमा कर्जा उपलब्ध गराइएको।<br>• राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थामार्फत रू.२० करोड ८७ लाख ५३ हजार (५वटा बैंकबाट २० वटा ग्राहक/ऋणीहरूलाई) व्यावसायिक निरन्तरता कर्जा प्रवाह गरिएको। |
| ५४ | कोरोनाबाट प्रभावित कृषि, घरेलु, साना तथा मझौला उद्योग, उत्पादनमूलक उद्योग, होटल, पर्यटन लगायतका क्षेत्रका उद्योग व्यवसायलाई ५ प्रतिशतसम्मको सहुलियत ब्याजदरमा कर्जा उपलब्ध गराउन नेपाल राष्ट्र बैंकले रू. १ खर्ब सम्मको पुनरकर्जा सुविधा उपलब्ध गराउने व्यवस्था मिलाइएको छ। | • पुनरकर्जा कोषको स्थापना भएको।<br>• बैंक तथा वित्तीय संस्थालाई एकमुष्ठ रूपमा २ खर्ब ३७ अर्ब बराबरको पुनरकर्जा सुविधा प्रदान पुनरकर्जा प्रदान गरिएको। |
| ५७ | संगठित क्षेत्रका श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा श्रमिक र रोजगारदाताले जम्मा गर्नु पर्ने रकम लकडाउन अवधिभरको लागि नेपाल सरकारले व्यहोर्ने व्यवस्था मिलाउने। सो रकम सम्बन्धित प्रतिष्ठानले तत्काल श्रमिकको पारिश्रमिक भुक्तानीका लागि सापटीको रूपमा प्राप्त गर्न सक्ने र व्यवसाय सहज भए पश्चात कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरिनेछ। | • लकडाउन अवधिभरको लागि श्रमिक तथा रोजगारदाताले चालु आ.व.मा सामाजिक सुरक्षा कोषमा जम्मा गर्नुपर्ने रू.१ अर्ब ५ करोड रकम जम्मा गरिएको। |
| ५९ | कोरोनाको कारण निर्माण, यातायात, आमसञ्चार, चलचित्र लगायतका क्षेत्रमा | • नवप्रवर्तन शुरुवाती पुँजी अनुदान कार्यविधि नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भई |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | परेको प्रभाव सम्बोधन गर्न इजाजत पत्र तथा उपकरणको नवीकरण दस्तुरमा छुट तथा चालु पुँजीको लागि कर्जा सुविधा एवम् लकडाउन अवधिभरको ठेक्का तथा बैंक ग्यारेन्टीको म्याद थपको व्यवस्था गरिएको छ। कोरोनाका कारण उत्पन्न व्यावसायिक अवसरको उपयोग गर्न नवप्रवर्तनकारी कार्यमा लगानी प्रोत्साहन गर्न चाहने उद्यमी व्यवसायीलाई २ प्रतिशत ब्याजदरमा उपलब्ध गराइने नवप्रवर्तन शुरुवाती पुँजीका लागि रू.५० करोड व्यवस्था गरिएको छ। | कार्यान्वयनको लागि राष्ट्रिय योजना आयोग र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा पठाइएको। |
| ६७ | बैंक तथा वित्तीय संस्थाबाट प्रदान हुने सहुलियतपूर्ण कर्जा कार्यक्रम अन्तर्गत वाणिज्य बैंकले प्रति शाखा कम्तिमा १० तथा विकास बैंकले प्रति शाखा कम्तिमा ५ जनाका दरले सहुलियतपूर्ण कर्जा उपलब्ध गराई थप रोजगारी सिर्जना गर्न नेपाल राष्ट्र बैंक मार्फत आवश्यक व्यवस्था मिलाइनेछ। | • नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरूले २०७७ माघ मसान्तसम्ममा ६८ हजार २ सय ६ ग्राहक/ऋणीहरूलाई रू.१ खर्ब ३० अर्ब सहुलियतपूर्ण कर्जा प्रदान गरेकोमा "सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि, २०७५" बमोजिम २०७७ माघ मसान्तसम्म रू.४ अर्ब ६८ करोड ब्याज अनुदान प्रदान गरिएको।<br>• सहुलियतपूर्ण कर्जाहरू मध्ये कृषि तथा पशुपन्छी कर्जा बाहेक अन्य कर्जा शीर्षकमा ग्रामीण इलाकालाई प्राथमिकतामा राखी २०७८ असार मसान्तसम्ममा वाणिज्य बैंकले ५ सय वा न्यूनतम प्रति शाखा १० तथा राष्ट्रियस्तरका विकास बैंकले ३ सय वा न्यूनतम प्रति शाखा ५ मध्ये जुन बढी हुन्छ, सोहीबमोजिम सहुलियतपूर्ण कर्जा प्रदान गर्न बैंकहरूलाई निर्देशन जारी गरिएको। |
| ६८ | साना किसान विकास लघु वित्त संस्था मार्फत सञ्चालित साना किसान कर्जा कार्यक्रमबाट थप ४० हजार रोजगारी सिर्जना गर्ने, युवा स्वरोजगार कोषको | • लघु वित्त संस्थामा आवद्ध सहकारी संस्थामार्फत कर्जा प्रवाह भइरहेको।<br>• फागुन मसान्तसम्ममा नेपाल सरकारको सहयोग कार्यक्रममा साना किसान विकास लघु वित्त |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | स्वरोजगार कर्जा कार्यक्रमको माध्यमबाट थप १२ हजार युवा स्वरोजगार हुने व्यवस्था मिलाइएको छ। | संस्था मार्फत सञ्चालित साना किसान कर्जा कार्यक्रमबाट २९ हजार ५ सय ४१ रोजगारी सिर्जना भएको। |
| ७७ | सबै श्रमिक तथा कामदारलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन सबै प्रतिष्ठानलाई सामाजिक सुरक्षा कोषमा सूचीकृत हुन प्रोत्साहित गरिनेछ। योगदानमा आधारित निवृत्तभरणको मौजुदा व्यवस्थामा नसमेटिएका राष्ट्र सेवकलाई यसको दायरामा ल्याउन अवकाश कोष सञ्चालनसम्बन्धी मौजुदा कानुनमा संशोधन गर्ने। | • प्रतिष्ठानहरूमा रहेको स्वीकृत अवकाश कोषको रकम सामाजिक सुरक्षाकोषमा हस्तान्तरण गरेमा अवकाशकोष भुक्तानी गर्दा लाग्ने कर छुट दिने व्यवस्था गरिएको।<br>• अवकाश कोष सञ्चालनसम्बन्धी मौजुदा कानुन संशोधन गर्न मस्यौदा समिति गठन गरिएको। |
| १३२ | स्वदेशी कच्चा पदार्थमा आधारित, उच्च मूल्य अभिवृद्धि गर्ने र निर्यातमूलक प्रकृतिका उद्योगको स्थापना तथा विस्तारलाई विशेष प्रोत्साहन गरिनेछ। औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र एवम् औद्योगिक ग्राममा स्थापना हुने उद्योगलाई कर प्रणाली मार्फत थप प्रोत्साहन दिइनेछ। | • आयकर ऐनमा संशोधन गरी औद्योगिक क्षेत्र वा औद्योगिक ग्राममा स्थापना भई सञ्चालन हुने विशेष उद्योगलाई कारोवार शुरु गरेको ५ वर्षसम्म २५ प्रतिशत आयकर छुट सुविधा हुने व्यवस्था गरिएको।<br>• लघु उद्यमलाई आयकर छुट हुने अवधि वृद्धि गरी पाँच वर्षबाट सात वर्ष र महिला उद्यमीबाट सञ्चालन भएकोमा सात वर्षबाट वृद्धि गरी दश वर्षसम्म आयकर छुट हुने व्यवस्था गरिएको। |
| १४९ | अर्थतन्त्रमा देखिएको शिथिलताको कारण वित्तीय क्षेत्रको स्थायित्व र सेवा प्रवाहमा प्रतिकूल असर पर्न नदिने गरी नियमनकारी व्यवस्था मिलाइनेछ। कोभिडको असर न्यूनीकरण लागि चालिएको कदमबाट प्रभावित उद्योग व्यवसायको शीघ्र पुनरूत्थान गर्ने, नयाँ लगानी प्रवर्द्धन गर्ने र उत्पादन अभिवृद्धि तथा रोजगारी सिर्जना गर्नका लागि वित्तीय क्षेत्रको स्रोत परिचालन गरिनेछ। वित्तीय पहुँच अभिवृद्धि गर्दै वित्तीय साधनको परिचालन उत्पादनमुखी बनाइनेछ। बैंक तथा वित्तीय | • २०७८ असारसम्ममा वाणिज्य बैंकहरूले एक आपसमा गाभ्ने/गाभिने नीतिगत व्यवस्थाअनुरूप संयुक्त कारोबार सञ्चालन गरेमा संयुक्त कारोबार शुरु गरेको मितिबाट साबिकको सुविधाका अतिरिक्त २०७९ असारसम्मका लागि देहायबमोजिमका थप सुविधा प्रदान गर्ने गरी राष्ट्र बैंकबाट २०७७/४/१२ को परिपत्रबाट निम्नानुसारको व्यवस्था गरिएको:<br>क) अनिवार्य नगद अनुपातमा ०.५ प्रतिशत र वैधानिक तरलता अनुपातमा १ प्रतिशत बिन्दुले छुट गरिएको।<br>ख) राष्ट्र बैंकबाट तोकिएको संस्थागत मुद्दती |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | संस्थाहरू एकआपसमा गाभिन प्रोत्साहित गरिनेछ। भुक्तानी प्रणालीलाई सुरक्षित, आधुनिक र विद्युतीय प्रविधिमा आधारित बनाइनेछ। | निक्षेप संकलन सीमामा १० प्रतिशत विन्दुले थप गरिएको।<br>ग) राष्ट्र बैंकबाट तोकिएको प्रति संस्था निक्षेप संकलन सीमामा ५ प्रतिशत विन्दुले थप गरिएको।<br>घ) सञ्चालक समितिका सदस्य र उच्च पदस्थ कर्मचारी पदबाट हटेको कम्तिमा ६ महिना व्यतीत नभई नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त अन्य संस्थामा आबद्ध हुन नपाउने विद्यमान प्रावधान लागू नहुने व्यवस्था गरिएको।<br>साथै, संस्थागत निक्षेपकर्ताहरूले राख्ने बैंकअनुसारको निक्षेपको सीमा समायोजन गर्न सम्बन्धित संस्थाहरूसँग समन्वय गरिने। |
| १५० | बैंकहरूबाट प्रवाह हुने सहुलियतपूर्ण कर्जा कार्यक्रमको पुनर्संरचना गर्दै यसको दायरा फराकिलो बनाइनेछ। यस्तो कर्जा ५ प्रतिशत ब्याजदरमा उपलब्ध गराइनेछ। सहुलियतपूर्ण कर्जाको सुरक्षण र व्यवसाय बीमा प्रिमियमको ५० प्रतिशतसम्म अनुदान दिइनेछ। | • सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि,२०७५ (तेस्रो संशोधन) नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७७।०६।०८ मा स्वीकृत भएको।<br>• कर्जाको सुरक्षण तथा बीमा प्रिमियममा ५० प्रतिशतसम्म अनुदान प्रदान भइरहेको।<br>• नेपाल राष्ट्र बैंकको मागबमोजिम हालसम्म रू.४ अर्ब सहुलियतपूर्ण कर्जा वापतको ब्याज अनुदान रकम सोधभर्ना उपलब्ध गराइएको। |
| १५१ | विद्युतीय प्रणालीमा आधारित वित्तीय सेवा विस्तार गर्दै दुर्गम क्षेत्रमा बैंकिङ्ग पहुँच अभिवृद्धि गर्न शाखा रहित, मोवाइल र इन्टरनेट बैंकिङ्ग सेवा उपलब्ध गराइनेछ। बैंक तथा वित्तीय संस्थालाई बाह्य पुँजी परिचालन गर्न प्रोत्साहित गरिनेछ।लघु वित्त संस्थाहरूको सञ्चालन दक्षता अभिवृद्धि गरी कर्जाको ब्याजदर यथार्थपरक बनाइनेछ। | • शाखा रहित बैंकिङ्ग सेवालाई अभिवृद्धि गरी बैंकिङ्ग पहुँच वृद्धि गर्न शाखा रहित बैंकिङ्ग सेवा सञ्चालन गर्नु पूर्व राष्ट्र बैंकबाट अनुमति लिनुपर्ने व्यवस्था परिमार्जन गरी महानगर तथा उपमहानगर बाहेकका क्षेत्रमा शाखा रहित बैंकिङ्ग सेवा सञ्चालन गर्दा अनुमति लिनु नपर्ने व्यवस्था गरिएको। २०७७ फागुन मसान्तमा १ हजार ७ सय २१ वटा शाखा रहित बैंकिङ्गका एजेन्ट, १ करोड ३२ लाख ६७ हजार ९ सय ४७ मोबाइल बैंकिङ्गका ग्राहक तथा ११ लाख ३१ |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | हजार ५ सय ४७ इन्टरनेट बैंकिङ्गका ग्राहक रहेको।<br>• ६१ प्रतिशत नागरिकमा बैंकिङ्ग सेवा विस्तार भएको।<br>• लघुवित्त वित्तीय संस्थाहरूले आफ्ना ग्राहकसँग लिने ब्याजदर अधिकतम् १५ प्रतिशतसम्म निर्धारण गर्न सक्ने व्यवस्था गरिएको।<br>• बैंक तथा वित्तीय संस्थालाई बाह्य पुँजी परिचालन गर्ने सम्बन्धी नीति समय सापेक्ष परिमार्जन भइरहेको। |
| १५२ | आम नागरिकमा पहुँच पुग्ने गरी बीमाको दायरा बिस्तार गरिनेछ। बीमा दाबी व्यवस्थालाई सहज र सरल बनाइ तोकिएको समयभित्र भुक्तानी सुनिश्चित गरिनेछ। घुम्ती बीमा कार्यक्रम सञ्चालन गरी कृषि र लघु उद्यम व्यवसायमा बीमाको पहुँच अभिवृद्धि गरिनेछ। कोभिड-१९ को कारण सञ्चालनमा आउन नसकेका उद्योग प्रतिष्ठान एवम् यातायातका साधनको बीमा पोलिसीको म्याद लकडाउनको अवधिसम्म थप गरिनेछ। | • घुम्ती बीमा सेवा सञ्चालन भइरहेको। फागुन मसान्तसम्ममा बीमाको दायरामा आएको जनसङ्ख्या २३.४३ प्रतिशत तथा वैदेशिक रोजगारी समेत समावेश गर्दा २५.८२ प्रतिशत पुगेको।<br>• बीमा समितिको मिति २०७७।०७।२८ को निर्णयानुसार मार्गदर्शन संशोधन भएको।<br>• कोरोना बीमा दाबीको सन्दर्भमा २० वटै निर्जीवन कम्पनीको स्थलगत अनुगमन भएको र बीमा दाबी सहज र सरल बनाउन स्थलगत अनुगमन कार्य निरन्तर भइरहेको।<br>• २०७७ माघ सम्ममा लघु बीमालेख संख्या ३ लाख ५ हजार ३ सय ६६ र बाली तथा पशुपन्छी बीमा सङ्ख्या १ लाख ९ हजार ५सय ७२ गरी जम्मा ४ लाख १४ हजार ९ सय ३८ बीमा लेख जारी भएको। |
| १५४ | पुँजी बजारको दायरा विस्तार गरी ऋणपत्रको दोस्रो बजार कारोबार शुरु गरिनेछ। नेपाल स्टक एक्सचेञ्ज लिमिटेडको दोस्रो बजार कारोबारलाई पूर्ण रूपमा विद्युतीय प्रविधिमा आधारित बनाइनेछ। पुँजी बजारमा संस्थागत लगानी अभिवृद्धि गर्न आगामी आर्थिक वर्ष | • धितोपत्रसम्बन्धी ऐनको मस्यौदा सङ्घीय संसदमा पेश भएको।<br>• दोस्रो बजार कारोबार प्रणालीलाई ग्राहकको बैंक खाता तथा डिम्याट खातासँग आवद्धता गरिएको।<br>• स्टक डिलर सञ्चालनमा आएको।<br>• नेपाल स्टक एक्सचेञ्ज लि. को संगठन तथा व्यवस्थापन सर्वेक्षणमा स्वीकृति प्रदान भएको र |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | स्टक डिलर सञ्चालनमा ल्याइनेछ। वस्तु विनिमय बजार सञ्चालनमा ल्याउन आवश्यक व्यवस्था मिलाइने छ। धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको संरचनात्मक सुधार गरिनेछ। | शेयर संरचनामा परिवर्तनसम्बन्धी अवधारणापत्र तयार भएको।<br>• दीर्घकालीन सरकारी ऋणपत्रहरूको अभौतिकीकरण गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंकमा सम्बन्धित सबै पक्षहरूको प्रतिनिधित्व हुने गरी प्राविधिक समिति गठन भई अध्ययन भइरहेको। साथै, नेपाल राष्ट्र बैंक र सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट यसमा समन्वय गरि Debt Operation Management System (DOMS) सञ्चालनमा ल्याउने प्रक्रियामा रहेको। |
| १५७ | लगानी तथा व्यापारलाई व्यवस्थित गर्न अन्तर्राष्ट्रिय असल अभ्यास र राष्ट्रिय परिवेश अनुरूप आवश्यक कानुनको तर्जुमा र विद्यमान कानुनमा परिमार्जन गरिनेछ। नेपालको क्रेडिट रेटिङ कार्य आगामी छ महिना भित्र पुरा गरिनेछ। विदेशी मुद्राको हेजिङ सुविधा, सम्मिश्रित वित्त व्यवस्था तथा लगानीका अन्य वैकल्पिक उपकरणको व्यवस्था गरी निजी लगानी प्रवर्द्धन गरिनेछ। | • नेपालको क्रेडिट रेटिङ गर्ने कार्य कोरोना महामारीका कारण हाललाई स्थगित गरिएको।<br>• भेन्चर क्यापिटल तथा प्राईभेट इक्विटी फण्ड परिचालन गर्न कोष व्यवस्थापकको अनुमति पत्रका लागि नौ कम्पनीबाट प्राप्त निवेदन स्वीकृति हुने क्रममा रहेको। |
| १९३ | लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई प्रदेश र स्थानीय तहको बजेट प्रणालीमा समेत समावेश गरिनेछ। | • प्रदेश र स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमुना निर्देशिका, २०७७ कार्यान्वयनमा ल्याइएको। |
| २४४ | कोरोना संक्रमण जोखिमको कारण आवागमन प्रभावित हुँदा यातायात व्यवसायलाई परेको असर न्यूनीकरण गरी पुनःसञ्चालन गर्न बैंक कर्जामा सहुलियत, कर छुट र रूट इजाजत दस्तुर छुट दिइनेछ। | • यातायात व्यवसायलाई अति प्रभावित सूचीमा सूचीकृत गरी पुनरकर्जा सुविधा प्रदान गरिएको। |
| २८५ | राष्ट्रसेवक कर्मचारीलाई निजी आवास निर्माण र सन्ततिलाई उच्च शिक्षा प्रदान गर्न सहुलियत दरको कर्जा सुविधा उपलब्ध गराउने व्यवस्था मिलाइने छ। | • राष्ट्रसेवक कर्मचारीलाई सहुलियत दरको कर्जा उपलब्ध गराउने सम्बन्धी मापदण्डको मस्यौदा तयार भई स्वीकृतिको प्रक्रियामा रहेको।<br>• अस्थायी र करार लगायत सबै राष्ट्र सेवकको |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | आगामी वर्षका लागि अस्थायी र करार लगायत सबै राष्ट्र सेवकको रू.१ लाखसम्मको कोरोना बीमा निःशुल्क हुने व्यवस्था मिलाइने छ। | निःशुल्क कोरोना बीमा गराउने व्यवस्था गरिएको। |
| २९४ | राजस्व संकलनमा आउने संकुचन र सार्वजनिक खर्चमा पर्ने थप चापलाई व्यवस्थापन गर्न आगामी वर्ष प्रशासनिक खर्चमा मितव्ययिता अपनाउनको लागि सार्वजनिक संस्थान, विश्वविद्यालय, समिति, बोर्ड, प्रतिष्ठान, कोष लगायतका सार्वजनिक निकायमा समेत लागू हुने गरी मितव्ययिता सम्बन्धी निर्देशिका जारी गरिनेछ। | • बजेट विनियोजन गर्दा नै चालु तर्फको विभिन्न किसिमको खर्च कटौती गरिनुका साथै भत्ताहरू खारेज गरिएको।<br>• सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७७।७।२४ को निर्णयानुसार स्वीकृत भई कार्यान्वयनमा आएको। |
| २९७ | अन्तर सरकारी वित्त हस्तान्तरणलाई विकास नतिजासँग आबद्ध गरी परिणाममुखी बनाइनेछ। विकास आयोजनाको छनौट, खर्च र आन्तरिक नियन्त्रणका मापदण्ड परिपालना गरिनेछ। | • प्रदेश तथा स्थानीय तहको लागि आन्तरिक नियन्त्रणको लागि मार्गदर्शन जारी गरिएको।<br>• सःशर्त अनुदानका कार्यक्रममा मापदण्ड/निर्देशिका मार्फत कार्यान्वयन हुने गरेको। |
| २९८ | सार्वजनिक निकायको जिम्मेवार पदाधिकारीलाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी कानुनबमोजिम खर्चको नतिजाप्रति जिम्मेवार बनाइनेछ। मध्यमकालीन खर्च संरचनालाई सुदृढ तुल्याई प्रदेश तथा स्थानीय तहमा समेत कार्यान्वयनमा ल्याइनेछ। | • आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ कार्यान्वयनमा आएको।<br>• प्रदेश तथा स्थानीय तहमा मध्यमकालीन खर्च संरचना कार्यान्वयनमा आएको। |
| २९९ | आगामी आर्थिक वर्ष उठाइने आन्तरिक ऋणको लेखाङ्कन विद्युतीय प्रणाली मार्फत गर्ने व्यवस्था मिलाइनेछ। सार्वजनिक ऋणसम्बन्धी मध्यकालीन रणनीति तर्जुमा गरिनेछ। | • आन्तरिक ऋणको लेखाङ्कन विद्युतीय प्रणाली मार्फत गर्ने व्यवस्था मिलाइएको।<br>• सार्वजनिक ऋणसम्बन्धी मध्यकालीन रणनीतिको मस्यौदा तयार भएको। |
| ३०८ | सार्वजनिक संस्थानको नियमन, सञ्चालन र व्यवस्थापनलाई प्रभावकारी बनाउन संस्थान सञ्चालनसम्बन्धी छाता ऐनको तर्जुमा गरिनेछ। कारोबार बन्द भई | • संस्थान सञ्चालनसम्बन्धी छाता ऐनको मस्यौदा तयार भई छलफलको क्रममा रहेको।<br>• बन्द भएका सार्वजनिक संस्थानको स्वामित्वमा रहेको सम्पत्तिको अभिलेख अद्यावधिक गरी |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | सञ्चालनमा नरहेका संस्थानको स्वामित्वमा रहेका जग्गा, भौतिक संरचना, मेशिनरी उपकरण र अन्य सम्पत्तिको अभिलेख अद्यावधिक गरी उत्पादनशील उपयोग गर्ने व्यवस्था मिलाइनेछ। | उपयोग गर्न अवधारणापत्र तयारी तथा कार्यक्षेत्रगत शर्तका सम्बन्धमा छलफल भइरहेको। |
| ३०९ | सार्वजनिक संस्थानको सञ्चालक समिति र प्रमुख प्रशासकीय अधिकृतलाई कार्यसम्पादन नतिजाप्रति जिम्मेवार र जबाफदेही बनाइने छ। | • अर्थ मन्त्रालय अन्तर्गतका निकायहरूका प्रमुख प्रशासकीय अधिकृतसँग कार्यसम्पादन सम्झौता सम्पन्न भएको। |
| ३१८ | **(क)** कोरोना संक्रमण जोखिमका कारण प्रभावित कृषि, उद्योग तथा सेवा व्यवसायको पुनरूत्थान हुने गरी करका दर समायोजन, छुट तथा सहुलियत प्रदान गरिनेछ। | • कोरोना संक्रमण जोखिमका कारण प्रभावित कृषि, उद्योग तथा सेवा व्यवसायको पुनरूत्थानका लागि आर्थिक ऐन, २०७७ मार्फत करका दर समायोजन, छुट तथा सहुलियतको व्यवस्था गरी कार्यान्वयन गरिएको। |
| | **(ख)** करयोग्य आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याउँदै प्रगतिशील, समन्यायिक, पारदर्शी र व्यवसायमैत्री राजस्व प्रणालीको विकास गर्ने, जस अन्तर्गत, २०७७ फागुन मसान्तभित्र करको दायरामा आउने करदातालाई शुल्क तथा ब्याज मिनाहा दिइनेछ। | • २०७७ फागुन मसान्तसम्ममा करयोग्य आर्थिक क्रियाकलाप गरी करको दायरामा नआएका विभिन्न ४ सय ९३ करदातालाई करको दायरामा ल्याइएको। |
| | **(ग)** औद्योगिक संरक्षण गरी आन्तरिक उत्पादन प्रोत्साहन गर्न र अनावश्यक तथा मानव स्वास्थ्यका लागि हानिकारक एवं वातावरणमा ह्रास ल्याउने वस्तुको आयात निरूत्साहित गरिनेछ। | • औद्योगिक संरक्षण गरी आन्तरिक उत्पादन प्रोत्साहन गर्न मुलुकमा आत्मनिर्भरउन्मुख उद्योगका उत्पादनहरू रूफिङ्ग सिट, कागजको तयारी वस्तु र सिमेन्टको व्लक ईँटाको पैठारीमा भन्सार दर वृद्धि गरिएको, सोप नुडल्स, एक्रेलिक ईमल्सन, आइरन एक्साइड, टिटानियम डाइअक्साइड, ब्लेण्डेड यार्न, इन्जाइम, मकैको ग्लुटिन, इथाइल एसिडेड, भिनाइल एसिडेड, पोलिभिनाइल अल्कोहल, नर्मल बुटाइल अल्कोहल, अगरबत्ती कम्पाउण्ड, अगरबत्तीको लागि चाहिने DEP, हटमेल्ट ग्लू लगायतका विभिन्न वस्तुका कच्चापदार्थ र तिनबाट निर्मित |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | तयारी मालवस्तुको पैठारीमा कम्तिमा एक तह फरक गर्ने गरी भन्सार महसुल दर समायोजन गरिएको।<br>• अनावश्यक तथा मानव स्वास्थ्यका लागि हानिकारक एवं वातावरणमा ह्रास ल्याउने वस्तुको आयात निरूत्साहित गर्ने नीतिअनुरूप प्याकिङ गरिएका खाद्य सामग्री, हुक्का फ्लेवर, पान मसला, मदिराको कच्चापदार्थको रूपमा प्रयोग हुने द्रव्य, डियोडेरन्ट, बिँडी बेर्ने पातहरू, अन्य तयारी सिगार, अल्कोहलमा प्रयोग हुने सुगन्धयुक्त वस्तु, विद्युतीय सिगरेट लगायतका वस्तुहरूको पैठारीमा लाग्ने अन्तःशुल्क/भन्सार महसुल बढाइएको। |
| | **(घ)** दक्ष, व्यावसायिक र स्वच्छ कर प्रशासनको विकास, प्रक्रियागत सरलीकरण, सूचना प्रविधिको प्रयोग, कर कानुनको परिपालना मार्फत कर सहभागिता अभिवृद्धि गर्ने र राजस्व चुहावट नियन्त्रण गरिनेछ। | • स्वीकृत नयाँ संरचनाअनुसार आन्तरिक राजस्व विभाग अन्तर्गत आ.व.२०७६/७७ मा थप भएका ५ वटा आन्तरिक राजस्व कार्यालय र २० वटा करदाता सेवा कार्यालयहरूमा भौतिक पूर्वाधार र जनशक्तिको व्यवस्थापन गरी सञ्चालनमा ल्याइएको।<br>• विभिन्न तालिम तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी राजस्व प्रशासनको क्षमता र कार्यदक्षता अभिवृद्धि गरिएको।<br>• Integrated Tax System (ITS) तथा ASYCUDA World लाई सुदृढ गरी सूचना प्रविधिको प्रयोगलाई थप परिष्कृत बनाइएको।<br>• जाँचपासपछिको परीक्षण, विस्तृत अनुसन्धान, चालु वर्षको कर परीक्षण, अग्रिम करकट्टीको परीक्षण, नियमित बजार अनुगमन जस्ता विधिको प्रयोगमार्फत कानुनको परिपालना वृद्धि तथा कर चुहावट नियन्त्रण गरिएको। |
| ३२० | आर्थिक वर्ष २०७६/७७ को आय विवरणअनुसार लघु, घरेलु तथा साना उद्योगी तथा व्यवसायीलाई लाग्ने | • रू.२० लाखसम्म वार्षिक कारोवार गर्ने ४ लाख ४३ हजार ८ सय १३ करदाताले उक्त सुविधा उपभोग गरेको र सो व्यवस्थाबाट रू.१ अर्ब |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | आयकरमा वार्षिक रू.२० लाखसम्म कारोबार गर्ने करदातालाई ७५ प्रतिशत, रू.२० लाखदेखि रू.५० लाखसम्म कारोबार गर्ने करदातालाई ५० प्रतिशत र रू.५० लाखदेखि रू.१ करोडसम्म कारोबार गर्ने करदातालाई २५ प्रतिशत छुट दिइनेछ। | ५० करोड ६८ लाख छुट सहुलियत प्रदान गरिएको।<br>• रू.२० लाखदेखि ५० लाखसम्म वार्षिक कारोवार गर्ने रू.१९ हजार ७ सय ५१ करदाताले उक्त सुविधा उपभोग गरेको र सो व्यवस्थाबाट रू.२० करोड ८५ लाख ८९ हजार छुट सहुलियत प्रदान गरिएको।<br>• रू.५० लाखदेखि रू.१ करोडसम्म वार्षिक कारोबार गर्ने ४८ हजार ४ सय ४९ करदाताले उक्त सुविधा उपभोग गरेको र सो व्यवस्थाबाट रू.१ अर्ब १७ करोड ७५ लाख छुट सहुलियत प्रदान गरिएको। |
| ३२१ | लघु उद्यमलाई आयकर छुटको अवधि दुई वर्ष थप गरी सात वर्ष र महिला उद्यमीद्वारा सञ्चालित लघु उद्यमलाई तीन वर्ष थप गरी दश वर्ष पुऱ्याउने तथा लघु बीमामा लाग्दै आएको मूल्य अभिवृद्धि कर हटाइएको छ। | • लघु उद्यमलाई आयकर छुट प्रदान गर्ने अवधि थपसम्बन्धी व्यवस्था कार्यान्वयनमा आएको।<br>• आर्थिक ऐन, २०७७ मार्फत लघु बीमामा लाग्दै आएको मूल्य अभिवृद्धि कर हटाइएको। |
| ३२२ | लघु, घरेलु तथा साना उद्योग, कृषि, पशुपन्छीपालन, पशु उपचार र मास्क बनाउने उद्योगले पैठारी गर्ने मेसिनरी तथा कच्चा पदार्थ एवं कृषि फार्म तथा कम्पनीले पैठारी गर्ने कृषि यन्त्र उपकरण तथा धान, मकै, गहुँ र तरकारीको बीउ पैठारी गर्दा लाग्ने भन्सार महसुल घटाइएको छ। प्राथमिक कृषि उपजको पैठारीमा लाग्दै आएको भन्सार महसुल तथा कृषि सुधार शुल्क वृद्धि गरिएको छ। | • आर्थिक ऐन, २०७७ मार्फत प्राथमिक कृषि उपजको पैठारीमा लाग्दै आएको कृषि सुधार शुल्क ५ प्रतिशतबाट वृद्धि गरी ९ प्रतिशत कायम गरिएको।<br>• लघु, घरेलु तथा साना उद्योगले पैठारी गर्ने मेशिन र फेस मास्क बनाउने उद्योगले पैठारी गर्ने मेशिनमा ५० प्रतिशत भन्सार महसुल छुट गरिएको।<br>• धान, मकै, गहुँ र तरकारीको बीउ पैठारीमा लाग्ने कृषि सुधार शुल्क घटाई १ प्रतिशत कायम गरिएको। |
| ३२३ | कोरोना संक्रमणबाट बढी प्रभावित भएका हवाई सेवा, यातायात सेवा, होटेल, ट्राभल तथा ट्रेकिङ व्यावसायीलाई आर्थिक वर्ष २०७६/७७ को आय विवरणअनुसार | • कर छुट तथा कर विवरण पेश गर्ने अवधि बढाउने सम्बन्धमा आन्तरिक राजस्व विभागको एकीकृत कर प्रणाली (ITS) मा सुधार गरी कार्यान्वयनमा ल्याइएको। देशका १ हजार ४ |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | लाग्ने आयकरमा २० प्रतिशत छुट दिने व्यवस्था मिलाइएको छ। पर्यटन, ढुवानी व्यवसायी तथा चलचित्र घरलाई मूल्य अभिवृद्धि कर विवरण तथा कर दाखिला गर्ने अवधि बढाई चौमासिक कायम गरिएको छ। | सय १८ करदाताले उक्त सुविधा उपयोग गरी रू.३७ करोड १९ लाख ३७ हजार छुट प्राप्त गरेको। |
| ३२४ | औषधि उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थको पैठारीमा मूल्य अभिवृद्धि कर छुट दिई त्यस्तो वस्तु स्वदेशी उद्योगबाट खरिद गर्दा तिरेको मूल्य अभिवृद्धि कर फिर्ता दिने व्यवस्था मिलाइएको छ। आयुर्वेदिक औषधीको कच्चा पदार्थको भन्सार महसुल घटाइएको छ। | • औषधि उद्योगले पैठारी गर्ने भन्सार दरबन्दीको भाग २८ र २९ मा पर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ र रसायनिक पदार्थमा मूल्य अभिवृद्धि कर छुट दिईंदै आएकोमा भाग ३८ मा पर्ने त्यस्ता वस्तुमा समेत मूल्य अभिवृद्धि कर छुटको व्यवस्था गरिएको।<br>• औषधि उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ र प्याकिङ्ग मेटेरियल स्वदेशी उद्योगबाट खरिद गरेमा त्यस्तो खरिदमा तिरेको मूल्य अभिवृद्धि कर फिर्ता दिन कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको।<br>• आयुर्वेदिक औषधि उत्पादन गर्न आवश्यक कच्चा पदार्थ आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागको सिफारिसमा पैठारी गर्दा १ प्रतिशत मात्र भन्सार महसुल लाग्ने व्यवस्था गरिएको। |
| ३२६ | मूल्य अभिवृद्धि करको दर यथावत् राख्दै अन्तःशुल्क र भन्सारका केही दरलाई समायोजन गरिएको छ। एक दर्जन बढी वस्तुमा लाग्दै आएको अन्तःशुल्क हटाइएकोछ। चुरोट, सिगार, गुट्खा, पान मसलामा स्वास्थ्य जोखिम कर सामान्य वृद्धि गरिएको छ। | • आर्थिक ऐन, २०७७ मार्फत प्रस्तुत व्यवस्था कार्यान्वयन भइरहेको। |
| ३२७ | उद्योगले पैठारी गर्ने औद्योगिक कच्चा पदार्थको भन्सार दर तयारी मालवस्तुको भन्दा कम्तिमा एक तह कम गर्न थप केही वस्तुको कच्चा पदार्थको भन्सार महसुल घटाइएको छ। हवाई इन्धन र | • मुलुकमा आत्मनिर्भर भएका वस्तुको संरक्षणका लागि प्राथमिक कृषि उपजमा भारत र चीनको तिब्बतबाट पैठारी हुँदा ५ प्रतिशत र ९ प्रतिशतका दरले कृषि सुधार शुल्क लाग्ने व्यवस्था गरिएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | एल.पि. ग्याँस बाहेकको पेट्रोलियम पदार्थ र सुन तथा सुनका गहनामा लाग्ने भन्सार महसुलमा सामान्य वृद्धि गरिएको छ। | • कृषि सुधार शुल्क लाग्ने २३५ उपशीर्षकका वस्तुमा ९ प्रतिशतका दरले कृषि सुधार शुल्क लाग्ने व्यवस्था गरिएको।<br>• मुलुकमा आत्मनिर्भरउन्मुख उद्योगका उत्पादनहरू रूफिङ्ग सिट, कागजको तयारी वस्तु र सिमेन्टको ब्लक ईँटाको पैठारीमा भन्सार दर वृद्धि गरिएको।<br>• सोप, नुडल्स, एक्रेलिक इमल्सन, आइरन अक्साइड, टिटानियम डाइअक्साइड, ब्लेण्डेड यार्न, इन्जाइम, मकैको ग्लुटिन, इथाइल एसिटेड, भिनाइल एसिटेड, पोलिभिनाइल अल्कोहल, नर्मल बुटाइल अल्कोहल, अगरबत्ती कम्पाउण्ड, अगरबत्तीको लागि चाहिने Di Ethyl Phthalate (DEP), हटमेल्ट ग्लू लगायतका विभिन्न वस्तुका कच्चापदार्थ र तिनबाट निर्मित तयारी मालवस्तुको पैठारीमा कम्तिमा एक तह फरक गर्ने गरी भन्सार महसुल दर समायोजन गरिएको।<br>• पेट्रोल, डिजेल, मट्टीतेल, डिजेल एक्सहस्ट फ्लूड, चाँदी, सुन तथा सुनका गहनामा लाग्ने भन्सार दरमा वृद्धि गरिएको। |
| ३२८ | सामुदायिक वनले साल र खयर जातका काठ उपभोक्ता समूह बाहिर बिक्री गर्दा लाग्दै आएको १५ प्रतिशत वन पैदावार शुल्क खारेज गरिनेछ। स्वदेशी फर्निचर उद्योगको संरक्षण गर्न सबै किसिमका फर्निचरको पैठारीमा अन्तःशुल्क लगाइनेछ। | • आर्थिक ऐन, २०७७ मार्फत सामुदायिक वनले साल र खयर जातका काठ उपभोक्ता समूह बाहिर बिक्री गर्दा लाग्दै आएको १५ प्रतिशत वन पैदावार शुल्क खारेज गरिएको।<br>• स्वदेशी फर्निचर उद्योगको संरक्षण गर्न सबै किसिमका फर्निचरको पैठारीमा १० प्रतिशत अन्तःशुल्क लाग्ने व्यवस्था गरिएको। |
| ३३० | आफ्नो उद्देश्य अनुसार कारोबार सञ्चालन गरेका खानेपानी तथा सरसफाई उपभोक्ता समूहलाई आयकर नलाग्ने व्यवस्था मिलाइएको छ। आर्थिक वर्ष २०७५/७६ सम्म निर्धारण भएको आयकर मिनाहा | • आर्थिक ऐन, २०७७ मार्फत प्रस्तुत व्यवस्था कार्यान्वयनमा आइसकेको तथा आर्थिक वर्ष २०७५/७६ सम्म त्यस्ता समूहलाई निर्धारण भएको आयकर समेत मिनाहा गरिएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | गरिने छ। | |
| ३३१ | गाउँपालिकामा सञ्चालित सबै किसिमका सहकारीलाई आयकर पूर्ण रूपमा छुट दिई नगरपालिका, उप-महानगरपालिका तथा महानगरपालिकामा सञ्चालित कर लाग्ने कारोबार गर्ने सबै किसिमका सहकारीलाई क्रमशः पाँच प्रतिशत, सात प्रतिशत र दश प्रतिशत आयकर लाग्ने व्यवस्था गरिएको छ। | • आर्थिक ऐन, २०७७ मार्फत आयकर ऐन, २०५८ मा संशोधन गरी प्रस्तुत व्यवस्था कार्यान्वयनमा आएको। |
| ३३२ | विभिन्न निकायमा रहेको स्वीकृत अवकाश कोषको रकम २०७७ साल चैत्र मसान्तभित्र सामाजिक सुरक्षा कोषमा हस्तान्तरण गरेमा अवकाश भुक्तानी बापत लाग्ने कर छुट दिइनेछ। त्यस्ता कोष क्रमशः खारेज गर्दै जाने व्यवस्था मिलाइनेछ। | • स्वीकृत अवकाश कोषमा रहेको रकम सामाजिक सुरक्षा कोषमा हस्तान्तरण गर्दा कर छुट दिने व्यवस्था आर्थिक ऐन, २०७७ मार्फत कार्यान्वयनमा आएको। हाल ५१ विभिन्न स्विकृत अवकाश कोष सञ्चालनमा रहेको। |
| ३३३ | वार्षिक रू. २० लाखसम्म कारोबार गर्ने साना करदाताले आय विवरण र कर मोवाइल एप्सलगायत अन्य विद्युतीय माध्यमबाट बुझाउन सक्ने र बैंक मार्फत कर भुक्तानी गर्दा आय विवरण समेत बुझाउन सक्ने व्यवस्था मिलाइएको छ। बक्यौता नरहेका करदाताले पेश गरेको आय विवरणअनुसारको कर चुक्ता प्रमाणपत्र स्वचालित प्रणालीबाट करदाता स्वयंले लिन पाउने व्यवस्था मिलाइएको। उपभोक्ताले वस्तु तथा सेवा खरिदको भुक्तानी विद्युतीय उपकरण मार्फत गर्दा प्रोत्साहन स्वरूप प्राप्त हुने रकममा अग्रिम कर कट्टी गर्नु नपर्ने व्यवस्था मिलाइएको छ। | • वार्षिक रू.२० लाख सम्म कारोबार गर्ने साना करदाताले विवरण र कर बुझाउन मिल्ने मोबाइल एप्स तयार गरी कार्यान्वयनमा ल्याइएको।<br>• वार्षिक रू.२० लाखसम्म कारोबार गर्ने साना करदाताले बैंकमा कर दाखिला गर्दा आय विवरण समेत बुझाउन मिल्ने गरी आन्तरिक राजस्व विभागको एकीकृत कर प्रणालीमा सुधार गरी कार्यान्वयन गरिएको।<br>• बक्यौता नरहेका पूर्वानुमानित आय विवरण (डे.०१ विवरण) पेश गर्ने करदाताले पेश गरेको आय विवरणअनुसारको कर चुक्ता प्रमाणपत्र स्वचालित प्रणालीबाट करदाता स्वयंले लिन पाउने व्यवस्था कार्यान्वयनमा ल्याइएको।<br>• उपभोक्ताले वस्तु तथा सेवा खरिदको भुक्तानी विद्युतीय उपकरण मार्फत गर्दा प्रोत्साहन स्वरूप प्राप्त हुने रकममा अग्रिम कर कट्टी गर्नु नपर्ने |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | व्यवस्था आर्थिक ऐन, २०७७ मार्फत कार्यान्वयनमा आएको। |
| ३३४ | आयकर ऐन, २०५८, मूल्य अभिवृद्धि कर ऐन, २०५२ र अन्तःशुल्क ऐन, २०५८ बमोजिम २०७५ साल असार मसान्तभित्र भएको कर निर्धारण उपर चित्त नबुझाई आन्तरिक राजस्व विभाग र सो विभाग हुँदै राजस्व न्यायाधिकरण वा अदालतमा विचाराधीन रहेका मुद्दाहरू मध्ये झुट्टा तथा नक्कली बीजक बाहेकका मुद्दा सम्बन्धित करदाताले फिर्ता लिई त्यस्तो निर्धारित कर रकम र सोमा लागेको ब्याज २०७७ साल फागुन मसान्तभित्र बुझाएमा शुल्क, थप दस्तुर तथा जरिबाना मिनाहा दिइनेछ। | • उक्त स्कीम अन्तर्गत २०७७ फागुन मसान्तसम्ममा आन्तरिक राजस्व विभागमा विचाराधिन ५८ वटा प्रशासकीय पुनरावलोकनको निवेदन तथा राजस्व न्यायाधिकरणका विचाराधीन ९३ वटा मुद्दा गरी जम्मा १ सय ५१ वटा मुद्दा फिर्ता लिएको। यस व्यवस्थाबाट रू.२ अर्ब २६ करोड राजस्व असुली भई रू.५६ करोड छुट सहुलियत प्रदान गरिएको। |
| ३३५ | राजस्व प्रशासनसँग सम्बन्धित केन्द्रीय बीजक अनुगमन प्रणाली, आशिकुडा र भिसिटिएस लगायतका सबै किसिमका सूचना प्रविधि प्रणालीको क्षमता विकास र अन्तर-आबद्धता कायम गर्दै करदाता सूचना प्रणालीलाई एकीकृत गरिनेछ। कर परीक्षण, अनुसन्धान र भन्सार जाँचपास पछिको परीक्षण तथा बजार अनुगमनलाई थप प्रभावकारी बनाई राजस्व छली तथा चुहावटलाई नियन्त्रण गरिनेछ। | • केन्द्रीय बीजक अनुगमन प्रणाली (CBMS) को क्षमता अभिवृद्धि गर्न मौजुदा प्रणालीको प्राविधिक परीक्षण प्रतिवेदन प्राप्त भएको। यस प्रणालीमा ९५ थप करदातालाई आबद्ध गरिएको।<br>• जोखिममा आधारित भन्सार जाँचपास पछिको परीक्षणलाई जोड दिने नीतिअनुरूप १ सय ५२ कन्साइनमेन्टको भन्सार जाँचपास पछिको परीक्षण सम्पन्न गरिएको।<br>• आन्तरिक राजस्व विभागमार्फत १ हजार ६ सय १८ करदाताको कारोवारस्थलमा बजार अनुगमन गरिएको।<br>• २ सय २४ करदाताको विभिन्न कारोवार अवधिको विस्तृत अनुसन्धान सम्पन्न गरिएको। |
| ३३६ | गैर कर राजस्वको दायरा विस्तार गर्दै दरलाई पुनरावलोकन गरिनेछ। | • गैर कर संकलन गर्ने विभिन्न मन्त्रालय/निकायहरूसँग छलफल गरी सम्बन्धित निकायबाट दर पुनरावलोकनका लागि सहमति माग भएबमोजिम हालसम्म २ मन्त्रालयलाई सहमति दिइएको। |

## ७. चालु आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

<u>बजेट प्रणाली, खर्च व्यवस्थापन र लेखा प्रणालीः</u>

- आर्थिक वर्ष २०७७/०७८ को बजेट तथा कार्यक्रमको अर्धबार्षिक मूल्याङ्कन गरी खर्च व्यवस्थापन, राजस्व व्यवस्थापन, वैदेशिक सहायता परिचालनमा तत्कालीन र दीर्घकालीन रूपमा अपनाउनु पर्ने नीतिगत र कार्यक्रमगत सुधारका उपायहरू पहिचान गरी कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालय निकायमा पठाइएको।
- राजस्व संकलनमा आउने संकुचन र सार्वजनिक खर्चमा पर्ने थप चापलाई व्यवस्थापन गरी प्रशासनिक खर्चमा मितव्ययिता कायम गर्न सार्वजनिक संस्थान, विश्व विद्यालय, समिति, बोर्ड, प्रतिष्ठान, कोष लगायतका सार्वजनिक निकायमा समेत लागू हुने गरी सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७७।७।२४ को निर्णयानुसार स्वीकृत भई कार्यान्वयनमा आएको।
- प्रदेश र स्थानीय तहमा बजेटलाई लैङ्गिकमैत्री बनाउन लैङ्गिक उत्तरदायी बजेट निर्देशिका (नमुना), २०७७ तयार गरी कार्यान्वयनमा आएको।
- अन्तर सरकारी वित्त हस्तान्तरणलाई विकास नतिजासँग आबद्ध गरी परिणाममुखी बनाउन प्रदेश तथा स्थानीय तहको लागि आन्तरिक नियन्त्रणका लागि मार्गदर्शन जारी गरिएको। सःशर्त अनुदानका कार्यक्रममा मापदण्ड/निर्देशिका मार्फत कार्यान्वयन हुने गरेको। सःशर्त अनुदानको बजेट विनियोजन सम्बन्धमा प्रदेशसँग छलफल गरी विनियोजनमा कार्यकुशलता बढाउने उपाय पहिचान गरिएको।
- सार्वजनिक निकायको जिम्मेवार पदाधिकारीलाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी कानुनबमोजिम खर्चको नतिजा प्रति जिम्मेवार बनाउन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ कार्यान्वयनमा ल्याइएको। बजेट तथा कार्यक्रम महाशाखाको कार्यसञ्चालन निर्देशिका, २०७७ कार्यान्वयनमा आएको।
- नेपाल सरकार र प्रदेश तहमा कार्यान्वयनमा रहेका मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) र एकल खाता कोष प्रणाली (TSA) तथा प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) र प्रदेश एकल खाता कोष प्रणाली (PTSA) बीच एक आपसमा अन्तर आबद्धता (Integration) कायम गरी बजेट निकासा र भुक्तानी प्रणालीमा रहेका जोखिमलाई न्यूनीकरण गरिएको।
- पुँजीगत खर्चलाई गुणस्तरीय बनाउन सबै मन्त्रालय निकायका सचिवसँग छलफल/अन्तरक्रिया गरिएको। सार्वजनिक खर्चमा वृद्धि गर्ने प्रयोजनार्थ स्रोत व्यवस्थापनमा सहजता ल्याउन सबै निकायलाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनबमोजिम खर्च नहुने बजेट समर्पण गराइएको।
- आयोजनाको बहुवर्षीय ठेक्कासम्बन्धी मापदण्ड, २०७७ जारी गरिएको। विनियोजन ऐन, २०७७ बमोजिम आर्थिक वर्ष २०७७/७८ को बजेट कार्यान्वयन मार्गदर्शन जारी गरि बजेट कार्यान्वयनमा एकरूपता कायम गर्न र वित्तीय अनुशासन कायम गर्ने विषयगत मन्त्रालयहरूलाई निर्देशित गरिएको। सःशर्त अनुदानलाई गुणस्तरीय बनाउन विनियोजनका आधारहरू तोकिएको।
- आर्थिक वर्ष २०७६/७७ को बजेटको वार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गरिएको।
- जलवायु परिवर्तन बजेट सूचकांकलाई क्रियाकलापमा आधारित बनाई लागु गरिएको।

- आर्थिक वर्ष २०७६/७७ को तीनै तहको सरकारको सञ्चित कोषको एकीकृत वित्तीय प्रतिवेदन महालेखापरीक्षकको कार्यालयमा समयमै पेश गरिएको।
- आ.व. २०७६/७७ को आन्तरिक लेखापरीक्षणको एकीकृत वार्षिक प्रतिवेदन तयार गरी अर्थमन्त्रीज्यू समक्ष पेश गरिएको।
- सार्वजनिक सम्पत्तिको आ.व. २०७६/७७को प्रारम्भिक एकीकृत वार्षिक प्रतिवेदन महालेखापरीक्षकको कार्यालयमा पेश गरिएको।
- नेपाल सरकारको सञ्चित कोषबाट निवृत्तिभरण पाइरहेका निवृत्तभरकहरूलाई विद्युतीय प्रणालीबाट निवृत्तिभरण रकम सोझै बैंक खातामा पठाउने गरी प्रणाली विकास गरिएको।
- Computerized Government Accounting System (CGAS) र कर्मचारी सञ्चय कोषको प्रणाली बीच Integration गरी सञ्चयकोष कट्टी रकम Online Submission गर्ने कार्य शुरु भएको।
- ८० प्रतिशत सरकारी कारोबारहरू विद्युतीय भुक्तानी प्रणाली (EFT) मार्फत भुक्तानी भएको।
- क्रियाकलापमा आधारित खर्च लेखाङ्कन गरी सोझै बैंक खातामा रकम भुक्तानी गर्न सकिने गरी तयार गरिएको Computerized Government Accounting System-CGAS संघ र प्रदेश अन्तर्गतको सबै सरकारी कार्यालयहरूमा लागू गरिएको।

**राजस्व व्यवस्थापनः**

- चालु आ.व.को २०७७।७८ को फागुन मसान्तसम्म राजस्व र अन्य प्राप्ति समेत कुल रू.६ खर्ब ३ अर्ब ९३ करोड संकलन भएको। उक्त रकम गत वर्षको यही अवधिको तुलनामा ३.७३ प्रतिशत बढी रहेको।यस मध्ये कर तथा गैरकर राजस्व रू.५ खर्ब ७१ अर्ब २० करोड ३४ लाख र अन्य प्राप्ति रू.३२ अर्ब ७२ करोड ६२ लाख प्राप्त भएको छ। राजस्वको वृद्धिदर ४.४५ प्रतिशत रहेको छ।

**आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्मको राजस्व संकलनको विवरण (रू. लाखमा)**

| कर शीर्षक | आ.व.२०७७/७८ को लक्ष्य र संकलन | | फागुनसम्मको लक्ष्यको तुलनामा संकलन प्रतिशत | वार्षिक लक्ष्यको तुलनामा संकलन प्रतिशत | फागुनसम्मको वृद्धि दर प्रतिशत |
|---|---|---|---|---|---|
| | वार्षिक लक्ष्य | २०७७ फागुन महिनासम्मको संकलन | | | |
| **भन्सार महसुल** | **१,२७६,२२०** | **१,२६१,६०७** | **९८.८६** | **६५.१८** | **२४.४५** |
| पैठारी महसुल | १,१२४,८४७ | १,०४९,७४३ | ९३.३२ | ६१.५९ | १७.८५ |
| निकासी महसुल | २,०९९ | ३,४९६ | १६६.५८ | ११८.२७ | २३२.६८ |
| पूर्वाधार कर | ९५,२६० | १३४,०६५ | १४०.७४ | ८७.७८ | ६९.०६ |
| भन्सारको अन्य आय | ३,९५२ | ८,८९५ | २२५.०६ | ३.०० | ४५.२३ |
| कृषि सुधार शुल्क | ५०,०६२ | ६५,४०८ | १३०.६५ | ९३.९२ | ७९.१६ |
| **मूल्य अभिवृद्धि कर** | **१,९२०,५४७** | **१,७५०,४४४** | **९१.१४** | **५७.९३** | **५.१५** |
| उत्पादन, बिक्री, सेवा | ६६५,६७३ | ७४५,०६६ | १११.९३ | ६६.५० | ५.०७ |
| पैठारी | १,२५४,८७५ | १,००५,३७८ | ८०.१२ | ५२.८८ | ५.२२ |
| **अन्तःशुल्क** | **९७४,४६९** | **८४०,५९३** | **८६.२६** | **५४.०६** | **५.३६** |
| आन्तरिक उत्पादन | ६०१,०३३ | ५०३,६०२ | ८३.७९ | ५०.९१ | २.८६ |
| पैठारी | ३७३,४३६ | ३३६,९९१ | ९०.२४ | ५९.५६ | ९.३४ |
| **शिक्षा सेवा शुल्क** | **९,७१९** | **२,५२५** | **२५.९८** | **१८.७१** | **(४९.९६)** |
| **आयकर** | **१,२८१,८३५** | **१,२८८,२५८** | **१००.५०** | **५४.१२** | **(५.४१)** |
| आयकर | १,११६,४३४ | १,१२१,६१९ | १००.४६ | ५२.१६ | (६.६४) |
| ब्याज कर | १६५,४०१ | १६६,६३८ | १००.७५ | ७२.४३ | ३.८३ |

| कर शीर्षक | आ.व.२०७७/७८ को लक्ष्य र संकलन | | फागुनसम्मको लक्ष्यको तुलनामा संकलन प्रतिशत | वार्षिक लक्ष्यको तुलनामा संकलन प्रतिशत | फागुनसम्मको वृद्धि दर प्रतिशत |
|---|---|---|---|---|---|
| | वार्षिक लक्ष्य | २०७७ फागुन महिनासम्मको संकलन | | | |
| अन्य कर | १३०,२७६ | १३३,२६५ | १०२.२९ | ५९.६७ | ०.७५ |
| कर राजस्व जम्मा | ५,५९३,०६६ | ५,२७६,६९२ | ९४.३४ | ५७.८० | ६.०५ |
| गैरकर जम्मा | ५८२,२८४ | ४३५,३४२ | ७४.७६ | ४४.०६ | (११.६९) |
| कूल राजस्व | ६,१७५,३५० | ५,७१२,०३४ | ९२.५० | ५६.४६ | ४.४५ |
| अन्य प्राप्ति | - | ३२७,२६२ | - | - | - |
| जम्मा राजस्व/प्राप्ति | ६,१७५,३५० | ६,०३९,२९६ | ९७.८० | ५९.६९ | ३.७३ |

- अन्तःशुल्क ऐन, २०५८ बमोजिम अन्तःशुल्क इजाजत नवीकरण गर्ने म्याद प्रत्येक वर्ष श्रावणसम्म रहेकोमा सो म्याद २०७७ साल असोज मसान्तसम्म थप गरिएको।
- आयात निर्यात संकेत (Exim Code) नवीकरण गर्ने म्याद २०७७ श्रावण मसान्तसम्म रहेकोमा सो म्याद २०७७ असोज मसान्तसम्म थप गरिएको।
- आयकर निर्देशिका, २०६६ (तेस्रो संशोधन, २०७७) तथा स्थायी संस्थापन (PEs) सम्बन्धी निर्देशिका स्वीकृत गरी जारी गरिएको।
- लगातार चार महिनासम्म मिलान गर्दा मिलान हुन नसकी बढी दाखिला भएको ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति भएको वस्तु वा सेवा बापतको भुक्तानीमा कट्टा गरिएको मूल्य अभिवृद्धि कर फिर्ताको कार्यविधि तर्जुमा गरी कर फिर्ता गर्ने व्यवस्था मिलाइएको।
- करदाता दर्ता प्रणालीलाई व्यवस्थित र भरपर्दो बनाउन बायोमेट्रिक दर्ता प्रणाली अवलम्बन गरिएको। २०७७ फागुन मसान्तसम्ममा १ लाख १० हजार ३ सय ५ करदातालाई यस प्रणालीमा आबद्ध गरिएको छ।
- आन्तरिक राजस्वतर्फ साबिकको SITC Code लाई परिमार्जन गरी सबै किसिमका व्यवसायलाई समेट्न परिमार्जित व्यावसायिक संकेत (Nepal Standard Industrial Classification-NSIC) तयार गरी कार्यान्वयनमा ल्याइएको।
- करदाता दर्ता प्रणालीमा One Time Password (OTP) प्रणाली तथा SMS एवं Email बाट PAN दर्ताको जानकारी दिने प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याइएको। PAN अनलाइन प्रणालीबाट प्राप्त गर्न मिल्ने गरी प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याइएको। आन्तरिक राजस्व विभागको ITS को PAN Information लाई महालेखा नियन्त्रक कार्यालयले कार्यान्वयनमा ल्याएको CGAS+ प्रणालीसँग अन्तरआबद्धता कायम गरिएको।
- विद्युतीय माध्यमबाट पेश हुने अग्रिम करकट्टीको विवरण (e-TDS) करकट्टीकर्ता स्वयंले Verify गर्न सक्ने गरी एकीकृत कर प्रणालीमा सुधार गरिएको। करदाता स्वयंले नै आयकर ऐन, २०५८ को व्यवस्थाबमोजिम आय विवरण पेश गर्ने म्याद थप गर्न सक्ने गरी प्रणालीमा सुधार गरी कार्यान्वयनमा ल्याइएको।
- आन्तरिक राजस्व विभाग र मातहत कार्यालयका सबै बेरूजूको अभिलेख कम्प्युटर प्रणालीमा प्रविष्ट गरी ITS प्रणालीमा अद्यावधिक गरिएको।

- चालु आर्थिक वर्षको फागुन मसान्तसम्म थप ५ लाख ७३ हजार ३ सय ५८ व्यक्ति/फर्म करको दायरामा आएका। २०७७ फागुन मसान्तसम्म स्थायी लेखा नम्बर लिने करदाता र करको दायरा विस्तारको विवरण देहायबमोजिम रहेको:-

| दर्ताको प्रकार | २०७७ असारसम्म | २०७७ श्रावणदेखि फागुनमसान्तसम्म थप | २०७७ फागुनसम्म जम्मा | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर (B-PAN) | १३५८९३४ | १९१९१२ | १५५०८४६ | १४.१२ |
| व्यक्तिगत स्थायी लेखा नम्बर (P-PAN) | १९७३४५२ | ३७८३५२ | २३५१८०४ | १९.१७ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर (WPAN) | ५१०६ | ३०९४ | ८२०० | ६०.५९ |
| **जम्मा स्थायी लेखा नम्बर** | **३,३३७,४९२** | **५७३३५८** | **३९१०८५०** | **१७.१८** |
| मूल्य अभिवृद्धि कर (VAT) | २५५९६३ | २९६६४ | २८५६२७ | ११.५९ |
| अन्तःशुल्क (Excise) | ९४२९२ | १२५५६ | १०६८४८ | १३.३२ |

- विभिन्न आन्तरिक राजस्व कार्यालयमार्फत ३ सय ६७ करदाता शिक्षा तथा करसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन भई १० हजार भन्दा बढी करदातालाई करसम्बन्धी प्रशिक्षण प्रदान गरिएको।
- निकासी पैठारी संकेत नम्बर (Exim Code) दर्ता वा नवीकरणका लागि सेवाग्राहीले विद्युतीय प्रणालीमार्फत निवेदन दिन, नवीकरण गर्दा लाग्ने दस्तुर e-Payment मार्फत भुक्तानी गर्न र प्रणालीबाटै Exim Code को प्रमाणपत्र समेत प्राप्त गर्न सक्ने व्यवस्था गरिएको।
- नेपाल राष्ट्रिय एकद्वार प्रणाली (Nepal National Single Window-NNSW) कार्यान्वयन गर्ने सम्बन्धमा पहिलो चरण अन्तर्गत खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, पशु सेवा विभाग र प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रसँग समझदारी पत्रमा हस्ताक्षर भई कार्यान्वयनमा ल्याइएको।
- निष्क्रिय प्रज्ञापनपत्र (Pending SAD) फरफारक गर्ने कार्यलाई प्रभावकारी बनाउन निष्क्रिय प्रज्ञापनपत्र फरफारक गर्ने सम्बन्धी निर्देशिका, २०७७ जारी गरी कार्यान्वयनमा ल्याइएको।
- भन्सार एजेन्टको सङ्ख्या थप गर्ने सम्बन्धमा ६ सय ६० भन्सार एजेण्ट छनौटको लागि विज्ञापन प्रकाशन गरिएको।
- भन्सार विभागमा डिजिटल डकुमेन्टेसन केन्द्र स्थापना गरी भन्सारसँग सम्बन्धित अभिलेख डिजिटाइज गरिएको।
- २०७७ फागुन महिनासम्ममा कुल वस्तु निकासी अघिल्लो वर्षको सोही अवधिको रू.७४ अर्ब ९१ करोडको तुलनामा ७.८४ प्रतिशतले वृद्धि भई रू.८० अर्ब ७८ करोड पुगेको। मुख्य दश वस्तुको निकासी मूल्यलाई आधार लिई विश्लेषण गर्दा चालु आ.व.को फागुनसम्ममा भटमासको प्रशोधित तेल, अलैंची, चिया, जुटका बुनिएका कपडा, जमोठ कपडा, लगायतका वस्तुको निकासी वृद्धि भएको।

**२०७७ फागुन मसान्तसम्ममा निकासी भएका प्रमुख १० वस्तुहरूको विवरण (रू.अर्बमा)**

| वस्तुको नाम | २०७६ फागुनसम्म | २०७७ फागुनसम्म | वृद्धि प्रतिशत |
|---|---|---|---|
| भटमासको प्रशोधित तेल | ७.५२ | २३.१३ | २०७.५८ |
| सेन्थेटिक यार्न | ५.९२ | ५.०१ | -१५.३७ |
| अलैंची | ३.२२ | ४.९५ | ५३.७३ |
| उनी गलैंचा कार्पेट | ४.९० | ४.७५ | -३.०६ |

| वस्तुको नाम | २०७६ फागुनसम्म | २०७७ फागुनसम्म | वृद्धि प्रतिशत |
|---|---|---|---|
| तयारी कपडा | ३.७९ | ३.६२ | -४.४९ |
| चिया | १.८५ | ३.०० | ६२.१६ |
| जुटका बुनिएका कपडा | २.२४ | २.९१ | २९.९१ |
| जमोठ कपडा | १.७० | २.७५ | ६१.७६ |
| फलफुलको जुस | २.५२ | २.३८ | -५.५६ |
| अन्य कपडा (उनी, सुती, टेरिकटन बाहेकका) | २.१९ | २.२७ | ३.६५ |
| **जम्मा** | **३५.८५** | **५४.७७** | **५२.७७** |

- २०७७ फागुन महिनासम्ममा कुल वस्तु पैठारी गत आर्थिक वर्षको सोही अवधिको रू.९ खर्ब २४ अर्ब २४ करोडको तुलनामा २.१४ प्रतिशतले वृद्धि भई रू.९ खर्ब ४३ अर्ब ९९ करोड रहेको। मुख्य दश वस्तुको पैठारी मूल्यलाई आधार लिई विश्लेषण गर्दा चालु आर्थिक वर्षको पहिलो ८ महिनामा एम.एस. विलेट, मोबाइल फोन, भटमासको कच्चा तेल, चामल, कोइला लगायतका वस्तुको पैठारी बढेको छ भने डिजेल, तयारी कपडा, एल.पी.ग्याँस, पेट्रोल, एच.आर.सिट लगायतका वस्तुको पैठारी घटेको।

**२०७७ फागुन मसान्तसम्ममा पैठारी भएका प्रमुख १० वस्तुहरूको विवरण (रू. अर्बमा)**

| वस्तुको नाम | २०७६ फागुनसम्म | २०७७ फागुनसम्म | वृद्धि प्रतिशत |
|---|---|---|---|
| डिजेल | ६७.०३ | ४७.४० | -२९.२९ |
| एम.एस.विलेट | ३२.२५ | ४४.४६ | ३७.८६ |
| मोबाइल फोन | १४.३७ | २६.३१ | ८३.०९ |
| भटमासको तेल कच्चा | ११.३६ | २५.०२ | १२०.२५ |
| एल पि ग्याँस | २१.६४ | २१.०५ | -२.७३ |
| तयारी कपडा | २१.१४ | २०.०९ | -४.९७ |
| पेट्रोल | २३.९८ | १९.२७ | -१९.६४ |
| चामल | १४.३२ | १९.१८ | ३३.९४ |
| एच.आर.सिट | १८.४९ | १८.०४ | -२.४३ |
| अन्य कोइला | १३.५५ | १७.८१ | ३१.४४ |
| **जम्मा** | **२३८.१३** | **२५८.६३** | **८.६१** |

**आर्थिक नीति विश्लेषण:**

- नेपाल सरकार, अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंकबीच राष्ट्र ऋण एवं अधिविकर्ष व्यवस्थापनसम्बन्धी सम्झौता भएको।
- ब्रेटन उड्स सम्झौता ऐन (संशोधनसहित) २०१८ को दफा ६ अन्तर्गत नेपाल राष्ट्र बैंकको नाममा Valuation Adjustment वापत नेपाल सरकारको तर्फबाट ऋणपत्र जारी गरिएको।

- सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजनाको यस मन्त्रालय र अन्तर्गतका नियमनकारी र अनुसन्धान गर्ने निकायबाट २०७६/७७ मा हाँसिल भएको प्रगति र २०७७/७८ को वार्षिक कार्ययोजना तयार गरी पठाइएको।
- आर्थिक वर्ष २०७६/७७ को वार्षिक अर्थ वुलेटिन प्रकाशन गरिएको। साथै आर्थिक वर्ष २०७७/७८ मा नियमित रूपमा मासिक तथा अर्ध वार्षिक वुलेटिन प्रकाशन गरिएको।
- आर्थिक वर्ष २०७७/७८ को आन्तरिक ऋण निष्कासन र बोलकबोल तालिका स्वीकृत गरी नेपाल राष्ट्र बैंक पठाइएको।हालसम्म चालु आर्थिक वर्षको लागि रू.१ सय १३ अर्ब आन्तरिक ऋण परिचालनको लागि स्वीकृत गरिएको।
- विद्युत प्रसारण वितरण प्रणाली स्तरोन्नति तथा बिस्तार आयोजना कार्यान्वयन गर्न सहायक ऋण लगानी सम्झौता स्वीकृत गरी कार्यान्वयन गर्न सार्वजनिक ऋण व्यवस्थापन कार्यालयमा पठाइएको।
- नेपाल विद्युत प्राधिकरणलाई रू.११ करोड १ लाख ऋण लगानी गर्ने निर्णय गरिएको। सामाजिक सुरक्षा कोषमा नेपाल सरकारबाट रू.१० करोड ऋण लगानी गर्ने निर्णय गरिएको।
- सार्वजनिक ऋण व्यवस्थापन कार्यको प्रभावकारिता र एकरूपताका लागि ऋण सञ्चालन तथा व्यवस्थापन प्रणाली (DOMS) सञ्चालन गर्ने सम्बन्धमा अर्थमन्त्रीस्तरबाट भएका निर्णयहरू कार्यान्वयनको लागि सम्बन्धित निकायमा पठाइएको।
- साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. लाई रू.७० करोड ऋण लगानी गर्ने ऋण लगानीका शर्तहरू स्वीकृत गरी सार्वजनिक ऋण व्यवस्थापन कार्यालयलाई तमसुक पठाइएको। काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डलाई रू.२ अर्ब ८ करोड १३ लाख ऋण लगानी गर्न ऋण लगानीका शर्तहरू स्वीकृत गरी सार्वजनिक ऋण व्यवस्थापन कार्यालयमा तमसुक पठाइएको।
- दक्षिण एशियाली उप-क्षेत्रीय आर्थिक सहयोग विद्युत प्रसारण तथा वितरण प्रणाली सुदृढीकरण आयोजना कार्यान्वयनको लागि एशियाली विकास बैंकबाट २० करोड अमेरिकी डलर ऋण सहायता र ३ करोड ५० लाख अमेरिकी डलर अनुदान सहायता लगानी गर्नको लागि सहायताका शर्तहरू स्वीकृत गरी सार्वजनिक ऋण व्यवस्थापन कार्यालयलाई तमसुक पठाइएको। नेपाल विद्युत प्राधिकरण अन्तर्गत विभिन्न आयोजना कार्यान्वयन गर्न नेपाल सरकारको श्रोत तर्फ रू.२४ करोड ३४ लाख ऋण लगानी गर्ने निर्णय भई ऋण तमसुक गरिएको।
- नेपालमा औद्योगिक लगानी तथा विदेशी लगानी आप्रवाहसम्बन्धी विषयमा छलफल गरी तयार पारिएको अवधारणापत्रमा परिमार्जन एवं परिस्कृत गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाइएको।
- सङ्घीय शासन प्रणाली, अन्तरतह समन्वय र वित्तीय सङ्घीयताका सिकाइ र अनुभव सम्बन्धमा सम्वन्धित क्षेत्रका विज्ञसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको।
- कर्जा सूचनासम्बन्धी कानुनको मस्यौदा तथा सुरक्षित कारोबार ऐन, २०६३ लाई समयानुकूल संशोधनको लागि सरोकारवाला निकायहरू बीच छलफल गरिएको।
- गैर आवासीय नेपालीहरूको लागानी आकर्षित गर्न उत्प्रेरित गर्ने उद्देश्यले गैर आवासीय नेपाली संघको पहलमा N.R.N. Development Fund Limited स्थापनाका लागि नेपाल सरकारको रू.५० करोडसम्मको शेयर लगानीको प्रतिबद्धता जनाइएको।

**<u>वित्तीय क्षेत्र व्यवस्थापन तथा सार्वजनिक संस्थान:</u>**

- संस्थानको सञ्चालक समिति र प्रमुख कार्यकारी/प्रशासकीय अधिकृतलाई कार्यसम्पादन नतिजाप्रति जिम्मेवार र जवाफदेही बनाउने विषय उल्लेख गरी कार्य सम्पादन सम्झौता गर्ने व्यवस्थाको लागि सम्बन्धित निकायमा पत्राचार गरिएको।
- नेपाल रेल्वे कम्पनीमा चाहिने दक्ष विदेशी २६ जना जनशक्तिको पारिश्रमिक र रिक्त २ सय २६ पदमा करारमा कर्मचारी लिन तयार पारिएको प्रस्तावित कार्यविधि, २०७७ मा संशोधन सहित सहमति प्रदान गरिएको।
- बीरगञ्ज चिनी कारखानाका कर्मचारीको अवकाश दायित्व फरफारक गर्ने विषयमा सम्मानित सर्वोच्च अदालतको मिति २०६४/०१/१२ को फैसलाबमोजिम प्रक्रिया टुङ्ग्याउन उक्त कारखानाको हिसाब/सम्पत्ति फछ्र्यौटको जिम्मेवारी सम्बन्धमा श्री कोष तथा लेखा नियन्त्रक कार्यालय बीरगञ्जलाई पत्राचार गरिएको।
- सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत अवकाश कोष सञ्चालन गर्ने उद्देश्यले स्थापित कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषको स्रोत व्यवस्थापन, लगानी क्षेत्र पहिचान तथा यी निकायका कार्यलाई परिपूरकको रूपमा विकास गर्नको लागि अन्तर्राष्ट्रिय अभ्यासको समेत अध्ययन गरी प्रतिवेदन पेश गर्न सचिव (राजस्व) को अध्यक्षतामा समिति गठन भई सोको प्रारम्भिक प्रतिवेदन तयार भएको।
- अर्थ मन्त्रालय र नागरिक लगानी कोष, कर्मचारी सञ्चय कोष, राष्ट्रिय बीमा संस्थान, नेपाल स्टक एक्स्चेन्ज तथा निक्षेप तथा कर्जा सुरक्षण कोषकका प्रमुख कार्यकारी अधिकृतबीच भएको कार्य सम्पादन सम्झौताबमोजिम ती निकायका पदाधिकारीहरूद्वारा आ.व. २०७६/७७ मा सम्पादित कार्यहरूको मूल्याङ्कन गरी सोको प्रतिवेदन सम्बन्धित निकायहरूलाई जानकारी गराइएको।
- नेपाल सरकार र एशियाली विकास विकास बैंकबीच भएको सम्झौताबमोजिम साना किसान विकास लघुवित्त वित्तीय संस्था मार्फत् सञ्चालित "ग्रामीण उद्यम लगानी परियोजना कार्यक्रमको Project Administration Manual मा भएको व्यवस्थाबमोजिम Project Steering Committee गठन गरिएको।
- ग्रामीण स्वालम्बन कर्जा (पहिलो संशोधन) कार्यविधि, २०७७ मा स्वीकृति प्रदान गरिएको।
- बीमा समितिबाट प्राप्त कोरोना बीमा मापदण्ड, २०७७ मा सहमति प्रदान गरिएको।
- पुनर्बीमा नीति स्वीकृतिका लागि मन्त्रिपरिषदमा पठाइएको।
- राष्ट्रिय बीमा संस्थानबाट प्राप्त बीमा अभिकर्ता तालिम कार्यविधि, २०७७ मा सहमति प्रदान गरिएको.
- कर्मचारी सञ्चय कोष (आर्थिक प्रशासन) नियमावली-२०६८ मा संशोधन स्वीकृति प्रदान गरिएको,
- निक्षेप तथा कर्जा सुरक्षण कोष कर्मचारी सेवा शर्तसम्बन्धी (पहिलो संशोधन) विनियमावली, २०७७ मा स्वीकृति प्रदान गरिएको।
- नेपाल सरकार (मन्त्रिपरिषद्)को मिति २०७७/०६/०८ को निर्णयानुसार स्वीकृत भएको सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि (तेस्रो संशोधन), २०७७ कार्यान्वयनका लागि नेपाल राष्ट्र बैंकमा पठाइएको।

- नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७/०५/२९ निर्णयानुसार नेपाल राष्ट्र बैंकलाई रू.१ र रू.२ दरका सिक्का टकमरी गरी चलनचल्तीमा ल्याउन स्वीकृति प्राप्त भएको।
- नागरिक लगानी कोष ऐन, २०४७ (दोस्रो संशोधन) मा भएको व्यवस्थाअनुसार नागरिक लगानी कोषमा नेपाल सरकारको शेयर स्वामित्व २३.३४ प्रतिशत कायम हुने सम्बन्धमा शेयरको मूल्य र हस्तान्तरणको प्रक्रिया यकीन गर्न समिति गठन गरिएको।
- नेपाल विद्युत्त प्राधिकरण मार्फत सञ्चालन हुदै आएको आवर्ती कोष सामुदायिक विद्युत उपभोक्ता राष्ट्रिय महासंघ नेपाललाई हस्तान्तरण गर्ने सम्बन्धमा नेपाल विद्युत प्राधिकरण ऐन,२०४१ अनुसार हस्तान्तरण गर्न सहमति प्रदान भएको।
- धितोपत्र दर्ता तथा निष्काशन (चौथो संशोधन) नियमावली,२०७७ मा स्वीकृति प्रदान गरिएको।
- कपडा उद्योगहरूले उद्योग सञ्चालनार्थ खपत हुने विद्युत्त महसुलमा ५० प्रतिशत अनुदान दिने सम्बन्धी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५/०८/२४ को निर्णय कार्यान्वयनका लागि ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालयमा लेखी पठाइएको।
- नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०७७/०९/०२ को निर्णयानुसार, Rural Poor Stimulus Fund for Nepal; Supporting COVID-19 Recovery Through Accelerated Private Investment in Agriculture कार्यक्रम अनुसार आयोजना सञ्चालनका लागि कार्यक्रम सञ्चालन समिति (Project Steering Committee) गठन गरिएको।
- नेपाल सरकारको घोषित नीतिअनुरूप राष्ट्रसेवक कर्मचारीहरूको कोरोना बीमा वापतको प्रिमियम रकमको १०० प्रतिशत र सर्वसाधारण नागरिकको कोरोना बीमाको प्रिमियम वापतको ५० प्रतिशत हुन आउने रकम नेपाल सरकारले व्यहोरे वापतको पहिलो चरणमा उपलब्ध गराउनु पर्ने रकम रू.४१ करोड ९५ लाख १४ हजार ७ सय बीमा समितिलाई उपलब्ध गराउने निर्णय भएको।
- माननीय अर्थमन्त्रीको अध्यक्षतामा उच्चस्तरी वित्तीय क्षेत्र समन्वय समितिको बैठक मिति २०७७/०४/२२ र २०७७/०९/१७ मा सम्पन्न भएको।
- वित्तीय स्थायित्व समितिको बैठक मिति २०७७/०९/२१ मा सम्पन्न भएको।
- नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्था कर्मचारी सेवा शर्त विनियमावली, (दोस्रो संशोधन),२०७७ मा स्वीकृति प्रदान गरिएको।
- नेपाल चार्टर्ड एकाउन्टेन्टस् नियमावली,२०६१ को प्रस्तावित दशौं संशोधनमा विभिन्न संशोधनसहित स्वीकृति प्रदान गरिएको।
- नेपाल धितोपत्र बोर्डको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनअनुसारको नयाँ संगठन संरचना तथा दरबन्दी सिर्जना गर्न स्वीकृति प्रदान गरिएको।
- नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७/१०/१९ को निर्णयानुसार बीमा समितिको अध्यक्ष नियुक्त गरिएको।
- अर्थ मन्त्रालयको स्वामित्वमा रहेको नेपाल पूनर्बीमा कम्पनी लिमिटेडको ४ करोड ४० लाख ३९ हजार ५१ कित्ता शेयर अभौतिकरणको लागि सार्वजनिक ऋण ब्यवस्थापन कार्यालयलाई पठाइएको।
- अर्थ मन्त्रालयको स्वामित्वमा रहेको खाद्य व्यवस्था तथा व्यपार कम्पनी लि.को शेयर अभिलेखको लागि श्री सार्वजनिक ऋण व्यस्थापन कार्यालयलाई पठाइएको।

- मित्रराष्ट्र भारतबाट कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका लागि खरिद गरिने २० लाख मात्रा खोप खरिद भूक्तानीका लागि मुद्रा सटही सुविधा उपलब्ध गराउन नेपाल राष्ट्र बैंकलाई अनुरोध गरिएको।

<u>अन्तर्राष्ट्रिय आर्थिक सहायताः</u>

- आ.व ०७७।७८ को फागुन महिना सम्ममा अनुदान सहायता रू.१८ अर्ब १२ करोड ५२ लाख ५० हजार र ऋण सहायता रू.१ खर्ब ६९ अर्ब ३१ करोड १० लाख २० हजार गरी जम्मा रू.१ खर्ब ८७ अर्ब ४३ करोड ६२ लाख ७० हजारको प्रतिबद्धता प्राप्त भएको।
- नेपाल सरकार र विश्व बैंकबीच Strategic Road Connectivity and Trade Improvement Project का लागि USD 450 million (करिब रू.५४ अर्ब) को ऋण सहायता र Earthquake Housing Reconstruction Project (MDTF) का लागि USD 5 million (करिब रू.६० करोड) को अनुदान सहायता प्राप्त गर्ने सम्झौता भएको।
- School Sector Development Program (SSDP) का लागि नेपाल सरकार र जापान सरकारबीच JPY 300 million (करिब रू.३३ करोड) र नेपाल सरकार र विश्व बैंकबीच USD 10.85 million (करिब रू.१ अर्ब २७ करोड) को अनुदान सहायता प्राप्त गर्ने सम्झौता भएको।
- नेपाल सरकार र IFAD बीच Supporting COVID-19 Recovery Through Accelerated Private Investment in Agriculture का लागि USD 0.5453 million (करिब रू.६ करोड ३६ लाख) को अनुदान सहायता प्राप्त गर्ने सम्झौता भएको।
- नेपाल सरकार र जर्मन सरकारबीच Support for the National Health Sector Program मा EURO 10 million (करिब रू.१ अर्ब २६ करोड) को अनुदान सहायता प्राप्त गर्ने सम्झौता भएको।
- नेपाल सरकार र ADB बीच SASEC Power Transmission and Distribution System Strengthening Project मा USD 200 million (करिब रू.२३ अर्ब ७१ करोड) ऋण सहायता, SASEC Airport Capacity Enhancement Project मा USD 150 million (करिब रू.१७ अर्ब ७६ करोड) ऋण सहायता र Electricity Grid Modernization Project मा USD 156 million (करिब रू.१८ अर्ब २७ करोड) ऋण सहायता प्राप्त गर्ने सम्झौता भएको।
- नेपाल सरकार र DFID बीच Nepal Health Sector Program III मा 22.5 Pound (करिब रू.३ अर्ब ४० करोड) को अनुदान सहायता प्राप्त गर्ने सम्झौता भएको।
- नेपाल सरकार र स्वीस सरकारबीच Nepal Agricultural Market Development Program- Phase II कार्यक्रमको कार्यान्वयनका लागि CHF 9.54 million (करिब रू.१ अर्ब २५ करोड) को अनुदान सहायता प्राप्त गर्ने द्विपक्षीय सम्झौता भएको।
- नेपाल सरकार र GEF बीच Developing Climate Resilient Livelihood in Vulnerable Watershed in Nepal मा USD 7.9 million र Integrated Landscape Management to Secure Nepal's Protected Areas and Critical Corridors मा USD 6.69 million (कुल करिब रू. १अर्ब ७५ करोड) अनुदान सहायता प्राप्त गर्ने सम्झौता भएको।

- नेपाल सरकार र विश्व बैंकबीच Nepal Urban Governance and Infrastructure Project मा USD 150 million (करिब रू.१७ खर्ब ७६ अर्ब ३० करोड) र Finance for Growth Development Policy Credit मा USD 200 million (करिब रू.२३ अर्ब ६८ करोड) ऋण सहायता प्राप्त गर्ने सम्झौता भएको।
- नेपाल सरकार र यूरोपियन यूनियनबीच Supporting Nepal's School Sector (SUNSS) कार्यक्रमको लागि COVID Response Additional Grant अन्तर्गत EURO 20 million (करिब रू.२ अर्ब ८५ करोड ७२ लाख) को अनुदान सहायता प्राप्त गर्ने सम्झौता भएको।
- नेपाल सरकार र विश्व बैंकबीच Rural Enterprise and Economic Development Project (REED) कार्यान्वयनका लागि USD 80 million (करिब रू.९ अर्ब ३९ करोड) ऋण सहायता प्राप्त गर्ने समझौता भएको।
- नेपाल सरकार र एसियाली विकास बैंकबीच Priority River Basin Flood Risk Management Project कार्यान्वयनका लागि USD 40 million (करिब रू.४ अर्ब ७१ करोड) ऋण सहायता र USD 10 million (करिब रू.१ अर्ब १७ करोड) अनुदान सहायता प्राप्त गर्ने सम्झौता भएको।
- माननीय अर्थमन्त्रीको नेतृत्वमा एशियाली पूर्वाधार लगानी बैंक (AIIB) को पाँचौं वार्षिक बैठक मिति २०७७/०४/१३ मा सम्पन्न भएको।
- माननीय अर्थमन्त्रीको उपस्थितिमा विश्व बैंकको दक्षिण एशिया हेर्ने Vice President सँग मिति २०७७/०५/०४ मा छलफल सम्पन्न भएको।
- स्थानीय विकास साझेदारहरूका प्रतिनिधिहरूसँग COVID-19 Financing Gaps लगायत समसामयिक विषयमा परामर्श बैंठक मिति २०७७/०५/१८ मा सम्पन्न भएको।
- एशियाली विकास बैंकको वार्षिक बैंठकको अवसरमा सार्क राष्ट्का अर्थमन्त्रीहरूको १५औं अनौपचारिक बैंठक माननीय परराष्ट्रमन्त्रीको अध्यक्षतामा मिति २०७७/०५/३१ मा सम्पन्न भएको।
- जापानको सहयोगमा सञ्चालित आयोजनाहरूको कार्यसम्पादन समीक्षा बैठक (Portfolio Performance Review Meeting) र नीति सम्वाद (Policy Dialogue) सम्पन्न भएको।
- एशियाली विकास बैंकको (ADB) Tripartite Portfolio Review Meeting (TPRM) मिति २०७७/०६/१९ देखि २०७७/०६/२७ सम्ममा सम्पन्न भएको।
- अर्थसचिवज्यूको अध्यक्षतामा कोभिड-१९ को प्रभाव सम्बोधन, सहुलियत र आर्थिक पुनरूत्थानसँग सम्बन्धित सल्लाहकार समितिको तेस्रो बैठक मिति २०७७/०६/२२ मा सम्पन्न भएको।
- विश्व बैंक तथा अन्तर्राष्ट्रिय मुद्रा कोषको संयुक्त वार्षिक सम्मेलनका क्रममा Developing Financing तथा IDA Borrowers Meeting मा सहभागिता जनाउँदै नेपाल जस्तो अल्पविकसित मुलुकहरूको लागि थप स्रोत परिचालन गर्न पैरबी र अनुरोध गरिएको।
- International Aid Transparency Initiative Governing Board मा नेपालको तर्फवाट सहभागिता जनाइएको।

**<u>वित्तीय सङ्घीयता</u>**

- सहलगानीसम्बन्धी कार्यविधि, २०७७ नेपाल राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आएको।

- समपूरक अनुदानसम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ र विशेष अनुदानसम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ मन्त्रिपरिषद्बाट निर्णय भई कार्यान्वयनमा आएको।
- नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच आ.व. २०७६/७७ को प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँटको आधार, विधि र हिस्सा मन्त्रिपरिषद्वाट निर्णय भई कार्यान्वयनमा आएको।
- मन्त्रिपरिषद्को निर्णयानुसार राजस्व बाँडफाँट र समानीकरण अनुदानको अनुमानित विवरण प्रदेश र स्थानीय तहमा पठाइएको।
- सह-लगानी सम्बन्धी निर्देशक समितिको दुईवटा बैठक बसेको।

<u>सङ्गठन विकास</u>

- नेपाल सरकारलाई राजस्व नीति, कानुन, प्रणाली तथा प्रशासनमा गर्नुपर्ने सुधारका लागि सुझाव दिन स्थायी संयन्त्रको रूपमा नेपाल राजस्व परामर्श समिति गठन भई कार्य प्रारम्भ गरेको।
- राजस्व परामर्श समितिको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न भई कार्यालय सञ्चालन भएको।
- चार आन्तरिक राजस्व कार्यालय स्तरोन्नति र २६ करदाता सेवा कार्यालय सञ्चालनमा आएको।
- सार्वजनिक वित्त व्यवस्थापनसम्बन्धी उपसचिव स्तरीय १, राजस्व प्रशासनसम्बन्धी अधिकृत स्तरीय १ र सहायक स्तरीय १ तालिम कार्यक्रम सञ्चालन गरिएको। आर्थिक प्रशासनसम्बन्धी अधिकृत स्तरीय २ र सहायक स्तरीय ५ सेवाकालीन तालिम कार्यक्रम सञ्चालन गरिएको। राजस्व प्रशासनसम्बन्धी २ अल्पकालीन तालिम सञ्चालन गरिएको। प्रशिक्षक प्रशिक्षण (TOT) सम्बन्धी १ तालिम सञ्चालन गरिएको।
- सरकारी सम्पत्तिको एकीकृत प्रतिवेदन तयार गर्ने गरी विकास गरिएको Public Asset Management System-PAMS संघ, प्रदेश र स्थानीय तहका कार्यालयहरूमा प्रयोगमा ल्याइएको। यस मन्त्रालय र मातहतका विभागहरूमा रहेको सवारी साधन लगायतको सम्पूर्ण जिन्सी विवरण Public Assets Management System (PAMS) मा प्रविष्टी सम्पन्न गरिएको। आन्तरिक राजस्व विभाग अन्तर्गतका ५३ तथा भन्सार विभाग अन्तर्गत २८ कार्यालयका विवरणहरू प्रविष्टी सम्पन्न भएको।
- भन्सार ऐनबमोजिम जफत गरिएका ३५ चार पाङ्ग्रे र १ सय ७९ दुई पाङ्ग्रे सवारी साधन विभिन्न सरकारी निकायलाई हस्तान्तरण गरिएको।
- नेपाल सरकारले आर्जन गर्ने सबै प्रकारका राजस्व राजस्वव्यवस्थापन सूचना प्रणाली (Revenue Management Information System-RMIS) बाट सोझै बैंकमा दाखिला गर्ने सम्बन्धमा NCHL को Connect IPS बाट मात्र Electronic Bill Payment (EBP) भइरहेकोमा Digital Wallet, Mobile Banking, Internet Banking र Card समेतबाट भुक्तानी हुने व्यवस्था गरिएको।
- कम्प्युटर प्रणालीमा आधारित शोधभर्ना व्यवस्थापन तथा सूचना प्रणाली (Reimbursement Management Information System-ReMIS) विकास भई परीक्षणको क्रममा उपलब्ध तथ्याङ्क प्रविष्टि गर्ने कार्य ।
- Electronic Fund Transfer System मा National Payment Gateway (NPG) र Real Time Gross Settlement (RTGS) को आवद्धताको कार्य भइरहेको।
- मन्त्रालयमा रहेको महत्त्वपूर्ण कागजातहरूको महाशाखागतरूपमा Digitization गर्न एकीकृत Document Management System (DMS) विकास भई चालु आ.व.को फागुन मसान्तसम्म ४६ हजार पाना

डिजिटाइजेशन गरी असार मसान्तसम्ममा थप ५० हजार पाना डिजिटाइजेशन सम्पन्न हुने गरी काम भइरहेको।

<u>अनुगमन तथा मूल्याङ्कनः</u>

- आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन कार्ययोजनाअनुसारको मासिक प्रगति विवरण केन्द्रीय अनुगमन प्रणालीमा नियमित रूपमा प्रविष्ट गरिएको।
- अर्थ मन्त्रालय र अन्तर्गतका विभाग / कार्यालयबाट सम्पादन हुने काम कारबाहीलाई नतिजामुखी बनाउन निजामती सेवा ऐनको दफा १५को उपदफा (२) बमोजिम महाशाखा प्रमुख, विभागीय प्रमुख र कार्यालय प्रमुखहरूसँग कार्यसम्पादन सम्झौता गरिएको।
- सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावलीको नियम ३ को प्रयोजनका लागि सूचना सूचीकृत गरी प्रकाशन / सार्वजनिक गरिएको।
- आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन कार्ययोजनाबमोजिमको प्रगति प्रत्येक महिना प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा प्रतिवेदन गर्ने गरिएको।
- मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) को नियमित बैठक सम्पन्न गरिएको।
- काठमाडौं-तराई द्रुतमार्ग, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, सिक्टा सिँचाई आयोजना र भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजनाको अनुगमन भएको।

## ८. आर्थिक वर्ष २०७६/०७७ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

- आर्थिक वर्ष २०७६/७७ का लागि निर्धारित राजस्व संकलनको संशोधित लक्ष्य रू.८ खर्ब २७ अर्ब रहेकोमा रू.८ खर्ब ४१ अर्ब राजस्व संकलन गरिएको।
- अनुदान सहायता रू.३० अर्ब १० करोड ५४ लाख र ऋण सहायता रू.१ खर्ब ८९ अर्ब ७७ करोड गरी जम्मा रू.२ खर्ब १९ अर्ब ८८ करोडको वैदेशिक सहायता प्रतिबद्धता प्राप्त भएको।
- रू.१ खर्ब ९४ अर्ब ६४ करोड बराबरको आन्तरिक ऋण उठाइएको।
- संघ तथा प्रदेश तहमा NPSAS अनुरूपको वित्तीय विवरण तयार गर्न प्राविधिक सहायताको लागि परामर्श सेवा खरिद भइ NPSAS Based Report तयार भएको।
- LMBIS र TSA प्रणाली बीच अन्तर आबद्धता गरिएको। कम्प्यूटर प्रणालीमा आधारित सोधभर्ना व्यवस्थापन तथा सूचना प्रणाली (Reimbursement Management Information System, ReMIS) विकास गरिएको। कम्प्युटर प्रणालीमा आधारित सरकारी लेखा प्रणाली (Computerized Government Accounting System-CGAS) विकास गरी लागू भएको।
- मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १०(२) मा गरिएको अनिवार्य दर्ताको व्यवस्थाबमोजिम २० हजार ४ सय ५ करदाताहरूलाई मूल्य अभिवृद्धि करको दायरामा ल्याइएको। एक व्यक्ति एक लेखा नम्बरको नीतिलाई कार्यान्वयन गर्न जुनसुकै आन्तरिक राजस्व कार्यालयमार्फत सरल रूपमा स्थायी लेखा नम्बर लिनसक्ने व्यवस्था मिलाइएको।
- नगद भुक्तानीलाई नियन्त्रण गर्न रू.१० लाखभन्दा बढीको कर भुक्तानी गर्दा चेक, ड्राफ्ट वा विद्युतीय माध्यमबाट गर्ने व्यवस्था गरिएको।

- २४ थप करदाता सेवा कार्यालयहरू, १ आन्तरिक राजस्व कार्यालय स्थापना र ४ करदाता सेवा कार्यालयलाई आन्तरिक राजस्व कार्यालयमा रूपान्तरण गरी सेवा प्रवाहको प्रबन्ध गरिएको। गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भैरहवा, त्रिवेणी र दार्चुलामा नयाँ भन्सार कार्यालय स्थापना गर्ने निर्णय भएको।
- भन्सार प्रशासनका कार्यालयहरूलाई पूर्ण रूपमा विद्युतीय माध्यमबाट सम्पादन हुने व्यवस्था मिलाउने क्रममा २५ भन्सार कार्यालयमा आशिकुडा वर्ल्ड प्रणाली लागू गरिएको। ६ भन्सार कार्यालयमा Gate Entry Module तथा १८ भन्सार कार्यालयमा Valuation Module लागू गरिएको।
- प्रदेश तथा स्थानीय तहमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन मापदण्ड, २०७६ तयार गरी मन्त्रिपरिषदबाट स्वीकृत भई सार्वजनिक गरिएको।
- साबिकको विकास सहायता सम्बन्धी Aid Management Platform लाई विस्थापन गरी नयाँ पद्धति Aid Management Information System विकास गरी प्रयोगमा ल्याइएको।
- स्थानीय मुद्रामा ऋणपत्र जारी गर्ने व्यवस्था, २०७० (प्रथम संशोधन, २०७६) स्वीकृत गरिएको।
- सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०७६-२०८१) को कार्यान्वयन शुरु गरिएको।
- सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी राष्ट्रिय जोखिम मूल्याङ्कन प्रतिवेदन तयार गरिएको।
- सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदानसम्बन्धी एकीकृत (दोस्रो संशोधन) कार्यविधि, २०७६ कार्यान्वयनमा गरिएको।
- मन्त्रालय अन्तर्गतका पाँच वटा सार्वजनिक निकायहरूका प्रमुख कार्यकारी अधिकृतहरूसँग भएको कार्यसम्पादन सम्झौताबमोजिम भएको कार्य प्रगतिको मूल्याङ्कन गरिएको।
- विशिष्टिकृत लगानी कोष (प्रथम संशोधन) नियमावली, २०७७ स्वीकृत गरिएको।
- नेपाल धितोपत्र बोर्ड कर्मचारी सेवाशर्त नियमावली, २०६८ मा संशोधन स्वीकृत गरिएको।
- नेपाल धितोपत्र बोर्डबाट संशोधन स्वीकृति माग भई आएका धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ (तेस्रो संशोधन), धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ (तेस्रो संशोधन), धितोपत्र व्यवसायी (मर्चेण्ट बैंकर) नियमावली, २०६४ (दोस्रो संशोधन) र सामूहिक लगानी कोष नियमावली, २०६७ (तेस्रो संशोधन) मा स्वीकृत गरिएको।
- कृषि विकास बैंक कर्मचारी सेवा विनियमावली, २०६२ मा अठारौं संशोधनका लागि सहमति प्रदान गरिएको।
- नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको कर्मचारी सेवा शर्त (पहिलो संशोधन) विनियमावली, २०७६ आर्थिक प्रशासन विनियमावली, २०६६ को पहिलो संशोधन (२०७६) र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स (नवौं संशोधन) नियमावली, २०७६ मा स्वीकृति प्रदान गरिएको।
- नागरिक लगानी कोष कर्मचारी सेवा शर्त सम्बन्धी (आठौं संशोधन) नियमावली, २०७६ मा स्वीकृति दिइएको।
- नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको कर्मचारी दरबन्दी र सङ्गठनात्मक संरचनामा स्वीकृति प्रदान गरिएको।

- नेपाल सरकार अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक र साना किसान विकास लघुवित्त वित्तीय संस्था बीच ग्रामीण स्वावलम्बन कर्जा कार्यविधि, २०७५ बमोजिम पूरक त्रिपक्षीय सम्झौता सम्पन्न भएको।
- नेपाल सरकार (माननीय मन्त्रीस्तर) को निर्णयानुसार ग्रेड समायोजन सम्बन्धमा सबै सार्वजनिक संस्थानहरूलाई परिपत्र गरिएको।
- कालीमाटी फलफूल तथा तरकारी विकास समिति, कर्मचारी प्रशासन नियमावली, २०७५ को मस्यौदामा राय/सहमति दिइएको। जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको कर्मचारी सेवाशर्त विनियमावली (सातौं संशोधन), २०७६ को संशोधन प्रस्तावमा राय दिइएको।
- सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६, बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक, २०७६, नेपाल राष्ट्र बैंक ऐन, २०५८ लाई संशोधन गर्न बनेको विधेयक, २०७६, धितोपत्रसम्बन्धी ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक, २०७६ नेपाल सरकार (मन्त्रिपरिषद्) बाट निर्णय भई सङ्घीय-संसदमा (अर्थ समितिमा) दर्ता गरिएको।
- भन्सार प्रशासन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सङ्घीय संसदमा दर्ता गरिएको। कर्जा सूचना तथा सुरक्षण कारोबार ऐनमा संशोधन विधेयकमा सङ्घीय संसदमा दर्ता गरिएको।
- निवृत्तभरण कोष नियमावली, २०७६ राजपत्रमा सूचना प्रकाशित भई कार्यान्वयनमा आइसकेको।
- समपूरक अनुदानसम्बन्धी कार्यविधि,२०७५ र विशेष अनुदानसम्बन्धी कार्यविधि,२०७५ मा दोस्रो संशोधन गरी आयोजनाहरू छनौटका ढाँचा र आधार तोकिएको।
- नेपाल सरकारको निर्णय अनुसार नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँडको आधार, विधि र अंश स्वीकृत भई कार्यान्वयन गरिएको।
- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँड लगायत वित्तीय सङ्घीयता समन्वयका लागि वित्तीय सङ्घीयता समन्वय महाशाखा थप गरिएको।
- भन्सार विभाग अन्तर्गत साबिकका त्रिवेणी छोटी भन्सार कार्यालय (नवलपरासी, वर्दघाटसुस्ता पूर्व) र दार्चुला छोटी भन्सार कार्यालयलाई स्तरोन्नति गरी मूल भन्सार कार्यालय बनाइएको। साथै, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा रहने गरी गौतमबुद्ध विमानस्थल भन्सार कार्यालय स्थापना गर्ने निर्णय भएको। यो सहित भन्सार विभाग अन्तर्गत भन्सार जाँचपास परीक्षण कार्यालय-१, मूल भन्सार कार्यालय ३८ र छोटी भन्सार कार्यालय १ सय ३३ वटा कायम गरिएको।
- करको दायरा विस्तार गर्न तथा करदातालाई छिटो, छरितो र प्रभावकारी सेवा प्रवाह गर्न आन्तरिक राजस्व विभाग अन्तर्गत साबिकका करदाता सेवा कार्यालयहरू, कावासोती (नवलपरासी वर्दघाटसुस्ता पूर्व) जुम्ला, डडेलधुरा, इटहरी (सुनसरी) लाई स्तरोन्नति गरी आन्तरिक राजस्व कार्यालय बनाइएको। काठमाडौंको जोरपाटीमा नयाँ आन्तरिक राजस्व कार्यालय स्थापना हुनुको साथै भोजपुर, पथरी (मोरङ्ग), ओखलढुङ्गा, जलेश्वर (महोत्तरी), लालबन्दी (सर्लाही), कलैया (बारा), चन्द्रपुर (रौतहट), सिन्धुली, मन्थली (रामेछाप), चरीकोट (दोलखा), खैरहनी (चितवन), गोरखा, वेशिसहर (लमजुङ्ग), नवलपरासी (वर्दघाटसुस्ता पश्चिम), पुतलीबजार (स्याङ्गजा), कुश्मा (पर्वत), तम्घास (गुल्मी), सन्धिखर्क (अर्घाखँची), तौलिहवा (कपिलवस्तु), चकचके (प्यूठान), श्रीनगर (सल्यान), गुलरिया (बर्दिया), साँफेबगर (अछाम) र दिपायल (डोटी) गरी जम्मा २४ नयाँ करदाता सेवा कार्यालय स्थापना गर्ने निर्णय गरिएको।

- मन्त्रालयको बजेट सूचना प्रणाली (LMBIS), वैदेशिक सहायता प्रणाली (AMIS), PEMIS, लगायतको Data bank को सुरक्षाको लागि आवश्यक सूचना प्रविधिसम्बन्धी उपकरणहरू खरीद गरी जडान गरिएको।
- मन्त्रालयमा रहेको महत्त्वपूर्ण कागजातहरूको महाशाखागतरूपमा Digitization गर्न एकीकृत Document Management System (DMS) विकास भई २६ हजार ९ सय ४२ पाना डिजिटाइजेशन गरिएको।
- सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रबाट आर्थिक वर्ष २०७६/७७ को फागुन मसान्तसम्म विभिन्न स्तरका १२ प्रशिक्षण कार्यक्रम सञ्चालन गरी ३ सय ८१ जनालाई प्रशिक्षण प्रदान गरिएको।
- सूचना प्रविधिमा आधारित सार्वजनिक ऋण व्यवस्थापन प्रणालीको शुरुवाट गरिएको।

## ९. अर्थ मन्त्रालयबाट कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि भएका कार्यहरू:

<u>आर्थिक पुनरूत्थान, रोजगारी सिर्जना र राहतका लागि गरिएका प्रबन्ध</u>

- कोभिड-१९ को संक्रमण जोखिम न्यूनीकरणका लागि नेपाल सरकारले मिति २०७६/११/११ देखि बन्दाबन्दीको घोषणा गरेपछि २०७६/१२/१६ मा कोभिड-१९ को कारण प्रभावितहरूलाई प्रदान गरिने राहत, कर छुट तथा सुविधा सम्बन्धी अर्थ मन्त्रालयबाट भएको प्रस्ताव नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भई कार्यान्वयनमा आएको। त्यसैगरी २०७७/०१/१४ मा दोस्रो चरणको राहत, कर छुट तथा सुविधा स्वीकृत भई कार्यान्वयनमा आएको।
- कोभिड-१९ बाट प्रभावित भएको घरेलु, साना तथा मझौला उद्योग तथा कोभिड-१९ प्रभावित पर्यटन व्यवसायको श्रमिक तथा कर्मचारीको पारिश्रमिक भुक्तानी तथा व्यवसाय सञ्चालन गर्न सहुलियतपूर्ण व्याजमा व्यवसाय निरन्तरता कर्जा उपलब्ध गराउन रू.५० अर्बको कोष स्थापना गरिएको।
- कोभिड-१९ प्रभावित घरेलु, साना तथा मझौला उद्योग, उत्पादनमूलक उद्योग, होटल, पर्यटन लगायतका क्षेत्रका उद्योग व्यवसायलाई पाँच प्रतिशतसम्म सहुलियत ब्याजदरमा कर्जा उपलब्ध गराउने व्यवस्था गरिएको।
- कोभिड-१९ प्रभावित व्यवसाय पुनरूत्थान गर्न रू.२ खर्ब सम्मको पुनकर्जा उपलब्ध गराउने व्यवस्था गरिएको।
- आम नागरिकको लागि रू.१ लाख सम्मको सामूहिक कोरोना बीमाको प्रिमियममा ५० प्रतिशत अनुदान दिने व्यवस्था गरिएको।
- सङ्गठित क्षेत्रमा काम गर्ने श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा २०७६ चैत्र महिना देखि २०७७ असार मसान्तसम्मको श्रमिक र रोजगारदाताको तर्फबाट गर्नुपर्ने योगदान बापत रू.१ अर्ब ३ करोड नेपाल सरकारले सामाजिक सुरक्षा कोषमा जम्मा गरेको।
- नेपाली वायुसेवा कम्पनीले भुक्तानी गर्नुपर्ने पार्किङ्ग शुल्क, वायुसेवा सञ्चालन अनुमति पत्र नवीकरण दस्तुर, उडान योग्यता प्रमाणपत्र दस्तुर र हवाई इन्धनमा लाग्ने पूर्वाधार कर छुट दिइएको।
- कोभिड-१९ बाट प्रभावित निर्माण, यातायात, आमसञ्चार, चलचित्र क्षेत्रमा इजाजत पत्र तथा उपकरण नवीकरण दस्तुरमा छुट, बैंक ग्यारेन्टीको म्याद थप गर्ने व्यवस्था गरिएको।

- कोभिड-१९को कारण रोजगारी विहीन भएका र विदेशबाट फर्किएका श्रमिकलाई समेत समेटने गरी आर्थिक वर्ष २०७७/७८ मा करिब १२ लाख थप नयाँ रोजगारी सिर्जना गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम, सहुलियतपूर्ण कर्जा कार्यक्रम, साना किसान कर्जा कार्यक्रम, रोजगारी सहितको तालिम कार्यक्रम लगायतका अन्य कार्यक्रम सञ्चालन गरिएको।
- असङ्गठित क्षेत्रका कार्यरत रही हाल रोजगारी वा काम विहीन भएका श्रमिकलाई स्थानीय तह, प्रदेश वा सङ्घीय कार्यालयबाट सम्पादन हुने सार्वजनिक काममा लगाई दैनिक ज्याला नगद वा खाद्यान्नको रूपमा उपलब्ध गराउने व्यवस्था गरिएको।
- सबै बैंक तथा वित्तीय संस्था र सहकारी संस्थाका कोभिड-१९ प्रभावित ऋणीले २०७६ चैत्र महिनाको बुझाउनु पर्ने मासिक व्याज वा मासिक हुन आउने व्याज रकममा आधार दर भन्दा कम नहुने गरी १० प्रतिशत छुट दिइएको।
- वैदेशिक रोजगारमा जाने अनुमति लिई जान नपाएका व्यक्तिले संक्रमणको जोखिम समाप्त भएपछि सहुलियतपूर्ण कर्जा लिई उद्योग व्यवसाय सञ्चालन गर्न चाहेमा निवेदन दिएको सात दिन भित्र सहुलियतपूर्ण कर्जा उपलब्ध हुने व्यवस्था मिलाइएको।
- बैंक तथा वित्तीय संस्थाहरूले आफ्ना ग्राहकलाई विद्युतीय माध्यमबाट सेवा प्रदान गर्ने र यस प्रकारको सुविधा दिए बापत कुनै प्रकारको थप शुल्क नलिने व्यवस्था मिलाइएको।
- कोभिड-१९ को उपचारलाई समेत सहयोग पुग्ने गरी सेवा विस्तार र स्तरोन्नति गर्न चाहने निजी स्वास्थ्य सेवा प्रदायक संस्थाहरूलाई प्रवाह गरिने कर्जालाई प्राथमिकता प्राप्त क्षेत्र अन्तर्गत समावेश गर्ने व्यवस्था गरिएको।
- अत्यावश्यक औषधी, स्वास्थ्य उपचारमा प्रयोग गरिने स्वास्थ्य सामग्री तथा उपकरण एवम् खाद्यान्न लगायतका दैनिक अत्यावश्यकीय वस्तुको पैठारीको भुक्तानी टि.टि. मार्फत गर्दा कायम रहेको ३० हजार अमेरिकी डलरको सीमालाई १ लाख पुऱ्याइएको।
- विदेशमा रहेका नेपाली विद्यार्थीलाई शिक्षा मन्त्रालयको नो अब्जेक्सन लेटर नभएपनि जीवन निर्वाहको लागि आवश्यक पर्ने न्यूनतम विदेशी मुद्रा सटही सुविधा उपलब्ध गराइएको।
- कोभिड-१९ संक्रमणका कारण सिर्जना भएको असामान्य परिस्थितिमा बीमा अवधि समाप्त भएको बीमालेखको हकमा बीमितको लिखित अनुरोध (विद्युतीय माध्यमबाट प्राप्त समेत) का आधारमा बीमालेख नवीकरण गर्ने व्यवस्थालाई बन्दाबन्दी सकिएको मितिले १५ दिनसम्म कायम गर्ने व्यवस्था मिलाइएको।
- बन्दाबन्दीको अवधि भित्र संकलन गर्नुपर्ने जीवन बीमा प्रिमियम वापतको रकम संकलन गर्ने अवधि थप गरी उक्त अवधिको ब्याज नलाग्ने व्यवस्था मिलाइएको।
- २०७६ चैत्र र २०७७ वैशाख महिनामा नवीकरण गर्नुपर्ने बीमा अभिकर्ता र सर्भेयरको इजाजत नवीकरणको म्याद थप गरी सो वापतको जरीवाना नलाग्ने व्यवस्था मिलाइएको।
- निर्जिवन बीमकले तत्काल सिर्जना हुने दाबी भुक्तानीको लागि विद्युतीय माध्यमबाट समेत निवेदन प्राप्त भएमा अवस्था सामान्य भएपछि तत्काल सर्भेयर खटाई क्षति यकिन गरी दाबी भुक्तानी गर्ने व्यवस्था मिलाइएको।

- धितोपत्र बजारमा कारोबार गरी राफसाफ गर्न बाँकी रहेकाहरूको हिसाब राफसाफ गर्ने समयावधि थप गरिएको।
- धितोपत्र ऐन बमोजिम सूचीकृत कम्पनीले बुझाउनु पर्ने विवरणहरू बुझाउने म्याद थप गरिएको।

<u>कर सहुलियत सुविधा तथा छुटः</u>

- स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रण र उपचारका लागि सूचीकृत गरिएका स्वीकृत मापदण्डअनुसारको विभिन्न प्रकारका औषधी, स्वास्थ्य सामग्री र स्वास्थ्य उपकरण पैठारी गर्दा लाग्ने सम्पूर्ण महशुल छुट दिइएको।
- स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सिफारिसमा मन्त्रालयले तोकेको स्वास्थ्य संस्था वा स्थानहरूमा हस्तान्तरण गर्ने गरि विभिन्न संघ संस्था वा व्यक्तिले सहयोग स्वरूप उपलब्ध गराएका तोकिएको गुणस्तर अनुरूपमा कोभिड-१९ संक्रमण रोकथाम नियन्त्रण र उपचारकालागि सूचीकृत भएका औषधी, स्वास्थ्य उपकरणमा लाग्ने सम्पूर्ण महशुल छुट दिइएको।
- फेस मास्क, सेनिटाईजर र सर्जिकल ग्लोभ्समा दरबन्दी बमोजिम लाग्ने महशुल छुट दिइएको।ईन्डक्सन चुल्होमा लाग्ने भन्सार महशुल घटाइएको।
- औषधी उत्पादन गर्ने उद्योगले उद्योग विभागको स्किम (उत्पादन क्षमता) अनुसार स्यानिटाईजर उत्पादनको लागि आवश्यक पर्ने कच्चा पदार्थ इथानोल (Ethanol-C2H5OH) औषधी व्यवस्था विभागको सिफारिसमा स्वदेशी उद्योगहरूबाट खरिद गरी स्यानिटाईजर उत्पादन गरेमा औषधि व्यवस्था विभागले सिफारिस गरेको परिमाणसम्मको इथानोल (Ethanol-C2H5OH) खरिदमा अन्तःशुल्क ऐन, २०५८ को अनुसूची बमोजिम लाग्ने अन्तःशुल्क पूर्णरूपमा छुट दिइएको।
- उद्योगी तथा व्यवसायीहरूको आयात तथा निर्यातको क्रममा रहेको कन्टेनर तथा ट्रकमा लाग्ने डेमरेज तथा डिटेन्शन चार्ज नलाग्ने व्यवस्था गरिएको।भन्सार ऐन, २०६४ बमोजिम मूल्याङ्कन पुनरावलोकनका लागि निवेदन दिन पाउने म्याद बन्दाबन्दी खुल्ला भएको मितिले १५ दिन थप गर्ने व्यवस्था गरिएको।
- कुनै व्यक्तिले आर्थिक वर्ष २०७६/७७ मा नेपाल सरकार, प्रदेश र स्थानीय तहले स्थापना गरेको कोभिड-१९ संक्रमण रोकथाम नियन्त्रण तथा उपचार कोषमा योगदान गरेको रकम उक्त वर्षको आय गणना गर्दा घटाउन पाउने गरी खर्च कट्टी गर्न दिने व्यवस्था मिलाइएको।
- कोभिड-१९ संक्रमणको जोखिम न्यूनीकरण गर्न सरकारले घोषणा गरेको बन्दाबदीको अवधिमा करदाताले भुक्तानी गर्नुपर्ने कर स्थगन गरिएको।

<u>खर्च व्यवस्थापनमा गरिएका प्रबन्धः</u>

- कोभिड-१९ संक्रमण जोखिम नियन्त्रण गर्न गरिएको बन्दाबन्दी र अन्तर्राष्ट्रिय नाकामा आवागमन रोकिँदा आर्थिक क्रियाकलापमा देखापरेको सङ्कुचन हुँदाहुँदै पनि विभिन्न कोषमा मौज्दात रहेको

निष्क्रिय रकम परिचालन, वैदेशिक सहायता परिचालनमा गरिएको अधिकतम प्रयास, खर्च प्रणालीमा अपनाइएको सावधानीका कारण आर्थिक वर्ष २०७७/७८ मा सरकारको मौज्दात करिब १६ अर्ब बचतमा रहेको।

- मुलुक बन्दाबन्दीको अवस्थामा रहेको समयमा समेत आर्थिक क्रियाकलापलाई सुचारू गर्न सरकारी स्रोतको अधिकतम परिचालन गरिएको। आर्थिक वर्ष २०७५/७६ मा करिब रू.११ खर्ब १० अर्ब सरकारको खर्च रहेकोमा २०७६/७७ मा गत वर्षकै हाराहारीमा रू.१० खर्ब ९४ अर्ब खर्च भएको।
- कोभिड-१९ को संक्रमणको निःशुल्क परीक्षण तथा बिरामीको सम्पूर्ण उपचार खर्च निःशुल्क गरिएको। व्यक्तिगत सुरक्षा उपकरण निःशुल्क गर्ने गरी बजेट व्यवस्था गरिएको।
- कोभिड-१९ संक्रमण जोखिम नियन्त्रण गर्न आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ को फागुन मसान्तसम्ममा प्रदेश र स्थानीय तहमा समेत गरी जम्मा रू.१३ अर्ब खर्च भएको। नेपाल सरकारको बजेट र प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा स्थापित कोभिड-१९ रोकथाम, नियन्त्रण तथा उपचार कोषबाट निकासा, रकमान्तर र प्रदेश तथा स्थानीय तहलाई वित्तीय हस्तान्तरण गरिएको।
- नेपाल सरकारका अस्पतालहरू र प्रादेशिक अस्पतालहरूमा मेशिन उपकरण खरिद, रिएजेन्ट, पिसिआर मेशिन र किट, बेड, मास्क, सेनिटाईजर सहित व्यक्तिगत सुरक्षा उपकरणहरू, आइ.सि.यु. खरिद गर्न बजेट निकासा गरिएको। विभिन्न स्थानमा क्वारेन्टाइन निर्माण र सञ्चालन खर्च, विदेशबाट उद्धार गरिएका नागरिकको उद्धार खर्च, क्वारेन्टाइन स्थलमा राखिएको अवधिको सम्पूर्ण खर्च व्यहोरिएको।
- संक्रमित बिरामीको अवस्था हेरी औषधी, खाने बस्ने खर्च, चिकित्सकको जोखिम भत्ता सहित प्रति बिरामी प्रति दिनको खर्च अस्पतालहरूलाई उपलब्ध गराइएको।
- कोभिड-१९ उपचारमा अग्रपङ्क्तिमा संलग्न चिकित्सक, स्वास्थ्यकर्मी र प्रयोगशालामा काम गर्ने कर्मचारीलाई जोखिम भत्ता उपलब्ध गराइएको। कोरोना लगायतका अन्य संक्रामक रोग विरूद्ध कार्यरत सबै स्वास्थ्यकर्मीलाई रू.५ लाख सम्मको निःशुल्क स्वास्थ्य बीमा गरिएको। रू.१ लाख सम्मको सामूहिक कोरोना बीमा गर्दा लाग्ने वार्षिक शुल्कमा सरकारले ५० प्रतिशत अनुदान दिने व्यवस्था मिलाइएको।
- आर्थिक वर्ष २०७७/७८ को बजेटबाट स्वास्थ्य क्षेत्रको बजेट करिब एक तिहाइ वृद्धि गरी रू.९० अर्ब ७० करोड पुऱ्याइएको। मुलुकभरका अस्पतालहरूको पूर्वाधार विकासमा उच्च प्राथमिकता दिइ बजेट विनियोजन गरिएको।

**<u>वैदेशिक ऋण तथा अनुदान सहायता परिचालन</u>**

- आर्थिक वर्ष २०७६/७७ मा अमेरिकी डलर ४९ करोड ४८ लाख ४८ हजार १ सय ७१ प्रतिबद्धता प्राप्त भएकोमा ४८ करोड ३ लाख ४० हजार ६ सय २६ शोधभर्ना भएको।
- आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्ममा अमेरिकी डलर ८५ करोड ९६ लाख ८ हजार बराबरको प्रतिबद्धता प्राप्त भएको।

## १०.आर्थिक वर्ष २०७६/७७ को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

चालु खर्च (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०५०००११३ | अर्थ मन्त्रालय | ३९५२५६ | ३०२४२९ | ७६.५१ |
| ३०५०००१२३ | ऋण असुली पुनरावेदन न्यायधिकरण | १२३१२ | १०५३० | ८५.५३ |
| ३०५०००१३३ | ऋण असुली न्यायधिकरण | ३४४७६ | ३१२७० | ९०.७ |
| ३०५०००१४३ | अन्तर्राष्ट्रीय संघ, संस्था सदस्यता शुल्क अनुदान विविध | ४००००० | ३६४५५३ | ९१.१४ |
| ३०५००१०१३ | साना किसान विकास बैंक (वित्तीय संस्था), विविध | १२९००० | १०२६८९ | ७९.६ |
| ३०५००१०२३ | लघु विमा सहयोग कार्यक्रम (पशु, बाली, स्वास्थ्य ) | ५७६०११ | ५७६०११ | १०० |
| ३०५००१०३३ | शीत घर निर्माण (ब्याज अनुदान) | ५००० | ० | ० |
| ३०५००१०५३ | बजेट तथा निवृत्तिभरण सुधार आयोजना | १५००० | ० | ० |
| ३०५००१०७३ | पुँजीबजार तथा पूर्वाधार क्षमता सहयोग आयोजना | ३७७० | ३४६ | ९.१७ |
| ३०५००१०८३ | मिलिनियम च्यालेन्ज नेपालको कार्यालय | १९९३९९० | ४१६६१८ | २०.८९ |
| ३०५००११०३ | ब्याज अनुदान (कृषी, पशुपालन तथा अन्य आयआर्जन) | ५०००००० | ११०४९४० | २२.१ |
| ३०५०१०११३ | महालेखा नियन्त्रक कार्यालय | १२८४६७ | १०५५०० | ८२.१२ |
| ३०५०१०१२३ | निवृत्तिभरण व्यवस्थापन कार्यालय | ४६००० | ४३६३२ | ९४.८५ |
| ३०५०१०१३३ | कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालय | १७६०० | १५१४२ | ८६.०३ |
| ३०५०१०१४३ | कोष तथा लेखा नियन्त्रक कार्यालयहरू | ६९४८०४ | ६०३७६८ | ८६.९ |
| ३०५०११०१३ | सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम | ७५२३४३ | १४४६०० | १९.२२ |
| ३०५०२०११३ | सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र | ५८०८५ | ३८६४८ | ६६.५४ |
| ३०५०३०११३ | भन्सार बिभाग | १७५४४१ | १२०४९९ | ६८.६८ |
| ३०५०३०१२३ | भन्सार कार्यालयहरू | ८९७१५३ | ७९३४९८ | ८८.४५ |
| ३०५०३१०१३ | भन्सार सुधार कार्यक्रम | १५५५०० | ५२७०८ | ३३.९ |
| ३०५०४०११३ | आन्तरिक राजस्व विभाग | ६३६७५५ | १५८६८७ | २४.९२ |
| ३०५०४०१२३ | आन्तरिक राजस्व कार्यालयहरू | १२८५२६३ | १०२३५१४ | ७९.६३ |
| ३०५०५०११३ | सार्वजनिक ऋण व्यवस्थापन कार्यालय | ५६२५५ | १४९०९ | २६.५ |
| | कुल जम्मा | १३४६८४८१ | ६०२४४९१ | ४४.७३ |

पुँजीगत खर्च (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०५०००११४ | अर्थ मन्त्रालय | ३१८०० | १०३२८ | ३२.४८ |
| ३०५०००१२४ | ऋण असुली पुनरावेदन न्यायाधिकरण | ६०० | ३९८ | ६६.२४ |
| ३०५०००१३४ | ऋण असुली न्यायाधिकरण | २०७५ | १९९७ | ९६.२४ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०५००१०७४ | पुँजी बजार तथा पूर्वाधार क्षमता सहयोग आयोजना | ८१२४४ | ८१२४३ | १०० |
| ३०५००१०८४ | मिलिनियम च्यालेन्ज नेपालको कार्यालय | ६७१४००० | ८२४७९१ | १२.२८ |
| ३०५०१०११४ | महालेखा नियन्त्रक कार्यालय | १३३४९ | ११७५६ | ८८.०७ |
| ३०५०१०१२४ | निवृत्तिभरण व्यवस्थापन कार्यालय | ३१०० | ३००७ | ९७ |
| ३०५०१०१३४ | कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालय | ८०० | ६१६ | ७७ |
| ३०५०१०१४४ | कोष तथा लेखा नियन्त्रक कार्यालयहरू | १६०८७० | ११२२३९ | ६९.७७ |
| ३०५०११०१४ | सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम | १९१४३७ | २६४४४ | १३.८१ |
| ३०५०२०११४ | सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र | ७००० | २८२१ | ४०.३ |
| ३०५०३०११४ | भन्सार विभाग | ६००० | ४१७२ | ६९.५४ |
| ३०५०३०१२४ | भन्सार कार्यालयहरू | २०८७८० | ९४२६२ | ४५.१५ |
| ३०५०३१०१४ | भन्सार सुधार कार्यक्रम | ९१४८०० | ३५८५३० | ३९.१९ |
| ३०५०४०११४ | आन्तरिक राजस्व विभाग | १७७८५० | ५२८८९ | २९.७४ |
| ३०५०४०१२४ | आन्तरिक राजस्व कार्यालयहरू | ३८६६७३ | १५८४१० | ४०.९७ |
| ३०५०५०११४ | सार्वजनिक ऋण व्यवस्थापन कार्यालय | २११०० | ९२७८ | ४३.९७ |
| | **कुल जम्मा** | **८९२१४७८** | **१७५३१८१** | **१९.६५** |

## ११. चालु आर्थिक वर्ष २०७७/७८ को खुद बजेट तथा फागुन मसान्तसम्मको खर्चको विवरण:

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०५०००११३ | अर्थ मन्त्रालय | १३१५६३० | ११५८६५७ | ८८.०७ |
| ३०५०००१२३ | ऋण असुली  पुनरावेदन न्यायाधिकरण | १९६२६ | ६२१९ | ३१.६९ |
| ३०५०००१३३ | ऋण असुली न्यायाधिकरण | ३५२०० | २१९०८ | ६२.२४ |
| ३०५०००१४३ | अन्तर्राष्ट्रिय संघ, संस्था सदस्यता शुल्क अनुदान विविध | ५००००० | २१९३८८ | ४३.८८ |
| ३०५००१०१३ | साना किसान विकास बैंक (वित्तीय संस्था), विविध | १४०००० | ९२००० | ६५.७१ |
| ३०५००१०२३ | लघु बीमा सहयोग कार्यक्रम (पशु, बाली, स्वास्थ्य) | ३५९४०० | १४९२३३ | ४१.५२ |
| ३०५००१०५३ | बजेट सुधार आयोजना | १०००० | ० | ०.०० |
| ३०५००१०८३ | मिलिनियम च्यालेन्ज एकाउण्ट नेपाल | १२७९६०० | २०८२९५ | १६.२८ |
| ३०५००११३३ | आर्थिक पुनरूत्थान, राहत तथा सहुलियत कार्यक्रम | १४७७८६९१ | ४५२९७७८ | ३०.६५ |
| ३०५०१०११३ | महालेखा नियन्त्रक कार्यालय | १२३६२४ | ५७७८० | ४६.७४ |
| ३०५०१०१२३ | निवृत्तिभरण व्यवस्थापन कार्यालय | ५०२४१ | २००६२ | ३९.९३ |
| ३०५०१०१३३ | कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालय | १७७०० | ८७४२ | ४९.३९ |
| ३०५०१०१४३ | कोष तथा लेखा नियन्त्रक कार्यालयहरू | ६५८०७२ | ३३८२२५ | ५१.४० |
| ३०५०११०१३ | सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम | १११४७०० | ८६३७७ | ७.७५ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०५०२०११३ | सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र | ६९००० | १८९८७ | २७.५२ |
| ३०५०३०११३ | भन्सार विभाग | १४०९९९ | ७३२५२ | ५१.९५ |
| ३०५०३०१२३ | भन्सार कार्यालयहरू | ९७२५०७ | ४७०५८१ | ४८.३९ |
| ३०५०३१०१३ | भन्सार सुधार कार्यक्रम | १०७३०० | २९८९१ | २७.८६ |
| ३०५०४०११३ | आन्तरिक राजस्व विभाग | ५५५१३० | ८५१४९ | १५.३४ |
| ३०५०४०१२३ | आन्तरिक राजस्व कार्यालयहरू | १५६२९५० | ६३०७३१ | ४०.३६ |
| ३०५०५०११३ | सार्वजनिक ऋण व्यवस्थापन कार्यालय | ३४७०० | १३३७७ | ३८.५५ |
| | कुल जम्मा | २३८४५०७१ | ८२१८६३२ | ३४.४७ |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०५०००११४ | अर्थ मन्त्रालय | ६४०० | १९२५ | ३०.०७ |
| ३०५०००१२४ | ऋण असुली पुनरावेदन न्यायाधिकरण | १३५० | ४९८ | ३६.९१ |
| ३०५०००१३४ | ऋण असुली न्यायाधिकरण | ८५० | ४१६ | ४८.९८ |
| ३०५००१०८४ | मिलिनियम च्यालेन्ज एकाउण्ट नेपाल | ७३७००६२ | ९०५४१० | १२.२८ |
| ३०५०१०११४ | महालेखा नियन्त्रक कार्यालय | १३२२० | १५५२ | ११.७४ |
| ३०५०१०१२४ | निवृत्तिभरण व्यवस्थापन कार्यालय | १३०० | ४४२ | ३४.०२ |
| ३०५०१०१३४ | कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालय | ७०० | ५९८ | ८५.४६ |
| ३०५०१०१४४ | कोष तथा लेखा नियन्त्रक कार्यालयहरू | १२४५८७ | ३४२५४ | २७.४९ |
| ३०५०११०१४ | सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम | २४३४०० | १९९२० | ८.१८ |
| ३०५०२०११४ | सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र | ६५०० | ३४२ | ५.२६ |
| ३०५०३०११४ | भन्सार विभाग | ६००० | ३००४ | ५०.०६ |
| ३०५०३०१२४ | भन्सार कार्यालयहरू | ८०३७५ | १९९८६ | २४.८७ |
| ३०५०३१०१४ | भन्सार सुधार कार्यक्रम | ८६१४०० | १३३८१८ | १५.५३ |
| ३०५०४०११४ | आन्तरिक राजस्व विभाग | २०७२३८ | ९०१०० | ४३.४८ |
| ३०५०४०१२४ | आन्तरिक राजस्व कार्यालयहरू | ३२८५३७ | ६४८३३ | १९.७३ |
| ३०५०५०११४ | सार्वजनिक ऋण व्यवस्थापन कार्यालय | ६४०० | ३८०१ | ५९.३९ |
| | कुल जम्मा | ९२५८३१९ | १२८०८९८ | १३.८४ |

♦ ♦ ♦

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

## १. पृष्ठभूमिः

साबिकको उद्योग र वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई एकआपसमा गाभी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय स्थापना भएको हो। मन्त्रालयले मुलुकको उद्योग, वाणिज्य र आपूर्ति क्षेत्रलाई सबल र सुदृढ तुल्याउँदै सहज औद्योगिक वातावरण निर्माण गरी लगानी प्रवर्द्धन गर्न नीतिगत सहजीकरण गर्दछ। व्यापार प्रवर्द्धन, सहजीकरण र नियमन, औद्योगिक सम्पत्तिको संरक्षण, औद्योगिक पूर्वाधारको विकास र सञ्चालन लगायतका मुख्य कार्यमा मन्त्रालय संलग्न हुँदै आएको छ। औद्योगिक विकास र व्यापार सहजीकरण विषयमा नीति तथा कार्यक्रमको तर्जुमा गरी सरोकारवाला निकाय, निजी क्षेत्र तथा दातृनिकायसँग समन्वय गरी कार्यान्वयन गर्ने साथै तिनको अनुगमन तथा मूल्याङ्कन गरी पृष्ठपोषण गर्ने लगायतका काम मन्त्रालयले गर्दै आएको छ।

## २. दीर्घकालीन सोचः

- आर्थिक समृद्धिका लागि उच्च प्रतिफलयुक्त, दिगो र रोजगारमूलक औद्योगिक विकास गर्ने,
- निर्यात प्रवर्द्धन एवं आयात व्यवस्थापन गरी आर्थिक समृद्धिका लागि व्यापार सन्तुलन कायम राख्ने,
- सहज, स्वचालित र भरपर्दो आपूर्ति प्रणाली सञ्चालन गरी उपभोक्ता हित संरक्षण गर्ने।

## ३. उद्देश्यः

- औद्योगिक उत्पादन अभिवृद्धि गरी कुल ग्राहस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान वृद्धि गर्ने,
- उद्योगको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने,
- लगानीमैत्री वातावरण सिर्जना गरी उद्योग क्षेत्रमा स्वदेशी र विदेशी लगानी वृद्धि गरी रोजगारीका अवसर विस्तार गर्ने,
- खाद्यान्न तथा आधारभूत उपभोगका वस्तु, तुलनात्मक लाभका निर्यातजन्य वस्तु तथा सेवाको उत्पादन वृद्धि गर्ने,
- स्वदेशी तथा वैदेशिक व्यापार लागत घटाउने,
- नेपाली वस्तु तथा सेवाको अन्तर्राष्ट्रिय मूल्य श्रृङ्खलामा आबद्धता अभिवृद्धि गर्ने,
- उपभोग्य वस्तु, औषधि, उपकरण तथा पेट्रोलियम पदार्थ लगायतका अत्यावश्यक वस्तु तथा सेवाको देशव्यापीरूपमा सर्वसुलभ आपूर्ति सुनिश्चित गर्ने,
- बजार प्रणालीलाई स्वच्छ, प्रतिस्पर्धी र उपभोक्ताप्रति जिम्मेवार बनाउने।

## ४. रणनीतिः

- उद्योग क्षेत्रको अन्य उत्पादनमूलक क्षेत्रसँग अन्तरसम्बन्ध स्थापित गरी विकास र बिस्तार गर्ने,
- औद्योगिक क्षेत्रको विकासका लागि नीतिगत, कानुनी र संस्थागत सुधार गर्ने,

- आधुनिक प्रविधिको प्रयोग, एकद्वार प्रणालीको विकास र औद्योगिक पूर्वाधार विकास मार्फत लगानीमैत्री वातावरण तयार गर्ने,
- खानी तथा खनिजजन्य उद्योगको लागत प्रभावी र तुलनात्मक लाभका आधारमा खोज, अन्वेषण, उत्खनन र उत्पादन गर्ने,
- प्रतिस्पर्धी क्षमता र तुलनात्मक लाभ भएका स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगमा सार्वजनिक-निजी-सहकारी साझेदारीमा लगानी परिचालन गर्दै आयात प्रतिस्थापनमा जोड दिने,
- उद्योगधन्दाको विकास र बिस्तारका लागि क्षमता विकास, वित्तीय पहुँच र प्रवर्द्धनात्मक उपायहरू अवलम्बन गर्ने,
- व्यापार पूर्वाधारको विकास र उपयोग, सूचना प्रविधिको प्रयोग एवं बिस्तार, व्यापार सहजीकरण र संस्थागत सुदृढीकरण गरी स्वदेशी तथा वैदेशिक  व्यापार लागत कम गर्ने,
- बौद्धिक सम्पत्ति अधिकारको अन्तर्राष्ट्रिय बजारमा संरक्षण र प्रवर्द्धन गर्ने,
- आपूर्ति व्यवस्था,  प्रतिस्पर्धा प्रवर्द्धन र उपभोक्ता हितसँग सम्बन्धित कानुनको प्रभावकारी  कार्यान्वयन गर्ने,
- आपूर्ति व्यवस्थामा संलग्न संस्थानको संस्थागत तथा संरचनागत सुदृढीकरण गर्ने,
- आपूर्ति अनुगमन प्रणालीको विकास गरी प्रभावकारी कार्यान्वयन गर्ने,
- आधारभूत आवश्यकता तथा अत्यावश्यक वस्तुलगायतका सबै वस्तु तथा सेवाको उपलब्धता तथा गुणस्तर, मूल्य र आपूर्तिमा पारदर्शिता कायम गरी बजारमा कृत्रिम अवरोध र अभावको अन्त्य गर्ने।

## ५. कार्यक्षेत्रः

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू. देहायअनुसार रहेका छन्:

- औद्योगिक नीति, कानुन, मापदण्ड र नियमन,
- औद्योगिक कोरिडोर, औद्योगिक पार्क वा ग्राम र निर्यात प्रशोधन केन्द्र,
- औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- प्रशोधन केन्द्र,
- वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
- उद्योग, औद्योगिक व्यवसाय र कम्पनीसम्बन्धी,
- उद्योग तथा खनिजसम्बन्धी पूर्वाधार नीति, कानुन, मापदण्ड, समन्वय र नियमन,
- सुरक्षा संवेदनशील उद्योग दर्ता, सञ्चालन अनुमति, खारेजी र नियमन,
- औद्योगिक प्रविधि विकास र हस्तान्तरण,
- अन्तर्राष्ट्रिय औद्योगिक संघसंस्थासँग सम्पर्क र समन्वय,
- केन्द्रीय कारागार कारखाना,
- करार, साझेदारी र एजेन्सीसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,

- रूग्ण उद्योग तथा दामासाहीमा परेका उद्योग तथा व्यावसायिक फर्म व्यवस्थापनसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- पेटेन्ट, डिजाइन, ट्रेडमार्क, भौगोलिक सङ्केत (जोग्राफिकल इन्डिकेशन) औद्योगिक बौद्धिक सम्पत्तिसम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र प्रवर्द्धन एवं सोसम्बन्धी अन्तर्राष्ट्रिय संघ-संस्थासँग सम्पर्क र समन्वय,
- नापतौल तथा गुणस्तरसम्बन्धी नीति, कानुन, मापदण्ड कार्यान्वयन र नियमन एवं सोसम्बन्धी अन्तर्राष्ट्रिय निकायसँग सम्पर्क र समन्वय,
- वस्तु, सेवा, प्रक्रिया र प्रणालीका राष्ट्रिय गुणस्तर निर्धारण, प्रत्यायन (एक्रिडिएशन) र प्रत्यायन बोर्ड,
- खानी तथा खनिजसम्बन्धी राष्ट्रिय नीति, कानुन, मापदण्ड र नियमन,
- रेडियोधर्मी पदार्थ, पेट्रोलियम पदार्थ, प्राकृतिक ग्याँस र बहुमूल्य पदार्थ तथा ठूला खानी तथा खनिज पदार्थसम्बन्धी सर्वेक्षण, अन्वेषण र उत्खनन, दर्ता, अनुमति र नियमन,
- भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा,
- खानी तथा खनिजजन्य वस्तुहरूको लगत सङ्कलन तथा अभिलेखन र अनुसन्धान एवं उत्खननसम्बन्धी राष्ट्रिय प्रयोगशालाको स्थापना र सञ्चालन,
- भूकम्पीय अध्ययन एवं अनुसन्धान, भूकम्प निगरानी, भूकम्प मापन केन्द्रहरूको सञ्चालन,
- अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
- द्विपक्षीय र अन्तर्राष्ट्रिय व्यापार तथा पारवहन तथा सोसम्बन्धी द्विपक्षीय, क्षेत्रीय, उपक्षेत्रीय र बहुपक्षीय वार्ता, सन्धि सम्झौता, कार्यान्वयन र नियमन,
- राष्ट्रिय, द्विपक्षीय तथा अन्तर्राष्ट्रिय व्यापार सहजीकरणसम्बन्धी नीतिगत, कानुनी, मापदण्ड कार्यान्वयन र नियमन, विश्व व्यापार सङ्गठन लगायत बहुपक्षीय व्यापारसम्बन्धी अन्तर्राष्ट्रिय संस्थासँगको सम्पर्क, समन्वय, वार्ता, सम्झौताको कार्यान्वयन र अनुगमन,
- साफ्टा, बिमस्टेक लगायत क्षेत्रीय र उपक्षेत्रीय व्यापार तथा स्वतन्त्र व्यापार क्षेत्रसम्बन्धी संस्थासँगको सम्पर्क, समन्वय, वार्ता, सम्झौता, कार्यान्वयन र अनुगमन,
- राष्ट्रिय, द्विपक्षीय तथा अन्तर्राष्ट्रिय व्यापारिक कारोबारको व्यवस्थापन र नियमन,
- निकासी प्रवर्द्धन, पैठारी व्यवस्थापन तथा नियमन,
- राष्ट्रिय, द्विपक्षीय तथा अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी तथ्याङ्क, अध्ययन, अनुसन्धान र सर्वेक्षण,
- राष्ट्रिय, द्विपक्षीय तथा अन्तर्राष्ट्रिय व्यापार मेला तथा प्रदर्शनीको सञ्चालन र सहभागिता,
- व्यापारका लागि सहयोग (एड फर ट्रेड),
- अन्तर्राष्ट्रिय व्यापारका सन्दर्भमा विदेशस्थित नियोगसँग समन्वय,
- अन्तरप्रादेशिक व्यापारसम्बन्धी नीति, कानुन, सहजीकरण र नियमन,
- पारवहन, अन्तर्राष्ट्रिय परिवहन व्यवस्था, बहुविधिक (मल्टी मोडल) ढुवानी सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन र नियमन,
- सुक्खा बन्दरगाह, अन्तर्राष्ट्रिय कन्टेनर फ्रेट स्टेशन, क्लेयरिङ्ग/अन्डरटेकिङ्ग सेवा, कार्गो गोदामसम्बन्धी नीति तथा सञ्चालन,
- अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी फर्म तथा संस्थाहरूको नियमन,

- राष्ट्रिय, द्विपक्षीय तथा अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी भौतिक पूर्वाधारहरूको विकास, बिस्तार एवं सञ्चालन,
- उपभोग्य तथा अत्यावश्यक वस्तु र सेवाको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर र अनुगमनसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- उपभोक्ता हक संरक्षण तथा प्रवर्द्धनसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- अत्यावश्यक वस्तुहरूको राष्ट्रिय मौज्दात (बफरस्टक), सार्वजनिक गोदाम तथा राष्ट्रियस्तरमा अत्यावश्यक वस्तु तथा सेवाको सूचना सङ्कलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्था,
- पेट्रोलियम पदार्थको पैठारी, प्रशोधन, भण्डारण, गुणस्तर निर्धारण, मूल्य निर्धारण, आपूर्ति पूर्वाधार विकास र नियमन,
- आन्तरिक बजार व्यवस्थापन तथा प्रतिस्पर्धा प्रवर्द्धन र सिन्डीकेट तथा कार्टेलिङ नियन्त्रणसम्बन्धी नीति, कानुन र नियमन,
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,
- नेपाल इन्जिनियरिङ्ग सेवा अन्तर्गतका माइनिङ्ग इन्जिनियरिङ्ग, केमिकल इन्जिनियरिङ्ग, मेटालर्जिकल इन्जिनियरिङ्ग, मेट्रोलोजी, जियोलजी र केमेष्ट्रि समूहको सञ्चालन।

## ६. चालु आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्यमा उल्लिखित नीति र कार्यक्रमका बुँदाहरूको फागुन मसान्तम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ६८ | गरिबका लागि लघु उद्यम लगायतका उद्योग क्षेत्रका कार्यक्रमबाट १ लाख २७ हजार रोजगारी सिर्जना गरिनेछ। | • गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) सञ्चालन निर्देशिका,२०७७ मन्त्रिपरिषद्बाट स्वीकृति भएको।<br>• सीपमूलक क्षमता अभिवृद्धि तथा उद्यमशीलता निर्देशिका, २०७७ मन्त्रालयबाट स्वीकृति भई कार्यान्वयनमा आएको।<br>• शुरुवाती पुँजी (Startup Capital) कर्जा प्रवाह कार्यविधि स्वीकृत भएको।<br>• उद्योग विभागमा रू.१ खर्ब १८ अर्बको लगानीमा १३६ उद्योग दर्ता भई ७ हजार ९ सय ५४ रोजगारी सिर्जना भएको।<br>• जिल्लातहमा ३३ हजार ४ सय १३ लघु, घरेलु तथा साना उद्योग दर्ता भई १ लाख ११ हजार ३ सय १७ रोजगारी सिर्जना भएको।<br>• उद्योग विभागमा रू.२५अर्ब ५१ करोडको विदेशी लगानी प्रतिबद्धता र ३ हजार ७ सय ४० रोजगारीको |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | अवसर दिलाउने गरी १३२ वटा वैदेशिक लगानीका परियोजना स्वीकृत भएको। |
| १३२ | कोभिड-१९ को कारण हाल सञ्चालन अवरूद्ध भएका उद्योग स्वास्थ्य सुरक्षा कायम गरी सहज सञ्चालनमा ल्याइनेछ। स्वदेशी कच्चा पदार्थमा आधारित, उच्च मूल्य अभिवृद्धि गर्ने र निर्यातमूलक प्रकृतिका उद्योगको स्थापना तथा विस्तारलाई विशेष प्रोत्साहन गरिनेछ। | • कोभिड-१९ को कारण सञ्चालन अवरूद्ध भएका उद्योग स्वास्थ्य सुरक्षा मापदण्ड कायम गरी सञ्चालन गर्न सहजीकरण गरिएको।<br>• औद्योगिक ग्राम, औद्योगिक क्लष्टर, औद्योगिक कोरिडोर, औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र र अन्तर्देशीय औद्योगिक क्षेत्रमा रहने उद्योगले राज्यबाट पाउनु पर्ने छुट, सुविधा, सहुलियत र प्रोत्साहन सिफारिसको मस्यौदा तयार भएको। |
| १३३ | कृषि, पर्यटन तथा वन लगायतका क्षेत्रसँग अग्र र पृष्ठ सम्बन्ध स्थापित हुने साना तथा मझौला उद्योगको विकास र विस्तार गर्न उद्यमशीलता, सीप र प्रविधिको उपयोगमा जोड दिइनेछ। स्वदेशी वस्तुको उपभोग गर्दै आन्तरिक उत्पादनलाई प्रोत्साहन गर्न कपास, रेशम, उन, बाँस, केरा, अल्लो तथा वनस्पतिजन्य धागो उत्पादन र स्वदेशी कपडा उद्योगलाई प्रोत्साहन गरिनेछ। राज्य कोषबाट खर्च व्यहोरिने सुरक्षाकर्मी लगायतका राष्ट्रसेवकको पोशाक, जुत्ता र अन्य उपभोग्य सामग्री स्वदेशमा उत्पादन गर्ने व्यवस्था मिलाइनेछ। | • ग्रामीण उद्यम तथा विप्रेषण आयोजना र साना किसान बैंकको आपसी सम्झौता अनुसार प्रदेश १, २ र वागमती प्रदेशका १६ जिल्लामा भर्चुअल विधिबाट ६५ सहकारी संस्थाको क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिएको।<br>• २४ वटा ग्रामीण क्षेत्रका सहकारी संस्थालाई १ करोड ८३ लाख थोक कर्जा उपलब्ध गराइएको जसबाट आयोजनामा आबद्ध कृषक र उद्यमीले कर्जा प्राप्त गरेको।<br>• कृषि उद्यम केन्द्र (AEC) सँग समझदारी पत्र (MOU) मा हस्ताक्षर भई वैदेशिक रोजगारीबाट फर्केका युवाको अभिमुखीकरण गर्ने कार्य भइरहेको। १८ वटा स्थानीय तहसँग सामूहिक रूपमा वैदेशिक रोजगारीबाट फर्केका युवालाई स्वदेशमा स्वरोजगार र रोजगारका अवसर दिलाउने गरी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको। यसबाट १८ हजार युवा लाभान्वित भएका।<br>• १८ जना नवप्रवर्तनकारी युवाको लागि स्टार्टअप कार्यक्रम सम्बन्धी तालिम सम्पन्न भएको।<br>• केन्द्रीय कारागार कारखानाबाट प्रहरी कर्मचारीले प्रयोग गर्ने कपडा तथा मण्डी उत्पादन भइरहेको। |
| १३४ | सबै प्रदेशमा कम्तीमा एक औद्योगिक क्षेत्र स्थापना गर्न, शुरु गरिएका औद्योगिक | • झापामा निर्माण हुने दमक औद्योगिक क्षेत्रको लागि हालसम्म १६१२-५-१५.७७ बिघा जग्गा प्राप्त |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | क्षेत्रको पूर्वाधार निर्माण कार्यलाई अघि बढाउन, निर्माणाधीन व्यापारिक मार्गलाई औद्योगिक कोरिडोरको रूपमा विकास गर्न र स्थानीय तहमा थप १३० औद्योगिक ग्राम स्थापना गरिनेछ। | भएको, विस्तृत परियोजना प्रतिवेदन स्वीकृत भएको, वातावरण प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत भई शिलान्यास भएको।<br>• मकवानपुरमा निर्माण हुने मयुरधाप औद्योगिक क्षेत्रको विस्तृत परियोजना प्रतिवेदन स्वीकृत भएको, वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको लागि क्षेत्र निर्धारण (SD) र कार्यक्षेत्रगत शर्त (TOR) स्वीकृत भएको र शिलान्यास भएको।<br>• बाँकेमा निर्माण हुने नौवस्ता औद्योगिक क्षेत्रको जग्गा प्राप्त भइसकेको, विस्तृत परियोजना प्रतिवेदन स्वीकृत भएको, वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत भएको, बस्ती व्यवस्थापन गर्न लगत संकलनका लागि सार्वजनिक सूचना प्रकाशित भएको र शिलान्यास भएको।<br>• चितवनमा निर्माण हुने शक्तिखोर औद्योगिक क्षेत्रको विस्तृत परियोजना प्रतिवेदन तथा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत भएको।<br>• कञ्चनपुरमा निर्माण हुने दैजी औद्योगिक क्षेत्रको विस्तृत परियोजना प्रतिवेदन स्वीकृति भएको, वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत भएको र शिलान्यास भएको।<br>• दाङमा निर्माण हुने लम्की औद्योगिक क्षेत्रको वातावरण प्रभाव मूल्याङ्कनको लागि क्षेत्र निर्धारण र कार्यक्षेत्रगत शर्त स्वीकृत भएको।<br>• सर्लाहीमा निर्माण हुने सागरनाथ औद्योगिक क्षेत्रको क्षेत्र निर्धारण र कार्यक्षेत्रगत शर्त वन तथा वातावरण मन्त्रालयमा पेश भएको। विस्तृत परियोजना प्रतिवेदन स्वीकृतको चरणमा रहेको।<br>• कास्कीको कोत्रे र दैलेखको चुप्रा औद्योगिक क्षेत्रको सम्भाव्यता अध्ययनसम्बन्धी कार्य शुरु भएको। कञ्चनपुरको दोधारा चाँदनी अन्तरदेशीय आर्थिक क्षेत्र निर्माणका लागि जग्गाको टुङ्गो लागेको। दाङको |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | लक्ष्मीपुरमा औद्योगिक क्षेत्र स्थापनाको लागि मन्त्रिपरिषदबाट स्वीकृति प्राप्त भएको।<br>• चालु आ.व. मा थप हुने १ सय ३० औद्योगिक ग्राम मध्ये २९ औद्योगिक ग्राम घोषणा गर्ने प्रस्ताव मन्त्रिपरिषद्बाट स्वीकृत भएको। उक्त औद्योगिक ग्रामका लागि २९ स्थानीय तहमा प्रति स्थानीय तह रू.९२ लाखका दरले जम्मा रकम रू.२६करोड ६८ लाख हस्तान्तरण गरिएको। |
| १३५ | रूग्ण तथा बन्द उद्योगलाई निजी क्षेत्र समेतको सहभागितामा थप लगानी, नवीन प्रविधिको प्रयोग र व्यावसायिक व्यवस्थापनको माध्यमबाट पुनरूत्थान गरिनेछ। सरकारी र निजी क्षेत्रको साझेदारीमा विशेष आर्थिक क्षेत्र र अन्तरदेशीय आर्थिक क्षेत्रको पूर्वाधार विकासका लागि सम्भाव्यता अध्ययन, जग्गा प्राप्ति, विद्युत पहुँच र सडक मार्ग निर्माणको कार्य सम्पन्न गरिनेछ। निर्माणाधीन विशेष आर्थिक क्षेत्रको निर्माण कार्यलाई निरन्तरता दिइनेछ। | • नेपाल सरकार मन्त्रिपरिषद्बाट गठित रूग्ण उद्योग अध्ययन समितिको प्रतिवेदन प्राप्त भएको।<br>• सिमरा विशेष आर्थिक क्षेत्र, बारामा प्रशासनिक भवनको निर्माणकार्य अन्तिम चरणमा रहेको, तटबन्ध निर्माण र कम्पाउण्डवाल निर्माण, ढल प्रशोधन प्लान्ट निर्माण कार्य भइरहेको।<br>• पाँचखाल विशेष आर्थिक क्षेत्र, काभ्रेपलाञ्चोकमा प्रशासनिक भवन निर्माण कार्य भइरहेको।<br>• भैरहवा विशेष आर्थिक क्षेत्र, रूपन्देहीको विद्युत् सबस्टेशन निर्माण र ट्रान्स्फर्मर जडानको लागि वहुवर्षीय खरिद गुरूयोजना स्वीकृतिको चरणमा रहेको। ढल प्रशोधन केन्द्र लगायतका भौतिक संरचना निर्माणको कार्य भइरहेको। |
| १३६ | आगामी वर्ष नवलपरासीको धौवादी फलाम खानीबाट उत्पादन शुरु गर्न पहुँच मार्ग निर्माण र मेसिनरी जडान गर्ने कार्य सम्पन्न गरिनेछ। सुर्खेतमा बहुमूल्य पत्थरको प्रशोधन केन्द्र स्थापना गरिनेछ। दैलेख र अन्य सम्भाव्य स्थानमा पेट्रोलियम पदार्थको उत्खनन गरिनेछ। सुन, तामा, युरेनियम, फलाम लगायत सम्भाव्य खनिज वस्तुको अन्वेषण तथा व्यवसायिक उत्पादनको सम्भाव्यता अध्ययन गरिनेछ। बैतडी | • धौवादी फलाम खानी स्थलसम्म १६ कि.मी. सडकको ट्र्याक खुलेको। सडक सुधार (ग्रावेलिङ्ग, टेवा पर्खाल, नाली , साइड कटिङ्ग) को कार्य भइरहेको। दोस्रो खानीस्थल सम्मको सडक निर्माणको लागि तयारी शुरु गरिएको।<br>• उदयपुरको कम्पुघाट-म्याग्नेसाइट अन्वेषण कार्यक्रम अन्तर्गत १५ वर्ग कि.मी. क्षेत्रमा प्रारम्भिक भौगर्भिक अन्वेषण कार्य र ३४ वटा नमुना (Grab samples) संकलन कार्य सम्पन्न भई रसायनिक परीक्षण प्रक्रियामा रहेको र विस्तृत भौगर्भिक अन्वेषणको लागि ३ सय मी. च्यानल स्याम्पलिङ कार्य सम्पन्न भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | तथा बझाङमा रासायनिक मलमा प्रयोग हुने फस्फोराईट अन्वेषण तथा उदयपुरको कम्पुघाटमा म्याग्नेसाइटको विस्तृत अध्ययन तथा अन्वेषण गरिनेछ। | • बैतडी फोस्फराइट अन्वेषणात्मक कार्यको १ सय ५० मी. अन्वेषणात्मक ड्रिलिङबाट संकलित नमुनाहरूको रसायनिक परीक्षण भई अन्तिम प्रतिवेदन प्राप्त भएको।<br>• गोरखा जिल्ला, ग्याजीको ५ वर्ग कि.मी. क्षेत्रमा तामा अन्वेषणको लागि भौगर्भिक सर्वेक्षण तथा भूभौतिक सर्वेक्षण कार्य सम्पन्न भएको।<br>• म्याग्दीको ओखरवोटमा ५ वर्ग कि.मी. क्षेत्रमा भौगर्भिक अन्वेषण कार्य सम्पन्न भई नमुना परीक्षणको तयारीमा रहेको।<br>• अर्घाखाँची जिल्लाको १० वर्ग कि.मी. क्षेत्रमा बहुमुल्य पत्थर (ज्यास्पर) सर्भे तथा सम्भाव्यता अध्ययन कार्य सम्पन्न भएको।<br>• वागमती प्रदेशको मरिन खोला क्षेत्रमा नदीजन्य निर्माण सामग्री सम्बन्धी खनिज अन्वेषणका लागि १० वर्ग कि.मी. क्षेत्रमा भौगर्भिक अन्वेषण तथा स्थलगत नमुना अध्ययन कार्य सम्पन्न भएको।<br>• पेट्रोलियम अन्वेषण परियोजनाबाट खनिज अन्वेषण प्रवर्द्धन कार्यको लागि डाटा प्याकेज तयार गरिएको।<br>• ड्रोनद्धारा पाल्पा, रोल्पा तथा तनहुँ जिल्लाका ६ वटा खानीको प्राविधिक तथा वातावरणीय अनुगमन कार्य सम्पन्न भएको। स्याङ्जा जिल्लाको नौडाँडा क्षेत्रमा विभागीय टोलीबाट भौगर्भिक अध्ययन र चिप स्याम्पल संकलन कार्य भइरहेको। |
| १३७ | दैनिक जनजीवनका अत्यावश्यक वस्तु, औषधी र स्वास्थ्य सामग्री एवं स्वदेशी कच्चा पदार्थ प्रयोग गरी आन्तरिक उत्पादन वृद्धि गर्न सामूहिक ट्रेडमार्क प्रयोग गर्न पाउने व्यवस्था शुरु गरिनेछ। सबै प्रदेशमा गुणस्तर तथा नापतौल कार्यालय स्थापना गरिनेछ। | • Nepal Tea, Nepal Coffee, Everest Big Cardamom र च्याङ्ग्रा पश्मीनाको सामूहिक ट्रेडमार्क दर्ता भएको तथा नेपाल जुट, नेपाल कार्पेट, Nep Coop Coffee, Jujudhau लगायत ५ वटा उत्पादनको सामूहिक ट्रेडमार्क दर्ता प्रक्रियामा रहेको। सबै प्रदेशमा गुणस्तर तथा नापतौल कार्यालय स्थापना भएको। |
| १३८ | औद्योगिक व्यवसाय प्रवर्द्धनका लागि स्थापित राष्ट्रिय उत्पादकत्व तथा आर्थिक | • औद्योगिक व्यवसाय प्रवर्द्धनका लागि स्थापित राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र र औद्योगिक |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | विकास केन्द्र र औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको पुनः संरचना गरी एकीकृत संस्थाको रूपमा सञ्चालन गरिनेछ। | व्यवसाय विकास प्रतिष्ठानको पुनःसंरचना गरी एकीकृत संस्थाको रूपमा सञ्चालनमा गर्ने सम्बन्धी अध्ययन प्रतिवेदनको मस्यौदा तयार भएको। |
| १३९ | वैदेशिक व्यापारमा हाल देखिएका अवरोध न्यून गर्दै निर्यात, आयात र आपूर्ति व्यवस्थालाई सुचारू गरिनेछ। विश्व बजारमा सम्भाव्य प्रतिस्पर्धी वस्तुको उत्पादन बढाई निकासी प्रवर्द्धन गरिनेछ। विलासी एवं स्वास्थ्य र वातावरणीय दृष्टिले हानिकारक बस्तुको आयातलाई निरूत्साहित गरिने छ। | • प्रमुख व्यापारिक साझेदार मुलुकसँगको व्यापारमा देखिएका अवरोध न्यून गर्दै निर्यात प्रवर्द्धन र आयात व्यवस्थापन गर्ने सम्बन्धमा प्रतिवेदन तयार भएको। प्रतिवेदनका सुझाव विभिन्न निकायसँगको समन्वयमा कार्यान्वयन प्रारम्भ भएको।<br>• नेपाल भारत वाणिज्य सह-सचिवस्तरमा हुने IGSC (Inter-Governmental Sub-committee) को बैठक सम्पन्न भएको। वाणिज्य सचिवस्तरमा हुने IGC (Inter Governmental Committee) बैठकको तयारी पुरा भएको।<br>• नेपाल र चीनको तिब्बत व्यापार सहजीकरण समितिको नवौं बैठकमा भएका सहमतिको कार्यान्वयन अवस्थाको समीक्षा सम्पन्न भएको।<br>• राष्ट्रिय व्यापार तथा पारवहन सहजीकरण समिति National Trade and Transport Facilitation Committee (NTTFC) को एउटा बैठक सम्पन्न भएको।<br>• अतिकम विकसित मुलुकका हैसियतले प्राप्त Tariff Preferences सुविधाको उपयोग गरी बङ्गलादेश, कम्बोडिया, संयुक्त अरब इमिरेटस, भुटान र भियतनाममा निर्यात वृद्धि गर्न देशगत रणनीति तर्जुमा गर्ने सम्बन्धमा अध्ययन कार्यदल गठन गरिएको।<br>• कोभिड-१९ ले नेपालको अन्तर्राष्ट्रिय व्यापारमा परेको प्रभाव र अतिकम विकसित मुलुक (LDCs) बाट स्तरोन्नतिका सन्दर्भमा आगामी दिनमा लिनुपर्ने नीतिको विषयमा अध्ययन प्रतिवेदन प्राप्त भएको। |
| १४० | कम तौल, उच्च मूल्य र तुलनात्मक तथा प्रतिस्पर्धात्मक लाभ भएका वस्तुको पहिचान गरी निर्यात प्रवर्द्धन गर्न कर | • निर्यातमा अनुदान प्रदान गर्ने कार्यविधि, २०७७ स्वीकृतिको लागि मन्त्रिपरिषद्मा पेश भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | सहुलियत तथा थप नगद प्रोत्साहन दिइनेछ। चिया, कफी, अर्गानिक तरकारी, पिउने पानी तथा जडीबुटीजन्य वस्तुको उत्पादनलाई ब्राण्डिङ्ग गरी निकासी गर्न प्रोत्साहन गरिनेछ। हिमाली र पहाडी क्षेत्रमा अर्गानिक उत्पादनमा जोड दिइनेछ। निकासी पैठारी संकेत नम्बर जारी गर्ने प्रणालीलाई थप सुदृढ बनाइ अन्य प्रणालीसँग अन्तर-आबद्ध गरिनेछ। | • अन्तर्राष्ट्रिय बजारमा नेपाली चियाको निर्यात प्रवर्द्धन गर्न र नेपाली चियाको गुणस्तर अन्तर्राष्ट्रिय स्तरअनुसारको बनाउने उद्देश्यका साथ विश्व व्यापार सङ्गठन अन्तर्गत रहेको Enhanced Integrated Framework (EIF) सँग Nepal's Increased Sustainable Tea Exports परियोजनाको समझदारीपत्रमा हस्ताक्षर भएको।<br>• प्राकृतिक स्रोतमा आधारित निकासीजन्य वस्तुहरूको सम्भाव्यता अध्ययन गर्ने सन्दर्भमा ढुङ्गा र काठको निकासी सम्भाव्यता सम्बन्धी अध्ययन प्रतिवेदन प्राप्त भएको।<br>• नेपाल व्यापार एकीकृत रणनीति (Nepal Trade Integration Strategy-NTIS), २०७३ ले पहिचान गरेका वस्तुहरूको समग्र मूल्य श्रृङ्खला विकासका लागि अदुवा, जडिबुटी र अलैंचीको परियोजना प्रस्ताव तयार भएको। |
| १४१ | नेपाली हस्तकलाको प्रचार, प्रसार र बजारीकरणमा सहयोग पुऱ्याउने तथा निर्यातयोग्य वस्तुको आपूर्ति प्रवर्द्धन गर्नको लागि काठमाडौंमा सार्कस्तरीय प्रदर्शनी स्थल निर्माण गरिनेछ। स्थानीय हस्तकलाको प्रवर्द्धन गर्नका लागि भृकुटी मण्डप लगायतका स्थानमा प्रदर्शनी कक्ष सञ्चालन गरिनेछ। | • चोभारमा निर्माण हुने अन्तर्राष्ट्रिय प्रदर्शनीस्थल निर्माणको लागि Detailed Project Report (DPR) तयार गर्न आवेदन गरेका फर्म/कम्पनीहरूको Request for Proposal (RFP) को मूल्याङ्कन गर्ने कार्य भइरहेको।<br>• काठमाडौंमा सार्कस्तरीय घरेलु प्रदर्शनी कक्षको भवन निर्माणको कार्य जग्गा विवाद अदालतमा विचाराधीन रहेकोले सो विवाद टुङ्गिएपछि भवन निर्माण काम अघि बढ्ने।<br>• उद्योग विभाग परिसर, काठमाडौंमा सार्क हस्तकला केन्द्र निर्माण (भवन निर्माण) कार्य सम्पन्न भई Landscaping को काम भइरहेको। |
| १४२ | विराटनगर र वीरगञ्जका सीमा नाकामा एकीकृत जाँच चौकी सञ्चालनमा आई व्यापार सहजीकरणमा योगदान पुगेको पृष्ठभूमिमा नेपालगञ्ज र भैरहवाका सीमामा समेत निर्माण कार्य अघि | • नेपालगञ्जमा मिति २०७७।०६।२६ गते एकीकृत जाँच चौकीको शिलान्यास भई निर्माण कार्य शुरु भएको।<br>• चोभारमा सुक्खा बन्दरगाह निर्माण कार्य ७० प्रतिशत ICB तर्फ र ६५ प्रतिशत NCB तर्फ सम्पन्न भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | बढाइनेछ। आगामी वर्ष चोभार र रसुवाको टिमुरेमा सुक्खा बन्दरगाहको निर्माण, कैलालीको हरैयामा विशेष आर्थिक क्षेत्र, कञ्चनपुरको दोधारा-चाँदनीमा सुक्खा बन्दरगाहको निर्माण र हुम्लाको यारी, मुस्ताङको कोरला, संखुवासभाको किमाथाङ्का तथा ताप्लेजुङको ओलाङचुङगोलामा व्यापार पूर्वाधार विकास कार्य अघि बढाइनेछ। | रसुवा सुक्खा बन्दरगाहको निर्माण कार्य हालसम्म १३ प्रतिशत सम्पन्न भएको।<br>• कैलालीको हरैया विशेष आर्थिक क्षेत्रको विस्तृत परियोजना प्रतिवेदन तयारीका लागि विज्ञसँग सम्झौता भई काम शुरु भएको।<br>• दोधारा चाँदनीमा सुक्खा बन्दरगाह निर्माणको लागि उक्त क्षेत्रमा रहेको गौरीशंकर र मायापुरी सामुदायिक वनको जग्गा यकिन भई करिब २ सय ८० बिघा जग्गाको भोगाधिकार प्राप्तिको कारवाही अघि बढाइएको। |
| १४३ | सार्क खाद्य सुरक्षा बैंक र राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा नेपालको तर्फबाट गर्नुपर्ने योगदान बढाइनेछ। आपूर्तिसम्बन्धी सार्वजनिक संस्थानको भण्डार क्षमता बढाई खाद्यवस्तुको सहज उपलब्धता र मूल्य नियन्त्रण गरिनेछ। संघ तथा सबै प्रदेशमा गरी ३ लाख १० हजार मेट्रिकटन क्षमताको भण्डारण गृह निर्माण तथा व्यावसायिक बिक्री कक्ष स्थापना गरिनेछ। सबै स्थानीय तहमा खाद्य भण्डार स्थापना गर्न प्रोत्साहित गरिनेछ। बिकट पहाडी तथा दुर्गम जिल्लामा खाद्यान्न र आयोडिनयुक्त नुन ढुवानी अनुदानलाई निरन्तरता दिइनेछ। | • सार्क खाद्य सुरक्षा बैंक र राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा मौज्दात व्यवस्था गर्न २७ हजार ३ सय १५ मे.टन खाद्यान्न खरिद भएको। तोकिएका २३ दुर्गम जिल्लाहरूमा ७ हजार ८ सय ९६ मेट्रिक टन खाद्यान्न ढुवानी भएको।<br>• राष्ट्रिय खाद्य सुरक्षा भण्डारण र सार्क खाद्य सुरक्षा बैंकमा गरी जम्मा ३१ हजार ९ सय ३२ मेट्रिक टन खाद्यान्न मौज्दात रहेको।<br>• दशैं, तिहार र छठ पर्वलाई लक्षित गरी उपभोक्तालाई दैनिक अत्यावश्यक उपभोग्य खाद्य वस्तुहरू सरल, सहज र सहुलियत मूल्यमा उपलब्ध गराउन विभिन्न स्थानमा सहुलियत पसल सञ्चालन गरिएको।<br>• १७ दुर्गम जिल्लाहरूको ५३ स्थानमा फागुन मसान्तसम्म ६१ हजार १ सय ९८ क्वीन्टल नुन ढुवानी गरिएको। |
| १४४ | स्वदेशी उद्योगलाई संरक्षण गर्न एण्टीडम्पिङ्ग र काउन्टरभेलिङ्ग शुल्कका माध्यमबाट आयात निरूत्साहित गरिनेछ। | • सेफगार्डस, एण्टी-डम्पिङ्ग तथा काउण्टरभेलिङ्ग नियमावली नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत भई २०७७ माघ ३ गतेबाट कार्यान्वयनमा आएको। |
| १४५ | आपूर्ति प्रणालीलाई सहज बनाई राख्न खाद्यान्न, इन्धन लगायत अत्यावश्यक वस्तुको पर्याप्त मौज्दात राख्ने, स्वास्थ्य | • आपूर्ति व्यवस्था सुदृढ बनाउन तथ्याङ्क प्रणालीको विकास गर्न Integrated Trade and Supply Management Information System (ITSMIS) सम्बन्धी सफ्टवेयर निर्माणको कार्य प्रारम्भ भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | सजगता अपनाई बिक्री वितरण गर्ने, होम डेलीभरि सेवालाई प्रोत्साहित गर्ने र बजार अनुगमनलाई सघन बनाउँदै अनुचित मूल्य वृद्धि, कृत्रिम अभाव तथा कालोबजारी नियन्त्रण गर्ने व्यवस्था गरी उपभोक्ता हित संरक्षण गरिनेछ। | • बजार माग, आपूर्ति र मौज्दात सम्बन्धमा प्रादेशिक तथा जिल्लागत अवस्थाको निरीक्षण र तथ्याङ्क संकलन गर्ने सम्बन्धमा मन्त्रालयको आपूर्ति व्यवस्था तथा उपभोक्ता हित संरक्षण महाशाखाका सहसचिवको संयोजकत्वमा समिति गठन भई समिति क्रियाशिल रहेको।<br>• अत्यावश्यक १० वटा वस्तुहरूको उत्पादन, आयात, निर्यात, खपत र सञ्चिति/मौज्दातको अवस्था बारे सम्बन्धित निकायबाट तथ्याङ्क संकलन तथा स्थलगत अध्ययनको कार्य भइरहेको।<br>• वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट २ हजार ४ सय ३९ वटा व्यवसायिक फर्ममा अनुगमन गरिएकोमा १ हजार २ सय २५ फर्म तथा कम्पनीलाई सुधारका लागि निर्देशन दिइएको, २९ फर्मको कारोवार रोक्का गरिएको, ८ सय १२ फर्मलाई जरिबाना गरिएको र रू.३ करोड ७३ लाख १५ हजार ३ सय ९२ मूल्य बराबरका उपभोग्य मिति समाप्त भएका वस्तुहरू नष्ट गरिएको।<br>• १७ वटा वस्तुको गुणस्तर परीक्षणका लागि नमुना संकलन गरी गुणस्तर तथा नापतौल विभागमा पठाइएको।<br>• सबै प्रदेश अन्तर्गतका उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, जिल्ला प्रशासन कार्यालय, महानगरपालिका र विभाग मातहतका कार्यालयहरूका ११६ जना बजार निरीक्षण अधिकृतहरूलाई बजार अनुगमनसम्बन्धी तालिम प्रदान गरिएको। |
| १४६ | नेपाल आयल निगम मार्फत पेट्रोलियम पाइपलाइन विस्तार, पेट्रोलियम भण्डारण तथा ग्याँस बोटलिङ प्लान्ट स्थापना गरिनेछ। | • अमलेखगञ्जदेखि चितवनको लोथरसम्म पेट्रोलियम पाइपलाइन परियोजना निर्माण गर्न सर्भे तथा एलाइनमेन्ट सम्पन्न भएको।<br>• सिलगुडी झापा पाइपलाइन परियोजना निर्माण गर्न पाइपलाइन रूट सर्भे सम्पन्न भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | • चितवनको लोथर र झापाको चार आलीमा पेट्रोलियम भण्डारण गृह निर्माण गर्न सर्भे सम्पन्न भएको।<br>• नेपालगञ्जमा पेट्रोलियम भण्डारण क्षमता अभिवृद्धि गर्ने सम्बन्धमा जग्गा प्राप्तिको कार्य प्रारम्भ भएको।<br>• झापा र धनुषामा ग्याँस बोटलिङ प्लान्ट र भण्डारण निर्माण गर्न अध्ययन प्रारम्भ भएको।<br>• निगमको स्वामित्वमा २० स्थानमा पेट्रोल पम्प निर्माण गर्ने सम्बन्धमा समिति गठन भई जग्गा खोजी कार्य अघि बढाइएको। |
| १४७ | छिमेकी मुलुकसँगको वाणिज्य तथा व्यापार सन्धिको पुनरावलोकन गरी नेपाली वस्तुको निर्यात सहज बनाइनेछ। कूटनीतिक नियोग तथा द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय संयन्त्रको उपयोग गरी नेपाली वस्तुको अन्तर्राष्ट्रिय व्यापार विस्तार गरिनेछ। | • भारतसँगको पारवहन सन्धि पुनरावलोकनको लागि मस्यौदा तयार गरी हस्ताक्षरको लागि भारतीय पक्षलाई पठाइएको।<br>• नेपाल भारत वाणिज्य सन्धि पुनरावलोकन गर्ने सम्बन्धमा भारतसँग हुने चौथो चरणको वार्ताको पूर्व तयारी गरी बैठक सम्पन्न भई भारतीय पक्षलाई पठाउने अवधारणपत्र तयार भएको।<br>• भारतसँगको रेल्वे सेवा सम्झौता संशोधनको मस्यौदा तयार भई पत्राचार भएको।<br>• बिराटनगर-जोगवनी-कलकत्ता, वीरगञ्ज-रक्सौल-कलकत्ता, काकडभित्ता-पानीट्याङ्की-बङ्गलाबन्ध पारवहन रूटको प्रोफाइल तयार भइरहेको।<br>• बंगलादेशसँगको सौविध्यपूर्ण व्यापार सम्झौताको मस्यौदामा नेपाल-बंगलादेश वाणिज्य सहसचिव र सचिवस्तरीय संयन्त्रको छैटौं बैठकमा छलफल भएको। मस्यौदामा सम्बन्धित निकायको राय संकलन गरी नेपाली पक्षको राय तयार भइरहेको।<br>• भुटानसँगको सौविध्यपूर्ण व्यापार सम्झौताको मस्यौदामा भुटानको राय/प्रतिक्रियाका लागि पठाइएको। |
| १४८ | मित्रराष्ट्र चीनसँगको पारवहन सुविधा अन्तर्गत नेपाललाई उपलब्ध चारवटा सामुद्रिक र तीनवटा स्थल बन्दरगाहको | • मित्रराष्ट्र चीनसँगको पारवहन सुविधाको उपयोग गरी चिनियाँ बन्दरगाह (चार सामुद्रिक र तीन सुक्खा) बाट तेस्रो मुलुकसँगको व्यापार बिस्तार गर्ने सम्बन्धमा |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | उपयोग गरी तेस्रो मुलुकसँगको व्यापार विस्तार गरिनेछ। यसका लागि आवश्यक कानुनी व्यवस्था मिलाइनेछ। | नेपाल-चीन वाणिज्य सह-सचिवस्तरमा भर्चुअल बैठक सम्पन्न भई व्यापार र पारवहन सहजीकरणका विषयमा छलफल भएको। बन्दरगाह प्राधिकरण सम्बन्धी कानुनको मस्यौदा तयार भएको। |

## ७. चालु आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू :

<u>स्वीकृत भई कार्यान्वयनमा आएका कानुन/कार्यविधि/निर्देशिकाहरू :</u>

- औद्योगिक व्यवसाय ऐन, २०७६ को अनुसूचीमा संशोधन,
- विदेशी लगानी तथा प्रविधि हस्तान्तरणसम्बन्धी ऐन, २०७५ को अनुसूचीमा संशोधन,
- पेट्रोलियम पदार्थ तथा ग्याँस मूल्य स्थिरीकरण कोष (सञ्चालन) नियमावली, २०७१ को (दोश्रो संशोधन) २०७७,
- प्राइभेट फर्म रजिष्ट्रेशन (तेह्रौं संशोधन) नियमावली, २०७७,
- विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली, २०७७,
- स्टान्डर्ड नाप र तौल (मोहरबन्द प्याकेज) नियमावली, २०७६, पहिलो संशोधन,२०७७,
- सेफगार्डस, एण्टी-डम्पिङ्ग तथा काउण्टरभेलिङ्ग नियमावली, २०७७,
- पाइपलाइनबाट पेट्रोलियम पदार्थको ढुवानी (सुरक्षा तथा नियमन) आदेश, २०७७,
- गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) सञ्चालन निर्देशिका २०७७ ,
- सीपमूलक क्षमता अभिवृद्धि तथा उद्यमशीलता निर्देशिका, २०७७,
- बजार अनुगमन सम्बन्धी निर्देशिका २०७७,
- उत्पत्तिको प्रमाणपत्र जारी गर्ने सम्बन्धी कार्यविधि, २०७७,
- उत्पादनशील उद्योगका लागि विदेशी श्रमिक ल्याउने सम्बन्धी कार्यविधि, २०७७,
- बजार अनुगमन टोलीको आचार संहिता, २०७७,
- औद्योगिक ग्राम घोषणा तथा सञ्चालनसम्बन्धी कार्यविधि,२०७५ को (पहिलो संशोधन २०७७),
- नवप्रवर्तन शुरुवाती पुँजी कर्जा प्रवाह कार्यविधि, २०७७,
- लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन तालिम कार्यक्रम सञ्चालन कार्यविधि, २०७७।

<u>उद्योगतर्फः</u>

- अत्तरिया धनगढी औद्योगिक कोरिडोरको सम्भाव्यता अध्ययन (मास्टर प्लान ले आउट समेत) भइरहेको। हिमाल, पहाड र तराईको लागि ३ वटा नमुना औद्योगिक ग्रामको मास्टरप्लान लेआउट तयार गर्ने कार्य भइरहेको।
- **ग्रामीण उद्यम तथा विप्रेषण परियोजना (समृद्धि)बाट** ११ हजार ५ सय ५० जनालाई वित्तीय साक्षरता तालिम प्रदान गरिएको, १० हजार ५ सय व्यक्तिलाई वित्तीय शिक्षा तथा व्यवसायिक ज्ञानसम्बन्धी ३५ हप्ते प्रशिक्षण सञ्चालन गरिएको। २४ वटा ग्रामीण सहकारी संस्थालाई साना किसान विकास बैंकबाट थोक कर्जा उपलब्ध गराइएको।

- औद्योगिक व्यवसाय विकास प्रतिष्ठानबाट ३ वटा प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गरी ८३ जना प्रशिक्षक तयार गरिएको। ५९ जना युवा तथा महिलाका लागि उद्यमशीलता विकास तालिम सम्पन्न भएको। Economic Policy Incubator (EPI) सँग सम्बन्धित विभिन्न ४ वटा विषयमा अध्ययन गरी प्रतिवेदन प्राप्त गर्न प्राविधिक सहयोग सम्बन्धी (Technical Assistance) सम्झौता सम्पन्न भएको।
- औद्योगिक व्यवसाय ऐन २०७६ मा व्यवस्था भएको संस्थागत सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) सम्बन्धी अध्ययन कार्यको अवधारणपत्र र कार्यदिश तयार गरेको।
- कोभिड-१९ महामारीको समयमा उद्योग वाणिज्य तथा आपूर्ति क्षेत्रले पालना गर्नु पर्ने स्वास्थ्य सुरक्षा मापदण्ड (Protocol) तथा अनुगमन सूचक तयार गरी सबै प्रदेश, स्थानीय तह र सम्बन्धित अन्य निकायमा कार्यान्वयनका लागि पठाइएको। कोभिड-१९ महामारीको समय र महामारी पछिको समयमा उद्योग व्यवसाय, लगानी तथा निजी क्षेत्रको विकास र वृद्धि सम्बन्धी रणनीतिको प्रारम्भिक मस्यौदा तयार भएको।
- विदेशबाट अल्पकालका लागि प्राविधिक ल्याउन अनुमति दिने सम्बन्धी कार्यविधि, २०७७ जारी गरी सहजीकरण गरिएको। नेपालमा चार पाङ्ग्रे र दुई पाङ्ग्रे सवारी साधनहरूको एसेम्बलीङ्ग उद्योग स्थापना र सञ्चालनमा सरकार र अन्य पक्षले गर्नु पर्ने पहलका बारेमा कार्ययोजनासहित सिफारिस गर्न समिति गठन भई समितिमार्फत कार्य भइरहेको।
- एकल बिन्दु सेवा केन्द्रलाई अधिकार सम्पन्न तुल्याउने सम्बन्धमा राष्ट्रिय विकास समस्या समाधानको समितिको बैठकबाट निर्णय भए अनुसार उद्योग विभागले कार्ययोजना तयार गरेको।
- वैदेशिक लगानीको अवस्था, समस्या र समाधानका लागि गरिनुपर्ने पहल सम्बन्धमा अध्ययन प्रतिवेदन तयार भएको। औद्योगिक विकास र वैदेशिक लगानीको क्षेत्रका थिङ्क टयाङ्क, अनुसन्धान संस्था, शिक्षाविद् र अन्य सम्बन्धित एजेन्सीको सहकार्यमा नीति सुधारका लागि Discussion Series शुरु गरिएको। व्यवसायिक वातावरणमा सुधारका लागि कार्ययोजना सहितको प्रतिवेदन तयार गरेको।
- चालु आ. व. मा ५ वटा डिजाइन दर्ता सहित हालसम्म २ सय ६ डिजाइन दर्ता भएका र १ हजार २ सय ३० ट्रेडमार्क दर्ता भई हालसम्म ५१ हजार ८ सय ८१ ट्रेडमार्क दर्ता भएको।
- १६ जना सहभागीलाई पेटेन्ट तथा ट्रेडमार्क सम्बन्धी क्षमता अभिवृद्धि तालिम प्रदान गरिएको। एकल बिन्दु सेवा केन्द्रमा समेत विदेशी लगानीका कम्पनी दर्ता गर्न सकिने व्यवस्था गरिएको। २० हजार ७ सय ४८ कम्पनी दर्ता भई हालसम्म जम्मा २ लाख ५६ हजार ४ सय ९३ कम्पनी दर्ता भएको।
- ३२ वटा वस्तुमा नेपाल गुणस्तर (Nepal Standard) इजाजत प्रदान गरिएको, थप ३१ वटा वस्तु तथा सेवामा गुणस्तर परिषदबाट नेपाल गुणस्तर (Nepal Standard) को स्वीकृति प्रदान गरिएको। १ हजार ५ सय २३ वटा विभिन्न वस्तुको नमुना परीक्षण गरिएको तथा १ हजार ६७ वटा नाप्ने तौलने यन्त्रको क्यालिब्रेसन गरिएको।

**वाणिज्य तथा आपूर्तितर्फः**

- भैरहवा एकीकृत जाँच चौकी (Integrated Check point-ICP) निर्माणका लागि जग्गा अधिग्रहण भएको। केन्द्रीय कृषि प्रयोगशाला भवन निर्माण सम्पन्न भएको र फर्निसिङको कार्य भइरहेको।

- मिति २०७७।०४।२१ देखि अनलाइन सिस्टमबाट प्राइभेट फर्मको दर्ता, नवीकरण, संशोधन तथा खारेजी सेवा प्रारम्भ गरिएको। साथै साझेदारी फर्म, एजेन्सी, कम्पनीको व्यापार अनुमति प्रदान गर्ने कार्य समेत पूर्ण रूपमा अनलाइन प्रणालीबाट प्रारम्भ गरिएको। स्थानीय व्यापारमूलक उद्देश्य भएको प्राइभेट तथा साझेदारी फर्म दर्ताको कार्य वागमती प्रदेश अन्तर्गत घरेलु तथा साना उद्योग कार्यालय काठमाडौं, ललितपुर र भक्तपुरमा हस्तान्तरण भएको।
- राष्ट्रिय व्यापारमा सहजीकरण गरी समय र लागत कम गर्न एकद्वार प्रणालीको कार्यान्वयन शुरु गरिएको। तेस्रो मुलुकबाट प्रतीतपत्र बाहेक अन्य भुक्तानीका माध्यमबाट पैठारी हुने मालवस्तुको NOC जारी गर्ने कार्यलाई सरल र सहज बनाउन Online Import Export Registration & Management System लागु गरिएको।
- सुर्खेतका २२ जना उद्यमी व्यवसायीलाई सम्भाव्य अन्तर्राष्ट्रिय बजार विश्लेषण तथा खोजीसम्बन्धी ४ दिने आवासीय तालिम प्रदान गरिएको। नेपालबाट निर्यात हुने धातुजन्य हस्तकलाका वस्तु उत्पादनमा संलग्न २० जना उद्यमी/व्यवसायीलाई सहभागी गराई ज्येष्ठ कालिगढ/कलाकारबाट ज्ञान सीप हस्तान्तरण सम्बन्धी १५ दिने तालिम सञ्चालन गरिएको। नेपाल निर्यात परिषदसँग सहकार्य गरी मिति २०७७ पुस २२ गते "नेपालको सान नेपाली वस्तुको अन्तर्राष्ट्रिय पहिचान" नारासहित निर्यात दिवस मनाइएको।

## ८. आर्थिक वर्ष २०७६/७७ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू :

<u>स्वीकृत भई कार्यान्वयनमा आएका कानुन/कार्यविधि/निर्देशिका:</u>

- औद्योगिक व्यवसाय ऐन, २०७६,
- सेफ गार्डस् एण्टी डम्पिङ्ग तथा काउन्टर भेलिङ्ग ऐन, २०७६,
- औद्योगिक व्यवसाय विकास प्रतिष्ठान ऐन, २०५३ मा पहिलो संशोधन, २०७६,
- वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) नियमावली, २०७६,
- प्राइभेट फर्म रजिष्ट्रेशन (बाह्रौं संशोधन) नियमावली, २०७६,
- उपभोक्ता संरक्षण नियमावली, २०७६,
- स्टेण्डर्ड नाप र तौल (मोहरबन्द प्याकेज) ऐन, २०७६,
- मन्त्रालय अन्तर्गतका संस्थान तथा निकायमा कार्यकारी प्रमुख नियुक्ति सम्बन्धी मापदण्ड, २०७६।

<u>उद्योगतर्फ:</u>

- भैरहवा सेजमा कुल ६२ मध्ये ४१ वटा प्लट विभिन्न उद्योगले लिएको। उक्त ४१ मध्ये ४ वटा सञ्चालनमा आइसकेको र ५ वटा उद्योग निर्माणको चरणमा रहेको। झापाको दमक औद्योगिक क्षेत्र बिस्तार गरी १ हजार ४ सय ८२ बिघा जग्गाको स्वामित्व औद्योगिक क्षेत्रको नाममा कायम भएको। China Nepal Friendship Industrial Park बाट विस्तृत परियोजना प्रतिवेदन तयारीको कार्य सम्पन्न भएको। औद्योगिक क्षेत्र भित्र परेका जग्गाका जग्गाधनीलाई मुआब्जा वितरण कार्य भइरहेको। दमक क्लिन इन्डष्ट्रीयल पार्क प्रा.लि. लाई करिब रू.६४ अर्ब ४१ करोडको विदेशी लगानी स्वीकृत भएको।४५

वटा औद्योगिक ग्राम घोषणा भएको र सो मध्ये ४३ ओटा औद्योगिक ग्रामलाई प्रति औद्योगिक ग्राम रू.९२ लाखका दरले रकम हस्तान्तरण भएको।

- उद्योग विभागमा २ सय ७७ उद्योग दर्ता भएको। दर्ता भएका उद्योगको कूल पुँजी रू.१५ हजार २ सय ६२ करोड रहेको जसबाट १७ हजार ३ सय ८८ रोजगारी सिर्जना गर्ने प्रतिबद्धता रहेको।३६ हजार २ सय ५० घरेलु तथा साना उद्योग दर्ता भई १२ हजार ३ सय लघु उद्यमी सिर्जना भएको।
- उद्योग विभागबाट विदेशी लगानीका २ सय २९ उद्योगले अनुमति लिई रू.३८ लाख ८७ हजार ५१ लाख विदेशी लगानी ल्याउने गरी अनुमति प्राप्त गरेका जसबाट ११ हजार २ सय ९७ रोजगारी सिर्जना गर्ने प्रतिबद्धता रहेको।
- Ease of Doing Business मा नेपालको अवस्था सुधार भई १ सय १० स्थानबाट ९४ स्थानमा उक्लिएको। लगानीमैत्री वातावरण सिर्जना गरी वैदेशिक लगानी प्रवर्द्धन गर्ने उद्देश्य सहित एकल बिन्दु सेवा केन्द्र सञ्चालनमा आएको। लगानीकर्ता सहजीकरण केन्द्र सञ्चालनमा आएको।२२ वटा उद्योगलाई लगानी तथा आर्जित रकम फिर्ता लैजान स्वीकृति प्रदान गरिएको। उच्चस्तरीय लगानी नीति मञ्च गठन भएको।
- गोरखकाली रबर उद्योगको अनिवार्य अवकाश दायित्व भुक्तानी भएको। सो उद्योग सञ्चालन गर्न प्राविधिक पक्ष समेत विश्लेषण गरी मोडालिटी तयार गरिएको। सञ्चालनमा रहेका र नरहेका सबै सरकारी उद्योगको जग्गा र सम्पत्तिको अभिलेख दुरूस्त गरिएको।
- उद्यमशीलता विकास प्रशिक्षक प्रशिक्षण कार्यक्रम सम्पन्न गरी ४७ जना प्रशिक्षक तयार लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र सञ्चालनमा आएको।
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) अन्तर्गत १० हजार ७ सय ७० जना नयाँ उद्यमी सिर्जना गरिएको, ५ हजार २ सय ७२ जना उद्यमीको स्तरोन्नति गरिएको ३९ हजार ७ सय ६९ जनालाई उद्यमशीलता तथा सीप विकास तालिम प्रदान गरिएको १५ हजार ४ सय ५२ नयाँ रोजगारी सिर्जना भएको।
- कम्पनी दर्ता र कम्पनी प्रशासन अनलाइनबाट शुरु गरिएको। सेवाग्राहीलाई एस.एम.एस. मार्फत सेवाको जानकारी दिने व्यवस्था गरिएको। कम्पनी दर्ता र कम्पनी प्रशासनका कार्य पूर्ण अटोमेशनमा लैजाने गरी कम्पनी रजिष्ट्रार कार्यालयको वेबसाइट अपडेट गरिएको।
- पर्वतको फलामखानीमा २५ वर्ग कि.मी. क्षेत्रको फलाम खानीको भू-भौतिक सर्वेक्षण कार्य सम्पन्न भएको। तनहुँको आवुखैरेनीमा तामाखानीको २५ वर्ग कि.मी भू-भौतिक सर्वेक्षण सम्पन्न भएको। तनहुँको मिनामकोट पोलिमेटल ३१ वर्ग कि.मी. इ.आर.टि. सर्वेक्षण सम्पन्न भई तथ्याङ्क प्रशोधन भइरहेको।
- दैलेखको चुप्रामा करिब ४ सय वर्ग कि.मी. क्षेत्रमा खानी तथा भूगर्भ विभाग र चिनियाँ कम्पनीले पेट्रोलियम पदार्थको अन्वेषण सम्पन्न गरी ड्रिलिङ गरिरहेको। जाजरकोटमा बहुमुल्य पत्थरको अन्वेषणात्मक सर्भे सम्पन्न भएको। ओखलढुङ्गाको खानीडाँडा तामाखानीको २५ वर्ग कि.मी क्षेत्रमा भू-भौतिक सर्भे सम्पन्न भएको।
- ३ हजार ८० वटा वस्तुको ट्रेडमार्क दर्ता भएको। नेपाल गुणस्तर परिषदबाट थप ४८ वटा वस्तुमा नेपाल गुणस्तर (Nepal Standard) पारित भएको।५२ वटा उद्योगका उत्पादनलाई नेपाल गुणस्तर इजाजत

प्रदान गरिएको। कोभिड-१९ ले सिर्जना गरेको चुनौतीलाई ध्यानमा राखी मास्क, पन्जा, पी.पी.ई. लगायत स्वास्थ्य सुरक्षासँग सम्बन्धित वस्तुमा नेपाल गुणस्तर निर्धारण भएको।

**वाणिज्यतर्फः**

- विराटनगर एकीकृत जाँच चौकीको नेपाल र भारतका सम्माननीय प्रधानमन्त्रीहरूबाट २०७६।१०।०७ गते भिडियो कन्फेरेन्सबाट सामूहिकरूपमा उद्घाटन भई सञ्चालनमा आएको। भैरहवा एकीकृत जाँच चौकी (ICP) निर्माणको लागि Initial Environment Examination (IEE) कार्य सम्पन्न भएको। नेपालगन्जमा एकीकृत जाँच चौकी निर्माणको लागि IEE कार्य सम्पन्न भएको। वीरगञ्ज एकीकृत जाँच चौकीमा पार्किङ यार्ड निर्माण कार्य ६० प्रतिशत पूरा भएको।
- भारतको कोलकातामा कन्टेनर फ्रेट स्टेशन निर्माण सम्पन्न भई सञ्चालनमा आएको। तातोपानी सुक्खा बन्दरगाह मिति २०७६।३।१३ देखि सञ्चालनमा आएको र सोको व्यवस्थापनका लागि नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनीलाई तोकिएको।
- अमलेखगञ्ज-रक्सौल-मोतिहारी खण्डको पेट्रोलियम पाइप लाइनको मिति २०७६।०५।२४ गते नेपाल र भारतका सम्माननीय प्रधानमन्त्रीज्यूहरूबाट Video Conference मार्फत संयुक्त रूपमा उद्घाटन भई सञ्चालनमा आएको। पेट्रोलियम पाइपलाइनबाट आयात गरिने पेट्रोल भण्डारणको लागि नेपाल आयल निगमको अमलेखगञ्ज डिपोमा ८ हजार २ सय के.एल. क्षमताको भण्डारण टैंक निर्माणका लागी ईण्डियन आयल कर्पोरेशनसँग सम्झौता भएको। नेपाल आयल निगमबाट झापा, चितवन, सर्लाही र रूपन्देहीमा पेट्रोलियम पदार्थ भण्डारणको लागि निर्माण कार्य अघि बढाइएको।
- नेपाल-भारत व्यापार सम्झौता द्विपक्षीय सन्धिको पुनरावलोकन सम्बन्धी तेस्रो बैठक सम्पन्न भएको। नेपाल-भारत रेल सेवा सम्झौता वार्ता सम्पन्न भएको। सन् २०२७ सम्मलाई नवीकरण भएको नेपाल-भारत पारवहन सन्धिमा जलमार्ग समाहित गर्न भारत सहमत भएको। भारतसँग पारवहनसम्वन्धी सहसचिवस्तरीय द्विपक्षीय बैठक सम्पन्न भएको। जलमार्गसम्वन्धी सचिवस्तरीय भ्रमण टोलीबाट भारतका जलमार्गको अवलोकन गरी भारतीय पदाधिकारीसँग छलफल भएको।
- भर्चुअल विधिबाट २०२० मार्च २१ मा South Asian Free Trade Area (SAFTA) बैठक सम्पन्न भएको। २०२० मार्च ३-४ मा बंगलादेशमा सम्पन्न वाणिज्य सचिवस्तरीय व्यापार तथा पारवहन बैठकमा २ वटा समझदारीपत्र (MOU) मा हस्ताक्षर भएको। नेपाल र चीनबीच भएको पारवहन ढुवानी सम्झौता र सोको प्रोटोकल कार्यान्वयन गर्न चिनियाँ राजदुतावाससँग समन्वय गरी चिनियाँ पक्षसँग फोनवार्ता गरी लकडाउन अवधिमा नै तातोपानी नाका सञ्चालनमा आएको।
- निकासीयोग्य वस्तुको अन्तर्राष्ट्रिय व्यापार अभिवृद्धि गर्न आवश्यक अध्ययन अनुसन्धान कार्यको लागि विज्ञ समूहको गठन भएको। निर्यातमा नगद अनुदानको प्रभावसम्वन्धी अध्ययन प्रतिवेदन प्राप्त भएको।
- सम्माननीय प्रधानमन्त्रीज्यूबाट विभिन्न १३ वटा विधामा निर्यात प्रवर्द्धन, लगानी वृद्धि तथा रोजगारी अवसरको सिर्जना गर्ने २५ व्यवसायी संघ संस्था र सो संस्थाको प्रतिनिधिलाई महत्त्वपूर्ण व्यवसायिक व्यक्ति (CIP) को सम्मान प्रदान गरिएको।

- खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडबाट खाद्यान्नको अनलाइन डेलीभरि सेवा शुरु भएको। कर्णाली अञ्चलका जिल्लामा जन्म मृत्युमा निःशुल्क रूपमा २० के.जी. चामल उपलब्ध गराउने कार्यक्रम अन्तर्गत कुल ९२.२ मेट्रिक टन खाद्यान्न उपलब्ध गराइएको।

## ९. आर्थिक वर्ष २०७६/७७ को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०७०००११३ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | १३०७२३ | १२२५२७ | ९३.७३ |
| ३०७०००१२३ | केन्द्रीय कारागार कारखाना | १०४०० | ४२५९ | ४०.९५ |
| ३०७०००१३३ | सैनिक सामग्री उत्पादन निर्देशनालय | १४२१०६ | १२२४०० | ८६.१३ |
| ३०७०००१४३ | खाद्यान्न ढुवानी कार्यक्रम (नेपाल खाद्य संस्थान) | ५८७५०० | ५८७५०० | १०० |
| ३०७००१०१३ | औद्योगिक पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक क्षेत्र समेत) | २३६०० | १९६७९ | ८३.३८ |
| ३०७००१०२३ | औद्योगिक लगानी प्रवर्द्धन कार्यक्रम | २७५०० | २१८५९ | ७९.४९ |
| ३०७००१०३३ | कण्ठरोग नियन्त्रण कार्यक्रम (नेपाल साल्ट ट्रेडिङ्ग लिमिटेड) | १७९२५० | १७९२५० | १०० |
| ३०७००१०४३ | व्यापार सूचना तथा निर्यात सहयोग आयोजना- बहुपक्षीय तथा क्षेत्रीय व्यापार सुदृढीकरण | ४१३०० | १८४३३ | ४४.६३ |
| ३०७००१०५३ | नेपाल भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजना | १३२३०० | ३२९२२ | २४.८८ |
| ३०७००१०९३ | ग्रामीण उद्यम तथा विप्रेषण परियोजना (समृद्धि) | १३७३२१३ | ३८५१३३ | २८.०५ |
| ३०७०१०११३ | उद्योग विभाग | ७३४६०० | ६९६७८३ | ९४.८५ |
| ३०७०२०११३ | खानी तथा भूगर्भ विभाग | ९२९५३ | ८७८३१ | ९४.४९ |
| ३०७०२१०१३ | खनिज अन्वेषण तथा विकास आयोजना | ९२०० | ७९१८ | ८६.०७ |
| ३०७०२१०२३ | पेट्रोलियम अन्वेषण परियोजना | १०३१८ | ९४०३ | ९१.१३ |
| ३०७०२१०३३ | भू-वैज्ञानिक सर्वेक्षण तथा अनुसन्धान आयोजना | १०८०० | ९६१९ | ८९.०७ |
| ३०७०३०११३ | नेपाल गुणस्तर तथा नापतौल विभाग | ६९०९५ | ६३४५० | ९१.८३ |
| ३०७०३०१२३ | गुणस्तर तथा नापतौल कार्यालयहरू | ८०९७४ | ५४१३४ | ६६.८५ |
| ३०७०४०११३ | कम्पनी रजिष्ट्रारको कार्यालय | ४७३३२ | ४०५३६ | ८५.६४ |
| ३०७०५०११३ | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग | ६६८२० | ४९१०६ | ७३.४९ |
| ३०७०५०१२३ | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयहरू | ३८५०९ | ३२४८९ | ८४.३७ |
| ३०७६१०११३ | औद्योगिक व्यवसाय विकास प्रतिष्ठान | १६६६३ | १४२९३ | ८५.७८ |
| ३०७८१०११३ | व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | १०४७०० | ७३७८५ | ७०.४७ |
| ३०७८१०१३३ | घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्र | ३०७४४ | २०४६८ | ६६.५८ |
| ३०७८१०१४३ | घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र | २३७५७ | ११०१२ | ४६.३५ |
| | **कुल जम्मा** | **३९८४३५३** | **२६६४७८४** | **६६.८१** |

पुँजीगत खर्च (रू. हजारमा)

| ब.उ.शी.नं | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०७०००११४ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | १०८०० | ९३९० | ८६.९४ |
| ३०७०००१२४ | केन्द्रीय कारागार कारखाना | १५०० | १४८९ | ९९.२४ |
| ३०७०००१३४ | सैनिक सामग्री उत्पादन निर्देशनालय | १२३५६९ | ६९७१६ | ५६.४२ |
| ३०७००१०१४ | औद्योगिक पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक क्षेत्र समेत) | १३३४३०० | ७१५५६८ | ५३.६३ |
| ३०७००१०५४ | नेपाल भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजना | ३०२६३०० | ४७७८५९ | १५.७९ |
| ३०७००१०९४ | ग्रामीण उद्यम तथा विप्रेषण परियोजना (समृद्धि) | ३८४८७ | ३०८०२ | ८०.०३ |
| ३०७०१०११४ | उद्योग विभाग | ९७८९९ | ५९२४६ | ६०.५२ |
| ३०७०२०११४ | खानी तथा भूगर्भ विभाग | २६७०० | ११६७७ | ४३.७४ |
| ३०७०२१०१४ | खनिज अन्वेषण तथा विकास आयोजना | ६४१५० | २५६२३ | ३९.९४ |
| ३०७०२१०२४ | पेट्रोलियम अन्वेषण परियोजना | १०२७५ | ८१७१ | ७९.५३ |
| ३०७०२१०३४ | भू-वैज्ञानिक सर्वेक्षण तथा अनुसन्धान आयोजना | १६७०० | ९४३१ | ५६.४८ |
| ३०७०३०११४ | नेपाल गुणस्तर तथा नापतौल विभाग | २२२०० | ३१३८ | १४.१४ |
| ३०७०३०१२४ | गुणस्तर तथा नापतौल कार्यालयहरू | २६५०० | १५५८३ | ५८.८० |
| ३०७०४०११४ | कम्पनी रजिष्ट्रारको कार्यालय | १४४०० | ९७८९ | ६७.९८ |
| ३०७०५०११४ | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग | ११७०० | ७३०० | ६२.३९ |
| ३०७०५०१२४ | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयहरू | १९०० | १८८२ | ९९.०८ |
| ३०७६१०११४ | औद्योगिक व्यवसाय विकास प्रतिष्ठान | ५०० | १५२ | ३०.४३ |
| ३०७८१०११४ | व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | ८५०० | ५६१६ | ६६.०७ |
| ३०७८१०१३४ | घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्र | २६५५ | २१३२ | ८०.३ |
| ३०७८१०१४४ | घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र | ५०९४५ | २६७ | .५२ |
| | **कुल जम्मा** | **४८८९९८०** | **१४६४८३१** | **२९.९५** |

## १०. चालु आर्थिक वर्ष २०७७/७८ को खुद बजेट तथा फागुन मसान्तसम्मको खर्चको अवस्थाः

चालु (रू. हजारमा)

| ब.उ.शी.नं | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०७०००११३ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | १६३३५८६ | ७४८०८ | ४.५८ |
| ३०७०००१२३ | केन्द्रीय कारागार कारखाना | १०६०० | २४३९ | २३.०१ |
| ३०७०००१३३ | सैनिक सामग्री उत्पादन निर्देशनालय | १३८४०० | २५००९ | १८.०७ |
| ३०७०००१४३ | नेपाल खाद्य तथा व्यापार कम्पनी लिमिटेड | ५८७५०० | ३६७५०१ | ६२.५५ |
| ३०७००१०१३ | औद्योगिक पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक क्षेत्र समेत) | २७४०० | १०२२८ | ३७.३३ |
| ३०७००१०२३ | औद्योगिक लगानी प्रवर्द्धन कार्यक्रम | ३४१०० | २६५३७ | ७७.८२ |

| ब.उ.शी.नं | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०७०००१०३३ | कण्ठरोग नियन्त्रण कार्यक्रम (नेपाल साल्ट ट्रेडिङ्ग लिमिटेड) | १७३३०० | १२५०३० | ७२.१५ |
| ३०७०००१०४३ | व्यापार सूचना तथा निर्यात सहयोग आयोजना- बहुपक्षीय तथा क्षेत्रीय व्यापार सुदृढीकरण | ५९२४४ | २४९७ | ४.२१ |
| ३०७०००१०५३ | नेपाल भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजना | १०६६०० | १४१४८ | १३.२७ |
| ३०७०००१०९३ | ग्रामीण उद्यम तथा विप्रेषण परियोजना (समृद्धि) | ८०८८०० | ११६८६३ | १४.४५ |
| ३०७०००११०३ | रणनीतिक सडक सञ्जाल तथा व्यापार सुधार आयोजना | १०५०० | ० | ०.०० |
| ३०७०१०११३ | उद्योग विभाग | ९६३७०० | ८२९४१० | ८६.०७ |
| ३०७०२०११३ | खानी तथा भूगर्भ विभाग | १०८५०० | ५२४११ | ४८.३१ |
| ३०७०२१०१३ | खनिज अन्वेषण तथा विकास आयोजना | ९००० | ४०८५ | ४५.३९ |
| ३०७०२१०२३ | पेट्रोलियम अन्वेषण परियोजना | ९९०० | ५४९६ | ५५.५२ |
| ३०७०२१०३३ | भू-वैज्ञानिक सर्वेक्षण तथा अनुसन्धान आयोजना | ९४०० | २९०९ | ३०.९५ |
| ३०७०३०११३ | नेपाल गुणस्तर तथा नापतौल विभाग | ६१८०० | ३४५१३ | ५५.८५ |
| ३०७०३०१२३ | गुणस्तर तथा नापतौल कार्यालयहरू | ७०५०० | २९८४६ | ४२.३३ |
| ३०७०४०११३ | कम्पनी रजिष्ट्रारको कार्यालय | ४८४०० | २५८७९ | ५३.४७ |
| ३०७०५०११३ | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग | ५३२०० | २६४३७ | ४९.६९ |
| ३०७०५०१२३ | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयहरू | ४६५०० | २१५६७ | ४६.३८ |
| ३०७६१०११३ | औद्योगिक व्यवसाय विकास प्रतिष्ठान | १५१०० | ७८३० | ५१.८६ |
| ३०७८१०११३ | व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | १६६५०० | ३४४१० | २०.६७ |
| ३०७८१०१४३ | घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र | १५९५०० | १००३० | ६.२९ |
| | **कुल जम्मा** | **५३१२०३०** | **१८४९८८५** | **३४.८२** |

**पुँजीगत** (रू. हजारमा)

| ब.उ.शी.नं | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०७००००११४ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | २६८०० | २३२२ | ८.६६ |
| ३०७००००१२४ | केन्द्रीय कारागार कारखाना | १५०० | ० | ०.०० |
| ३०७००००१३४ | सैनिक सामग्री उत्पादन निर्देशनालय | १८०१०० | १९६८८ | १०.९३ |
| ३०७०००१०१४ | औद्योगिक पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक क्षेत्र समेत) | १९२५८०० | २०३९८३ | १०.५९ |
| ३०७०००१०५४ | नेपाल भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजना | १६१८२०० | ३२६१७३ | २०.१६ |
| ३०७०००१०९४ | ग्रामीण उद्यम तथा विप्रेषण परियोजना (समृद्धि) | २००० | १२४३ | ६२.१७ |
| ३०७०००११०४ | रणनीतिक सडक सञ्जाल तथा व्यापार सुधार आयोजना | ४९३०० | ० | ०.०० |
| ३०७०१०११४ | उद्योग विभाग | ८९५०० | १९४२४ | २१.७० |
| ३०७०२०११४ | खानी तथा भूगर्भ विभाग | २०२४० | २८६६ | १४.१६ |

| ब.उ.शी.नं | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०७०२१०१४ | खनिज अन्वेषण तथा विकास आयोजना | ६९३०० | २२५३८ | ३२.५२ |
| ३०७०२१०२४ | पेट्रोलियम अन्वेषण परियोजना | १६३०० | २३०२ | १४.१२ |
| ३०७०२१०३४ | भू-वैज्ञानिक सर्वेक्षण तथा अनुसन्धान आयोजना | १०६०० | ३५४९ | ३३.४८ |
| ३०७०३०११४ | नेपाल गुणस्तर तथा नापतौल विभाग | ६२७०० | ५२४९ | ८.३७ |
| ३०७०३०१२४ | गुणस्तर तथा नापतौल कार्यालयहरू | १८७०० | २९३४ | १५.६९ |
| ३०७०४०११४ | कम्पनी रजिष्ट्रारको कार्यालय | १५४०० | २७९२ | १८.१३ |
| ३०७०५०११४ | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग | २४५०० | १४१७ | ५.७८ |
| ३०७०५०१२४ | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयहरू | २३०० | १२३७ | ५३.७९ |
| ३०७६१०११४ | औद्योगिक व्यवसाय विकास प्रतिष्ठान | ५०० | ० | ०.०० |
| ३०७८१०११४ | व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | ७६१०० | ५७२२ | ७.५२ |
| ३०७८१०१४४ | घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र | १०००० | २०० | २.०० |
| | कुल जम्मा | ४२१९८४० | ६२३६३९ | १४.७८ |

◆ ◆ ◆

# ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

## १. पृष्ठभूमि:

जलस्रोतको धनी मुलुकको जलशक्तिको उपयोग गरी बन्जर खेती सिञ्चीत गर्न साथै ऊर्जा विकास गरी उपयोग एवं निर्यात प्रवर्द्धन गर्ने उद्देश्यले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय गठन गरिएको छ। यसले जलस्रोतको दिगो विकास, संरक्षण, उपयोग र पानीको बाँडफाँट तथा जलस्रोत, ऊर्जा, सिँचाइ र भूमिगत जलस्रोतसम्बन्धी अध्ययन, अनुसन्धान र प्रविधि विकासका साथै वैकल्पिक ऊर्जा प्रवर्द्धन र जल तथा मौसम विज्ञानसम्बन्धी कार्य गर्दछ।

## २. दीर्घकालीन सोच:

- जलविद्युतको दिगो र भरपर्दो विकास मार्फत मुलुकको समृद्धिमा योगदान पुऱ्याउने,
- वैकल्पिक/नवीकरणीय ऊर्जाको प्रवर्द्धन, बिस्तार र दक्षता मार्फत आधुनिक ऊर्जाको दिगो विकास गर्ने,
- दिगो एवं भरपर्दो सिँचाइ सुविधा उपलब्ध गराई कृषि उत्पादन र उत्पादकत्व वृद्धिमा योगदान पुऱ्याउने,
- जल उत्पन्न प्रकोपबाट सिर्जित मानवीय, भौतिक तथा आर्थिक हानि-नोक्सानीलाई उपयुक्त प्रविधिको माध्यमबाट जोखिम न्यूनीकरण गर्नुका साथै रोजगारी सिर्जना गरी गरिबी निवारणमा सहयोग पुऱ्याउने,
- विश्वसनीय र भरपर्दो जल तथा मौसम सेवा मार्फत हवाई उड्डयन, जलस्रोत, कृषि, पर्यटन, स्वास्थ्य लगायतका क्षेत्रको दिगो विकास एवं जलवायु अनुकूलन समाजको निर्माण गर्ने।

## ३. उद्देश्य:

- जलविद्युतको उत्पादन वृद्धि गर्दै स्वच्छ ऊर्जाको उपलब्धता सुनिश्चित गर्ने,
- ऊर्जा दक्षतासहित गुणस्तरयुक्त, भरपर्दो र सुलभ रूपमा सबै घर परिवार र उत्पादनशील क्षेत्रमा विद्युत सेवाको पहुँचमा बिस्तार गरी विद्युत खपतमा वृद्धि गर्ने,
- क्षेत्रीय ऊर्जा निर्यात व्यापार अभिवृद्धि र पेट्रोलियम पदार्थको आयात क्रमशः प्रतिस्थापन गर्दै भुक्तानी सन्तुलनलाई अनुकुल बनाउन योगदान पुऱ्याउने,
- राष्ट्रिय प्रसारण प्रणालीको पहुँच बाहिरका क्षेत्रमा समेत वातावरणमैत्री, दिगो, भरपर्दो, सर्वसुलभ, किफायती र गुणस्तरीय आधुनिक ऊर्जाको पहुँच वृद्धि गर्ने,
- ऊर्जाको दक्षतापूर्ण उपयोगबाट ऊर्जा खपत घनत्व घटाई उत्पादकत्व बढाउने,
- जलस्रोतको बहुआयामिक तथा समन्यायिक उपयोगमार्फत आर्थिक, सामाजिक र वातावरणीय क्षेत्रको विकास गर्ने,
- जलाधार व्यवस्थापन तथा जलउत्पन्न विपद् न्यूनीकरण एवं व्यवस्थापनबाट आर्थिक तथा सामाजिक क्षति न्यूनीकरण गर्ने,
- जल तथा मौसम सेवालाई समयानुकुल विकास र बिस्तार गर्न आवश्यक नीति निर्माण तथा संरचनागत सुधार गरी जल तथा मौसमजन्य बहुप्रकोपको भरपर्दो पूर्वानुमान तथा पूर्वसूचना प्रवाहबाट नागरिकको जीउधनको सुरक्षा गर्ने,
- उपयुक्त प्रविधिमार्फत थप कृषियोग्य भूमिमा सिँचाइ सेवा बिस्तार गर्ने,

- ठूला, जलाशययुक्त तथा जलस्थानान्तरण बहुउद्देश्यीय आयोजनाको विकास गरी कृषियोग्य भूमिमा वर्षै भरि भरपर्दो रूपमा सिँचाइ सुविधा उपलब्ध गराउने,
- निर्माण सम्पन्न सिँचाइ प्रणालीको मर्मतसम्भार एवं व्यवस्थापनलाई सुदृढ तुल्याई दिगोपन बढाउने।

## ४. रणनीतिः

- जलविद्युतमा आन्तरिक एवं बाह्य क्षेत्रको लगानी आकर्षण गरी विद्युत उत्पादनमा वृद्धि गर्ने,
- आन्तरिक र अन्तरदेशीय विद्युत प्रसारणलाई सुदृढ तथा बिस्तार गरी विद्युत आपूर्ति प्रणालीलाई प्रभावकारी र भरपर्दो बनाउने,
- ऊर्जा दक्षता बढाउन वितरण प्रणालीलाई प्रभावकारी एवं भरपर्दो बनाउने तथा विद्युत पहुँच वृद्धि गरी खपत बढाउने,
- जलविद्युत उत्पादन सहित सबै प्रकारका ऊर्जाको समिश्रण र क्षेत्रीय ऊर्जा व्यापारको माध्यमबाट ऊर्जा सुरक्षा कायम गर्ने,
- जलविद्युत क्षेत्रको संस्थागत संरचनाको सुदृढीकरण गर्ने,
- जलविद्युतमा आन्तरिक एवं बाह्य क्षेत्रको लगानी बढाई विद्युत उत्पादनमा वृद्धि गर्ने,
- वैकल्पिक/नवीकरणीय ऊर्जाको बिस्तार गरी ऊर्जा आपूर्ति प्रणालीको महत्त्वपूर्ण अंशको रूपमा विकास र बहुउपयोग प्रवर्द्धन गर्ने,
- प्रदेश र स्थानीय तहमा सरोकारवालासँगको सहकार्यमा आधुनिक, भरपर्दो र पर्याप्त ऊर्जा सेवा उपलब्ध नभएका क्षेत्रसम्म वैकल्पिक ऊर्जाको पहुँच वृद्धि गर्ने,
- नवीनतम्, दिगो तथा ऊर्जा दक्ष प्रविधिको प्रयोगमा जोड दिने,
- वैकल्पिक ऊर्जाको क्षेत्रमा बैङ्किङ तथा वित्तीय क्षेत्रको संलग्नता वृद्धि गर्ने तथा वैकल्पिक ऊर्जा प्रविधिहरूलाई उपयुक्त कार्बन परियोजना तथा कार्यक्रमको रूपमा विकास गरी अन्तर्राष्ट्रिय कार्बन बजारको साथै आन्तरिक कार्बन बजार संयन्त्र स्थापना गर्ने,
- कृषि तथा पशुपन्छी पालनमा संलग्न कृषक, व्यावसायिक समूह, फार्म र सहकारी संघ संस्था समेतको सहकार्यमा ठूला क्षमताका बायोग्याँस प्लाण्ट स्थापना गरी एल.पी. ग्यासको प्रयोगलाई न्यूनीकरण गर्नुका साथै बायोस्लरीबाट प्राङ्गारिक मल उत्पादन गर्ने,
- सिँचाइ विकासको गुरूयोजना र कृषि विकास रणनीतिअनुसार जलवायु परिवर्तन अनुकुलन हुने गरी सिँचाइ योजनाको विकास एवं बिस्तार गर्ने,
- नयाँ प्रविधिमा आधारित सिँचाइको विकास गर्नुका साथै सिँचाइ दक्षता वृद्धि गर्ने,
- संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा सिँचाइ प्रणालीको विकास गर्ने तथा बाह्रै महिना सिँचाइ सेवा उपलब्ध गराउनका लागि ठूला बहुउद्देश्यीय, अन्तर जलाधार र जलाशययुक्त आयोजनालाई प्राथमिकताका साथ अघि बढाउने,
- भूमिगत सिँचाइ योजनाको बिस्तारसहित उपयोगमा जोड दिने,
- सिँचाइ प्रणालीको मर्मत-सम्भार एवं दिगो व्यवस्थापनका लागि स्रोतसहित उपभोक्ता सहभागिता सुनिश्चित गर्ने,
- नीतिगत सुधार एवं विद्यमान संस्थागत संरचनाको क्षमता र जनशक्तिको दक्षता अभिवृद्धि गर्ने,

- जलस्रोतको बहुआयामिक तथा समन्वयात्मक विकासको लागि नीतिगत तथा संरचनागत सुधार गर्ने,
- अन्तरदेशीय नदीको द्विपक्षीय लाभ हुने गरी व्यवस्थापनमा जोड दिने,
- जलस्रोतसम्बन्धी अनुसन्धान र विकासलाई गतिशील बनाउन आवश्यक पर्ने पूर्वाधार र क्षमताको विकास र विभिन्न अनुसन्धानमूलक संस्था र विश्वविद्यालयसँग सहकार्य गर्दै यस क्षेत्रको अध्ययन अनुसन्धान कार्यलाई प्रभावकारी बनाउने,
- जलाधार व्यवस्थापनलाई प्रभावकारी बनाउनुको साथै बाढी पहिरोजन्य विपद्को दिगो एवं भरपर्दो व्यवस्थापनका लागि संरचनागत तथा गैरसंरचनागत प्रविधिको उपयोग र जनचेतना अभिवृद्धिको कार्य गर्ने,
- विश्व मौसम संगठनको मापदण्ड अनुसारको भरपर्दो, विश्वसनीय, गुणस्तरीय जल तथा मौसम विज्ञान सेवा उपलब्ध गराउन नीति तथा कानून निर्माण गर्ने,
- जल तथा मौसम मापन केन्द्रलाई क्रमशः नवीनतम् प्रविधिसहितको आधुनिक स्वचालित केन्द्रमा रूपान्तरण र आवश्यकताअनुसार बिस्तार गर्ने,
- नदी बेसिन योजनाबमोजिम विकासका पूर्वाधारको लागि जल उपलब्धतामा हुने भिन्नता, बेसिनको पानीको सन्तुलन, थेग्रान अध्ययन तथा आंकलन गर्ने,
- मौसम तथा जल प्रवाहको भरपर्दो तथा गुणस्तरीय पूर्वानुमान गर्ने,
- विपद् जोखिम न्यूनीकरणसम्बन्धी सेन्डाई फ्रेमवर्कले तय गरेअनुरूप विभिन्न संघ-संस्थासँग समन्वय गरी जल तथा मौसमजन्य बहु-प्रकोप पूर्वसूचना प्रणालीको विकास गर्ने,
- विश्व मौसम संगठन, जलवायु परिवर्तनसम्बन्धी अन्तर सरकारी निकाय, अन्तर्राष्ट्रिय हवाई उड्डयन सङ्गठन र अन्य सरोकारवाला संघ-संस्थासँग समन्वय र सहकार्य गर्ने।

## ५. कार्यक्षेत्रः

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायअनुसार छन् :

- जलस्रोत र ऊर्जाको दिगो विकास, संरक्षण, उपयोग र पानीको बाँडफाँटसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- जलस्रोत र ऊर्जा पूर्वाधार संरचना निर्माणसम्बन्धी एकीकृत नीति, कानुन, मापदण्ड र नियमन,
- सिँचाइसम्बन्धी एकीकृत नीति, कानुन, मापदण्ड,
- नदी बेसिन योजना र जल उपयोगसम्बन्धी गुरुयोजना र नियमन,
- जलस्रोत, ऊर्जा, सिँचाइ र भूमिगत जलस्रोतसम्बन्धी अध्ययन, अनुसन्धान र प्रविधि विकास,
- प्रमुख नदीको बहाव क्षेत्र निर्धारण र सो क्षेत्रको जमिनको संरक्षण, व्यवस्थापन र उपयोगसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- जलस्रोतसम्बन्धी वस्तु वा सेवा उपयोगको मापदण्ड र नियमन,
- जलस्रोत ऊर्जा र सिँचाइ क्षेत्रसँग सम्बन्धित निकायहरूसँगको समन्वय,
- सङ्घीय र अन्तर प्रदेशस्तरमा सञ्चालन हुने जलस्रोत उपयोगका बहुउद्देश्यीय आयोजनाको पहिचान, अध्ययन, निर्माण र नियमन,

- सङ्घीय र अन्तर प्रादेशिक सिँचाइ र अन्तर प्रदेश जल उत्पन्न प्रकोप नियन्त्रण आयोजनाको पहिचान, अध्ययन, निर्माण र नियमन,
- जलस्रोत, ऊर्जा र सिँचाइसम्बन्धी ठूला पूर्वाधार आयोजनाबाट विस्थापितहरूको पुनर्वास र पुनर्स्थापना,
- सङ्घीय र अन्तरप्रदेश सिँचाइ प्रणालीको बाँध, जलाशय, अन्य संरचना, मूल नहरको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापनसम्बन्धी नीति, मापदण्ड र कार्यन्वयन,
- प्रदेश सीमा नदीको बाढी र नदी नियन्त्रण कार्यक्रम सञ्चालनमा समन्वय र सहयोग,
- जलस्रोत, ऊर्जा र सिँचाइसम्बन्धी तथ्याङ्क व्यवस्थापन, अध्ययन अनुसन्धान,
- राष्ट्रिय र अन्तर्राष्ट्रिय विद्युत प्रसारण लाइन तथा बिस्तार,
- राष्ट्रिय र अन्तर्राष्ट्रिय विद्युत व्यापारसम्बन्धी नीति, कानुन, मापदण्ड, सन्धिसम्झौता-, कार्यान्वयन र नियमन,
- राष्ट्रिय महत्त्वका बहुउद्देश्यीय जल आयोजना र अन्तर जलाधार स्थानान्तरण,
- विद्युत सेवाको मापदण्ड, गुणस्तर र महसुलसम्बन्धी नीति र नियमन,
- विद्युत सेवाको राष्ट्रिय र क्षेत्रीय भार प्रणाली व्यवस्थापन र सञ्चालन,
- नवीकरणीय र वैकल्पिक ऊर्जाको उपयोग, गुणस्तर र मापदण्ड,
- विद्युत विकासमा लगानी,
- जल तथा मौसम विज्ञान सेवासम्बन्धी नीति, कानुन, मापदण्ड, तथ्याङ्क, योजना, कार्यान्वयन र नियमन,
- मौसम तथा बाढी पूर्वानुमान,
- विपद् पूर्व सूचना प्रणालीको विकास तथा सम्प्रेषण,
- जलवायुसम्बन्धी अध्ययन तथा अनुसन्धान, सूचना आदान प्रदान,
- जल तथा मौसमी राडार, रेडियोसोन्डे, चटयाङ नेटवर्क, सौर्य विकिरण केन्द्रहरूको व्यवस्थापन र सूचना प्रवाह,
- हिमनदी तथा हिमताल,
- मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनीको सञ्चालन र नियमन,
- नेपाल इन्जिनियरिङ्ग सेवा अन्तर्गत देहायका समूह, उपसमूहको सञ्चालन :-
  - क. इलेक्ट्रिकल इन्जिनियरिङ्ग समूह,
  - ख. मेकानिकल इन्जिनियरिङ्ग समूह,
  - ग. मेटोरियोलजी समूह,
  - घ. एगृ इरिगेशन इन्जिनियरिङ्ग समूह,
  - ङ. सिभिल इन्जिनियरिङ्ग समूहको इरिगेशन, हाइड्रो-पावर र हाइड्रोलोजी उपसमूह।

## ६. चालु आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्यमा उल्लिखित नीति र कार्यक्रमका बुँदाको फाल्गुन मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ९७ | कृषियोग्य जमिनमा तत्काल सिँचाइ सुविधा पुर्‍याई कृषि उत्पादन वृद्धि गर्न | • आर्थिक वर्ष २०७६/७७को अन्त्यसम्म कुल १४ लाख ८२ हजार २ सय ९८ हेक्टर जमिनमा दिगो |

| बुँदा नं | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | साना-मझौला सिँचाइ आयोजना निर्माणलाई जोड दिइएको छ। यसका लागि समृद्ध तराई मधेश सिँचाइ विशेष कार्यक्रम अन्तर्गत आगामी वर्ष तराई र भित्री मधेशका २५ जिल्लामा ५ हजार स्यालो ट्यूववेल तथा २ सय ४७ डिप ट्यूववेल जडान गरी थप २२ हजार हेक्टर कृषि योग्य जमिनमा भूमिगत सिँचाइ सुविधा पुऱ्याइने छ। | भरपर्दो सिँचाइ सुविधा पुगेकोमा चालु.आ.व.को फागुन मसान्तसम्ममा १५ हजार ५ सय ८ हेक्टरमा थप गरी १४ लाख ९७ हजार ८ सय ६ हेक्टरमा सिँचाइ सुविधा पुगेको<br>• समृद्ध तराई मधेश सिँचाइ विशेष कार्यक्रम अन्तर्गत १ हजार ८ सय ५६ वटा स्यालो ट्यूववेल निर्माण भएको तथा ३० डिप ट्यूववेल जडान सम्पन्न भएको। |
| ९८ | राष्ट्रिय गौरवका सिँचाइ आयोजना रानी जमरा कुलरिया, सिक्टा, भेरी-बबई डाईभर्सन, बबई, प्रग्गना तथा बडकापथ, वागमती, पालुङ्टार, बृहत दाङ्ग उपत्यका लगायतका सिँचाइ आयोजनाको कार्यान्वयन गरिनेछ। महाकाली सिँचाइ आयोजनालाई राष्ट्रिय गौरवको आयोजनाको रूपमा विकास गरिनेछ। | <u>रानी जमरा कुलरिया सिँचाइ आयोजना</u><br>• इन्टेक निर्माण ९४ प्रतिशत सम्पन्न भएको। गेटको अटोमेशन कार्य अन्तिम चरणमा, चार वटा रेगुलेटर घरको निर्माण भएको र इन्टेकको Landscaping सम्पन्न भएको। पावर हाउसको निर्माण ८३ प्रतिशत सम्पन्न भएको।<br>• शाखा/उपशाखा/प्रशाखा नहरमा पानी बाँडफाँट संरचनाको निर्माणको लागि पूर्वतयारी शुरु भएको।<br>• लम्की शाखाको बाँकी (७.५ कि.मी.) कार्य मध्ये १.९ कि.मी. माटोको कार्य, ०.१ कि.मी. लाइनिङ कार्य तथा १० वटा निर्माण कार्य सम्पन्न भएको।<br><u>सिक्टा सिँचाइ आयोजना</u><br>• पश्चिम मूल नहरको समस्याग्रस्त खण्डको ४ कि.मी. का विभिन्न स्थानमा आकस्मिक मर्मत सम्भार गरी पानी सञ्चालन कार्य भइरहेको।<br>• ५३ कि.मी. पूर्वी मूलनहरको बाँकी (३७ कि.मी.) मध्ये १० कि.मी. माटोको कार्य, १.५ कि.मी. लाइनिङ्ग तथा १६ वटा संरचना निर्माण सम्पन्न भएको। ६ वटा शाखा नहरको निर्माण कार्य भइरहेको।<br><u>भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजना</u><br>• D/S Stilling Basin को जग खन्ने कार्य सुचारु रहेको, कफर ड्याम निर्माण कार्यमा ड्रिलिङ्ग तथा ग्राउटिङ्ग समेतका कार्यहरू भइरहेको। |

| बुँदा नं | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | • डि-सिल्टीङ्ग बेसिनको लागि फाउण्डेशन खन्ने तथा प्लम कंक्रिटिङ्गको कार्य भइरहेको। चिप्लेमा डाईभर्सन सडक निर्माण अन्तिम चरणमा रहेको, खोल्सी डाईभर्सन निर्माण कार्य सुचारु रहेको, पावरहाउस निर्माण स्थलमा एस्काभेसन भइरहेको, सर्ज साफ्टका लागि पहुँच मार्ग निर्माण तथा एस्काभेसन भइरहेको।<br>• हाइड्रो मेकानिकल खरिदको सूचना प्रकाशन भएको, इलेक्ट्रोमेकानिकलको डिजाइन पुनरावलोकन, लागत अनुमान तथा बोलपत्र कागजात अद्यावधिक गर्ने कार्य भइरहेको।<br>**<u>बबई सिँचाइ आयोजना</u>**<br>• १.४ कि.मी. मूल नहर र ५.६ कि.मी. शाखा/उपशाखा नहर निर्माण कार्य सम्पन्न भएको।<br>**<u>महाकाली सिँचाइ आयोजना (तेस्रो चरण)</u>**<br>• २ कि.मी. मूल नहर निर्माण कार्य तथा ६ वटा नहर संरचना निर्माण कार्य सम्पन्न भएको।<br>**<u>प्रगन्ना तथा बडकापथ सिँचाइ आयोजना</u>**<br>• मूल नहरमा ०.६ कि.मी. माटोको कार्य, २ सय ५० मी. लाइनिङ्ग तथा २ वटा नहर संरचना निर्माण सम्पन्न भएको।<br>**<u>वागमती सिँचाइ आयोजना</u>**<br>• लोहनीया सिँचाइ प्रणालीको हेडवर्क्स बनाउन शुरु भएको। राजघाट सेकेण्डरी नहरमा एक्वाडक्ट २ वटा, ग्रामीण सडक पुल (VRB) १ वटा, नहरमा लाइनिङ्ग ९५ मिटर, निर्मित संरचनाको बचावट कार्य, गरजरा खोला लक्ष्मीपुरमा नहरमा २ सय मिटर लाइनिङ्ग निर्माण, सोती अगुमेन्टमा १ वटा, लाइनिङ्ग ६० मिटर लगायतका संरचनाहरू निर्माण भएको।<br>• पाँच कुमारी अगुमेन्टमा पाइप कल्भर्ट १ वटा नयाँ निर्माण, ५ वटाको मर्मत सम्भार, नहरमा लाइनिङ्ग २ सय २० मिटर र गुजराखोला हरिहरपुरमा लाइनिङ्ग २ |

| बुँदा नं | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | सय मिटर, निर्मित संरचनाको संरक्षण/बचावट कार्य सम्पन्न भएको।<br>• डाईभर्सन संरचनाको रूपमा रहेको बाँध (Weir) को निर्माण कार्य, लाइनिङ्ग तथा ग्रामीण सडक पुल जस्ता क्रसिङ्ग संरचनाको निर्माण कार्य भइरहेको।<br>**<u>पालुङटार- कुण्डुटार सिँचाइ आयोजना</u>**<br>• ३ सय ३० मी. कभर्ड क्यानलको जग खन्ने र क्यानल लाइनिङ्ग निर्माण सम्पन्न भएको।<br>**<u>बृहत दाङ उपत्यका सिँचाइ आयोजना</u>**<br>• ८ वटा लिफ्ट प्रणाली र ४ वटा जलाशय निर्माण सम्पन्न भएको।<br>• १० वटा डिप ट्यूववेलको बोरिंग कार्य सम्पन्न भएको।<br>**<u>बृहत सरकारी सिँचाइ योजना पुनरस्थापना तथा व्यवस्थापन हस्तान्तरण</u>**<br>• कोशी पम्प चन्द्र नहर आयोजना, कमला सिँचाइ प्रणाली, नारायणी सिँचाइ प्रणाली तथा गण्डक सिँचाइ प्रणालीको क्षतिग्रस्त संरचनाको निर्माण, नहर संरचना निर्माण, गेट मर्मत कार्य, सर्भिस सडक ग्राभलिङ्ग, हेडवर्क्स निर्माण कार्य सम्पन्न भएको।<br>**<u>सुनसरी मोरङ्ग सिँचाइ आयोजना</u>**<br>• चतरा ब्यारेज विस्तृत अध्ययनको मस्यौदा प्रतिवेदन पेश भएको। पुलको पाइल फाउण्डेशन निर्माण सम्पन्न भएको। साइफन निर्माणको कार्य ७० प्रतिशत सम्पन्न भएको। ४० हे. प्रशाखा नहरमा लाइनिङ्ग भएको। |
| ९९ | सुनकोसी मरिन डाईभर्सन बहुउद्देश्यीय आयोजनाको टनेल निर्माणको कार्य आगामी वर्ष शुरु गरिने छ। अन्य नदी पथान्तरणसहितका सिँचाइ आयोजनाको सम्भाव्यता अध्ययन सम्पन्न गरी प्राथमिकताका आधारमा क्रमशः निर्माण कार्य अघि बढाइनेछ। | **<u>सुनकोशी मरिन डाईभर्सन बहुउद्देश्यीय आयोजना</u>**<br>• सम्माननीय प्रधानमन्त्रीज्यूबाट आयोजना निर्माण कार्यको शिलान्यास भएको।<br>• सिन्धुली जिल्लाको पावरहाउस र डुवान क्षेत्रको जग्गा प्राप्तिसम्बन्धी कार्य सम्पन्न भएको। रामेछाप जिल्ला तर्फको डुवान क्षेत्रको जग्गाको मुआव्जा/क्षतिपूर्तिको मूल्याङ्कनको कार्य भइरहेको। |

| बुँदा नं | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | • टनेल र सम्बन्धित संरचनाहरूको ठेक्का सम्झौता भएको र निर्माणस्थलमा ठेकेदार (Contractor) ले तयारी कार्य शुरु गरेको।<br>• हेडवर्क्स, पावर हाउस, सर्ज साफ्टको विस्तृत इन्जिनियरिङ्ग डिजाइन कार्य भइरहेको।<br>• सिन्धुली सडक (बि.पि. राजमार्ग) को रिएलानमेन्ट डिजाइन कार्य सम्पन्न भई जापानीज राजदूतावासमा पेश गरेको।<br>**<u>सिँचाइ सम्भाव्यता अध्ययन कार्यक्रम</u>**<br>• माडी दाङ डाईभर्सन आयोजनाको पूर्व सम्भाव्यता अध्ययनको लागि प्रस्ताव माग गरिएको। कालीगण्डकी तिनाउ डाईभर्सनको फाईनल रिपोर्टको साइट भेरीफिकेसन कार्य सम्पन्न गरिएको।<br>• तमोर चिस्याङ डाईभर्सन आयोजनाको स्थलगत प्रतिवेदन पेश भई दोस्रो प्रतिवेदनको तयारी भएको। |
| १०० | पहाडी तथा हिमाली क्षेत्रका नदी छेउछाउमा रहेको कृषि योग्य जमिनमा सौर्य ऊर्जाको उपयोग गरी लिफ्ट सिँचाइ कार्यक्रम सञ्चालन गरिनेछ। प्लास्टिक पोखरी निर्माण, ताल तलैया संरक्षण तथा वर्षातको पानी संकलन गरी सिँचाइ सुविधा पुऱ्याइनेछ। | **<u>एकीकृत ऊर्जा तथा सिँचाइ विशेष कार्यक्रम</u>**<br>• ६ वटा नदी बेसिनको गुरू योजना तयारी कार्य अगाडि बढेको। ४ वटा नदी बेसिनको इन्सेप्सन रिपोर्ट प्राप्त भएको तथा ३२ वटा उप-आयोजनाहरूको विस्तृत सम्भाव्यता अध्ययन सम्पन भएको।<br>• ३ वटा लिफ्ट उप-आयोजनाहरूको निर्माण कार्य भइरहेको। २ वटा लिफ्ट उप-आयोजनाहरूको इन्टेक रिजर्भर निर्माण कार्य भइरहेको।<br>• ५ वटा अन्वेषण ट्यूववेल निर्माण कार्य भइरहेको। ४ वटा अन्वेषण ट्यूववेल निर्माण कार्यको लागि खरिद सम्झौता प्रक्रियामा रहेको। |
| १०१ | महाकाली, कर्णाली, नारायणी, कमला र कोशी लगायतका ठूला नदी र अन्य जोखिमयुक्त नदी नियन्त्रणका कार्यक्रम सञ्चालन गरिनेछ। सीमा क्षेत्रमा हुने नदी कटान र डुवानको समस्या समाधान गर्न द्विपक्षीय संयन्त्रलाई क्रियाशिल बनाइनेछ। नदी नियन्त्रण र पहिरो | • प्राथमिकता प्राप्त नदी बेसिन बाढी जोखिम व्यवस्थापन आयोजना अन्तर्गत मावा, रतुवा तथा मोहना, खुटियामा तटबन्ध निर्माणको लागि खरिद प्रक्रियामा रहेको। नदी नियन्त्रण कार्यक्रमबाट विभिन्न नदीमा २५.१९ कि.मी. तटबन्ध निर्माण भएको। |

| बुँदा नं | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | व्यवस्थापनमा बायो इन्जिनियरिङ्ग प्रविधिको प्रयोगमा जोड दिइनेछ। | • रूपाताल संरक्षण एकीकृत विकास परियोजना (कास्की) अन्तर्गत ०.३० कि.मी. तटबन्ध तथा रिभेटमेन्ट निर्माण भएको। |
| १०२ | जनताको तटबन्ध कार्यक्रम अन्तर्गत रतुवा-मावा, बक्राहा, त्रियुगा, लखनदेही, कमला, खाँडो, वागमती, लालबकैया, पूर्वी राप्ती, पश्चिम राप्ती, खुटिया मोहना लगायतका नदीमा तटबन्ध निर्माण आयोजनाको लागि रकम विनियोजन गरिएको छ। | • टार-बजार संरक्षण कार्यक्रम अन्तर्गत २.८२ कि.मी. तटबन्ध निर्माण भएको।<br>• जल उत्पन्न प्रकोप नियन्त्रण प्रविधि परियोजनाको जलाधार क्षेत्रमा जल उत्पन्न प्रकोप व्यवस्थापन कार्य अन्तर्गत चेकड्याम ११ वटा र Retaining Wall (RRM Wall) ६१ मी., ३ सय २३ मी. ग्याबिनवाल निर्माण भएको। विकास पूर्वाधार (राजमार्ग) मा जल उत्पन्न प्रकोप न्यूनीकरण कार्य अन्तर्गत ९ वटा चेक ड्याम र १ सय ९६ मी. ग्याबिनवाल निर्माण भएको र १७ मी. RRM Wall निर्माण भएको।<br>• नयाँ प्रविधिमा आधारित नदी नियन्त्रण कार्यक्रम अन्तर्गत नयाँ प्रविधि/उपयुक्त प्रविधिको प्रयोग गरी २ कि.मी. तटबन्ध निर्माण तथा किनारा संरक्षण कार्य सम्पन्न भएको। |
| १०३ | जल तथा मौसमजन्य विपद्बाट हुन सक्ने जन धनको क्षतिलाई न्यूनीकरण गर्न मौसम पूर्वानुमानलाई विश्वसनीय बनाइनेछ। आगामी वर्ष थप दुई स्थानमा मौसमी राडार सञ्चालन गरिनेछ। | • ६ स्थानमा स्वचालित जलमापन केन्द्र अपग्रेडिङ तथा स्थापना भएको, १२ वटा केन्द्रको लागि सम्झौता सम्पन्न भएको।<br>• ८ स्थानमा स्वचालित मौसम मापन केन्द्र अपग्रेडिङ तथा स्थापना भएको, रामेछाप र राजविराजमा हवाई मौसम केन्द्रको अपग्रेडिङका लागि मूल्याङ्कन प्रक्रियामा रहेको, हिमकेन्द्र अपग्रेडिङ कार्यको बोलपत्र स्वीकृतिको प्रक्रियामा रहेको।<br>• च्छो रोल्पा, तल्लो वरुण हिमताल सर्वेक्षण कार्यको खरिद प्रक्रियामा रहेको।<br>• वागमती पँधेरा दोभान र कर्णाली चिसापानीमा बाढी जोखिम नक्साङ्कन कार्यको लागि खरिद प्रक्रियामा रहेको।<br>• जल तथा मौसम टि.भी. स्टुडियोको जडान कार्य सम्पन्न भएको। पाल्पा र उदयपुरमा राडार केन्द्र |

| बुँदा नं | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | स्थापनाको लागि उपकरण निर्माण कार्य ६० प्रतिशत सम्पन्न भएको। |
| २०७ | आगामी वर्ष सबै क्षेत्र र समयको विद्युतको माग पुरा गर्दै विद्युत निर्यात समेत गर्न सक्ने गरी विद्युत उत्पादनलाई नदी प्रणालीमा आधारित, अर्ध जलाशययुक्त र जलाशययुक्त आयोजनाको मिश्रणको रूपमा विकास गरिनेछ। | • यस आर्थिक वर्षमा सबै क्षेत्रमा विद्युतको माग पूरा भएको।<br>• विद्युत निर्यातका लागि नेपाल विद्युत प्राधिकरणले भारतको The Indian Energy Exchange (IEX) र Power Exchange India Limited (PXIL) बजारमा प्रतिस्पर्धा समेत गरिसकेको।<br>• जल तथा ऊर्जा आयोगको सचिवालयबाट नदी बेसिनका आधारमा अर्ध जलाशययुक्त र जलाशययुक्त आयोजनाको विकासका लागि अध्ययन कार्य भइरहेको।<br>• राष्ट्रिय विद्युत प्रणालीमा आबद्ध भएका तथा नभएका आयोजनाबाट कुल १ हजार ४ सय ६२ मेगावाट विद्युत उत्पादन भई ९३ प्रतिशत जनसङ्ख्यामा विद्युतको पहुँच पुगेको। |
| २०८ | आगामी वर्ष माथिल्लो तामाकोसी, रसुवागढी, माथिल्लो साञ्जेन, मध्य भोटेकोशी र निजी लगानीकर्ताबाट प्रवर्द्धित साना तथा मझौला आयोजना सम्पन्न गरी कुल १ हजार ३ सय मेगावाट विद्युत राष्ट्रिय प्रसारण प्रणालीमा थप गरिनेछ। | • राष्ट्रिय प्रसारण प्रणालीमा ५८ मेगावाट विद्युत थप भएको।<br>• माथिल्लो तामाकोसी आयोजनाले २०७८ वैशाखबाट विद्युत उत्पादन प्रारम्भ गर्ने गरी निर्माण कार्य भएको।<br>• रसुवागढी जलविद्युत आयोजनाको ३२ वटा टावर मध्ये १६ वटाको फाउण्डेशन कार्य, नयाँ रेखाङ्कनमा पर्ने टावर नं. २ र ५ बाहेक अन्य स्थानको निजी जग्गा अधिग्रहण कार्य र टावर डिजाइनको कार्य सम्पन्न भएको। माथिल्लो साञ्जेन तथा मध्य भोटेकोशी सम्पन्न हुने अन्तिम चरणमा रहेको। |
| २०९ | "नेपालको पानी जनताको लगानी" अभियान अन्तर्गत आगामी आर्थिक वर्ष माथिल्लो अरुण, किमाथाङ्का अरुण, फुकोट कर्णाली, तामाकोसी ५, चैनपुर सेती जगदुल्ला लगायतका जलविद्युत आयोजनाको निर्माण प्रक्रिया अगाडि बढाइनेछ। बुढीगण्डकी, पश्चिम सेती, | • माथिल्लो अरुण जलविद्युत आयोजनाको स्थानीय आदिवासी जनजाति समुदायको स्वतन्त्र पूर्व सुसूचित सहमति (Free Prior Informed Consent (FPIC)) को लागि नेपाल आदिवासी जनजाति महासंघ (NEFIN) द्वारा हाल सामाजिक आधारभूत सर्वेक्षणको लागि स्थलगत भ्रमण सम्पन्न भई कार्य अघि बढेको। |

| बुँदा नं | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | कर्णाली चिसापानी, नलगाड, उत्तरगङ्गा, आँधीखोला र नौमुरे बहुउद्देश्यीय आयोजनाको लगानी ढाँचा यकिन गरी कार्यान्वयन गरिनेछ। | • किमाथाङ्का अरुण आयोजनाको विद्युत् गृहको ड्रिलिङ्ग कार्य सम्पन्न तथा विस्तृत सम्भाव्यता/इन्जिनियरिङ्ग अध्ययन को काम भइरहेको।<br>• तामाकोशी-५ आयोजनाको विद्युत गृह क्षेत्र सुरीटारमा करिब ९७ प्रतिशत जग्गाको मुआब्जा वितरण गरी आयोजनाको नाममा लालपुर्जा प्राप्त भएको।<br>• फुकोट कर्णाली आयोजना क्षेत्रको जग्गाको बैकिङ्ग मूल्याङ्कनको दररेट विवरण संकलन गर्ने कार्य भइरहेको।<br>• बूढीगण्डकी जलविद्युत आयोजनाको वातावरणीय अध्ययन प्रतिवेदन तयार भई स्वीकृत भएको। यो वर्ष गोरखा तथा धादिङ जिल्लाको गरी १ सय ९८.७७ रोपनी जग्गाको मुआब्जा वापत रू.२१ करोड १२ लाख रुपैयाँ वितरण गरी हालसम्म ४८ हजार ४ सय ९० रोपनी जग्गाको रू.३३ अर्ब ५७ करोड १३ लाख मुआब्जा वितरण गरिएको।<br>• नौमुरे बहुउद्देश्यीय आयोजनाको ड्राफ्ट प्रतिवेदन तथा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन कार्य सम्पन्न हुने चरणमा पुगेको तथा साईट कार्यालय स्थापना भई निर्माण कार्यान्वयन प्रक्रिया अघि बढेको।<br>• दूधकोशी, नलगाड र उत्तरगंगा लगायतका जलविद्युत आयोजनाको लगानीको ढाँचा यकिन हुने क्रममा रहेको। तनहुँ जलविद्युत आयोजनाको खरिद सम्झौता भएको। प्याकेज १ अन्तर्गत हेडवर्क्स कार्यको बोलपत्र स्वीकृत भई सूचना जारी गरिएको। प्याकेज २ अन्तर्गत पावरहाउस र टेलरेस खन्ने कार्य भइरहेको। प्याकेज ३ अन्तर्गत दमौली भरतपुर दोस्रो सर्किट प्रसारण लाइन अन्तर्गत ९४ वटा टावरहरू मध्ये १५ वटा टावर फाउण्डेशन सम्पन्न भएको।<br>• बुढीगंगा जलविद्युत आयोजनाको सिभिल तथा हाइड्रोमेकानिकल कार्यको पूर्व योग्यता प्रस्ताव आव्हान भएको। |

| बुँदा नं | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | • साञ्जेन तथा माथिल्लो साञ्जेन आयोजनामा स्थानीयको लागि छुट्याइएको १० प्रतिशत शेयर बाँडफाँट गर्ने कार्य भइरहेको। |
| २१० | जलाशययुक्त तमोर तथा माडी जलविद्युत आयोजना सार्वजनिक निजी साझेदारीमा विस्तृत अध्ययन र डिजाइनको कार्य सम्पन्न गरिनेछ। पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको विकास कार्य अघि बढाइने छ। | • जलाशययुक्त तमोर तथा माडी जलविद्युत आयोजनाको विस्तृत अध्ययन र डिजाइनको कार्य अन्तिम चरणमा पुगेको।<br>• पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको विस्तृत अध्ययन प्रतिवेदनको अधिकांश विषयमा नेपाल-भारतबीच सहमति कायम भएको। |
| २११ | झापाको अनारमनीदेखि कञ्चनपुरको महेन्द्रनगरसम्म, लप्सीफेदी-रातमाटे-हेटौंडा र लप्सीफेदी-रातमाटे-दमौली-बुटवल- ढल्केबर-मुजफ्फरपुर ४०० के.भी. क्षमताको अन्तर्देशीय प्रसारण लाइन निर्माण अघि बढाइने छ। बुटवल-गोरखपुर, लम्की-वरेली र गल्छी-केरुङ खण्डको निर्माण आरम्भ गरिनेछ। नदी बेसिनमा आधारित उत्तर दक्षिण प्रसारणलाइनको निर्माण सम्पन्न गरिनेछ। | • बुटवलदेखि अत्तरियासम्म ४ सय के.भी. उच्च क्षमताको प्रसारण लाइन निर्माणको लागि विस्तृत अध्ययन प्रतिवेदन तयारीको अन्तिम चरणमा रहेको।<br>• लप्सीफेदी-रातामाटे-दमौली–बुटवल र रातामाटे–हेटौंडा ४ सय के.भी. गरी कुल ३ सय कि.मी. लम्बाइको उच्च क्षमतायुक्त प्रसारण लाइन निर्माणको लागि आवश्यक वित्तीय स्रोत तथा संस्थागत संरचनाको व्यवस्था गरिएको।<br>• ४ सय के.भी. प्रणालीमा आधारित ढल्केबर सबस्टेशन सञ्चालनमा आएको ।<br>• नेपाल-भारत सीमादेखि भारतको गोरखपुरसम्मको १ सय २० कि.मी. लम्बाइको ४ सय के.भी. अन्तरदेशीय विद्युत प्रसारण लाइन निर्माणको लागि नेपाल विद्युत प्राधिकरण र भारतको पावर ग्रिड कर्पोरेशन अफ इण्डिया लिमिटेडको ५०/५० प्रतिशत शेयर पुँजी रहने गरी भारतमा संयुक्त स्वामित्वको कम्पनी संस्थापना गर्न दुई देशबीच सहमति भएको। उक्त सहमति अनुसार JV Company स्थापना गर्न स्वीकृतिको लागि नेपाल सरकार (मन्त्रिपरिषद्) मा प्रस्ताव पेश गरेको।<br>• कर्णाली, भेरी र अरुण नदी कोरिडरमा कुल २४५ कि.मी. लम्बाइको ४ सय के.भी. उच्च क्षमताको प्रसारण लाइन तथा सबस्टेशन विस्तृत अध्ययन प्रतिवेदन अन्तिम चरणमा रहेको। |

| बुँदा नं | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| २१२ | आगामी दुई वर्ष भित्र सबै परिवारमा नवीकरणीय ऊर्जाको पहुँच पुऱ्याई उज्यालो नेपालको अभियान सम्पन्न गरिनेछ। प्रदेश नं २, वागमती प्रदेश, गण्डकी प्रदेश, र लुम्बिनी प्रदेशका सबै घरमा आगामी वर्ष तथा प्रदेश नम्बर १, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा आगामी दुई वर्ष भित्र आधुनिक ऊर्जाको पहुँच पुऱ्याइनेछ। गरिब र विपन्न परिवारलाई विद्युत जडान गर्दा निःशुल्क कनेक्सन सुविधा दिने व्यवस्था मिलाइनेछ। ग्रामीण विद्युतीकरणको लागि बजेट विनियोजन भएको छ। | • सामुदायिक तथा अन्य ग्रामीण विद्युतीकरण तर्फ हालसम्म १७ वटा जिल्लामा पूर्ण रूपमा विद्युतीकरण सम्पन्न भएको तथा आ.व. २०७७/७८ को अन्त्यसम्ममा ३४ जिल्लामा सारभूत रूपमा विद्युतीकरण सम्पन्न हुने गरी कार्य भइरहेको।<br>• प्रदेश नं २ मा सारभूत रूपमा पूर्ण विद्युतीकरण सम्पन्न भएको। ७ वटा प्रदेशमा ६ हजार ३ सय २९ घरधुरीमा घरेलु सौर्य विद्युत प्रणाली जडान भएको।<br>• ७ वटा प्रदेशमा लघु तथा साना जलविद्युत आयोजनाबाट ८ सय १ कि.वा. विद्युत उत्पादन भएको।<br>• ७ वटा प्रदेशमा गरी वायु/सौर्य ऊर्जा मिश्रित प्रणालीबाट जम्मा २ सय ५० किलोवाट विद्युत उत्पादन भएको। |
| २१३ | राष्ट्रिय ग्रिड प्रणाली नपुगेका हिमाली तथा उच्च पहाडी क्षेत्रका ९७ स्थानीय तहमा २ सय वटा सौर्य मिनी ग्रिड सञ्चालन गरी विद्युतीकरण गरिनेछ। स्वच्छ ऊर्जा कार्यक्रम सञ्चालन गरी तराई मधेशका जिल्लामा थप ५० हजार बायो ग्यासँ प्लान्ट जडान गरिनेछ। | राष्ट्रिय ग्रिड प्रणाली नपुगेका हिमाली तथा उच्च पहाडी क्षेत्रका ९७ स्थानीय तहमा तथा तराई मधेशका जिल्लामा निम्नानुसारका कार्य भएको:<br>• २ हजार ५ सय ६९ वटा घरेलु बायोग्याँस जडान भएको। ५ वटा संस्थागत, शहरी र व्यवसायिक बायोग्याँस प्लान्ट जडान गरिएको।<br>• ६ हजार ३ सय २९ वटा सौर्य घरेलु विद्युत प्रणाली जडान भएको। ३ सय ५५ वटा सौर्य पम्प जडान भएको। |
| २१४ | काठमाडौंमा शुरु गरिएको बिजुलीको तार भूमिगत गर्ने कामलाई निरन्तरता दिई आगामी वर्ष भक्तपुर, ललितपुर र चितवन जिल्ला लगायत ठूला शहरमा बिस्तार गरिनेछ। | • काठमाडौं महानगरपालिका भित्र रत्नपार्क वितरण केन्द्र तथा महाराजगञ्ज वितरण केन्द्रबाट बिजुलीको तार भूमिगत गर्ने कामलाई निरन्तरता दिइरहेको र हालसम्म १ सय ९८ किलोमिटर सम्पन्न भएको।<br>• बिजुलीको तार भूमिगत गर्ने कार्य अन्तर्गत ललितपुर तथा भक्तपुर जिल्लाका लागि बोलपत्र आव्हान भई ठेक्का सम्झौता भइसकेको तथा चितवन तथा पोखरामा बोलपत्र आव्हान भएको। |

## ७. चालु आर्थिक वर्ष २०७७/७८ को फाल्गुन मसान्तसम्ममा भएका महत्त्वपूर्ण कार्यहरू :

<u>जलस्रोत तथा सिँचाइतर्फ :</u>

- अनुसन्धान, तालिम तथा नमूना योजना निर्माण अन्तर्गत किरणनाला सोलार लिफ्ट सिँचाइ योजनाको निर्माण कार्य सम्पन्न भएको। नुवागाउँ सोलार लिफ्ट सिँचाइ योजनाको निर्माण कार्य ३० प्रतिशत सम्पन्न भएको।
- बक्राहा नदीमा निथार (Sediment) मापन संरचना निर्माण सम्पन्न भएको। Hydrological Engineering Centre- River Analysis System (HEC-RAS) र Google Engine सम्बन्धी तालिम भर्चुअल विधि मार्फत सम्पन्न गरिएको।
- अनुसन्धान केन्द्रबाट मासिक रूपमा प्रकाशन हुने गरी WRRDC Research Letter प्रकाशन शुरु गरिएको र हालसम्म ५ वटा अङ्क प्रकाशित भइसकेको।

<u>ऊर्जातर्फ :</u>

- नेपालमा उत्पादन भई खपत हुन नसक्ने अतिरिक्त विद्युत छिमेकी मुलुकहरुको बजारमा बिक्री गर्न नेपाल विद्युत प्राधिकरणलाई मिति २०७७/०४/०५ मा स्वीकृति प्रदान गरेको। नेपाल विद्युत प्राधिकरणले भारतीय National Thermal Power Corporation Vidyut Vyapar Nigam Limited (NVVN) सँग सम्झौता गरी २५ मेगावाट विद्युत विक्रीको लागि भारतको The Indian Energy Exchange (IEX) र Power Exchange India Limited (PXIL) बजारमा प्रतिस्पर्धा समेत गरिसकेको।
- मिति २०७७ पुषमा भारतको नयाँ दिल्लीमा भएको नेपाल-भारत सचिवस्तरीय बैठकबाट महाकाली सन्धिमा भएको व्यवस्था अनुसार चाँदनी-दोधाराबाट नेपाललाई १० घनमिटर प्रति सेकेन्ड पानी उपलब्धताका लागि आवश्यक पूर्वाधारको DPR लाई अन्तिम रूप दिने सहमति भएको।
- राष्ट्रिय प्रसारण लाइन (६६ के.भी. र सो भन्दा माथि) ४ हजार ५ सय ७३ सर्किट किलोमिटर (स.कि.मी.) निर्माण सम्पन्न भएको। वितरण लाइन मध्ये ३३ के.भी. स्तरको ५ हजार ५ सय ५२ स.कि.मी., ११ के.भी. स्तरको ३९ हजार ५ सय २२ स.कि.मी. र ४००/२३० भोल्टस्तरको १ लाख २२ हजार १ सय १७ स.कि.मी. निर्माण सम्पन्न भएको।
- प्रतिव्यक्ति विद्युत खपत २ सय ६० किलोवाट घण्टा पुगेको। विद्युत चुहावटलाई १५.२७ प्रतिशतमा सिमित गरिएको। ग्रिड सबस्टेशनको क्षमता ४ हजार ३ सय एम.भि.ए. बाट ६ हजार ३ सय ५ एम.भि.ए. पुगेको।

## ८. आर्थिक वर्ष २०७६/७७ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू :

<u>जलस्रोत तथा सिँचाइतर्फ :</u>

- विभिन्न आयोजना मार्फत सिँचाइ ५ हजार ५ सय ६१ हेक्टर तथा भूमिगत सिँचाइ ८ हेक्टर गरी कुल ५ हजार ५ सय ६९ हेक्टर जमीनमा सिँचाइ सुविधा पुगेको अनुमान रहेको।
- जलउत्पन्न प्रकोप नियन्त्रणको लागि ९२ कि.मी. तटबन्ध निर्माण भई ४ सय ९ हेक्टर जग्गा उकास गरिएको। जल तथा मौसम विज्ञान विभागबाट १४ वटा स्वचालित जल मापन केन्द्र तथा ३६ वटा मौसम मापन केन्द्र स्तरोन्नति गरी सञ्चालनमा आएको।

## भेरी बबई डाईभर्सन आयोजना

- सुरुङ निर्माणको फिनिसिङ कार्य सम्पन्न भएको। हेडवर्क्स तथा पावरहाउसको सिभिल निर्माण कार्यः कफर ड्याम, डाइभर्सन सडक, निर्माणस्थल क्याम्प, क्रसर र व्याचिङ्ग प्लान्ट तथा प्रयोगशाखा स्थापना आदि कामहरू भइरहेको।
- बाँधस्थलको जलाशययुक्त क्षेत्रको जग्गा प्राप्तिसम्बन्धी कार्यको रैकर जग्गाको मूल्य निर्धारण भई करिब ८ हेक्टर जग्गाको मुआब्जा वितरण गरिएको। भेरी कोरिडोर सिँचाइ विकास आयोजना अन्तर्गत ५० वटा सतह सिँचाइ, १५ वटा नदी नियन्त्रण र ४ वटा भूमिगत सिँचाइ योजना सम्पन्न भएको।

## रानी जमरा कुलरिया सिँचाइ आयोजना

- इन्टेकको गेट जडान तर्फ ८ वटा गेटको जडान, ४ वटा घर, इन्टेकको घेरा बन्दी कार्य, कफर ड्याम भत्काउने कार्य, मूल नहरमा घेरा बन्दी कार्य, पहुँच मार्ग निर्माण र ट्रान्सफर्मर जडान कार्य सम्पन्न भएको। पावर हाउसको बाँकी निर्माण तर्फ राफ्ट फाउण्डेशनको कार्य, बाईपाउ च्यानलको कार्य, टेल रेशको निर्माण, मेशिन फाउण्डेशन स्लाब ढलान, हेड पोन्डको स्लोपिङ्ग राफ्ट निर्माण कार्य सम्पन्न भएको।
- लम्की शाखा बिस्तार तर्फ ०.५ कि.मी. माटोको कार्य र ०.७ कि.मी. लाइनिङ सम्पन्न। चोरी, चरेला नदीमा Aqueduct तथा एक वटा अफटेक निर्माण हुँदै र तीन वटा रोड क्रसिङ र दुइ वटा अफटेक निर्माण सम्पन्न भएको। २५ हेक्टर जग्गाको मुआब्जा वितरण भएको।

## बबई सिँचाइ आयोजना

- पश्चिम मूल नहर निर्माण तर्फ ५.४ कि.मी. माटोको कार्य तथा लाइनिङ्ग कार्य सम्पन्न, ८ वटा संरचना निर्माण कार्य सम्पन्न भएको। शाखा/उपशाखा नहर निर्माण तर्फ २३ वटा प्याकेजमा निर्माणको चरणमा रहेको, १५.२९ कि.मी. लाइनिङ कार्य सम्पन्न भएको।

## सिक्टा सिँचाइ आयोजना

- पश्चिम मूलनहरको समस्याग्रस्त ६ कि.मी. खण्डको विभिन्न स्थानमा Voids filling, Lining repair कार्य सम्पन्न भएको। पूर्वी मूलनहरको १६ कि.मि नहर निर्माण र १.८ कि.मि नहर लाइनिङ्ग सम्पन्न, Supper passage, साइफन, ग्रामीण सडक पुल गरी १७ वटा संरचना निर्माण सम्पन्न भएको।
- शाखा नहर निर्माण तर्फ ८.३७ कि.मी. माटोको कार्य र ०.१८ कि.मी. . लाइनिङ्ग कार्य सम्पन्न। Aqueduct, ग्रामीण सडक पुल, DUP गरी ३३ वटा संरचना निर्माण भएको। १६.३ हेक्टर जग्गाको मुआब्जा वितरण गरिएको।

## महाकाली सिँचाइ आयोजना

- जग्गा अधिग्रहण गरी रू.४ करोड २० लाख ९८ हजार मुआब्जा भुक्तानी भएको। ४ कि.मी. मूल नहर निर्माण सम्पन्न भएको। १० वटा नहर संरचना सम्पन्न र ६ वटा संरचना निर्माणाधीन रहेको।

## प्रगन्ना तथा बडकापथ सिँचाइ आयोजना

- ६ सय ५० मिटर मूल नहर निर्माण कार्य पूर्ण निर्माण र ३ सय ५० मिटर आंशिक रूपमा सम्पन्न भएको। १ सय ९० मिटर नहर लाइनिङको कार्य सम्पन्न भएको। HR, CR तथा Intake मा गेट तथा ट्र्याक र्‍याक निर्माण सम्पन्न भएको।

**एकीकृत ऊर्जा तथा सिँचाइ विशेष कार्यक्रम**

- ज्वानेटारको ERT अनुसन्धान भइसकेको। विभिन्न लिफ्ट आयोजनाको बोलपत्र आह्वान भएको।
- २ वटा आयोजनाको निर्माण अन्तिम चरणमा रहेको। रोल्पामा Investigation Tube Well को निर्माण भएको।

**समृद्ध तराई मधेश सिँचाइ विशेष कार्यक्रम**

- ४ वटा ट्यूववेल निर्माण कार्य सम्पन्न भएको र ३ सय वटाको ठेक्का प्रक्रियामा रहेको।

**वागमती सिँचाइ आयोजना**

- विभिन्न स्रोतबाट नहरमा पानी थप गर्ने ६ वटा उपयोजना अन्तर्गत ३.९ घन मिटर क्षमता भएको ४६मी. लामो साइफन निर्माण, २ सय ८५ मी. लाइनिङ्ग लगायत निर्मित संरचना संरक्षणको लागि १ सय मी. तटबन्ध निर्माण सम्पन्न भएको। ६ सय हेक्टर सिञ्चित क्षेत्र विकास कार्यका लागि बोलपत्र आह्वान गरिएको।

**सुनसरी - मोरङ्ग सिँचाइ आयोजना**

- लोहोन्द्रा खोलामा साइफन तथा पुल निर्माण कार्य हुँदै गरेको। चतरा व्यारेजको विस्तृत अध्ययन भइरहेको।

**पालुङटार-कुण्डुटार सिँचाइ आयोजना**

- कुण्डुटार मूल नहरमा ५ सय ५० मी. माटो खन्ने र ५ सय ८ मी. कभर क्यानल लाइनिङ्ग निर्माण भएको।

**बृहत दाङ उपत्यका सिँचाइ आयोजना**

- पुरानो ६ वटा लिफ्टसम्बन्धी ठेक्का सम्पन्न, १८ वटा नयाँ लिफ्टको विस्तृत आयोजना प्रतिवेदन स्वीकृतिको लागि विभागमा पेश भएको, नयाँ लिफ्टको विस्तृत सम्भाव्यता अध्ययन सम्पन्न भएको।

**सुनकोसी मरिन बहुउद्देश्यीय आयोजना**

- वन तथा वातावरण मन्त्रालयबाट वातावरणीय प्रभाव मूल्याङ्कन (EIA Report) स्वीकृत भएको। पावर हाउस साइट र टि वि एम इनलेट पोर्टल साइटको ४० हेक्टर जग्गा प्राप्ति कार्य सम्पन्न गरी मुआब्जा वितरण सम्पन्न गरिएको।
- सुरुङ्ग निर्माणको कार्यको लागत अनुमान तथा खरिदसम्बन्धी कागजात तयार भएको। हेडवर्क्स, पावर हाउस तथा सर्ज साफ्टको विस्तृत इन्जिनियरिङ्ग डिजाइनको क्षेत्रगत कार्यशर्त तथा लागत अनुमान स्वीकृत भई परामर्शदाताबाट अध्ययन कार्य भइरहेको साथै फिल्ड वर्क पनि सम्पन्न गरिएको।

**बृहत सरकारी सिँचाइ योजनाको पुनर्स्थापना तथा व्यवस्थापन हस्तान्तरण**

- कोशी पम्प चन्द्र नहर आयोजनाको सिँचाइ प्रणाली निर्माण, पुनर्निर्माण तथा सिञ्चित क्षेत्र र संरचना बचावट कार्य गरिएको।
- कमला सिँचाइ प्रणालीको विभिन्न स्थानमा लाइनिङ्ग, कल्भर्ट, ड्रप, पैदल पुल, च्यानेलाइजेसन, ग्राभलिङ्ग, नहर तटबन्ध, साइफन संरक्षण, हेडवर्क्स, संरचना मर्मत सम्भार तथा पानी नियन्त्रण गर्ने संरचनाहरू

निर्माण गरिएको। नारायणी सिँचाइ प्रणालीको क्याड संरक्षण, नहर तथा ड्रेन रिसेपिङ्ग, इन्टलेसन, नयाँ तथा पुराना गेटको मर्मत सम्भार र नगर लाइनिङ्गसम्बन्धी कार्य भएको।

- गण्डक सिँचाइ प्रणालीको सम्झौता भइसकेको ४ वटा प्याकेजबाट मूल नहर रिसेपिंग ६५ सय ५० मिटर शाखा नहर रिसेपिंग ६ हजार मिटर एम सि नहर लाइनिङ २६ सय १५ मिटर सम्पन्न, निर्माण भइरहेका शाखा नहरका कल्भर्ट ९ वटा सम्पन्न, शाखा नहर लाइनिङ ७ सय १० मिटर सम्पन्न, सर्भिस रोड सुधार कार्य २८ सय मिटर सम्पन्न भएको।

**सिँचाइ सम्भाव्यता अध्ययन**

- काली गण्डकी तिनाउ डाईभर्सन बहुउद्देश्यीय आयोजनाको अध्ययनको हाइड्रोलोजिकल एनालाइसिस, जिओटेक्निकल अनुसन्धान र स्थलगत प्रतिवेदन प्राप्त भई प्रारम्भिक डिजाइन सम्पन्न भएको।
- तमोर चिस्याङ डाईभर्सन आयोजनाको पूर्व सम्भाव्यता अध्ययन गर्न परामर्शदाता छनौट सम्पन्न भएको। माडी दाङ डाईभर्सन आयोजनाको अध्ययन गर्न मस्यौदा कार्यक्षेत्रगत शर्त तयार भएको ।

**नदी नियन्त्रण तथा पहिरो व्यवस्थापन**

- विभिन्न नदीहरूमा ४३.११ कि.मी. तटबन्धन निर्माण भएको। भारतीय अनुदान सहयोगमा सञ्चालन हुने खाँडो, वाणगंगा तथा पश्चिम राप्ती नदी नियन्त्रण आयोजनाको विस्तृत आयोजना प्रतिवेदन तयार भई खाँडो नदीमा १ सय ४० मी. तटबन्ध निर्माण भएको। विभिन्न ३७ स्थानका पहिरो व्यवस्थापन तथा चेकड्याम निर्माण भएको।

**रूपाताल संरक्षण एकीकृत विकास परियोजना (कास्की)**

- १ हजार ८ सय ६९ मिटर तटबन्ध र रिभेटमेन्ट निर्माण भएको।

**टार - बजार संरक्षण कार्यक्रमः जोखिमयुक्त जिल्ला सदरमुकाम/बजार संरक्षण, चन्द्रगढी, बेनी, दुनै र चैनपुर**

- चन्द्रगढीमा १ हजार १ सय कि.मी. तटबन्ध निर्माण कार्य भएको।
- बेनीमा ७ सय मी. तटबन्ध, १ सय २० मी. आर.आर. मेशनरी र आर.सि.सि. रिटेनिङ्गवाल निर्माण सम्पन्न भएको। डोल्पाको दुनैमा ७ सय ५० मी. लन्चिङ्गको काम भई ५ सय मी. मा रिभेटमेन्ट को २ लेयर थपिएको र १ सय ६२ मी. मा मेशिनरी वालको पि.सि.सि. फाउण्डेसनको काम भई १ सय ६२ मी. मै ३ मी. को रिटेनिङ्गवाल निर्माण भएको। बझाङ चैनपुरमा ६ सय १० मी. तटबन्ध निर्माण भएको।

**पाल्पा र उदयपुरमा राडार केन्द्र स्थापनाको लागि**

- उपकरण खरिद कार्य भइरहेको साथै राडार टावरको जग निर्माण कार्य सम्पन्न भएको। टावरको डिजाइन तथा माटो परीक्षणको प्रतिवेदन प्राप्त भएको।

**मौसम मापन तथा जल मापन केन्द्रको स्तरोन्नति**

- मौसम मापन केन्द्र स्तरोन्नति गरी ३१ वटा स्वचालित केन्द्र स्थापना भएको। २२ वटा जल मापन केन्द्र स्तरोन्नति गरी १४ वटा स्वचालित केन्द्र स्थापना भएको।

**जल तथा मौसम टि.भी. स्टुडियो तथा गणितीय मौसम पूर्वानुमान प्रणालीको स्थापना**

- जल तथा मौसम सम्बन्धी सूचना प्रवाहका लागि टि.भी. स्टुडियो तयार भएको।

- गणितीय मौसम पूर्वानुमान प्रणालीको लागि High Powered Computer सञ्चालन गर्न Numerical Weather Prediction (NWP) मोडल दैनिक ४ पटक सञ्चालन भइरहेको र Forecast डाटा Grib Format मा र point Forecast डाटा (ASCII Based Format) मा दैनिक ४ पटकसम्म अपडेट भएको।

<u>जलस्रोत अनुसन्धान तथा विकास केन्द्र (अनुसन्धान, तालिम तथा नमुना योजना निर्माण)</u>

- इञ्जिनियरिङ अध्ययन संस्थान, पुल्चोकसँग सहकार्यको लागि सम्झौता भएको, भावर जोन अध्ययनसम्बन्धी सम्झौता भएको। Geophysical Survey to investigate Mountain Aquifer (GeSIMA) को लागि त्रिभुवन विश्वविद्यालयसँग सम्झौता भएको।
- ज्वालामुखी, धादिङ्ग ड्रिल कार्य प्रतिवेदन, रूपाताल संरक्षण कार्यको ई.आइ.ए. प्रतिवेदन र रानीस्वाँर नुवाकोटको सोलार लिफ्टसम्बन्धी प्रतिवेदन प्राप्त भएको। SW Irrigation Canal Training सम्पन्न गरिएको, Training on Flood Hazard and Risk Assessment सम्पन्न गरिएको, Intensive Training Course on Landslide Susceptibility Modelling, Training on Remote Sensing सम्पन्न गरिएको।

<u>ऊर्जा तर्फ</u>

- राष्ट्रिय विद्युत प्रणालीमा आबद्ध भएका एवं नभएका आयोजनाबाट कुल विद्युत उत्पादन १,३९९ मेगावाट पुगेको। विद्युतमा पहुँच जनसङ्ख्या ९३ प्रतिशत पुगेको। राष्ट्रिय प्रसारण लाइन (६६ के.भी. र सो भन्दा माथि) ४ हजार २ सय ५१ कि.मी. निर्माण सम्पन्न भएको। ग्रिड सबस्टेशनको क्षमता ४ हजार ९० एम.भि.ए. बाट ४ हजार ३ सय ८० एम.भि.ए. पुगेको।
- प्रतिव्यक्ति विद्युत खपत २ सय ६० किलोवाट घण्टा पुगेको। विद्युत चुहावटलाई १५.२७ प्रतिशतमा सीमित गरिएको। १६ वटा जिल्लाहरूमा पूर्ण रूपमा विद्युतीकरण सम्पन्न भएको। विद्युत प्रणालीबाट विद्युत पहुँच प्राप्त घरधुरी ५० लाख १० हजार (सामुदायिक संस्थाका समेत गरी) पुगेको।

## ९. आर्थिक वर्ष २०७६/७७ को खुद बजेट तथा खर्चको यथार्थ विवरण:

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०८०००११३ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | ८४६५१६ | ८००१७७ | ९४.५३ |
| ३०८००१०१३ | बुढी गण्डकी जलविद्युत आयोजना | ३१६०० | २४८११ | ७८.५१ |
| ३०८००१०२३ | विद्युत विकास दशकसम्बन्धी कार्ययोजना | १५७०० | ५७९९ | ३६.९३ |
| ३०८००१०३३ | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र | १३०६७३८ | ५५७५२४ | ४२.६७ |
| ३०८००१०४३ | राष्ट्रिय ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रम | २१५५९०० | १२५५०६५ | ५८.२२ |
| ३०८०१०११३ | विद्युत विकास विभाग | ७४२०० | ६८२८७ | ९२.०३ |
| ३०८०११०१३ | विद्युत विकासमा निजी क्षेत्रको प्रवर्द्धन | ३००० | १०३० | ३४.३२ |
| ३०८०११०२३ | सप्तकोशी बहुउद्देश्यीय आयोजना | २२४४४ | १२७१२ | ५६.६४ |
| ३०८०११०३३ | पञ्चेश्वर बहुउद्देश्यीय आयोजना | ५२०० | ३८२५ | ७३.५६ |
| ३०८०११०६३ | बुढीगंगा जलविद्युत आयोजना | २८७०० | १९०२० | ६६.२७ |
| ३०८०२०११३ | जल तथा मौसम विज्ञान विभाग | १००७७४ | ७५६४८ | ७५.०७ |
| ३०८०२१०१३ | जल तथा मौसम विज्ञान कार्यक्रम | १०३४६६ | ८०२४२ | ७७.५५ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०८०२१०२३ | जलवायु प्रकोप समुत्थान निर्माण आयोजना | २०४२०६ | ६११८९ | २९.९६ |
| ३०८०३०११३ | जलस्रोत तथा सिँचाइ विभाग | ७५५५१२ | २३५८८५ | ३१.२२ |
| ३०८०३०१२३ | सिँचाइ व्यवस्थापन डिभिजन - ८ | १०४४८४ | ७९०३० | ७५.६४ |
| ३०८०३०१३३ | यान्त्रिक कार्यालय-३ | १८५७० | १३८९८ | ७४.८४ |
| ३०८०३१०१३ | सिँचाइ संस्थागत विकास कार्यक्रम | १२५०० | ११२२८ | ८९.८२ |
| ३०८०३१०२३ | सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना (सिँचाइ) | १७९८० | ११९२९ | ६६.३५ |
| ३०८०३१०३३ | सिँचाइ सम्भाव्यता अध्ययन तथा निर्माण गुणस्तर | १४०० | ७९१ | ५६.४७ |
| ३०८०३१०४३ | यान्त्रिक व्यवस्थापन कार्यक्रम | ७०० | ६२८ | ८९.६६ |
| ३०८०३१०५३ | समुदाय व्यवस्थित सिञ्चित कृषि क्षेत्र आयोजना | २२५३६ | १६२२६ | ७२ |
| ३०८०३१०६३ | नदी नियन्त्रण | २४०६४ | १८०५५ | ७५.०३ |
| ३०८०३१०७३ | जल उत्पन्न प्रकोप नियन्त्रण प्रविधि परियोजना | ५३०० | २८११ | ५३.०४ |
| ३०८०३१०९३ | मर्मत सम्भार आयोजनाहरू | १३१६५ | ८९६३ | ६८.०९ |
| ३०८०३११०३ | बृहत सरकारी सिँचाइ योजनाको पुनर्स्थापना तथा | ९५०० | ६३५८ | ६६.९३ |
| ३०८०३१११३ | बागमती सिँचाइ आयोजना | २७१२५ | २४६२१ | ९०.७७ |
| ३०८०३११२३ | बबई सिँचाइ आयोजना | २६५४२ | २५२१९ | ९५.०१ |
| ३०८०३११३३ | महाकाली सिँचाइ आयोजना (कञ्चनपुर) | २२४०० | १८१८८ | ८१.२ |
| ३०८०३११४३ | सुनसरी मोरङ सिँचाइ आयोजना (तेस्रो) | ३६४४३ | ३६१४४ | ९९.१८ |
| ३०८०३११५३ | प्रगन्ना तथा बड्कापथ  सिँचाइ आयोजना, दाङ | ९८०३ | ९३७५ | ९५.६४ |
| ३०८०३११६३ | सिक्टा सिँचाइ आयोजना | ३०३६६ | २६५५७ | ८७.४६ |
| ३०८०३११७३ | पालुङ्टार-कुण्डुटार सिँचाइ आयोजना | ५२३६ | ४५४५ | ८६.८१ |
| ३०८०३११९३ | रानी जमरा  कुलरिया सिँचाइ आयोजना ( प्रणाली | ४५१२० | ३२११८ | ७१.१८ |
| ३०८०३१२०३ | भेरी-ववई  डाईभर्सन बहुउद्देश्यीय आयोजना | २४८८९ | २३२४२ | ९३.३८ |
| ३०८०३१२१३ | जलसाधन योजना तयारी सुविधा आयोजना | २०६०० | १३७९१ | ६६.९५ |
| ३०८०३१२२३ | सिँचाइ पुनर्स्थापना आयोजना (कुवेत फण्ड) | ९६७७ | ९२४३ | ९५.५२ |
| ३०८०३१२३३ | समृद्ध तराई मधेश सिँचाइ विशेष कार्यक्रम | १०२२९ | १०१४५ | ९९.१८ |
| ३०८०३१२४३ | सुनकोशी मरिन डाईभर्सन बहुउद्देश्यीय आयोजना | १३३५९ | १२४६१ | ९३.२८ |
| ३०८०३१२५३ | बृहद् दाङ उपत्यका सिँचाइ आयोजना | ९७८५ | ९१७० | ९३.७१ |
| ३०८०३१२६३ | नयाँ प्रविधिमा आधारित नदी नियन्त्रण कार्यक्रम | ७९३२ | ७६१२ | ९५.९७ |
| ३०८०३१२७३ | एकीकृत ऊर्जा तथा सिँचाइ विशेष कार्यक्रम | १५१८२ | १४६३५ | ९६.४ |
| ३०८०४१०१३ | जलस्रोत अनुसन्धान तथा विकास केन्द्र | २५४२४ | २२१२८ | ८७.०४ |
| ३०८२१०११३ | विद्युत नियमन आयोग | १३४०० | ७१५२ | ५३.३७ |
| ३०८२१०१२३ | जल तथा ऊर्जा आयोग | ३०९०० | २६८४४ | ८६.८७ |
| ३०८२१०१३३ | नदी बेसिन योजना तथा जलविद्युत विकास गुरुयोजना | २७०० | २०५५ | ७६.१२ |
| ३०८८१०११३ | भूमिगत जलस्रोत विकास समिति | ३८०३१ | ३४४१५ | ९०.४९ |
| | कुल जम्मा | ६३०९२९८ | ३७४०७९१ | ५९.२९ |

पुँजीगत खर्च (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | |
|---|---|---|---|---|
| ३०८०००११४ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | २९१०० | ३४१५ | ११.७४ |
| ३०८००१०१४ | बुढी गण्डकी जलविद्युत आयोजना | ५८३५१०४ | ५७९१७४६ | ९९.२६ |
| ३०८००१०२४ | विद्युत विकास दशकसम्बन्धी कार्ययोजना | १७९३०० | ९०९ | ०.५१ |
| ३०८००१०३४ | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र | १५१०० | ३५७ | २.३६ |
| ३०८०१०११४ | विद्युत विकास विभाग | २९००४ | ५६०४ | १९.३२ |
| ३०८०११०२४ | सप्तकोसी बहुउद्देश्यीय आयोजना | ६२६०० | १३५८१ | २१.६९ |
| ३०८०११०३४ | पञ्चेश्वर बहुउद्देश्यीय आयोजना | ३००० | ० | ० |
| ३०८०११०४४ | जलविद्युत आयोजना अध्ययन | ८३८०५९ | ४३१७७१ | ५१.५२ |
| ३०८०११०५४ | जलविद्युत आयोजनासम्बन्धी मापदण्ड | ३५०० | ० | ० |
| ३०८०११०६४ | बुढीगंगा जलविद्युत आयोजना | १६४१५०० | ६३४४० | ३.८६ |
| ३०८०२०११४ | जल तथा मौसम विज्ञान विभाग | ७०१३०० | ३२७७५० | ४६.७३ |
| ३०८०२१०१४ | जल तथा मौसम विज्ञान कार्यक्रम | ४६४०० | ३६८५० | ७९.४२ |
| ३०८०२१०२४ | जलवायु प्रकोप समुत्थान निर्माण आयोजना | ८३४००० | २९३८७४ | ३५.२४ |
| ३०८०३०११४ | जलस्रोत तथा सिँचाइ विभाग | १६०० | ११५८ | ७२.४ |
| ३०८०३०१२४ | सिँचाइ व्यवस्थापन डिभिजन - ८ | १२००० | १०५५० | ८७.९२ |
| ३०८०३०१३४ | यान्त्रिक कार्यालय-३ | ४४०० | २५६९ | ५८.३८ |
| ३०८०३१०१४ | सिँचाइ संस्थागत विकास कार्यक्रम | १६३०० | १२२९० | ७५.४ |
| ३०८०३१०२४ | सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना | २३२०० | ० | ० |
| ३०८०३१०३४ | सिँचाइ सम्भाव्यता अध्ययन तथा निर्माण गुणस्तर | ३९००० | ३६६३ | ९.३९ |
| ३०८०३१०४४ | यान्त्रिक व्यवस्थापन कार्यक्रम | २०००० | १४२६० | ७१.३ |
| ३०८०३१०५४ | समुदाय व्यवस्थित सिञ्चित कृषि क्षेत्र आयोजना | ३६८६०० | २०५४५७ | ५५.७४ |
| ३०८०३१०६४ | नदी नियन्त्रण | ३२२५६०० | ३००३०५७ | ९३.१ |
| ३०८०३१०७४ | जल उत्पन्न प्रकोप नियन्त्रण प्रविधि परियोजना | ७०२०० | ५१७६२ | ७३.७३ |
| ३०८०३१०८४ | भारतीय अनुदान सहयोगमा सञ्चालित नदी | ६१५१७२ | १३३५४९ | २१.७१ |
| ३०८०३१०९४ | मर्मत सम्भार आयोजनाहरू | ३८४००० | ३६०५३६ | ९३.८९ |
| ३०८०३११०४ | बृहत सरकारी सिँचाइ योजनाको पुनर्स्थापना तथा | ४१३४०० | ४०३७२६ | ९७.६६ |
| ३०८०३१११४ | बागमती सिँचाइ आयोजना | ४५३३०० | २८०७६२ | ६१.९४ |
| ३०८०३१११२४ | बबई सिँचाइ आयोजना | १३६३१०० | ८१००५४ | ५९.४३ |
| ३०८०३१११३४ | महाकाली सिँचाइ आयोजना (कञ्चनपुर) | ६१७२०० | ५५२१३४ | ८९.४६ |
| ३०८०३१११४४ | सुनसरी मोरङ सिँचाइ आयोजना (तेस्रो) | ३६८८०० | ३०९२०३ | ८३.८४ |
| ३०८०३१११५४ | प्रगन्ना तथा बड्कापथ सिँचाइ आयोजना, दाङ | २२५५०० | २२४९५८ | ९९.७६ |
| ३०८०३१११६४ | सिक्टा सिँचाइ आयोजना | १४९२५०० | १०२६५५८ | ६८.७८ |
| ३०८०३१११७४ | पालुङ्टार- कुण्डुटार सिँचाइ आयोजना | ४४४०० | १३१७९ | २९.६८ |
| ३०८०३१११८४ | टार - बजार संरक्षण कार्यक्रम (इन्द्रावती बगर | ३५२८०० | ३२५३२५ | ९२.२१ |
| ३०८०३१११९४ | रानी जमरा कुलरिया सिँचाइ आयोजना ( प्रणाली | २७२६२७१ | १५६३९१७ | ५७.३६ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | |
|---|---|---|---|---|
| ३०८०३१२०४ | भेरी - ववई डाईभर्सन बहुउद्देश्यीय आयोजना | ३२९२०४५ | २०७१७४० | ६२.९३ |
| ३०८०३१२१४ | जलसाधन योजना तयारी सुविधा आयोजना | ६१०७०० | १५५४४१ | २५.४५ |
| ३०८०३१२२४ | सिँचाइ पुनर्स्थापना आयोजना (कुवेत फण्ड) | ३४४४६० | ८४५४ | २.४५ |
| ३०८०३१२३४ | समृद्ध तराई मधेश सिँचाइ विशेष कार्यक्रम | ९५२५०० | २२५९६३ | २३.७२ |
| ३०८०३१२४४ | सुनकोसी मरिन डाईभर्सन बहुउद्देश्यीय आयोजना | २२६४३०० | २३४५९५ | १०.३६ |
| ३०८०३१२५४ | बृहद् दाङ उपत्यका सिँचाइ आयोजना | १९५००० | १९४०४९ | ९९.५१ |
| ३०८०३१२६४ | नयाँ प्रविधिमा आधारित नदी नियन्त्रण कार्यक्रम | २४१९०० | १७३९६७ | ७१.९२ |
| ३०८०३१२७४ | एकीकृत ऊर्जा तथा सिँचाइ विशेष कार्यक्रम | ६३१९८३ | ९८२० | १.५५ |
| ३०८०३१४८४ | पूर्वी रासी लोथर- सौराहा कडक्रिट डाइक निर्माण | ९००० | १९१६ | २१.२९ |
| ३०८०४१०१४ | जलस्रोत अनुसन्धान तथा विकास केन्द्र | ८३१०० | ३१९८७ | ३८.४९ |
| ३०८२१०११४ | विद्युत नियमन आयोग | ४०९०० | ३८१२४ | ९३.२१ |
| ३०८२१०१२४ | जल तथा ऊर्जा आयोग | ३६१०० | ८५२० | २३.६ |
| ३०८२१०१३४ | नदी बेसिन योजना तथा जलविद्युत विकास | ४१८७०० | २२४१३६ | ५३.५३ |
| ३०८८१०११४ | भूमिगत जलस्रोत विकास समिति | २३४०० | १५४७० | ६६.११ |
| | **कूल जम्मा** | **३२१९९३९८** | **१९६७२१४६** | ६१.०० |

## १०. चालु आर्थिक वर्ष २०७७/७८ को खुद बजेट तथा फागुन मसान्तसम्मको खर्चको यथार्थ विवरण:

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०८००००११३ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | १५५९९५ | ५८३८६ | ३७.४३ |
| ३०८००१०१३ | बुढी गण्डकी जलविद्युत आयोजना | ३८२८७ | १५३९७ | ४०.२१ |
| ३०८००१०२३ | विद्युत विकास दशकसम्बन्धी कार्ययोजना | ११९०० | २७८५ | २३.४० |
| ३०८००१०३३ | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र | १०२४००० | ६१०७३ | ५.९६ |
| ३०८००१०४३ | राष्ट्रिय ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रम | २३८८३०० | ३०६२०५ | १२.८२ |
| ३०८०१०११३ | विद्युत विकास विभाग | ८२५०० | ४०३१८ | ४८.८७ |
| ३०८०११०१३ | विद्युत विकासमा निजी क्षेत्रको प्रवर्द्धन | १६०० | १५६८ | ९७.९७ |
| ३०८०११०२३ | सप्तकोशी बहुउद्देश्यीय आयोजना | १५१०० | ६४२८ | ४२.५७ |
| ३०८०११०३३ | पञ्चेश्वर बहुउद्देश्यीय आयोजना | ५७०० | २२६१ | ३९.६६ |
| ३०८०११०६३ | बुढीगंगा जलविद्युत आयोजना | २६१०० | ११८६९ | ४५.४७ |
| ३०८०२०११३ | जल तथा मौसम विज्ञान विभाग | १२११०० | ४७०६३ | ३८.८६ |
| ३०८०२१०१३ | जल तथा मौसम विज्ञान कार्यक्रम | ११७४०० | ५०५५५ | ४३.०६ |
| ३०८०२१०२३ | जलवायु प्रकोप समुत्थान निर्माण आयोजना | ३३९८४४ | १४१२१ | ४.१६ |
| ३०८०३०११३ | जलस्रोत तथा सिँचाइ विभाग | २५९२०० | १३४६८७ | ५१.९६ |
| ३०८०३०१२३ | सिँचाइ व्यवस्थापन डिभिजन - ८ | ९६२०० | ५२६०० | ५४.६८ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०८०३०१३३ | यान्त्रिक कार्यालय-३ | २२५०० | १०४६३ | ४६.५० |
| ३०८०३१०१३ | सिँचाइ संस्थागत विकास कार्यक्रम | १६००० | ७९७२ | ४९.८३ |
| ३०८०३१०२३ | सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना | १२६०० | ५०४३ | ४०.०२ |
| ३०८०३१०३३ | सिँचाइ सम्भाव्यता अध्ययन तथा निर्माण गुणस्तर | १६०० | ३८३ | २३.९३ |
| ३०८०३१०४३ | यान्त्रिक व्यवस्थापन कार्यक्रम | ८०० | ३२१ | ४०.१२ |
| ३०८०३१०५३ | समुदाय व्यवस्थित सिञ्चित कृषि क्षेत्र आयोजना | २२५०० | ९००५ | ४०.०२ |
| ३०८०३१०६३ | नदी नियन्त्रण | २१००० | ३९२१ | १८.६७ |
| ३०८०३१०७३ | जल उत्पन्न प्रकोप नियन्त्रण प्रविधि परियोजना | ४३०० | १९२६ | ४४.८० |
| ३०८०३१०९३ | मर्मत सम्भार आयोजनाहरू | १३४०० | ३२२८ | २४.०९ |
| ३०८०३११०३ | बृहत सरकारी सिँचाइ योजनाको पुनर्स्थापना तथा | ७५०० | २५३० | ३३.७३ |
| ३०८०३१११३ | बागमती सिँचाइ आयोजना | ३०५०० | १६८१२ | ५५.१२ |
| ३०८०३११२३ | बबई सिँचाइ आयोजना | २८००० | १६२४६ | ५८.०२ |
| ३०८०३११३३ | महाकाली सिँचाइ आयोजना (कञ्चनपुर) | २६२०० | १२२०२ | ४६.५७ |
| ३०८०३११४३ | सुनसरी मोरङ सिँचाइ आयोजना (तेस्रो) | ३५७०० | २४२९९ | ६८.०७ |
| ३०८०३११५३ | प्रगन्ना तथा बड्कापथ सिँचाइ आयोजना, दाङ | ९४०० | ६३३६ | ६७.४० |
| ३०८०३११६३ | सिक्टा सिँचाइ आयोजना | ३१८०० | १९२८२ | ६०.६४ |
| ३०८०३११७३ | पालुङ्टार- कुण्डुटार सिँचाइ आयोजना | ५८०० | २६९१ | ४६.३९ |
| ३०८०३११९३ | रानी जमरा  कुलरिया सिँचाइ आयोजना ( प्रणाली | ५०६०० | २०४८८ | ४०.४९ |
| ३०८०३१२०३ | भेरी-ववई  डाईभर्सन बहुउद्देश्यीय आयोजना | २८२०० | १५४३१ | ५४.७२ |
| ३०८०३१२१३ | प्राथमिकता प्राप्त नदी बेसिन बाढी जोखिम | २२९०० | ७०३१ | ३०.७० |
| ३०८०३१२२३ | सिँचाइ पुनर्स्थापना आयोजना (कुवेत फण्ड) | ९३०० | ५१४७ | ५५.३५ |
| ३०८०३१२३३ | समृद्ध तराई मधेश सिँचाइ विशेष कार्यक्रम | १८९०० | ७८४४ | ४१.५० |
| ३०८०३१२४३ | सुनकोशी मरिन डाईभर्सन बहुउद्देश्यीय आयोजना | १२८०० | ८९९३ | ७०.२६ |
| ३०८०३१२५३ | बृहद् दाङ उपत्यका सिँचाइ आयोजना | ९७०० | ६४३३ | ६६.३२ |
| ३०८०३१२६३ | नयाँ प्रविधिमा आधारित नदी नियन्त्रण कार्यक्रम | ११४०० | ५९०६ | ५१.८१ |
| ३०८०३१२७३ | एकीकृत ऊर्जा तथा सिँचाइ विशेष कार्यक्रम | २१६०० | १००९७ | ४६.७४ |
| ३०८०४१०१३ | जलस्रोत अनुसन्धान तथा विकास केन्द्र | २६२०० | १०७८८ | ४१.१७ |
| ३०८२१०१२३ | जल तथा ऊर्जा आयोग | ३२३०० | १५५५७ | ४८.१७ |
| ३०८२१०१३३ | नदी बेसिन योजना तथा जलविद्युत विकास | २९०० | ११५२ | ३९.७२ |
| ३०८८१०११३ | भूमिगत जलस्रोत विकास समिति | ३८००० | २०४४५ | ५३.८० |
| | **कुल जम्मा** | **५२५७६२६** | **१०८३२८६** | **२०.६०** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०८०००११४ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | १२०४० | ५८० | ४.८२ |
| ३०८००१०१४ | बुढी गण्डकी जलविद्युत आयोजना | ७९७३२०० | १३०४६२० | १६.३६ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०८००१०२४ | विद्युत विकास दशकसम्बन्धी कार्ययोजना | ६३१०० | ५५० | ०.८७ |
| ३०८००१०३४ | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र | १६३०० | ४४२ | २.७१ |
| ३०८०१०११४ | विद्युत विकास विभाग | ४४५०० | १६२८ | ३.६६ |
| ३०८०११०२४ | सप्तकोसी बहुउद्देश्यीय आयोजना | ५०२०० | ० | ०.०० |
| ३०८०११०३४ | पञ्चेश्वर बहुउद्देश्यीय आयोजना | ३२०० | ८६ | २.७० |
| ३०८०११०४४ | जलविद्युत आयोजना अध्ययन | ९९०३०० | ३१९२२४ | ३२.२४ |
| ३०८०११०६४ | बुढीगंगा जलविद्युत आयोजना | १६१३३०० | ८४८२ | ०.५३ |
| ३०८०२०११४ | जल तथा मौसम विज्ञान विभाग | ६२०६९४ | २०५४९ | ३.३१ |
| ३०८०२१०१४ | जल तथा मौसम विज्ञान कार्यक्रम | १३३४०० | ३५९१७ | २६.९२ |
| ३०८०२१०२४ | जलवायु प्रकोप समुत्थान निर्माण आयोजना | ४९२३६२ | ५९०१५ | ११.९९ |
| ३०८०३०११४ | जलस्रोत तथा सिँचाइ विभाग | १२०० | १०६५ | ८८.७९ |
| ३०८०३०१२४ | सिँचाइ व्यवस्थापन डिभिजन - ८ | ३२०० | १६८१ | ५२.५४ |
| ३०८०३०१३४ | यान्त्रिक कार्यालय-३ | ४१०० | १८५३ | ४५.२१ |
| ३०८०३१०१४ | सिँचाइ संस्थागत विकास कार्यक्रम | १०६०० | ३८३५ | ३६.१८ |
| ३०८०३१०२४ | सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना | १३५०० | ० | ०.०० |
| ३०८०३१०३४ | सिँचाइ सम्भाव्यता अध्ययन तथा निर्माण गुणस्तर | १९९१०० | १४५७८ | ७.३२ |
| ३०८०३१०४४ | यान्त्रिक व्यवस्थापन कार्यक्रम | १८३०० | १४५८८ | ७९.७२ |
| ३०८०३१०५४ | समुदाय व्यवस्थित सिञ्चित कृषि क्षेत्र आयोजना | २६३५०० | ३०२९७ | ११.५० |
| ३०८०३१०६४ | नदी नियन्त्रण | २९९०४०० | १५६४८८७ | ५२.३३ |
| ३०८०३१०७४ | जल उत्पन्न प्रकोप नियन्त्रण प्रविधि परियोजना | ९३५०० | १६७६९ | १७.९४ |
| ३०८०३१०८४ | भारतीय अनुदान सहयोगमा सञ्चालित नदी | १०५०००० | १५८८८ | १.५१ |
| ३०८०३१०९४ | मर्मत सम्भार आयोजनाहरू | २६३००० | ११९४५१ | ४५.४२ |
| ३०८०३११०४ | बृहत सरकारी सिँचाइ योजनाको पुनर्स्थापना तथा | ४०२००० | २२०२७६ | ५४.७९ |
| ३०८०३१११४ | बागमती सिँचाइ आयोजना | ७८०९५२ | १४८०३७ | १८.९६ |
| ३०८०३११२४ | बबई सिँचाइ आयोजना | १४७११०० | ४८९१२६ | ३३.२५ |
| ३०८०३११३४ | महाकाली सिँचाइ आयोजना (कञ्चनपुर) | ४११९०० | २६६०३४ | ६४.७१ |
| ३०८०३११४४ | सुनसरी मोरङ सिँचाइ आयोजना (तेस्रो) | ४५९३०० | २२३५११ | ४८.६६ |
| ३०८०३११५४ | प्रगन्ना तथा बड्कापथ सिँचाइ आयोजना, दाङ | २९०००० | ८१२८४ | २८.०३ |
| ३०८०३११६४ | सिक्टा सिँचाइ आयोजना | १५२५६०० | ५०९२०४ | ३३.३८ |
| ३०८०३११७४ | पालुङ्टार- कुण्डुटार सिँचाइ आयोजना | ५९७०० | ३९७५ | ६.६६ |
| ३०८०३११८४ | टार - बजार संरक्षण कार्यक्रम | ५७०००० | १३८४६१ | २४.२९ |
| ३०८०३११९४ | रानी जमरा कुलरिया सिँचाइ आयोजना ( प्रणाली | २१२५००० | ९५७८०१ | ४५.०७ |
| ३०८०३१२०४ | भेरी - ववई डाईभर्सन बहुउद्देश्यीय आयोजना | २८६३९६१ | ५६२६२८ | १९.६५ |
| ३०८०३१२१४ | प्राथमिकता प्राप्त नदी बेसिन बाढी जोखिम | ६८०१४८ | ९७ | ०.०१ |
| ३०८०३१२२४ | सिँचाइ पुनर्स्थापना आयोजना (कुवेत फण्ड) | ३५५१९१ | ५९०८ | १.६६ |
| ३०८०३१२३४ | समृद्ध तराई मधेश सिँचाइ विशेष कार्यक्रम | २२९५१०० | १५७९९३ | ६.८८ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०८०३१२४४ | सुनकोसी मरिन डाईभर्सन बहुउद्देश्यीय आयोजना | २४४५७०० | २०२२१३ | ८.२७ |
| ३०८०३१२५४ | बृहद् दाङ उपत्यका सिँचाइ आयोजना | २९३७०० | १८०७३० | ६१.५४ |
| ३०८०३१२६४ | नयाँ प्रविधिमा आधारित नदी नियन्त्रण कार्यक्रम | ९०८००० | १७८३२२ | १९.६४ |
| ३०८०३१२७४ | एकीकृत ऊर्जा तथा सिँचाइ विशेष कार्यक्रम | १२९०६०० | ७६३५ | ०.५९ |
| ३०८०३१४८४ | पूर्वी राप्ती लोथर- सौराहा नदी नियन्त्रण आयोजना | ४०००० | ३२८ | ०.८२ |
| ३०८०४१०१४ | जलस्रोत अनुसन्धान तथा विकास केन्द्र | १००१०० | ४८४१२ | ४८.३६ |
| ३०८२१०१२४ | जल तथा ऊर्जा आयोग | ३६००० | ९९१४ | २७.५४ |
| ३०८२१०१३४ | नदी बेसिन योजना तथा जलविद्युत विकास | २३५३०० | ० | ०.०० |
| ३०८८१०११४ | भूमिगत जलस्रोत विकास समिति | १७९०० | ८५८० | ४७.९३ |
| | **कुल जम्मा** | **३६५७९४४८** | **७९३६४५७** | **२१.७०** |

◆ ◆ ◆

# कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय

## १. पृष्ठभूमिः

कानुनी राज्यको अवधारणाअनुरुप नेपाल कानुनको तर्जुमा, मौजुदा कानुनमा समसामयिक संशोधन, नेपाल राजपत्रको प्रकाशन तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय विषयमा कानुनी राय लगायत न्याय प्रशासनसँग सम्बन्धित कार्य सम्पादन गर्न कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको स्थापना भएको हो।

## २. दीर्घकालीन सोचः

उपयुक्त कानुनी संरचना मार्फत न्याय अनुभूत गर्न सक्ने न्याय प्रबन्ध कायम गर्न आवश्यक कानुन तर्जुमा गर्ने।

## ३. उद्देश्यः

- संविधान प्रदत्त मौलिक हक र विश्वव्यापी रूपमा अवलम्बन गरिएका मानव अधिकारको प्रवर्द्धन र संरक्षण गर्ने,
- कानुनको प्रभावकारी कार्यान्वयनबाट कानुनी शासनको अनुभूति जनतामा पुऱ्याउने एवं कानुनी सहायताको प्रभावकारिता अभिवृद्धि गर्ने।

## ४. रणनीतिः

- ऐन, अध्यादेश, नियम र आदेश बनाउने सम्बन्धमा परामर्श दिने, मस्यौदा गर्ने, मस्यौदा जाँच गर्ने,
- नेपाल सरकारको लागि आवश्यक पर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी विवादको सम्बन्धमा आवश्यक राय परामर्श दिने,
- कानुनको एकीकरण तथा संहिताकरण, नेपाल कानुन, अन्तर्राष्ट्रिय कानुन, न्याय प्रणाली र न्याय प्रशासनको अनुसन्धान, पुनरावलोकन, सुधार गर्ने,
- न्याय प्रशासनसम्बन्धी काम गर्ने।

## ५. कार्यक्षेत्रः

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्य देहायअनुसार रहेका छन्:

- सङ्घीय विधेयक, अध्यादेश, नियम, आदेश तथा नेपाल सरकारबाट जारी हुने निर्देशिका, कार्यविधिको तर्जुमा तथा सहमति,
- सङ्घीय संसदमा विधेयक प्रस्तुत, फिर्ता, पारित विधेयकको प्रमाणीकरण,
- सरकारी तथा गैरसरकारी विधेयक,
- सार्वजनिक लिखत प्रमाणीकरण,

- सर्वोच्च अदालत, न्याय परिषद्, न्याय सेवा आयोग, उच्च अदालत, जिल्ला अदालत तथा सङ्घीय कानुन अन्तर्गत गठित विशिष्टीकृत अदालत र न्यायिक निकाय,
- कानुनी राय तथा परामर्श,
- नेपाल राजपत्रमा प्रकाशन हुने सूचनाको सम्पादन,
- नेपाल सरकार वादी हुने मुद्दा तथा नेपाल सरकारलाई सरोकार पर्ने मुद्दा फिर्ता, मिलापत्र तथा प्रतिरक्षा,
- सन्धि, सम्झौता, समझदारीको अनुमोदन, हस्ताक्षर, सम्मिलन, स्वीकृति वा समर्थन, अन्तर्राष्ट्रिय र अन्तरसरकारी संस्थाको सदस्यता प्राप्ति, अन्तर्राष्ट्रिय कानुनी दायित्व र अन्तर्राष्ट्रिय सम्मेलन र वार्तामा अन्तर्राष्ट्रिय कानुनको विषयमा अपनाउनुपर्ने दृष्टिकोणमा परामर्श,
- अन्तर्राष्ट्रिय कानुनी विवाद,
- राष्ट्रिय न्याय प्रणाली, न्यायप्रशासन तथा अन्तर्राष्ट्रिय कानुनसम्बन्धी अध्ययन, अनुसन्धान,
- अन्तर्राष्ट्रिय करार तथा अन्य लिखतको मस्यौदा र सोसम्बन्धी परामर्श,
- पारस्परिक कानुनी सहायता,
- सरकारी आश्वासन तथा सङ्कल्प प्रस्ताव,
- फौजदारी तथा देवानी कानुन निर्माण, अनुसन्धान तथा पुनरावलोकन,
- सङ्घीय कानुनको प्रकाशन तथा वितरण,
- प्रदेश र स्थानीय तहको लागि नमुना कानुनको मस्यौदा र समन्वय,
- मानव अधिकार र मानवीय कानुन,
- न्यायमा पहुँच र निःशुल्क कानुनी सहायता, विवाद समाधानका वैकल्पिक उपाय, मेलमिलाप,
- कानुन व्यवसायी परिषद्,
- नोटरी पब्लिक तथा नोटरी पब्लिक परिषद्,
- नेपाल सरकारलाई आवश्यक पर्ने कानुन तथा कानुनी लिखत र सन्धिको अनुवाद,
- नेपाल पक्ष भएका सन्धिको केन्द्रीय अभिलेखीकरण,
- कानुनको एकीकरण र संहिताकरण,
- अन्तर्राष्ट्रिय सन्धि तथा सम्झौताको प्रकाशन,
- सङ्घीय संसद कार्यसञ्चालन तथा सम्पर्क,
- नेपाल कानुन आयोग, राष्ट्रिय न्यायिक प्रतिष्ठान, न्यायिक जाँचबुझ आयोग,
- सत्य निरुपण तथा मेलमिलाप आयोग,
- बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग,
- मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, समिति, प्रतिष्ठान आदिको सञ्चालन र नियमन,
- नेपाल न्याय सेवाको न्याय समूह र कानुन समूहको सञ्चालन।

## ६. चालु आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमका बुँदाहरूको फागुन मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| २६८ | न्याय प्रशासनलाई सरल र मितव्ययी बनाउँदै न्यायमा सबैको पहुँच सुनिश्चित गरिनेछ। मुलुकको विकास र समृद्धिका लागि आवश्यक पर्ने कानुन तर्जुमा तथा सुधार गर्दै लगिनेछ। | • ९ वटा विधेयकको अवधारणापत्रमा सैद्धान्तिक सहमति तथा अध्यादेश सहित १६ वटा विधेयकको मस्यौदामा तर्जुमा सहमति प्रदान गरिएको, नियमावली, गठन आदेश, निर्देशिका गरी ५४ वटा कानुन मस्यौदा तर्जुमा तथा सहमति प्रदान गरिएको<br>• तेजाब तथा घातक रासायनिक पदार्थको नियमनका सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्न बनेको अध्यादेश जारी भएको।<br>• स्थानीय न्यायिक समितिको क्षमता अभिवृद्धि कार्यक्रम अन्तर्गत कर्णाली प्रदेशमा ३ वटा, प्रदेश नं. १ मा २ वटा र लुम्बिनी प्रदेशमा ३ वटा गरी जम्मा ८ वटा कार्यक्रम सञ्चालन भएको। |
| २६९ | सबै तहका अदालत र न्यायिक अनुसन्धान तथा तहकिकातमा सहयोग पुऱ्याउन सबै प्रदेशमा विधि विज्ञान प्रयोगशाला विस्तार गर्न तथा संक्रमणकालिन न्यायसम्बन्धी बाँकी काम सम्पन्न गरिनेछ। | • विधि विज्ञान प्रयोगशालासम्बन्धी विधेयक तर्जुमाको क्रममा रहेको। सत्यनिरुपण तथा मेलमिलाप आयोग तथा बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको कामकारबाहीका निमित्त समेत विधि विज्ञान प्रयोगशाला अपरिहार्य रहेको भनि माग भई आएकोले सो सम्बन्धी कारबाही अगाडी बढाइएको। |
| २७० | हिंसा पीडित महिला, एकल महिला, अपाङ्गता भएका व्यक्ति, दलित, बालबालिका र ज्येष्ठ नागरिकको न्यायमा पहुँच पुऱ्याउन निःशुल्क कानुनी सहायता उपलब्ध गराइनेछ। | • एकीकृत कानुनी सहायता नीति कार्यान्वयनको लागि विधेयकको मस्यौदा तर्जुमा भई छलफलको चरणमा रहेको।<br>• खोटाङ, उदयपुर, दैलेख, प्यूठानमा निःशुल्क कानुनी सहायताको प्रभावकारितासम्बन्धी जिल्लास्तरीय अन्तरक्रिया तथा अनुगमन कार्यक्रम सञ्चालन भएको। सुर्खेत र जाजरकोटमा २ वटा, खोटाङ मा २ वटा, दाङ र प्यूठानमा २ वटा गरी जम्मा ६ वटा विद्यालयस्तरीय अन्तरक्रिया तथा कानुनी सचेतना कार्यक्रम सञ्चालन भएको।<br>• हाल ४७ वटा जिल्लामा निःशुल्क कानुनी सहायता कार्यक्रम सञ्चालनमा रहेको। |

## ७. चालु आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू :

- द्विपक्षीय, बहुपक्षीय तथा दातृ संस्थाहरूसँग गरिने सम्झौताको ५१ वटा मस्यौदामा राय प्रदान गरिएको। विभिन्न निकायलाई १० वटा विषयमा कानुनी राय दिइएको। अदालतमा दायर भएका विभिन्न रिट निवेदन मध्ये ३२ वटा मुद्दामा मन्त्रालयको तर्फबाट लिखित जवाफ पेश गरिएको। नेपाल राजपत्रमा प्रकाशन हुने २ सय ५७ वटा सूचना सम्पादन गरिएको।
- प्रदेश तथा स्थानीय तहका कानुन र सोको कार्यान्वयनको अवस्था अध्ययन गर्ने सम्बन्धमा निर्देशक तथा प्राविधिक समिति गठन भई अध्ययन कार्य भइरहेको। क्षमता अभिवृद्धि कार्यक्रम अन्तर्गत प्रदेशमा कार्यरत कानुन अधिकृतको लागि विधेयक तर्जुमा तथा सार्वजनिक खरिदसम्बन्धी २ वटा प्रशिक्षण कार्यक्रम भर्चुअल माध्यमबाट सञ्चालन गरिएको। विभिन्न मन्त्रालयमा कार्यरत कानुन अधिकृतहरुलाई सन्धि सम्पन्न गर्ने प्रक्रिया सम्बन्धमा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको।
- नेपाल टेलिभिजनबाट "कानुनका कुरा" कार्यक्रम १ देखि १७ भागसम्म प्रसारण गरिएको।

## ८. आर्थिक वर्ष २०७६/७७ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू :

- ऐनहरु तथा नियमावलीहरु वेबसाइटमा अद्यावधिक गरी अपलोड गरिएको।कानुन किताब व्यवस्था समितिबाट ऐन नियमहरुको संग्रह प्रकाशन भएको। मोबाइल एप निर्माण गरी अपलोड गरिएको।
- कानुनी शिक्षा सचेतना पुस्तिका र मुलुकी संहिताको सारसंक्षेप प्रकाशन गरिएको। मुलुकी संहिता दिवस मनाउने सन्दर्भमा भदौ पहिलो साता सातवटै प्रदेशमा मुलुकी देवानी तथा फौजदारी संहिता कार्यान्वयनसम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको।
- सञ्चार माध्यमबाट कानुनी सचेतना सम्बन्धी कार्यक्रम अन्तर्गत रेडियो नेपाल र नेपाल टेलिभिजनबाट 'कानुनका कुरा' कार्यक्रम ७६ वटा प्रसारण भएको। विभिन्न विश्वविद्यालयमा कानुन संकायमा अध्ययनरत १९ जना विद्यार्थीलाई तालिम स्वरूप मन्त्रालयको काम कारवाहीमा संलग्न गराइएको।
- तनहुँ, मुस्ताङ, सुनसरी, तेह्रथुम, सिरहा, धनुषा, बाँके र बर्दिया जिल्लाका स्थानीय तहमा १२ वटा विद्यालयस्तरीय अन्तरक्रिया तथा कानुनी सचेतना कार्यक्रम सञ्चालन गरिएको। निःशुल्क कानुनी सहायताको प्रभावकारिता सम्बन्धी अन्तरक्रिया तथा अनुगमनको कार्य अन्तर्गत तेह्रथुम, लमजुङ, सिरहा, कपिलवस्तु र रुपन्देही जिल्लामा ५ वटा कार्यक्रम सञ्चालन गरिएको।
- नयाँ ऐन निर्माणको लागि २५ वटा अवधारणापत्रमा सैद्धान्तिक सहमति प्रदान गरिएको, संघीय संसदमा पेश गर्ने ३६ वटा विधेयकको मस्यौदा तर्जुमा तथा सहमति प्रदान गरिएको, ५० वटा नियमावलीहरूको मस्यौदा तर्जुमा तथा सहमति प्रदान गरिएको। स्थानीय न्यायिक समितिको क्षमता अभिवृद्धि कार्यक्रम अन्तर्गत धनकुटा, महोत्तरी, पर्वत, बाँके र बर्दिया जिल्लामा कार्यक्रम सञ्चालन गरिएको।
- प्रदेशका कानुन नेपालको संविधान र प्रचलित नेपाल कानुनअनुरुप रहे नरहेको सम्बन्धमा पुनरावलोकन गर्न सबै प्रदेशका ऐनहरु र केही स्थानीय तहका कानुनको छनौट गरी अध्ययन प्रतिवेदन तयार गरिएको।
- सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका रिक्त पदाधिकारीको नियुक्ति भई कामकारबाही अगाडि बढेको।

## ९. आर्थिक वर्ष २०७६/७७ को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३११०११३ | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | ४४६८८४ | २०४४८० | ४६ |
| ३११०१२३ | नेपाल कानुन आयोग | ३३२४० | २८३८० | ८५ |
| ३११०१३३ | न्याय सेवा तालिम केन्द्र | २७७०० | २६५८७ | ९६ |
| | **कुल जम्मा** | **५०७८२४** | **२५९४४७** | **५१** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३११०११४ | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | १९८२४ | १४८२० | ७४ |
| ३११०१२४ | नेपाल कानुन आयोग | ७७८५ | ७१७२ | ९२ |
| ३११०१३४ | न्याय सेवा तालिम केन्द्र | ९०० | ४०० | ४४ |
| | **कुल जम्मा** | **२८५०९** | **२२३९२** | **७८.५४** |

## १०. चालु आर्थिक वर्ष २०७७/७८ को खुद बजेट तथा फागुन मसान्तसम्मको खर्चको अवस्थाः

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३११०००११३ | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | ४३०३४४ | ११७६६६ | २७.३४ |
| ३११०१०११३ | न्याय सेवा तालिम केन्द्र | २९९५० | ६५२५ | २१.७९ |
| ३११२१०११३ | नेपाल कानुन आयोग | ३८९०५ | १८५४४ | ४७.६६ |
| | **कुल जम्मा** | **४९९१९९** | **१४२७३४** | **२८.५९** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३११०००११४ | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | ६२०६ | २७८६ | ४४.९० |
| ३११०१०११४ | न्याय सेवा तालिम केन्द्र | २१०० | ३६ | १.७० |
| ३११२१०११४ | नेपाल कानुन आयोग | १००० | ९३८ | ९३.८५ |
| | **कुल जम्मा** | **९३०६** | **३७६०** | **४०.४१** |

◆ ◆ ◆

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## १. पृष्ठभूमिः

अधिक जनसंख्या कृषिमा आश्रित रहेको नेपालमा कृषि क्षेत्रको विकास गरी अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान वृद्धि गर्नुका साथै मुलुकलाई कृषि उत्पादनमा आत्मनिर्भर तुल्याउन कृषि तथा पशुपन्छी मन्त्रालयको गठन गरिएको हो। यस मन्त्रालयको कृषि तथा पशुपालनको क्षेत्रलाई व्यवसायिक एवं आधुनिक तुल्याउँदै उत्पादनको विविधीकरण एवं वजारीकरण गर्ने उद्देश्य रहेको छ।

## २. दीर्घकालीन सोचः

निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रूपान्तरण गरी दिगो कृषि विकासको माध्यमबाट जीवनस्तरमा सुधार ल्याउने।

## ३. उद्देश्यः

- कृषि उत्पादन एवं उत्पादकत्व बढाउने,
- व्यावसायिक तथा प्रतिस्पर्धात्मक कृषि प्रणालीका आधारको विकास गरी क्षेत्रीय र विश्व बजारसँग प्रतिस्पर्धी बनाउने,
- प्राकृतिक स्रोत, वातावरण र जैविक विविधताको संरक्षण, सम्वर्द्धन एवं सदुपयोग गर्ने।

## ४. रणनीतिः

- कृषि उत्पादनको गुणस्तर प्रवर्द्धन गरी व्यावसायिकरण, विविधिकरण र ग्रामीण पूर्वाधारको विकास र यान्त्रिकीकरण मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गरी आयआर्जन र रोजगारीका अवसर वृद्धि सँगै खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्ने,
- उन्नत र गुणस्तरीय बीउ बिजनको सुरक्षा, विषादीका असरलाई न्यूनीकरण, कृषि बाली, पशुपन्छी तथा मत्स्यबीमाको माध्यमबाट उत्पादन लागत कम गरी प्रतिस्पर्धात्मक क्षमता बढाउने,
- आर्थिक तथा जनस्वास्थ्यको दृष्टिकोणले महत्त्वपूर्ण पशुपन्छी रोगको रोकथाम, नियन्त्रण तथा उन्मूलन गरी स्वच्छ उत्पादनमा अभिवृद्धि गर्ने,
- कृषि उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउन मापदण्ड निर्धारण गरी गुणस्तर अभिवृद्धि गर्दै कम आयतन तथा उच्च मूल्यका बाली वस्तु उत्पादन गर्न प्रोत्साहित गरी कृषि प्रशोधन उद्योग विकासमा जोड दिने,
- खाद्य, कृषि तथा मत्स्यजन्य वस्तुको गुणस्तर परीक्षण, प्रशोधन, अनुगमन र नियमनलाई स्थानीय पहुँच प्रभावकारी बनाउँदै बजारीकरणलाई प्रवर्द्धन गर्ने,
- कृषिजन्य जैविक विविधताको संरक्षण सम्वर्द्धन तथा सदुपयोग गर्दै जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न अनुसन्धानमा आधारित वातावरणमैत्री कृषि प्रविधिको विकास एवं विस्तार गर्ने,
- कृषि क्षेत्रको विकास, अनुसन्धान, प्रसार र गुणस्तर परीक्षणमा संलग्न निकायको सहकार्यमा प्राविधिक, कृषक/कृषि उद्यमी तथा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने,

- आधारभूत कृषि सूचना तथा तथ्याङ्क सङ्कलन एवं विश्लेषण प्रणालीलाई समयानुकुल आधुनिकीकरण गर्दै तथ्यमा आधारित कार्यक्रम तर्जुमा, अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउने,
- प्रत्येक प्रदेशको बिभिन्न भू-परिस्थितिकीय क्षेत्रमा उन्नत प्रविधिको प्रभावकारी अनुसरणको लागि नमूना प्रविधि गाउँ, कृषक पाठशाला र बाह्य अनुसन्धानलाई थप सुदृढीकरण गर्ने।

## ५. कार्यक्षेत्रः

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायअनुसार रहेका छन्:

- कृषि तथा कृषिजन्य जैविक विविधता र जैविक प्रविधिसम्बन्धी नीति, मापदण्ड र नियम,
- खाद्य सुरक्षा, खाद्य अधिकार र खाद्य सम्प्रभुता, खाद्यपदार्थको गुणस्तर तथा खाद्य स्वच्छतासम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- कृषि तथा पशुपन्छीजन्य औषधी, सुक्ष्म तत्व र जैविक विषादीको उपयोग र व्यवस्थापनसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- खाद्य क्वारेन्टाइन, कार्यान्वयन र नियमन, मापदण्ड, कानुन, पशु तथा वनस्पतिजन्य क्वारेन्टाइनसम्बन्धी नीति,
- विषादिको स्तरीकरण, सूचना सङ्कलन, वर्गीकरण, सूचना प्रवाह र नियमन,
- कृषिसम्बन्धी अन्तर्राष्ट्रिय व्यापार सहजीकरण,
- कृषि तथ्याङ्क प्रणाली, अनुसन्धान, स्रोत, संरक्षण, विकास र विस्तार,
- कृषि तथा खाद्यसम्बन्धी अन्तर्राष्ट्रिय प्रत्यायन, प्रयोगशाला विकास र विस्तार,
- रासायनिक तथा जैविक मल उत्पादन, आयात तथा प्रयोगसम्न्धी नीति, कानुन, समन्वय, गुणस्तर निर्धारण, मापदण्ड र नियमन,
- कृषि, मत्स्य तथा पशुपन्छीजन्य महामारी नियन्त्रण,
- कृषि औद्योगिकीकरण, मत्स्य, पशुपन्छी उद्योग व्यवसायको अन्तर प्रादेशिक विकास, प्रवर्द्धन र समन्वय,
- बीउबिजन एवं नश्लसम्बन्धी राष्ट्रिय गुणस्तर निर्धारण र नियमन,
- अन्तरदेशीय चरन तथा खर्कसम्बन्धी नीति, कानुन र नियमन,
- पशुपन्छीजन्य औषधी र दानाको नीति, कानुन, मापदण्ड, गुणस्तर निर्धारण, आयात अनुमति र नियमन;
- पशु चिकित्सासम्बन्धी राष्ट्रिय नीति, कानुन, मापदण्ड र व्यवस्थापन,
- पशु चिकित्सकको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन,
- दुग्ध र दुग्ध पदार्थबाट बनेका वस्तुहरुको अनुसन्धान र विकास,
- मासु तथा मासुजन्य पदार्थ र पशु छाला तथा अन्य पदार्थसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- कृषि तथा पशुपन्छी बीमा सम्बन्धी नीति र मापदण्ड,
- पशु सेवासम्बन्धी प्रयोगशालाको सम्बद्धता,
- राष्ट्रिय किसान आयोग,
- नेपाल कृषि अनुसन्धान परिषद्,
- मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,
- नेपाल कृषि सेवाको सञ्चालन।

## ६. चालु आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्यमा उल्लिखित नीति र कार्यक्रमका बुँदाहरूको फागुन मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ८१ | नेपाली अर्थतन्त्रको भरपर्दो आधारको रूपमा रहेको कृषि क्षेत्रमा कोरोना महामारीको कारण उत्पन्न भएको चुनौति र अवसरलाई सम्बोधन गर्न कृषिमा श्रम परिचालन, कृषि कार्यको व्यवसायीकरण, यान्त्रिकरण र आधुनिकीकरण गरी काम र रोजगारी सिर्जना गरिनेछ। कृषि क्रान्तितर्फ उन्मुख हुन कृषि भूमिको अधिकतम उपयोग गर्दै बालीको सम्भावनाको आधारमा सहकारी, सामुदायिक तथा निजी फर्म मार्फत ठूलो परिमाणमा उत्पादन गर्न प्रोत्साहित गरिनेछ। यसका लागि सिँचाइ, मल, बीउ, पूँजी, प्रविधि र बजार सुनिश्चित गरिनेछ। | • **कृषि यान्त्रिकीकरण प्रवर्द्धनको** लागि कृषि विकास फार्म चन्द्रडाँगी, झापामा कृषि यान्त्रिकरण सिकाइ केन्द्र स्थापनाको लागि सूचना प्रकाशन गरिएको।<br>• **भण्डारण, प्राथमिक प्रशोधन र प्रशोधन उद्योग स्थापनार्थ** विभिन्न जिल्लामा ३८ आवेदक छनौट भई निर्माण कार्य भइरहेको, बाग्लुङ्गमा २ वटा निर्माण सम्पन्न भई अनुदान प्रवाह भएको।<br>• कर्णाली प्रदेशमा **बजारमुखी पूर्वाधार विकास** कार्यक्रम अन्तर्गत ५० वटा पुर्वाधारको डिजाइनिङ्ग र इस्टिमेट सम्पन्न भएकोमा ४९ समूहसँग सम्झौता गरी निर्माण कार्य अगाडि बढेको जसमध्ये ७ पूर्वाधारको निर्माण सम्पन्न भएको।<br>• **जनसहभागितामा १० वटा डिप ट्यूववेल जडान गर्ने** कार्यक्रम सञ्चालनका लागि सूचना प्रकाशन भएको। गत आ.व.मा डिप ट्यूववेल जडानका लागि पूर्व सम्भाव्यता अध्ययन भएका ७ वटाको जडानको लागि सम्झौता भएको र २ वटा जडान भएको।<br>• विभिन्न जिल्लामा २ सय ८३ वटा सौर्य तथा साना सिँचाइ मर्मत सम्भार र निर्माण कार्य सम्पन्न भएको।<br>• **बिभिन्न बालीको क्षेत्र विस्तार एवं व्यवसायीकरण** कार्यक्रम अन्तर्गत खाद्यान्न वाली २ हजार २ सय ३१ हेक्टर, फलफूल खेती ३ सय २७ हेक्टर, तरकारी खेती ४ सय ३५ हेक्टर र आलु खेती २ सय ५ हेक्टर क्षेत्रफलमा विस्तार भएको।<br>• **उन्नत बिउमा कृषकहरूलाई अनुदान** कार्यक्रम (धान मकै र गहुँ) अन्तर्गत ३ सय ७९ स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको। धानको उन्नत बीउ कार्यक्रम लागु भएका स्थानीय तहबाट |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | चैते धान, मकैको बीउ खरिद गरी वितरण गरिएको। |
| ८२ | कृषि उत्पादनमा मुलुकलाई आत्मनिर्भर गराउँदै खाद्य सुरक्षा र सम्प्रभूता कायम गर्दै लगिनेछ। आगामी वर्ष दुध, तरकारी र मासुजन्य वस्तुको उत्पादनमा आत्मनिर्भर हुने गरी लक्षित कार्यक्रम सञ्चालन गरिनेछ। पोषक र औषधीय गुण भएका उच्च मूल्यका कृषि वस्तु उत्पादन र चैते धान तथा बसन्ते मकै खेतीलाई प्रोत्साहन गरिनेछ। गरिब, विपन्न तथा साना किसानलाई लक्षित गरी कृषि उद्यम प्रवर्द्धनको लागि ग्रामीण उद्यम तथा आर्थिक विकास कार्यक्रम सञ्चालन गरिनेछ। | • मिति २०७७/१२/१२ मा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको आयोजना तथा सम्माननीय प्रधानमन्त्रीज्यूको समुपस्थितिमा नेपाललाई कुखुराको अण्डा, मासु तथा पाउडर दुधमा आत्मनिर्भर घोषणा गरिएको।<br>• बाँकेको कोहलपुरमा धुलो दुध कारखाना स्थापनाको लागि विस्तृत परियोजना प्रतिवेदन तयार भएको।<br>• ताजा तरकारी उत्पादनमा कृषकको आकर्षण बढे सँगै आत्मनिर्भर उन्मुख रहेको। |
| ८३ | प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजनालाई पुनर्संरचना गर्दै स्थानीय सम्भावनाका आधारमा एक स्थानीय तहमा एक उत्पादन पकेट क्षेत्र कार्यक्रम सञ्चालन गरिनेछ। आगामी वर्ष कृषि र पशुपालनका थप २५० पकेट क्षेत्र विकास गरी प्रत्येक स्थानीय तहमा कम्तीमा एक कृषि पकेट क्षेत्र रहने सुनिश्चित गरिनेछ। | • प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजनाको **पुनर्संरचना भई चालु आ.व.मा ५८ वटा परियोजना कार्यान्वयन** इकाईबाट कार्यक्रम सञ्चालन भएको।<br>• प्रत्येक स्थानीय तहमा कम्तीमा २ वटा बाली विशेष पकेट र १ वटा ब्लक कार्यक्रम सञ्चालनका लागि प्रदेश तथा **स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण** भई कृषितर्फ **नयाँ पकेट ५ सय ६५ र ब्लक ६ सय १५ एवं पशुपन्छीतर्फ नयाँ पकेट २ सय ४३ वटा र ब्लक ५० वटा छनोट भई** कार्यक्रम सञ्चालन भइरहेको। |
| ८४ | खाद्य स्वच्छता प्रवर्द्धन तथा नियमन गर्न कानूनी संरचना तयार गरिनेछ। आगामी वर्ष कर्णाली र गण्डकी प्रदेशमा खाद्य गुणस्तर प्रयोगशाला सञ्चालनमा ल्याइनेछ। विषादीको उपयोग सुरक्षित स्तरमा राख्न जनचेतना अभिवृद्धि र प्रभावकारी नियमन गरिनेछ। सबै स्थानीय तहमा घुम्ती प्रयोगशाला मार्फत माटो परीक्षण गरी उपयुक्त बीउ, मल लगायतका | • खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन र नियमावली तयार भएको।<br>• कर्णाली र गण्डकी प्रदेशमा खाद्य गुणस्तर प्रयोगशाला सञ्चालन गर्न अर्थ मन्त्रालयबाट सहमति प्राप्त भई दरबन्दी स्वीकृतिको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध भएको।<br>• १ हजार ९ सय ५६ वटा खाद्य तथा दाना नमुना संकलन तथा विश्लेषण भएको, र ५ हजार ३ सय |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | कृषि सामाग्री सिफारिस गर्ने व्यवस्था मिलाइनेछ। | ९९ वटा खाद्य नमुना आयात निर्यात गुण प्रमाणीकरण गरिएको ।<br>• ४ सय ५६ वटा खाद्य तथा दाना उद्योग अनुज्ञापत्र जारी तथा नवीकरण भएको। काठमाडौं उपत्यका प्रवेश गर्ने नाकामा २८ पटक, खाद्य एवं दाना पदार्थ उद्योग र बजार तथा होटल रेष्टुरेण्टमा ५ सय ९४ पटक अनुगमन निरीक्षण गरिएको।<br>• कृषिजन्य उपजको आयात निर्यात नियमनतर्फ केन्द्र तथा मातहतका क्वारेन्टाइन कार्यालयहरू मार्फत जम्मा ३ हजार ९ सय १८ बिरुवा स्वस्थ्यता प्रमाणपत्र र ४२ हजार ६ सय ५५ आयात इजाजतपत्र जारी गरिएको।<br>• केन्द्रीय कृषि प्रयोगशालाबाट १ सय ६० वटा माटोको नमुना परीक्षण गरिएको। |
| ८५ | खेतीबाली लगाउने समय अगावै रासायनिक मलको पर्याप्त आपूर्ति सुनिश्चित गर्न रासायनिक मलको अनुदानमा बजेट वृद्धि गरिएको छ । प्राङ्गारिक मलको प्रयोग बढाउँदै अर्गानिक खेतीलाई प्रोत्साहन गरिनेछ। यस्तो उत्पादनलाई ब्राण्डिङ्ग गरी बजार प्रवर्द्धन गरिनेछ। | • लागत सहभागिताको आधारमा कृषकलाई अनुदानमा रासायनिक मल उपलब्ध गराउने कार्यक्रम अन्तर्गत ५ लाख २० हजार मेट्रिक टन रासायनिक मल खरिदका लागि बोलपत्र आह्वान भई २ लाख ९८ हजार मेट्रिक टन मल आयात भएको।<br>• रासायनिक मलको पर्याप्त आपूर्ति सुनिश्चित गर्न बंगलादेश सरकारसँग MOU गरी ५० हजार मेट्रिक टन आयातको लागि सम्झौता गरिएको र हालसम्म २२ हजार ५ सय मेट्रिक टन मल नेपाल आएको।<br>• प्राङ्गारिक मिसन कार्यक्रम तथा प्राङ्गारिक खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रक्रिया, २०७७ स्वीकृत भई प्रदेश र स्थानीय तहमा पठाइएको। |
| ८६ | किसानलाई गुणस्तरीय र उन्नत जातको बीउ उपलब्ध गराउन बालीको उन्नत जात विकास गर्दै बीउको गुणस्तर परीक्षणलाई बिस्तार गरी इजाजत प्राप्त विक्रेताबाट उन्नत बीउ खरिद | • स्रोत बीउ उत्पादन कार्यक्रम अन्तर्गत धान २ सय ३२.३९ मेट्रिक टन, मकै ३१.१९ मेट्रिक टन, अन्य खाद्यान्न (जौ, कोदो, फापर) ३.७७ मेट्रिक टन, आलु १९.८५ मेट्रिक टन, दलहन १.९६ मेट्रिक टन, तेलहन ३.३५ मेट्रिक टन, उखु |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | गर्ने किसानलाई नगद फिर्ता गर्ने व्यवस्था मिलाइनेछ। | २१७.०८ मेट्रिक टन, तरकारी ०.६९ मेट्रिक टन, अदुवा २.२६ मेट्रिक टन, बेसार १.५५ मेट्रिक टन, ढैंचा/सनई ०.३० मेट्रिक टन, गरी ५१४.३८ मेट्रिक टन स्रोत बीउ उत्पादन भएको।<br>• यस अवधिमा १ हजार ८ सय ९९ हेक्टर क्षेत्रफल जमिन (गहुँ १ हजार ८ सय १४ हेक्टर, तोरी ३५ हेक्टर, मुसुरो ४६ हेक्टर, जै घाँस १ हेक्टर, मकै ३ हेक्टर) मा बीज वृद्धि कार्यक्रम सञ्चालन भएको र सोही अवधिमा १ हजार ९ सय २९ मेट्रिक टन बीउ बिक्री वितरण भएको।<br>• पूर्व मूल बिउ (PBS) आलु ७५ हजार ६ सय ५२ दाना उत्पादन तथा वितरण भएको। |
| ८७ | कृषि उपजको बजारीकरण गर्न सबै स्थानीय तहमा बजार पूर्वाधार निर्माण गरिनेछ। काठमाडौंको चोभारमा निर्माणाधीन फलफूल तथा हाट बजार सञ्चालनमा ल्याइनेछ। सबै प्रदेशमा गरी ७८ कृषि थोक बजार निर्माणका लागि स्थानीय तहलाई वित्तीय हस्तान्तरण गर्न तथा प्रदेश स्तरीय कृषि उपजको "हब मार्केट" स्थापना गर्न बजेट व्यवस्था गरिएको छ। | • ७८ स्थानीय तहमा कृषि बजार निर्माणका लागि आवश्यक बजेट सशर्त वित्तीय हस्तान्तरण भई १५ स्थानीय तहमा निर्माण कार्य सम्पन्न भएको।<br>• काठमाडौंको चोभारमा निर्माणाधीन फलफूल बजार सम्पन्न हुने चरणमा रहेको ।<br>• काठमाडौंको तारकेश्वर न.पा. र कागेश्वरी न.पा.मा कृषि उपज बजार निर्माण कार्य शुरु भएको। |
| ८८ | कृषि जमीनमा कृषकको पहुँच विस्तार गर्न करार खेती, चक्लाबन्दी र सामुदायिक सहकारी खेतीलाई प्रोत्साहन गरिनेछ। कृषि उपजको समर्थन मूल्य तोकी खरिद गर्ने व्यवस्था मिलाइने छ। आगामी वर्षदेखि स्थानीय तह, सहकारी संघ संस्था एवम् भूमि बैंक मार्फत हुने खेती र सामूहिक खेती गर्ने समूहलाई मात्र शीत भण्डार निर्माण अनुदान दिइनेछ। | • चक्लाबन्दी सामुहिक र करार खेती विकास कार्यक्रम सञ्चालनको लागि सहकारी, निजी क्षेत्र र विदेशमा कृषि क्षेत्रमा काम गरी फर्केका व्यक्तिबाट प्रस्ताव माग सङ्कलन गरिएको। जमिन चक्लाबन्दी गरी सम्भाव्यताको आधारमा कार्यान्वयनमा सहयोग गर्नका लागि १ सय ३५ वटा चक्लाबन्दीका कार्यक्रमका लागि सम्झौता भई १ हजार ३ सय ५० हेक्टर क्षेत्रफलमा कार्यक्रम कार्यान्वयन भइरहेको।<br>• धान, उखु र गहूँको न्यूनतम समर्थन मूल्य तोकिएको। |
| ८९ | खाद्य सुरक्षा तथा आपूर्ति व्यवस्थापनलाई सुदृढ तुल्याउन र कृषि उपजको मूल्य | • स्थानीय तहमा लागत सहभागितामा Buy Back Mechanism स्थापना गर्न खाद्य गोदाम घर निर्माण |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | सुनिश्चितता दिन २ सय खाद्य भण्डारण केन्द्र स्थापना गर्न स्थानीय तहलाई रु.१ अर्ब वित्तीय हस्तान्तरणको व्यवस्थापन गरिएको छ। यस्ता केन्द्र मार्फत समर्थन मूल्य तोकिएका कृषि उपज खरिद गर्ने र एक तहको प्रशोधन गरी बिक्री गर्न तथा सरकारी र निजीस्तरमा हाल सञ्चालनमा रहेका खाद्य गोदामको मर्मत सम्भार गरी खाद्यान्न सञ्चय गर्न खाद्यान्न बैंकको अवधारणा कार्यान्वयन गर्ने व्यवस्था मिलाइएको छ। | सहित अन्य पूर्वाधार सहयोग निर्देशिका स्वीकृत गरी स्थानीय तह र कृषि सामाग्री कम्पनीलाई प्रस्ताव पेश गर्न सूचना आव्हान भएको।<br>• सहकारीसँग साझेदारी कार्यक्रम अन्तर्गत कृषि उपजको बजारीकरण सहयोग र ५० प्रतिशत लागत साझेदारीमा बीउको प्रशोधन केन्द्र स्थापना गर्न २४ जिल्लाको प्रस्ताव छनौट भई २ वटा जिल्लाको सम्पन्न भएको। |
| ९० | सबै स्थानीय तहमा कम्तीमा एक कृषि र एक पशु सेवा प्राविधिकको व्यवस्था मिलाउन बजेट व्यवस्था गरिएको छ। कृषि क्याम्पसमा स्नातक अध्ययनरत विद्यार्थीलाई इन्टर्नसिप गराउने तथा बिभिन्न प्राविधिक शिक्षालयमा अध्ययनरत विद्यार्थीलाई पढाइसँगै आयआर्जन गर्ने प्रबन्ध मिलाइएको छ। | • एक गाउँ एक प्राविधिकको लागि ६ सय २१ स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको।<br>• प्राविधिक शिक्षालयको साझेदारीमा व्यावसायिक उत्पादन कार्यक्रम अन्तर्गत नवलपरासी पूर्व र रामेछापका २ वटा शिक्षालयलाई पहिलो किस्ता भुक्तानी भएको।<br>• कृषि स्नातक (इन्टर्न) खटाउने प्रयोजनार्थ विश्वविद्यालय, अध्ययन संस्थान र कृषि क्याम्पस मार्फत २ सय ८० विद्यार्थीसँग सम्झौता भई प्राविधिक जनशक्ति परिचालन गरिएको। |
| ९१ | कृषि बाली तथा पशुपन्छी बीमाको दायरा विस्तार गरी जोखिम न्यूनीकरण गर्न बीमा प्रिमियम अनुदान रकममा वृद्धि गरिएको छ। बाली बीमा गर्दा प्रिमियम बापत कृषकले तिर्नुपर्ने रकम बाली उत्पादन भएपछि तिर्न पाउने सुविधा दिइनेछ। कृषिको उत्पादन तथा बजार जोखिम कम गर्न मोबाइल एप्स मार्फत किसानका लागि मौसम, बीउ बिजन, खेती प्रविधि र बजार मूल्य सम्बन्धी सूचना उपलब्ध गराइनेछ। | • बाली तथा पशुपन्छी बीमा प्रिमियममा ७५ प्रतिशत अनुदान उपलब्ध गराउने कार्यक्रम अन्तर्गत बाली बीमाको गत आ.व. को रू.१ करोड ९३ लाख ३२ हजार ३ सय ८० तथा पशुपन्छी तथा मत्स्य बीमाको प्रिमियममा रू.५ करोड रकम बीमा समितिलाइ भुक्तानी गरिएको।<br>• कल सेन्टर नियमित रूपमा सञ्चालन भैरहेको। NTC र Ncell सँगको सहकार्यमा Mobile SMS मार्फत कृषि प्रविधि तथा मौसमसम्बन्धी जानकारी निरन्तर रूपमा दिइरहेको। |
| ९२ | फलफूलका बिरुवा रोप्ने र संरक्षण गर्ने कार्यलाई अभियानको रूपमा सञ्चालन गर्न आगामी वर्ष कृषि तर्फ थप ५० लाख र वन तर्फका कार्यक्रमबाट थप ५५ लाख | • बहुउद्देश्यीय नर्सरी स्थापना तथा हाल सञ्चालित नर्सरीको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन प्रक्रिया, २०७७ स्वीकृत भई प्रदेश तथा स्थानीय तहमा पठाइएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | फलफूलका बिरुवा उत्पादन गरी वितरण गरिनेछ। प्रत्येक स्थानीय तहमा नर्सरी स्थापना गरी कम्तीमा १० हजार फलफूलको बिरुवा उत्पादन गर्न प्राविधिक सहयोग उपलब्ध गराइनेछ। उपयोग विहीन सार्वजनिक जग्गा, सडक तथा राजमार्गका किनारा र नदी उकासबाट प्राप्त हुने जमीनमा अभियानको रूपमा फलफूल र अन्य उपयुक्त खेती गर्न निजी, सहकारी र सामुदायिक संघ संस्थालाई प्रोत्साहित गरिनेछ। | • फलफूल दशक कार्यक्रम अन्तर्गत फलफूल बिरुवा रोपण तथा फलफूल खेति प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रक्रिया, २०७७ स्वीकृत भई प्रदेश तथा स्थानीय तहमा पठाइएको।<br>• फलफूलका बिरुवा, तरकारीका बिरुवा उत्पादन तथा बिक्री बितरण कार्यक्रम अन्तर्गत हिउँदे फलफूलको ब्यालेन्स सिट तयार भई सरकारी फर्म तथा निजी नर्सरीबाट हालसम्म १० हजार २ सय ९६ वर्षे फलफूल बिरुवा र ३३ हजार २ सय ९३ वटा हिउँदे फलफूल बिरुवा बिक्री वितरण भएको । |
| ९३ | सहकारी संघ संस्था मार्फत कपास, रेशम, ऊन र अन्य धागोजन्य उत्पादन एवम् प्रशोधनको लागि अनुदानको व्यवस्था गरिएको। उखु उत्पादक किसानलाई उत्पादन परिमाणका आधारमा प्रदान गरिने अनुदानलाई निरन्तरता दिइने छ। | • दाङ र बाँके जिल्लाका कपास खेती गर्ने २२५ कृषक परिवारबाट ६१ मेट्रिक टन बीउसहितको कपास खरिद गरी रकम भुक्तानी गरेको तथा रेशा कपास ४३ मेट्रिक टन बिक्री गरेको।<br>• उखु कृषकलाई अनुदान कार्यक्रम अन्तर्गत आ.व. २०७७/७८ मा अनुदानको लागि विनियोजित ९५ करोड रुपैंया तथा अन्य व्यवस्थापकीय कार्यको लागि विनियोजित २० लाख ५० हजार रुपैंया सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाइएकोमा हालसम्म ९४ करोड ४० लाख ४८ हजार १ सय रुपैंया कृषकलाई वितरण भएको। |
| ९४ | नेपाल कृषि अनुसन्धान परिषदको कार्य क्षेत्र विस्तार तथा क्षमता विकास गरी स्थानीय मौलिक खाद्यान्न, पशुपन्छी तथा मत्स्यपालन एवम् अन्य बालीको पञ्जीकरण, उत्पादकत्व र बहुप्रयोगका सम्बन्धमा अनुसन्धान गरिनेछ। कृषि क्याम्पसलाई अनुसन्धान कार्यमा प्रोत्साहन गरिनेछ। | • क्षेत्रीय कृषि अनुसन्धान केन्द्रको नाम, भूमिका र प्रभाव क्षेत्रमा परिवर्तन गरी प्रादेशिक कृषि अनुसन्धान निर्देशनालयमा रुपान्तरण गरिएको।<br>• कर्णाली प्रदेशको कृषि अनुसन्धान केन्द्र सुर्खेतलाई स्तरोन्नति गरी कर्णाली प्रदेश कृषि अनुसन्धान निर्देशनालयमा रुपान्तरण गरिएको।<br>• बाली विकास तथा कृषि जैविक विविधता कार्यक्रम सञ्चालन प्रक्रिया, २०७७ स्वीकृत भई प्रदेश तथा स्थानीय तहमा पठाइएको।<br>• धानको ५, गहुँको ३, मकैको १ उन्नत जात प्राविधिक उपसमितिबाट स्वीकृत भएको, उखुको |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | २ जात सिफारिसको लागि प्राविधिक उपसमितिबाट स्वीकृत भएको, किविफलको ४ जात पञ्जीकरणको लागि प्राविधिक उपसमितिबाट स्वीकृत भएको। |
| ९५ | कृषकलाई व्यावसायिक पशुपन्छीपालनमा आकर्षित गर्न नश्ल सुधार कार्यक्रमलाई प्रोत्साहन, घाँस खेती र बृहत् चरी चरण क्षेत्र विकास तथा गुणस्तरीय पशु स्वास्थ्य सेवाको विस्तार गरिनेछ। मुख्य सीमा नाकामा पशु क्वारेन्टाइन स्थापना गरी प्रयोगशाला र अन्य पूर्वाधारको व्यवस्था गरिनेछ। | • धनुषा क्लस्टर इकाईमा २ वटा बोयर जातका बाखाको मल्टिप्लायर हर्ड स्थापना भएको, सिन्धुपाल्चोक क्लस्टर र सप्तरी क्लस्टरको २ वटा पालिकामा हर्ड क्षेत्र विस्तारका लागि स्थान छनौट भएको।<br>• पशु नश्ल सुधारको लागि ४ लाख ८१ हजार ८ सय ८७ डोज साढे र राँगोको वीर्य उत्पादन भएको, ४ लाख ३७ हजार ४ सय २७ पशुमा कृत्रिम गर्भाधान गरिएको, ७८ हजार ४ सय ५० लिटर तरल नाइट्रोजन उत्पादन तथा १ लाख १३ हजार ६ सय ४९ लिटर तरल नाइट्रोजन खरीद गरी वितरण गरिएको।<br>• पशुपन्छी तथा पशु उत्पादन सामग्रीको स्रोत बीउ उत्पादन अन्तर्गत भेडा, मुर्रा तथा जर्सीको पाडा पाडी, बाच्छा बाच्छी र बंगुरको १ हजार ६३ उन्नत बीउ उत्पादन गरी वितरण गरिएको।<br>• २ करोड ६७ लाख ४३ हजार डोज खोप उत्पादन भएको।<br>• ९८ लाख ५४ हजार १ सय डोज खोप निःशुल्क वितरणको लागि प्रदेशमा पठाइएको।<br>• २ करोड १८ लाख ४१ हजार ४ सय ६८ डोज खोप बिक्री गरिएको।<br>• ३ हजार १५ पशुपन्छी क्वारेन्टाईन जाँच गरिएको। |
| ९६ | कृषिमा प्रदान गरिदैं आएको सबै प्रकारको अनुदानको पुनरावलोकन गरी संघ, प्रदेश र स्थानीय तहबीच यो सुविधा दोहोरो नपर्ने व्यवस्था मिलाइनेछ। कृषि ऋणमा सहज पहुँच पुऱ्याउन किसान क्रेडिट कार्डको सुरुवात गरिनेछ। खेतियोग्य जमीन भएका स्थानीय | • **स्थानीय तहको सहकार्यमा किसान सूचिकृत** गर्न सफ्टवेयर निर्माण भई केन्द्रीय र प्रादेशिक अभिमूखीकरण सम्पन्न भएको।<br>• **किसान सूचीकरण प्रणाली राष्ट्रिय अभियानको** सम्माननीय प्रधानमन्त्रीबाट मिति २०७७/११/२२ गते **उद्घाटन भएको**। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | तहका सबै वडामा किसानलाई सूचीकृत गरी कृषि तथा पशु सेवाको आधारभूत प्राविधिक सेवा तथा टेवा दिन कृषि स्वयंसेवक परिचालन गरिनेछ। | |

## ७. चालु आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

- दुध तथा दुग्धजन्य पदार्थ ढुवानी गर्ने सवारी साधनलाइ निर्वाध रूपमा आवतजावत गर्नको लागि प्रयोग हुने लोगो सम्माननीय प्रधानमन्त्रीको समुपस्थितिमा सार्वजनिक गरिएको।
- नेपाली अर्थोडक्स चिया ट्रेडमार्क कार्यान्वयन निर्देशिकाको मापदण्ड बमोजिम चिया उत्पादन एवं प्रशोधन कार्यमा संलग्न १२ वटा चिया उद्योगलाई ट्रेडमार्क प्रयोग अनुमति प्रदान गरिएको।
- नेपाल कृषि अनुसान्धान परिषद् र The International Maize and Wheat Improvement Center (CIMMYT) को सहकार्यमा तयार गरिएको "Web portal of digital soil map" मिति २०७७/११/१२ गते सम्माननीय प्रधानमन्त्रीको प्रमुख आतिथ्यतामा शुभारम्भ गरिएको ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना मार्फत विभिन्न बालीको क्षेत्रफल विस्तार कार्यक्रम अन्तर्गत २ हजार २ सय ३१ हेक्टरमा खाद्यान्न बाली, ३ सय २७ हेक्टरमा फलफूल खेती, ४ सय ३५ हेक्टरमा तरकारी खेती र २ सय ५ हेक्टरमा आलुखेती विस्तार गरिएको।
- कृषि उत्पादन, प्रशोधन तथा बजारीकरणको लागि कृषि यान्त्रीकरण सहयोग कार्यक्रम अन्तर्गत ३ सय ५० वटा कृषियन्त्र वितरण गरिएको।
- राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास कार्यक्रम अन्तर्गत फार्ममा उत्पादन हुने बीउ प्रमाणीकरण कार्यको सुरुवात भएको। आलुको पूर्व मूल बीउको वासलात तयार भएको (उत्पादन : ९ लाख ८३ हजार ६ सय ३१ दाना, वितरण : ९ लाख ५५ हजार २ सय ४५ दाना), विभिन्न तरकारी बालीको २२० के.जी. बीउ उत्पादन तथा ५४१ के.जी. बीउ वितरण, गोलभेडाको ७.५८ के.जी. बीउ उत्पादन, आलु बीउ १० मेट्रिक टन उत्पादन तथा ३ सय ८२ के.जी बिक्री वितरण, पि.वि.एस. आलु ३७ हजार ५ सय दाना, बीयाँ आलु १०.७ कि.ग्रा. उत्पादन भएको। २६ लाख ४४ हजार ३ सय ५५ तरकारीको बेर्ना बिक्री वितरण भएको।
- दाना, दुध, मासु लगायतको ४१ हजार ९६ नमुना, घुम्ती शिविरबाट दानाका ४ सय ३१ नमूना, दुधको २ हजार १ सय ३७ नमुना, स्थानीय तथा विभिन्न प्रजातीका घाँसको ७३ नमुना संकलन तथा परीक्षण गरिएको।
- रासायनिक तथा प्रङ्गारीक मलको १९ र बीउ बिजनको १ सय ४७ नमूनाको विभिन्न प्रयोशालाको क्रस चेक परीक्षण गरिएको।
- काठमाडौं, सुर्खेत र जाजरकोटमा देखिएको बर्डफ्लु रोग नियन्त्रण गर्ने क्रममा २० हजार ५ सय १३ पन्छी, ४ हजार १ सय ५७ के.जी. दाना तथा ५ हजार ४३ गोटा अण्डा सुरक्षित तवरले नष्ट गरिएको।
- काँचो छाला ३ हजार ८० वर्ग मिटर, शुद्ध घ्यू ३३ मेट्रिक टन र छुर्पी ७ सय ७४ मेट्रिक टन लगायत पशुजन्य उत्पादन निर्यात गरिएको।

- माछापालन व्यवसायलाई व्यवसायीकरणमा सहयोग गर्न २ करोड १६ लाख ७६ हजार ह्याच्लिङ्ग, ७ लाख ७ हजार फ्राई, १८ लाख ४५ हजार फिङ्गरलिङ्ग, ४ लाख ६५ हजार ५ सय एडभान्स फिङ्गरलिङ्ग, ४० लाख शुद्ध नश्लको ह्याच्लिङ्ग, ४ लाख शुद्ध नश्लको फिङ्गरलिङ्ग, ३ लाख २ हजार शुद्ध नश्लको एडभान्स फिङ्गरलिङ्ग, २ लाख शुद्ध नश्लको फयुचर ब्रुड ट्यागिङ्ग गरी वितरण र सौन्दर्य माछा ३० हजार उत्पादन तथा वितरण गरिएको।

## ८. आर्थिक वर्ष २०७६/७७ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू :

<u>स्वीकृत भई जारी भएका कानुन/निर्देशिका/कार्यविधिः</u>

- जीवनाशक विषादी ऐन, २०७६ जारी भएको।
- नेपाल सरकारले भेटेरिनरी सेवालाई आवश्यक सेवामा समावेश गरी नेपाल राजपत्रमा सूचना प्रकाशित गरेको।
- नेपाली व्यवसायीले तेस्रो मुलुकबाट आयात इजाजत माग गरेका पशुपन्छी, पशुजन्य उत्पादन र उत्पादन सामाग्रीहरुको जोखिम विश्लेषण गरी न्यून जोखिमको अवस्थामा मात्र आयात सिफारिस प्रदान गर्ने व्यवस्था मिलाएको।

<u>कृषि तर्फ</u>

- धान र उखुको न्यूनतम समर्थन मूल्य तोकिदैं आएकोमा आ.व. २०७६/७७ देखि गहुँ बालीको न्यूनतम समर्थन मूल्य तोकिएको।
- चक्लाबन्दीमा आधारित खेती गर्ने कार्यलाई प्रोत्साहन गर्नको लागि ७२३ हेक्टर क्षेत्रफलमा चक्लाबन्दीमा आधारित भई खेती गर्ने समूह, सहकारीलाई अनुदान प्रवाह गरिएको र कृषकलाई उत्पादन तर्फ अभिप्रेरित गर्नको लागि प्रतिफलमा आधारित अनुदान प्रवाहको माध्यमबाट ८ हजार ६ सय ९७ हेक्टर क्षेत्रफलमा अनुदान सहयोग गरिएको।
- कृषि तथा वन विश्वबिद्यालय र महेन्द्ररत्न वहुमुखी क्याम्पस, ईलाममा अध्यनरत २ सय २२ विद्यार्थीहरूलाई प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको कार्यक्षेत्रमा अध्ययन अनुसन्धानका लागि खटाइएको।
- मागको आधारमा कृषकलाई १ हजार ३ सय ९९ वटा कृषि यन्त्रहरू अनुदानमा उपलब्ध गराइएको।
- १२ डिप ट्यूववेल र ९ सय २१ स्यालो टयूववेल जडान भई करिब ४ हजार २ सय हेक्टरमा थप सिँचाइ सुविधा विस्तार भएको। सौर्यमा शक्तिमा आधारित सिँचाइ ३३ वटा र साना सिँचाइ १ हजार ६ सय ११को मर्मत सम्भार सम्पन्न भएको।
- ८ जिल्लाका उखु कृषकलाई १ अर्व ३७ करोड २२ लाख ६७ हजार रुपैयाँ अनुदान भुक्तानी गरिएको।
- नेपाल कृषि अनुसन्धान परिषद्‌बाट धानमा हर्दिनाथ हाईब्रिड धान-१, हर्दिनाथ हाईब्रिड धान-३, हर्दिनाथ बोरो धान-१, सुद्धोधन कालानमक र हर्दिनाथ साबा मसुली उन्मोचन गरिएको। मसुरोको श्रद्धा जात सिफारिस भएको र रसुवा कालो मसुरो रजिष्ट्रेसन भएको। १३ उन्नत कृषि प्रविधि विकास गरिएको। ८८ बालीका ७ सय ७८ जातहरू संकलन गरिएको र ४५ बालीका ५ सय ५० स्थानीय जातका बीउलाई सुरक्षित रूपमा मध्यकालीन तथा दीर्घकालीन संरक्षण कक्षमा राखिएको।

- द्रूत विषादी अवशेष परीक्षण प्रयोगशाला मार्फत ७३ हजार १ सय ७४ तरकारी तथा फलफुलको नमुना परीक्षण गरिएको ।
- माटो अनुकूलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गर्न तथा माटोको भौतिक, रासायनिक तथा जैविक गुणमा सुधार ल्याई कृषि उत्पादन तथा उत्पादकत्व बृद्धि गर्नको लागि घुम्ति प्रयोगशाला मार्फत माटो परीक्षण शिविर सञ्चालन गरिएको।

<u>पशुपन्छी तर्फ</u>

- आ.व. २०७६/०७७ मा २ हजार ३ सय १ हजार मेट्रिक टन दुध, ५ सय ५२ हजार मेट्रिक टन मासु (व्यावसायिक कुखुराको मासु समेत), १ अर्ब ६२ करोड गोटा अण्डा तथा ९९ हजार ४ सय ३४ मेट्रिक टन माछा उत्पादन गरिएको।
- माछापालन व्यवसायलाई व्वसायीकरणमा सहयोग गर्न ३ करोड ६९ लाख २५ ह्याचलिङ्ग, १२ लाख ९७ हजार फिँगरलिङ्कस्, ५ सय ९७.९६ हजार एडभान्स फिङ्गरलिङ्ग, १ सय ९२.१५ शुद्ध नश्लको फिङ्गरलिङ्ग, १९.५१ हजार सौन्दर्य माछा, १ हजार २ सय ९७ हजार फ्राई, ३२०० हजार शुद्ध नश्लको ह्याच्लिङ्ग उत्पादन तथा बितरण गरिएको।
- काँचो छाला ३ लाख ७० हजार २१ वर्ग मिटर, शुद्ध घ्यू (जापान) ३ मेट्रिक टन लगायत पशुजन्य उत्पादन निर्यात गरिएको।
- तरल नाइट्रोजन २ लाख २५ हजार ९ सय ९ लिटर उत्पादन तथा वितरण भएको, राँगो साँढे र बोकाको ७ लाख ९३ हजार ८ सय ८४ डोज जमेको विर्य उत्पादन तथा वितरण भएको। पशु नश्ल सुधारका लागि ५लाख ७७ हजार ७ सय १९ गाई, भैंसी र बाख्रामा कृत्रिम गर्भाधान गरिएको ।
- पशुपन्छी बीमाको प्रिमियममा ७५ प्रतिशत अनुदान कार्यक्रम अन्तर्गत रू.२० अर्ब ९ करोड वरावरको पशुधनको बीमा गरिएको।
- केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला लाइ BSL- 2 + सुविधासहित राष्ट्रिय सन्दर्भ प्रयोगशाला (National Reference Laboratory) को रूपमा स्थापित गरिएको।
- पशु सेवा विभाग मातहतका विराटनगर, जनकपुर, चितवन, सुर्खेत र धनगढी स्थित पशुपन्छी रोग अन्वेषण प्रयोगशाला र नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गत भैरहवा स्थित प्रयोगशालालाई कोभिड-१९ महामारीमा PCR परीक्षण सुविधा सहित मोलिक्युलर युनिट उपलब्ध गराई राष्ट्रिय संकट समाधानमा सहयोग पुऱ्याइएको।
- पशु सेवा विभागबाट पशुपन्छीका खोरेत, एच.एस., एण्ड बि.क्यू, रेविज, फेलाइन तथा केनाइनका खोप गरी कुल २ अर्ब ५७ करोड १४ लाख ३३ हजार ४ सय १५ डोज खोप आयात सिफारिस गरिएको।

<u>खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता</u>

- खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग वाट यस वर्ष १२ हजार २ सय ८४ खाद्य तथा दाना नमूना विश्लेषण र ३२ हजार ३ सय ९९ पटक खाद्य आयात निर्यात निरीक्षण तथा प्रमाणिकरण गरिएको।
- ७ हजार १ सय २ बिरुवा स्वस्थताको प्रमाणपत्र तथा ३२ हजार ७८ वटा आयात इजाजतपत्र वितरण तथा जारी गरिएको, ५० पटक पोष्ट इन्ट्री क्वारेन्टिन निरीक्षण गरी आयात निर्यातमा सहजिकरण गरिएको।

- गरिमा धानको बिउ प्रयोग गरेका कृषकहरू मध्ये धान उत्पादनमा प्रतिकूल नतिजा भोगेका कृषकलाई रू.३ करोड ४० लाख ११ हजार राहत वितरण गरिएको।
- कोभिड-१९ बाट कृषि क्षेत्रमा परेको असरलाई तत्काल सम्बोधन गर्न आयोजना क्षेत्रका कृषकलाई परियोजना कार्यान्वय ईकाई मार्फत ८५ प्रतिशत अनुदानमा धान तथा कोदोको उन्नत बीउ उपलब्ध गराइएको।
- दुग्ध विकास सस्थांनले कोभिड-१९ को समयमा कृषकबाट कच्चा दुधको संकलन गरि विराटनगर स्थित संस्थानको आफ्नै कारखाना तथा सुजल डेरी उद्योग, पोखरामा कन्भर्सन गराई कच्चा दुध खरिदलाई निरन्तरता दिइ कृषकलाई राहत प्रदान गरेको।

## ९. आर्थिक वर्ष २०७६।७७ को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

चालु खर्च (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१२०००११३ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | १७९१५७ | १४०७१७ | ७८.५४ |
| ३१२००१०१३ | कृषि  विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम | २८३३९० | ६४७४३ | २२.८५ |
| ३१२००१०२३ | विशेष कृषि उत्पादन कार्यक्रम | १०६९७२६० | १०५२९९७२ | ९८.४४ |
| ३१२००१०३३ | बीउ प्रवर्द्धन तथा गुण नियन्त्रण कार्यक्रम | ३११५६ | २३३२३ | ७४.८६ |
| ३१२००१०४३ | प्लान्ट क्वारेन्टाइन तथा विषादि व्यवस्थापन कार्यक्रम | १४४९६९ | ९१८३५ | ६३.३५ |
| ३१२००१०५३ | कृषि सूचना तथा प्रशिक्षण कार्यक्रम | १२९२४० | ८३०३२ | ६४.२५ |
| ३१२००१०६३ | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना | २८४५९६२ | १८८२०३१ | ६६.१३ |
| ३१२००१०७३ | लाइभस्टक सेक्टर इन्नोभेसन आयोजना | ७७१७०९ | २५५३५५ | ३३.०९ |
| ३१२००१०८३ | खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना | ४७९२३८ | १८४७१९ | ३८.५४ |
| ३१२००१०९३ | कृषि क्षेत्र विकास कार्यक्रम | ६६८०८० | ५७८९४ | ८.६७ |
| ३१२००११०३ | किसानका लागि उन्नत बीउ विजन कार्यक्रम | १३०७२० | ९४३७२ | ७२.१९ |
| ३१२००१११३ | जलवायु प्रकोप समुत्थान निर्माण आयोजना (कृषि व्यवस्थापन तथा सूचना प्रणाली) | २३६८० | १८८७७ | ७९.७२ |
| ३१२००११२३ | नेपाल कृषि बजार विकास कार्यक्रम | २८८२०० | २२७७६९ | ७९.०३ |
| ३१२००११३३ | नेपाल कृषि सेवा विकास कार्यक्रम | १९०००० | २२८९३४ | १२०.४९ |
| ३१२०१०११३ | कृषि विभाग | १५७८६४७ | १५०४२४० | ९५.२९ |
| ३१२०११०१३ | राष्ट्रिय आलु, तरकारी तथा मसला विकास कार्यक्रम | १८०६२५ | ८७८४२ | ४८.६३ |
| ३१२०११०२३ | राष्ट्रिय फलफूल विकास कार्यक्रम | २०५००४ | १३३८६६ | ६५.३ |
| ३१२०११०३३ | व्यवसायीक कीट विकास कार्यक्रम | १२१८६३ | ४५८७४ | ३७.६४ |
| ३१२०११०४३ | वाली बिकास तथा जैविक विविधता संरक्षण कार्यक्रम | १२९५२२ | ४३७१३ | ३३.७५ |
| ३१२०११०५३ | केन्द्रीय कृषि प्रयोगशाला कार्यक्रम | १०४६०४ | ६०२३९ | ५७.५९ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१२०११०६३ | कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्धन कार्यक्रम | १३४०८५ | ६८०७८ | ५०.७७ |
| ३१२०११०७३ | रानी जमरा कुलरिया सिचाई आयोजना—प्रणाली आधुनिकिकरण कृषि कार्यक्रम | २२३८०० | १२०३३६ | ५३.७७ |
| ३१२०११०९३ | साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजना | १५००० | ११७४६ | ७८.३ |
| ३१२०११११३ | समुदाय व्यवस्थित सिञ्चित कृषि क्षेत्र कार्यक्रम(कृषि) | १९७७१ | ७६१४ | ३८.५१ |
| ३१२०२०११३ | पशु सेवा विभाग | ६०६२६९ | ४९७३५८ | ८२.०४ |
| ३१२०२१०१३ | मत्स्य विकास कार्यक्रम | १२८५९९ | १०२९७९ | ८०.०८ |
| ३१२०२१०२३ | पशु स्वास्थ्य, रोग अन्वेशण सेवा तथा क्वारेन्टाईन कार्यक्रम | ४३३६४२ | ३६४०७३ | ८३.९६ |
| ३१२०२१०३३ | पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रम | ४१३३६५ | २९९११० | ७२.३६ |
| ३१२०२१०४३ | पशु आहारा तथा लाइभस्टक गुण व्यवस्थापन कार्यक्रम | २९०८५ | २५६०२ | ८८.०३ |
| ३१२०३१०१३ | खाद्य पोषण तथा प्रविधि कार्यक्रम | ३७९५७७ | २५५४८८ | ६७.३१ |
| ३१२२१०११३ | राष्ट्रिय किसान आयोग | ४८८०० | ३३२६८ | ६८.१७ |
| ३१२३१०११३ | राष्ट्रिय चिया, कफी तथा अलैंची विकास बोर्ड | ८९१३८ | ७७३९४ | ८६.८२ |
| ३१२३१०१२३ | राष्ट्रिय दुग्ध विकास बोर्ड | ५७४०० | ४५३२६ | ७८.९७ |
| ३१२४१०११३ | नेपाल पशु चिकित्सा परिषद् | ९९०० | ६४७७ | ६५.४३ |
| ३१२४११०१३ | कृषि अनुसन्धान कार्यक्रम | २१४४६६५ | १८९१०६९ | ८८.१८ |
| ३१२८१०११३ | कपास विकास समिति | २२४०० | २१२८८ | ९५.०३ |
| | **कुल जम्मा** | **२३९३८५२२** | **१९५८६५५३** | **८१.८२** |

**पुँजीगत खर्च** (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१२०००११४ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | ७३००० | ५४१३५ | ७४.१६ |
| ३१२००१०१४ | कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम | २४७०० | ४००० | १६.१९ |
| ३१२००१०३४ | बीउ प्रवर्द्धन तथा गुण नियन्त्रण कार्यक्रम | ३७०० | ३४६७ | ९३.६९ |
| ३१२००१०४४ | प्लान्ट क्वारेन्टाइन तथा विषादि व्यवस्थापन कार्यक्रम | ३३०९० | २१३०६ | ६४.३९ |
| ३१२००१०५४ | कृषि सूचना तथा प्रशिक्षण कार्यक्रम | १२२०० | ४८१७ | ३९.४८ |
| ३१२००१०६४ | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना | २०५२७० | १५५२८० | ७५.६५ |
| ३१२००१०७४ | लाइभस्टक सेक्टर इन्नोभेसन आयोजना | ७७५९०० | १४६१८५ | १८.८४ |
| ३१२००१०८४ | खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना | ३०५०० | २२०३५ | ७२.२५ |
| ३१२००१०९४ | कृषि क्षेत्र विकास कार्यक्रम | १७६२० | ३२८० | १८.६१ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१२००११०४ | किसानका लागि उन्नत बीउ विजन कार्यक्रम | ४००० | ० | ० |
| ३१२०१०११४ | कृषि विभाग | ३७०० | ७१ | १.९३ |
| ३१२०११०१४ | राष्ट्रिय आलु, तरकारी तथा मसला विकास कार्यक्रम | ४५९०० | ३६१६० | ७८.७८ |
| ३१२०११०२४ | राष्ट्रिय फलफूल विकास कार्यक्रम | ९९२५० | ६०६५५ | ६१.११ |
| ३१२०११०३४ | व्यवसायीक कीट विकास कार्यक्रम | १४६५० | १३४३३ | ९१.७ |
| ३१२०११०४४ | वाली बिकास तथा जैविक विविधता संरक्षण कार्यक्रम | ५७४०० | २३३१९ | ४०.६२ |
| ३१२०११०५४ | केन्द्रीय कृषि प्रयोगशाला कार्यक्रम | १०४०० | ३५७६ | ३४.३८ |
| ३१२०११०६४ | कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्धन कार्यक्रम | ३४७६०० | २४८४१८ | ७१.४७ |
| ३१२०११०७४ | रानी जमरा कुलरिया सिचाई आयोजना– प्रणाली आधुनिकिकरण कृषि कार्यक्रम | ११००० | ६६०७ | ५९.५२ |
| ३१२०११११४ | समुदाय व्यवस्थित सिञ्चित कृषि क्षेत्र कार्यक्रम(कृषि) | १०२०० | ० | ० |
| ३१२०२०११४ | पशु सेवा विभाग | ६४२४८ | २५८०३ | ४०.१६ |
| ३१२०२१०१४ | मत्स्य विकास कार्यक्रम | ८४१५० | ५२३०३ | ६२.१५ |
| ३१२०२१०२४ | पशु स्वास्थ्य, रोग अन्वेशण सेवा तथा क्वारेन्टाईन कार्यक्रम | २४२२५२ | १२४८५५ | ५१.५४ |
| ३१२०२१०३४ | पशुपन्छी स्रोत ब्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रम | १८०१२० | १०३५५८ | ५७.४९ |
| ३१२०२१०४४ | पशु आहारा तथा लाइभस्टक गुण ब्यवस्थापन कार्यक्रम | ९८०० | ७१७२ | ७३.१९ |
| ३१२०३१०१४ | खाद्य पोषण तथा प्रविधि कार्यक्रम | २९२६७५ | ७३८४५ | २५.२३ |
| ३१२२१०११४ | राष्ट्रिय किसान आयोग | १८०० | १५९२ | ८८.४५ |
| ३१२३१०११४ | राष्ट्रिय चिया, कफी तथा अलैंची विकास बोर्ड | ६२०० | ५४६९ | ८८.२१ |
| ३१२३१०१२४ | राष्ट्रिय दुग्ध विकास बोर्ड | २०० | १९९ | ९९.७३ |
| ३१२४११०१४ | कृषि अनुसन्धान कार्यक्रम | ६०१४०० | २९११९६ | ४८.४२ |
| | कुल जम्मा | ३२६३०२५ | १४९२७३६ | ४६.०० |

## १०. चालु आर्थिक वर्ष २०७७।७८ को खुद बजेट तथा फागुन मसान्तसम्मको खर्चको अवस्थाः

चालु खर्च (हजारमा)

| ब.नं.शी.उ. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१२०००११३ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | २४१६७० | ८३३६३ | ३४.४९ |
| ३१२००१०१३ | कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम | १०६५५०० | ६५६८ | ०.६२ |

| ब.नं.शी.उ. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१२००१०२३ | विशेष कृषि उत्पादन कार्यक्रम | ११००५००० | ४४४४५३५ | ४०.३९ |
| ३१२००१०३३ | बीउ प्रवर्द्धन तथा गुण नियन्त्रण कार्यक्रम | ३६३०० | १५७३३ | ४३.३४ |
| ३१२००१०४३ | प्लान्ट क्वारेन्टाइन तथा विषादि ब्यवस्थापन कार्यक्रम | १४४८०० | ५२१३५ | ३६.०१ |
| ३१२००१०५३ | कृषि सूचना तथा प्रशिक्षण कार्यक्रम | ९८७०० | ३७२११ | ३७.७० |
| ३१२००१०६३ | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना | २९७८५२५ | ५२५५०५ | १७.६४ |
| ३१२००१०७३ | लाइभस्टक सेक्टर इन्नोभेसन आयोजना | १५४१३०० | १७५६६१ | ११.४० |
| ३१२००१०८३ | खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना | ८८५६०० | १२८४०२ | १४.५० |
| ३१२००१०९३ | कृषि क्षेत्र विकास कार्यक्रम | ७९०७६० | ४६४७७ | ५.८८ |
| ३१२००१११३ | जलवायु प्रकोप समुत्थान निर्माण आयोजना (कृषि व्यवस्थापन तथा सूचना प्रणाली) | ९००७ | ५४५९ | ६०.६१ |
| ३१२००११२३ | नेपाल कृषि बजार विकास कार्यक्रम | २४७८०० | ० | ०.०० |
| ३१२००११३३ | नेपाल कृषि सेवा विकास कार्यक्रम | ३९५०० | ० | ०.०० |
| ३१२०१०११३ | कृषि विभाग | ११५०३७३ | ९९७२८७ | ८६.६९ |
| ३१२०११०१३ | राष्ट्रिय आलु, तरकारी तथा मसला विकास कार्यक्रम | ११५५०० | ४९३३८ | ४२.७२ |
| ३१२०११०२३ | राष्ट्रिय फलफूल विकास कार्यक्रम | २०४१०० | ८२३८९ | ४०.३७ |
| ३१२०११०३३ | व्यवसायीक कीट विकास कार्यक्रम | ७३९०० | ३४२८३ | ४६.३९ |
| ३१२०११०४३ | वाली बिकास तथा जैविक विविधता संरक्षण कार्यक्रम | ११८६०० | २६२३१ | २२.१२ |
| ३१२०११०५३ | केन्द्रीय कृषि प्रयोगशाला कार्यक्रम | ६९९०० | १५९५२ | २२.८२ |
| ३१२०११०६३ | कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्धन कार्यक्रम | ५८७०० | १९८७१ | ३३.८५ |
| ३१२०११०७३ | रानी जमरा कुलरिया सिचाई आयोजना– प्रणाली आधुनिकिकरण कृषि कार्यक्रम | २८७१०० | १०१०७६ | ३५.२१ |
| ३१२०१११११३ | समुदाय व्यवस्थित सिञ्चित कृषि क्षेत्र कार्यक्रम(कृषि) | ५०७०० | ८३२५ | १६.४२ |
| ३१२०२०११३ | पशु सेवा विभाग | ३३०४०० | ८००४७ | २४.२३ |
| ३१२०२१०१३ | मत्स्य विकास कार्यक्रम | १०८२०० | ५०६५१ | ४६.८१ |
| ३१२०२१०२३ | पशु स्वास्थ्य, रोग अन्वेशण सेवा तथा क्वारेन्टाईन कार्यक्रम | ४५३९०० | २०४४५६ | ४५.०४ |
| ३१२०२१०३३ | पशुपन्छी स्रोत ब्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रम | ४३०६०० | १७९०७५ | ४१.५९ |
| ३१२०२१०४३ | पशु आहारा तथा लाइभस्टक गुण ब्यवस्थापन कार्यक्रम | ३१७०० | १६४९५ | ५२.०४ |
| ३१२०३१०१३ | खाद्य पोषण तथा प्रविधि कार्यक्रम | ३८७२०० | १३७२३८ | ३५.४४ |

| ब.नं.शी.उ. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१२२१०११३ | राष्ट्रिय किसान आयोग | ३४५०० | १४३२८ | ४१.५३ |
| ३१२३१०११३ | राष्ट्रिय चिया, कफी तथा अलैंची विकास बोर्ड | ११५८०० | ५३०३५ | ४५.८० |
| ३१२३१०१२३ | राष्ट्रिय दुग्ध विकास बोर्ड | ५९७०० | ३२३३३ | ५४.१६ |
| ३१२४१०११३ | नेपाल पशु चिकित्सा परिषद् | ९३०० | ५६०६ | ६०.२८ |
| ३१२४११०१३ | कृषि अनुसन्धान कार्यक्रम | २२९७१०० | १२९८१३९ | ५६.५१ |
| ३१२८१०११३ | कपास विकास समिति | २८९०० | १३२५३ | ४५.८६ |
| | **कुल जम्मा** | **२५५००६३६** | **८९४०४५६** | **३५.०६** |

**पुँजीगत खर्च** (हजारमा)

| ब.नं.शी.उ. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१२०००११४ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | १२३३०० | ४६७७९ | ३७.९४ |
| ३१२००१०३४ | बीउ प्रवर्द्धन तथा गुण नियन्त्रण कार्यक्रम | १९०० | १५६७ | ८२.४६ |
| ३१२००१०४४ | प्लान्ट क्वारेन्टाइन तथा विषादि ब्यवस्थापन कार्यक्रम | ७५०० | ३६९३ | ४९.२४ |
| ३१२००१०५४ | कृषि सूचना तथा प्रशिक्षण कार्यक्रम | १२५०० | ० | ०.०० |
| ३१२००१०६४ | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना | २७२१०० | ३१६२५ | ११.६२ |
| ३१२००१०७४ | लाइभस्टक सेक्टर इन्नोभेसन आयोजना | ११९२४०० | १४६६११ | १२.३० |
| ३१२००१०८४ | खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना | २६७०० | २१५१९ | ८०.५९ |
| ३१२००१०९४ | कृषि क्षेत्र विकास कार्यक्रम | ७८०० | २२४९ | २८.८४ |
| ३१२००११२४ | नेपाल कृषि बजार विकास कार्यक्रम | ३२०० | ० | ०.०० |
| ३१२०१०११४ | कृषि विभाग | ३८०० | ० | ०.०० |
| ३१२०११०१४ | राष्ट्रिय आलु, तरकारी तथा मसला विकास कार्यक्रम | २२२०० | ११३४४ | ५१.१० |
| ३१२०११०२४ | राष्ट्रिय फलफूल विकास कार्यक्रम | ११५९०८ | ३५१९६ | ३०.३७ |
| ३१२०११०३४ | व्यवसायीक कीट विकास कार्यक्रम | २४००० | १६०८६ | ६७.०२ |
| ३१२०११०४४ | वाली बिकास तथा जैविक विविधता संरक्षण कार्यक्रम | ३२४०० | २०९९ | ६.४८ |
| ३१२०११०५४ | केन्द्रीय कृषि प्रयोगशाला कार्यक्रम | ७९०० | ४४५ | ५.६३ |
| ३१२०११०६४ | कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्धन कार्यक्रम | २३३६०० | १६४०५ | ७.०२ |
| ३१२०११०७४ | रानी जमरा कुलरिया सिचाई आयोजना—प्रणाली आधुनिकिकरण कृषि कार्यक्रम | १७०० | ० | ०.०० |
| ३१२०२०११४ | पशु सेवा विभाग | ७३०० | ७९ | १.०९ |
| ३१२०२१०१४ | मत्स्य विकास कार्यक्रम | ६९७४३ | २१७१० | ३१.१३ |
| ३१२०२१०२४ | पशु स्वास्थ्य, रोग अन्वेशण सेवा तथा क्वारेन्टाईन कार्यक्रम | २००५०० | २५१९२ | १२.५६ |
| ३१२०२१०३४ | पशुपन्छी स्रोत ब्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रम | १८१३५७ | ४१५७४ | २२.९२ |

| ब.नं.शी.उ. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१२०२१०४४ | पशु आहारा तथा लाइभस्टक गुण व्यवस्थापन कार्यक्रम | ९७०० | ४११० | ४२.३७ |
| ३१२०३१०१४ | खाद्य पोषण तथा प्रविधि कार्यक्रम | १९४८०० | १२४५८ | ६.४० |
| ३१२२१०११४ | राष्ट्रिय किसान आयोग | २१०० | १२२० | ५८.१२ |
| ३१२३१०११४ | राष्ट्रिय चिया, कफी तथा अलैंची विकास बोर्ड | १४००० | ८४३१ | ६०.२२ |
| ३१२३१०१२४ | राष्ट्रिय दुग्ध विकास बोर्ड | ९०० | ८९२ | ९९.०९ |
| ३१२४११०१४ | कृषि अनुसन्धान कार्यक्रम | ३९८५०० | १२४३२५ | ३१.२० |
| ३१२८१०११४ | कपास विकास समिति | ५०० | ० | ०.०० |
| | **कुल जम्मा** | **३१६८३०८** | **५७५६११** | **१८.१७** |

◆ ◆ ◆

# खानेपानी मन्त्रालय

## १. पृष्ठभूमिः

मानव जीवनमा बहुआयामिक प्रभाव पर्ने खानेपानी तथा सरसफाइ सेवालाई नेपालको संविधानले मौलिक हकको रूपमा व्यवस्था गरे अनुसारको जिम्मेवारी पूरा गर्न खानेपानी मन्त्रालय स्थापना भएको छ। दिगो विकास लक्ष्य अन्तर्गत खानेपानी क्षेत्रका लागि निर्धारित लक्ष्य प्राप्ति गर्ने तर्फ राष्ट्रिय प्रतिबद्धता रहेको छ। हालसम्म करिब ४१ हजार खानेपानी प्रणालीहरूको निर्माण भई ९१.५ प्रतिशत जनसङ्ख्यालाई आधारभूतस्तरको र २३.८ प्रतिशत जनसङ्ख्यालाई लाई उच्च तथा मध्यमस्तरको खानेपानी सेवामा पहुँच पुगेको छ। सरसफाइतर्फ सबै स्थानीय तह खुला दिसामुक्त घोषणा भई राष्ट्र नै खुला दिसामुक्त भएको छ भने शतप्रतिशत घरधुरीहरूले आधारभूतस्तरको सरसफाइ सेवा उपयोग गरिरहेका छन्।

## २. दीर्घकालीन सोचः

सुरक्षित, सर्वसुलभ र दिगो खानेपानी तथा सरसफाइ सेवाको माध्यमबाट समृद्ध समाज तथा प्रदुषणमुक्त वातावरण निर्माणमा टेवा पुऱ्याउने।

## ३. उद्देश्य

- पर्याप्त, सुरक्षित र सर्वसुलभ पहुँच हुने गरी नागरिकलाई खानेपानी सेवा उपलब्ध गराउने,
- सबै नागरिकलाई सरसफाइ सेवा उपलब्ध गराउने,
- जलवायु परिवर्तन अनुकूल तथा विपद् व्यवस्थापनमैत्री खानेपानी तथा सरसफाइ सेवा सुनिश्चित गर्ने।

## ४. रणनीतिः

- आधारभूत खानेपानी तथा सरसफाइ सेवाबाट वञ्चित रहेका समुदायहरूको सहभागितामा खानेपानी तथा सरसफाइ सेवा पुऱ्याउने।
- खानेपानीका स्रोत तथा जलाधार क्षेत्रको पहिचान र संरक्षण, भूमिगत पानीको पुनर्भरण, वर्षातको पानी सङ्कलन तथा जलस्रोतको बहुउपयोग, एकीकृत उपयोग तथा पुनरूपयोगलाई प्रोत्साहन र प्रवर्द्धन गर्ने।
- निर्माणाधीन आयोजनाहरूको निर्माण सम्पन्न तथा सेवा सञ्चालनमा समस्या भएका आयोजनाको उचित मर्मत सम्भार, पुनर्स्थापना तथा समय सापेक्ष सेवास्तर अभिवृद्धि गर्दै जाने। उच्च तथा मध्यमस्तरको खानेपानी सेवा विस्तारको लागि मागको आधारमा लागत साझेदारी, लागत प्रभावी हुने गरी खानेपानी आयोजना सञ्चालन गर्ने,
- फोहोर पानीको उत्सर्जन कम गर्ने र उत्सर्जित फोहोर पानीको व्यवस्थापन गरी लाभ प्राप्त गर्ने। मानवजन्य फोहोर पानी प्रशोधन सहित व्यवस्थापन तथा दिसाजन्य लेदो व्यवस्थापन गर्दै नदी नाला, जलाशय, जलाधार तथा ताल तलैयाको पर्यावरणीय स्वच्छता तथा सौन्दर्यता कायम गर्ने,
- जलवायु अनुकूलन एवं विपद् जोखिम न्यूनीकरणका खानेपानी तथा सरसफाइ आयोजनामा प्राथमिकता दिई दिगोपना कायम गर्ने,

## ५. कार्यक्षेत्रः

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायअनुसार रहेका छन्:

- खानेपानी र सरसफाइसम्बन्धी नीति, कानुन र मापदण्ड,
- राष्ट्रियस्तरका ठूला खानेपानी आयोजना र अन्तर प्रदेश खानेपानी आयोजना,
- राष्ट्रियस्तरका प्रशोधनसहितका बृहत् ढल र अन्तर प्रदेश ढल प्रशोधनसहितका आयोजनाको पहिचान, निर्माण र नियमन,
- मन्त्रालयसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय,
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,
- नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल इन्जिनियरिङ्ग समूहको स्यानिटरी उपसमूह सञ्चालन।

## ६. चालु आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमका बुँदाको फागुन मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| १९९ | आगामी दुई वर्ष भित्र सबै नागरिकमा आधारभूत खानेपानी सेवाको पहुँच सुनिश्चित गर्न र गुणस्तर अभिवृद्धि गर्न तीनै तहबाट निर्माणाधीन खानेपानी आयोजना सम्पन्न गरिनेछ। आगामी वर्ष आधारभूतस्तरको खानेपानी सुविधा ९४ प्रतिशत जनसङ्ख्यालाई मा पुर्‍याइनेछ। | • चालु आ.व. को अन्त्यसम्म ९४ प्रतिशत जनसङ्ख्यालाई आधारभूतस्तरको खानेपानी सेवा उपलब्ध गराउने लक्ष्य रहेकोमा फागुन मसान्तसम्म ९१.५२ प्रतिशत जनसङ्ख्यालाई सेवा उपलब्ध भएको।<br>• ग्रामीण खानेपानी तथा सरसफाइ कोष अन्तर्गत १ सय ५७ वटा आयोजना सम्पन्न भई १ लाख ३५ हजार ६ सय ४८ जनसङ्ख्या आधारभूत खानेपानी तथा सरसफाइ सेवाबाट लाभान्वित भएको।<br>• भूकम्पबाट क्षतिग्रस्त दोस्रो चरणका ३४ वटा आयोजना मर्मत सम्पन्न भई २० हजार १ सय ६० जनसङ्ख्यालाई लाभान्वित भएको।<br>• तेस्रो साना सहरी खानेपानी आयोजनाको २ वटा आयोजना सम्पन्न भई ३१ हजार ३ सय ३९ जनसङ्ख्यालाई उच्च तथा मध्यमस्तरको खानेपानी सेवाबाट लाभान्वित भएको।<br>• खानेपानी गुणस्तर सुधार कार्यक्रम अन्तर्गत ३० वटा आयोजना निर्माणाधीन रहेकोमा २ वटा आयोजना सम्पन्न भई २० हजार ३ सय ९० जनसङ्ख्यालाई लाभान्वित भएको। |
| २०० | मेलम्ची खानेपानी आयोजनाको | • मेलम्ची खानेपानी आयोजना पहिलो चरणको सुरुङ्ग |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | आधारभूत पूर्वाधार निर्माण कार्य चालु आर्थिक वर्ष भित्रै सम्पन्न गरी आगामी आर्थिक वर्षको शुरुदेखि नै काठमाडौं उपत्यकामा खानेपानी वितरण गरिनेछ र काठमाडौं उपत्यकामा खानेपानी र ढल निकास व्यवस्थापनका लागि समेत बजेट विनियोजन गरिएको छ। | निर्माण सम्पन्न भई परीक्षणको क्रममा काठमाडौंमा पानी वितरण कार्य (पुरानो प्रणाली र आंशिक नयाँ प्रणालीबाट) शुरु भएकोमा हाल १७ करोड लिटर थप पानी वितरण भइरहेको।<br>• १ लाख ५१ हजार पुरानो धाराबाट पानी वितरण भइरहेको मध्ये १२ हजार धाराबाट थप पानी उपलब्ध भएको।<br>• याङग्री र लार्के खोलाबाट थप पानी उपलब्ध हुने गरी मेलम्ची खानेपानी आयोजनाको दोस्रो चरणको निर्माण कार्यको लागि डिजाइन इस्टिमेट तयार भई पुनरावलोकनको क्रममा रहेको। मुआब्जा र क्षतिपूर्तिको कार्य सम्पन्न हुने चरणमा रहेको। प्रवेश मार्ग निर्माणको कार्य शुरू भएको।<br>• काठमाडौं उपत्यका खानेपानी सुधार आयोजना अन्तर्गत थोक वितरण प्रणाली (BDS): ७७ कि.मी. मध्ये ७६.९४ कि.मी. सम्पन्न भएको। ३५ कि.मी. वितरण सञ्जाल सुधार (Distribution Network Improvement) सम्पन्न भएको। १० वटा पानी ट्याङ्कीहरू (Service Reservoir Tank) मध्ये ९ वटाको निर्माण कार्य सम्पन्न भएको।<br>• काठमाडौं उपत्यका फोहोर पानी (ढल) व्यवस्थापन आयोजना अन्तर्गत गुहेश्वरी ढल प्रशोधन केन्द्र (३२.४० मिलियन लिटर प्रतिदिन) निर्माण सम्पन्न भई प्रशोधित पानी वागमतीमा बहाव गरिएको।<br>• धोबीघाट ढल प्रशोधन केन्द्र (७४ मिलियन लिटर प्रतिदिन), सल्लाघारी ढल प्रशोधन केन्द्र (१४.२० मिलियन लिटर प्रतिदिन) र वालकुमारी ढल प्रशोधन केन्द्र (१७.५० मिलियन लिटर प्रतिदिन) को निर्माण कार्य २६ प्रतिशत सम्पन्न भएको।<br>• काठमाडौं, ललितपुर, कीर्तिपुर, भक्तपुर तथा ठिमीको ढल सुधार कार्यक्रम मध्ये ललितपुरको २.८ कि.मी. ढल सुधार कार्यको ०.४५ कि.मी. सम्पन्न भएको। |
| २०१ | महाकाली, कर्णाली, बबई र कोशी लगायतका नदीमा आधारित थोक | • प्रदेश राजधानी लगायतका ठूला शहरहरूमा उच्च तथा मध्यम स्तरको खानेपानी सेवा र प्रशोधन सहितको ढल |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | पानी वितरण प्रणाली तथा जलाशययुक्त खानेपानी आयोजना सञ्चालनको सम्भाव्यता अध्ययन गरी प्राथमिकताको आधारमा कार्यान्वयन गर्ने व्यवस्था मिलाइएको छ। सबै प्रदेशका राजधानीमा खानेपानीको वितरणलाई व्यवस्थित गर्न खानेपानी आयोजना निर्माण तथा सुधारका लागि बजेट व्यवस्था गरिएको छ। | प्रणाली र फोहोर पानी व्यवस्थापनको लागि चालु आ.व ०७७।७८ देखि १२ मुख्य शहरहरूमा १२ एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजनाको अध्ययनको परामर्शदाता छनौटको लागि सूचना प्रकाशन गरिएको।<br>• नेपाल खानेपानी संस्थान अन्तर्गत पोखरा खानेपानी सुधार आयोजना, बुटवल खानेपानी आयोजनाको निर्माण शुरु गरिएको।<br>• जलाशययुक्त खानेपानी आयोजनाहरू र ठूला नदीहरूबाट थोक वितरण प्रणाली मार्फत खानेपानी आपूर्ति गर्न १ जलाशययुक्त आयोजना र २ थोक वितरण प्रणालीको अध्ययन शुरु भएको। |
| २०२ | आगामी वर्ष सुक्खाग्रस्त क्षेत्रमा निर्माणाधीन जलवायु अनुकूलित तथा बृहत पम्पिङ्, लिफ्ट तथा सह लगानीका खानेपानी आयोजना सञ्चालन गर्न तथा काठमाडौं उपत्यका खानेपानी लिमिटेडको प्राविधिक र वित्तीय अवस्था सुदृढ गर्न संस्थागत पुनर्संरचना गरी व्यवसायिक संस्थाकोरूपमा विकास गरिनेछ। | • चौरजहारी-रुकुम, पाल्पा सदरमुकाम, गोर्खा सदरमुकाम र हर्रे टुनीबोटे-सिन्धुपाल्चोक खानेपानी आयोजनाको निर्माण कार्य ९५ प्रतिशत सम्पन्न भएको।<br>• जलवायु अनुकूलित बृहत खानेपानी आयोजना अन्तर्गत रेसुंगा, राकाथुम, इन्द्रावती, सरुकोट, चुलीमालिका र कालीगण्डकी बृहत खानेपानी आयोजनाहरूको प्रशोधन प्रणाली निर्माणको ठेक्का सम्झौता भएको।<br>• ३ वटा जलवायु अनुकूलित बृहत खानेपानी आयोजनाहरूको बोलपत्र मूल्याङ्कनको क्रममा रहेको, २ वटा आयोजनाहरूको बोलपत्र आह्वानको सूचना प्रकाशन भएको।<br>• सहलगानी खानेपानी तथा सरसफाइ आयोजना अन्तर्गत २० वटा मध्ये ५ वटा आयोजनाको निर्माण कार्य सम्पन्न भई ८८ हजार ४ सय ८१ जनसङ्ख्यालाई उच्च/मध्यम स्तरको सेवाबाट लाभान्वित भएको।<br>• १२ वटा सहलगानी खानेपानी तथा सरसफाइ आयोजनाहरूको विस्तृत इन्जिनियरिङ डिजाइनको लागि आशय पत्र मूल्याङ्कन भएको। |
| २०३ | साना खानेपानी आयोजना प्रदेश अन्तर्गत सञ्चालन गर्ने गरी वित्तीय हस्तान्तरणको व्यवस्था मिलाइएको र हाल सञ्चालित खानेपानी | • आ.व ०६९।७० भन्दा अगाडि शुरु भई संघ अन्तर्गत सञ्चालित ६२ वटा आयोजनाहरू मध्ये ५३ आयोजनाहरू चालु आ.व. मा प्रदेश सरकारमा हस्तान्तरण गरिएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | आयोजना सङ्घ, प्रदेश र स्थानीय तहबाट नियमित मर्मत सम्भार गर्न बजेट विनियोजन गरिएको छ। | • खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम अन्तर्गत ३ सय ६० वटा आयोजनाको निर्माण कार्यको सम्झौता भएको तथा ४ सय ३५ वटा आयोजनाहरू निर्माणाधीन रहेको। |
| २०४ | खानेपानीका स्रोत तथा जलाधार क्षेत्रको पहिचान, संरक्षण र विकास गरिनेछ। भूमिगत खानेपानीको दिगो आपूर्तिका लागि पानीको पुनर्भरण कार्यलाई जोड दिइनेछ। तराई मधेशका जिल्लामा वितरण हुने खानेपानी आर्सेनिकमुक्त बनाइने छ। | • तराइ मधेश क्षेत्रमा भूमिगत पानीको सतह घटेको र आर्सेनिक लगायतका प्रदूषण रहेकोमा ओभरहेड टयाङ्क सहितका ५ सय ४४ डिप बोरिङ खानेपानी आयोजनाहरू सञ्चालन गरिएको।<br>• संघीय सरकारबाट हस्तान्तरित तराई-मधेश खानेपानी सुधार आयोजना प्रदेश सरकार मार्फत सञ्चालनमा रहेको। |
| २०५ | खुला दिसा मुक्त राष्ट्र घोषणा भइसकेको अवस्थामा आधारभूत स्तरको सरसफाइलाई दिगो बनाउन स्थानीय तह मार्फत सरसफाइका कार्यक्रम अघि बढाइनेछ। संघ, प्रदेश र स्थानीय तहको साझेदारीमा फोहर पानी प्रशोधन, सार्वजनिक शौचालय तथा ढल निर्माण, फोहर मैला प्रशोधनका कार्यक्रम सञ्चालन गरिनेछ। | • आगामी आ.व. देखि राजमार्गको निश्चित दूरीमा खानेपानी, शौचालय र अन्य सुविधा सहितको सेवा केन्द्र निर्माण गरी सञ्चालन गर्न ६५ स्थानीय तहसँग सहकार्य अगाडि बढाइएको।<br>• सेवा प्रदायकको क्षमता अभिवृद्धिको लागि जनसाधन विकास कार्यक्रम मार्फत जिल्ला समन्वय समिति, स्थानीय तह र खानेपानी उपभोक्ता समितिहरूका ३ सय ४८ जनालाई खानेपानी तथा सरसफाइ सम्बन्धी तालीम प्रदान गरिएको।<br>• स्वच्छ नेपाल अभियान अन्तर्गत एक महिने हात धुने अभियान सञ्चालन गरिएको।<br>• हरेक स्थानीय तहमा सार्वजनिक शौचालयको निर्माण गर्ने नीतिअनुरूप स्थानीय तहको सहकार्यमा ८० स्थानहरूमा सार्वजनिक शौचालयको निर्माण शुरु भएको।<br>• ढल निर्माण तथा प्रशोधन कार्यक्रम अन्तर्गत २ वटा आयोजनाको बोलपत्रसम्बन्धी कागजात तयार भइरहेको तथा १४ वटा आयोजनाहरूको विस्तृत अध्ययन भइरहेको। चालु आ.व. को अन्त सम्ममा ५ वटा प्रशोधन सहितको ढल निर्माण सम्पन्न गर्ने गरी कार्य भइरहेको। |

## ७. चालु आर्थिक वर्ष २०७७/७८ फाल्गुन मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

### राष्ट्रिय सूचना व्यवस्थापन कार्यक्रम

- NWASH MIS को प्रयोग गरी २ सय ३६ वटा स्थानीय तहको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (WASH Plan) निर्माण गर्ने प्रक्रिया शुरु भएको। ६८ वटा स्थानीय तहको WASH Plan तयारीको लागि स्थानीय तहमा र १०९ वटाको लागि लुम्बिनी प्रदेशमा रकम पठाइएको।

### केन्द्रीय खानेपानी तथा सरसफाइ आयोजना

- केन्द्रीय खानेपानी तथा सरसफाइ आयोजना अन्तर्गत ३० वटा आयोजनाहरूको लागत अनुमान स्वीकृत भई २४ वटा आयोजनाको वहुवर्षीय ठेक्काको लागि स्रोत सुनिश्चितताको सहमति प्राप्त भएको। २२ वटा आयोजनाहरूको निर्माण कार्यको लागि बोलपत्रको सूचना प्रकाशन भएको। ३ वटा आयोजनाको ठेक्का सम्झौता भएको।

### एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना

- एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना अन्तर्गत १२ वटा आयोजनाको विस्तृत इन्जिनियरिङ्ग डिजाइन प्रतिवेदन तयारीको लागि TOR स्वीकृत भएको।

### खानेपानी गुणस्तर सुधार कार्यक्रम

- खानेपानी गुणस्तर सुधार कार्यक्रम अन्तर्गत ३० वटा आयोजनाहरू निर्माणाधीन रहेकोमा २ वटा आयोजना सम्पन्न भएको। ३२ वटा आयोजनाको डिजाइन तथा लागत अनुमान प्रतिवेदन प्राप्त भई स्वीकृतिको क्रममा रहेको।

### खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम

- खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम अन्तर्गत ३६० वटा आयोजनाको निर्माण कार्यको सम्झौता भएको। ४३५ वटा आयोजनाहरू निर्माणाधीन रहेको।

### तेस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजना

- तेस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजना अन्तर्गत २ वटा आयोजना सम्पन्न भएको।

### शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना

- शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना अन्तर्गत ३ वटा आयोजनाको ठेक्का सम्झौता भएको। ४ वटा आयोजनाको निर्माण कार्यको लागि बोलपत्र सूचना प्रकाशन भएको।

### राष्ट्रिय खानेपानी तथा सरसफाइ प्रशिक्षण केन्द्र

- राष्ट्रिय खानेपानी तथा सरसफाइ प्रशिक्षण केन्द्रबाट भर्चुअल विधिबाट सञ्चालित १४ वटा कार्यक्रम विभाग अन्तर्गतका कर्मचारीहरू र सेवा प्रदायकहरू गरी ३ सय ४८ जना लाभान्वित भएको।

### खानेपानी तथा ढल व्यवस्थापन विभाग

- पुँजीगत बजेट तर्फको कन्टिन्जेन्सी खर्च गर्ने कार्यविधि स्वीकृत भएको। खानेपानी उपभोक्ता समितिको व्यवसायिक योजना तयार गर्ने निर्देशिका स्वीकृत भएको। स्थानीय तहहरूको WASH plan तयार गर्ने निर्देशिका स्वीकृत भएको।

- खानेपानी तथा ढल व्यवस्थापन विभागको व्यवसायिक योजना स्वीकृत भएको। थप ५ वटा आयोजना कार्यालय स्थापना भई सञ्चालनमा आएको। USAID को सहयोगमा WASH FIN Project सम्पन्न भएको।

**मेलम्ची खानेपानी आयोजना (दोस्रो चरण)**

- मेलम्ची दोश्रो चरण अन्तर्गत प्रवेश मार्ग निर्माण, मुआब्जा तथा क्षतिपूर्ति वितरण, परामर्श सेवा खरिद, पानी प्रशोधन केन्द्र, सुरुङ्ग र हेडवर्क्स निर्माणको खरिद प्रक्रिया शुरू गरिएको। ३ सय ८० रोपनी जग्गा प्राप्तिका लागि रू.७ करोड मुआब्जा वितरण तथा रू. ४३ लाख क्षतिपूर्ति वितरण गरिएको।

**काठमाडौं उपत्यका खानेपानी सुधार आयोजना**

- ३५ कि.मी. वितरण सञ्जाल सुधार (DNI) सम्पन्न भएको। १० वटा पानी ट्याङ्कीहरू (SRT) मध्ये ९ वटा सम्पन्न भएको।

**काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड**

- काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड अन्तर्गत उपत्यकाका ५ विभिन्न स्थानमा Water ATM जडान कार्य सम्पन्न।

**ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति**

- खुला दिसामुक्त घोषणा पश्चात पूर्ण सरसफाइ कार्यक्रम अन्तर्गत विभिन्न स्थानीय तहबाट माग भएका मध्ये ८० स्थानमा सार्वजनिक शौचालय निर्माण यसै आर्थिक वर्ष भित्र सम्पन्न गर्ने गरी निर्माण कम्पनीहरूसँग सम्झौता भएको।
- भक्तपुर जिल्ला स्थित मनोहरा वेंशी र पिंखेल खानेपानी आयोजनामा पानी शुद्धीकरणका लागि automatic multi graded pressure filters जडान गरी सञ्चालनमा ल्याइएको।

## ८. आर्थिक वर्ष २०७६/७७ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

- खानेपानी तथा सरसफाइ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रतिनिधि सभामा दर्ता भएको।
- २०७६ असोज १३ गते नेपाल खुला दिसामुक्त राष्ट्र घोषणा भएको।
- खानेपानी क्षेत्रका सरोकारवालाहरूलाई NWASH Software सम्बन्धी जानकारी दिने उद्देश्यले प्रदेश र संघमा गरी ५ वटा NWASH Dissemination कार्यशाला सञ्चालन गरिएको। उक्त सफ्टवेयरको Sectoral Approval प्राप्त भई १ सय ५९ वटा स्थानीय तहहरूको Inventory Data सङ्कलन भएको।
- गुणस्तर सुधारका ४ वटा आयोजना सम्पन्न भई ६१ हजार ७ सय ४३ जनसङ्ख्यालाई उच्च तथा मध्यमस्तरको सुरक्षित खानेपानीको सेवाबाट लाभान्वित भएको। २ वटा तेस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजना सम्पन्न भई ५० हजार ५ सय ७० जनसङ्ख्यालाई उच्च तथा मध्यम स्तरको खानेपानी सेवा बाट लाभान्वित भएको। नेपाल खानेपानी संस्थान अन्तर्गत ५ वटा डिप ट्यूववेल सञ्चालन गर्ने काम सम्पन्न भएको।
- नगरकोट परीक्षण प्रयोगशाला तथा लेखनाथ स्रोत केन्द्रको भवन निर्माण कार्य सम्पन्न भएको। खानेपानी तथा सरसफाइ क्षेत्रको तथ्याङ्क व्यवस्थापन सम्बन्धी NMIP डाटा बुक प्रकाशन भएको।

- जलवायु अनुकूलित वृहत खानेपानी आयोजना अन्तर्गत पकरवास र यासोक खानेपानी आयोजना सम्पन्न भई ३१ हजार ४ सय ४५ जनसङ्ख्यालाई लाभान्वित भएको। भूकम्पबाट क्षतिग्रस्त २१ वटा आयोजनाको निर्माण सम्पन्न भई १० हजार ७ सय १५ जनसङ्ख्यालाई आधारभूत खानेपानी सेवाबाट लाभान्वित भएको।
- तेस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजनाबाट २ वटा दिसाजन्य लेदो व्यवस्थापन आयोजना सम्पन्न भई २ लाख ७ हजार ८ सय ६७ जनसङ्ख्यालाई लाभान्वित भएको।
- मेलम्ची खानेपानी आयोजनाको सुरुङ्गको विभिन्न सेक्सनमा Grouting तथा Rock Bolt जडानको काम सम्पन्न भएको। मेलम्ची खानेपानी आयोजनाको सबै अडिट तथा सुन्दरीजल पोर्टलमा समेत गरी ६ वटा गेट जडानको कार्य सम्पन्न भएको। सुन्दरीजल पोर्टलबाट पानी प्रशोधन केन्द्र सम्मको सप्लाइ पाइप तथा वागमती नदी सम्मको वास आउट पाइप जडान कार्य सम्पन्न गरिएको। सुरुङ्गको तोकिएको स्थानमा Instrumentation को उपकरणहरू जडान गरिएको। ठेक्का सम्झौताको Testing Commissioning बाहेकको करिब ९९ प्रतिशत कार्य सम्पन्न भएको। आयोजना कार्यान्वयन निर्देशनालय अन्तर्गत कूल ७७ कि.मी. मध्ये ७६ कि.मी. मुख्य प्रशारण पाइप लाइनको (थोक वितरण प्रणाली) बिच्छ्याउने कार्य सम्पन्न भइ ६८.१ कि.मी. Commissioning गर्ने कार्य सम्पन्न भएको। वितरण सञ्जाल सुधार अन्तर्गत १ सय ४२ कि.मी. वितरण पाइपलाइनमा short run test सम्पन्न भएको।
- ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति अन्तर्गत २ सय १८ खानेपानी आयोजनाहरू, २१ ट्युववेल आयोजनाहरू, ८ ओभरहेड खानेपानी आयोजनाहरू सम्पन्न भई १ लाख ३ सय ४० जनसङ्ख्यालाई लाभान्वित भएको।
- गुहेश्वरी फोहोर पानी प्रशोधन केन्द्रको निर्माण कार्य सम्पन्न भइ सञ्चालनमा रहेको। खस्याङ खुसुङ (कासाङ) खोलाको दुवै किनारमा इन्टरसेप्टर ढल निर्माणको कार्य सम्पन्न भइ ४६ हजार ३ सय ८० जनसङ्ख्यालाई लाभान्वित भएको।

## ९. आर्थिक वर्ष २०७६/७७ को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१३०००११३ | खानेपानी मन्त्रालय | १०५८५६ | ५६७६५ | ५३.६२ |
| ३१३००१०१३ | मेलम्ची खानेपानी आयोजना | ६३६०० | ५५३८९ | ८७.०९ |
| ३१३०१०११३ | खानेपानी विभाग | १७१६७७ | ५४५५४ | ३१.७८ |
| ३१३०१०१२३ | जनसाधन विकास कार्यक्रम | २७१४० | १९०१७ | ७०.०७ |
| ३१३०१०१३३ | संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाहरू | १८८१५४ | १६९५५६ | ९०.१२ |
| ३१३०११०१३ | राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजना | १७५९८ | ३१६९ | १८ |
| ३१३०११०२३ | खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम | ४८०० | ७८५ | १६.३५ |
| ३१३०११०३३ | खानेपानी तथा गुणस्तर सुधार कार्यक्रम | ९७४७ | ५२५८ | ५३.९५ |
| ३१३०११०४३ | तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना | २५९५४ | १०७८० | ४१.५३ |
| ३१३०११०५३ | जलवायु अनुकूलित बृहत खानेपानी आयोजना | ३४२७० | ३१०७९ | ९०.६९ |

| | | | | |
|---|---|---|---|---|
| ३१३०११०६३ | ढल निर्माण तथा प्रशोधन कार्यक्रम | १५१८३ | ७८३५ | ५१.६ |
| ३१३०११०७३ | खानेपानी तथा सरसफाइ सह-लगानी कार्यक्रम | ३५८०५ | २८५४० | ७९.७१ |
| ३१३०११०८३ | सहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना | ८३१३३ | ६७४४४ | ८१.१३ |
| ३१३०१११३३ | सहरी खानेपानी व्यवस्थापन सुधार आयोजना | २०० | ० | ० |
| ३१३५१०११३ | ग्रामीण खानेपानी तथा सरसफाइ कोष | १७०००० | ९३४७३ | ५४.९८ |
| | कुल जम्मा | ९५३११७ | ६०३६४४ | ६३ |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१३०००११४ | खानेपानी मन्त्रालय | १०५०० | ४२१६ | ४०.१६ |
| ३१३००१०१४ | मेलम्ची खानेपानी आयोजना | ४६५७२०० | १७६९७०३ | ३८ |
| ३१३०१०११४ | खानेपानी विभाग | २६८०० | ४७९१ | १७.८८ |
| ३१३०१०१२४ | जनसाधन विकास कार्यक्रम | २७६०० | १८०११ | ६५.२६ |
| ३१३०१०१३४ | संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाहरू | २१९०० | १६५६४ | ७५.६४ |
| ३१३०११०१४ | राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजना | १००० | ८६२ | ८६.१७ |
| ३१३०११०२४ | खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम | ३५४११६९ | २११९३८८ | ५९.८५ |
| ३१३०११०३४ | खानेपानी तथा गुणस्तर सुधार  कार्यक्रम | २६६८०० | १७१६७२ | ६४.३४ |
| ३१३०११०४४ | तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना | १५०३५०० | ६९११२९ | ४५.९७ |
| ३१३०११०५४ | जलवायु अनुकूलित बृहत खानेपानी आयोजना | १५७७९२८ | ७१५८२५ | ४५.३६ |
| ३१३०११०६४ | ढल निर्माण तथा प्रशोधन कार्यक्रम | ५०८६०० | १६०७४४ | ३१.६१ |
| ३१३०११०७४ | खानेपानी तथा सरसफाइ सह-लगानी कार्यक्रम | १४५२१०० | ९८१२२५ | ६७.५७ |
| ३१३०११०८४ | सहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना | २९०६२१६ | १२०७८७६ | ४१.५६ |
| ३१३०१११३४ | सहरी खानेपानी व्यवस्थापन सुधार आयोजना | १०००० | ० | ० |
| ३१३५१०११४ | ग्रामीण खानेपानी तथा सरसफाइ कोष | १९६९७०० | ५४५४३१ | २७.६९ |
| | कुल जम्मा | १८४८१०१३ | ८४०७४३७ | ४५ |

## १०. चालु आर्थिक वर्ष २०७७/७८ को खुद बजेट तथा फागुन मसान्तसम्मको खर्चको विवरण:

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१३०००११३ | खानेपानी मन्त्रालय | ७५१६८ | ३३३१३ | ४४.३२ |
| ३१३००१०१३ | मेलम्ची खानेपानी आयोजना | ८१००० | ३९०८७ | ४८.२६ |
| ३१३०१०११३ | खानेपानी विभाग | ६०९९२३ | २६६७३ | ४.३७ |
| ३१३०१०१२३ | जनसाधन विकास कार्यक्रम | २९६०० | ९०१४ | ३०.४५ |
| ३१३०१०१३३ | संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाहरू | २२९३४७ | ११४३०५ | ४९.८४ |
| ३१३०११०१३ | राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजना | १२२०० | १३६२ | ११.१६ |
| ३१३०११०२३ | खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम | ३१०० | ३३१ | १०.६७ |
| ३१३०११०३३ | खानेपानी तथा गुणस्तर सुधार  कार्यक्रम | ९००० | ४४१३ | ४९.०३ |
| ३१३०११०४३ | तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना | १०७०० | ३४६६ | ३२.३९ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१३०११०५३ | जलवायु अनुकूलित बृहत खानेपानी आयोजना | ३७१०० | १९१३४ | ५१.५८ |
| ३१३०११०६३ | ढल निर्माण तथा प्रशोधन कार्यक्रम | १४००० | ४४१० | ३१.५० |
| ३१३०११०७३ | खानेपानी तथा सरसफाइ सह-लगानी कार्यक्रम | ३८५०० | २०३७१ | ५२.९१ |
| ३१३०११०८३ | सहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना | ९१७०३ | ४४३०३ | ४८.३१ |
| ३१३५१०११३ | ग्रामीण खानेपानी तथा सरसफाइ कोष | ११४५०० | ४०८२७ | ३५.६६ |
| | **जम्मा** | **१३५५८४०** | **३६१००८** | **२६.६३** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१३०००११४ | खानेपानी मन्त्रालय | ४४०० | ११९२ | २७.१० |
| ३१३००१०१४ | मेलम्ची खानेपानी आयोजना | ४९८८५०० | ४६६३७३ | ९.३५ |
| ३१३०१०११४ | खानेपानी विभाग | १५१७०० | ११२० | ०.७४ |
| ३१३०१०१२४ | जनसाधन विकास कार्यक्रम | ८६०० | ९१८ | १०.६७ |
| ३१३०१०१३४ | संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाहरू | २०१०० | ८९७२ | ४४.६४ |
| ३१३०११०१४ | राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजना | १०२८०० | ० | ०.०० |
| ३१३०११०२४ | खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम | ३२७२३६० | ६६२२९५ | २०.२४ |
| ३१३०११०३४ | खानेपानी तथा गुणस्तर सुधार कार्यक्रम | ५४९००० | ४७५४३ | ८.६६ |
| ३१३०११०४४ | तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना | ७५१९०० | ३३१७८९ | ४४.१३ |
| ३१३०११०५४ | जलवायु अनुकूलित बृहत खानेपानी आयोजना | ३२८१२०० | २८९०३९ | ८.८१ |
| ३१३०११०६४ | ढल निर्माण तथा प्रशोधन कार्यक्रम | १९८४७०० | २५८३२८ | १३.०२ |
| ३१३०११०७४ | खानेपानी तथा सरसफाइ सह-लगानी कार्यक्रम | २५४५००० | २७३१८६ | १०.७३ |
| ३१३०११०८४ | सहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना | ३८३६५०० | ८००८८३ | २०.८८ |
| ३१३०१११३४ | केन्द्रीय खानेपानी आयोजना | १९१५७०० | ९६७५८ | ५.०५ |
| ३१३०१११४४ | एकिकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना | १०५००० | ० | ०.०० |
| ३१३५१०११४ | ग्रामीण खानेपानी तथा सरसफाइ कोष | १००७७०० | २५२०९७ | २५.०२ |
| | **जम्मा** | **२४५२५१६०** | **३४९०४९३** | **१४.२३** |

◆ ◆ ◆

# गृह मन्त्रालय

## १. पृष्ठभूमिः

जनताको अपेक्षाअनुरूप देशमा भरपर्दो शान्ति सुरक्षा प्रदान गर्ने, आमजनतामा शान्ति र सुरक्षाको प्रत्याभूति दिलाउने जिम्मेवारी गृह मन्त्रालयको हो। गृह प्रशासनको प्रभावकारीतामा अभिवृद्धि गर्ने र नेपाली नागरिकहरूको राष्ट्रिय पहिचानको प्रबन्ध गर्ने तथा स्थानीय प्रशासनलाई प्रभावकारीरूपमा सञ्चालन गर्नुलाई निर्देशक सिद्धान्तको रूपमा लिई राष्ट्रिय एकता र जनसेवाका लागि गृह प्रशासनः विकास र समृद्धिको लागि शान्ति, सुरक्षा र सुशासन भन्ने मूल उद्देश्यअनुरूप गृह मन्त्रालयले शान्ति सुरक्षा र अमनचयन कायम गर्दै आएको छ।

## २. दीर्घकालीन सोचः

नेपालको संविधान तथा कानुनद्वारा प्रत्याभूत नागरिक स्वतन्त्रता, विधिको शासन, मानव अधिकारलगायत लोकतान्त्रिक मूल्य र मान्यतालाई स्थापित गर्ने।

## ३. उद्देश्यः

- आन्तरिक सुरक्षा नीति कार्यान्वयनमा ल्याई शान्ति सुरक्षा प्रभावकारी बनाउने,
- दण्डहीनताको अन्त्य गरी जवाफदेहिता बहन गर्ने प्रणालीलाई दृढतासाथ कार्यान्वयन गर्ने,
- नागरिकता वितरण र राहदानी सिफारिस जस्ता सेवालाई थप प्रभावकारी तुल्याउने,
- गृह प्रशासन सुधार कार्ययोजनालाई प्रभावकारीरूपमा कार्यान्वयन गर्ने।

## ४. रणनीतिः

- सुरक्षा निकायको एकीकृत र समन्वयात्मक परिचालनद्वारा सुरक्षा, विधिको शासन तथा सुशासनको प्रत्याभूति गर्ने, नागरिक सुरक्षाका लागि प्रविधि र पद्धति केन्द्रित प्रणालीको स्थापना र विकास तथा पेशागत विशिष्ठताको प्रवर्द्धन गर्ने,
- समाजको सुरक्षा र स्थायित्व तथा नागरिकलाई सबै प्रकारका त्रासबाट उन्मुक्ति दिलाउँदै सुरक्षाको प्रत्याभूतिद्वारा सबै नेपालीबाट सामाजिक, साँस्कृतिक र धार्मिक सद्भावको अभिवृद्धि गर्दै अखण्डता, राष्ट्रिय एकता र सार्वभौमिकताको संरक्षण र सम्वर्द्धनमा योगदान पुऱ्याउने,
- विपद्को एकीकृत र समन्वयात्मक व्यवस्थापन गर्ने,
- सक्षम प्रशासन र सुदृढ व्यवस्थापनको सुनिश्चितता प्रदान गर्ने,
- मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने,
- लागू औषधको उत्पादन, बिक्री वितरण एवं ओसारपसारलाई निषेध गर्ने कार्यवाही कडाइका साथ सञ्चालन गर्ने,
- अध्यागमन प्रशासनलाई सक्षम, सुदृढ र प्रविधिमैत्री बनाउने।

## ५. कार्यक्षेत्रः

नेपाल सरकार (कार्य-विभाजन)नियमावली, २०७४ अनुसार गृह मन्त्रालयबाट सम्पादन गरिने कार्यहरू देहायअनुसार रहेका छन् :

- आन्तरिक सुरक्षा तथा शान्ति सुव्यवस्थासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन र नियमन,
- विशिष्ट व्यक्ति, महत्त्वपूर्ण स्थल, भवन, संरचना, कूटनीतिक नियोग र लोकमार्गको सुरक्षासम्बन्धी सूचना सङ्कलन, विश्लेषण, उपयोग, समन्वय र सुरक्षा प्रवन्ध,
- सङ्घ र प्रदेश प्रहरीसम्बन्धी कानुन, सुपरिवेक्षण र समन्वय,
- अपराध रोकथाम तथा नियन्त्रणसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- अपराध अनुसन्धान र अपराध अनुसन्धानको अभिलेख,
- अपराध नियन्त्रणसम्बन्धी अन्तर्राष्ट्रिय, क्षेत्रीय समन्वय तथा सहयोग,
- सुपुर्दगीसम्बन्धी कानून, सन्धि, सम्झौता र कार्यान्वयन,
- नागरिकतासम्बन्धी नीति, कानुन, कार्यान्वयन र नियमन,
- पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, लोपोन्मुख, टुहुरा, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार) सम्वन्धी कानून,
- उमेर, नाम र जात सच्याउने सम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन,
- हातहतियार, खरखजाना तथा विस्फोटक पदार्थको प्रयोगसम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन, नियन्त्रण नियमन,
- यातना पीडितसम्वन्धी नीति, कानुन, मापदण्ड, समन्वय र नियमन,
- निवारक नजरबन्द, कारागार तथा हिरासत व्यवस्थापनसम्बन्धी नीति, कानुन र मापदण्ड,
- अभियुक्त, थुनुवा र कैदी अन्तरप्रदेश स्थानान्तरणसम्बन्धी,
- शरणार्थी मामिलासम्बन्धी नीति, कानुन र व्यवस्थापन,
- सम्पत्ति प्राप्ति, जग्गा प्राप्ति, अधिग्रहण र मुआब्जासम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- चिट्ठा तथा जुवा नियन्त्रणसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- विपद् व्यवस्थापनसम्बन्धी राष्ट्रिय नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन,
- राष्ट्रिय विपद् कोष स्थापना सञ्चालन तथा प्रादेशिक विपद् कोषमा सहयोग र समन्वय,
- सजाय, माफी, मुल्तबी र परिवर्तन,
- निर्वाचन तथा जनमत सङ्ग्रह,
- सार्वजनिक विदा, उत्सव, उर्दी आदिको व्यवस्थापन,
- इन्टरपोल तथा अन्तर्राष्ट्रिय प्रहरी संगठनहरूसँगको सम्पर्क र समन्वय,
- मानव अधिकार र नागरिक स्वतन्त्रताको संरक्षण तथा प्रवर्द्धन ,
- अन्तर्राष्ट्रिय शान्ति स्थापना कार्यमा सहयोग र समन्वय,
- अन्तर्राष्ट्रिय सीमा, सीमास्तम्भको सुरक्षा, सीमा प्रशासन तथा अन्तर्राष्ट्रिय सिमानाको सुरक्षा,

- सशस्त्र विद्रोह, आर्थिक तथा सङ्गठित अपराध, आतङ्ककारी क्रियाकलाप एवं अवैध संघसंस्थाहरूको गतिविधि नियन्त्रण र बारूदी सुरङ्गको निवारण,
- सार्वजनिक चासो र महत्त्वका सूचना संकलन, आदानप्रदान, विश्लेषण, उपयोग र संरक्षण,
- राष्ट्रिय परिचयपत्र व्यवस्थापनसम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन,
- विदेशी नागरिकको प्रवेश, उपस्थिति, गतिविधि तथा प्रस्थानको व्यवस्थापन, नियमन, नियन्त्रण र अभिलेखीकरण,
- अध्यागमन,
- अत्यावश्यक वस्तु वा सेवाको आपूर्ति समन्वय,
- उपाधि, सम्मान तथा विभूषण र सुशोभन,
- द्वन्द्व पीडित तथा विस्थापित व्यक्तिहरूको राहत तथा पुनर्स्थापना,
- आर्थिक सहायता,
- लागू औषध नियन्त्रण,
- धार्मिक विषय, तीर्थस्थान र तीर्थयात्री,
- कल्याणधन र बेवारिसी धन,
- सार्वजनिक स्थानमा अवाञ्छनीय व्यवहारको रोकथाम, मादक पदार्थ, सार्वजनिक अपराधको नियन्त्रण,
- सार्वजनिक चन्दा सङ्कलन नियमन र नियन्त्रण,
- गृह प्रशासन (कारागार, शान्ति सुव्यवस्था, लागू औषध, प्रकोप व्यवस्थापन, सुपुर्दगीलगायत) विषयक राष्ट्रिय अन्तर्राष्ट्रिय समन्वय र सम्पर्क,
- निर्वाचन आयोग,
- नेपाल प्रहरी,
- सशस्त्र प्रहरी बल, नेपाल
- प्रहरी कल्याण,
- प्रहरी कितावखाना,
- सार्वजनिक बिषयसँग सम्बन्धित विवाद, घटनाको जाँचबुझ र अनुसन्धान,
- सवारी नियन्त्रण तथा सरकारी सवारी साधनको व्यवस्थापन र समन्वय,
- मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थासँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय,
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान आदिको सञ्चालन र नियमन,
- अन्य मन्त्रालयको कार्य विभाजनमा नपरेका विषय।

## ६. चालु आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्यमा उल्लेखित नीति तथा कार्यक्रमहरूका बुँदाहरूको फागुन मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| २७१ | राष्ट्रिय सुरक्षा प्रणालीलाई सुदृढ बनाइनेछ। अन्तर्राष्ट्रिय सीमाको सुरक्षा र संरक्षण गरिनेछ। विपद् | • बिशिष्ट व्यक्तिहरूको सुरक्षा व्यवस्थापन कार्यविधि, २०७७ ले तोकेको मापदण्डबमोजिम खटिनुपर्ने सुरक्षाकर्मी बाहेकका विभिन्न पदाधिकारीहरूको |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | व्यवस्थापन र नागरिकको जीवनको सुरक्षालाई उच्च प्राथमिकता दिई राष्ट्रिय सुरक्षा नीतिको प्रभावकारी कार्यान्वयन गरिनेछ। | व्यक्तिगत सुरक्षाका लागि खटाइएका ४ सय १६ सुरक्षाकर्मीहरूलाई फिर्ता गरी नियमित कामकाजमा लगाइएको।<br>• समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालित १० हजार ८ सय ५४ जनचेतनामुलक कार्यक्रमबाट ३ लाख ४८ हजार ७९ जना नागरिक लाभान्वित भएको। |
| २७२ | सीमा सुरक्षा गर्न, सीमा क्षेत्रमा हुने अपराधिक गतिविधि रोक्न र तस्करी नियन्त्रण गर्न सशस्त्र प्रहरी बलका थप ३९ बोर्डर आउट पोष्ट स्थापना गर्न र अध्यागमन प्रणालीमा सूचना प्रविधिको प्रयोग गर्न आवश्यक बजेट व्यवस्था गरिएको छ। | • यस आ.व.मा ६८ वटा बोर्डर आउट पोष्ट (BOP) थप भई हालसम्म २ सय ११ वटा BOP स्थापना भएको।<br>• दशगजा ईलाकाको मुख्य तथा सहायक नाकाहरूमा सूक्ष्म निगरानीको लागि सशस्त्र प्रहरी बल,नेपालको तर्फबाट १३ स्थानमा Motorized-१३ वटा र FIX-२६ वटा गरी जम्मा ३९ वटा सि.सि. क्यामेराहरू जडान गरिएको।<br>• शरणार्थी सूचना प्रणाली विकास गरी तिब्बती शरणार्थीहरको विवरण सफ्टवेयरमा प्रविष्टी गर्ने काम सम्पन्न गरिएको तथा तेस्रो मुलुकमा पुनर्वास पश्चात झापा र मोरङका दुईवटा शिविरहरूमा बाँकी रहेका भुटानी शरणार्थीहरू (६ हजार ३ सय ६५ जना) को विवरण सफ्टवेयरमा प्रविष्टी भइरहेको।<br>• विदेश स्थित सबै कुटनीतिक नियोगहरू तथा सबै अध्यागमन कार्यालयमा नेपाली पोर्ट प्रयोगमा ल्याइएको। |
| २७३ | नेपाल प्रहरीको दक्षता अभिवृद्धि गरी तथ्य र वैज्ञानिक प्रमाणमा आधारित अपराध अनुसन्धान र अभियोजन प्रणाली सुनिश्चित गरिनेछ। | • नेपाल प्रहरीका कर्मचारीले पालना गर्नुपर्ने आचार संहितासम्बन्धी कार्यदिश, २०७७ निर्माण गरी ३३ हजार ९३ जना प्रहरी कर्मचारीहरूलाई अनुशिक्षण प्रदान गरिएको।<br>• राष्ट्रिय पुनःनिर्माण प्राधिकरणको सहयोगमा ८ वटा र २ वटा निर्माणाधीन सहित जम्मा २८ वटा प्रहरी कार्यालयको भवन निर्माण सम्पन्न भएको।<br>• विभिन्न स्थानमा १ हजार ८८ वटा CCTV जडान भएको।<br>• लैंगिक हिंसा विरूद्ध २ हजार २ सय ८३ वटा मुद्दा |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | दर्ता भएकोमा १ हजार ८ सय १४ वटा फछ्र्यौट भएको, जबरजस्ती करणीका १ हजार ४ सय ३६ वटा जाहेरी दर्ता भएकोमा १ हजार १ सय ८७ जना प्रतिवादी पक्राउ गरी मुद्दा चलाइएको।<br>• विभिन्न व्यक्ति तथा समूहवाट लामो हतियार २ सय ८६, छोटो हतियार ४०, गोली २ सय २७ राउण्ड, म्यागजिन १५ थान, विष्फोटक पदार्थ ७ हजार ७ सय १३ ग्राम बरामद गरिएको।<br>• अपराध अनुसन्धानलाई तथ्यपरक र छिटो छरितो बनाउन धरान र नेपालगञ्जमा विधिविज्ञान प्रयोगशाला स्थापना गरी सेवा सञ्चालनमा ल्याईएको। |
| २७५ | आगामी तीन वर्षभित्रमा सबै स्थानीय तहबाट अनलाइन प्रणालीमार्फत व्यक्तिगत घटना दर्ता गर्ने व्यवस्था मिलाइनेछ। सबै नेपालीको बायोमेट्रिक पहिचान र पृथक नम्बर सहितका राष्ट्रिय परिचयपत्र वितरण गर्न आगामी आर्थिक वर्ष थप १ करोड नागरिकको विवरण विद्युतीय प्रणालीमा अध्यावधिक गरिनेछ। | • सबै स्थानीय तहबाट अनलाइन प्रणाली मार्फत व्यक्तिगत घटना दर्ता गर्ने लक्ष्यअनुसार हाल स्थानीय तहका ६ हजार ४ सय ७३ वडा मध्ये ४ हजार ३२ वडाबाट अनलाइन प्रणाली मार्फत व्यक्तिगत घटना दर्ता भइरहेको।<br>• थप ५ लाख सहित हालसम्म २५ लाख नागरिकहरूको राष्ट्रिय परिचयपत्रको लागि विवरण संकलन कार्य सम्पन्न भएको। |
| २७६ | कारागारको भौतिक पूर्वाधारको निर्माण र सुधार कार्य अघि बढाइनेछ। नुवाकोट र बाँकेमा निर्माणाधीन कारागार निर्माणको कार्य आगामी आर्थिक वर्ष सम्पन्न गरिनेछ।कैदी बन्दीले कारागारमा उत्पादन गरेको सामाग्रीको बजार पहुँच उपलब्ध गराइनेछ। | • मुलुकभर ७७ जिल्ला मध्ये ७२ जिल्लामा ७४ वटा कारागारहरू रहेकोमा सर्लाही, मुगु र हुम्लामा कारागारहरू पुनर्निर्माणको क्रममा रहेको।<br>• शहरी विकास तथा भवन निर्माण विभाग मार्फत नुवाकोटको त्रिशुलीमा केन्द्रीय कारागार भवन (दोस्रो चरण) र बाँकेको नौबस्तामा क्षेत्रीय कारागार भवन (दोस्रो चरण) निर्माणको कार्य भइरहेका, सिन्धुली, दोलखा, सिन्धुपाल्चोक, मनाङ, नवलपरासी, पाल्पा, डोल्पा, जुम्ला, सुर्खेत, जाजरकोट, दैलेख, डडेल्धुरा र बझाङ जिल्लामा कारागारको भौतिक पूर्वाधार विकासको कार्य भइहेको। |
| २७७ | लागू औषध उत्पादन, ओसारपसार, | • लागू औषध नियन्त्रणका लागि तीनै तहका सरकार र |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | बेच-बिखन, दुर्व्यसन र बालबालिकालाई कुलतमा फसाउने कार्य गर्नेलाई कडा कारवाही गरिनेछ। सामुदायिक संघ संस्थासँगको समन्वय र सहकार्यमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। | निजी क्षेत्र तथा अन्य संघसंस्था समेतको सहकार्य र साझेदारी बढाउने उद्देश्यका साथ प्रदेश सरकारको नीति तथा कार्यक्रममा मूलप्रवाहिकरणका लागि सबै प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्रालय र सामाजिक विकास मन्त्रालयका जिम्मेवार कर्मचारीहरू सहभागी हुने गरी वागमती प्रदेशमा एउटा समन्वयात्मक वैठक सम्पन्न गरिएको।<br>• मनोद्विपक औषधिको २३ वटा, रसायनको ३० वटा र विष्फोटक पदार्थको ३२ वटा आयात इजाजत प्रदान गरिएको।<br>• लागू औषध रसायन तथा विष्फोटक पदार्थको आयात तथा प्रयोगसम्बन्धी विद्युतीय प्रणाली (Software) निर्माणको कार्य अगाडि बढाइएको। लागू औषधसम्बन्धी सचेतना सामग्री प्रकाशन गरी निरन्तर प्रचार प्रसार भईरहेको।<br>• मौखिक प्रतिस्थापन उपचार पद्धतिको कानूनी नीतिगत विषयमा उपत्यका स्थित १ सय ५० प्रहरी कर्मचारीलाई NCB बाट ५ वटा तालिम/अभिमुखीकरण गरिएको। UNODC/INCB मा गर्नुपर्ने प्रतिवेदन नियमित रूपमा गरिएको। |
| २७८ | विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा संलग्न हुने राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरण लगायत अन्य निकायको संस्थागत सुदृढीकरण गरिनेछ। विपद्को पूर्व तयारी, खोज, उद्दार, राहत र पुनर्स्थापनासम्बन्धी कार्यमा संघ, प्रदेश र स्थानीय तह बीच समन्वय र सहकार्य गरिनेछ। सार्वजनिक, निजी तथा सामुदायिक क्षेत्रसँगको सहकार्यमा विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलता र क्षमता | • थप १७ वटा जिल्लामा जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र (DEOC) स्थापना भई कुल ६६ जिल्लामा DEOC स्थापना भएको।<br>• ७७ वटै जिल्लामा जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तथा मनसुन पूर्वतयारी कार्ययोजना तर्जुमा तथा कार्यान्वयन भएको।<br>• सुदुरपश्चिम प्रदेशको धनगढी र लुम्बिनी प्रदेशको नेपालगञ्जमा प्रदेशस्तरीय मानवीय सहायता स्थल (PHSA) स्थापना भई सञ्चालनमा आएको। कर्णाली प्रदेशको सुर्खेतमा प्रदेशस्तरीय मानवीय सहायता स्थल (PHSA) निर्माणको कार्य सम्पन्न भएको। विरगञ्जमा ९० प्रतिशत काम सम्पन्न भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ। | • बैतडी जिल्लाको खोड्पे, महोत्तरी जिल्लाको बर्दिबास र तेह्रथुम जिल्लाको वसन्तपुरमा मोबाइल मानवीय सहायता स्थल (MHSA) निर्माणको क्रममा रहेको।<br>• मन्त्रालय/विभाग/विकास साझेदारहरू/प्रदेश तथा स्थानीय सरकारहरूसँग विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी अन्तरक्रिया, क्षमता अभिवृद्धि तथा छलफल लगायत ५ वटा समन्वय बैठकहरू सम्पन्न भएको। |
| २७९ | सबै प्रदेशमा विपद्को समयमा खोज उद्धार तथा राहतको लागि आवश्यक सामाग्रीको आपतकालीन भण्डार केन्द्र स्थापना गरिनेछ। विपद्को पूर्व सतर्कता अपनाउन सूचना प्रविधिको उपयोग गरिनेछ। विपद् जोखिम न्यूनीकरण वित्तीय रणनीति तर्जुमा गरिनेछ। विपदबाट प्रभावितलाई सामाजिक संरक्षण प्रदान गरिनेछ। | • विपद् खोज तथा उद्धारसामग्रीको खरिदका लागि २१ वटा जिल्लामा रकम निकासा भई खरिद कार्य भइरहेको।<br>• Winterization plan लागू गरी सरोकारवालाहरूसँग छलफल गरिएको। मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७ स्वीकृत भई कार्यान्वयनमा आएको।<br>• विपद् जोखिम वित्तीय व्यवस्थापन रणनीति (Disaster Risk Financing Strategy), २०७७, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन स्वयंसेवक व्यूरो गठन तथा परिचालन निर्देशिका, २०७७ र Simulation Manual का सम्बन्धमा आवश्यक अध्ययन गरी परिमार्जन सहित पेश गर्न सरोकारवाला निकायहरूको प्रतिनिधित्व रहने गरी कार्यदल (Task Force) गठन भएको। |

## ७. चालु आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म सम्पादन भएका मुख्य कार्यहरू:

**शान्ति सुरक्षा र अपराध नियन्त्रण**

- ८ वटा जिल्लामा ९ प्रहरी इकाईका लागि सरकारी तथा दाताबाट ३२ रोपनी १४ आना ३ पैसा जग्गा नि:शुल्क प्राप्त भएको।
- मानव अधिकार संरक्षण सम्बन्धमा ९५ वटा अन्तरक्रिया कार्यक्रम मार्फत २ हजार ९ सय ७३ जना सर्वसाधारणलाई सुसूचित गराइएको।
- सवारी दुर्घटना न्युनिकरण र सडक सभ्यता अभिवृद्धिसम्बन्धी १५ हजार ४७ वटा जनचेतनामुलक कार्यक्रम सञ्चालन भई १५ लाख ८१ हजार ३ सय ७२ जना लाभान्वित भएको तथा कोभिड-१९ सँग सम्बन्धित चेतनामूलक कार्यक्रम ४ हजार ७ सय ६३ पटक सञ्चालन भई ८ लाख २ सय ८१ जना लाभान्वित भएको।

**सेवा प्रवाह**

- ७७ वटै जिल्ला प्रशासन कार्यालय तथा ६७ इलाका प्रशासन र २ सीमा प्रशासन कार्यालयहरूबाट कम्प्युटरमा आधारित व्यवस्थापन सूचना प्रणालीबाट नागरिकता वितरण भइरहेको।
- ६१ जिल्ला प्रशासन कार्यालय तथा २५ वटा इलाका प्रशासन कार्यालयहरूमा नागरिकताका पुराना अभिलेखहरू कम्प्यूटरीकृत (Digitized) गर्ने कार्य सम्पन्न भएको।
- नागरिकता व्यवस्थापन सूचना प्रणाली (CIMS) को स्तरोन्नति गरी ७७ जिल्ला तथा ३४ वटा इलाका प्रशासन कार्यालयहरूबाट वितरण भएका नागरिकताको अभिलेख गृह मन्त्रालयको केन्द्रीय सर्भरमा Automatically Synchronize हुने व्यवस्था मिलाइएको।
- गृह मन्त्रालय अन्तर्गतका निकाय तथा विषयसँग सम्बन्धित ५ सय ३० उजुरी प्राप्त भएकोमा ४ सय १० (७७.३ प्रतिशत) फछ्र्यौट भएको।

**अध्यागमन र सीमा प्रशासन**

- अध्यागमन कार्यालय बेलहिया, भैरहवाको भवन निर्माण सम्पन्न भएको। अध्यागमन कार्यालय बेलहिया, रसुवा र पोखरामा Forgery Detection Unit (FDU) खरिद गरी सञ्चालन गरिएको।
- प्रत्येक प्रदेशमा न्यूनतम एक अध्यागमन कार्यालय स्थापना गर्ने लक्ष्य अनुरूप इलामको पशुपतिनगर, मोरङको विराटनगर र हुम्लाको हिल्सामा अध्यागमन कार्यालय स्थापना गरी सञ्चालनमा ल्याइएको।
- गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, भैरहवामा अध्यागमन कार्यालय सञ्चालन गर्न आवश्यक कर्मचारीको लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey)सम्पन्न भई कर्मचारीको दरबन्दी स्वीकृत भएको।

**राष्ट्रिय परिचयपत्र:**

- राष्ट्रिय परिचयपत्र विवरण संकलन अभियान ८ जिल्ला (पाँचथर, संखुवासभा, ओखलढुङ्गा, गुल्मी, चितवन, कञ्चनपुर, डडेलधुरा र अछाम) को ९८ स्थानीय तहका ८ सय ५० वडामा सम्पन्न भएको। उक्त अभियान १६ जिल्ला (इलाम, झापा, तेह्रथुम, उदयपुर, खोटाङ्ग, ससरी, सर्लाही, सिन्धुली, मकवानपुर, ललितपुर, काभ्रेपलाञ्चोक, नवलपरासी (बदर्घाट सुस्ता पूर्व), कास्की, पाल्पा, सल्यान र डोटी) मा निरन्तर सञ्चालन भइरहेको।
- राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणाली (NIDMIS) स्तरोन्नति र परीक्षण कार्य अन्तिम चरणमा रहेको, नयाँ Personalization Hardware Setup भएको, हालसम्म ९२ प्रतिशत कार्य सम्पन्न भएको।
- NIDMIS मा सेवा आवद्धताको कार्य अन्तर्गत CMIS, VERSP-MIS, बीच Integration सम्पन्न भई लागू हुने क्रममा रहेको।
- दूरसञ्चार सेवालाई NIDMIS मा आबद्ध गर्न, प्राविधिक पक्षको अध्ययनका लागि प्राविधिक समिति गठन गरिएको।
- नागरिकहरूको विवरण संकलन गर्ने अभियानका लागि विभागबाट दर्ता अपरेटर छनौट गरी रोष्टरमा दर्ता अपरेटर सूचीकृत गर्नका लागि सूची तयार पारिएको।

**पञ्जीकरणः**

- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणाली (VERSP-MIS)को लागि सर्भर, Disaster Recovery Center खरिद तथा स्थापनाको लागि सम्झौता भएको।
- VERSP-MIS को लागि NID Smart Card Reader, Biometric Verification Device खरिद तथा प्रणालीमा Integration को लागि सूचना प्रकाशित गरिएको।
- केन्द्रमा रहेका २०३४ सालदेखि २०५७ साल सम्मका व्यक्तिगत घटना दर्तासम्बन्धी ३२ लाख ७२ हजार २ सय ४४ सूचना फारामको डिजिटाइजेशन कार्य सम्पन्न भएको।
- ६१ स्थानीय तहमा व्यक्तिगत घटना दर्तासम्बन्धी दर्ता किताब र सूचना फारामको डिजिटाइजेशन कार्य सम्पन्न भएको र ४ सय ३७ स्थानीय तहमा डिजिटाईजेसन कार्य भइरहेको।
- हालसम्म ४ हजार ३२ वडा कार्यालयहरूमा अनलाईनबाट ९ लाख ५९ हजार ९ सय ७७ जन्म, २ लाख ३८ हजार ४ सय ८२ मृत्यु, ३ लाख ८० हजार १९ विवाह, ११ हजार १ सय १७ सम्बन्ध विच्छेद तथा २ लाख १७ हजार ९ सय ३८ बसाइ सराइ सम्बन्धी व्यक्तिगत घटना दर्ता भएको।

**सामाजिक सुरक्षा भत्ताः**

- नेपाल सरकारद्वारा १४ जिल्लामा लागु भई वितरण हुँदै आएको बालपोषण भत्ताको दायरा ११ जिल्ला (रसुवा, धनुषा, दैलेख, सल्यान, बारा बैतडी, रूकुम पूर्व, रूकुम पश्चिम, रोल्पा, सप्तरी र कपिलवस्तु)मा थप गरी जम्मा २५ जिल्लामा लागु भएको।
- बैकिङ्ग प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरणका लागि ३ सय ९८ वटा स्थानीय तहहरूले बैंकसँग सम्झौता गरी भुक्तानी कार्य अगाडि बढाएका।

## ८. आर्थिक वर्ष ०७६/७७ मा सम्पादन भएका प्रमुख कार्यहरू :

**स्वीकृत भई लागु भएका कानुन/निर्देशिका/कार्यविधिः**

- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६,
- प्रहरी कर्मचारी समायोजन ऐन,२०७६,
- नेपाल प्रहरी र प्रदेश प्रहरीले सम्पादन गर्ने कार्यको सञ्चालन, सुपरिवेक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७६,
- तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) अध्यादेश, २०७७,
- सामाजिक सुरक्षा (पहिलो संशोधन अध्यादेश), २०७७,
- सामाजिक सुरक्षा नियमावली,२०७६,
- तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) नियमावली, २०७७,
- विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन नियमावली, २०७६,
- कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) नियमावली, २०७७,
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७,
- फौजदारी कसूर (कैद कट्टा) नियमावली, २०७७,
- राष्ट्रिय परिचयपत्र कार्यक्रम सञ्चालन कार्यविधि, २०७७,

- मनसुनजन्य विपद् निजी आवास पुनर्निर्माण कार्यविधि, २०७७,
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७,
- सेवा इकाईका लागि जनशक्ति छनौट मापदण्ड, २०७६,
- विपद् पीडित उद्धार र राहतसम्बन्धी (सातौं संशोधन) मापदण्ड, २०७७,
- विपद्का समयमा खोज तथा उद्धार, प्राथमिक उपचार र शव व्यवस्थापनका लागि आवश्यक पर्ने सामग्रीसम्बन्धी मापदण्ड, २०७७,
- दार्चुला जिल्ला व्यास गाउँपालिकाको समग्र विकास तथा सेवाप्रवाहमा सुधारसम्बन्धी एकीकृत कार्ययोजना, २०७७,
- काठमाडौं उपत्यकाको ट्राफिक व्यवस्थापनसम्बन्धी एकीकृत कार्ययोजना, २०७७,
- सिंहदरबार परिसर सुरक्षा कार्ययोजना, २०७७,
- लागू औषध उपचार तथा पुनर्स्थापना केन्द्रलाई प्रदान गरिने अनुदानसम्बन्धी कार्यविधि, २०७७,
- विशिष्ट व्यक्तिको सुरक्षालाई थप सुदृढ बनाउने उद्देश्यले विशिष्ट व्यक्तिहरूको सुरक्षा व्यवस्थापन कार्यविधि, २०७७,
- उपचार खर्च, राहत तथा आर्थिक सहायतासम्बन्धी मापदण्ड, २०७७,
- औद्योगिक सुरक्षा नीति आर्थिक सहायता वितरणलाई पारदर्शी बनाउने मापदण्डको मस्यौदा, २०७७।

**शान्ति सुरक्षा र अपराध नियन्त्रणः**

- प्रविधिको प्रयोग गरी अपराध अनुसन्धान, नियन्त्रण र शान्ति सुरक्षा कायम गर्नका लागि विभिन्न स्थानहरूमा ६ हजार ५ सय १० सि.सि.टि.भी. क्यामेराहरू थप जडान भई सञ्चालन र अनुगमन भइरहेको।
- सवारी दुर्घटना न्यूनीकरण तथा सुरक्षित यात्राको लागि Traffic Communication App निर्माण गरी हाल १९ वटा ट्राफिक प्रहरी चेकप्वाईन्टहरूमा प्रयोग भइरहेको। विभिन्न ४२ स्थानमा अस्थायी प्रहरी पोष्ट स्थापना गरी शान्ति सुरक्षाको व्यवस्था मिलाइएको।
- त्रि-वर्षीय अपराध नियन्त्रण तथा अनुसन्धान दोस्रो चरणको कार्य योजना अन्तर्गत ३ हजार ४ सय २७ जनालाई स्वदेशी तथा ५६ जनालाई वैदेशिक तालिममा सहभागी गराइएको। अन्य विभिन्न विषयमा ३० हजार ९ सय ४४ जना कर्मचारीहरूलाई तालिम प्रदान गरिएको।
- प्रहरीबाट विभिन्न शीर्षकमा कुल ४१ हजार ८ सय ९८ मुद्दा दर्ता भएकोमा ११ हजार ८ सय ७ वटा फछ्र्यौंट भएको। नेपाल प्रहरीबाट भौतिक सबुदहरूको परीक्षण, विशेषज्ञहरूबाट बकपत्र, पोलिग्राफ परीक्षण, Fingerprint अभिलेख राख्ने कार्य अन्तर्गत ८ सय ५७ वटा पोलिग्राफ परीक्षण गरिएको, साईवर ब्यूरोबाट ५० वटा विद्युतीय कारोवारसम्बन्धी मुद्दा भएको र अनुसन्धान पश्चात १ हजार ६ सय ६९ वटा Facebook Account बन्द गरिएको।
- चोरी पैठारी भएका रू.६४ करोड १० लाख ६५ हजार ६ सय ७५ बराबरको विभिन्न सामग्रीहरू बरामद गरिएको।
- राजमार्ग तथा शहरी क्षेत्रमा १० मिनेट भित्र प्रहरी घटनास्थलमा पुग्न २ हजार ४ सय ५१ वटा QRT को व्यवस्था मिलाई ६ हजार ७ सय ७९ घटनाहरूमा QRT परिचालित भएको।

- समुदायस्तरसम्म अपराध नियन्त्रण, शान्ति सुरक्षा, हिंसा न्यूनीकरणकण, लागू औषध नियन्त्रणको लागि समुदायको सहभागिता अभिवृद्धि गर्न समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत ७ वटा पालिका, १ सय ५५ वडा, १ हजार ७ सय १२ टोल, नेपाल स्काउट १ र शैक्षिक संस्थाहरू १ हजार ८ सय ९६ वटा गरी कुल ३ हजार ७ सय ७० वटा समिति गठन भई ५१ हजार २ सय २९ कार्यक्रम सञ्चालन भएको।
- सामुदायिक प्रहरी सेवालाई प्रभावकारी बनाउन टोल-टोलमा प्रहरी अभियान अन्तर्गत सञ्चालित १८ हजार २ सय १३ वटा जनचेतनामुलक कार्यक्रममा ११ लाख ५३ हजार ५ सय ९९ नागरिक सहभागी रहेको।
- ३९ वटा जिल्लामा ७२ प्रहरी इकाईको लागि सरकारी तथा दाताहरूबाट २ सय ८९ रोपनी जग्गा निःशुल्क प्राप्त भएको। नेपाल प्रहरी तर्फ कुल ५५ वटा भवनको निर्माण कार्य सम्पन्न भएको। हालसम्म ४० जिल्लामा महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्रको छुट्टै भवन निर्माण, पोलिग्राफका १७ शाखाहरू विस्तार, Automated Fingerprint Identification System (AFIS) ३३ स्थानमा जडान भएको।
- नेपाल प्रहरी तर्फ साईवर ब्यूरो स्थापना, मानव बेच-बिखन अनुसन्धान ब्यूरो, Digital Forensic Lab, Data Center र धरानमा विधिविज्ञान प्रयोगशालाको स्थापना भएको।

**सेवा प्रवाहः**

- मन्त्रालयबाट प्रदान गरिने सेवालाई प्रविधिमैत्री बनाई प्रभावकारी रूपमा सेवा उपलब्ध गराउन Citizen Information Management System, Daily Incidence Reporting System, Disaster Information Management System, Mobile App सञ्चालन गरी सूचना प्रविधिमा आधारित प्रणाली सुदृढीकरण गरिएको।
- गृह मन्त्रालय र अन्तर्गत निकायहरूको कार्यक्रम, कार्य प्रकृति, कार्यवोझ तथा कार्यविश्लेषणका आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत गरी विभिन्न १९ जिल्लाहरूमा सहसचिवस्तरको प्रमुख जिल्ला अधिकारी पद सिर्जना भई पदपूर्ति भएको। गृह मन्त्रालयका सचिव र सबै विभागीय प्रमुख, महाशाखा प्रमुख, शाखा प्रमुख, र प्रमुख जिल्ला अधिकारीबीच कार्यसम्पादन सम्झौता भई सोको आधारमा मूल्याङ्कन सम्पन्न भएको।
- सबै जिल्ला प्रशासन कार्यालयहरूमा Digital Citizen Charter को व्यवस्था गरी सेवाग्राही मैत्री सेवा प्रवाह गर्ने व्यवस्था मिलाइएको। मन्त्रालय र मातहतका निकायहरूसँग सम्बन्धित शान्ति सुरक्षा, सेवा प्रवाह लगायतका विषयमा प्राप्त गुनासोको ७० प्रतिशत फछ्र्यौट भएको।
- सम्माननीय राष्ट्रपतिबाट मिति २०७६ सालको संविधान दिवसको अवसरमा प्रदान गरिने पदक तथा सम्मानका लागि विभिन्न क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउनु हुने ६ सय ३३ जना महानुभावहरूको नामावली छनौट गरिएको।
- संघीय इकाइवीच सम्बन्धको विकास र विस्तार गर्ने नीतिअनुरूप गृह मन्त्रालय अन्तर्गत सञ्चालित ५ वटा क्षेत्रीय आपतकालीन कार्य सञ्चालन केन्द्र प्रदेश सरकारलाई हस्तान्तरण गरिएको।
- विभिन्न ८ सय २२ जना कैदीबन्दीको सजाय छुट तथा ८ जनाको कैद माफी मिनाहाको निर्णय कार्यान्वयन गरिएको।
- मन्त्रालय तथा मातहत विभाग र कार्यालयहरूको स्वामित्वमा रहेको जग्गा तथा भवनहरूको एकीकृत विवरण तयार गरेको।

- १ लाख ८७ हजार ७ सय ४७ वटा वंशज र ४ हजार ६ सय ५५ वटा वैवाहिक अंगिकृत नागरिकता वितरण गरिएको।
- नेपालमा लागू औषध प्रयोगको अवस्थाको जानकारी लिने उद्देश्यले नेपाल लागु औषध प्रयोगकर्ता सर्वेक्षण, २०७६ (Nepal Drug Users Survey, 2076) सम्पन्न गरिएको।

**अध्यागमन र सीमा प्रशासन:**

- नेपाल भित्रिने र बहिरीने सबै विदेशीको जैविक विवरण (Biometric) सहितको Nepali Port नामक अध्यागमन सूचना प्रणालीको निर्माण सम्पन्न भई कार्यान्वयनमा ल्याइएको। विदेशस्थित ३९ वटा नेपाली नियोगहरूबाट समेत नेपाली पोर्ट प्रणाली मार्फत नै प्रवेशाज्ञा (Visa) जारी गर्ने गरी सम्पूर्ण तयारी पूरा भएको। अध्यागमन सम्बद्ध तथ्याङ्कको सुरक्षाको लागि राष्ट्रिय सूचना प्रविधि केन्द्रमा पहिलो तहको र हेटौंडामा दोस्रो तहको सूचना केन्द्र (Data Center) स्थापना गरिएको।
- यात्रा सम्बद्ध कागजातको परीक्षणको लागि आधुनिक उपकरण सहितको FDU (Forgery Detection Unit) स्थापना गरिएको। ३ हजार २५ जना विदेशी नागरिकलाई कार्य सहमति र ३ सय जनालाई On Arrival Visa प्रदान गरिएको। कोभिड-१९ महामारीको अवधिमा जारी भएको बन्दाबन्दीले अलपत्र परेका १५ हजार ६ सय ८८ विदेशी नागरिकलाई आवागमन तथा प्रस्थानमा सहजीकरण गरिएको।
- दक्षिणी सिमाना तर्फ ३२ र उत्तरी सिमाना तर्फ ४ गरी थप ३६ BOP सहित कुल १ सय ४३ वटा BOP स्थापना भएको। महत्त्वपूर्ण सीमा नाकाहरूमा प्रभावकारी अनुगमन तथा निगरानी गर्न ५४ स्थानमा १ सय ६९ वटा उच्च प्रविधिका क्यामेराहरू जडान गरिएको।
- राजस्व संकलनमा सहयोग पुर्‍याउन, राजस्व तथा भन्सार सुरक्षा, राजस्व चुहावट नियन्त्रण र औद्योगिक सुरक्षा कार्य प्रयोजनका लागि सशस्त्र प्रहरी बल, नेपालका ११ राजस्व तथा भन्सार सुरक्षा गुल्महरू, ५ राजस्व चुहावट नियन्त्रण गुल्महरू तथा ५ औद्योगिक सुरक्षा गुल्महरू अन्तर्गत २ हजार ६ सय ६१ सशस्त्र प्रहरी कर्मचारीहरू परिचालन गरिएको ।

**कारागारको संस्थागत सुदृढीकरण**

- १० वटा कारागारमा Walk Through Gate, ७ वटा कारागारमा Video Conference, ७४ वटा कारागारमा Metal Detector र E-attendance को व्यवस्था गरिएको।
- ३ सय ६९ जना कैदी शत प्रतिशत कैद भुक्तान भई छुटेका र ८ सय ८२ जना कैदी कैद कट्टा/माफी मिनाहा भई छुटेका।

**विपद् व्यवस्थापन**

- सबै जिल्ला प्रशासन कार्यालयबाट जिल्ला विपद प्रतिकार्य कार्ययोजना तयार गरिएको र ६६ जिल्लामा आपतकालीन कार्य सञ्चालन केन्द्र सञ्चालनमा रहेको। मनसुन आपतकालीन कार्ययोजना भाग-१ र भाग-२ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको।
- १ सय ७९ जना सुरक्षाकर्मीलाई विपद् व्यवस्थापन तालिम, ४ सय ५५ जनालाई अनुशिक्षण तालिम प्रदान गरिएको। तालिम प्राप्त जनशक्तिबाट दैनिक ३० जनाको Quick response team (QRT) टोली

आवश्यक विपद् उद्धार सामाग्री सहित तत्काल परिचालन हुन सक्ने गरी २४/७ तयारी अवस्थामा रहेको।

- राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट मनसुन अवधिभरका लागि दैनिक विपद बुलेटिन प्रकाशन, मनसुनको १५ दिने र ३० दिने लेखाजोखा प्रतिवेदन तयार गरिएको। देशभरि ३ हजार ३ सय ७८ वटा विपदका घटनामा २४ हजार १ सय ५७ जना प्रहरी कर्मचारी परिचालन भई उद्धार कार्य भएको।
- सशस्त्र प्रहरी बल, नेपालमा उपलब्ध श्रोत साधनहरूको प्रयोग गरी १९ जना स.प्र.क.हरूलाई नं. १ बराह वाहिनी मुख्यालय, सुनसरीमा गोताखोरसम्बन्धी तालिम प्रदान गरिएको। उद्धार सामाग्रीहरू सहित जम्मा ३७ जना गोताखोर (सशस्त्र प्रहरी कर्मचारी) हरूलाई देशको ६ वटा स्थानहरूमा परिचालन गरिएको। विभिन्न २० स्थानमा कुल ६१ जना गोताखोर (सशस्त्र प्रहरी कर्मचारी) परिचालित भई १८ जनाको जीवित उद्दार गरिएको।

**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण;**

- २ हजार ७ सय ६४ वडा कार्यालयहरूमा अनलाईन विधि मार्फत ब्यक्तिगत घटना दर्ता शुरू गरिएको।२०५८ साल सम्म भएका व्यक्तिगत घटना दर्ताका सूचना फारामहरू स्क्यान गरी करिब ५० लाख सूचना फारामहरू व्यवस्थापन गर्ने कार्य भएको। २०७६/७७ को आषाढ मसान्तसम्म विवरण दर्ता सङ्ख्या करिब २ लाख १४ हजार नेपाली नागरिकको राष्ट्रिय परिचयपत्रको लागि विवरण संकलन भएको र सो मध्ये १ लाख १५ हजार जनालाई कार्ड समेत वितरण गरिएको।
- जेष्ठ नागरिक, एकल/विधवा महिला, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख आदिवासी/जनजाति बालबालिका गरी २९ लाख ५९ हजार लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता वितरण गरिएको। ३० लाख ६२ हजार २ सय २७ जना लाभग्राहीको विवरण केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्ट गरिएको। १ सय ९७ स्थानीय तहमा बैंकिङ्ग प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरिएको।
- ७ लाख ९४ हजार २ सय २१ जना बालबालिकालाई बालपोषण अनुदान वितरण गरिएको।

## ९. आर्थिक वर्ष २०७६/७७ को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४०००११३ | गृह मन्त्रालय | ४३८४२१ | ३९९२५६ | ९१.०७ |
| ३१४००१०१३ | राहत तथा पुर्नस्थापना कार्यक्रम | १६६०० | २६७५ | १६.१२ |
| ३१४००१०२३ | लागू औषध नियन्त्रण कार्यक्रम | १०९०० | ६३३४ | ५८.११ |
| ३१४०१०११३ | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | ४८२५२९७ | ७५१३९९ | १५.५७ |
| ३१४०१०१२३ | सामाजिक सुरक्षा तथा संरक्षण | ६८३१६४६२ | ६६१४३७०२ | ९६.८२ |
| ३१४०२०११३ | कारागार व्यवस्थापन विभाग | २२००० | ९०८१ | ४१.२८ |
| ३१४०२०१२३ | कारागार कार्यालयहरू | १८६१९४१ | १६८७०६८ | ९०.६१ |
| ३१४०३०११३ | अध्यागमन विभाग | ७४९३२ | ५५४३६ | ७३.९८ |
| ३१४०३०१२३ | अध्यागमन कार्यालयहरू | २००५१६ | १७५२०३ | ८७.३८ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४०४०११३ | प्रहरी प्रधान कार्यालय | ६०४८४९९ | ३३७५४९७ | ५५.८१ |
| ३१४०४०१२३ | महानगरीय प्रहरी | ५४८९२२६ | ५४२४४५३ | ९८.८२ |
| ३१४०४०१३३ | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | ७५०४८२ | ६३८७२२ | ८५.११ |
| ३१४०४०१४३ | प्रदेश प्रहरी कार्यालयहरू | ५९८६७८४ | ५९०९७८८ | ९८.७१ |
| ३१४०४०१५३ | नेपाल प्रहरी अस्पताल | ५०७९२६ | ४९००९२ | ९६.४९ |
| ३१४०४०१६३ | जिल्ला प्रहरी कार्यालयहरू | १९९६१६४० | १९५६६५६७ | ९८.०२ |
| ३१४०४१०३३ | त्रि-वर्षीय अपराध नियन्त्रण तथा अनुसन्धान | १०६०० | ७०६५ | ६६.६५ |
| ३१४०५०११३ | सशस्त्र प्रहरी बल | २९२८८०८ | १०६८५२४ | ३६.४८ |
| ३१४०५०१३३ | क्षेत्रीय सशस्त्र प्रहरी बल कार्यालय | १३३९३०५८ | १३१७८३४६ | ९८.४ |
| ३१४०५०१४३ | सशस्त्र प्रहरी बल तालिम केन्द्रहरू | ७९८३९१ | ७७५७९७ | ९७.१७ |
| ३१४०५०१५३ | नेपाल ए.पी.एफ अस्पताल | २५३७२० | २३७३२४ | ९३.५४ |
| ३१४०५०१६३ | सशस्त्र प्रहरी बल राजश्व भन्सार तथा औद्योगिक सुरक्षा बल | २०१५३५८ | १९६३५९१ | ९७.४३ |
| ३१४०६०११३ | प्रहरी किताबखाना | २११५० | १७०६२ | ८०.६७ |
| ३१४९१०११३ | समरजंग कम्पनी कार्यालय | १२५०० | ७०४५ | ५६.३६ |
| ३१४९२०११३ | जिल्ला प्रशासन कार्यालयहरू | १३७५७७० | १२१५१६१ | ८८.३३ |
| ३१४९२०१२३ | सीमा प्रशासन कार्यालयहरू | २४६४१ | १४७७३ | ५९.९५ |
| ३१४९२०१३३ | इलाका प्रशासन कार्यालयहरू | ३३०९३२ | २६०५४२ | ७८.७३ |
| ३१४९३०११३ | जुद्ध वारूणयन्त्र कार्यालय | १७३८२ | १२५७५ | ७२.३४ |
| | **कुल जम्मा** | **१३५६९३९३६** | **१२३३९३०७८** | **९०.९३** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४०००११४ | गृह मन्त्रालय | २०२९६२ | ४४०७४ | २१.७२ |
| ३१४००१०२४ | लागू औषध नियन्त्रण कार्यक्रम | ७०० | १९९ | २८.३८ |
| ३१४०१०११४ | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | २४४४१५३ | १२५७४२४ | ५१.४५ |
| ३१४०२०११४ | कारागार व्यवस्थापन विभाग | ५१४३६२ | १२८८८६ | २५.०६ |
| ३१४०२०१२४ | कारागार कार्यालयहरू | १४४१३८ | १०८४९९ | ७५.२७ |
| ३१४०३०११४ | अध्यागमन विभाग | १३६५१२ | १३६२७९ | ९९.८३ |
| ३१४०३०१२४ | अध्यागमन कार्यालयहरू | १०६८८ | ७८३८ | ७३.३४ |
| ३१४०४०११४ | प्रहरी प्रधान कार्यालय | १४७७५०० | ९४९२२३ | ६४.२५ |
| ३१४०४०१२४ | महानगरीय प्रहरी | ६१४५०० | ४८४४२४ | ७८.८३ |
| ३१४०४०१३४ | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | ११३४१०० | २१८६७६ | १९.२८ |
| ३१४०४०१४४ | प्रदेश प्रहरी कार्यालयहरू | ३८०३०० | ३२८५६७ | ८६.४ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४०४०१५४ | नेपाल प्रहरी अस्पताल | २९०१०० | २८०७३० | ९६.७७ |
| ३१४०४०१६४ | जिल्ला प्रहरी कार्यालयहरू | १५६११०० | १२६४७६२ | ८१.०२ |
| ३१४०४१०३४ | त्रि-वर्षिय अपराध नियन्त्रण तथा अनुसन्धान | ७९१०० | ६०८२२ | ७६.८९ |
| ३१४०५०११४ | सशस्त्र प्रहरी बल | २०२५२५ | १५७६११ | ७७.८२ |
| ३१४०५०१३४ | क्षेत्रीय सशस्त्र प्रहरी बल कार्यालय | ३३७७७५ | २७२५१६ | ८०.६८ |
| ३१४०५०१४४ | सशस्त्र प्रहरी बल तालिम केन्द्रहरू | ११९००० | १७१२३ | १४.३९ |
| ३१४०५०१५४ | नेपाल ए.पी.एफ अस्पताल | २२८९०० | १९७०९१ | ८६.१ |
| ३१४०५०१६४ | सशस्त्र प्रहरी बल राजश्व भन्सार तथा औद्योगिक | १७९०० | १६५४३ | ९२.४२ |
| ३१४०६०११४ | प्रहरी किताबखाना | ११०० | ८०२ | ७२.९३ |
| ३१४९१०११४ | समरजंग कम्पनी कार्यालय | ३०० | १११ | ३६.९५ |
| ३१४९२०११४ | जिल्ला प्रशासन कार्यालयहरू | ४८४१७२ | २८२३०८ | ५८.३१ |
| ३१४९२०१२४ | सीमा प्रशासन कार्यालयहरू | १६२० | १००९ | ६२.३१ |
| ३१४९२०१३४ | इलाका प्रशासन कार्यालयहरू | ८५५६५ | ५६०६२ | ६५.५२ |
| ३१४९३०११४ | जुद्ध वारूणयन्त्र कार्यालय | ६०० | ४६७ | ७७.७९ |
| | **कुल जम्मा** | **१०४६९६७२** | **६२७२०४६** | **६०** |

## १०. चालु आर्थिक वर्ष २०७७/७८ को खुद बजेट तथा फागुन मसान्तसम्मको खर्चको विवरणः

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४०००११३ | गृह मन्त्रालय | ३८४४९७ | २४९४५७ | ६४.८८ |
| ३१४००१०१३ | राहत तथा पुर्नस्थापना कार्यक्रम | १७२५५ | १०८ | ०.६३ |
| ३१४००१०२३ | लागू औषध नियन्त्रण कार्यक्रम | ७९०० | ७३७ | ९.३३ |
| ३१४००१०३३ | राष्टिय विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन प्राधिकरण | २५४८८२ | ११९०८ | ४.६७ |
| ३१४०१०११३ | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | २१४४०३० | २२८०३१ | १०.६४ |
| ३१४०१०१२३ | सामाजिक सुरक्षा तथा संरक्षण | ६७१७७१७८ | २७१८८६०६ | ४०.४७ |
| ३१४०२०११३ | कारागार व्यवस्थापन विभाग | ५३२६३ | ९६६८ | १८.१५ |
| ३१४०२०१२३ | कारागार कार्यालयहरू | १८५८८७१ | १०४६११५ | ५६.२८ |
| ३१४०३०११३ | अध्यागमन विभाग | ६१९०० | २६४३९ | ४२.७१ |
| ३१४०३०१२३ | अध्यागमन कार्यालयहरू | १८३४८७ | ९९३१७ | ५४.१३ |
| ३१४०४०११३ | प्रहरी प्रधान कार्यालय | ३९५५२०६ | १८६१७०० | ४७.०७ |
| ३१४०४०१२३ | महानगरीय प्रहरी | ५५९५६४४ | ३६५३७५६ | ६५.३० |
| ३१४०४०१३३ | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | ७१७४७४ | २९२१३७ | ४०.७२ |
| ३१४०४०१४३ | प्रदेश प्रहरी कार्यालयहरू | ६४३९८४१ | ३८६७८९३ | ६०.०६ |
| ३१४०४०१५३ | नेपाल प्रहरी अस्पताल | ६२६४१२ | ३४९६१६ | ५५.८१ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४०४०१६३ | जिल्ला प्रहरी कार्यालयहरू | २२२४६९७४ | १३६०३५९८ | ६१.१५ |
| ३१४०४१०३३ | त्रि-वर्षीय अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना | १०६०० | ४२७० | ४०.२८ |
| ३१४०५०११३ | सशस्त्र प्रहरी बल | १४०८८०० | ६५९४६५ | ४६.८१ |
| ३१४०५०१३३ | क्षेत्रीय सशस्त्र प्रहरी बल कार्यालय | १५८४९७०४ | १०१५१८८८ | ६४.०५ |
| ३१४०५०१४३ | सशस्त्र प्रहरी बल तालिम केन्द्रहरू | १२२१४३४ | ७१७५४० | ५८.७५ |
| ३१४०५०१५३ | नेपाल ए.पी.एफ अस्पताल | २७२७०० | १५४१९९ | ५६.५५ |
| ३१४०६०११३ | प्रहरी किताबखाना | २१६०० | ११९५१ | ५५.३३ |
| ३१४९१०११३ | समरजंग कम्पनी कार्यालय | १४२५० | ३८८५ | २७.२६ |
| ३१४९२०११३ | जिल्ला प्रशासन कार्यालयहरू | १४२५६८० | ७६३८७९ | ५३.५८ |
| ३१४९२०१२३ | सीमा प्रशासन कार्यालयहरू | २६२६१ | १०१४३ | ३८.६२ |
| ३१४९२०१३३ | इलाका प्रशासन कार्यालयहरू | ३६४१०८ | १७८८४४ | ४९.१२ |
| ३१४९३०११३ | जुद्ध वारूणयन्त्र कार्यालय | १५६५० | ८०१० | ५१.१८ |
| | **कुल जम्मा** | **१३२३५५६००** | **६५१५३१६०** | **४९.२३** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४०००११४ | गृह मन्त्रालय | ५०७९८ | १३६३७ | २६.८४ |
| ३१४००१०२४ | लागू औषध नियन्त्रण कार्यक्रम | १०० | ० | ०.०० |
| ३१४००१०३४ | राष्ट्रिय विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन प्राधिकरण | २२०६०० | १६०९ | ०.७३ |
| ३१४०१०११४ | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | ६६६३०० | १८४१७६ | २७.६४ |
| ३१४०२०११४ | कारागार व्यवस्थापन विभाग | ३१०८०० | १२८३५१ | ४१.३० |
| ३१४०२०१२४ | कारागार कार्यालयहरू | १५०००० | २१९२८ | १४.६२ |
| ३१४०३०११४ | अध्यागमन विभाग | ७८६०० | १२६७८ | १६.१३ |
| ३१४०३०१२४ | अध्यागमन कार्यालयहरू | ५००० | २१३८ | ४२.७५ |
| ३१४०४०११४ | प्रहरी प्रधान कार्यालय | १०५३८७० | २८०७८४ | २६.६४ |
| ३१४०४०१२४ | महानगरीय प्रहरी | ४७१४०० | ३०४१०१ | ६४.५१ |
| ३१४०४०१३४ | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | १०१८५० | ५९६९२ | ५८.६१ |
| ३१४०४०१४४ | प्रदेश प्रहरी कार्यालयहरू | १४०६८० | ७५२९७ | ५३.५२ |
| ३१४०४०१५४ | नेपाल प्रहरी अस्पताल | ३३३५३९ | ९३३४० | २७.९८ |
| ३१४०४०१६४ | जिल्ला प्रहरी कार्यालयहरू | ८११९०० | ५८७७३८ | ७२.४६ |
| ३१४०४१०३४ | त्रि-वर्षीय अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना | ७९१०० | ३५७१० | ४५.१५ |
| ३१४०५०११४ | सशस्त्र प्रहरी बल | ४८७४८० | ७६०८४ | १५.६१ |
| ३१४०५०१३४ | क्षेत्रीय सशस्त्र प्रहरी बल कार्यालय | ८२६९९६ | २०१९८३ | २४.४२ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४०५०१४४ | सशस्त्र प्रहरी बल तालिम केन्द्रहरू | १४११८१ | २००९९ | १४.२४ |
| ३१४०५०१५४ | नेपाल ए.पी.एफ अस्पताल | ६९५४३ | ३५१३१ | ५०.५२ |
| ३१४०६०११४ | प्रहरी किताबखाना | ८०० | २९७ | ३७.११ |
| ३१४९१०११४ | समरजंग कम्पनी कार्यालय | १०० | १०० | ९९.८९ |
| ३१४९२०११४ | जिल्ला प्रशासन कार्यालयहरू | १९४०४६८ | ११९३७९ | ६.१५ |
| ३१४९२०१२४ | सीमा प्रशासन कार्यालयहरू | १२०० | ९६ | ८.०३ |
| ३१४९२०१३४ | इलाका प्रशासन कार्यालयहरू | २०६५०५ | ३५७४३ | १७.३१ |
| ३१४९३०११४ | जुद्ध वारूणयन्त्र कार्यालय | ५०० | ० | ०.०० |
| | कुल जम्मा | ८१४८५०९ | २२९००९० | २८.१० |

◆ ◆ ◆

# परराष्ट्र मन्त्रालय

## १. पृष्ठभूमिः

परराष्ट्र मन्त्रालयको प्रमुख जिम्मेवारी राष्ट्रिय हितको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्ने सक्रिय एवम् प्रभावकारी कूटनीति उपयोग गरी नेपालको परराष्ट्र नीतिको तर्जुमा र सो को कार्यान्वयन गर्नु हो। अनुकूल अन्तर्राष्ट्रिय परिस्थिति निर्माण गर्नु, अधिकतम सद्भाव र सहयोग प्राप्त गर्नु र अन्तर्राष्ट्रिय समुदायमा मुलुकको छवि र भूमिकालाई प्रभावकारी बनाउने तर्फ परराष्ट्र नीति परिलक्षित गरी सो अनुरूपका क्रियाकलापहरू परराष्ट्र मन्त्रालयले सञ्चालन गर्दै आएको छ।

हाल विदेशमा ४० वटा नेपाली नियोगहरू (३० वटा राजदूतावासहरू, ३ वटा स्थायी नियोगहरू र ७ वटा महावाणिज्यदूतावासहरू) छन्। साथै, विभिन्न मुलुकहरूमा ५७ जना अवैतनिक महावाणिज्यदूतहरू रहेका छन्। २०७७ फागुन मसान्तसम्म विश्वका १६८ मुलुकहरूसँग नेपालको कूटनीतिक सम्बन्ध स्थापना भएको छ।

## २. दीर्घकालीन सोचः

नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय सुरक्षा र एकतालाई अक्षुण्ण राख्दै सबल, समुन्नत, शान्तिपूर्ण र प्रतिष्ठित राष्ट्र निर्माण।

## ३. उद्देश्यः

- राष्ट्रिय हित अनुकूल स्वतन्त्र, सन्तुलित र विश्वसनीय परराष्ट्र नीतिको सञ्चालनबाट सार्वभौमिक समानता, पारस्परिक लाभ र सम्मानमा आधारित द्विपक्षीय सम्बन्ध विस्तार एवम् सुदृढ गर्ने,
- संयुक्त राष्ट्रसंघ र अन्य अन्तर्राष्ट्रिय/क्षेत्रीय सङ्गठन तथा मञ्चहरूमा नेपालको पहिचान र प्रतिनिधित्व अभिवृद्धि गरी राष्ट्रिय हितको प्रवर्द्धन गर्ने,
- आर्थिक कूटनीतिद्वारा मुलुकको सामाजिक-आर्थिक रूपान्तरणमा योगदान पुर्‍याउने तथा विदेशमा रहेका नेपालीहरूको अधिकार र हितको संरक्षणमार्फत् समृद्ध नेपाल निर्माणमा योगदान गर्ने।

## ४. कार्यक्षेत्रः

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायअनुसार रहेका छन्ः

- नेपालको परराष्ट्र नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र मूल्याङ्कन,
- विदेशी राष्ट्र तथा संयुक्त राष्ट्रसंघ लगायतका अन्तर्राष्ट्रिय, क्षेत्रीय सङ्गठनहरूसँगको सम्बन्ध,
- नेपालस्थित विदेशी नियोगहरूसँगको सम्बन्ध, समन्वय एवं विदेशमा नेपालको कूटनीतिक प्रतिनिधित्व,
- नेपालको अन्तर्राष्ट्रिय सीमा-सम्बन्ध,
- विदेशमा नेपालको प्रतिनिधित्व,
- अन्तर्राष्ट्रिय जगतमा नेपालको प्रतिष्ठा अभिवृद्धि,
- नेपाल तथा अन्य देशका नागरिकको आ-आफ्नो सरकारबाट व्यक्ति माथिको दावा,
- कन्सुलर प्राक्टिस र कन्सुलर सेवा,

- विदेशमा रहेका नेपाली नागरिकको अभिलेख तथा तिनिहरूको हक, हित, उद्धार र संरक्षण,
- अतिथि सत्कार, शिष्टाचार र ओहदाको प्रमाणपत्र,
- अधिकारपत्र (क्रिडेन्सियल),
- आर्थिक तथा विकास कूटनीति,
- विदेशी राज्य र कूटनीतिक प्रतिनिधिको सुविधा तथा उन्मुक्ति,
- गैरआवासीय नेपाली/विदेशमा रहेका नेपाली,
- परराष्ट्र मामिला सम्बन्धमा प्रदेशहरूसँग सम्पर्क र समन्वय,
- कूटनीतिक आचारसंहिता,
- अन्तर्राष्ट्रिय तहमा जनस्तरीय तथा गैरसरकारी संस्थास्तरीय सम्बन्धको विकास,
- राहदानी, विदेशबाट दिइने भिसा,
- कूटनीतिक तहमा हुने वार्ता, सम्झौता र सन्धि,
- विषयगत मन्त्रालयबाट हुने वार्ता, सम्झौता, सन्धि, समझदारीमा सहमति, समन्वय र सहजीकरण,
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,
- नेपाल परराष्ट्र सेवाको सञ्चालन।

## ५. चालु आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्यमा उल्लिखित नीति र कार्यक्रमका बुँदाहरूको फागुनमसान्तसम्मको प्रगतिः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| २८० | नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्दै सार्वभौमिक समानताका आधारमा अन्तर्राष्ट्रिय सम्बन्ध कायम गरिनेछ। परराष्ट्र नीतिलाई राष्ट्रिय हित, पारस्परिक लाभ र सम्मान, अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा दायित्व र न्यायमा आधारित हुने गरी सञ्चालन गरिनेछ। | • स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा एवम् सार्वभौमिक समानताका आधारमा अन्तर्राष्ट्रिय सम्बन्ध कायम हुने परिस्थिति सुनिश्चित गरिएको।<br>• राष्ट्रिय हित, पारस्परिक लाभ र सम्मान, अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा दायित्व र न्यायमा आधारित वैदेशिक सम्बन्ध सञ्चालनका लागि बदलिंदो विश्व परिवेशलाई समेत मध्यनजर गर्दै एकीकृत दस्तावेजका रूपमा परराष्ट्र नीति, २०७७ जारी भै कार्यान्वयनमा आएको। |
| २८१ | राष्ट्रिय हित प्रवर्द्धन गर्न छिमेकी मित्रराष्ट्र, विकास साझेदार, श्रम गन्तव्य मुलुकलगायत अन्य सबै मित्रराष्ट्रसँगको सम्बन्धलाई थप सुदृढ तुल्याइनेछ। वैदेशिक रोजगारीमा रहेका नेपालीको सुरक्षा, मर्यादित रोजगारीको निरन्तरता तथा | • राष्ट्रिय हित प्रवर्द्धन गर्दै छिमेकी मुलुकहरूसँग विभिन्न विषय र स्तरमा छलफल एवम् कुराकानी भएको। विभिन्न ९ वटा मुलुकहरूसँग द्विपक्षीय संयन्त्रको बैठक सम्पन्न भएको। श्रम गन्तव्य मुलुकहरूसँग श्रमसम्बन्ध लगायतका विभिन्न द्विपक्षीय सम्झौताहरू सम्पन्न भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | सामाजिक संरक्षणको लागि विदेशस्थित कूटनीतिक नियोगलाई परिचालन गरिनेछ। | • कोभिड-१९ ले सिर्जित परिस्थितिबीच विदेशमा समस्यामा रहेका ८३ हजार ७ सय ९५ नेपालीहरूलाई नियमित हवाई उडान सुचारु हुनुपूर्व नेपाल फर्कन सहजीकरण गरिएको।<br>• विदेशस्थित नेपाली नियोगहरूबाट २४ हजार ५ सय ४१ भन्दा बढी नेपालीहरूको रोजगार थमौती एवम् पुनःस्थापनाका लागि पहल गरिएको। |
| २८२ | आगामी वर्षदेखि विद्युतीय राहदानी लागु गरिनेछ। | • IDEMIA Security SAS, France सँग विद्युतीय राहदानी कार्यका लागि करार सम्झौता सम्पन्न भएको।<br>• विद्युतीय राहदानीमा राखिने तस्विर र छापिने विषयवस्तु स्वीकृत भएको। |
| २८३ | गैर आवासीय नेपालीको ज्ञान, सीप, पुँजी र प्रविधिलाई राष्ट्रिय विकासमा उपयोग गरिनेछ। विदेशमा जोखिममा रहेका नेपालीको संरक्षण र उद्धारमा गैर आवासीय नेपालीको सहयोग लिइनेछ। | • गैर आवासी नेपालीको ज्ञान, सीप र पुँजी नेपालको लागि उपयोगमा ल्याउने नीतिसहित परराष्ट्र मन्त्रालयमा रहेको Brain Gain Center (BGC) मा आबद्ध हुनुभएका गैर आवासीय नेपाली विज्ञको संङ्ख्या १ हजार नाघेको। BGC मार्फत Diaspora Engagement for Higher Education in Nepal: Exploring Possibilities of Collaboration शीर्षकमा अमेरिका, अष्ट्रेलिया र युरोप क्षेत्रलाई केन्द्रित गरी ३ वेबिनारहरू सम्पन्न गरिएको।<br>• गैर आवासीय नेपालीको ज्ञान, सीप, पुँजी र प्रविधिलाई राष्ट्रिय विकासमा उपयोग गर्ने सम्बन्धमा प्रभावकारी रणनीति तय गर्न राष्ट्रिय योजना आयोगसँग समन्वय र सहकार्यलाई अघि बढाइएको। विभिन्न मन्त्रालय तथा निकायहरूबाट गैर आवासीय नेपालीसम्बन्धी Brain Gain Center का लागि सम्पर्क व्यक्ति (Focal Point) तोकिएको।<br>• राष्ट्रिय विकास समस्या समाधान समिति (NDAC) को ४८ औं बैठकको निर्णयानुसार BGC मा आबद्ध विज्ञहरूबाट नेपालले के-कसरी फाइदा लिन सक्छ भन्ने विषयमा अन्तर मन्त्रालय/निकाय समन्वय, सहजीकरण, संस्थागत तथा प्रक्रियागत |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | व्यवस्था आदिको लागि आवश्यक ऐन-कानूनको संशोधन/तर्जुमा लगायतको विषयमा सिफारिश गर्न राष्ट्रिय योजना आयोगका माननीय सदस्यको नेतृत्वमा एक कार्यदल गठन भई कार्य भइरहेको। |

## ६. चालु आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू :

**उच्चस्तरीय द्विपक्षीय भ्रमणहरू:**

- परराष्ट्र मन्त्रीले २०७७ माघ १-३ सम्म भारतको अनौपचारिक भ्रमण गर्नुभएको। उक्त अवसरमा कोभिड-१९ को खोप आपूर्ति, सीमासम्बन्धी नसुल्झिएका विषय, सीमा व्यवस्थापन, कनेक्टिभिटी एवं आर्थिक सहयोग, व्यापार तथा पारबहन, उर्जा तथा जलस्रोत, संस्कृति तथा शिक्षा लगायत द्विपक्षीय सम्बन्धका महत्त्वपूर्ण विषयमा छलफल भएको।
- परराष्ट्र मन्त्री र संयुक्त अधिराज्यका State Minister of Foreign and Commonwealth Office बीच २०७७ भाद्र ११ (२७ अगस्त २०२०) मा जलवायु तथा वातावरणीय मुद्दाहरू लगायत अन्य द्विपक्षीय सहयोगका विषयमा भर्चुअल बैठक सम्पन्न भएको ।

**बहुपक्षीय तथा क्षेत्रीय कूटनीति:**

- सम्माननीय राष्ट्रपतिले "Accelerating the realization of gender equality and the empowerment of all women and girls" विषयमा भर्चुअल माध्यमबाट २०७७ असोज १५ मा आयोजित High Level Meeting on the Twenty-fifth Anniversary of the Fourth World Conference (Beijing+25) लाई सम्बोधन गर्नुभएको। सो अवसरमा, सम्माननीय राष्ट्रपतिज्यूले महिला सशक्तीकरण, मूलप्रवाहीकरण, लैङ्गिक सवालहरूमा नेपालले गरेका प्रगतिका सम्बन्धमा समेत प्रकाश पार्नुभएको।
- सम्माननीय प्रधानमन्त्रीज्यूको नेतृत्वको एक उच्चस्तरीय प्रतिनिधिमण्डलले संयुक्त राष्ट्रसंघको ७५औं महासभामा भर्चुअल रूपमा सहभागिता जनाएको। ७५औं महासभाको मुलनारा "The Future We Want; the United Nations We Need: Reaffirming Our Collective Commitment to Multilateralism- Confronting Covid-19 through Effective Multilateral Action" रहेको थियो।
- सम्माननीय प्रधानमन्त्रीज्यूले महासभालाई २०७७ असोज ९ मा सम्बोधन गर्दै कोभिड-१९ महामारीका कारण संसारका सबै मुलुकको समाज, जीवन, जनजीविका, अर्थतन्त्र आदिमा गम्भीर प्रभाव परेको हुँदा यस विशेष अवस्थामा अति कम विकसित, भूपरिवेष्टित, साना टापु राष्ट्रहरूले भोगिरहेका विशेष समस्या समाधान तर्फ उचित ध्यान पुऱ्याउँदै उपचार, औषधी र खोपमा सबैको समान पहुँच हुनुपर्नेमा जोड दिनुभएको।
- सम्माननीय प्रधानमन्त्रीज्यूले २०७७ असोज ५ मा आयोजित High-Level Meeting to Commemorate the 75th Anniversary of the United Nations लाई सम्बोधन गर्नुभएको।
- सम्माननीय प्रधानमन्त्रीज्यूले २०७७ असोज २ मा आयोजित First SDG Moment 2020, २०७७ असोज ८ मा आयोजित Poverty at a Crossroad: Using Leadership and Multidimensional Poverty Index to Build Back Better, २०७७ असोज १२ मा आयोजित Leaders Pledge for Nature: United to Reverse

Bidiversity Loss by 2030 for Sustainable Development र २०७७ असोज १४ मा आयोजित United Nations Summit on Biodiversity शीर्षकको उच्चस्तरीय कार्यक्रमलाई सम्बोधन गर्नु भएको।

- सम्माननीय प्रधानमन्त्रीज्यूले २०७७ असोज १३ मा आयोजित High-level Meeting on Financing the 2030 Agenda for Sustainable Development in the Era of Covid-19 and Beyond लाई भूपरिवेष्टित राष्ट्रहरूको तर्फबाट सम्बोधन गर्नु भएको।
- सम्माननीय प्रधानमन्त्रीज्यूले २०७७ असोज २१ मा Climate Vulnerable Forum Leaders Event लाई भिडियो सन्देशमार्फत सम्बोधन गर्नु भएको।
- सम्माननीय प्रधानमन्त्रीज्यूले २०७७ मंसिर १८-१९ मा सम्पन्न 31st Special Session of the United Nations General Assembly in Response to COVID-19 Pandemic मा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै सहभागिता जनाउनु भएको।
- सम्माननीय प्रधानमन्त्रीज्यूले पेरिस सम्झौताको पाँचौं वार्षिकीको अवसरमा बेलायत, फ्रान्स, र संयुक्त राष्ट्रसंघको संयुक्त आयोजना रहेको Leader-level Virtual Climate Ambition Summit लाई २०७७ मंसिर २७ मा सम्बोधन गर्नु भएको।
- परराष्ट्र मन्त्रीले ७५औं महासभाके सिलसिलामा २०७७ असोज १ मा Annual Ministerial Meeting of the Least Developed Countries (LDCs) लाई सम्बोधन गर्दै कोभिड-१९, जलवायु परिवर्तन र प्राकृतिक विपत्तिबाट नेपाल लगायतका अतिकम विकसित मुलुकहरूमा परेको दूरगामी सामाजिक-आर्थिक परिणाम औंल्याउँदै उल्लेखित समस्याहरूको समाधानार्थ तत्काल विश्वव्यापी Stimulus package शुरु गर्नु पर्ने विषयमा जोड दिनुभएको।
- परराष्ट्र मन्त्रीले महासभाकै अवसरमा २०७७ असोज ५ का दिन आयोजित भूपरिवेष्टित राष्ट्रहरूको १९औं वार्षिक मन्त्रिस्तरीय बैठकलाई सम्बोधन गर्नु भएको।
- परराष्ट्रमन्त्रीले ७५औं महासभाको अवसरमा आयोजित High-level Event to Commemorate the International Day for the Total Elimination of Nuclear Weapons नामक कार्यक्रमलाई २०७७ असोज १६ मा भिडियो सन्देश मार्फत सम्बोधन गर्नु भएको।
- परराष्ट्र मन्त्रीले २०७७ असोज २३ मा आयोजित Annual Ministerial Meeting of the Non-Aligned Movement (NAM), २०७७ कार्तिक २७ मा G77 राष्ट्रहरूको वार्षिक मन्त्रिस्तरीय बैठक र २०७७ कार्तिक १० मा आयोजित UNESCAP द्वारा आयोजित Commemoration of the 75th Anniversary of the United Nations लाई सम्बोधन गर्नु भएको।
- परराष्ट्रमन्त्रीले २०७७ माघ ५-१६ सम्म भएको मानव अधिकारसम्बन्धी विश्वव्यापी आवधिक समीक्षा (Universal Periodic Review-UPR) अन्तर्गत २१ जनवरी २०२१ मा भएको नेपालको तेस्रो आवधिक समीक्षामा नेपालले पछिल्लो समयमा मानव अधिकारका क्षेत्रमा हासिल गरेको प्रगतिहरू लगायत दोस्रो आवधिक समीक्षाका क्रममा प्राप्त सुझावहरूको कार्यान्वयनको अवस्था माथि प्रकाश पार्नु भएको।
- परराष्ट्रमन्त्रीले २०७७ माघ ८ मा टर्कीले भर्चुअल माध्यमबाट आयोजना गरेको 17th ACD Ministerial Meeting मा सम्बोधन गर्नु भएको।
- परराष्ट्रमन्त्रीले २०७७ फागुन ११ मा मानव अधिकार परिषद्को ४६औं सत्रको उच्चस्तरीय बैठकलाई भिडियो मार्फत सम्बोधन गर्नु भएको।

- कोभिड-१९ को सम्बन्धमा चीन, नेपाल, अफगानिस्तान, पाकिस्तान बीच परराष्ट्र मन्त्रीस्तरीय संयुक्त भर्चुअल बैठक २०७७ साउन १२ मा सम्पन्न भएको।
- श्रीलंकाले २०७७ भाद्र १७ मा आयोजना गरेको बिमस्टेक सदस्य राष्ट्रहरूको Senior Officials Meeting को २१औं सत्रमा परराष्ट्र सचिव नेतृत्वको नेपाली प्रतिनिधिमण्डलले सहभागिता जनाएको।
- २०७७ भदौ ३१ गते मा ADB को ५३औं वार्षिक बैठकको sidelines मा माननीय परराष्ट्र मन्त्रीको अध्यक्षतामा भर्चुअल माध्यमबाट Informal Meeting of SAARC Finance Ministers सम्पन्न बैठकमा "COVID-19 and South Asian Economies" विषयमा छलफल भएको।
- संयुक्त राष्ट्रसंघको महासभाको दौरान २०७७ असोज ८ मा माननीय परराष्ट्र मन्त्रीज्यूको अध्यक्षतामा SAARC Council of Ministers को अनौपचारिक भर्चुअल बैठकले विगत एक वर्षमा गरेका काम कारवाही र आगामी सार्क शिखर सम्मेलन आयोजनाको सम्बन्धमा छलफल भएको।
- बंगलादेश, चीन, नेपाल, पाकिस्तान र श्रीलङ्काबीच कोभिड-१९ महामारी विरूद्ध संयुक्त प्रतिक्रिया (Joint Response to Covid-19) विषयक परराष्ट्र सचिवस्तर भिडियो कन्फरेन्स २०७७ कार्तिक २५ मा सम्पन्न भएको।

**विदेशी उच्च अधिकारीहरूको नेपाल भ्रमण:**

- **भारतबाट सम्पन्न भ्रमणहरू:** २०७७ मंसिर ११ मा काठमाडौंमा नेपाल र भारतका परराष्ट्र/विदेश सचिवस्तरीय बैठक सम्पन्न भएको। २०७७ कार्तिक २० देखि २२ सम्म भारतीय सेना प्रमुखले नेपालको भ्रमण गर्नुभएको।
- **चीनबाट सम्पन्न भ्रमणहरू:** चिनीयाँ State Councilor and Minister of National Defense ले १४ मंसिर २०७७ मा नेपाल भ्रमण गर्नु भएको।
- **COP26 का अध्यक्षको भ्रमण:** COP26 का अध्यक्षको २०७७ फागुन ५ देखि ६ सम्म नेपाल भ्रमण गर्नु भएको।

<u>द्विपक्षीय कूटनीतिको प्रवर्द्धन</u>

- **द्विपक्षीय संयन्त्र:** फ्रान्स, क्यानाडा, पोल्याण्ड, जर्मनी, अस्ट्रिया, डेनमार्क, यूरोपियन यूनियन र संयुक्त अधिराज्य लगायतका मुलुकहरुसँग भर्चुअल माध्यमबाट द्विपक्षीय परामर्श संयन्त्रका बैठकहरू सम्पन्न भएको। नेपाल-भारत परराष्ट्रमन्त्री स्तरीय छैटौं संयुक्त आयोगको बैठक २०७७ माघ २ मा भारतको नयाँ दिल्लीमा सम्पन्न भएको।
- **आर्थिक कूटनीतिको परिचालन:** नेपाली नियोगहरूबाट यस अवधिमा नेपाल प्रवर्द्धनसहितका राष्ट्रिय दिवस कार्यक्रम-१९, पर्यटन प्रवर्द्धनसम्बन्धी-२२, निर्यात तथा लगानी प्रवर्द्धनसम्बन्धी- ३६, श्रमिक सुरक्षा तथा जनचेतना अभिवृद्धिसम्बन्धी-४२ गरी आर्थिक कूटनीतिका १ सय ६० भन्दा बढी कार्यक्रमहरू सम्पन्न भएको।

**अन्य प्रमुख क्रियाकलापहरू**

- मुलुकको अन्तर्राष्ट्रिय सम्बन्धलाई समग्र मार्गदर्शन गर्दै इतिहासमै पहिलो पटक एकीकृत दस्तावेजको रूपमा परराष्ट्र नीति, २०७७ कार्यान्वयनमा आएको।

- विद्युतीय राहदानी छपाई तथा पर्सोनलाइजेसनका लागि करार सम्झौता सम्पन्न भई कार्य अघि बढेको। राहदानी विभागबाट २ लाख २७ हजार ५ सय ७४ थान राहदानी जारी भएको।
- कन्सुलर सेवा विभागबाट ४ हजार ७ सय १५ वटा कन्सुलर तथा कानूनी परामर्श सेवा, ५ हजार ५ सय ५७ वटा कूटनीतिक उन्मुक्ति तथा भिसासम्बन्धी सेवा र १ लाख १० हजार ८ सय ८९ वटा कागजात प्रमाणीकरण भएको। कन्सुलर सेवा कार्यविधि, २०७७ स्वीकृत भै कार्यान्वयनमा आएको। विदेशमा रहेका नेपाली नागरिकले मृत्यु, घाइते वा अन्य कारणले प्राप्त गर्ने क्षतिपूर्ति वापतको रकमसम्बन्धी सेवालाई प्रभावकारी, व्यवस्थित, प्रविधिमैत्री एवं पारदर्शी रूपमा अनलाइन मार्फत प्रदान गर्ने व्यवस्था मिलाइएको।
- नेपाल र जनवादी गणतन्त्र चीनबाट ८ डिसेम्बर २०२० मा भिडियो कन्फरेन्समार्फत संयुक्तरूपमा सगरमाथा/झुमुलङ्माको नयाँ उचाई (८ हजार ८ सय ४८.८६ मिटर) को घोषणा गरिएको।

<u>**विविध गतिविधिहरू:**</u>

- सम्माननीय राष्ट्रपति र स्वीस राष्ट्रपतिबीच २०७७ असोज ८ मा द्विपक्षीय मामिला तथा अन्य समसायिक विषयमा टेलिफोन सम्वाद भएको।
- भारत तथा चीनले नेपाललाई अनुदान सहायता स्वरूप प्रदान गरेका कोभिड-१९ विरूद्धको खोप नेपाल ल्याउने सम्बन्धमा कूटनीतिक समन्वय एवं सहजीकरण लगायतका कार्यहरू भएको।
- संयुक्त राष्ट्र संघ अन्तर्गतको Committee on Development Policy (CDP) को २०७७ फागुन १०-१४ मा सम्पन्न त्रिवर्षीय समीक्षा बैठकले नेपाललाई अतिकम विकसित मुलुकको स्तरबाट स्तरोन्नतिका लागि सिफारिस गरेको।
- परराष्ट्र सचिव र नेपालका लागि भारतीय राजदूतको सह-अध्यक्षतामा २०७७ भाद्र १ मा Nepal-India Oversight Mechanism को आठौं बैठक सम्पन्न भएको।
- Working Group on COVID-19 Response among China, Afghanistan, Bangladesh, Nepal, Pakistan and Sri Lanka र Working Group on Poverty Alleviation in the Context of COVID-19 among China, Afghanistan, Bangladesh, Nepal, Pakistan and Sri Lanka सम्बन्धी कार्यसंयन्त्रहरूको पहिलो back-to-back बैठक सम्बन्धित देशको परराष्ट्र मन्त्रालयको महानिर्देशक (सहसचिव) तहमा २०७७ पौष २२ गते सम्पन्न भएको।
- नेपाल र इजरायलबीच Visa Exemption for Holders of Diplomatic Passports; MOU on Agriculture Center of Excellence; Agreement on Temporary Employment of Nepali Workers in Specific Labor Market Sectors in the State of Israel; र Implementation Protocol A to the Agreement between the Government of Nepal and the Government of the State of Israel on the Temporary Employment of Nepali Workers in Specific Labor Market Sectors in the State of Israel – Auxiliary workers in long term care facilities गरी चारवटा सम्झौताहरूमा हस्ताक्षर भएको।
- नेपाल र ओमानबीच Mutual Visa Exemption for Holders of Diplomatic, Special, Service and Official Passports सम्बन्धी सम्झौतामा हस्ताक्षर भएको।
- २०७७ असोज २२ मा सार्क शिक्षा मन्त्रीस्तरीय बैठक माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीको अध्यक्षतामा भर्चुअल माध्यमबाट सम्पन्न भएको।

- नेपाल-भारत सीमासम्बन्धी प्रमाण संकलनका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) को २०७७ जेठ २२ को निर्णयानुसार गठित विज्ञ समूहले आफ्नो प्रतिवेदन परराष्ट्र मन्त्री समक्ष बुझाएको।
- २०७७ मंसिर ३० मा सार्कको कार्यक्रम समितिको ५८ औं बैठक नेपालको अध्यक्षतामा काठमाडौंमा सम्पन्न भएको।
- नेपाल र जर्मनीबीच कूटनीतिक कर्मचारीका आश्रित परिवारको रोजगारीसम्बन्धी सम्झौतामा हस्ताक्षर भएको।
- २०२१-२०२३ सम्मको अवधिको लागि नेपाल मानव अधिकार परिषद्मा सदस्यको रूपमा पुनःनिर्वाचित भएको।
- सन् २०२१-२४ अवधिका लागि (Committee on the Elimination of All Forms of Discriminition against women) सिड कमिटी सदस्यमा नेपालको उम्मेदवार पुनः निर्वाचित हुनु भएको।

## ७. आर्थिक वर्ष २०७६/७७ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

<u>द्विपक्षीय तथा बहुपक्षीय सम्बन्धः</u>

- भारत सरकारले २ नोभेम्बर २०१९ मा जारी गरेको भारतको नयाँ राजनीतिक नक्सामा देखाइएको कालापानी क्षेत्र भारतको नभई नेपालको भू-भाग हो र भारतले जारी गरेको राजनीतिक नक्सा नेपाललाई मान्य नहुने भन्ने विषयमा नेपाल सरकारको स्पष्ट धारणा सहित परराष्ट्र मन्त्रालयले २०७६ कार्तिक २० मा प्रेस वक्तव्य जारी गरेको। कालापानी लगायतका भू-भागमा भारतले एकतर्फीरूपमा सडक निर्माण तथा उद्घाटन गरेको कारण विकसित परिस्थिति पश्चात सुगौली सन्धि एवं ऐतिहासिक तथ्य प्रमाणका आधारमा काली (महाकाली) नदीपूर्वको लिम्पियाधुरासम्मको भू-भाग समावेश गरी तयार गरिएको नेपालको नयाँ राजनीतिक तथा प्रशासनिक नक्सा नेपाल सरकार (मन्त्रिपरिषद्) को २०७७ जेठ ५ गतेको निर्णयानुसार प्रकाशित गरी प्रचलनमा ल्याइएको। नेपाल-भारत सीमासम्बन्धी प्रमाण संकलनका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) को २०७७ जेठ २२ को निर्णयानुसार नेपाल-भारत सीमासम्बन्धी प्रमाण संकलनका लागि विज्ञ समूहको गठन गरिएको।
- झण्डै २३ वर्षको अन्तरालपछि २०७६ असोज २५-२६ मा चिनियाँ राष्ट्रपतिबाट नेपालको भ्रमण भएको। चिनियाँ राष्ट्रपतिको भ्रमणको अवसरमा दीर्घकालीन महत्त्वका २० वटा दुईपक्षीय समझदारीपत्र/सम्झौताहरूमा हस्ताक्षर सम्पन्न भएको।
- परराष्ट्र मन्त्री स्तरमा १४ वर्षको अन्तरालमा नेपालबाट रूसी महासंघको भ्रमण सम्पन्न भएको।
- बङ्गलादेशका राष्ट्रपति, भारतका विदेश मन्त्री, चीनका स्टेट काउन्सेलर एवं परराष्ट्रमन्त्री, नर्वेका अन्तर्राष्ट्रिय विकास मन्त्री, लक्जम्बर्गका विदेश मन्त्री, बेल्जियमकी राजकुमारी, जर्मनीकी प्रथम महिला लगायतले नेपालको भ्रमण गर्नुभएको।
- नर्वे, फिनल्याण्ड र फ्रान्स गरी तीनवटा मुलुकहरूसँग द्विपक्षीय कूटनीतिक संयन्त्रको स्थापना गरिएको। त्यसैगरी, पाकिस्तान, जापान, फ्रान्स, युरोपियन युनियन, न्यूजिल्याण्ड, बेल्जियम, भारत र जर्जिया गरी आठवटा मुलुक/संस्थाहरूसँग द्विपक्षीय परामर्श बैठकहरू सम्पन्न भएको। जर्जियासँग सम्पन्न द्विपक्षीय परामर्श बैठकको क्रममा नेपाल र जर्जियाबीच कूटनीतिक र सरकारी राहदानी वाहकको लागि भिसा छुट सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको।

- माननीय परराष्ट्रमन्त्रीको अध्यक्षतामा संयुक्त राष्ट्रसंघको ७४औं महासभाको साइडलाइनमा सार्क राष्ट्रका विदेशमन्त्रीहरूको अनौपचारिक बैठक २०७६ असोज ९ गते सम्पन्न भएको। विश्व बैकको वार्षिक बैठकको साइडलाइनमा आयोजित सार्क राष्ट्रका अर्थमन्त्रीहरूको १४औं अनौपचारिक बैठक नेपालका अर्थमन्त्रीको अध्यक्षतामा २०७६ असोज ३० मा वासिङ्गटन डि. सि. मा सम्पन्न भएको।
- नेपालले २०७६ पौष ३-४ मा काठमाडौंमा आयोजित सार्कको कार्यक्रम समितिको ५७औं बैठक (57th Session of the SAARC Programming Committee) को अध्यक्षता गरेको।
- सम्माननीय राष्ट्रपतिले चिनियाँ समकक्षीसँग २०७७ वैशाख १५ मा टेलिफोन सम्वाद गर्नुभएको।
- सम्माननीय राष्ट्रपतिले बेलायत सरकारको संयोजकत्वमा आयोजना भएको खोपसम्बन्धी भर्चुअल विश्व शिखर सम्मेलन (Global Vaccine Summit-2020) लाई सम्बोधन गर्नुभएको।
- Sanitation and Water for All ले जारी गरेको "World Leaders' Call to Action on COVID - 19" अभियानमा नेपालको तर्फबाट सम्माननीय राष्ट्रपतिले समर्थन जनाउनु भएको।
- "Financing for Development in the Era of Covid-19 and Beyond" विषयक Virtual High Level Event मा नेपालको तर्फबाट सम्माननीय प्रधानमन्त्रीज्यूको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डलले सहभागिता जनाएको।
- United against COVID-19 को नारासहित NAM का अध्यक्षको हैसियतमा अजरबैजानले आयोजना गरेको Online Summit of NAM Contact Group मा नेपालको तर्फबाट सम्माननीय प्रधानमन्त्रीज्यूको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डलले सहभागिता जनाएको।
- माननीय परराष्ट्र मन्त्री र चिनियाँ समकक्षी स्टेट काउन्सेलर तथा परराष्ट्र मन्त्रीबीच १८ जुन २०२० मा High-Level Video Conference on Belt and Road International Cooperation: Combating COVID-19 with Solidarity बारे भिडियो कन्फेरेन्सका अवसरमा सम्बन्धित विषयमा छलफल तथा परामर्श भएको।
- कोरोना भाइरससँग लड्न क्षेत्रीय रूपमा साझा रणनीति तयार गर्ने उद्देश्यले २०७६ चैत्र २ मा सार्क मुलुकका राष्ट्र प्रमुख तथा सरकार प्रमुखहरूको भिडियो कन्फेरेन्स सम्पन्न भएको। उक्त बैठकबाट कोरोनासँग जुध्नको लागि साझा कोष खडा भई सम्पूर्ण सदस्य राष्ट्रहरूले स्वेच्छिक योगदान गरेकोमा नेपालले १० करोड रुपैयाँ छुट्याएको।
- नेपाल र म्यानमारबीच कूटनीतिक सम्बन्धको ६० वर्ष पुगेको अवसरमा नेपाली संस्कृति प्रचारप्रसार गर्ने उद्देश्यले १२ जनवरी २०२० मा याङ्गुनमा नेपाल साँस्कृतिक केन्द्रको स्थापना गरिएको।
- २०७६ भाद्र १० मा सेन्ट लुसिया र २०७६ असोज ९ मा अफ्रिकी मुलुक घानासँग नेपालको कूटनीतिक सम्बन्ध स्थापना भएसँगै १६८ मुलुकसँग नेपालको कूटनीतिक सम्बन्ध गाँसिएको।

**मनोनयन तथा निर्वाचन**

- नेपालले संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्को अस्थायी सदस्य पदमा सन् २०३७-३८ अवधिका लागि उम्मेदवारी दिएको।
- नेपाल सर्वसम्मतिबाट संयुक्त राष्ट्र संघ को ७५औं महासभाको दोस्रो समिति (Economic and Financial Committee) को अध्यक्षमा, सन् २०२०/२१ को लागि भूपरिवेष्ठित मुलुकहरूको समूह अन्तर्गतको सात सदस्यीय Bureau मा एशिया क्षेत्रबाट सदस्यमा, सन् २०२०-२०२३ अवधिको लागि Asian and Pacific

Centre for Transfer of Technology (APCTT) को Governing Council को सदस्यमा, विश्व व्यापार संगठन अन्तर्गतको Enhanced Integrated Framework (EIF) मा सन् २०१९-२१ को अवधिको लागि अध्यक्षमा सर्वसम्मतिले र INBAR को सहअध्यक्ष लगायत ECOSOC अन्तर्गतको CND र UNCTAD अन्तर्गतको Trade and Development Board को Vice - Chair मा निर्वाचित भएको।

- नेपाल Advisory Board of the United Nations Democracy Fund, (UNDEF) मा सन् २०२०-२०२१ अवधिका लागि सदस्यमा र WIPO को Program and Budget Committee (PBC) मा एशिया प्यासिफिक समूहबाट सर्वसम्मतिले सदस्यमा नेपाल मनोनीत भएको।
- South Asian Regional Standards Organization (SARSO) को सञ्चालक समितिको बैठकमा नेपाल सन् २०२०-२१ को लागि अध्यक्ष चयन भएको।

**<u>विविध कार्यहरू</u>**

- नेपाली नियोगहरूबाट नेपाल प्रवर्द्धन सहितका राष्ट्रिय दिवस कार्यक्रम-३९, पर्यटन प्रवर्द्धनसम्बन्धी-१ सय ६८, निर्यात तथा लगानी प्रवर्द्धनसम्बन्धी-७२, श्रमिक सुरक्षा तथा जनचेतना अभिवृद्धिसम्बन्धी-१ सय ३३ गरी आर्थिक कूटनीतिका ४ सय भन्दा बढी कार्यक्रमहरू सम्पन्न भएका। विदेशस्थित नेपाली नियोगहरूले अन्य निकाय एवम् संस्थाले आयोजना गरेका ३ सय भन्दा बढी कार्यक्रमहरूमा सहभागिता जनाएको।
- ३ लाख ९८ हजार ८ सय ४२ राहदानी जारी भई कूल रू.१ अर्ब ५५ करोड १० लाख करोड राजस्व प्राप्त भएको। कन्सुलर सेवा विभागबाट २ लाख २९ हजार २ सय ९५ कागजात प्रमाणीकरण भई रू.११ करोड ४६ लाख राजस्व संकलन भएको।
- राहदानी नियमावली, २०७७ स्वीकृत भई कार्यान्वयनमा आएको। प्रदेश तथा स्थानीय तहले विदेशी सरकार, नियोग, प्रतिनिधि र अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्पर्क गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधिसम्बन्धी निर्देशिका, २०७६ कार्यान्वयनमा ल्याइएको।
- विदेशस्थित नेपाली नियोगहरूबाट ८ सय २५ महिला सहित १२ हजार ५ सय ३९ नेपालीहरूको उद्धार गरिएको। कोभिड-१९ का कारण विदेशमा समस्यामा परेका २८ हजार १ सय २५ नेपालीहरूको उद्धारमा सहजीकरण गरिएको।
- मन्त्रालयमा स्थापित प्रतिभा प्राप्ति केन्द्र (Brain Gain Center) मा आबद्ध गैरआवासीय नेपालीहरूको सङ्ख्या ९ सय ३२ पुगेको र सो केन्द्रमा प्राप्त २ वटा परियोजना प्रस्ताव अध्ययन तथा सहजीकरणका लागि विषयगत मन्त्रालयमा सिफारिस गरिएको।
- परराष्ट्र मन्त्रालयबाट काठमाडौंमा आयोजित International Conference on Protection of Rights of the Migrant Workers र HCCN-FICAC Regional Conference of Honorary Consuls को सहजीकरण गरिएको।
- United Nations Institute for Training and Research (UNITAR) एवम् Swedish International Development Cooperation Agency (SIDA) सँगको सहकार्य र सहयोगमा काठमाडौंमा २०७६ मंसिर २-४ सम्म अन्तरमन्त्रालय सहभागिता सहितको Workshop on Effective Writing Skills in Multilateral Diplomacy सम्बन्धी तालिम कार्यक्रम सम्पन्न भएको।

## ८. आर्थिक वर्ष २०७६/७७ को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

चालु खर्च (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२६०००११३ | परराष्ट्र मन्त्रालय | ३४८७९७ | २२९०२६ | ६५.६६ |
| ३२६०००१२३ | नेपाली राजदूतावासहरू, स्थायी नियोगहरू र महावाणिज्य दूताबासहरू | ३२८६०१७ | ३१३२०५४ | ९५.३१ |
| ३२६०००१३३ | सीमा नापी टोली | ३०००० | २३१२१ | ७७.०७ |
| ३२६०१०११३ | राहदानी विभाग | ७८१७०० | ६३९५६ | ८.१८ |
| ३२६०२०११३ | कन्सुलर सेवा विभाग | २०१५१ | १८३१७ | ९०.९ |
| | कुल जम्मा | ४४६६६६५ | ३४६६४७४ | ७७.६० |

पुँजीगत खर्च (रू. हजारमा)

| ब.नं.शी.उ. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२६०००११४ | परराष्ट्र मन्त्रालय | २८३६४५ | ९४०७२ | ३३.१७ |
| ३२६०००१२४ | नेपाली राजदूतावासहरू, स्थायी नियोगहरू र महावाणिज्य दूताबासहरू | १०९८१०० | २११०४७ | १९.२२ |
| ३२६०००१३४ | सीमा नापी टोली | ३६८०० | ३६०६९ | ९८.०१ |
| ३२६०१०११४ | राहदानी विभाग | ५५०० | २३६० | ४२.९ |
| ३२६०२०११४ | कन्सुलर सेवा विभाग | १४७५ | १३६७ | ९२.६७ |
| | कुल जम्मा | १४२५५२० | ३४४९१६ | २४.१९ |

## ९. आर्थिक वर्ष २०७७/७८ को खुद बजेट तथा फागुन मसान्तसम्मको खर्चको अवस्थाः

चालु खर्च (रू. हजारमा)

| ब.नं.शी.उ. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२६०००११३ | परराष्ट्र मन्त्रालय | ३८०९९० | १६४५२१ | ४३.१८ |
| ३२६०००१२३ | नेपाली राजदूतावासहरू, स्थायी नियोगहरू र महावाणिज्य दूताबासहरू | ३९२०८९७ | २५३३३०५ | ६४.६१ |
| ३२६०००१३३ | सीमा नापी टोली | ३०००० | ४०७ | १.३६ |
| ३२६०१०११३ | राहदानी विभाग | १०५२३०० | ३४८७५ | ३.३१ |
| ३२६०२०११३ | कन्सुलर सेवा विभाग | २०७०० | १११३२ | ५३.७८ |
| | कुल जम्मा | ५४०४८८७ | २७४४२३९ | ५०.७७ |

पुँजीगत खर्च (रू. हजारमा)

| ब.नं.शी.उ. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२६०००११४ | परराष्ट्र मन्त्रालय | ५६६४०० | ३२५४० | ५.७५ |
| ३२६०००१२४ | नेपाली राजदूतावासहरू, स्थायी नियोगहरू र महावाणिज्य दूताबासहरू | ६१७३७५ | २५१०० | ४.०७ |
| ३२६०००१३४ | सीमा नापी टोली | ३६७०० | ९५ | ०.२६ |

| ब.नं.शी.उ. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२६०१०११४ | राहदानी विभाग | ३२४२५ | ३०६ | ०.९४ |
| ३२६०२०११४ | कन्सुलर सेवा विभाग | १६०० | २२५ | १४.०४ |
| | कुल जम्मा | १२५४५०० | ५८२६५ | ४.६४ |

◆ ◆ ◆

# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

## १. पृष्ठभूमिः

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले मुख्यतः भूमिस्रोतको समुचित व्यवस्थापन, सहकारीता अभिवृद्धि एवं गरिबी निवारणको क्षेत्रमा काम गर्दछ। स्वतन्त्र एवं आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकासका लागि सहकारी प्रणालीलाई अवलम्बन गर्न सहकारी आन्दोलनको विकासलाई बढावा दिनु वाञ्छनीय देखिएको छ। पिछडिएको व्यक्ति, परिवार, वर्ग, क्षेत्र र समुदायलाई विकासको मूल प्रवाहमा समाहित गराई विकासको प्रतिफल सबैलाई न्यायोचित वितरण गरी मुलुकमा आर्थिक असमानता घटाउने प्रयास थालिएको छ। गरिबी निवारण अन्तर सम्बन्धित विषय भएको हुँदा राज्यका सबै निकायहरू साथै सरकारी, सहकारी, निजी र गैर सरकारी क्षेत्रबाट एकीकृत र समन्वयात्मक प्रयास हुन आवश्यक छ।

## २. दीर्घकालीन सोचः

समन्यायिक, उत्पादनमूखी र दिगो भूमि व्यवस्था, आर्थिक समृद्धि र सामाजिक रूपान्तरणका लागि गुणात्मक एवं दिगो सहकारिता र सबै प्रकारको गरिबी मुक्त समाज।

## ३. उद्देश्यः

- भूमिको समुचित उपयोगमार्फत उत्पादन बृद्धि र यसबाट प्राप्त लाभको समन्यायिक वितरण सुनिश्चित गर्ने,
- योजना तर्जुमा र विकास निर्माणको लागि आवश्यक शुद्ध एवं विश्वसनीय नापनक्सा र भौगोलिक सूचना सर्वसुलभ बनाउने,
- सहकारी मूल्य र सिद्धान्तहरू.को अनुशरण तथा पारस्पारिकता र स्वावलम्वनको संस्कार विकास र सुशासन कायम गर्ने,
- सहकारी संघसंस्थाहरू.लाई बहुउत्पादन, प्रशोधन तथा बजारीकरणतर्फ उन्मुख गराउन ती संस्थाहरू.को संस्थागत क्षमता अभिवृद्धि गर्ने,
- गरिब पहिचान गर्ने एवं गरिब लक्षित कार्यक्रम सञ्चालन गर्ने।

## ४. रणनीतिः

- भू-उपयोग नीति बमोजिम क्षमता, उपयुक्तता र आवश्यकताको आधारमा भूमिको वर्गीकरण तथा उपयोग सुनिश्चित गरी उत्पादन बृद्धि गर्ने,
- भूमिहिन दलित, कृषक, सुकुम्बासी, मोही तथा गुठी किसान, अव्यवस्थित बसोबासी लगायत सीमान्तकृत वर्गको भूमिमाथिको अधिकार र पहुँच सुनिश्चित गर्ने,
- आधुनिक प्रविधिमा आधारित नापनक्साका आधारभूत पूर्वाधारहरू. तयार गर्ने र शुद्ध तथा विश्वसनीय भू-सूचना संकलन गर्ने,

- कित्तानापी हुन बाँकी रहेका भू-भागमा नापनक्सा गरी सम्पूर्ण जमीनलाई जग्गा प्रशासन प्रणालीमा आवद्ध गर्ने र सरकारी, सार्वजनिक, सामुदायिक तथा गुठी जग्गाको बिस्तृत अभिलेख तयार गरी संरक्षण गर्ने,
- वैज्ञानिक सूचकका आधारमा अचल सम्पत्तिको वस्तुपरक मूल्याङ्कन गर्ने प्रणाली स्थापना गर्ने र सबै सरोकारवालाहरू.ले सोही मूल्याङ्कन प्रयोग गर्नुपर्ने ब्यवस्था गर्ने,
- आधुनिक प्रविधिमा आधारित भूमि सम्बन्धी अभिलेखहरू.को व्यवस्थित भण्डारण गर्ने र जग्गा प्रशासन सेवालाई सहज, सरल, विश्वसनीय र पारदर्शी बनाउने,
- सहकारी क्षेत्रलाई उत्पादनशील क्षेत्रमा केन्द्रित गर्न प्रोत्साहन गर्ने,
- सहकारी क्षेत्रको प्रवर्द्धनका लागि नीतिगत र संस्थागत प्रबन्ध मजबूत बनाउने,
- सहकारी संघसंस्थाको क्षमता अभिवृद्धिका लागि सहकारी शिक्षा, नेतृत्व विकास एवम् व्यवस्थापन तालिमलाई व्यापक तुल्याउने,
- पहिचान भएका गरिब लक्षित गरी गरिबी निवारण योजना, कार्यक्रम तथा आयोजना तर्जुमा एवं कार्यान्वयन गर्ने,
- गरिबी निवारण नीति तर्जुमा गरी उत्पादनका स्रोत साधनमा गरिबहरू.को पँहुच सुनिश्चित गर्ने,
- आधारभूत आवश्यकताका वस्तु तथा सेवामा गरिबहरूको पहुँच सुनिश्चित गर्ने।

## ५. कार्यक्षेत्रः

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायअनुसार रहेका छन्:

- भूमि नीति, भू-उपयोग नीति, कानुन, मापदण्ड र नियमन,
- अन्तर्राष्ट्रिय सीमाको नक्साङ्कन, अभिलेख,
- सीमा स्तम्भहरूको निर्माण, मर्मत सम्भार तथा अभिलेख व्यवस्थापन,
- भूमिको उपयोग, क्षमता र उपयुक्तताको नक्साङ्कन,
- पुनर्वाससम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- निजी, सरकारी, गुठी, सामुदायिक तथा सार्वजनिक जग्गाको राष्ट्रिय अभिलेख व्यवस्थापन,
- सरकारी, सार्वजनिक, गुठी, सामुदायिक तथा पर्ति जग्गाको संरक्षण,
- भूमिसुधार तथा व्यवस्थापन,
- राष्ट्रिय भू-सूचना प्रणाली र भौगोलिक सूचना पूर्वाधार,
- भूमिहीन, दलित, मुक्तकमैया, हलिया, हरूवा, चरूवाको पुनर्स्थापनासम्बन्धी नीति र मापदण्ड,
- जग्गाको हक हस्तान्तरणसम्बन्धी मापदण्ड,
- जग्गाको नाप नक्साको आधारभूत नियन्त्रण विन्दु र सञ्जाल,
- जियोडेटिक र स्थलरूप नापनक्सा,
- प्रदेश र स्थानीय तहको सीमाको नक्साङ्कन र अभिलेख,
- सर्भे लाइसेन्स,
- सहकारीसम्बन्धी राष्ट्रिय नीति, कानुन र मापदण्ड,
- सहकारी बैङ्कसम्बन्धी,

- सहकारीसम्बन्धी राष्ट्रिय तथ्याङ्क व्यवस्थापन, अध्ययन, अनुसन्धान र अनुगमन,
- सहकारीसम्बन्धी राष्ट्रिय संघसंस्थासँग सम्बन्ध र अन्तर प्रादेशिक समन्वय,
- सहकारी मार्फत हुने बचत तथा ऋण परिचालन सम्बन्धी मापदण्ड र नियमन,
- गरिबी निवारण सम्बन्धी,
- मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,
- नेपाल इन्जिनियरिङ्ग सेवा सर्भे समूहको सञ्चालन।

## ६. चालु आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्यमा उल्लिखित नीति र कार्यक्रमका बुँदाहरूको फागुन मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेटको वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ७९ | आगामी वर्षभित्र गरिब घर परिवार सर्वेक्षणबाट पहिचान भएका घर परिवारलाई स्थानीय तह मार्फत राज्य सुविधा परिचयपत्र वितरण कार्य सम्पन्न गरिनेछ। बाँकी घर परिवारको सर्वेक्षणको कार्य आगामी वर्ष सम्पन्न गरी परिचय पत्र वितरण गरिनेछ। स्थानीय तहसँगको समन्वयमा विभिन्न मन्त्रालयबाट सञ्चालन गरिने कृषि, उद्योग, श्रम, स्वास्थ्य लगायतका गरिबी निवारण तथा सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम एकीकृत गरी राज्य सुविधा प्राप्त गर्ने परिवारमा लक्षित गरिनेछ। | • पहिलो चरणमा गरिब घर परिवार पहिचान तथा परिचय पत्र वितरण समन्वय बोर्डबाट २६ जिल्लाका गरिब परिवार पहिचान गरी ३ लाख ९१ हजार ३ सय ३१ परिवारको परिचय पत्र तयार भएको।<br>• दोस्रो चरणमा २३ जिल्लामा सञ्चालित गरिब घर परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम अन्तर्गत ११ लाख ५० हजार परिवारको तथ्याङ्क केन्द्रीय सर्भरमा सङ्कलन भएको, थप १५ जिल्लामा तथ्याङ्क संकलनको लागि १० वटा प्रशिक्षक प्रशिक्षण र ५५ वटा गणक तथा सुपरीवेक्षक तालिम सञ्चालन गरिएको।<br>• १ हजार २ सय २० जना गणक सुपरिवेक्षकहरूबाट स्थानीय तहमा तथ्याङ्क संकलन कार्य भइरहेको। |
| १०५ | संघ प्रदेश र स्थानीय तहको सह-लगानीमा आगामी वर्ष ३ सय स्थानीय तहमा भूमि बैंक इकाई स्थापना गरिनेछ, भूमि बैंकले जग्गा धनीबाट लिजमा लिएको जमिन, सरकारी स्वामित्वको उपयोगमा नरहेको जमिन र नदी नियन्त्रणबाट उकास भएको जमिन कृषि कार्यको लागि उपयोग गर्न चाहने व्यक्ति तथा संस्थालाई निश्चित समयसम्म लिजमा | • भूमि बैक स्थापना र सञ्चालनसम्बन्धी अवधारणापत्र तयार भएको।<br>• ३ सय स्थानीय तहहरूमा भूमि बैक स्थापना र सञ्चालन गर्न स्थानीय तह छनौटका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सूचना आह्वान भएको।<br>• भू-उपयोग नियमावली स्वीकृतिको लागि मन्त्रिपरिषदमा पेश गरिएको। |

| | | |
|---|---|---|
| | उपलब्ध गराउनेछ। बाँझो जमिन धेरै भएका स्थानीय तहबाट भूमि बैंकको स्थापना शुरू गरी क्रमशः सबै स्थानीय तहमा विस्तार गर्दै लगिनेछ। | |
| १०६ | महिलाको भूमिमाथिको अधिकार र स्वामित्व बढाउन प्रदेश र स्थानीय तहको समन्वयमा महिलाको नाममा जग्गाको स्वामित्व हस्तान्तरण गर्दा थप सहुलियत दिने व्यवस्था मिलाइनेछ। भूमिसम्बन्धी समस्या समाधान गर्न गठन भएको आयोग मार्फत आगामी आर्थिक वर्ष सुकुमबासीको व्यवस्थापन तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थित गर्न १ सय स्थानीय तहमा कार्यक्रम सञ्चालन गरिनेछ, मुक्त कमैया, हलिया, हरूवा, चरूवा, कमलरी लगायतका सुकुमबासी, भूमिहीन र सीमान्तकृत परिवारको जीविकोपार्जनसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। | • २ लाख ९९ हजार ८ सय ३७ महिलाको नाममा जग्गाको स्वामित्व हस्तान्तरण गर्दा रजिष्ट्रेशन दस्तुरमा २५ प्रतिशत छुट वापत रू.३ अर्ब २८ करोड १४ लाख छुट दिइएको।<br>• भूमिसम्बन्धी समस्या समाधान आयोगद्वारा स्थानीय तहसँगको सहकार्यमा देशभरि भूमिहीन दलित, भूमिहीन सुकुमबासी तथा अव्यवस्थित बसोबासीहरूको लगत सङ्कलन, नाप नक्साङ्कन, सत्यापन र अभिलेखन कार्यक्रम अन्तर्गत १ सय ८७ स्थानीय तहहरूबाट कार्य भइरहेको।<br>• सबै जिल्लामा भूमिसम्बन्धी समस्या समाधान जिल्ला समिति गठन भई कार्य अगाडि बढेको। कार्य सञ्चालन कार्यविधि, निर्देशिका तयार भएको। |
| १०७ | जग्गा प्रशासनसँग सम्बन्धित स्रेस्तालाई भू-अभिलेख सूचना व्यवस्थापन प्रणालीमा आबद्ध गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ। आगामी आर्थिक वर्ष भित्र ६० मालपोत र नापी कार्यालयलाई स्थानीय तहमा अभिलेख सहित हस्तान्तरण गरिनेछ। सूचना प्रविधिमा आधारित घर जग्गा रजिष्ट्रेशन प्रणाली कार्यान्वयनमा ल्याई सबै जिल्लामा मालपोत सम्बन्धी सेवालाई अनलाईन प्रणाली मार्फत प्रवाह हुने व्यवस्था मिलाइनेछ। | • २५ वटा मालपोत कार्यालयमा रहेका मोठ श्रेस्ता स्क्यानिङ्ग कार्य सम्पन्न भएको।<br>• सेवाग्राहीले इन्टरनेटको माध्यमबाट जुनसुकै स्थानबाट जग्गासम्बन्धी कारोबार गर्न सक्ने प्रविधिको विकास गरिएको। साथै, भू-सेवा केन्द्र सञ्चालनार्थ लेखापढी व्यवसायी तथा स्थानीय तहका कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्न विभिन्न स्थानमा १४ वटा अभिमुखीकरण तालिम सम्पन्न भएको। |
| १०८ | भूमिको दिगो र महत्तम उपयोग सुनिश्चित गर्न भू-उपयोग नक्सा तयार गरी जमिनको वर्गीकरण गरिनेछ। औद्योगिक विकास र सार्वजनिक निर्माणको लागि आवश्यक जग्गा प्राप्ति गर्न नीतिगत सुधार एवम् सहजीकरण | • LiDAR प्रविधिबाट Surveying and Mapping गर्न Global Positioning System (GPS) Monumentation तथा Ground Control Point (GCP) तयार भएको।<br>• ७६ वटा तेस्रो दर्जाका नियन्त्रण विन्दुमा |

| | | |
|---|---|---|
| | गरिनेछ। उत्पादनशील जमिनको खण्डीकरणलाई निरूत्साहित गर्दै कृषि, आवास र अन्य प्रयोजनको जमिनको नक्साङ्कन गरिनेछ। | पूर्वेक्षण तथा मनुमेन्टेशन कार्य सम्पन्न गरिएको।<br>• सिन्धुली जिल्लाको वर्दिवास-मिर्चैया सडक खण्डमा २२ किलोमिटर समतलन नापी कार्य सम्पन्न गरिएको।<br>• ओखलढुङ्गा जिल्लामा पर्ने हिलेपानी-दिक्तेल सडक खण्डमा समतलन नापीको लागि ५० कि.मी. मोनुमेन्टेशन कार्य सम्पन्न भएको। |
| १०९ | सरकारी, सार्वजनिक, सामुदायिक तथा गुठी जग्गाको अभिलेख तयार गरी संरक्षण गरिनेछ। भू-सूचना संकलन, विश्लेषण र उपयोगको लागि सबै स्थानीय तहको भू-उपयोग नक्सा तथा डाटाबेस तयार गर्ने कार्य आगामी आर्थिक वर्ष भित्र सम्पन्न गरिनेछ। नापजाँच गर्न छुट भएका गाँउ ब्लक लगायत बाँकी जग्गाको कित्ता नापी कार्य आगामी आर्थिक वर्षमा सम्पन्न गरिनेछ। | • व्यक्तिको नाममा दर्ता हुन गएको सरकारी तथा सार्वजनिक जग्गा ५७ बिघा नेपाल सरकारको नाममा कायम गरिएको।<br>• सरकारी, सार्वजनिक र गुठी जग्गाको छानबिन गर्न गठित आयोगमा पर्न आएका उजुरीहरू छानबिन गरी ३९ बिघा १५ कठ्ठा १८.५ धुर जग्गा फिर्ता ल्याइएको, साथै २३ वटा प्रतिवेदन आयोग मार्फत मन्त्रालयमा पेश भएको।<br>• २ सय १४ हेक्टर गाउँब्लक नापी, ७ सय ५६ हेक्टर पुनः नापी तथा ७ हजार ७ सय ६८ हेक्टर विशेष नापी गरी कूल जम्मा ८ हजार ७ सय ३९ हेक्टर नापनक्सा सम्पन्न गरिएको।<br>• भूमि व्यवस्थापन तथा नापनक्सासम्बन्धी ४ सय २७ जनालाई लामो तथा छोटो अवधिको तालिम प्रदान गरिएको। |
| १११ | उत्पादनका साधनहरूको सामूहिकीकरण, स्थानीय स्रोतको परिचालन र आर्थिक, सामाजिक रूपान्तरणबाट सामाजिक न्याय सहितको द्रुत विकास गर्न सहकारी क्षेत्रलाई परिचालन गरिनेछ। सहकारी संघ संस्थालाई घरेलु तथा साना उद्यमको प्रवर्द्धन, कृषि उत्पादन, भण्डारण तथा प्रशोधन एवं गरिबी निवारण सम्बन्धी कार्यक्रममा प्रोत्साहित गरिनेछ। सहकारीको माध्यमबाट कृषि सामग्री, पुँजी, प्रविधि र बजारमा कृषकको | • ३ वटा नयाँ सहकारी बजार निर्माण सम्पन्न गरिएको।१२ वटा सहकारी संस्थालाई सामग्री तथा प्राविधिक सहयोग गरिएको।<br>• १० वटा सहकारी संस्थालाई पुँजीगत अनुदान प्रदान गरिएको।११ वटा सहकारी संस्थालाई क्षमता विकास तथा संस्थागत सुदृढीकरण अनुदान प्रदान गरिएको। |

| | | |
|---|---|---|
| | सहज पहुँच सुनिश्चित गरिनेछ। | |
| ११२ | सहकारी क्षेत्रको सिद्धान्त, मूल्य मान्यतासँग तादम्यता हुने गरी सहकारी अभियानलाई अघि बढाउन संस्थागत क्षमता वृद्धि, स्वनियमन र सुशासन प्रवर्द्धन गरिनेछ। | • ८ सय ८७ जनालाई सहकारीसम्बन्धी विभिन्न तालिम प्रदान गरिएको। |
| ११५ | बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थालाई एक अर्कामा गाभिन तथा नवीन प्रविधिको प्रयोग बढाउँदै नगद रहित कारोबार गर्न प्रेरित गरिनेछ। सहकारी प्रणालीमा जोखिम न्यूनीकरणका लागि सहकारी कर्जा सूचना केन्द्र स्थापना गरिनेछ। सहकारी बचत तथा कर्जा सुरक्षण गर्ने व्यवस्था मिलाइनेछ। | • सहकारी प्रवर्द्धन तथा कर्जा जोखिम न्यूनीकरणका लागि सहकारी प्रवर्द्धन कोष, स्थिरीकरण कोष, कर्जा सूचना केन्द्र र कर्जा संरक्षण कोष स्थापना गरिएको। |

## ७. चालु आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

- पहिलो पटक आफ्नै स्रोत, साधन तथा जनशक्ति प्रयोग गरी नेपालको गौरव विश्वको सर्वोच्च शिखर सगरमाथाको उचाई मापन कार्य सम्पन्न गरी उचाई घोषणा गरिएको।
- भूमि सम्बन्धी (अठारौं संशोधन) ऐन, २०७७ तथा भूमिसम्बन्धी (अठारौं संशोधन) नियमावली, २०७७, भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको पहिचान र प्रमाणिकरण आधार र मापदण्ड, २०७७ र गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम गणना निर्देशिका, २०७७ लागु भएको।
- सहकारी संस्थाको सघन अनुगमन कार्यविधि, साधारण सभा सञ्चालन कार्यविधि, २०७७, सहकारी संस्थाको स्थिरीकरण कोषसम्बन्धी कार्यविधि, २०७७, साझा सहकारी संस्था सञ्चालनसम्बन्धी कार्यविधि, २०७७, अन्तर सहकारी कारोबारसम्बन्धी कार्यविधि, २०७७, सहकारी संस्था एकीकरण कार्यविधि, २०७७, सहकारी प्रवर्द्धन कोषसम्बन्धी कार्यविधि,२०७७, गरिवी निवारण कोषद्वारा प्रवर्द्धित सामुदायिक संस्थालाई सहकारी संस्थाको रूपमा दर्ता तथा सञ्चालनसम्बन्धी कार्यविधि, २०७७ लागु भएको।

## ८. आर्थिक वर्ष २०७६/७७ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

- विगतमा नेपालको नक्सामा नसमेटिएका महाकाली नदी भन्दा पूर्वमा रहेका कुटी, नावी, गुन्जी लगायत लिपुलेक तथा लिम्पियाधुरा समेत समेटिएको नेपालको प्रशासनिक तथा राजनीतिक नक्सा प्रकाशन गरिएको।
- पहिलो पटक आफ्नै स्रोत, साधन तथा जनशक्ति प्रयोग गरी नेपालको गौरव विश्वको सर्वोच्च शिखर सगरमाथाको उचाई मापन कार्य सम्पन्न भएको।
- भूउपयोग ऐन, २०७६ लागु भएको। भूमिसम्बन्धी (आठौ संशोधन) ऐन लागु भएको।गरिबी निवारण नीति, २०७६ लागु भएको।

- व्यक्तिको नाममा दर्ता हुन गएको २ सय ८४ विगाहा ५ कट्ठा १५ धुर सरकारी जग्गा फिर्ता ल्याइ नेपाल सरकारको नाममा कायम गरिएको।
- भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या समाधान गर्न भूमिसम्बन्धी ऐन र नियमावलीमा संशोधन गरी भूमि सम्बन्धी समस्या समाधान आयोग गठन गरिएको।
- १ लाख ८५ हजार ४ सय ४३ जना महिलालाई घरजग्गा रजिष्ट्रेसन दस्तुरमा २५ प्रतिशत रकम रू.२ अर्ब ४१ करोड ९८ लाख ४४ हजार छुट दिइएको।
- १८ वटा भूमिसुधार तथा मालपोत कार्यालयहरूमा भू-सेवा केन्द्र कार्यान्वयनमा ल्याइएको। ३३ भूमिसुधार तथा मालपोत कार्यालयहरूमा आवश्यक तालिम प्रदान गरी LRIMS सेवा लागु गरिएको। ३ वटा मालपोत कार्यालयहरू (तेह्रथुम, नवलपरासी र राजापुर) को भवन निर्माण, ६ वटा भूमिसुधार तथा मालपोत कार्यालयहरूमा श्रेस्ता स्क्यानिङ्ग कार्य सम्पन्न गरिएको।
- २ सय ८१ हेक्टर गाउँब्लक नापी, ३ हजार ८ सय ९४ हेक्टर पुनः नापी, ९ हजार ९ सय २६ हेक्टर विशेष नापी गरी जम्मा १४ हजार १ सय २ हेक्टर नाप नक्सा सम्पन्न गरिएको।२० हजार वर्ग किलोमिटर क्षेत्रफलमा लाइडार (LiDAR) प्रविधिबाट नाप नक्साङ्कन कार्यका लागि ४६ वटा GNSS Control Station र ३ सय ९९ Check Points स्थापना गरिएको। लाइडार (LiDAR) प्रविधिबाट प्राप्त डाटा प्रशोधनका लागि प्रयोगशाला स्थापना गरिएको।१ सय ६३ स्थानीय तहहरू.को भूउपयोग नक्सा डाटा तयार गरिएको।
- सहकारी प्रवर्द्धन कोषको कार्यविधि, सहकारी संस्थाहरूको सुपरिवेक्षण तथा अनुगमन निर्देशिका, सहकारी संस्थाहरूको साधारण सभा सञ्चालन कार्यविधि तर्जुमा गरिएको।सहकारी संस्था एकीकरण कार्यविधि, अन्तर सहकारी कारोबार सञ्चालन सम्बन्धी कार्यविधिको मस्यौदा तयार भएको।
- आर्थिक वर्ष २०७६/७७ मा सहकारी मार्फत ४ हजार ९ सय जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेको।

## ९. आर्थिक वर्ष २०७६/७७ को खुद बजेट तथा खर्चको यथार्थ विवरण:

चालु (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३६०००११३ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | ३४६६८५ | २७४९०८ | ७९.३ |
| ३३६००१०१३ | गरिब घर परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम (गरिब लक्षित विशेष कार्यक्रम) | ५५१८२ | २६६९७ | ४८.३८ |
| ३३६००१०२३ | गरिबसँग विशेश्वर कार्यक्रम | २४५१२३ | २०४९३९ | ८३.६१ |
| ३३६००१०३३ | भूमिहीन, दलित, सुकुमबासी, अव्यवस्थित बसोबास पहिचान तथा व्यवस्थापन कार्यक्रम | १०९८७ | ४९३८ | ४४.९५ |
| ३३६०१०११३ | भूमि व्यवस्थापन तथा अभिलेख विभाग | ६९९२४ | ४४०५६ | ६३.०१ |
| ३३६०१०१२३ | भूमि सुधार तथा मालपोत कार्यालयहरू | १७३६३५२ | १४३१५३४ | ८२.४४ |
| ३३६०११०१३ | मालपोत अभिलेख सुरक्षा तथा सुदृढीकरण कार्यक्रम | १४२२०० | १०४१७७ | ७३.२६ |
| ३३६०२०११३ | नापी विभाग | ५९४१२ | ५५२३२ | ९२.९६ |
| ३३६०२०१२३ | नापी कार्यालयहरू | १४४२९६४ | १२५०३१६ | ८६.६५ |
| ३३६०२१०१३ | कित्ता नापी तथा नापी कार्यालय सुधार कार्यक्रम | २००६८६ | १३७२८० | ६८.४१ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३६०२१०२३ | स्थलरूप नापी तथा भू-उपयोग व्यवस्थापन कार्यक्रम | ६०२१११ | ५७२६८२ | ९५.११ |
| ३३६०२१०३३ | खगोल तथा भू-मापन कार्यक्रम | ७४१८८ | ६१३१० | ८२.६४ |
| ३३६०३०११३ | सहकारी विभाग | २७६०० | २३८५५ | ८६.४३ |
| ३३६०३०१२३ | सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र | ५००८४ | २८१८९ | ५६.२८ |
| ३३६०३१०१३ | सहकारी क्षेत्र सुदृढीकरण तथा प्रणाली सुधार कार्यक्रम | १२८४०० | ८३६४६ | ६५.१४ |
| ३३६०४०११३ | भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र | ८७६९६ | ७११६४ | ८१.१५ |
| ३३६३१०११३ | राष्ट्रिय सहकारी विकास बोर्ड | ६५५४२ | ५८०५४ | ८८.५८ |
| ३३६५१०११३ | गरिबी निवारण कोष | २३९८९ | १६१५३ | ६७.३३ |
| | कुल जम्मा | ५३६९१२५ | ४४४९१३० | ८२.८६ |

पुँजीगत (हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३६०००११४ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | २७०० | १८४० | ६८.१६ |
| ३३६००१०१४ | गरिब घर परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम (गरिब लक्षित विशेष कार्यक्रम) | १२४४० | ४९०८ | ३९.४६ |
| ३३६००१०२४ | गरिबसँग विशेश्वर कार्यक्रम | ३०० | ८० | २६.६७ |
| ३३६००१०३४ | भूमिहीन, दलित, सुकुमबासी, अव्यवस्थित बसोबास पहिचान तथा व्यवस्थापन कार्यक्रम | १००० | ९९७ | ९९.७ |
| ३३६०१०११४ | भूमि व्यवस्थापन तथा अभिलेख विभाग | ८४०० | ७९७ | ९.४८ |
| ३३६०१०१२४ | भूमि सुधार तथा मालपोत कार्यालयहरू | ५८७०० | ४३९९४ | ७४.९५ |
| ३३६०११०१४ | मालपोत अभिलेख सुरक्षा तथा सुदृढीकरण कार्यक्रम | ३९२२०० | १९६९५२ | ५०.२२ |
| ३३६०२०११४ | नापी विभाग | २०६०० | १२५५१ | ६०.९३ |
| ३३६०२०१२४ | नापी कार्यालयहरू | १४१२०० | १२४२५७ | ८८ |
| ३३६०२१०१४ | कित्ता नापी तथा नापी कार्यालय सुधार कार्यक्रम | ३५४३६८ | १७७५८७ | ५०.११ |
| ३३६०२१०२४ | स्थलरूप नापी तथा भू-उपयोग व्यवस्थापन कार्यक्रम | १०६६०० | १०१७३७ | ९५.४४ |
| ३३६०२१०३४ | खगोल तथा भू-मापन कार्यक्रम | २९००० | २३३५० | ८०.५२ |
| ३३६०३०१२४ | सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र | ५८०० | ३०८९ | ५३.२६ |
| ३३६०३१०१४ | सहकारी क्षेत्र सुदृढीकरण तथा प्रणाली सुधार कार्यक्रम | २०००० | १६९६० | ८४.८ |
| ३३६०४०११४ | भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र | २५८५० | २४१५९ | ९३.४६ |
| | कुल जम्मा | ११७९१५८ | ७३३२५८ | ६२.१८ |

## १०.आर्थिक वर्ष २०७७/७८ को खुद बजेट तथा फागुन मसान्तसम्मको खर्चको विवरण:

चालु (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३६०००११३ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | ३८१३२७ | १६६९८१ | ४३.७९ |
| ३३६००१०१३ | गरिब घर परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम (गरिब लक्षित विशेष कार्यक्रम) | १००३६२ | १९४८० | १९.४१ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३६००१०२३ | गरिबसँग विशेश्वर कार्यक्रम | २४५५०० | ६३७०८ | २५.९५ |
| ३३६००१०३३ | जग्गा प्रशासन सुदृढीकरण तथा अनौपचारिक भू-सम्बन्ध व्यवस्थापन कार्यक्रम | २५२५५० | २२७३८ | ९.०० |
| ३३६०१०११३ | भूमि व्यवस्थापन तथा अभिलेख विभाग | ११६००० | ३३१६५ | २८.५९ |
| ३३६०१०१२३ | भूमि सुधार तथा मालपोत कार्यालयहरू | १७७१३१५ | ८८६५९० | ५०.०५ |
| ३३६०११०१३ | मालपोत अभिलेख सुरक्षा तथा सुदृढीकरण कार्यक्रम | १६७८०० | ७६६४६ | ४५.६८ |
| ३३६०२०११३ | नापी विभाग | ६९५०० | ४०७११ | ५८.५८ |
| ३३६०२०१२३ | नापी कार्यालयहरू | १६२१५०० | ७८४६७४ | ४८.३९ |
| ३३६०२१०१३ | कित्ता नापी तथा नापी कार्यालय सुधार कार्यक्रम | १४०९०० | ५९०८२ | ४१.९३ |
| ३३६०२१०२३ | स्थलरूप नापी तथा भू-उपयोग व्यवस्थापन कार्यक्रम | १७७८०० | ९७९३२ | ५५.०८ |
| ३३६०२१०३३ | खगोल तथा भू-मापन कार्यक्रम | ५७३०० | २६००६ | ४५.३९ |
| ३३६०३०११३ | सहकारी विभाग | २७३०० | १५७३२ | ५७.६३ |
| ३३६०३०१२३ | सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र | ५१८०० | १६९८४ | ३२.७९ |
| ३३६०३१०१३ | सहकारी क्षेत्र सुदृढीकरण तथा प्रणाली सुधार कार्यक्रम | १५५१०० | ३५६९५ | २३.०१ |
| ३३६०४०११३ | भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र | १०४००० | २७३०६ | २६.२६ |
| ३३६३१०११३ | राष्ट्रिय सहकारी विकास बोर्ड | ५४४०० | २२७७९ | ४१.८७ |
| ३३६५१०११३ | गरिबी निवारण कोष | ४७८५० | ८५५९ | १७.८९ |
| | **कुल जम्मा** | **५५४२३०४** | **२४०४७६८** | **४३.३९** |

**पुँजीगत** **(रू.हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३६०००११४ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | ३००० | १८५७ | ६१.९० |
| ३३६००१०१४ | गरिब घर परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम (गरिब लक्षित विशेष कार्यक्रम) | १८६०० | ६२५१ | ३३.६१ |
| ३३६००१०३४ | जग्गा प्रशासन सुदृढीकरण तथा अनौपचारिक भू-सम्बन्ध व्यवस्थापन कार्यक्रम | ६०५०० | २७७९ | ४.५९ |
| ३३६०१०११४ | भूमि व्यवस्थापन तथा अभिलेख विभाग | ६४०० | ३०४८ | ४७.६३ |
| ३३६०१०१२४ | भूमि सुधार तथा मालपोत कार्यालयहरू | ५८७०० | २७९०८ | ४७.५४ |
| ३३६०११०१४ | मालपोत अभिलेख सुरक्षा तथा सुदृढीकरण कार्यक्रम | २५७१०० | ५३३४३ | २०.७५ |
| ३३६०२०११४ | नापी विभाग | ४६०० | ६७२ | १४.६१ |
| ३३६०२०१२४ | नापी कार्यालयहरू | ७२८५९ | २७६०३ | ३७.८९ |
| ३३६०२१०१४ | कित्ता नापी तथा नापी कार्यालय सुधार कार्यक्रम | ३७१५४५ | १२०२२९ | ३२.३६ |
| ३३६०२१०२४ | स्थलरूप नापी तथा भू-उपयोग व्यवस्थापन कार्यक्रम | १६०५२०९ | ५१३७४ | ३.२० |
| ३३६०२१०३४ | खगोल तथा भू-मापन कार्यक्रम | ६२०८७ | ३२९७९ | ५३.१२ |
| ३३६०३०१२४ | सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र | ५२०० | १६२८ | ३१.३१ |
| ३३६०३१०१४ | सहकारी क्षेत्र सुदृढीकरण तथा प्रणाली सुधार कार्यक्रम | १६२०० | १९०५ | ११.७६ |
| ३३६०४०११४ | भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र | १४४०० | ७४८० | ५१.९५ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३६५१०११४ | गरिबी निवारण कोष | ५००० | ० | ०.०० |
| | **कुल जम्मा** | **२५६१४००** | **३३९०५८** | **१३.२४** |

◆◆◆

# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

## १. पृष्ठभूमिः

देशको आर्थिक तथा सामाजिक क्षेत्रको विकासमा टेवा पुऱ्याउन विविध भौगोलिक क्षेत्र तथा आर्थिक क्षेत्रहरूलाई आर्थिक विकासका पूर्वाधार, स्थल, जल तथा रेलसँग आबद्ध गर्दै राष्ट्रिय यातायात प्रणालीको समुचित विकासगरी देशका ग्रामीण क्षेत्रलाई बजारसँग आबद्ध गरी आर्थिक क्रियाकलापको अभिवृद्धि गर्ने र देशभित्र सञ्चालन हुने पर्यटन, कृषि, विद्युत आदि विभिन्न आर्थिक क्षेत्रसँग सम्बन्धित विविध क्रियाकलाप र आयोजनाहरूमा टेवा पुऱ्याउने कार्यमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय प्रयासरत रहेको छ।

## २. दीर्घकालीन सोचः

राष्ट्रिय एकता, आर्थिक सामाजिक विकास, गरिबी निवारण र दिगो शान्तिको लागि भौतिक पूर्वाधार विकास गर्ने।

## ३. उद्देश्यः

यातायात पूर्वाधारको विकास गरी राष्ट्रिय रणनीतिक यातायात सञ्जाल मार्फत देशका विभिन्न भौगोलिक तथा आर्थिक क्षेत्रहरूलाई एक अर्कासँग आबद्ध गरी मुलुकको आर्थिक एवं सामाजिक विकास अभिवृद्धि गर्नुका साथै देशका ग्रामीण क्षेत्रहरूलाई स्थानीय बजारहरूसँग आबद्ध गरी पर्यटन, कृषि, विद्युत, उद्योग लगायत विभिन्न आर्थिक क्षेत्रसँग सम्बन्धित क्रियाकलाप एवं आयोजनाहरूलाई टेवा पुऱ्याउने।

## ४. रणनीतिः

- देशका विभिन्न भौगोलिक तथा आर्थिक क्षेत्रहरूलाई परिपूरक हुने गरी विभिन्न मार्गहरूलाई एक अर्कोसँग आबद्ध गरी आर्थिक तथा सामाजिक क्षेत्रको विकासमा टेवा पुऱ्याउन सडक, पुल, मूल बाटाहरू र जलमार्गहरूको समष्टिगत विकास, विस्तार, प्रवर्द्धन गरी राष्ट्रिय यातायात प्रणालीको विकास गर्ने,
- देशका ग्रामीण क्षेत्रका गाउँहरूलाई बजारसँग आबद्ध गर्नुका साथै पर्यटन, कृषि, विद्युत आदि विभिन्न आर्थिक क्षेत्रसँग सम्बन्धित राष्ट्रिय महत्त्वका र अन्य आर्थिक क्षेत्रको विविध क्रियाकलाप एवं आयोजनाहरूमा टेवा पुऱ्याई सन्तुलन कायम गर्ने,
- स्थल, जल तथा रेल्वे निर्माण र विकाससम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने,
- सडक (घोडेटो बाटो बाहेक) तथा पुल (झोलुङ्गे पुल बाहेक) निर्माण, मर्मत सम्भार एवं संरक्षणसम्बन्धी काम गर्ने,
- विभिन्न स्थलमार्ग, रेलमार्ग एवं जलमार्गहरूको निर्माण र इन्जिनियरिङ्ग कल्सल्टेन्सी विषयक संस्थान तथा सङ्गठनहरू सम्बन्धी कार्य गर्ने,
- भौतिक योजना क्षेत्रका अन्तर्राष्ट्रिय वा क्षेत्रीय संघ संस्थासँग सम्पर्क र सहयोगसम्बन्धी कार्य गर्ने।

## ५. कार्यक्षेत्रः

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायअनुसार रहेका छन् :

- राष्ट्रिय यातायात विकास र व्यवस्थापनसम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन,
- राष्ट्रिय यातायात पुर्वाधार सञ्चालन र अन्तरप्रादेशिक यातायात विकासको अन्तरसम्बन्ध,
- वातावरण, अपाङ्गगता र लैङ्गिकमैत्री तथा विपद जोखिम संवेदनशील यातायात प्रविधिको प्रवर्धन
- राष्ट्रिय रेलमार्ग, शहरी मेट्रो रेललगायत रेल प्रणाली, रेल सुरक्षा प्रणालीसम्बन्धी नीति, कानुन र मापदण्ड,
- राष्ट्रिय तथा अन्तरदेशीय रेल सेवा सञ्चालन,
- रेलसेवा भाडादर तथा महसुल निर्धारणको मापदण्ड र नियमन,
- राष्ट्रिय लोकमार्गसम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन ,
- राष्ट्रिय लोकमार्ग अन्तर्गतका आयोजन पहिचान, अध्ययन, निर्माण, मर्मतसम्भार, महसुल र व्यवस्थापन,
- राष्ट्रिय लोकमार्गमा फ्रन्टल एक्सेस नियन्त्रण, शाखा सडकको पहुच बिन्दु र सडक सीमाक्षेत्रको व्यवस्थापन र नियमन,
- राष्ट्रिय लोकमार्गसम्बन्धी तथ्याङक संकलन, अभिलेखीकरण र सूचना प्रवाह,
- सडक प्रबिधिको विकाससम्बन्धी अध्ययन र अनुसन्धान,
- सडक तथा अन्य वैकल्पिक यातायात प्रविधि, लगानी र अन्तर्देशीय यात्रुवाहक यातायात सेवा सञ्चालन,
- राष्ट्रिय लोकमार्गमा सञ्चालन हुने सार्वजनिक यातायातको रूट अनुमति, भाडा निर्धारण र नियमन,
- सवारी साधनहरूको राष्ट्रिय मापदण्ड निर्धारण, नियन्त्रण तथा विस्थापन,
- सडक सुरक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, समन्वय र नियमन,
- जलमार्गलगायत वैकल्पिक यातायातसम्बन्धी नीति कानुन र मापदण्ड,
- राष्ट्रिय महत्त्वका वैकल्पिक यातायातका आयोजना पहिचान, अध्ययन र विकास,
- आधारभूत यातायात नीति र मापदण्ड,
- मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय ,
- मन्त्रालयसम्बन्धी सार्बजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,
- नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल इन्जिनियरिङ्ग समूहको हाइवे र रेलवे उपसमूहको सञ्चालन।

## ६. चालु आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्यमा उल्लिखित नीति र कार्यक्रमका बुँदाहरूको फागुन मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| २२६ | विकासको पूर्वाधारको रूपमा रहेको सडक सञ्जाललाई विस्तार गरी सहज आवागमन, आन्तरिक आर्थिक गतिविधि विस्तार, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय व्यापार | • नेपाल सरकार मन्त्रिपरिषद्द्वारा आ.व.२०७६/७७ मा कायम गरिएका ८० राष्ट्रिय राजमार्गहरू (कुल लम्वाई १४ हजार ९ सय १३ कि.मी.) को प्राथमिकता एवं आवश्यकताका आधारमा स्तरोन्नति |

| बुँदा नं | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | सहजीकरण गर्न सुविधायुक्त र सुरक्षित सडक पूर्वाधार निर्माणमा जोड दिइनेछ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आबद्धता बढाउन हरेक प्रदेशमा कम्तीमा दुई राष्ट्रिय राजमार्ग पुग्ने गरी सडक निर्माण अघि बढाइनेछ। रणनीतिक महत्त्वका निर्माणाधीन सडक छिटो सम्पन्न गर्ने गरी निर्माण कार्यलाई तीव्रता दिइनेछ। | एवं निर्माण कार्य हुँदै गरेको। उक्त राष्ट्रिय राजमार्ग सम्पन्न भए पश्चात हरेक प्रदेशमा कम्तीमा दुई राष्ट्रिय राजमार्ग पुग्ने। |
| २२७ | पूर्व-पश्चिम राजमार्गलाई आगामी ३ वर्ष भित्र एसियाली राजमार्ग मापदण्ड अनुरूपको डेडिकेटेड चार लेनको सुरक्षित द्रुत सडकको रूपमा स्तरोन्नति गर्ने गरी आगामी आर्थिक वर्षमा निर्माण कार्य अघि बढाइनेछ। पूर्व-पश्चिम राजमार्ग विस्तार गरिनेछ। | • पूर्व-पश्चिम राजमार्ग अन्तर्गत नारायणघाट-बुटवल खण्डमा ८ कि.मी. Embankment तयार भएको साथै ११ वटा पुलको Foundation तयार भएको। कमला-कञ्चनपुर खण्ड ८७ कि.मी. मध्ये २५ कि.मी. सडकको निर्माण सर्वेक्षण सम्पन्न भएको। |
| २२८ | मध्यपहाडी क्षेत्रको जनजीवन र आर्थिक गतिविधिमा उल्लेखनीय परिवर्तन ल्याएको निर्माणाधीन पुष्पलाल राजमार्गको बाँकी निर्माण कार्य आगामी तीन वर्षमा सम्पन्न गर्ने गरिनेछ। | • मध्यपहाडी राजमार्गको १ हजार ८ सय ७९ कि.मी. मध्ये ५६ कि.मी. सडक दुई लेनको कालोपत्रे स्तरमा निर्माण सम्पन्न सहित हालसम्म ९७० कि.मी. सडक निर्माण सम्पन्न भएको। |
| २२९ | लामो समय देखि अधुरो रहेको तराइका जिल्ला जोड्ने हुलाकी राजमार्ग आगामी तीन वर्ष भित्र निर्माण सम्पन्न गर्ने गरी बजेट विनियोजन गरिएको छ। निर्माणाधीन मदन भण्डारी राजमार्ग आगामी पाँच वर्ष भित्र सम्पन्न गरिनेछ। | <u>हुलाकी राजमार्ग :</u><br>• १४६ कि.मी. सडक दुई लेनको कालोपत्रे स्तरमा निर्माण सम्पन्न भएको र ४ वटा पुल निर्माण सम्पन्न भएको।<br><u>मदन भण्डारी राजमार्ग:</u><br>• धरान-हेटौंडा खण्ड र लोहारपानी-घोराही-तुलसीपुर-पुरन्धारा-बोटेचौर खण्डमा ४४ कि.मी. सडक कालोपत्रे सम्पन्न भएको।<br>• विभिन्न खण्ड मध्ये १ सय कि.मी. को विस्तृत परियोजना प्रतिवेदन तयारी कार्य ४३ प्रतिशत सम्पन्न भएको।<br>• धरान-झापा, रिडी-बलकोट, बोटेचौर-सुर्खेत र जोगबुढा-रुपाल खण्डको ठेक्का पट्टा व्यवस्थापनको १० प्रतिशत कार्य सम्पन्न भएको। |

| बुँदा नं | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
| --- | --- | --- |
| २३० | उत्तरी र दक्षिणी सीमा जोड्ने सडकको रणनीतिक महत्त्वलाई दृष्टिगत गरी क्रमशः डेडिकेटेड डवल लेनमा निर्माण र स्तरोन्नति गरिनेछ। मेची, तमोर, कोशी, तामाकोसी, त्रिशूली, कालीगण्डकी, भेरी, कर्णाली र महाकाली कोरिडोर आयोजना तथा राजमार्गको निर्माण एवम् स्तरोन्नतिका कामलाई निरन्तरता दिइनेछ। | • कालीगण्डकी करीडोरको बेनी जोमसोम कोरला खण्डमा ३७ कि.मी. ग्राभेल सडक तथा १ वटा पुल निर्माण सम्पन्न भएको र गैडाकोट-राम्दी-मालढुङ्गा खण्डमा १५ कि.मी. कालोपत्रे सडक निर्माण, ३१ कि.मी. ग्राभेल सडक तथा २ वटा पुल निर्माण सम्पन्न भएको।<br>• कोशी कोरिडोरको (धनकुटा-लेगुवाघाट-खाँदबारी-किमाथाङ्का सडक)को २ वटा पुल निर्माण सम्पन्न भएको।<br>• गल्छी त्रिशूली बेत्रावती-मैलुङ्, गल्छी-त्रिशूली-मैलुङ सडक खण्डमा ८ कि.मी. सडक कालोपत्रे स्तरमा स्तरोन्नति भएको।<br>• तमोर कोरिडोर (२५४ कि.मी.)मा २० कि.मी. ट्र्याक खोल्ने र ट्र्याक खोलिसकेको खण्डमा २९ कि.मी. ग्राभेल स्तरमा स्तरोन्नति गर्ने कार्य भएको। |
| २३१ | बि.पि. राजमार्ग, मिर्चैया-कटारी-घुर्मी-सल्लेरी सडक, राप्ती राजमार्ग, कर्णाली राजमार्गको सुर्खेत-जुम्ला खण्ड, सुर्खेत-दैलेख-नागमा-गमगढी-नाक्चेनाग्ला, घोराही-थवाङ-मुसिकोट शहीद मार्ग र डुम्रे-बेसीशहर-चामे सडक सुधार तथा स्तरोन्नतिका लागि आवश्यक रकम विनियोजन गरिएको छ। पोखरा-रिडी, मालढुङ्गा-बेनी, खुटिया-दिपायल-चैनपुर-उरै र गमगढी-रारा सडकको निर्माण कार्य अगाडि बढाइनेछ। | • बि.पि. राजमार्गमा हालसम्म १० कि.मी. सडक मर्मत (ओभरले तथा सर्फेस ड्रेसिङ्ग) सम्पन्न भएको।<br>• सुर्खेत-दैलेख-नागमा-गमगढी-नाक्चेलाग्ना सडकमा ४० कि.मी. ग्राभेल सडक निर्माण र १५ कि.मी. सडक चौडा गर्ने कार्य सम्पन्न भएको।<br>• घोराही-थवाङ-मुसिकोट (शहीद मार्ग) अन्तर्गत १२ कि.मी. सडक चौडा गर्ने कार्य भएको।<br>• डुम्रे-बेसीशहर-चामे सडक अन्तर्गत २.५ कि.मी. सडक चौडा गर्ने कार्य सम्पन्न भएको।<br>• खुटिया-दिपायल-चैनपुर-उरै सडक अन्तर्गत ९ कि.मी. ट्र्याक निर्माण सम्पन्न भएको। |
| २३२ | आगामी आर्थिक वर्ष नेपालका सबै जिल्ला सदरमुकाम सडक सञ्जालमा जोड्न कर्णाली कोरिडोरको निर्माण कार्यलाई तीव्रता दिई हुम्ला सदरमुकामसम्म सडक पुऱ्याउन तथा सबै प्रदेशको राजधानी जोड्ने सडकलाई सम्भाव्यताको आधारमा चौडा बनाउने कार्यक्रम अन्तर्गत मुग्लिन-पोखरा, | • कर्णाली कोरिडोरको सल्लिसल्ला सिमकोट ५१ कि.मी. खण्डको २.८ कि.मी. ट्र्याक निर्माण सम्पन्न भई कुल ३८.८ कि.मी. ट्र्याक निर्माण भएको। खुलालु सल्लीसल्ला खण्ड(१२२.७५ कि.मी)को २.५ कि.मी. ट्र्याक निर्माण भई कुल १ सय १९ कि.मी. ट्र्याक निर्माण भएको। |

| बुँदा नं | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | कोहलपुर-सुर्खेत र सिद्धार्थ राजमार्गलाई स्तरोन्नति गरिनेछ। | |
| २३३ | प्रत्येक निर्वाचन क्षेत्रका एक भन्दा बढी स्थानीय तह जोड्ने निर्वाचन क्षेत्र रणनीतिक सडक कार्यक्रम कार्यान्वयन गरिनेछ। | • निर्वाचन क्षेत्र रणनीतिक सडक कार्यक्रम सञ्चालन मापदण्ड, २०७७ स्वीकृत भई सो अनुसारका १ सय ६५ सडक छनौट गरि ठेक्का व्यवस्थापनको कार्य हुँदै गरेको। |
| २३४ | तराई मधेश समृद्धिसँग जोडिएको सडक पूर्वाधार विशेष कार्यक्रमका लागि बजेट विनियोजन गरिएको छ। धार्मिक र पर्यटकीय दृष्टिले महत्त्वपूर्ण ठाउँहरू देवघाट, चतरा र रामायण सर्किट अन्तर्गत निर्माणाधीन सडकलाई निरन्तरता दिइएको छ। | • तराइ मधेश पूर्वाधार विशेष कार्यक्रम अन्तर्गत १६६ कि.मी. कालोपत्रे सडक निर्माण भएको। |
| २३५ | दक्षिण सीमाका प्रमुख व्यापारिक नाकाहरू र पूर्व-पश्चिम राजमार्ग जोड्ने सडकलाई औद्योगिक कोरिडोर तथा व्यापारिक मार्गको रूपमा स्तरोन्नति गरिनेछ। सूर्य विनायक-धुलिखेल खण्डको स्तरोन्नति गर्न र कान्ति राजपथ निर्माणको काम पूरा गरिनेछ। | • रानी-विराटनगर-इटहरी खण्डमा ९ कि.मी., जटही-जनकपुर-ढल्केवर खण्डमा २.७ कि.मी., वीरगञ्ज-पथलैया खण्डमा ७.७५ कि.मी.,, बुटवल-बेलहिया खण्डमा ०.३५ कि.मी. र मोहना अत्तरिया खण्डमा ६.७५ कि.मी. कालोपत्रे गर्ने कार्य सम्पन्न भएको।<br>• कान्ति राजपथ अन्तर्गत २.२ कि.मी. सडक कालोपत्रे गर्ने कार्य सम्पन्न भएको। |
| २३७ | नौबीसे सडक खण्डको नागढुङ्गामा सुरुङ्ग मार्ग निर्माण अघि बढाइनेछ। सिद्धार्थ राजमार्गको बुटवल-पाल्पा सडकको सिद्धबाबा खण्डमा सुरुङ्ग मार्ग निर्माण शुरु गरिनेछ। खुर्कोट-चियाबारी, वि.पि.नगर-खुटिया-दिपायल, गणेशमान सिंह मार्गको थानकोट-चित्लाङ खण्ड र लामावगर-लाप्चे सडक खण्ड, प्रदेश सरकारसँगको सहकार्यमा कुलेखानी-भिमफेदी सडक खण्डमा सुरुङ्ग मार्ग निर्माणको विस्तृत सम्भाव्यता अध्ययन सम्पन्न गरी निर्माण कार्य अगाडि बढाइनेछ। काठमाडौं-नुवाकोट-रसुवा सडकको टोखा-छहरे खण्ड र वेत्रावती-स्याफ्रुवेसी खण्डमा | • नौविसे नागढुंगा खण्डको सुरुङ्गमार्गमा ०.८ कि.मी. पहुँच सडक र ०.२६ कि.मी. सुरुङ्ग ट्र्याक निर्माण कार्य सम्पन्न भएको।<br>• सिद्वार्थ राजमार्गको बुटवल-पाल्पा सडकको सिद्धबाबा खण्डमा सुरुङ्ग निर्माण गर्न Engineering, Procurement and Construction (EPC) मोडेलको Pre-qualification document तयार गरी स्वीकृतिको लागि पेश गरिएको।<br>• धरान-लेउती सुरुङ्ग मार्गको सम्भाव्यता अध्ययन कार्यको आशय पत्र मूल्याङ्कन प्रक्रियामा रहेको।<br>• वि.पी.नगर-खुटिया-दिपायल खण्ड तथा गोदावरी कुण्ड काभ्रे मानेचौर जोडने सुरुङ्ग मार्गको परामर्श दाता छनौट गरी सम्झौता भएको। |

| बुँदा नं | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | सुरुङ्ग निर्माणको लागि सम्भाव्यता अध्ययन पुरा गरी निर्माणको कार्य प्रारम्भ गरिनेछ। सुरुङ्ग मार्ग आयोजनाको लागि बजेट विनियोजन गरिएको छ। | |
| २३८ | काठमाडौंको तिनकुने-कोटेश्वर-जडीबुटी खण्डमा संभाव्यता अध्ययन पूरा गरी फ्लाई ओभर तथा सुरुङ्ग मार्ग निर्माण प्रारम्भ गर्न तथा नयाँ बानेश्वरमा अन्डरपास र त्रिपुरेश्वर देखि माइतीघरसम्म सवारी सहज गर्न उपयुक्त विकल्प पहिचान गरी निर्माण कार्य शुरू गर्न बजेट विनियोजन गरिएको छ। | • तिनकुने-कोटेश्वर-जडीबुटी खण्डमा अण्डर-पास वा फ्लाई-ओभर निर्माण गर्ने विषयमा Japan International Cooperation Agency (JICA) द्वारा अध्ययन कार्य हुँदै गरेको। |
| २३९ | निर्माण सम्पन्न भई सञ्चालनमा रहेका सडक सम्पत्तिको आवश्यक मर्मत सम्भार तथा स्तरोन्नति गरी सडक यातायातलाई आरामदायी र सुरक्षित बनाउन सडक बोर्ड मार्फत कार्यान्वयन हुने समेत गरी बजेट विनियोजन गरिएको छ। | • करिब ७ हजार १ सय ८७ कि.मी. सडकको नियमित तथा पटके मर्मत सम्भारको निरन्तरता र ७ सय २९ कि.मी. सडकको आवधिक मर्मत गर्ने लक्ष्य रहेकोमा ७ हजार १ सय ८७ कि.मी. सडकको नियमित र पटके मर्मत तथा १ सय ८७ कि.मी. सडकको आवधिक मर्मत कार्य सम्पन्न भएको। |
| २४० | महाकाली नदीमा चार लेनको मोटरेबल पुल निर्माण सम्पन्न गर्न बजेट विनियोजन गरिएको छ। पर्यटकीय दृष्टिले सम्भाव्य स्थल, महत्त्वपूर्ण स्थानहरू आसपास राजमार्गमा १० वटा विशेष प्रकारका पुल सहित थप २ सय ५० पुल निर्माण शुरू गर्न, निर्माणाधीन ३ सय पुलहरू सम्पन्न गर्न र १ हजार ३ सय स्थानीय पुल निर्माण गर्न बजेट विनियोजन गरिएको छ। | • महाकाली पुलको ४ वटा सुपर स्ट्रक्चर, २ सय मिटर सुपरस्ट्रक्चर र २ कि.मी. पहुँच मार्ग निर्माण सम्पन्न भएको।<br>• रतुवा र गछिया २ वटा पुलहरूको डिजाइन एसियाली विकास बैंकबाट र तिनाउ नदीको पूलको डिजाइन स्थानीय सडक कार्यक्रम (LRBP) अन्तर्गत भइरहेको।<br>• रणनीतिक, प्रदेश तथा स्थानीय तहको कार्यक्षेत्र भित्र परेका निर्माणाधीन पुलहरू मध्ये १ सय २९ ओटा पूल निर्माण कार्य सम्पन्न भएको। |
| २४१ | स्थल यातायातको भरपर्दो र सस्तो साधनको रूपमा रेल्वे सेवा सञ्चालन गर्न पूर्व-पश्चिम विद्युतीय रेलमार्गको बाँकी खण्डको सम्भाव्यता अध्ययन सम्पन्न गरी काकडभिट्टा-इनरुवा खण्डको निर्माण आरम्भ गर्न, रसुवागढी-काठमाडौं र | • मेची-महाकाली विद्युतीय रेलमार्ग को निकुञ्ज क्षेत्रमा पर्ने निजगढ-हेटौडा-भरतपुर खण्ड (१ सय ३६ कि.मी.) को वैकल्पिक रुटको विस्तृत सम्भाव्यता अध्ययन कार्य शुरु भएको।<br>• निजगढ बर्दिवास ७० कि.मी. खण्ड र १८ वटा पुल मध्ये ८ कि.मी. ट्राकबेड तथा ८ वटा पुलहरुको |

| बुँदा नं | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | वीरगञ्ज-काठमाडौं रेलमार्गको विस्तृत सम्भाव्यता अध्ययन कार्य सम्पन्न गर्न, दक्षिणी सीमा नाकाबाट पूर्व-पश्चिम विद्युतीय रेलमार्गको इटहरी, निजगढ, बुटवल र कोहलपुर जोड्ने रेलवे लाइनको निर्माण गर्न, जयनगर-जनकपुर-बिजलपुरा खण्डमा रेल सेवा सञ्चालन गर्न र बर्दिवास-निजगढ खण्डको निर्माण कार्य सम्पन्न गर्न बजेट विनियोजन गरिएको छ। | फाउण्डेशनको कार्य सम्पन्न भएको।<br>• रसुवागढी-काठमाण्डौ रेलमार्गको विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने कार्यको लागि चीन सरकारसँग सहमति भई कार्य शुरु हुने चरणमा रहेको।<br>• वीरगञ्ज काठमाडौं रेलमार्गको विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने कार्यको लागि भारत सरकारसँग समझदारी पत्रको प्रक्रियामा रहेको।<br>• जयनगर-जनकपुर-बर्दिवास ७० कि.मी. रेलमार्ग मध्ये ५६ कि.मी. रेलमार्गको निर्माण सम्पन्न भएको र जयनगर जनकपुर कुर्था खण्डमा रेलमार्ग सञ्चालन गर्ने कार्यको तयारी हुँदै गरेको। |
| २४२ | शहरी क्षेत्रको ट्राफिक चापलाई व्यवस्थापन गर्न र यात्रुलाई सुरक्षित एवं सुविधायुक्त सेवा प्रदान गर्न ठूला क्षमताका विद्युतीय सार्वजनिक सवारी साधन सञ्चालनलाई प्रोत्साहित गरिनेछ। सार्वजनिक यातायातलाई व्यवस्थित रूपमा सञ्चालन गर्न सार्वजनिक यातायात प्राधिकरण स्थापना गरिनेछ। | • सार्वजनिक यातायातमा सञ्चालन हुने गरी नेपालमा आयात गरिएका विद्युतीय सवारीको सडक सक्षमता परीक्षण गरी दर्ता गर्न प्राथमिकता दिइएको।<br>• काठमाडौं उपत्यकामा नगदरहित भुक्तानी प्रणाली र वास्तविक समयमा आधारित सूचना प्रणालीसहितको यात्रुमैत्री पूर्वाधारयुक्त एकीकृत र गुणस्तरीय सार्वजनिक यातायात सेवा विकास गर्न काठमाडौं उपत्यका सार्वजनिक यातायात पूर्वाधार निर्माण विकास समिति गठन भई समितिले कार्य प्रारम्भ गरेको। |
| २४३ | विद्युतीय माध्यमबाट सवारी चालक अनुमति पत्र जारी गर्ने व्यवस्था मिलाइनेछ। आधुनिक प्रविधिको प्रयोग गरी सवारी साधन अवस्थिति अनुगमन गरिनेछ। सवारी साधनको दर्ता प्रणालीलाई अन्तर्राष्ट्रिय स्तरको बनाउन इम्बोष्ड नम्बर प्लेट वितरण गरिनेछ। | • सवारी चालक अनुमतिपत्रको लागि अनलाइन निवेदन प्रणाली लागू गरिएको।<br>• २ लाख ७४ हजार ३ सय ९२ वटा स्मार्ट सवारी चालक अनुमति पत्र प्रिन्ट गरी वितरणको लागि सम्बन्धित कार्यालयमा पठाइएको।<br>• सवारी अनुगमन लाई व्यवस्थित बनाउन यातायात व्यवस्था विभागमा ट्राफिक प्रहरी सहितको डेडिकेटेड युनिट परिचालन गरिएको।<br>• GPS Vehicle Tracking System जडानका निम्ति परामर्शदाता छनौट भई प्रणाली विकास भइरहेको, परामर्शदाताबाट प्रारम्भिक प्रतिवेदन प्राप्त भएको, गति सीमितता अध्ययन कार्यका लागि परामर्शदाता छनौट प्रक्रियामा रहेको। |

| बुँदा नं | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | • ७ हजार ६ सय ९४ वटा सवारी साधनमा इम्बोष्ड नम्बर प्लेट जडान गरिएको। |
| २४५ | आन्तरिक जल यातायात पूर्वाधार विकास गर्न कोशीको चतरा देखि तुम्लिङ्गटार, नारायणीको त्रिवेणी देखि देवघाट हुँदै राम्दी र कर्णालीको खक्रौलादेखि खिमडीसम्म जल यातायात सञ्चालनको सम्भाव्यता अध्ययन कार्य सम्पन्न गरिनेछ। नेपालको आफ्नै ध्वजावाहक पानीजहाज भारतको आन्तरिक जलमार्गबाट समुद्रसम्म जानसक्ने गरी सञ्चालन गर्न पूर्वाधार निर्माण तथा कानुनी व्यवस्था गरिनेछ। | • कर्णाली नदी (खिमडी-खक्रोला), नारायणी नदी (देवघाट-गण्डक), काली गण्डकी नदी (राम्दी-देवघाट) र कोशी नदी (चतरा–तुम्लिङ्गटार) को जल मार्ग विस्तृत सम्भाव्यता अध्ययन कार्य शुरु भएको।<br>• नेपाल पानी जहाज (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०७७ को मस्यौदा मन्त्रिपरिषद्मा पेश भएको।<br>• समुन्द्रमा पानी जहाज सञ्चालन गर्नका लागि आवश्यक विभिन्न महासन्धिहरू अनुमोदनको लागि प्रक्रिया अगाडि बढाइएको। |

## ७. चालु आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

- ५ सय ५० कि.मी. थप सडक कालोपत्रे स्तरमा स्तरोन्नति, २ सय ८४ कि.मी. नयाँ ट्र्याक निर्माण र ५ सय ४ कि.मी. सडक खण्डास्मित स्तरमा स्तरोन्नति भएको।
- स्थानीय सडक पुल अन्तर्गत ८६ वटा र रणनीतिक महत्त्वका सडकहरू अन्तर्गत ४३ पुलहरू गरी जम्मा १ सय २९ वटा पुलको निर्माण कार्य सम्पन्न भएको।
- चितवनको आँपटारी र महोत्तरीको बर्दिवास तौल पुल निर्माण सम्पन्न भई सञ्चालनमा आएको।
- अनलाइन टिकट खरिद-विक्रीसम्बन्धी निर्देशिका, २०७७ जारी गरी मध्यम तथा लामोदुरीमा सञ्चालित यात्रुवाहक सार्वजनिक यातायात सेवामा लागु गरिएको।
- कोभिड-१९ प्रकोपको अवधिभर सार्वजनिक यातायात सञ्चालन निर्देशिका, २०७७ जारी गरी लागू गरिएको।

## ८. आर्थिक वर्ष २०७६/७७ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

- ७ सय २९ कि.मी. थप सडक कालोपत्रे स्तरमा स्तरोन्नति, ३ सय ६५ कि.मी. नयाँ ट्र्याक निर्माण, ७ सय ५७ कि.मी. सडक खण्डास्मित स्तरमा स्तरोन्नति भएको।
- ३ सय वटा पुल निर्माण गर्ने लक्ष्य रहेकोमा स्थानीय सडक पुल अन्तर्गत १ सय ३१ वटा र रणनीतिक महत्त्वका सडकहरू अन्तर्गत १ सय ११ पुलहरू गरी जम्मा २ सय १० वटा पुल निर्माण सम्पन्न भएको।
- करिब ७ हजार २ सय कि.मी. सडकको नियमित तथा पटके मर्मत सम्भारको निरन्तरता र ५ सय २४ कि.मी. आवधिक मर्मत गर्ने लक्ष्य रहेकोमा ७ हजार २ सय कि.मी. सडकको नियमित र पटके तथा ३ सय ६० कि.मी. सडकको आवधिक मर्मत सम्पन्न भएको।

- बर्दिवास-निजगढ खण्डको रेल मार्गको ३२.५० कि.मी. क्षेत्रमा ट्र्याक बेड निर्माण सम्पन्न भएको।
- मेची-महाकाली विद्युतीय रेलमार्ग (लिङ्क समेत गरि १ हजार ५६ कि.मी.) को डि. पि. आर. सम्पन्न भएको।
- सार्वजनिक सवारी साधनहरूमा GPS Vehicle Tracking System कार्यान्वयनको लागि विश्व बैंकबाट सहमति प्राप्त गरी बोलपत्र आह्वान गरिएको।
- सबै प्रदेश राजधानीमा सवारी साधनको फिटनेस परीक्षण केन्द्र (VFTC) स्थापना गर्ने सोचअनुरूप यस आर्थिक वर्षमा सवारी परीक्षण कार्यालय, बुटवल र हेटौंडामा स्थापना भई कार्य सञ्चालनमा आएको।
- सङ्घीय सवारी तथा यातायात व्यवस्था ऐनको मस्यौदा तयार भएको।
- सरकारी स्तरबाट सवारी साधनको भार नियन्त्रण र सडक सुरक्षाका लागि चितवनको आँपटारीमा तौलपूल निर्माण शुरु भएको।

## ९. आर्थिक वर्ष २०७६/७७ को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३७०००११३ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | ८६२१८ | ७३३५५ | ८५.०८ |
| ३३७०००१२३ | नेपाल पानीजहाज कार्यालय | २०९०० | १०३४८ | ४९.५१ |
| ३३७००१०१३ | काठमाडौं-तराई मधेश फाष्ट ट्र्याक | १५२९३० | १२१२११ | ७९.२६ |
| ३३७००१०२३ | जल मार्ग | ५४०० | २२८३ | ४२.२९ |
| ३३७००१०१३ | सडक विभाग | ६९०२०५ | १९७१८९ | २८.५७ |
| ३३७०१०१२३ | डिभिजन सडक कार्यालयहरू | ६०४३९४ | ४२७७६० | ७०.७८ |
| ३३७०१०१३३ | हेभी इक्विप्मेन्ट डिभिजनहरू | ४२१०७१ | ३६०६४७ | ८५.६५ |
| ३३७०१०१४३ | मेकानिकल तालिम | २१५०९ | १६९७५ | ७८.९२ |
| ३३७०१०१५३ | गुणस्तर अनुसन्धान तथा विकास केन्द्र | २६०५३ | २४८८० | ९५.४९ |
| ३३७०११०१३ | सगरमाथा राजमार्ग(गाईघाट-दिक्तेल खण्ड) | ९९४० | ७६८८ | ७७.३५ |
| ३३७०११०२३ | वी.पी. राजमार्ग (सूर्यविनायक-धुलिखेल, धुलिखेल-सिन्धुली-बर्दिवास सडक आयोजना) | १२२३९ | १०८८३ | ८८.९२ |
| ३३७०११०३३ | महाकाली कोरिडोर (ब्रम्हदेव-झुलाघाट-दार्चुला-टिङकर) | १०८०० | ७५६५ | ७०.०५ |
| ३३७०११०४३ | कान्ति राजपथ | १४४०४ | १३८५३ | ९६.१७ |
| ३३७०११०६३ | कक्रहवा- रुद्रपुर- सालझण्डी-सन्धिखर्क- ढोरपाटन सडक | ८९५० | ७२१८ | ८०.६५ |
| ३३७०११०८३ | मदन भण्डारी राजमार्ग (बाहुनडाँगीदेखि रुपालसम्म) | ४९५१० | ३८९९१ | ७८.७५ |
| ३३७०११०९३ | गल्छी-त्रिशुली-मैलुङ्ग-स्याफ्रुवेशी-रसुवागढी सडक आयोजना | ९५०० | ८८१० | ९२.७३ |
| ३३७०१११९३ | सडक सुधार आयोजना | ५९७८५ | ४१२३८ | ६८.९८ |
| ३३७०१११२३ | ११किलो छेपेटार-भालुस्वारा-बारपाक सडक | ११७१७ | ८०४१ | ६८.६३ |
| ३३७०१११३३ | शहीद मार्ग (घोराही- नुवागाउँ- तिला- घर्तीगाउ- थवाङ-मुसिकोट-मैकोट) | ११९६२ | ९४६६ | ७९.१४ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३७०११४३ | पुष्पलाल राजमार्ग(मध्य पहाडी राजमार्ग) | ८७१२७ | ७७०९७ | ८८.४९ |
| ३३७०१११७३ | सडक क्षेत्र विकास आयोजना | १९००० | १२०१६ | ६३.२४ |
| ३३७०१११८३ | उत्तर दक्षिण राजमार्ग(कर्णाली, कालीगण्डकी र कोशी) | ६६८८७ | ३५७१९ | ५३.४ |
| ३३७०११२०३ | काठमाडौं उपत्यका सडक विस्तार आयोजना | २२३९६ | २१७०० | ९६.८९ |
| ३३७०११२१३ | डुम्रे-वेशिसहर-चामे-मनाङ्ग सडक | ७५८ | ६१७ | ८१.४३ |
| ३३७०११२५३ | महाकाली पुल निर्माण आयोजना | ८१५८ | ७३८७ | ९०.५६ |
| ३३७०११२६३ | सेती राजमार्ग(टिकापुर-लोडे-चैनपुर-ताक्लाकोट) | १५१०५ | ९७०९ | ६४.२८ |
| ३३७०११२८३ | हुलाकी राजमार्ग (पुलहरू समेत) | १२६५४७ | ६१५२६ | ४८.६२ |
| ३३७०११३०३ | व्यापारीक मार्ग विस्तार आयोजना | ४७०७० | ४३८४० | ९३.१४ |
| ३३७०११३२३ | रणनीतिक सडक पुल निर्माण तथा पुल पुलेसा संरक्षण | ५०८६७ | ३५३११ | ६९.४२ |
| ३३७०११३३३ | सासेक रोड कनेक्टीभिटी प्रोजेक्ट | १३४८० | ७५४७ | ५५.९८ |
| ३३७०११३४३ | चक्रपथ विस्तार आयोजना | ८५६५ | ६०६४ | ७०.८ |
| ३३७०११३५३ | नेपाल भारत क्षेत्रीय व्यापार तथा यातायात आयोजनाः मुग्लिङ नारायणगढ सडक खण्ड | ८९०० | ५०७९ | ५७.०७ |
| ३३७०११३६३ | सडक तथा ट्राफिक सुरक्षा | ६५०० | ३४२० | ५२.६२ |
| ३३७०११३९३ | नागढुङ्गा सुरुङ्गमार्ग निर्माण आयोजना | १५२०० | ८२७९ | ५४.४७ |
| ३३७०११४०३ | सासेक सडक सुधार आयोजना | ४६७२४ | ३९६४० | ८४.८४ |
| ३३७०११४५३ | सासेक राजमार्ग सुधार आयोजना | २७५७० | ६९९६ | २५.३७ |
| ३३७०११६९३ | वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम | २६७७७ | १७२३९ | ६४.३८ |
| ३३७०११७०३ | सासेक राजमार्ग सुधार आयोजना दोस्रो चरण | ६३०० | ० | ० |
| ३३७०२०११३ | रेलवे विभाग | १७८०० | १५६६८ | ८८.०२ |
| ३३७०२१०१३ | रेल, मेट्रो रेल तथा मोनो रेल विकास आयोजना | १९९५६ | ११७१५ | ५८.७ |
| ३३७०३०११३ | यातायात व्यवस्था विभाग | ३८८९४ | ३२१२९ | ८२.६१ |
| ३३७०३०१३३ | सवारी परीक्षण कार्यालयहरु | २९१६३ | १३३६४ | ४५.८३ |
| ३३७०३१०१३ | यातायात व्यवस्था सुदृढीकरण आयोजना | ८२८९०० | ७९८१७ | ९.६३ |
| ३३७३१०११३ | सडक बोर्ड | ८००००० | ८००००० | १०० |
| | कुल जम्मा | ११७६६१३१ | ९९४०२८० | ८४.४८ |

**पुँजीगत खर्च** (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३७०००११४ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | १२००० | १३८४ | ११.५३ |
| ३३७०००१२४ | नेपाल पानीजहाज कार्यालय | ७६३०० | १७८२६ | २३.३६ |
| ३३७००१०१४ | काठमाडौं-तराई मधेश फाष्ट ट्रयाक | ४३०८५०० | १८४३८७६ | ४२.८ |
| ३३७००१०२४ | जल मार्ग | २०८०० | ३१२ | १.५ |
| ३३७००१०१४ | सडक विभाग | ३२३९०० | २४०३३८ | ७४.२ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३७०१०१२४ | डिभिजन सडक कार्यालयहरू | ८९२३३ | ३१०१७ | ३४.७६ |
| ३३७०१०१३४ | हेभी इक्विप्मेन्ट डिभिजनहरू | ७८५०० | ५५८०० | ७१.०८ |
| ३३७०१०१५४ | गुणस्तर अनुसन्धान तथा विकास केन्द्र | १९८०० | १६६८० | ८४.२४ |
| ३३७०११०१४ | सगरमाथा राजमार्ग(गाईघाट-दिक्तेल खण्ड) | ४३०८०० | १६७३८९ | ३८.८६ |
| ३३७०११०२४ | वी.पी. राजमार्ग (सूर्यविनायक-धुलिखेल, धुलिखेल-सिन्धुली- बर्दिवास सडक आयोजना) | ९५०००० | ७५६७१७ | ७९.६५ |
| ३३७०११०३४ | महाकाली कोरिडोर (ब्रम्हदेव-झुलाघाट-दार्चुला-टिङकर) | ३२६८३६ | १०७३६७ | ३२.८५ |
| ३३७०११०४४ | कान्ति राजपथ | ३९६००४ | ३३६७४७ | ८५.०४ |
| ३३७०११०५४ | गंगटे-समुन्द्रटार-गल्फुभन्ज्याङ सडक | ६४००० | १६३८६ | २५.६ |
| ३३७०११०६४ | कक्रहवा- रुद्रपुर- सालझण्डी-सन्धिखर्क-ढोरपाटन सडक | १५५००० | १५४८८८ | ९९.९३ |
| ३३७०११०७४ | दमक-चिसापानी सडक | १७८७९० | ११७९४५ | ६५.९७ |
| ३३७०११०८४ | मदन भण्डारी राजमार्ग (बाहुनडाँगीदेखि रुपालसम्म) | ४७७५२०० | ४४७७५२२ | ९३.७७ |
| ३३७०११०९४ | गल्छी-त्रिशुली-मैलुङ्ग-स्याफ्रुवेशी-रसुवागढी सडक आयोजना | १५६९१०० | ८६८९८० | ५५.३८ |
| ३३७०१११०४ | टनकपुर लिंक सडक | ८६५०० | २६२३९ | ३०.३३ |
| ३३७०११११४ | सडक सुधार आयोजना | ७६१०४०० | ४३७५१०३ | ५७.४९ |
| ३३७०१११२४ | ११ कीलो छेपेटार-भालुस्वारा-बारपाक सडक | ७६००० | ५४६७९ | ७१.९५ |
| ३३७०१११३४ | शहिद मार्ग (घोराही- नुवागाउँ- तिला- घर्तीगाउ- थवाङ- मुसिकोट-मैकोट) | ३००००० | ७०६८८ | २३.५६ |
| ३३७०१११४४ | पुष्पलाल राजमार्ग(मध्य पहाडी राजमार्ग) | ८६०७३३० | ६२३६७०० | ७२.४६ |
| ३३७०१११५४ | नेपालगञ्ज- सुर्खेत- दैलेख बजार- महावुलेक-गाल्जे भात्तडी, रतडा- नाग्म- गमगढी-नाक्चेलाग्ना सडक | २२०००० | ११९९८२ | ५४.५४ |
| ३३७०१११६४ | भेरी करिडोर (जाजरकोट-दुनै-मरिम-तिन्जे धो) | १८५५०० | ५५७३२ | ३० |
| ३३७०१११७४ | सडक क्षेत्र विकास आयोजना | २१३३६७७ | ८०७५८७ | ३७.८५ |
| ३३७०१११८४ | उत्तर दक्षिण राजमार्ग(कर्णाली, कालीगण्डकी र कोशी) | ३३३११०० | २४७२३०२ | ७४.२२ |
| ३३७०१११९४ | बेनीघाट-आरुघाट-लार्के भन्ज्याङ सडक | १४९५०० | १३७२७५ | ९२ |
| ३३७०११२०४ | काठमाडौं उपत्यका सडक विस्तार आयोजना | ३१२४३०० | २४५९९३६ | ७८.७४ |
| ३३७०११२१४ | डुम्रे- बेशीशहर- चामे -मनाङ सडक | १२२८०१ | ३७२७१ | ३०.३५ |
| ३३७०११२२४ | स्थानीय सडक पुल निर्माण | १२१४१३०० | १०६६४२३६ | ८७.८३ |
| ३३७०११२३४ | रणनैतिक सडक पुलहरुको विस्तृत संभाव्यता अध्ययन | ५०४९६२ | २०७७५९ | ४१.१४ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३७०११२४४ | काठमाडौं बाहिरी चक्रपथ | २०१५० | ० | ० |
| ३३७०११२५४ | महाकाली पुल निर्माण आयोजना | ८९५३०० | ५७३८६३ | ६४ |
| ३३७०११२६४ | सेती राजमार्ग(टिकापुर-लोडे-चैनपुर-ताक्लाकोट) | ४७३००० | ३५४६५२ | ७५ |
| ३३७०११२७४ | चेपाङ मार्ग (ठोरी-भण्डारा-लोथर-मलेखु) | १३२००० | ५८१६६ | ४४.०७ |
| ३३७०११२८४ | हुलाकी राजमार्ग (पुलहरू समेत) | १३५०८१०० | ७८७०३९२ | ५८.२६ |
| ३३७०११३०४ | व्यापारीक मार्ग विस्तार आयोजना | ५६४९००० | ४२८५७०८ | ७५.८७ |
| ३३७०११३२४ | रणनीतिक सडक पुल निर्माण तथा पुल पुलेसा संरक्षण | ४०४९४०० | २६९९९३६ | ६६.६७ |
| ३३७०११३३४ | सासेक रोड कनेक्टीभिटी प्रोजेक्ट | १५१४८०२ | ५४९६५४ | ३६.२९ |
| ३३७०११३४४ | चक्रपथ विस्तार आयोजना | २०५९१९३ | ३५०८२२ | १७.०४ |
| ३३७०११३५४ | नेपाल भारत क्षेत्रीय व्यापार तथा यातायात आयोजनाः मुग्लिङ नारायणगढ सडक खण्ड | ७०११०० | २९१३३८ | ४१.५५ |
| ३३७०११३६४ | सडक तथा ट्राफिक सुरक्षा | ३५२०३८ | ९७८४८ | २७.७९ |
| ३३७०११३७४ | सडक पूर्वाधार विकास कार्यक्रम | ५३५९०७० | ३४९०३२८ | ६५.१३ |
| ३३७०११३८४ | राजमार्ग स्तरोन्नति तथा पुनर्स्थापना कार्यक्रम | १०९०७४०० | २६२७३६६ | २४.०९ |
| ३३७०११३९४ | नागढुङ्गा सुरुङ्गमार्ग निर्माण आयोजना | ६२५७८५० | २२९५६०९ | ३६.६८ |
| ३३७०११४०४ | सासेक सडक सुधार आयोजना | ८४५७९०० | १८६८७०६ | २२.०९ |
| ३३७०११४१४ | मनाङ्ग-मुस्ताङ्ग-डोल्पा-जुम्ला सडक | २०८००० | ७२८१२ | ३५.०१ |
| ३३७०११४२४ | स्वर्ण सगरमाथा वृहत चक्रपथ (ओखलढुंगा-सोलु सल्लेरी- खोटाङ दिक्तेल-ओखलढुंगा) | ६२००० | ४५९८९ | ७४.१८ |
| ३३७०११४३४ | तराई मधेस सडक पूर्वाधार विशेष कार्यक्रम | ४९६४९७२ | ४०४२५९० | ८१.४२ |
| ३३७०११४४४ | साँघुटार- ओखलढुङ्गा- कुइभिर सडक | २५००० | १३३ | ०.५३ |
| ३३७०११४५४ | सासेक राजमार्ग सुधार आयोजना | ५३६०५२७ | ४०३२ | ०.०८३ |
| ३३७०११४६४ | दोश्रो पुल सुधार तथा सम्भार आयोजना | २२००००० | १३५४९ | ०.६२ |
| ३३७०११६७४ | क्षेत्रीय ब्यापारिक मार्ग विस्तार आयोजना | ३६०००० | ० | ० |
| ३३७०११६८४ | सुरुङ्ग मार्ग विकास कार्यक्रम | ५९०००० | ६२२१ | १.०५ |
| ३३७०११६९४ | वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम | २३२१५०० | ४७८६९८ | २०.६२ |
| ३३७०११७०४ | सासेक राजमार्ग सुधार आयोजना दोस्रो चरण | २७५२८४१ | ० | ० |
| ३३७०२०११४ | रेलवे विभाग | ५५००० | ९०४० | १६.४४ |
| ३३७०२१०१४ | रेल, मेट्रो रेल तथा मोनो रेल विकास आयोजना | ७२३५२७० | ५६२३७११ | ७७.७३ |
| ३३७०३१०१४ | यातायात व्यवस्था सुदृढीकरण आयोजना | ७०५४०० | ४१४९९ | ५.८८ |
| | **कुल जम्मा** | **१३९५४४९४६** | **७४६८९३२५** | **५३.५२** |

## १०. चालु आर्थिक वर्ष २०७७/७८ को खुद बजेट तथा फागुन मसान्तसम्मको खर्चको अवस्थाः

चालु खर्च (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३७०००११३ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | १०९१०० | ३७६३१ | ३४.४९ |
| ३३७०००१२३ | नेपाल पानीजहाज कार्यालय | १७४०० | ६०५२ | ३४.७८ |
| ३३७००१०१३ | काठमांडौ-तराई मधेश फाष्ट ट्र्याक | १२८४०० | ३५२४५ | २७.४५ |
| ३३७००१०२३ | जल मार्ग | २९०० | ५५६ | १९.१७ |
| ३३७०१०११३ | सडक विभाग | १८०७०० | ७८१२१ | ४३.२३ |
| ३३७०१०१२३ | डिभिजन सडक कार्यालयहरू | ६०३४०२ | २६५३६४ | ४३.९८ |
| ३३७०१०१३३ | हेभी इक्विप्मेन्ट डिभिजनहरू | ४३८७०० | २०१५११ | ४५.९३ |
| ३३७०१०१४३ | मेकानिकल तालिम | २२९०० | ९८४३ | ४२.९८ |
| ३३७०१०१५३ | गुणस्तर अनुसन्धान तथा विकास केन्द्र | २६००० | १५५२७ | ५९.७२ |
| ३३७०११०१३ | सगरमाथा राजमार्ग(गाईघाट-दिक्तेल खण्ड) | १०००० | ४९४१ | ४९.४१ |
| ३३७०११०२३ | वी.पी. राजमार्ग (सूर्यविनायक-धुलिखेल, धुलिखेल-सिन्धुली- बर्दिवास सडक आयोजना) | १५७०० | ७१८१ | ४५.७४ |
| ३३७०११०३३ | महाकाली कोरिडोर (ब्रम्हदेव-झुलाघाट-दार्चुला-टिङकर) | ११३०० | ४४३३ | ३९.२३ |
| ३३७०११०४३ | कान्ति राजपथ | १२३०० | ७७०० | ६२.६० |
| ३३७०११०६३ | कक्रहवा- रुद्रपुर- सालझण्डी-सन्धिखर्क- ढोरपाटन सडक | ९९०० | ३७५६ | ३७.९४ |
| ३३७०११०८३ | मदन भण्डारी राजमार्ग (बाहुनडाँगीदेखि रुपालसम्म) | ६१९०० | २६२२९ | ४२.३७ |
| ३३७०११०९३ | गल्छी-त्रिशुली-मैलुङ्ग-स्याफ्रुवेशी-रसुवागढी सडक आयोजना | ११६०० | ७१८४ | ६१.९३ |
| ३३७०११११३ | सडक सुधार आयोजना | ६३७०० | २६८०८ | ४२.०८ |
| ३३७०१११२३ | ११ कीलो छेपेटार-भालुस्वारा-बारपाक सडक | १०४०० | ४३३९ | ४१.७२ |
| ३३७०१११३३ | शहिद मार्ग (घोराही- नुवागाउँ- तिला- घर्तिगाउ-थवाङ- मुसिकोट-मैकोट) | १२९०० | ४८८८ | ३७.८९ |
| ३३७०१११४३ | पुष्पलाल राजमार्ग(मध्य पहाडी राजमार्ग) | १०२२५९ | ५१०४८ | ४९.९२ |
| ३३७०१११७३ | सडक क्षेत्र विकास आयोजना | १७७०० | ३१४८ | १७.७९ |
| ३३७०१११८३ | उत्तर दक्षिण राजमार्ग(कर्णाली, कालीगण्डकी र कोशी) | ५६९०० | २४७६३ | ४३.५२ |
| ३३७०११२०३ | काठमाडौं उपत्यका सडक विस्तार आयोजना | २२५०० | ११११९५ | ४९.७५ |
| ३३७०११२१३ | डुम्रे- बेशीशहर- चामे -मनाङ सडक | १५६०० | ३१८२ | २०.४० |
| ३३७०११२५३ | महाकाली पुल निर्माण आयोजना | ८४०० | ४७१२ | ५६.०९ |
| ३३७०११२६३ | सेती राजमार्ग(टिकापुर-लोडे-चैनपुर-ताक्लाकोट) | १५३०० | ६७२१ | ४३.९३ |
| ३३७०११२८३ | हुलाकी राजमार्ग (पुलहरु समेत) | ८१९०० | ४३८६८ | ५३.५६ |
| ३३७०११३०३ | औद्योगिक कोरिडोर (व्यापारीक मार्ग) विस्तार आयोजना | ५१७०० | २७४३९ | ५३.०७ |
| ३३७०११३२३ | रणनीतिक सडक पुल निर्माण तथा पुल पुलेसा संरक्षण | ५३१०० | २३००३ | ४३.३२ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३७०११३३३ | सासेक रोड कनेक्टिभिटी प्रोजेक्ट | १३९०० | २७९८ | २०.१३ |
| ३३७०११३४३ | चक्रपथ विस्तार आयोजना | ८७०० | ४२९७ | ४९.३९ |
| ३३७०११३५३ | नेपाल भारत क्षेत्रीय व्यापार तथा यातायात आयोजनाः मुग्लिङ नारायणगढ सडक खण्ड | ८८०० | २९५१ | ३३.५४ |
| ३३७०११३६३ | सडक तथा ट्राफिक सुरक्षा | ७४०० | ८३६ | ११.२९ |
| ३३७०११३९३ | नागढुङ्गा सुरुङमार्ग निर्माण आयोजना | १३६०० | ४९५८ | ३६.४५ |
| ३३७०११४०३ | सासेक सडक सुधार आयोजना | ४८४०० | २१६७८ | ४४.७९ |
| ३३७०११४५३ | सासेक राजमार्ग सुधार आयोजना | २५४०० | ४३६५ | १७.१९ |
| ३३७०११६९३ | बैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम | २८३८० | १२९७८ | ४५.७३ |
| ३३७०११७०३ | सासेक मुग्लिङ - पोखरा सडक योजना | ८२०० | २११९ | २५.८४ |
| ३३७०२०११३ | रेलवे विभाग | ३५००० | १३५८० | ३८.८० |
| ३३७०२१०१३ | रेल, मेट्रो रेल तथा मोनो रेल विकास आयोजना | २४८९० | ६४०४ | २५.७३ |
| ३३७०३०११३ | यातायात व्यवस्था विभाग | ३९९०० | १७६८५ | ४४.३२ |
| ३३७०३०१३३ | सवारी परीक्षण कार्यालयहरु | ३४५०० | १५३११ | ४४.३८ |
| ३३७०३१०१३ | यातायात व्यवस्था सुदृढीकरण आयोजना | ६८२५०० | २४४४५ | ३.५८ |
| ३३७३१०११३ | सडक बोर्ड | ७२५०००० | ५३१३५०० | ७३.२९ |
| | **कुल जम्मा** | **१०४०४१३१** | **६३९४२९२** | **६१.४६** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३७०००११४ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | ११५०० | ७२९ | ६.३४ |
| ३३७०००१२४ | नेपाल पानीजहाज कार्यालय | ५५६०० | १६९८ | ३.०५ |
| ३३७००१०१४ | काठमांडौ-तराई मधेश फाष्ट ट्र्याक | ८८४०४०० | १९१०८४८ | २१.६१ |
| ३३७००१०२४ | जल मार्ग | ५४०० | ० | ०.०० |
| ३३७०१०११४ | सडक विभाग | १३३१०० | ७८०१६ | ५८.६१ |
| ३३७०१०१२४ | डिभिजन सडक कार्यालयहरु | २०८०० | ३१७५ | १५.२६ |
| ३३७०१०१३४ | हेभी इक्विप्मेन्ट डिभिजनहरु | ७३३०० | ४४०७० | ६०.१२ |
| ३३७०१०१४४ | मेकानिकल तालिम | ५०० | ० | ०.०० |
| ३३७०१०१५४ | गुणस्तर अनुसन्धान तथा विकास केन्द्र | २१२०० | ४४९९ | २१.२२ |
| ३३७०११०१४ | सगरमाथा राजमार्ग(गाईघाट-दिक्तेल खण्ड) | १७०००० | २८३११ | १६.६५ |
| ३३७०११०२४ | वी.पी. राजमार्ग (सुर्यविनायक-धुलिखेल, धुलिखेल-सिन्धुली- बर्दिवास सडक आयोजना) | ५१५००० | २४३८४४ | ४७.३५ |
| ३३७०११०३४ | महाकाली कोरिडोर (ब्रम्हदेव-झुलाघाट-दार्चुला-टिङकर) | ३१३२०० | १०७५१४ | ३४.३३ |
| ३३७०११०४४ | कान्ति राजपथ | १७५००० | ५५५४० | ३१.७४ |
| ३३७०११०५४ | गंगटे-समुन्द्रटार-गल्फुभन्ज्याङ सडक | ५५००० | २७४०४ | ४९.८३ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३७०११०६४ | कक्रहवा- रुद्रपुर- सालझण्डी-सन्धिखर्क- ढोरपाटन सडक | १७०००० | ९७०८१ | ५७.११ |
| ३३७०११०७४ | दमक-चिसापानी सडक | २७०००० | १२६५६८ | ४६.८८ |
| ३३७०११०८४ | मदन भण्डारी राजमार्ग (बाहुनडाँगी देखि रुपाल सम्म) | ४१३५१०० | २०२००५४ | ४८.८५ |
| ३३७०११०९४ | गल्छी-त्रिशुली-मैलुङ्ग-स्याफ्रुवेशी-रसुवागढी सडक आयोजना | १६१०३०० | १०२१३९५ | ६३.४३ |
| ३३७०१११०४ | टनकपुर लिंक सडक | ३०००० | ९४४२ | ३१.४७ |
| ३३७०११११४ | सडक सुधार आयोजना | ९१९४७१५ | ४८५५४६ | ५.२८ |
| ३३७०१११२४ | ११ कीलो छेपेटार-भालुस्वारा-बारपाक सडक | १५०००० | २१३९६ | १४.२६ |
| ३३७०१११३४ | शहिद मार्ग (घोराही- नुवागाउँ- तिला- घर्तीगाउ- थवाङ- मुसिकोट-मैकोट) | २९६००० | १६९८१ | ५.७४ |
| ३३७०१११४४ | पुष्पलाल राजमार्ग(मध्य पहाडी राजमार्ग) | ८०३४५०० | ३२१०४१३ | ३९.९६ |
| ३३७०१११५४ | नेपालगंज- सुर्खेत- दैलेख बजार- महावुलेक- गाल्जे भात्तडी, रतडा- नाग्म- गमगढी- नाक्चेलाग्ना सडक | १८२१०० | १४९६१४ | ८२.१६ |
| ३३७०१११६४ | भेरी करिडोर (जाजरकोट-दुनै-मरिम-तिन्जे धो) | १८०६०० | ७२१२८ | ३९.९४ |
| ३३७०१११७४ | सडक क्षेत्र विकास आयोजना | ३२६५७३ | २२४१२८ | ६८.६३ |
| ३३७०१११८४ | उत्तर दक्षिण राजमार्ग(कर्णाली, कालीगण्डकी र कोशी) | ३३८९८०० | ८३१२६५ | २४.५२ |
| ३३७०१११९४ | बेनीघाट-आरुघाट-लार्के भन्ज्याङ सडक | १८०००० | ६५८२६ | ३६.५७ |
| ३३७०११२०४ | काठमाडौं उपत्यका सडक विस्तार आयोजना | २१७४९०० | १०५२८०६ | ४८.४१ |
| ३३७०११२१४ | डुम्रे- बेशीशहर- चामे -मनाङ सडक | २३९८०० | ७९४४२ | ३३.१३ |
| ३३७०११२२४ | स्थानीय सडक पुल निर्माण | ८८५९६०० | ३२३४०५० | ३६.५० |
| ३३७०११२३४ | रणनैतिक सडक पुलहरुको विस्तृत संभाव्यता अध्ययन | ६९६५०० | ६४६९७ | ९.२९ |
| ३३७०११२५४ | महाकाली पुल निर्माण आयोजना | ८७०५०० | ४३८७१२ | ५०.४० |
| ३३७०११२६४ | सेती राजमार्ग(टिकापुर-लोडे-चैनपुर-ताक्लाकोट) | ३००००० | ४५००५ | १५.०० |
| ३३७०११२७४ | चेपाङ मार्ग (ठोरी-भण्डारा-लोथर-मलेखु) | १०२००० | २२०११ | २१.५८ |
| ३३७०११२८४ | हुलाकी राजमार्ग (पुलहरू समेत) | ७३३३३०० | ४३१२३३१ | ५८.८० |
| ३३७०११३०४ | औद्योगिक कोरिडोर (व्यापारीक मार्ग) विस्तार आयोजना | ३१६६२०० | १५०८५८२ | ४७.६५ |
| ३३७०११३२४ | रणनीतिक सडक पुल निर्माण तथा पुल पुलेसा संरक्षण | ४५००२०० | ९६७६८४ | २१.५० |
| ३३७०११३३४ | सासेक रोड कनेक्टिभिटी प्रोजेक्ट | ९७२७४५ | २६२३३९ | २६.९७ |
| ३३७०११३४४ | चक्रपथ विस्तार आयोजना | ७७९००० | ३०६९३ | ३.९४ |
| ३३७०११३५४ | नेपाल भारत क्षेत्रीय व्यापार तथा यातायात | ४८५००० | ३५४१४ | ७.३० |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| | आयोजनाः मुग्लिङ नारायणगढ सडक खण्ड | | | |
| ३३७०११३६४ | सडक तथा ट्राफिक सुरक्षा | ३०३७०० | ९११५२ | ३०.०१ |
| ३३७०११३७४ | सडक पूर्वाधार विकास कार्यक्रम | ५६९८००० | २२९४९९७ | ४०.२८ |
| ३३७०११३८४ | राजमार्ग  स्तरोन्नति तथा पुनर्स्थापना कार्यक्रम | ९०७६७०० | २६३५१८९ | २९.०३ |
| ३३७०११३९४ | नागढुङ्गा सुरुङमार्ग निर्माण आयोजना | ६४०९७०० | ५२२९५६ | ८.१६ |
| ३३७०११४०४ | सासेक सडक सुधार आयोजना | ६८७२५५५ | १७८५६८ | २.६० |
| ३३७०११४१४ | मनाङ्ग-मुस्ताङ्ग-डोल्पा-जुम्ला सडक | ८९००० | ४४९०७ | ५०.४६ |
| ३३७०११४२४ | स्वर्ण सगरमाथा वृहत चक्रपथ (ओखलढुंगा-सोलु सल्लेरी- खोटाङ दिक्तेल-ओखलढुंगा) | १४०००० | ३५४२५ | २५.३० |
| ३३७०११४३४ | तराई मधेस सडक पुर्वाधार विशेष कार्यक्रम | ४३३९००० | २३१०१७१ | ५३.२४ |
| ३३७०११४४४ | साँघुटार- ओखलढुङ्गा- कुइभिर सडक | १३०००० | ५०६२३ | ३८.९४ |
| ३३७०११४५४ | सासेक राजमार्ग सुधार आयोजना | ४८५४७०२ | ४६१०९२ | ९.५० |
| ३३७०११४६४ | दोश्रो पुल सुधार तथा संभार आयोजना | १२०००००० | २६० | ०.०२ |
| ३३७०११६७४ | क्षेत्रीय ब्यापारिक मार्ग विस्तार आयोजना | ३४३७८२७ | ११६१ | ०.०३ |
| ३३७०११६८४ | सुरुङ्ग मार्ग विकास कार्यक्रम | ५३०००० | १२०७ | ०.२३ |
| ३३७०११६९४ | बैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम | ३९२९००० | ३०२१४१ | ७.६९ |
| ३३७०११७०४ | सासेक मुग्लिङ - पोखरा सडक योजना | ४३६३८०० | ० | ०.०० |
| ३३७०११७१४ | काकरभिट्टा इनरुवा, पथलैया नारायणघाट खण्ड | १०३७५०० | ० | ०.०० |
| ३३७०११७२४ | मिर्चैया कटारी घुर्मी | १००००० | ९५१८ | ९.५२ |
| ३३७०११७३४ | सूर्यविनायक धुलिखेल र कोटेश्वर बानेश्वर त्रिपुरेश्वर सडक | ९७२००० | ० | ०.०० |
| ३३७०११७४४ | चतरा मूलघाट माझीटार दोभान ओलांगचुंगगोला (तमोर कोरिडोर) | ११०५००० | ३६८८९१ | ३३.३८ |
| ३३७०११७५४ | केचना कञ्चनजङ्घा(मेची करिडोर ) | १००००० | ० | ०.०० |
| ३३७०११७६४ | निर्वाचन क्षेत्र रणनैतिक सडक | ३३०२००० | ० | ०.०० |
| ३३७०२०११४ | रेलवे विभाग | २०६७०० | ९९३० | ४.८० |
| ३३७०२१०१४ | रेल, मेट्रो रेल तथा मोनो रेल विकास आयोजना | ८८९५९२५ | २२०११५३ | २४.७४ |
| ३३७०३१०१४ | यातायात व्यवस्था सुदृढीकरण आयोजना | १५६३३०० | ३६१६३ | २.३१ |
| | **कुल जम्मा** | **१३७६७५८४२** | **३४४६६७५५** | **२५.०३** |

♦ ♦ ♦

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

## १. पृष्ठभूमि:

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले महिला, बालबालिका तथा किशोरकिशोरी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति एवं लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा तथा कार्यान्वयनको काम गर्दछ। यसका अतिरिक्त ती विषयमा समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने, अन्तर्राष्ट्रिय तथा क्षेत्रीय र राष्ट्रिय संघ संस्थासँग सम्पर्क र समन्वय गर्नुका साथै बेवारिसे, असहाय, र असक्त नागरिकहरूको संरक्षण तथा कल्याण गर्ने लगायतका कार्य गर्दै आएको छ।

## २. दीर्घकालीन सोच:

जेष्ठ नागरिक, महिला, बालबालिका, किशोर किशोरी तथा अपाङ्गता भएको व्यक्तिको हक, हित र अधिकारको सम्मान एवं संरक्षण गर्दै मानव बेचबिखन तथा ओसारपसार मुक्त लैङ्गिक समतामूलक राष्ट्र निर्माण गर्ने।

## ३. उद्देश्य:

- महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव, हिंसा र शोषणको अन्त्य गर्दै लैङ्गिक उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्दै महिलाको सम्मानित जीवनयापनको वातावरण सुनिश्चित गर्नु,
- बालबालिका तथा किशोरकिशोरी अधिकारको संरक्षण र प्रवर्द्धन गर्नु,
- पारिवारिक, आर्थिक र कानुनी संरक्षणको माध्यमबाट ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्नु,
- सबै प्रकारका अपाङ्गता भएका व्यक्तिको सहज जीवनयापनको लागि पुनर्स्थापना, स्वास्थ्योपचार र सहायक सामग्रीको व्यवस्था गरी अपाङ्गता भएका व्यक्तिको आर्थिक तथा सामाजिक सशक्तिकरण गर्नु,
- मानव बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका समूह र समुदायको आर्थिक-सामाजिक सशक्तिकरण गर्नु,
- राष्ट्रिय प्राथमिकताको क्षेत्रमा संघ संस्थाको परिचालन, व्यवस्थापन र नियमन गर्नु।

## ४. रणनीति:

- राज्यका सबै तह र क्षेत्रले लैङ्गिक समानता नीति, २०७७ कार्यान्वयन गर्ने, कानुन तथा कार्यक्रम तर्जुमा गर्ने,
- बालबालिका तथा किशोर किशोरी विरुद्ध हुने सबै प्रकारका हिंसाको अन्त्य गरी उनीहरूको जीवनलाई सुरक्षित बनाउने,
- राज्यले सबै प्रकारको बालश्रमको अन्त्य गर्न आवश्यक व्यवस्था गर्ने,
- असहाय, अशक्त, एकल र जोखिममा परेका ज्येष्ठ नागरिकको विशेष संरक्षण र सुरक्षाको कानुनी तथा संस्थागत व्यवस्था गर्ने,
- ज्येष्ठ नागरिकको ज्ञान सीप र अनुभवलाई उपयोग गर्नका लागि नीति निर्माणमा सहभागिता र स्रोतमा पहुँच सुनिश्चित गर्ने,

- अपाङ्गता भएका व्यक्तिको हक अधिकार संरक्षण गर्न नीति निर्माण तथा कानुनहरूको पुनरावलोकन गरी कार्यान्वयन गर्ने,
- मानव बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका समूह र समुदायको पहिचान गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्दै बेचबिखन तथा ओसारपसार कार्यलाई निरूत्साहित गर्ने उपायहरूको अवलम्बन गर्ने,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको परिचालनलाई तीन तहको सरकारसँगको समन्वय र सहकार्य मार्फत सामाजिक तथा आर्थिक विकासमा अभिवृद्धि गर्ने।

## ५. कार्यक्षेत्रः

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायअनुसार रहेका छनः-

- महिला हक एवं सशक्तिकरणसम्बन्धी नीति, कानुन र मापदण्ड,
- अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्री,
- महिला हिंसा, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण,
- ज्येष्ठ नागरिक, बालबालिका र अपाङ्गता भएका व्यक्तिसम्बन्धी,
- महिला सशक्तिकरण तथा लैङ्गिक समानताका विषयमा अध्ययन अनुसन्धान,
- लैङ्गिक हिंसासम्बन्धी निरोधात्मक र पुनर्स्थापनासम्बन्धी नीति कानुन र मापदण्ड,
- बालबालिका, बाल कल्याण, उद्धार, पुनर्स्थापना र वृद्धाश्रमसम्बन्धी नीति, कानुन र मापदण्ड,
- गैरसरकारी संस्थासम्बन्धी नीति, कानुन, मापदण्ड, नियमन र अनुगमन,
- राष्ट्रिय महिला आयोग,
- समाज कल्याण परिषद्,
- मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन।

## ६. चालु आर्थिक वर्ष ०७७/७८ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमका बुँदाको फागुन मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| १९२ | महिलाको सामाजिक आर्थिक अधिकार हासिल हुने गरी महिला लक्षित कार्यक्रम सञ्चालन गरिनेछ। राष्ट्रपति महिला उत्थान कार्यक्रम मार्फत मुलुकभरका विपन्न र वञ्चितिमा परेका महिलाको सीप तथा उद्यमशीलता विकास गरी रोजगारीका अवसर प्रदान गरिनेछ। स्वास्थ्य जोखिममा परेका दुर्गम | • जीविकोपार्जन सुधार तथा स्वरोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७, स्वीकृत भई ५५ जिल्लाका मानव विकास सूचकाङ्कमा पछाडी परेका १ सय स्थानीय तह छनौट गरी कार्यक्रम सञ्चालन गर्न सम्बन्धित स्थानीय तहमा सःशर्त अनुदान पठाइएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | क्षेत्रका गर्भवती र सुत्केरी महिलाको हवाई उद्धार गर्ने कार्यलाई निरन्तरता दिइनेछ। सबै स्थानीय तहमा महिला उद्यमशीलता सहजीकरण केन्द्र स्थापना गरिनेछ। | • टेवा पुँजी र प्रविधि सहयोगका लागि स्थानीय तहबाट महिला उद्यमी समूह छनौट गरी प्रदेश सामाजिक विकास मन्त्रालय मार्फत टेवा पुँजी र प्रविधि उपलब्ध गराउन राष्ट्रियस्तरको पत्रिकामा सूचना आह्वान गरिएको।<br>• महिला उद्यमशीलता सहजीकरण केन्द्र सञ्चालन कार्यविधि, २०७७ स्वीकृत भएको।<br>• महिलाद्वारा उत्पादित सामग्रीको प्रदर्शनीसम्वन्धी मापदण्ड, २०७७ स्वीकृत भई जनकपुरधाममा आयोजना गरिएको प्रदर्शनी मेलामा  महिलाद्वारा उत्पादित सामाग्रीको ३८ वटा स्टलमा ७० जना उद्यमी महिलाको सहभागिता रहेको।<br>• हातैमा उद्यम एप्स सञ्चालन मापदण्ड, २०७७ स्वीकृत भई एप्स निर्माणको लागि कार्यक्षेत्रगत शर्त तयार गरिएको।<br>• महिला उद्यमी समुन्नति पुरस्कार मापदण्ड, २०७७ स्वीकृत भई सातै प्रदेशबाट १/१ जनाका दरले उद्यमी महिला छनौटको प्रकृया शुरु भएको।<br>• स्थानीयस्तरमा महिला उद्यमशीलता प्रवर्द्धन गर्नको लागि नमुनाको रूपमा महिला उद्यमशीलता सहजीकरण केन्द्र स्थापना गर्न चालु आ.व.को लागि ७० स्थानीय तह छनौट गरी सःशर्त अनुदान पठाइएको।<br>• विभिन्न दुर्गम जिल्लाका ज्यान जोखिममा परेका ६९ जना गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार गरिएको। |
| १९३ | महिला विरुद्ध हुने सबै किसिमका सामाजिक भेदभाव शोषण र हिंसा अन्त्य गरिनेछ। सामाजिक कुप्रथा अन्याय र विभेद हटाउन स्थानीय सरकार गैर सरकारी संस्था तथा सामुदायिक क्षेत्र समेतको सहभागितामा सामाजिक जागरण र सचेतना अभियान सञ्चालन गरिनेछ। लैङ्गिक उत्तरदायी | • प्रदेश नं. १,२ र लुम्बिनी प्रदेशको स्थानीय रेडियो मार्फत निरन्तर रूपमा सचेतनमूलक तथा सन्देशमूलक सूचना प्रसारण भइरहेको।<br>• लैङ्गिक समानतायुक्त राष्ट्र निर्माणको लागि राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ तयार गरी १११औं अन्तर्राष्ट्रिय महिला दिवसमा सार्वजनिकीकरण गरिएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | बजेटलाई प्रदेश र स्थानीय तहको बजेट प्रणालीमा समेत समावेश गरिनेछ। | • लैङ्गिक हिंसा तथा मानव बेचबिखन पीडितको तत्काल उद्धार, संरक्षण र पुनर्स्थापना अन्तर्गत आन्तरिक तर्फ ८ सय १८ जना र वैदेशिक तर्फ ७० जना को उद्धार गरिएको।<br>• लैङ्गिक हिंसामुक्त समाज निर्माणका लागि साझा अभियान सञ्चालन मापदण्ड निर्माण भई १११औं अन्तर्राष्ट्रिय महिला दिवसमा वितरण गरिएको।<br>• महिलाको सुरक्षा, सम्मान र रोजगार: समृद्ध नेपालको आधार भन्ने राष्ट्रिय नाराका साथ १११औं अन्तर्राष्ट्रिय महिला दिवस ८ मार्चमा सम्माननीय राष्ट्रपति तथा सम्माननीय प्रधानमन्त्रीको समुपस्थितिमा भव्यतापूर्वक मनाइएको। |
| १९४ | बालबालिकासम्बन्धी राष्ट्रिय रणनीति तयार गरी कार्यान्वयन गरिनेछ। सदाका लागि बालश्रमको अन्त्य गर्दै सडक बालबालिका मुक्त देश बनाइनेछ। बालबालिकाको खेलकुद, मनोरञ्जन तथा शारीरिक र मानसिक विकासका लागि बाल उद्यान पुस्तकालय एवं विज्ञान तथा प्रविधि संग्रहालयको निर्माण गरिनेछ। | • बालबालिकासम्बन्धी रणनीतिक कार्ययोजनाको खाका र मस्यौदा सरोकारवालाहरू बीच छलफल गरी थप परिमार्जन गरिएको।<br>• देशभर हराएका २ हजार ३ सय ८८ जना बालबालिका मध्ये फेला परेका १ हजार १ सय ७६ जना बालबालिकालाई परिवारमा पुनर्मिलन गराइएको।<br>• बेवारिस रूपमा फेला परेका १ सय १७ जना बालबालिका मध्ये ५१ जना बालबालिकालाई परिवारमा पुनर्मिलन तथा ६६ जना बालबालिकालाई अस्थायी संरक्षण केन्द्रमा पुनर्स्थापना गरिएको।<br>• जोखिममा परेका ४ सय ३० जना बालबालिका मध्ये २ सय ६६ जना बालबालिकालाई परिवारमा पुनर्मिलन गराइएको साथै १ सय २१ जना बालबालिकालाई अस्थायी संरक्षण केन्द्रमा पुनर्स्थापना गरिएको।<br>• २ सय ५१ जना सडक बालबालिकाको उद्धार गरी १६ जना बालबालिकालाई परिवारमा पुनर्मिलन गरिएको, १ सय ८ जना |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | बालबालिकालाई अस्थायी संरक्षण केन्द्रमा संरक्षण तथा व्यवस्थापन गरिएको।<br>• बाल उद्यान निर्माण गर्न सबै प्रदेशमा स:शर्त अनुदान पठाइएको।<br>• तनहुँको आँबु खैरेनी-५ स्थित ढकालटारमा बाल गृह निर्माणको लागि जग्गा खरिद गर्न बजेट विनियोजन भई आयोजनाको विस्तृत परियोजना प्रतिवेदन तयारी कार्य शुरु गरिएको। |
| १९५ | मुलुकभरका ज्येष्ठ नागरिक आश्रमको न्यूनतम पूर्वाधार र सुविधाको मापदण्ड तोकी स्थानीय तहको प्रत्यक्ष रेखदेखमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ। अल्जाइमर रोग लगायत उमेरजन्य रोगबाट प्रभावित ज्येष्ठ नागरिकहरूको निःशुल्क उपचारको व्यवस्था गरिनेछ। एकल, शारीरिक र मानसिक रूपमा अशक्त परित्यक्त असहाय र आफ्नो परिवार वा संरक्षक नभएका ज्येष्ठ नागरिकहरूको लागि निःशुल्क औषधी उपचार र संरक्षणको व्यवस्था गरिनेछ। | • ज्येष्ठ नागरिक मिलन केन्द्र स्थापना तथा सञ्चालन कार्यविधिबमोजिम प्रदेश सामाजिक विकास मन्त्रालयबाट प्राप्त प्रस्ताव मध्येबाट ११ स्थानीय तहमा रकम उपलब्ध गराइएको।<br>• ज्येष्ठ नागरिक अस्पताल सहित वृद्धाश्रम निर्माण गर्न पशुपति विकास कोषले काठमाडौं गोठाटारमा उपलब्ध गराएको १० रोपनी जग्गाको घेराबार गरी विस्तृत परियोजना प्रतिवेदन तयारीको प्रक्रियामा रहेको।<br>• ज्येष्ठ नागरिकको क्षेत्रमा काम गर्ने ३४ संघ संस्थालाई सम्बन्धित स्थानीय तहमा अनुदान पठाइएको। |
| १९६ | अटिजम लगायत सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि सुरक्षा, हेरचाह, विशिष्ट प्रकारका स्वास्थ्य सेवा सुविधा एवं पुनर्स्थापनाको लागि आवश्यक व्यवस्था मिलाइने छ। अपाङ्गता भएका व्यक्तिको शिक्षा, स्वास्थ्य, मनोरञ्जन रोजगारी तथा आय आर्जन कार्यक्रम सञ्चालन गर्ने तथा अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने सहायक सामाग्री उत्पादनका लागि अनुदानको व्यवस्था मिलाइनेछ। | • अपाङ्गतासम्बन्धी कार्यक्रम सञ्चालनका लागि राष्ट्रिय बहिरा महासंघलाई अनुदान उपलब्ध गराइएको।<br>• खगेन्द्र नवजीवन केन्द्रमा ८५ जना, कुष्ठरोग निवारण संघमा १ सय ३५ जना र नेपाल अपाङ्ग महिला संघमा १० जना गरी जम्मा २ सय ३० जनाले पुनर्स्थापना सेवा लिइरहेको।<br>• अपाङ्गता भएका व्यक्तिहरूको उद्धार, संरक्षण, पुनर्स्थापना र क्षमता विकासका क्षेत्रमा कार्यरत संघ संस्थालाई स्थानीय तह मार्फत निकासा पठाइएको। |

## ७. चालु आर्थिक वर्ष ०७७/७८ को फागुन मसान्तसम्म सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू :

<u>राष्ट्रपति महिला सशक्तिकरण परियोजना तर्फ</u>

- कुरीति विरुद्धको सामाजिक साझा अभियान सञ्चालनका लागि एकीकृत कार्ययोजना निर्माण गरिएको।
- महिला उद्यमशीलता विकास र वित्तीय पहुँच प्रशिक्षण कार्यक्रमका लागि प्रत्येक प्रदेशका २० जना उद्यमी महिला र ४ वटा महिला उद्यमशीलता समूहलाई कुल ३ करोड ५० लाख वित्तीय हस्तान्तरण गरिएको।

<u>लैङ्गिक हिंसा निवारण तथा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणतर्फः</u>

- लैङ्गिक हिंसा निवारण कोषमा रु.६० लाख रकम जम्मा गरिएको।
- लैङ्गिक हिंसा निवारण कोषबाट १४ जना हिंसा पीडितहरूलाई २० लाख रकम क्षतिपूर्ति स्वरूप प्रदान गरिएको।
- मंगला साहना दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालन गर्न सःशर्त अनुदान दिइएको।
- सामाजिक कुरीति, हिंसा र मानव बेचबिखन विरुद्धका सन्देशमूलक सूचनाहरू निर्माण गरी रेडियो, टेलिभिजनबाट प्रसारण गरिएको।
- मानव बेचबिखन तथा ओसारपसार पीडित १ सय ८७ जनाको आन्तरिक उद्धार र ३२ जनालाई भारतको विभिन्न स्थानबाट उद्धार गरिएको। भारतको गाजियावादबाट २४ जना बालबालिकाको उद्धार गरी परिवारमा पुनर्मिलन गराइएको।
- मानव बेचबिखनबाट पीडित तथा प्रभावितहरूको लागि स्थापित पुनर्स्थापना कोषमा रु.१ करोड जम्मा गरिएको।

<u>बाल संरक्षण तथा विकासतर्फ</u>

- सडकमा आश्रित ५३ जना बालबालिकाको उद्धार गरी संरक्षण व्यवस्थापन गरिएको। विभिन्न बाल गृहमा रहेका अभिभावक भएका २ सय ४३ जना बालबालिकालाई परिवारमा पुनर्मिलन गरिएको। बाल हेल्पलाइनबाट हिंसा तथा दुर्व्यवहारमा परेका २ सय १६ जना बालवालिकाको उद्धार, राहत, संरक्षण तथा व्यवस्थापन गरिएको। कुल २२ सय ७५ जना बालबालिकालाई सेवा प्रदान गरिएको।
- आपतकालीन बाल उद्धार कोषमा रकम जम्मा गरिएको। बालबालिकाको Cyber Safety का सम्बन्धमा कार्यविधि तर्जुमा गर्न कार्यदल गठन भएको। बालबालिकासम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन, २०७७ तर्जुमा, प्रकाशन, सार्वजनिकीकरण तथा वितरण गरिएको। बालबालिका विरूद्धको हिंसा र बालयौन दुर्व्यवहार रोकथाम तथा तत्काल कारबाही गर्न नमुना बाल संरक्षण मापदण्ड तर्जुमा गरी सम्बन्धित निकाय उपलब्ध गराइएको।

<u>अपाङ्गता र ज्येष्ठ नागरिक तर्फ</u>

- सातै प्रदेशमा अपाङ्गता ग्राम निर्माण गर्न मापदण्ड तयार गरी प्रदेशबाट प्रस्ताव माग गरिएको। अपाङ्गता क्षेत्रको राष्ट्रिय कार्ययोजना तयार गर्न कार्यदल गठन भएको। अपाङ्गताको क्षेत्रमा काम गर्ने २६ संघ/संस्थाहरूलाई कार्यविधि सहित सःशर्त अनुदान पठाइएको। २ सय ३० जना अति अशक्त अपाङ्गता भएका व्यक्तिलाई पुनस्थापना सेवा दिइएको।
- ज्येष्ठ नागरिकसम्बन्धी ५ वर्षे रणनीतिक कार्ययोजनाको मस्यौदा तयार गरिएको। पशुपति वृद्धाश्रममा १ सय १५ जना ज्येष्ठ नागरिकहरुलाई आवास, भरणपोषण, स्वास्थ्य उपचार सेवा उपलब्ध गराइएको।

**गैर सरकारी संस्था तर्फ**

- समाज कल्याण परिषदबाट पेश भएका ९ वटा साधारण सम्झौता र रु.१ अर्ब ७७ करोड ८ लाख रकम बराबरको १९ वटा सम्झौतालाई सहमती प्रदान गरिएको। अन्तर्राष्ट्रिय गैर सरकारी संस्था (INGO) का साधारण सम्झौता र आयोजना सम्झौता बमोजिम २० वटा कार्य सहमति, २६ वटा गैर पर्यटकीय भिसा र १ वटा आयात इजाजतका लागि सिफारिस गरिएको।
- अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाका स्वीकृत १० वटा परियोजनाको अनुगमन/मूल्याङ्कन गर्ने लक्ष्य रहेकोमा १४ वटाको अनुगमन गरिएको। राष्ट्रिय गैर सरकारी संस्थाका स्वीकृत ४० वटा परियोजना को अनुगमन/मूल्याङ्कन गर्ने लक्ष्य रहेकोमा ५७ को अनुगमन गरिएको।
- परिषदबाट स्वीकृति भई सञ्चालित २० वटा बालगृह परियोजनाको अनुगमन गर्ने कार्यक्रम रहेकोमा बालगृह अनुगमन प्रतिवेदन ढाँचाको मस्यौदा र अनुगमन क्यालेण्डर तयार गरिएको।
- सामाजिक उद्यमशीलता कोष नियमावली, २०७७ स्वीकृत भएको तथा सामाजिक उद्यमशीलता कोष स्थापना गरिएको।
- महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको अधिकारका क्षेत्रमा काम गर्ने संस्थाहरूलाई उपलब्ध गराइने अनुदानलाई व्यवस्थित, पारदर्शी र लक्षित वर्गको हितमा उपयोग हुने गरी परिचालन गर्न र संस्थालाई जवाफदेही तथा उत्तरदायी बनाउन संस्थागत अनुदान मापदण्ड, २०७७ तयार भई कार्यान्वयनमा आएको।

## ८. आर्थिक वर्ष ०७६/०७७ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू :

- विभिन्न दुर्गम तथा पहाडी जिल्लाका ८३ जना गर्भवती तथा सुत्केरी महिलालाई हवाइ उद्धार गरिएको र ४ जनाको उद्धारका लागि समन्वय गरिएको।
- उद्यमशीलता विकास तथा वित्तीय पँहुचसम्बन्धी अवधारणा, २०७५ परिमार्जन भई कार्यान्वयनमा आएको। पाँच प्रदेशका १ सय ७६ जना उद्यमी महिलाहरूलाई उद्यमशीलता तथा वित्तीय पहुँच तालिम प्रदान गरिएको।
- प्रदेश र राष्ट्रियस्तरको प्रर्दशनीको मापदण्ड स्वीकृत भई लागु भएको।
- राष्ट्रपति महिला उत्थान कार्यक्रम सञ्चालन कार्यविधि, २०७४ परिमार्जन भई कार्यान्वयनमा आएको। जीविकोपार्जन सुधार कार्यविधि, २०७५ संशोधन भई कार्यान्वयनमा आएको।
- लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन)(दोस्रो संशोधन) नियमावली, २०७६ स्वीकृत भई कार्यान्वयनमा आएको। परिमार्जित लैङ्गिक हिंसा निवारणकोष (सञ्चालन)(दोस्रो संशोधन) नियमावली, २०७६ बमोजिम ७ सय ५३ वटै स्थानीय तहमा लैङ्गिक हिंसा निवारण कोष स्थापना तथा विस्तारका लागि १ लाखका दरले कुल ७ करोड ५३ लाख सःशर्त अनुदान पठाइएको।
- हिंसा पीडित महिला तथा किशोरीहरूको उद्धार तथा पुनर्स्थापनाको लागि स्थानीय तहमा सञ्चालित २१ अल्पकालीन सेवा केन्द्रलाई ३ लाखका दरले कुल ६३ लाख सःशर्त अनुदान पठाइएको। लैङ्गिक हिंसा विरूद्धको अभियान वर्ष २०७६ को वार्षिक कार्यन्वयन कार्ययोजना छपाई गरी कार्यान्वयनका लागि ७ सय ५३ वटै स्थानीय तहमा पठाइएको।

- सातवटै प्रदेशका सामाजिक विकास मन्त्रालयका मन्त्री र सचिवज्यूको सहभागितामा लैङ्गिक हिंसा विरुद्धको कार्ययोजना, २०७६ कार्यान्वयन गोष्ठि सम्पन्न गरी १५ बुँदे प्रतिवद्धतापत्र जारी गरिएको। लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत ७ वटै प्रदेशमा अभियान कार्यक्रम सञ्चालन गरिएको।
- सामाजिक कुरीति विरुद्ध सन्देशमूलक विज्ञापन, वृत्तचित्र, जिङ्गल, गीत, छलफल कार्यक्रम नेपाल टेलिभिजन लगायत अन्य सञ्चार माध्यमहरूबाट प्रसारण भएको। दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार सम्बन्धी डकुमेन्ट्री तयार भएको।
- छाउपडी प्रथा उन्मूलन सम्बन्धमा सुदूरपश्चिम र कर्णाली प्रदेशमा राजनैतिक नेतृत्वको अगुवाईमा १ हजार ६ सय जनाको सहभागितामा अभियान सञ्चालन गरिएको। छाउगोठ अन्त्य गर्न अछाममा १६ बुँदे घोषणापत्र जारी गरिएको। मर्यादित महिनावारी प्रवर्द्धन, जातीय छुवाछुत र बालविवाह अन्त्यका लागि सुर्खेतमा तीनैतहको सरकारको साझा प्रतिवद्धतापत्र जारी भएको।
- जेहेन्दार विपन्न किशोरीलाई प्राविधिक उच्च शिक्षा अध्ययनका लागि अनुदान उपलब्ध गराउने कार्यविधि, २०७६ बमोजिम प्रदेश सामाजिक विकास मन्त्रालयमा सःशर्त अनुदान पठाइएको। राष्ट्रपति महिला सशक्तिकरण कार्यक्रम रूपान्तरणकारी आयोजनाको रूपमा स्वीकृत भई कार्यान्वन भइरहेको।
- छाउपडी प्रथा निवारणका लागि स्थानीय तहका निर्वाचित जनप्रतिनिधि लगायत सरोकारवाला बीच लैङ्गिकतामा आधारित हिंसा र अन्य कुरीति (बाल विवाह, बोक्सी ,मानव बेचबिखन, दाइजो आदि) विरुद्ध २ दिने अन्तरक्रिया  कार्यक्रम सम्पन्न गरिएको।
- स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी, महिला संस्था लगायत सरोकारवालाहरूको सहभागितामा बालविवाह अन्त्यका लागी राष्ट्रिय रणनीति, २०७२ सम्बन्धी २ दिने अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको। स्थानीय तहका प्रमुख, उपप्रमुख सामाजिक विकास समितिका सदस्य र वडा अध्यक्षहरूको सहभागितामा लैंगिक सम्वेदनशिल प्रजनन् स्वास्थ्यसम्बन्धी ३ दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको।
- वर्तमान संविधान अनुकुल मानव वेचविखन तथा ओसारपसार नियन्त्रण नियमावली (पहिलो संशोधन), २०७६ जारी भएको।
- विदेशका विभिन्न स्थानबाट ४ जना बालबालिका सहित ६७ जना महिला र नेपाल भित्रकै विभिन्न स्थानहरूबाट ४९ जना गरि जम्मा १ सय १६ जना महिलाको उद्धार गरिएको।
- केन्द्रीय बाल कल्याण समितिलाई राष्ट्रिय बाल अधिकार परिषद्मा रूपान्तरण तथा पुनर्संरचना गरिएको। वागमती प्रदेशमा दिवा शिशु स्याहार केन्द्र सञ्चालनको लागि जिल्ला बालकल्याण समितिको भवन मर्मत तथा नयाँ संरचनाको निर्माण गर्ने कार्य सम्पन्न भएको।
- बालबालिका खोजतलास नं.१०४ सञ्चालन निर्देशिका, २०७६ स्वीकृत भएको। हराएका २ हजार ७ सय २९ जना बालबालिका मध्ये फेलापरेका २ हजार २ सय १९ जना, बेवारिस फेलापरेका ३ सय ३७ जना बालबालिका गरी जम्मा २ हजार ४ सय १ जना बालबालिकाको पारिवारिक पुनर्मिलन गरिएको तथा १ सय ५५ जनालाई बालगृहमा पुनर्स्थापना गरिएको।
- प्रदेश नं १, २ र वागमती प्रदेशका जिल्लास्थित नेपाल प्रहरीका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, मुद्दा शाखा र सञ्चार शाखामा कार्यरत २ सय ९३ जना प्रहरी कर्मचारीको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिएको। बाल हेल्पलाइन नं. १०९८ सञ्चालन कार्यविधि, २०७६ संशोधन भई कार्यान्वयनमा आएको।

- जोखिममा परेका बालबालिकाको आपत्कालीन आकस्मिक उद्धार, राहत, मनोविमर्श, पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापनाका निम्ति काठमाडौं, मकवानपुर, कास्की, बाँके, सुर्खेत, दैलेख, कैलाली, बाजुरा, चितवन, उदयपुर, सुनसरी र मोरङ जिल्लामा ७ वटा गैससको सहकार्यमा बाल हेल्पलाइन १०९८ सञ्चालनमा रहेको।
- जोखिममा परी आपत्कालीन अवस्थामा रहेका १ हजार ४ सय ६४ जना बालबालिका (बालक ७ सय ४४ र बालिका ७ सय २०) को उद्धार गरिएको। उद्धार गरिएका सहित ८ हजार ७ सय ४४ जना बालबालिकालाई राहत, मनोविमर्श पारिवारिक परामर्श, शैक्षिक, कानूनी, जीविकोपार्जन सहयोग तथा अल्पकालीन आश्रय लगायत स्वास्थ्य उपचार सेवा उपलब्ध गराइएको ।
- मोरङ, सुनसरी, सर्लाही, मकवानपुर, काठमाडौं, ललितपुर, नुवाकोट, चितवन, बाँके, सुर्खेत, कैलाली र कन्चनपुर गरी १२ जिल्लामा सञ्चालित २ सय १६ वटा बाल गृहहरुको अनुगमन गरी सञ्चालन नभएका बालगृहहरूलाई आवश्यक निर्देशन तथा पृष्ठपोषण दिइएको। अनुगमन गरिएका ६ वटा बाल गृहबाट ५५ जना (बालक १९ र बालिका ३६) बालबालिकाको उद्धार गरी ५२ जनालाई परिवारमा पुनर्मिलन गराइएको तथा ३ जना बालकलाई पुनर्स्थापना केन्द्रमा व्यवस्थापन गरिएको।
- ६२ वटा स्थानीय तहबाट अनाथ बालबालिकाको तथ्याङ्क संकलन गरिएको। ५ सय ८२ जना सडक बालबालिकाको (बालक ४ सय ७० र बालिका १ सय १२) उद्धार गरी २ सय २८ (बालक १ सय ८४ र बालिका ४४) लाई परिवारमा पुनर्मिलन गरिएको तथा ३ सय ४० जना बालबालिका पुनःस्थापना केन्द्रमा आश्रित रहेका। विशेष संरक्षणको आवश्यकता भएका तथा जोखिममा परेका २४ जना बालबालिकालाई संरक्षण सहयोग प्रदान गरिएको।
- बेवारिस फेला परेका बालबालिका मध्ये १ सय ७७ (बालक १ सय ३७ र बालिका ४०) बाल गृहमा पुनर्स्थापना गरिएको। बेवारिस भेटिएका र शरीरमा लुगा तथा जुत्ता/चप्पल नभएका ६८ जना बालबालिकाका लागि सहयोग प्रदान गरिएको। ११ जिल्लाको बाल हेल्पलाइन नं. १०९८ बाट कुल १ हजार ३ सय ८८ जना बालबालिकाको आपत्कालीन उद्धार गरिएको, कुल ८ हजार १ सय ६ जना बालबालिकालाई आवश्यकताको आधारमा सहयोग प्रदान गरिएको।
- बालबालिकाको कानुनी अधिकारका विषयमा रेडियोबाट प्रचारप्रसार गरिएको। नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन, २०७६ तर्जुमा तथा प्रकाशन भएको।
- दोभाषे तालिम सञ्चालन गर्न तथा बहिरा अपाङ्गता भएका व्यक्तिका अवरोधका सम्बन्धमा अध्ययन, अनुसन्धान गर्न र साङ्केतिक भाषाको शब्दकोश तयार गर्न कार्यक्रम एवं बजेट सम्बन्धित स्थानीय तह मार्फत राष्ट्रिय बहिरा महासंघ नेपाललाई उपलव्ध गराइएको।
- अपाङ्गता भएका बालबालिकालाई विशेष संरक्षण दिने बाल गृहहरुसँग सहकार्य सम्बन्धी कार्यविधि निर्माण भएको। मन्त्रालयको अनुदान प्राप्त विभिन्न संस्थाहरुबाट अपाङ्गता भएका व्यक्तिहरूलाई १ हजार ६ सय १६ थान सहायक सामग्री उत्पादन तथा वितरण गरिएको। अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संस्थामा अनुदान दिइएको जसबाट २ सय ३१ जना व्यक्तिहरूलाई पुनर्स्थापना तथा संरक्षण प्राप्त भएको। ७ वटा सामुदायिक विद्यालयमा अपाङ्गमैत्री खेल परिसर निर्माण कार्य सम्पन्न भएको।

- मन्त्रालयबाट अनुदान प्राप्त विभिन्न संघ संस्थाहरूबाट सञ्चालित बृद्धाश्रममा ४ सय ५८ जनाले संरक्षण प्राप्त पाएको। १ सय ४५ जना ज्येष्ठ नागरिकलाई निःशुल्क आँखा शिविर तथा स्वास्थ्य परीक्षण सेवा उपलब्ध गराइएको।

## ९. आर्थिक वर्ष २०७६/७७ को खुद बजेट तथा खर्चको यथार्थ विवरण:

चालु खर्च (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४०००० ११३ | महिला,बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | ७९८८० | ७३०५५ | ९१.४६ |
| ३४०००० १२३ | समाज कल्याण केन्द्रहरू | २६७८७ | १९३९८ | ७२.४२ |
| ३४०००१०१३ | महिला सशक्तिकरण कार्यक्रम | ४९६०० | ३०१७९ | ६०.८५ |
| ३४०००१०२३ | समाज कल्याण कार्यक्रम (जेष्ठ नागरिक कार्यक्रम समेत) | १७२८०० | १०२७१२ | ५९.४४ |
| ३४०००१०३३ | बाल कल्याण कार्यक्रम | ४९००० | २७७७२ | ५६.६८ |
| ३४०००१०४३ | लैङ्गिक हिंसा निवारणका लागि महिला संस्थाहरूको एकीकृत विकास कार्यक्रम | ८००० | २०४१ | २५.५१ |
| ३४०००१०५३ | राष्ट्रपति महिला उत्थान कार्यक्रम | १८०५०८ | ३५९०१ | १९.८९ |
| ३४००११०१३ | महिला विकास कार्यक्रम | ३४००० | २५८९८ | ७६.१७ |
| ३४०४१०११३ | समाज कल्याण परिषद् | २५०० | १५०० | ६० |
| ३४०८१०११३ | बाल कल्याण समिति | १३०९०० | ६४८४४ | ४९.५४ |
| | कुल जम्मा | **७३३९७५** | **३८३३००** | **५२.२२** |

पुँजीगत खर्च (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४०००० ११४ | महिला,बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | २६५० | २५४४ | ९६ |
| ३४०००० १२४ | समाज कल्याण केन्द्रहरू | २०० | ० | ० |
| ३४०००१०१४ | महिला सशक्तिकरण कार्यक्रम | ५०० | ३०० | ६० |
| ३४०००१०२४ | समाज कल्याण कार्यक्रम (जेष्ठ नागरिक कार्यक्रम समेत) | २०० | ० | ० |
| ३४०००१०३४ | बाल कल्याण कार्यक्रम | ५९५७ | ५६५१ | ९४.८६ |
| ३४०००१०५४ | राष्ट्रपति महिला उत्थान कार्यक्रम | ४२७९२ | ३७४३९ | ८७.४९ |
| ३४००११०१४ | महिला विकास कार्यक्रम | ४०० | ३८९ | ९७.२ |
| ३४०४१०११४ | समाज कल्याण परिषद् | २५०० | २५०० | १०० |
| | कुल जम्मा | **५५१९९** | **४८८२३** | **८८.४९** |

## १०. चालु आर्थिक वर्ष २०७७/७८ को खुद बजेट तथा फागुन मसान्तसम्मको खर्चको अवस्था:

चालु खर्च (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४०००० ११३ | महिला,बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | ९५४४० | ४५५८९ | ४७.७७ |
| ३४०००० १२३ | पशुपति वृद्धाश्रम | २८७०० | ८८८४ | ३०.९५ |
| ३४०००१०१३ | लैङ्गिक हिंसा निवारण तथा मानव बेचबिखन नियन्त्रण कार्यक्रम | ३७३०० | २१३४७ | ५७.२३ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४०००१०२३ | सामाजिक विकास कार्यक्रम | १०८५०० | २४७७४ | २२.८३ |
| ३४०००१०३३ | बाल विकास कार्यक्रम | ८२७५० | ३०४४९ | ३६.८० |
| ३४०००१०५३ | राष्ट्रपति महिला सशक्तिकरण परियोजना | ७६५०० | १९०३२ | २४.८८ |
| ३४००११०१३ | महिला तथा बालबालिका विभाग | ५२५०० | २०१४२ | ३८.३७ |
| ३४०४१०११३ | समाज कल्याण परिषद् | २५०० | २२०० | ८८.०० |
| ३४०८१०११३ | राष्ट्रिय बाल अधिकार परिषद् | ७२२५० | ३०४४१ | ४२.१३ |
| | **कुल जम्मा** | **५५६४४०** | **२०२८५९** | **३६.४६** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | आयोजना/ कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४००००११४ | महिला,बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | १३२०० | ४०५ | ३.०७ |
| ३४००००१२४ | पशुपति वृद्धाश्रम | ३०० | १३३ | ४४.४३ |
| ३४०००१०२४ | सामाजिक विकास कार्यक्रम | १६७०० | २३७ | १.४२ |
| ३४०००१०३४ | बाल विकास कार्यक्रम | ४८२०० | २१०० | ४.३६ |
| ३४०००१०५४ | राष्ट्रपति महिला सशक्तिकरण परियोजना | १००० | ३८५ | ३८.५० |
| ३४००११०१४ | महिला तथा बालबालिका विभाग | ३४६५६ | १५८७ | ४.५८ |
| ३४०४१०११४ | समाज कल्याण परिषद् | ५५०० | १८०० | ३२.७३ |
| | **कुल जम्मा** | **११९५५६** | **६६४७** | **५.५६** |

♦ ♦ ♦

# युवा तथा खेलकुद मन्त्रालय

## १. पृष्ठभूमिः

युवाको क्षमता अभिवृद्धि गरी राष्ट्रको आर्थिक, सामाजिक र साँस्कृतिक रूपान्तरणमा उनीहरूको सक्रिय सहभागिता बढाउन र खेलकुद गतिविधि मार्फत नागरिकको शारीरिक तन्दुरुस्तीका साथसाथै सामाजिक, मानसिक र संवेगात्मक पक्षको सन्तुलित विकास गर्दै राष्ट्रिय एकता र गौरव अभिवृद्धि गर्न युवा तथा खेलकुद मन्त्रालय क्रियाशिल रहेको छ। स्वरोजगार तथा रोजगार बन्नका लागि युवालाई सहयोग गर्नुका साथसाथै स्काउटमार्फत युवामा अनुशासन र स्वयंसेवकीय संस्कार अभिवृद्धि गर्न मन्त्रालय प्रयासरत छ।

## २. दीर्घकालीन सोचः

युवाको सर्वाङ्गीण विकास गरी युवालाई राष्ट्र निर्माणको प्रमुख आधार बनाउनुका साथै स्वच्छ, व्यवसायिक र मैत्रीपूर्ण खेलकुद वातावरणको अभिवृद्धि गरिनेछ।

## ३. उद्देश्यः

- युवामा दक्षता र क्षमताको विकास गरी उद्यमशील, रोजगारमूलक र स्वरोजगार बनाउने,
- शासकीय प्रक्रिया एवम् सामाजिक, साँस्कृतिक र आर्थिक रूपान्तरणमा युवाको सार्थक सहभागिता अभिवृद्धि गर्ने,
- युवालाई आत्मनिर्भर, स्वावलम्बी, अनुशासित र चरित्रवान बनाउने साथै स्वयंसेवकीय कार्यमा युवालाई उत्प्रेरित गरी परिचालन गर्ने,
- खेलकुद पूर्वाधारको विकास, विस्तार र स्तरोन्नति गरी खेलकुद क्षेत्रलाई प्रतिष्पर्धी र व्यवसायिक बनाउने साथै सबै क्षेत्रमा खेलकुदलाई मूलप्रवाहीकरण गर्ने।

## ४. रणनीतिः

- प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकासको अवसर सिर्जना गर्ने,
- युवाद्वारा सञ्चालित उद्यम, व्यवसाय तथा उद्योगको प्रवर्द्धन गर्ने,
- वित्तीय स्रोत साधनमा युवाको पहुँच विस्तार गर्ने,
- स्काउटको संरचनालाई विकास र विस्तार गर्ने,
- तीनै तहसँगको समन्वय र सहकार्यमा खेलकुदका पूर्वाधारहरूको निर्माण, संरक्षण र स्तरोन्नति गर्ने,
- खेलकुद विकासमा आवद्ध निकाय, संघ संस्थाहरुको क्षमता विकास तथा संस्थाहरूमा सुशासन प्रवर्द्धन गर्ने,
- प्रतिभावान खेलाडीको पहिचान, क्षमता विकास तथा प्रोत्साहनको विकास गर्ने,
- समाजका प्रत्येक तह र क्षेत्रमा खेलकुदको महत्त्व स्थापित गर्दै सबै उमेर समूहका नागरिक सहभागी हुने अवसर सिर्जना गर्ने,
- आर्थिक तथा सामाजिक विकासका लागि खेलकुद गतिविधिलाई प्राथमिकता दिने।

## ५. कार्यक्षेत्रः

नेपालसरकार कार्यविभाजन नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायअनुसार रहेका छन्:

- युवा, खेलकुद र स्काउटसम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
- राष्ट्रियस्तरका खेलकुद संघसंस्थाको नियमन र समन्वय,
- राष्ट्रिय, प्रादेशिक र अन्तर्राष्ट्रियस्तरमा खेलकुद विकास र प्रवर्द्धन,
- राष्ट्रिय, प्रादेशिक र अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना र सहभागिता,
- युवा जागरण तथा विकास,
- राष्ट्रिय खेलकुद परिषद्,
- युवा स्वरोजगार कोष,
- मन्त्रालयसम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, अभिसन्धि, सम्पर्क र समन्वय,
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन।

## ६. चालु आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमका बुँदाहरूको फागुन मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| ६८ | युवा स्वरोजगार कोषको स्वरोजगार कर्जा कार्यक्रमको माध्यमबाट थप १२ हजार युवा स्वरोजगार हुनेछन्। | • युवा तथा साना व्यवसायी स्वरोजगार कोषबाट ४ हजार ५ सय ५७ जना स्वरोजगार भएको।<br>• स्वरोजगार भएका मध्ये १ हजार ४ सय ९८ व्यवसाय र व्यवसायीको बीमा गरिएको। |
| १८४ | युवा जनसङ्ख्या अधिकतम रहेको अवसरलाई जनसाङ्ख्यिक लाभको रूपमा उपयोग गराउन उच्चतम उत्पादक शक्तिको रूपमा परिचालन गरिनेछ। युवाको मनोबल उच्च राख्दै दक्षता विकास गरी सामाजिक परिचालन, विपद जोखिम न्यूनीकरण तथा राहत वितरण लगायत सामाजिक आर्थिक रूपान्तरणको प्रक्रियामा नेतृत्वदायी भूमिका सुनिश्चित गरिनेछ। युवा उद्यमशीलता विकासको लागि सबै प्रदेशमा युवा प्रवर्तन केन्द्र स्थापना गरिनेछ। | • युवा उत्प्रेरणा, युवा उद्यमशिलता र रोजगारी, लगायतका विषयमा २ हजार ८ सय युवालाई परामर्श सेवा प्रदान गरिएको।<br>• रेडियो नेपालबाट प्रत्येक हप्ताको आइतवार युवा सञ्चार रेडियो कार्यक्रम प्रसारण भइरहेको।<br>• प्रत्येक हप्ताको शनिवार नेपाल टेलिभिजनबाट युवा सञ्चार कार्यक्रम प्रसारण भइरहेको।<br>• नमुना युवा संसद् सञ्चालनसम्बन्धी प्रशिक्षण प्रदान गर्न ५० युवालाई प्रमुख प्रशिक्षकको तालिम प्रदान गरिएको। |
| १८५ | युवालाई व्यवसायिक तथा उद्यमशीलता तालिम, नव प्रवर्तन पुंजी र प्रविधि पहुँच तथा सहज व्यवसायिक वातावरण उपलब्ध गराई उद्यमी बनाइनेछ। विश्वविद्यालय तथा | • स्थानीय तह र बैंक तथा वित्तीय संस्थाहरूसँगको सहकार्य तथा साझेदारीमा ४ सय १७ जना युवालाई उद्यमशीलता तथा |

| | | |
|---|---|---|
| | विभिन्न सीप विकास सम्बद्ध संस्थाहरूको सहकार्यमा युवालाई प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम उपलब्ध गराई उद्यमशीलता विकास गरिनेछ। | वित्तीय साक्षरता तालीम प्रदान गरी सहुलियतपूर्ण कर्जाका लागि बैकहरूसँग समन्वय गराइएको। |
| १८६ | कोभिड-१९ को रोकथाम, विपद् व्यवस्थापन र मानवीय सेवामा संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा राष्ट्रिय युवा परिषद्, नेपाल स्काउट, राष्ट्रिय सेवा दल तथा शैक्षिक संस्था लगायतका माध्यमबाट युवा परिचालन गरिनेछ। | • कोभिड -१९ विरुद्धको सचेतना, डेङ्गु र अन्य सरुवा रोगहरूको रोकथाम, ट्राफिक व्यवस्थापन लगायत मानवीय सेवामा कुल २ हजार ७ सय ३३ युवा परिचालन गरिएको।<br>• कोरोनासम्बन्धी सचेतना अभियान, क्वारेन्टाइन र आइसोलेसन निर्माण, कोरोना निसंक्रमण, स्वाब संकलन, शव व्यवस्थापन, निषेधाज्ञाको समयमा स्वास्थ्यकर्मीहरूलाई यातायात व्यवस्थापन, मास्क सिलाई तथा वितरण, कोभिड एवं डेङ्गु नियन्त्रण र मेला पर्व व्यवस्थापन आदि कार्यमा २५ हजार ७ सय ४३ जना स्काउट स्वयंसेवक परिचालन गरिएको। |
| १८७ | युवामा अनुशासन संस्कृतिको विकास, शारीरिक तन्दुरुस्ती तथा मानसिक विकास एवं खेलकुद मार्फत मुलुकको पहिचान र प्रतिष्ठाका लागि खेलकुद क्षेत्रको समग्र विकास अघि बढाउन संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा खेलकुद पूर्वाधारको निर्माण, प्रतियोगिताको आयोजना र प्रशिक्षणका कार्यक्रम सञ्चालन गरिनेछ। | • खेलकुदका ९ वटा राष्ट्रियस्तरका प्रतियोगिता आयोजना गरिएको। २ वटा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी भएको।<br>• स्थानीयस्तरमा १२ हजार ८ सय ११ जना खेलाडीलाई आधारभूत खेलकुद प्रशिक्षण र २ सय ६० जना खेलाडीलाई राष्ट्रियस्तरमा विशेष प्रशिक्षण प्रदान गरिएको। |
| १८८ | निर्माणाधीन अन्तर्राष्ट्रिय क्रिकेट मैदान तथा अन्य क्रिकेट रङ्गशाला, अन्तर्राष्ट्रियस्तरको खेलकुद परिसरको निर्माण एवम् प्रादेशिक रङ्गशाला निर्माण शुरू गरिनेछ। सबै स्थानीय तहमा खेलग्रामको विकास गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको छ। | • मूलपानी क्रिकेट रङ्गशालाको २८ प्रतिशत निर्माण कार्य सम्पन्न भई चौथो चरणको निर्माण कार्यका लागि ठेक्का सम्झौता गरिएको।<br>• भैरहवा क्रिकेट रङ्गशाला निर्माणको ३० प्रतिशत कार्य सम्पन्न भएको। तेस्रो चरणको ठेक्काबमोजिम माथिल्लो प्यारापिट ढलान सम्पन्न भई भित्री भागमा इँटाको गारो र प्लास्टर गर्ने कार्य भइरहेको। बैजनाथपुर क्रिकेट रङ्गशालामा खेलमैदान निर्माण भएको।<br>• प्रदेशहरूमा अन्तर्राष्ट्रियस्तरको रङ्गशाला निर्माण अन्तर्गत धनगढी रङ्गशालाको जी ब्लक निर्माण |

| | | |
|---|---|---|
| | | कार्य भइरहेको। सुर्खेत रङ्गशालाको बाउण्ड्री वाल निर्माण गर्न बोलपत्र आह्वान भएको।<br>• खेलग्राम निर्माण गर्नका लागि ८० स्थानीय तह छनौट भएको। गत आ.व.मा छनौट भई खेलग्राम निर्माण शुरु गरेका ६० स्थानीय तहहरूलाई वित्तीय हस्तान्तरण गरिएको। |
| १८९ | नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन गर्न आवश्यक पूर्वाधार निर्माण एवम् व्यवस्थापनका लागि रकम विनियोजन गरिएको छ। खेलकुद पूर्वाधारको कमी भएको कर्णाली प्रदेशमा राष्ट्रियस्तरको खेलकुद प्रतियोगिता सञ्चालन हुन सक्ने गरी खेल पूर्वाधार विकास गर्न, उच्च पर्वतीय खेलकुद तालिम केन्द्र स्थापना गर्न र थप कभर्डहल निर्माण गर्न बजेट व्यवस्था गरिएको छ। | • पोखरा रङ्गशालाको ८० प्रतिशत निर्माण कार्य सम्पन्न भएको।<br>• लामाचौर फुटबल स्टेडियम, लमजुङमा कभर्डहल, पर्वतमा कभर्डहल, बेनीमा रङ्गशाला, मनाङमा कभर्डहल, गौलिटार लमजुङमा रङ्गशाला, बाग्लुङ्गमा कभर्डहल र गोरखामा रङ्गशाला स्तरोन्नतिको कार्य शुरु भएको।<br>• मनाङ, जुम्ला र घान्द्रुकमा हाइ एल्टिच्यूड ट्रेनिङ्ग सेन्टर स्थापनाका लागि पूर्वाधार निर्माण कार्य शुरु भएको।<br>• नारायणी कभर्डहलको जग खन्ने कार्य भइरहेको। धनगढी कभर्डहलमा छानो राख्न ट्रस जडान भइरहेको। दमक झापामा कभर्डहल निर्माणका लागि सम्झौता भई निर्माण कार्य शुरु भएको। |

## ७. चालु आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

### युवा तथा स्काउट तर्फ

- १३ जना प्रतिभावान् युवा छनौट गरी नगद पुरस्कारसहित राष्ट्रिय युवा प्रतिभा सम्मान प्रदान गरिएको।
- ७० जना स्काउटलाई विपद् व्यवस्थापन तालिम र ५ सय ३५ जना स्काउटलाई बि.टी.सी/पि.टी.सी तालिम प्रदान गरिएको। स्काउट स्कार्फ डे अगष्ट १ को उपलक्ष्यमा १ सय ८० जनाको सहभागितामा वृक्षारोपण तथा सरसफाइ कार्यक्रम आयोजना गरिएको।
- लागू औषध दुर्व्यसनी विरुद्ध सचेतना जगाउने कार्यमा स्काउट परिचालनका लागि ३ सय ४० जना स्काउटलाई तालिम प्रदान गरिएको।
- अन्तर्राष्ट्रिय शान्ति दिवसको अवसरमा सोसल मिडिया मार्फत शान्तिको सन्देश फैलाउन Ride with Pride, Ride with Peace को नारा सहित Peace Cycle Rally आयोजना गरिएको। रक्तदान गरौं, जीवन बचाऔं भन्ने नारा सहित ललितपुरमा आयोजना गरिएको रक्तदान कार्यक्रममा ५० जना स्काउटले रक्तदान गरेको।

- अन्तर्राष्ट्रिय महिला दिवस २०२१ (२०७७ फागुन २४) को अवसरमा नेपाल स्काउट मार्फत "Women in Lead" कार्यक्रम आयोजना गरिएको। उक्त कार्यक्रममा विभिन्न जिल्लाका ७१ जना महिला सहभागीलाई ५ विधा (Women in lead, Women in STEM, Period Poverty, Women in SDGs and Empowerment & Opportunities in guiding and scouting for women and girls) मा प्रशिक्षण प्रदान गरिएको।

**खेलकुद र पूर्वाधारतर्फ**

- ६ हजार ५ सय दर्शक क्षमताको च्यासल रङ्गशाला निर्माणको ९० प्रतिशत कार्य सम्पन्न भएको। इटहरी रङ्गशाला निर्माणको ९८ प्रतिशत कार्य सम्पन्न भएको। धरान रङ्गशालामा फाउन्डेशन निर्माण कार्य भइरहेको। सिमरा रङ्गशाला बाराको २० प्रतिशत निर्माण कार्य सम्पन्न भएको। फिदिम रङ्गशाला, पाँचथरको निर्माण कार्य प्रारम्भ भएको। नारायणी रङ्गशाला निर्माण, पर्साको पुरानो प्यारापिट भत्काउने कार्य सम्पन्न भएको। गोलबजार रङ्गशाला सिराहाको निर्माण कार्य शुरु भएको।
- नुवाकोटमा ४० जना र रूपन्देहीमा ४० जना खेलकर्मीको सहभागितामा खेलकुदमा प्रतिबन्धित औषधी सेवन विरुद्धको सचेतना कार्यक्रम सञ्चालन गरिएको।
- अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक प्राप्त गरेका खेलाडीलाई २०७७ फागुन महिनासम्मको मासिक सम्मान भत्ता प्रदान गरिएको। ७ जना खेलाडी, २ जना प्रशिक्षक, १ जना निर्णायक, १ जना चिकित्सक र एउटा खेल संघलाई नगद पुरस्कार सहित खेलकुदको राष्ट्रिय प्रतिभा सम्मान प्रदान गरिनुका साथै खेलकुदमा प्रायोजन गरे वापत काठमाडौं महानगरपालिका र कतार एयरवेजलाई सम्मान गरिएको।
- विभिन्न सञ्चार माध्यमका ९ जना खेलकुद पत्रकारलाई नगदसहित खेलकुद पत्रकारिता पुरस्कार प्रदान गरिएको।

## ८. आर्थिक वर्ष २०७६/७७ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

**युवाको क्षमता विकास तथा सशक्तिकरण**

- राष्ट्रिय युवा परिषदमार्फत ५ सय ८५ जना युवालाई उद्यमशिलता तथा वित्तीय साक्षरता तालिम प्रदान गरिएको। १ हजार ३३ जनालाई स्काउट तथा विपद व्यवस्थापनसम्बन्धी आधारभूत तालिम प्रदान गरिएको। विद्यालयमा अध्ययनरत ६७२ जना विद्यार्थीलाई स्काउट स्वयंसेवक तालिम प्रदान गरी स्काउट पोशाक र औजार वितरण गरिएको। ककनी अन्तर्राष्ट्रिय स्काउट सेन्टर, ककनीबाट विभिन्न विद्यालयका २ हजार ३ सय जना विद्यार्थीहरूलाई स्काउट तालिम प्रदान गरिएको। सुन्दरीजल तालिम केन्द्रबाट विभिन्न विद्यालयका १ हजार १ सय ६० जना विद्यार्थीहरूलाई स्काउट तालिम प्रदान गरिएको। नेपाल स्काउट र यसका विविध गतिविधिहरू झल्कने जनचेतनामूलक कार्यक्रम मेरो स्काउट नामक वृत्तचित्रको प्रसारण गरिएको।
- २ सय ३ जना युवालाई युवा क्लब गठन तथा परिचालनसम्बन्धी प्रशिक्षक प्रशिक्षण प्रदान गरिएको। विभिन्न स्थानीय तहका ६० वटा वडामा एक/एक वटा युवा क्लब गठन गरिएको। युवा क्लब मार्फत स्वास्थ्य सचेतना, सरसफाइ, कोरोना महामारी रोकथाम, लैंगिक हिंसा र जातीय विभेद विरुद्धको सचेतना कार्यमा ६ हजार २ सय २० जना युवा परिचालन गरिएको।

- विभिन्न क्षेत्रका ४० जना युवालाई आर्थिक, सामाजिक, भौगोलिक अवस्थाका बारेमा जानकारी गराउन अनुभव आदानप्रदानको लागि आन्तरिक अवलोकन भ्रमण गराइएको। युवाका गतिविधिसहित प्रेरणादायी कार्यक्रमहरू समेटिएको टेलिश्रृङ्खला तयार गरी नेपाल टेलिभिजनबाट नियमितरूपमा ५२ भाग प्रसारण गरिएको। युवा सम्बन्धी विभिन्न विषयमा कार्यक्रम तयार गरी रेडियो नेपालबाट युवा सञ्चार रेडियो कार्यक्रम उत्पादन गरी प्रसारण गरिएको। उक्त कार्यक्रम सातै प्रदेशका विभिन्न २२ वटा सामुदायिक रेडियोमार्फत पुनःप्रसारण गरिएको।
- ३ सय युवा वैज्ञानिकको सहभागितामा लुम्बिनी प्रदेशमा विज्ञान तथा प्रविधिसम्बन्धी युवा सम्मेलन सम्पन्न भएको। शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, नाष्ट र राष्ट्रिय युवा परिषद्को सहकार्यमा ५ सय युवाको सहभागितामा विज्ञान तथा प्रविधिसम्बन्धी अन्तर्राष्ट्रिय युवा वैज्ञानिक सम्मेलन आयोजना भएको।
- युवा जागरण र उत्प्रेरणा, कृषि उद्यमशीलता प्रवर्द्धनमा प्रविधिको प्रयोग र वित्तीय व्यवस्था, उद्यम प्रवर्द्धनमा शुरुवाती पुँजी, खोज पत्रकारिता, प्रत्यक्ष विकासका लागि युवा र युवाका लागि उद्यममा लगानी र स्वरोजगारको अवसर, समाज रूपान्तरणमा युवा, कानुनी साक्षरता र साईवर अपराध, लगानी बचत र पुँजी निर्माण, उद्यमशिलता र स्वरोजगार, कोभिड १९ को असहज अवस्थामा तनाव व्यवस्थापन विषयमा ३ हजार १ सय ६१ जना युवालाई परामर्श/मार्गदर्शन प्रदान गरिएको।
- युवा प्रतिभाको पहिचान र प्रोत्साहनका लागि सबै प्रदेशहरूमा भौतिक उपस्थितिमा तथा संघीय तहमा अनलाईन मार्फत "शिक्षाको रूपान्तरणमा युवाको भूमिका" विषयक वक्तृत्वकला प्रतियोगिता सम्पन्न गरिएको। नेपाल प्रज्ञा प्रतिष्ठानको सहकार्यमा सबै प्रदेशको प्रतिनिधित्व गराई प्रथम युवा गजल महोत्सव सम्पन्न भएको। न्हुवः खलः सँगको सहकार्यमा युवा कविता महोत्सव सम्पन्न गरिएको।

**युवा उद्यमशीलता**

- युवा तथा साना व्यवसायी स्वरोजगार कोष मार्फत ७५ करोड ६८ लाख ६० हजार रूपैयाँ कर्जा लगानी भई ५ हजार २ सय २ जना स्वरोजगार भएको। स्वरोजगारका लागि व्यवसाय सञ्चालन गर्न ऋण लिने सबैलाई अभिमुखीकरण तालिम प्रदान गरिएको।
- युवा तथा साना व्यवसायी स्वरोजगार कोष मार्फत कर्जा लिने ५ हजार ६ सय ९४ जना व्यवसायी र व्यवसायको बीमा गरिनुका साथै ३ सय ५९ जना व्यवसायीलाई रु.३९ लाख ७४ हजार ब्याज अनुदान प्रदान गरिएको।
- राष्ट्रिय युवा परिषद् मार्फत काठमाडौं उपत्यका, नवलपरासी (सुस्ता पूर्व), नवलपरासी (सुस्ता पश्चिम), मकवानपुर र चितवन जिल्लामा युवाबाट सञ्चालित उद्यमहरूमा प्राविधिक ज्ञानसहित उत्प्रेरणा प्रदान गर्न कृषि तथा वन विश्वविद्यालय, रामपुर, चितवनका १ सय ९७ जना प्राविधिक युवा विद्यार्थीहरूबाट स्थलगत सहजीकरण गराइएको।

**युवा परिचालन**

- सुदूर पश्चिम प्रदेशको सामाजिक विकास मन्त्रालयसँगको सहकार्यमा ५० जनाको सहभागितामा राष्ट्रिय विकास स्वयंसेवक सेवा कार्यक्रमको प्रवर्द्धन र प्रभावकारीतासम्बन्धी अन्तरक्रिया सञ्चालन गरिएको।

- राष्ट्रिय युवा परिषद् र मन्त्रालयको सहकार्यमा कैलाली, सुर्खेत, बुटवल र कास्कीमा १८० जना युवालाई १ दिने अभिमुखीकरण प्रदान गरी अन्धविश्वास, लैङ्गिक हिंसा जातीय विभेद तथा छुवाछूत विरुद्धमा जनचेतना जगाउने कार्यमा युवा परिचालन गरिएको।
- विभिन्न विषय क्षेत्रका ६ वटा युवा सञ्जाल गठन गरी उक्त सञ्जालमार्फत सामाजिक जागरण र समृद्धिका लागि स्वास्थ्य, शिक्षा, कृषि, पर्यटन, वातावरण संरक्षण, छुवाछूत र लैंगिक हिंसा विरुद्ध ३ हजार ९ सय १५ जना युवा स्वयंसेवक परिचालन गरिएको।
- सार्वजनिक शिक्षाको सबलीकरण तथा उद्यमशीलता प्रवर्द्धनका लागि रामेछापको गोकुलगंगा गाउँपालिकामा जनप्रतिनिधि, शिक्षक, विद्यार्थी र युवा गरी २ सय जनाका लागि २ दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको। उक्त गाउँपालिकामा रहेका ७ वटा माध्यामिक विद्यालयमा दैनिक ५० जनाका दरले ५ दिनसम्म शैक्षिक गतिविधिमा टेवा पु¥याउन युवा परिचालन गरिएको।
- चाडपर्व लक्षित उपत्यकाको ट्राफिक व्यवस्थापनमा सहजीकरणका लागि ५ सय युवालाई सो सम्बन्धी अभिमुखीकरण सञ्चालन गरी ७ दिनसम्म स्वयंसेवकको रूपमा परिचालन गरिएको।
- विभिन्न दिवस, अवसर र कोरोना महामारी रोकथामका लागि सचेतना, राहत वितरण, क्वारेन्टीन निर्माण लगायतका कार्यमा २६ हजार ५ सय ८७ जना स्काउट स्वयंसेवक परिचालन भएको।

**युवा प्रोत्साहन**

- अन्तर्राष्ट्रिय युवा दिवसका दिन ९ जना प्रतिभावान् युवा र २ वटा युवासम्बन्धी कार्य गर्ने संस्थालाई जनही रु.१ लाखका दरले नगदसहित राष्ट्रिय युवा प्रतिभा सम्मानद्वारा सम्मान गरिएको।
- राष्ट्रिय अपाङ्ग कोषको सहकार्यमा १ सय जना युवालाई रु.२० लाख बराबरको कृत्रिम हात खुट्टा, व्हिल चेयर, वैशाखी, क्यालिपर, अर्थोपेडिक, जुत्ता, सेतो छडी, हेयरीङ्ग एड लगायतका अपाङ्गतासम्बन्धी सहायता सामग्री प्रदान गरिएको।
- विज्ञान तथा प्रविधिको क्षेत्रको खोज अनुसन्धानमा युवालाई उत्प्रेरित गर्न विज्ञान तथा प्रविधिको क्षेत्रमा स्नातकोत्तर तहमा अध्ययनरत ३२ जना युवालाई अनुसन्धान सहयोग अनुदान प्रदान गरिएको।
- युवा मैत्री स्थानीय तह विकासका लागि स्वमूल्याङ्कनमा आधारित फारामको विकास गरी विज्ञहरूबाट मूल्याङ्कन गराई ७ वटै प्रदेशको एक/एक वटा पालिका छनौट गरी प्रोत्साहन बापत पाँच/पाँच लाख पुरस्कार उपलब्ध गराइएको।

**खेलकुद प्रशिक्षण तथा क्षमता विकास**

- राष्ट्रिय टिमका ५ सय ९६ जना खेलाडीहरूलाई स्वदेशी तथा विदेशी प्रशिक्षकहरूबाट विशेष प्रशिक्षण प्रदान गरिएको। १५ हजार खेलाडीहरूलाई नियमित रूपमा स्थानीयस्तरमा प्रशिक्षण प्रदान गरिएको।
- लैङ्गिक हिंसा विरुद्ध सचेतना अभिवृद्धिका लागि पठन सामाग्री तयार गरिएको। खेलाडीहरू, खेल शिक्षक र प्रशिक्षक गरी १ सय २ जनालाई खेलकुदमा लैङ्गिक हिंसाविरूद्धको सचेतना कार्यक्रम सञ्चालन गरिएको।
- १३औं दक्षिण एसियाली खेलकुदका लागि बन्द प्रशिक्षणमा रहेका ३ सय १९ जना खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई खेलकुदमा प्रतिबन्धित औषधी विरुद्धको सचेतना कार्यक्रम सञ्चालन गरिएको। खेलकुदमा प्रतिबन्धित औषधी सेवन विरुद्धको सचेतनासम्बन्धी ब्रोसर तथा एप्स निर्माण गरिएको।

**खेलकुद प्रतियोगिता आयोजना**

- काठमाडौं, पोखरा र जनकपुरमा २०७६ मंसिर १५ देखि २५ सम्म तेह्रौं दक्षिण एसियाली खेलकुद प्रतियोगिता आयोजना गरिएको। उक्त प्रतियोगितामा दक्षिण एसियाली ७ वटा राष्ट्रका १ हजार ४ सय ६४ जना पुरुष र १ हजार २ सय ५१ जना महिला खेलाडीको सहभागिता रहेको। उक्त प्रतियोगितामा नेपालको तर्फबाट ५ सय ९६ जना (पुरुष-३ सय ४ र महिला-२ सय ९२) खेलाडीको सहभागीता रहेको। २६ वटा खेलका १ हजार १ सय १५ वटा पदक (स्वर्ण-३ सय १७, रजत-३ सय १७ र कास्य-४ सय ८१) का लागि भएको प्रतिस्पर्धामा २ सय ७ पदक (स्वर्ण-५१, रजत-६० र कास्य-९६) प्राप्त गरी नेपाल पदक तालिकामा दोस्रो स्थान हासिल गर्न सफल भएको।
- काठमाडौंमा दक्षिण एसियाली महिला तथा पुरुष शारीरिक सुगठन प्रतियोगिता, विराटनगरमा पुष्पलाल स्मृति अन्तर्राष्ट्रिय ब्याड्मिन्टन प्रतियोगिता, पोखरामा एसिया कन्टिनेन्टल प्याराग्लाइडिङ च्याम्पियनसिप, संयुक्त राज्य अमेरिका र ओमानसँग क्रिकेट खेलको त्रिकोणात्मक प्रतियोगिता सफलतापूर्वक आयोजना गरेको।
- राष्ट्रिय पुरुष तथा महिला हक्की प्रतियोगिता, राष्ट्रिय किकबक्सिङ प्रतियोगिता, राष्ट्रिय कराँते तथा किकबक्सिङ प्रतियोगिता, गणेशमान सिंह स्मृति महिला तथा पुरुष बक्सिङ प्रतियोगिता, मदन भण्डारी रोडरेस प्रतियोगिता लगायत ७ वटा राष्ट्रियस्तरको प्रतियोगिता आयोजना गरिएको।

**खेलाडी प्रोत्साहन**

- दक्षिण एसियाली खेलकुद प्रतियोगितामा स्वर्ण पदक हासिल गर्ने खेलाडीलाई र एसियाली खेलकुद प्रतियोगितामा पदक हासिल गर्ने खेलाडीलाई रु.६ हजारका दरले र ओलम्पिक खेलकुद प्रतियोगितामा सहभागी हुने खेलाडीलाई रु.४ हजारका दरले १ सय ७० जना खेलाडीलाई मासिक भत्ता वितरण गरिएको।
- बंगलादेशमा आयोजना भएको AVC Central Zone Women Volleyball Championship मा स्वर्णपदक हासिल गर्ने १२ जना नेपाली खेलाडीलाई जनही रु.३ लाख, प्रशिक्षक र व्यवस्थापकलाई जनही रु.१ लाख ५० हजार गरी १६ जनालाई रु.४२ लाख नगद पुरस्कार प्रदान गरिएको।
- तेह्रौ दक्षिण एशियाली खेलकुद प्रतियोगितामा पदक प्राप्त गर्ने ४ सय ३५ जना खेलाडीलाई रु.१९ करोड ५३ लाख, १ सय ८ जना प्रशिक्षकलाई रु.३ करोड ८ लाख र २ वटा खेल संघलाई रु.१५ लाख पुरस्कार प्रदान गरिएको।
- एउटा खेलकुद संघ, एउटा खेलकुद प्रायोजक संस्था, ५ जना खेलाडी, १ जना प्रशिक्षक, १ जना रेफ्री र १ जना व्यवस्थापक गरी १० जनालाई रु.१ लाख नगद सहित राष्ट्रिय खेलकुद प्रतिभा सम्मान प्रदान गरिएको।एकजना महिलासहित ४ जना खेलकुद पत्रकारलाई जनही रु.५० हजारका दरले नगदसहित पुरस्कार प्रदान गरिएको।
- खेलकुदको क्षेत्रमा शोधकार्य गर्ने स्नातकोत्तर तहमा अध्ययनरत ६ जना विद्यार्थीहरुलाई रु.२ लाख ८२ हजार शोधकार्यका लागि आर्थिक सहयोग प्रदान गरिएको।
- खेलकुद प्रशिक्षण र प्रतियोगितामा सहभागी हुने सबै खेलाडीहरूको आवधिक दुर्घटना बीमाको व्यवस्था गरिएको।

**सबै प्रदेशमा अन्तर्राष्ट्रिय सुविधासम्पन्न रङ्गशाला निर्माणः**

- इटहरी रङ्गशालाको ग्राण्ड स्टाण्डमा फ्रेमिङ, सिट जडान सम्पन्न भएको। राम जानकी रङ्गशालाको कम्पाउण्डवाल, शौचालय र चौकिदार घर निर्माण चालु रहेको। दशरथ रङ्गशाला स्तरोन्नति सम्पन्न भएको। पोखरा रङ्गशामा १६ हजार ५ सय दर्शक क्षमताको प्यारापिट निर्माण गरी सिट जडान सम्पन्न भएको। धनगढी रङ्गशालाको प्यारापिट निर्माण अन्तर्गत जि ९ ब्लक र जि ८ ब्लकको ढलान सम्पन्न भएको।

**स्थानीय तहमा खेलग्राम निर्माणः**

- स्थानीय तहसँगको सहलगानीमा सबै पालिकामा खेलग्राम निर्माण गर्ने नीतिगत निर्णय अनुसार यस वर्ष ८४ वटा स्थानीय तहमा खेलग्राम निर्माण शुरु गरिएको।

**तेह्रौं दक्षिण एसियाली खेलकुद प्रतियोगिताका लागि पूर्वाधार निर्माणः**

- सातदोबाटो ललितपुरमा हिटिङ सिस्टमसहितको पौडी पोखरी, लन टेनिस कोर्ट, स्क्वास कोर्ट, कराते हल, तेक्वान्दो हल, सुटिङ् हल निर्माण सम्पन्न भएको।
- काठमाडौंमा दशरथ रङ्गशालाको स्तरोन्नति, कीर्तिपुर बास्केटबल कभर्डहल निर्माण र लैनचौर टीटी हलको मर्मत सुधार सम्पन्न भएको।
- पोखरामा रङ्गशाला, व्याडमिण्टन हल, ह्याण्डबल एकेडेमी, लन टेनिस कोर्ट, पोखरा बहुउद्देश्यीय कभर्डहल निर्माण भएको।
- नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीका खेलस्थलहरूको मर्मत तथा स्तरोन्नति गरिएको।

**नवौं राष्ट्रिय खेलकुद पूर्वाधार निर्माण**

- पोखरामा क्रिकेट मैदान निर्माणको लागि बोलपत्र आह्वान गरिएको। पोखरामा सुटिङ्ग हल र पौडी पौखरी निर्माणको लागि तयार भएको विस्तृत परियोजना प्रतिवेदन (DPR) को चेकजाँच भई बहुवर्षीय ठेक्का स्वीकृतिका लागि प्रकृया शुरु गरिएको।
- बाङ्गेचौर कभर्डहल बाग्लुङको हलमा प्लाष्टर, भुई ढलान, फलामको प्यारापिट र स्टेज, च्यानल गेट, काठको झ्याल, ग्रिल र शौचालय निर्माण सम्पन्न भएको। लमजुङ्गमा २५x२८ मी. को कभर्डहल निर्माणका लागि ३५ वटा पिल्लर मध्ये ३० वटा पिल्लर निर्माण सम्पन्न भएको।

**क्रिकेट मैदान निर्माण :**

- मूलपानी क्रिकेट मैदानको कम्पाउण्ड वाल निर्माण सम्पन्न भई काँडेतार लगाउने तथा रंगरोगन सम्पन्न भएको। भैरहवा अन्तर्राष्ट्रिय क्रिकेट मैदानको प्यारापिट निर्माणका लागि टाइबिम ढलान सम्पन्न भएको।
- महेन्द्रनगर क्रिकेट मैदानमा माटो भरी लेबलिङ सम्पन्न भएको। कोहलपुर क्रिकेट मैदानमा ६० मिटर बाउन्ड्रिवाल तथा टिकट काउण्टरको डिपिसि निर्माण सम्पन्न भएको।

**कर्णाली प्रदेशमा खेलकुद पूर्वाधार निर्माणः**

- जुम्लाको सदरमुकाममा कभर्डहल निर्माण भएको।

**हाइअल्टिच्यूट ट्रेनिङ्ग सेन्टर निर्माणः**

- जुम्ला, मनाङ्ग र घान्द्रुकमा हाइ एल्टिच्यूड ट्रेनिङ्ग सेन्टर निर्माण शुरु गरिएको।

**अन्य पूर्वाधार निर्माणः**

- गौरीटार हेटौंडामा गौरीटार स्पोर्ट्स एकेडेमीका लागि २ वटा प्रिफ्याव कभर्डहल निर्माण भएको। दशरथ रङ्गशाला परिसरमा प्रशासनिक भवन निर्माण सम्पन्न भएको।
- ललितपुरको च्यासलमा निर्माणाधीन रङ्गशालाको मैदान र प्यारापिट निर्माण सम्पन्न भएको। सिमरा रङ्गशालाको जनरल प्यारापिटको जगको फुटिङको ढलान र टाइबिम ढलान सम्पन्न भएको।

**कभर्डहल निर्माणः**

- दमक कभर्डहल झापा, जेष्ठ नागरिक बहुउद्देश्यीय कभर्डहल कास्की, धनगढी कभर्डहल कैलाली, नारायणी कभर्डहल पर्सा, माधवलिया ब्याड्मिन्टन कभर्डहल तिलोत्तमा रूपन्देही, ब्याड्मिन्टन कभर्डहल नैकाप काठमाडौं र गोदावरी ललितपुरमा कभर्डहलहरू निर्माणाधीन अवस्था रहेको।

**निर्माण/परिमार्जन भई कार्यान्वयनमा आएका ऐन, नियम, कार्यविधि, निर्देशिकाहरूः**

- राष्ट्रिय खेलकुद विकास ऐन, २०७७
- युवा तथा साना व्यवसायी स्वरोजगार कोष नियमावली, २०७७
- खेलकुद पत्रकारिता पुरस्कार तथा सम्मान कार्यविधि, २०७६
- विदेशी खेलाडीहरूको श्रम स्वीकृति कार्य सहमति र प्रवेशाज्ञाका लागि सिफारिससम्बन्धी मापदण्ड, २०७६
- खेलकुद पुरस्कार तथा सम्मान कार्यविधि, २०७२ को पहिलो संशोधन
- राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता सञ्चालन कार्यविधि, २०७० चौथो संशोधन

## ९. आर्थिक वर्ष २०७६/७७ को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४३०००११३ | युवा तथा खेलकुद मन्त्रालय | ४३५३२ | ३८१५१ | ८७.६४ |
| ३४३००१०२३ | खेलकुद विकास कार्यक्रम | २७०३३३ | २३७६५२ | ८७.९१ |
| ३४३००१०१३ | राष्ट्रिय युवा परिचालन कार्यक्रम | ८८९६८ | ६४२३६ | ७२.२ |
| ३४३४१०११३ | राष्ट्रिय खेलकुद परिषद् | २२२५१४८ | १९३०७७० | ८६.७७ |
| ३४३४१०१२३ | राष्ट्रिय युवा परिषद् | १०४५०० | ६५५६७ | ६२.७४ |
| ३४३५१०११३ | यु. सा. व्यवसायी स्वरोजगार कोष | १५०२५१ | ८१०५४ | ५३.९५ |
| | **कुल जम्मा** | २८८२७३२ | २४१७४३१ | ८३.५६ |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४३०००११४ | युवा तथा खेलकुद मन्त्रालय | ७०० | ३८० | ५४.२६ |
| ३४३४१०११४ | राष्ट्रिय खेलकुद परिषद् | २७००६०६ | २२३१२०७ | ८२.६२ |
| ३४३४१०१२४ | राष्ट्रिय युवा परिषद् | १५०० | १४९६ | ९९.७५ |
| ३४३५१०११४ | यु. सा. व्यवसायी स्वरोजगार कोष | १४०० | ५०३ | ३५.९४ |
| | **कुल जम्मा** | २७०४२०६ | २२३३५८७ | ८२.६२ |

## १०. चालु आर्थिक वर्ष २०७७/७८ को खुद बजेट तथा फागुन मसान्तसम्मको खर्चको यथार्थ विवरण:

चालु खर्च (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | यथार्थ खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४३०००११३ | युवा तथा खेलकुद मन्त्रालय | ४७७०८ | २४७७४ | ५१.९३ |
| ३४३००१०१३ | राष्ट्रिय युवा परिचालन कार्यक्रम | १६२५९ | २२०९ | १३.५९ |
| ३४३००१०२३ | खेलकुद विकास कार्यक्रम | २१३०० | २१४१ | १०.०५ |
| ३४३००१०३३ | नेपाल स्काउट | ७५००० | ३४००० | ४५.३३ |
| ३४३४१०११३ | राष्ट्रिय खेलकुद परिषद् | ९६२००० | ४१२५५९ | ४२.८९ |
| ३४३४१०१२३ | राष्ट्रिय युवा परिषद् | ९३९०० | २२०५८ | २३.४९ |
| ३४३५१०११३ | युवा स्वरोजगार कोष | १२५६०० | २३०७१ | १८.३७ |
| | कुल जम्मा | १३४१७६७ | ५२०८१२ | ३८.८२ |

पुँजीगत खर्च (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | यथार्थ खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४३०००११४ | युवा तथा खेलकुद मन्त्रालय | १५५० | ४५ | २.८७ |
| ३४३४१०११४ | राष्ट्रिय खेलकुद परिषद् | ५१०८०० | २८३३७ | ५.५५ |
| ३४३४१०१२४ | राष्ट्रिय युवा परिषद् | ११०० | ३०० | २७.२७ |
| ३४३५१०११४ | युवा स्वरोजगार कोष | ८०० | ६८ | ८.४८ |
| | कुल जम्मा | ५१४२५० | २८७५० | ५.५९ |

◆ ◆ ◆

# रक्षा मन्त्रालय

## १. पृष्ठभूमिः

राष्ट्रको सम्प्रभुताको संरक्षण र आन्तरिक एवं बाह्य सुरक्षा चुनौती तथा हस्तक्षेप र बाह्य हमलाबाट मुलुकलाई प्रतिरक्षा गर्दै देशको सार्वभौमसत्ता, राष्ट्रिय स्वतन्त्रता र अखण्डता अक्षुण्ण राख्दै सर्वाङ्गीण राष्ट्रिय सुरक्षा कायम गर्न रक्षा मन्त्रालयको गठन भएको हो। रक्षा मन्त्रालयबाट राष्ट्रको सुरक्षा एवं प्रतिरक्षासम्बन्धी नीति, रणनीति तथा कानुनको तर्जुमा र कार्यान्वयन, नेपाली सेनाको व्यवस्थापन र सेनासम्बन्धी निर्णयको प्रभावकारी कार्यान्वयन र अनुगमन लगायतका कार्यहरू सम्पादन हुँदै आइरहेका छन्।

## २. दीर्घकालीन सोचः

नेपालको सार्वभौमसत्ता, स्वाधीनता, स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाभिमान र सामाजिक सद्भावको रक्षा एवं राष्ट्रिय मूल्य, मान्यता र गरिमामा आधारित रहेर राष्ट्रिय हितको पहिचान र प्रवर्द्धन गर्दै नेपाललाई सुरक्षित, शान्तिपूर्ण, सुशासित, समतामूलक, एकताबद्ध र समृद्ध राष्ट्रको रूपमा विकास गर्ने।

## ३. उद्देश्यः

- सुदृढ र सबल आन्तरिक तथा बाह्य सुरक्षा प्रणाली अवलम्बन गरी मुलुकलाई सुरक्षित तथा समुन्नत बनाउने,
- नेपाली सेना तथा रक्षा मन्त्रालयका कर्मचारीको क्षमता अभिवृद्धि गरी दक्ष, आधुनिक र व्यावसायिक तुल्याउने,
- रणनीतिक महत्त्वका विकास निर्माण तथा विपद् व्यवस्थापनमा नेपाली सेनाको भूमिकालाई प्रभावकारी बनाउने,
- मुलुकमा शान्ति, स्थिरता कायम गर्दै मानव अधिकारको संरक्षणमा योगदान पुऱ्याउने,
- आधारभूत राष्ट्रिय मूल्य मान्यताको संरक्षण र राष्ट्रिय एकता तथा सामाजिक सद्भावलाई अभिवृद्धि गर्दै नागरिक-सैनिक सम्बन्धलाई सुदृढ तुल्याउने,
- मित्रराष्ट्रहरूसँग असल सम्बन्ध विकास गर्नुको साथै सैनिक कूटनीतिलाई प्रभावकारी बनाउँदै अन्तर्राष्ट्रिय शान्ति स्थापनामा मुलुकको योगदानलाई अभिवृद्धि गर्ने,
- नेपाली सेनालाई राज्यले सुम्पिएका जिम्मेवारी पूरा गर्न सहज वातावरण तयार गर्ने।

## ४. रणनीतिः

- राष्ट्रिय सुरक्षा र प्रतिरक्षासम्बन्धी नीति एवं रणनीतिको तर्जुमा तथा कार्यान्वयन गरी मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय एकतालाई अक्षुण्ण राख्ने,
- विकासका सबै आयाममा सुरक्षा चासोलाई सम्बोधन गर्दै सुरक्षा निकायको कार्यक्षमता अभिवृद्धि गर्ने,
- नागरिक-मैत्री सुरक्षा व्यवस्था सुदृढ गर्ने तथा नागरिक र सुरक्षा अङ्गबीचको सम्बन्धलाई सुदृढ बनाउने,

- नेपाली सेनालाई समयानुकूल दक्ष, आधुनिक, व्यावसायिक, सूचना प्रविधि-मैत्री तथा साधन-स्रोत सम्पन्न बनाई सबै किसिमका सुरक्षा चुनौतीलाई सामना गर्न सक्षम बनाउने,
- नेपाली सेनालाई सबल, सुदृढ व्यावसायिक, समावेशी र जनउत्तरदायी बनाउने।

## ५. कार्यक्षेत्रः

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायानुसार रहेका छन्ः

- राष्ट्रिय सुरक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
- राष्ट्रिय तथा रणनीतिक सुरक्षासम्बन्धी सूचना सङ्कलन, विश्लेषण, सञ्चार प्रणाली एवं सञ्जाल स्थापना, सञ्चालन र व्यवस्थापन,
- राष्ट्रिय सुरक्षा परिषद् र सुरक्षा क्षेत्र सुधार,
- अन्तर्राष्ट्रिय सिमानाको सुरक्षा समन्वय,
- सीमाक्षेत्रसम्बन्धी सूचना सङ्कलन, विश्लेषण तथा उपयोग,
- नेपाली सेना गठन तथा परिचालनसम्बन्धी नीति, रणनीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, नियन्त्रण र नियमन,
- सैनिक ब्यारेक तथा कार्यालय व्यवस्थापन,
- सैनिक अधिकृत तथा जवानको अनुशासन, सेवाका शर्त, सैनिक तालिम तथा सुविधा,
- सैनिक प्रतिष्ठापन (इन्स्टलेसन) र सञ्चार तथा यातायात,
- हातहतियार, खरखजाना तथा विस्फोटक पदार्थ र असवाव उत्पादन र प्रयोग, सोसम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन, नियन्त्रण तथा सिलखाना,
- सैनिक भण्डार,
- सैनिक हातहतियार तथा सामग्री खरिद र उत्पादन,
- नेपाली सैनिक विमान सेवा,
- सैनिक गुप्तचर विभाग,
- सैनिक निर्माणशाला,
- बारूदी सुरुङ निष्प्रभावीकरण सम्बन्धी नीति, कार्यान्वयन र समन्वय,
- राष्ट्रिय सेवा दलको सङ्गठन, तालिम र प्रशासन,
- विकास कार्य र विपद् उद्धार कार्यमा सहयोग,
- सैनिक अस्पताल, सैनिक कल्याण र सैनिक कल्याणकारी योजना,
- राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र महत्त्वपूर्ण राष्ट्रिय सम्पदा तथा स्मारकको सुरक्षा,
- अन्तर्राष्ट्रिय शान्ति प्रवर्द्धनमा सहयोग,

- मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्बन्धित सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय।

## ६. चालु आर्थिक वर्ष ०७७/७८ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूका बुँदाहरूको फागुन मसान्त सम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| १३० | नेपाल एकीकरणको इतिहाससँग जोडिएका गढी, किल्ला र बाटोको संरक्षण गर्दै देशभरिका सांस्कृतिक र ऐतिहासिक क्षेत्रलाई सांस्कृतिक एवं पर्यटकीय गन्तव्यको रूपमा विकास गरिनेछ। | • रूपन्देही जिल्लास्थित जितगढी पुनर्निर्माणको लागि ठेक्का सम्झौता भई कार्य प्रारम्भ भएको।<br>• सिन्धुलीगढी युद्ध संग्रहालय भवन निर्माण कार्य सम्पन्न भएको। |
| १३३ | राज्य कोषबाट खर्च व्यहोरिने सुरक्षाकर्मी लगायतका राष्ट्रसेवकको पोशाक, जुत्ता र अन्य उपभोग्य सामग्री स्वदेशमा उत्पादन गर्ने व्यवस्था मिलाइनेछ। | • नेपाली सेनाको लागि आवश्यक सैनिक सामग्री नेपालमा नै उत्पादन गर्न आवश्यक मेशिनरी औजार र कच्चा पदार्थ खरिद गर्न २५ र आवश्यक पहिरनका सामग्रीहरू उत्पादन गर्न ११ वटा बोलपत्र आह्वान भई खरिद प्रक्रिया शुरु गरिएको। |
| २३० | उत्तरी र दक्षिणी सीमा जोड्ने सडकको रणनीतिक महत्त्वलाई दृष्टिगत गरी क्रमशः डेडिकेटेड डबल लेनमा निर्माण र स्तरोन्नति गरिनेछ। कोशी, कालीगण्डकी, कर्णाली कोरिडोर आयोजना तथा राजमार्गको निर्माण एवं स्तरोन्नतिको कामलाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरिएको छ। | **कालीगण्डकी कोरिडोर सडक निर्माण**<br>• रिडि-मालढुङ्गा खण्डको १०.४ कि.मी. ट्र्याक निर्माण गर्ने लक्ष्यमा ७ कि.मी. ट्र्याक निर्माण कार्य सम्पन्न भएको।<br>**कोशी कोरिडोर अन्तर्गत खाँदबारी–किमाथाँका सडक खण्ड निर्माण**<br>• सर्भे कार्य सम्पन्न पश्चात सडकको लम्बाइ अनुमानित १४ कि.मी. बाट १०.५ कि.मी. मा कायम भएको।<br>• च्याम्ताङ्ग र छुम्सुरमा क्याम्प निर्माणको कार्य भएको। ५० मी. ट्र्याक निर्माण कार्य सम्पन्न भई ३६.७३ प्रतिशत प्रगति भएको।<br>**बेनीघाट-आरुघाट-लार्केभञ्ज्याङ्ग सडक निर्माण आयोजना** |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | • १.५ कि.मी. ट्र्याक निर्माण सम्पन्न गरी दोस्रो चौमासिक सम्मको लक्ष्यबमोजिम कार्य सम्पन्न भएको। ट्र्याक स्तरोन्नतिको कार्य भएको।<br>**<u>दार्चुला-टिंकर सडक खण्ड निर्माण आयोजना</u>**<br>• ८७ कि.मी. सर्भे गरी २ वटा क्याम्प स्थापना गर्ने लक्ष्यबमोजिम पहिलो चरणको सर्भे टेण्डरको प्रक्रिया रद्द भई पुनः टेण्डर प्रक्रियामा रहेको। सुनसेरा तथा दुम्लिङ्गमा क्याम्प निर्माण भएको। |
| २३५ | काठमाडौं-निजगढ द्रुतमार्ग आगामी तीन वर्षभित्र सम्पन्न गर्ने गरी निर्माण कार्य अघि बढाइने छ। | **<u>काठमाडौं-तराई/मधेश द्रुतमार्ग</u>**<br>• अन्तर्राष्ट्रिय परामर्शदाता (Yooshin JV) को Team Leader नेपाल आई Local Associates का विषय विज्ञ समेतको टोलीद्वारा आयोजनाको फिल्ड सर्भेको काम सुचारु गरी सर्भे कार्य अन्तिम चरणमा रहेको।<br>• कोभिड-१९ को कारण Pre-Bid Meeting तथा Bid Submission र Short List को कार्य समयमै सम्पादन गर्न बाधा पर्न गई मिति २०७७/११/०४ गते सुरुङ्ग मार्ग प्याकेजको बोलपत्र आह्वान गरिएको।<br>• राष्ट्रिय निर्माण व्यवसायीहरूद्वारा निर्माण कार्य सञ्चालन गरी १.५ कि.मी. ढुङ्गा माटो कटिङ्ग तथा फिलिङ्गको कार्य सम्पन्न भएको।<br>• ८ सय ५७ वटा रुख कटान भएको र विभिन्न प्रजातिका १ लाख ७६ हजार ५ सय १६ गोटा रुख तथा फलफूलका बिरुवाहरू वृक्षारोपण गरिएको।<br>• मकवानपुर जिल्ला अन्तर्गतको ९९ रोपनी जग्गाको मुआब्जा रकम वितरण कार्य सम्पन्न भएको।<br>• मकवानपुर जिल्लाको ४४१-९-१-० रोपनी मध्ये Right Of Way(ROW) परिवर्तनका कारण |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | आयोजनालाई आवश्यक पर्ने ३३७-३-३-३ रोपनी जग्गाको मुआब्जा रकम वितरण गर्ने कार्य सम्पन्न भएको।<br>• काठमाडौं जिल्ला दक्षिणकाली न.पा.वडा नं.८ केराबारी इलाकाको ७-१०-०-० रोपनी जग्गाको मुआब्जा रकम वितरण गरिएको। |
| २७४ | नेपाली सेनालाई बङ्करबाट ब्यारेकमा स्थानान्तरण गर्न थप आवास भवन निर्माण सम्पन्न गरिनेछ। नेपाली सेनाको क्षेत्रीय एयर वेशको स्थापना तथा स्तरोन्नति गर्ने कार्य अघि बढाइनेछ। राष्ट्रिय सुरक्षा एवं प्रतिरक्षासम्बन्धी विषयमा अध्ययन अनुसन्धान गर्न राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय स्थापनाका लागि आवश्यक रकम विनियोजन गरिएको छ। | **बङ्करदेखि ब्यारेक कार्यक्रम**<br>• बङ्करदेखि ब्यारेक कार्यक्रम अन्तर्गत यस आ.व. मा १ सय ७ वटा भवन निर्माण गर्ने लक्ष्यबमोजिम ठेक्का प्रक्रिया पूरा गरी फागुन मसान्तसम्म ६० प्रतिशत निर्माण सम्पन्न गर्ने लक्ष्य रहेकोमा ७४.५६ प्रतिशत सम्पन्न भएको।<br>**सुर्खेतमा क्षेत्रीय एयर वेश स्थापना**<br>• एप्रोन, लिङ्करोड, ह्याङ्गर र मुख्य द्वारको ४५ प्रतिशत निर्माण सम्पन्न भएको। ड्रेन सहितको आन्तरिक सडकको २५ प्रतिशत निर्माण सम्पन्न भएको। खानेपानी आयोजनाको ३१ प्रतिशत निर्माण कार्य सम्पन्न भएको।<br>**राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय**<br>• विश्वविद्यालय साङ्गठनिक संरचना र दरबन्दीको मस्यौदा तयार भएको। विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने परामर्शदाताबाट वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) बाहेक अन्तिम प्रतिवेदन प्राप्त भएको।<br>• EIA मूल्याङ्कनको क्षेत्र निर्धारण प्रतिवेदन तथा कार्यसूची वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत भएको। ग्राभेल सडक, पर्खाल, पानी ट्याङ्की तथा डिप बोरिङ्ग निर्माण भइरहेको।<br>• राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको आवश्यक पाठ्यक्रम विकास गर्न विभिन्न विषय विज्ञहरू करारमा नियुक्ति गरी कार्य अघि बढाइएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| २७८ | विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा संलग्न हुने राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण लगायत अन्य निकायको संस्थागत सुदृढीकरण गरिनेछ। सबै प्रदेशमा विपदको समयमा खोज, उद्धार तथा राहतको लागि आवश्यक सामग्रीको आपत्कालिन भण्डार केन्द्र स्थापना गरिनेछ। | • सैनिक विपद् व्यवस्थापन निर्देशिकाको अन्तिम मस्यौदा तयार भएको।<br>• विपद् व्यवस्थापन अन्तर्गत प्रतिकार्यको लागि सामग्रीहरू खरिद गर्नको लागी बोलपत्र आह्वान गर्ने पूर्व स्वीकृत योजना मुताबिकका कार्यक्रमहरू रद्द गरी पुनः प्रयोगकर्ता युनिटको आवश्यकताअनुरूप नयाँ कार्यक्रमहरू तय गरिएको।<br>• विभिन्न सुरक्षा निकायका ४ हजार ८ सय ७१ सुरक्षाकर्मीहरूलाई सहभागी गराई विपद् व्यवस्थापनसम्बन्धी ६ प्रकारको संयुक्त/ एकीकृत अभ्यास प्रशिक्षण सञ्चालन गरिएको। |

## ७. चालु आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्य:

- राष्ट्रिय प्रतिरक्षा नीति, २०७७ नेपाल सरकारबाट स्वीकृति भई कार्यान्वयनमा आएको। सैनिक सेवा नियमावली, २०६९ को (तेस्रो संशोधन) २०७७ राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आएको। शान्ति सेनामा गैर-सैनिक दक्ष जनशक्ति सेवा करारमा लिने सम्बन्धी कार्यविधि, २०७७ स्वीकृत गरी कार्यान्वयनमा आएको।
- राष्ट्रिय सुरक्षा नीति, २०७५ को कार्यान्वयनको एकीकृत कार्ययोजना" मा उल्लिखित रक्षा मन्त्रालयको नेतृत्वमा गर्नुपर्ने कार्य मध्ये "सरकारी, गैरसरकारी, बैंक तथा वित्तीय संस्था र सुरक्षा निकाय लगायतले प्रयोग गर्ने हतियारको मापदण्ड निर्धारण गरी नियमन गर्ने" सम्बन्धमा समिति गठन गरी प्रतिवेदन तयार गरी राय सहमतिको लागि सम्बन्धित निकायमा पठाइएको।
- राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयबाट १४४ वटा दैनिक सुरक्षा विश्लेषण तथा १५ वटा साप्ताहिक सुरक्षा विश्लेषण प्रतिवेदन तयार गरी राष्ट्रिय सुरक्षा परिषदका अध्यक्ष, सदस्य तथा सुरक्षा निकायका प्रमुखमा पठाइएको।
- राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयबाट सीमासँग सम्बन्धित निकायहरू लगायत सबै सरोकारवाला मन्त्रालय/निकायहरूको सहभागितामा "नेपालको अन्तर्राष्ट्रिय सीमा सुरक्षा तथा व्यवस्थापनमा सम्बद्ध निकायहरूबीच समन्वयका क्षेत्रहरू" (Inter- Agency Co-ordination in Border Security & Management) विषयक दुई दिवसीय सङ्गोष्ठी आयोजना गरिएको।
- राष्ट्रिय सुरक्षा परिषदको सचिवालयबाट (१) कोभिड-१९ महामारीको सन्दर्भमा भारतमा रोजगारीका लागि गएका नेपालीहरू पुनः स्वदेश फर्कदा हुन सक्ने समस्यासम्बन्धी प्रतिवेदन, (२) शिक्षा क्षेत्रमा पर्न गएको असरको अध्ययन प्रतिवेदन, (३) लामो/छोटो दूरीका सार्वजनिक सवारी साधनहरू सञ्चालनसम्बन्धी

प्रतिवेदन र (४) खाद्य क्षेत्रमा परेको प्रभावको अध्ययन प्रतिवेदन तयार गरी राष्ट्रिय सुरक्षा परिषद्का अध्यक्ष तथा सदस्यहरूलाई पठाइएको।

- नेपालको संविधानको धारा २६६ को उपधारा ३ बमोजिम सम्माननीय राष्ट्रपतिज्यू समक्ष राष्ट्रिय सुरक्षा परिषद्को आ.व. २०७६/७७ को वार्षिक प्रतिवेदन पेश गरिएको।
- सुरक्षा क्षेत्रका अनुभवी प्रशासक, सुरक्षाविद् र विशिष्ट विद्वानहरूको लेख रचनालाई समेटी पहिलो पटक "सुरक्षा जर्नल" प्रकाशन गरिएको। तत्कालीन उप प्रधानमन्त्री तथा रक्षा मन्त्रीले विभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रिय सुरक्षा फोरहरूमा दिनुभएको सुरक्षासम्बन्धी महत्त्वपूर्ण मन्तव्य/सम्बोधनहरूको सँगालो प्रकाशन गरिएको।
- चीनका रक्षा मन्त्री तथा State Councilor ले २०७७ मंसिर १४ गते नेपालको औपचारिक भ्रमण गर्नुभएको। भ्रमणका दौरान सम्माननीय प्रधानमन्त्री तथा माननीय रक्षा मन्त्री तथा नेपाली सेनाका प्रधानसेनापतिज्यूसँग द्विपक्षीय हितका विषयमा महत्त्वपूर्ण वार्ता तथा छलफल भएको।
- प्रधान सेनापतिको औपचारिक निमन्त्रणामा मित्रराष्ट्र भारतका स्थल सेनाध्यक्ष जनरलले २०७७ कार्तिक १९ देखि २१ गतेसम्म नेपालको भ्रमण गर्नु भएको। भ्रमणका दौरान उहाँलाई सम्माननीय राष्ट्रपतिले नेपाली सेनाको मानार्थ महारथीको दर्जा प्रदान गर्नु भएको।
- कोभिड-१९ रोकथाम, नियन्त्रण तथा प्रतिकार्यको लागि नेपाली सेनाबाट दैनिक पट्रोल, क्वारेन्टाइन, आइसोलेसन, RRT/PRT, Holding Area सुरक्षार्थ, हेल्थ डेस्क कामहरूमा दैनिक ५ हजार ५ सय जना जनशक्ति तथा शव व्यवस्थापनका लागि ३ हजार २३ जना जनशक्ति परिचालन गरिएको।
- आ.व. २०७७/७८ मा नागरिक-सैनिक सम्बन्ध, सहयोग र सहकार्य अन्तर्गत नेपाली सेनाबाट देहायबमोजिम सेवा प्रदान गरेको।

| क्र.सं. | मुख्य कार्यहरूको विवरण | सेवा संख्या |
|---|---|---|
| १. | खोज तथा उद्धार | २१० स्थान |
| २. | आगलागी नियन्त्रण | २०९ स्थान |
| ३. | स्वास्थ्य शिविर (१६ स्थान) | ४,३०७ जना |
| ४. | रक्तदान | ११८ जना |
| ५. | सचेतनमूलक कक्षा सञ्चालन | ४९ स्थान |
| ६. | सर्प दंश उपचार | २,०९१ जना |

- विश्वमा शान्ति स्थापनार्थ नेपाली सेनाद्वारा अन्तर्राष्ट्रिय शान्ति सेनाका मिसनमा ४ हजार ९ सय ३६ पुरुष र २ सय ३ जना महिला सैनिकको सहभागीता गराइएको। विश्वमा शान्ति स्थापनार्थ Troops Contributing Countries को सूचीमा नेपाल चौथो ठूलो फौज योगदान गर्ने मुलुकका रूपमा रहेको।

- सैनिक कल्याणकारी कोषबाट भूतपूर्व सैनिक तथा तीनका आश्रित परिवारलाई लक्षित कल्याणकारी कार्यहरू अन्तर्गत नेपाली सेनाको औषधोपचार सेवा सुविधालाई विस्तार गर्ने योजनाअनुरूप बर्दिवास र धनगढीमा क्षेत्रीय सैनिक अस्पताल निर्माण कार्य अन्तिम चरणमा रहेको।
- सैनिक कल्याणकारी कोषबाट इजरायलको Arava International Center for Agriculture Training (AICAT) College मा ११ महिने कृषि डिप्लोमा तहमा अध्ययन गर्नको लागि गण्डकी प्रदेशका नेपाली सेनाका बहालवाला तथा भूतपूर्व सैनिकका योग्यता पुगेका २० जना सन्ततिहरू छनौट गरिएको।
- नेपाली सेनाबाट एकीकरण मार्ग कार्यक्रम दोस्रो बृहत सेमिनार-२०७७ सञ्चालन गरिएको। नेपाली सेनाबाट नेपालको अन्तर्राष्ट्रिय सीमा सुरक्षा तथा व्यवस्थापनमा सम्बद्ध निकायहरूबीच समन्वयका क्षेत्रहरू विषयमा दुई दिने सङ्गोष्ठी सञ्चालन गरिएको।
- सम्माननीय प्रधानमन्त्री एवं राष्ट्रिय सेवा दलका प्रमुख संरक्षकको प्रमुख आतिथ्यमा जङ्गी अड्डामा 'स्वयंसेवक भूमिकामा एनसीसी क्याडेट सेमिनार' सञ्चालन गरिएको।
- राष्ट्रनिर्माता एवं नेपाली सेनाका संस्थापक पृथ्वीनारायण शाहको सम्मानमा जङ्गी अड्डाको त्रिभुवन आर्मी अफिसर्स क्लब प्राङ्गणमा अध्ययन केन्द्रको स्थापना गरिएको।

## ८. आर्थिक वर्ष २०७६/७७ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

### क. नीतिगत/कानूनी सुधारतर्फः

- नेपालको अन्तर्राष्ट्रिय सीमा समस्या र समाधानका लागि सुझावसम्बन्धी प्रतिवेदन तयार गरी राष्ट्रिय सुरक्षा परिषद्का अध्यक्ष तथा सदस्यहरू समक्ष पेश गरिएको।
- राष्ट्रिय सुरक्षा नीति, २०७५ कार्यान्वयनको एकीकृत कार्ययोजना स्वीकृत भई कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाइएको।
- नेपाली सेनाभित्र कार्यरत विभिन्न सेवा तथा समूहका सकल दर्जाको वृत्ति विकास लगायत विविध विषयलाई सम्बोधन गर्ने क्रममा सैनिक प्राड सेवा (पहिलो संशोधन) नियमावली, २०७६, सैनिक हवाई सेवा (पहिलो संशोधन) नियमावली, २०७६ र सैनिक विविध सेवा (पहिलो संशोधन) नियमावली, २०७६ स्वीकृत भई कार्यान्वयनमा आएको।
- काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजना (तेस्रो संशोधन) कार्यविधि, २०७७ स्वीकृत भई कार्यान्वयनमा आएको।

### ख. संस्थागत सुधारतर्फः

- नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७६/१०/२० को निर्णयानुसार रक्षा मन्त्रालयको नयाँ सङ्गठन संरचना र दरबन्दी स्वीकृत भएको।
- राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण समिति (गठन) आदेश, २०७६ स्वीकृत भई राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार विकास समिति सञ्चालनमा आएको। राष्ट्रिय सुरक्षा एवं प्रतिरक्षासम्बन्धी विषयमा अध्ययन अनुसन्धान गर्न राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय स्थापनाको लागि काभ्रेपलान्चोक जिल्लाको साँगा भञ्ज्याङमा करिब ७ सय ५० रोपनी जग्गा उपलब्ध गराइएको।
- नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६/७/१८ को निर्णयानुसार नेपाली सेनाको मौजुदा रासन स्केलमा स्तरोन्नति गरी सबै दर्जाका सैनिकहरूलाई आवश्यक पर्ने न्यूनतम पोषण र क्यालोरी प्राप्त हुने

व्यवस्था सुनिश्चित गरिएको। साथै, विपद् व्यवस्थापन, बाहिरी अभ्यास तथा विभिन्न अपरेसनमा परिचालित हुँदा सुक्खा रासनका रूपमा तत्काल उपभोग गर्न मिल्ने गरी Meal Ready to Eat-MRE को व्यवस्था मिलाइएको। सोही निर्णयबाट साबिकमा सैनिकहरूलाई उपलब्ध गराउँदै आएको मट्टीतेल इन्धनको सट्टा ग्याँस इन्धन उपलब्ध गराउने व्यवस्था भई तुलनात्मक रूपमा स्वच्छ र प्रदूषणरहित इन्धन आपूर्ति हुने व्यवस्था मिलाइएको।

**ग. भौतिक संरचना तथा ऐतिहासिक गढी किल्लाको निर्माण/सुधारतर्फः**

- मन्त्रालयको निर्माणाधीन नयाँ भवनमा बिजुली, स्यानिटरी, अण्डर ग्राउण्ड पार्किङ्ग र फिनिसिङ्गसम्बन्धी कार्य सम्पन्न भई इन्टेरियर डिजाइन/फर्निसिङको लागि बोलपत्र आह्वान भई सम्झौता भएको।
- बङ्करदेखि ब्यारेक कार्यक्रम अन्तर्गत विनियोजित बजेटबाट १२४ वटा भौतिक संरचनाको निर्माण सम्पन्न भएको।
- काठमाडौंको छाउनीस्थित वीरेन्द्र अस्पतालमा निर्माणाधीन (सिनियर तथा ब्याचलर डाक्टर क्वार्टर) को निर्माण कार्य ५७ प्रतिशत सम्पन्न भएको।
- ऐतिहासिक महत्त्वका स्थानहरूको पहिचान तथा संरक्षणको कार्य अन्तर्गतः
- नेपाली सेनाको पहलमा शुरु भएको एकीकरण मार्ग कार्यक्रमलाई नेपाल सरकारका सम्बद्ध सबै मन्त्रालय र निकाय तथा गैर सैनिक निकायसँग समेत समन्वय गरी थप व्यवस्थित एवं प्रभावकारी र एकीकृत रूपमा अगाडि बढाउने उद्देश्यले २०७६ माघ महिनामा जङ्गी अड्डामा "एकीकरण मार्ग अभियान बृहत् सेमिनार, २०७६" सम्पन्न भएको।
- "इतिहास संरक्षण, संवर्द्धन एवं प्रवर्द्धन कार्यमा नेपाली सेनाको सहभागितासम्बन्धी निर्देशिका, २०७६" स्वीकृत भई लागू गरिएको।
- मुलुकका विभिन्न स्थानमा रहेका १२१ ऐतिहासिक महत्त्वका गढी तथा किल्लाहरू पहिचान कार्य सम्पन्न भएको।
- नेपाली इतिहासको गढी/किल्लाको प्रोफाइल तयार गरी नेपाल पर्यटन बोर्ड र पुरातत्त्व विभागमा बुझाइएको।
- सिन्धुली जिल्लास्थित सिन्धुलीगढी संग्रहालय निर्माणको लागि माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्रीबाट मिति २०७६/०७/२४ गते शिलान्यास भएको।
- पहिचान गरिएका गढी/किल्लाको मर्मत तथा सम्भार कार्य अन्तर्गत काभ्रेपलाञ्चोकको पृथ्वीगढी भ्यू प्वाइण्ट निर्माण कार्य र पाल्पा दरबारमा ऐतिहासिक शस्त्र-अस्त्र कक्ष निर्माण कार्य सम्पन्न भएको तथा सिन्धुलीगढी संग्रहालय निर्माण कार्य ४५ प्रतिशत सम्पन्न भएको।

**घ. नेपाली सेना संलग्न रहेको सडक आयोजनाहरूको प्रगति विवरणः**

<u>काठमाडौं-तराई/मधेश द्रुतमार्ग</u>

- नेपाल सरकारबाट मिति २०७६/५/१ गते काठमाडौं-तराई/मधेश द्रुतमार्गको विस्तृत परियोजना प्रतिवेदन (DPR) स्वीकृत भएको।

- काठमाडौं-तराई/मधेश द्रुतमार्गको डिजाइन तथा सुपरीवेक्षणका लागि अन्तर्राष्ट्रिय प्रतिस्पर्धाबाट छनौट भएको अन्तर्राष्ट्रिय परामर्शदातासँग सम्झौता सम्पन्न भएको।
- द्रुतमार्गमा पर्ने ११ सय ४५ वटा रुख कटान गर्ने कार्य सम्पन्न भएको।
- आयोजनाको कार्यक्षेत्रलाई ११ वटा विभिन्न समूह (Cluster) मा विभाजन गरी २०८१ सालको असार मसान्तसम्म कार्य सम्पन्न गर्ने गरी समष्टिगत योजना (Holistic Plan) तयार भएको।
- टनेल निर्माण कार्य अन्तर्गत भूभौतिक अनुसन्धानको लागि राष्ट्रिय परामर्शदाताद्वारा Inception Report पेश तथा Field Mobilization को कार्य सम्पन्न भई प्रतिवेदन तयार भएको। Geotechnical Investigation कार्यको लागि मेशिन फिल्डमा पुऱ्याई कार्य प्रारम्भ गरिएको।
- मकवानपुर जिल्लामा टनेलको लागि ९९ रोपनी जग्गा अधिग्रहण भएको।

<u>कालीगण्डकी कोरिडोर सडक (७५.४ कि.मी.)</u>

- वार्षिक लक्ष्यअनुसार ३० कि.मी. ट्र्याकलाई १० मिटर चौडा गर्ने कार्य सम्पन्न भएको।

<u>कर्णाली कोरिडोर (खुलालु-लैफु-सिमिकोट खण्ड) सडक (१२३ कि.मी.)</u>

- वार्षिक लक्ष्यअनुसार १३ कि.मी. ट्र्याक निर्माण कार्य सम्पन्न भएको।

<u>बेनिघाट-आरुघाट-लार्के भञ्ज्याङ सडक (९२ कि.मी.)</u>

- लक्ष्यअनुसार ३.५ कि.मी. ट्र्याक निर्माण सम्पन्न भएको।

<u>दार्चुला-घाँटीबगर गोरेटो/घोडेटो ट्र्याक (५५० मी.)</u>

- २०७७ असारमा नेपाली सेनालाई निर्माण जिम्मेवारी प्राप्त उक्त ट्र्याकको गत आ.व.मा २ सय ५० मी. निर्माण कार्य सम्पन्न भएकोमा २०७७ असोजमा ५ सय ५० मिटर पुरै ट्र्याक २ मिटर चौडाइको बनाउने कार्य सम्पन्न भएको।

ङ. <u>विपद् व्यवस्थापनतर्फः</u>

- मिति २०७५ चैत्र १७ गते राती आएको हावाहुरी र चक्रवातका कारण विभिन्न स्थानहरूमा क्षतिग्रस्त घरहरूको पुनर्निर्माणको कार्य तदारुकताका साथ सञ्चालन गरी २०७६ भाद्र महिनामा ८ सय ६९ नयाँ घर निर्माण सम्पन्न गरी स्थानीय जनतालाई हस्तान्तरण गरिएको।
- विपद् व्यवस्थापनसम्बन्धी विभिन्न तालिमहरू पूरा गरेका दक्ष जनशक्तिलाई तत्काल परिचालन गर्न सक्नेगरी तालिम दिई तयारी हालतमा राखिएको।
- १ हजार ५ सय ६१ जनालाई विपद् व्यवस्थापनसम्बन्धी विभिन्न तालिमहरू प्रदान गरिएको। नेपाली सेनाको विपद् व्यवस्थापन निर्देशनालय अन्तर्गतका युनिटहरू र स्थानीय गण/गुल्महरूबाट ६४ जिल्लाका २८८ स्थानमा १३ हजार ३ सय ४४ जना स्थानीय व्यक्तिहरूलाई सामुदायिक विपद् प्रतिकार्य तालिम/प्रशिक्षण प्रदान गरिएको।

च. <u>नेपाली सेनाको जमिनी परिवहन तथा हवाई क्षमता अभिवृद्धितर्फः</u>

- नेपाली सेनाको जमिनी परिवहन क्षमता अभिवृद्धि अन्तर्गत विभिन्न प्रकारको १४४ वटा (दुई पाङ्ग्रे ६२ र चार पाङ्ग्रे ८२) सवारी साधन खरिद गरिएको र ४ वटा सवारी साधनहरू खरिद सम्झौता भएको।

- नेपाली सेनाको हवाई क्षमता अभिवृद्धि गर्ने योजनानुसार ट्रेनर जहाज-२, AW१३९VVIP Version हेलिकप्टर-१, C(N) २३५ CASA जहाज-१ प्राप्त भएको। साथै, अमेरिकी सरकारद्वारा नेपाली सेनालाई सहयोग स्वरूप २ वटा M२८ Sky Truck उपलब्ध भई कोभिड-१९ रोगको संक्रमण नियन्त्रण लगायतका विपद् व्यवस्थापनसम्बन्धी कार्यमा प्रयोग भइरहेको।

छ. <u>नेपाली सेनाको सैन्य सामग्रीमा आत्मनिर्भरता हासिल गर्नेतर्फ भएका कार्यहरूः</u>

- आ.व. २०७५/७६ मा खरिद सम्झौता भएको ७.६२ मी. मी. Primer Inserting, Riveting and Loading Machine नेपाली सेनालाई प्राप्त भएको। २०७४ सालबाट पूर्ण रूपमा बन्द भएको ५.५६ मी. मी. पुरानो प्लाण्टलाई मर्मत सम्भार गरी सञ्चालनमा ल्याउन Manufacturing Company बाट प्राविधिक विशेषज्ञ नेपाल आई मेशिन मर्मत पश्चात् २०७७ असार मसान्तसम्म २४ लाख ३ हजार ५ सय बुलेट उत्पादन भएको।
- एम्युनिशन उत्पादनको लागि आवश्यक पर्ने Brass Cup उत्पादनमा आत्मनिर्भर हुन Brass Melting Plant स्थापनाको लागि मेशिनहरू खरिद गरिएको।७.६२ मी. मी. बाल राउण्ड १२ लाख वटा, ५.५६ मी. मी. बाल राउण्ड २० लाख १ हजार वटा, ७.६२ मी. मी. ब्ल्याङ्क राउण्ड २ लाख ४ हजार वटा, TNT Slab ५ हजार ४ सय वटा र प्लास्टिक ह्याण्ड ग्रिनेड ४० हजार वटा उत्पादन गरिएको। नेपाली सेनामा वेभ इक्विपमेन्ट उत्पादन शुरु गर्ने योजनाअनुसार ४० वटा सिलाई मेसिन खरिद गरी जडान कार्य सम्पन्न भएको।
- सिभिल एक्सप्लोसिभमा आत्मनिर्भर हुने योजनाअनुरूप वार्षिक २ हजार ४ सय मेट्रिक टन क्षमताको इमल्सन प्लाण्ट स्थापना भई हालसम्म ८ लाख ३७ हजार ३१ दशमलव ३७ के.जी. एक्सप्लोसिभ उत्पादन भएको। Double Base Propellant Plant स्थापनाको लागि जग्गा अधिग्रहण गरिएको।
- रक्षा मन्त्रालय, गृह मन्त्रालय र नेपाली सेनाको पदाधिकारीको बैठक बसी विकास आयोजनालाई विस्फोटक पदार्थ उपलब्ध गराउने प्रक्रियालाई सरलीकरण गरिएको।
- कोभिड-१९ को जोखिमलाई मध्यनजर गरी Hand Sanitizer, PPE, Face Shield, Dead Body Carrying Bag र मास्क उत्पादन गरिएको।

ज. <u>नागरिक-सैनिक सम्बन्ध सुदृढीकरण अन्तर्गत भएका कार्यः</u>

- नागरिक-सैनिक सम्बन्ध विस्तार गर्ने उद्देश्यले काठमाडौं महानगरपालिकामा बसोबास गर्ने ज्येष्ठ नागरिकका लागि ओ.पी.डी. सेवा, आपत्कालीन स्वास्थ्य सेवा र मृगौलाका बिरामीहरूका लागि हेमोडाइलासिस सेवा प्रदान गर्ने सम्बन्धमा काठमाडौं महानगरपालिकासँग समझदारी पत्रमा हस्ताक्षर गरी हाल प्रथम चरण अन्तर्गत हेमोडाइलासिस सेवा प्रदान गरिरहेको।
- महोत्तरी जिल्लामा सञ्चालन गरिएको बृहत् सैनिक स्वास्थ्य शिविरबाट ३२ हजार ३ सय ८५ जना सर्वसाधारणले स्वास्थ्य जाँच गराई लाभान्वित भएको।

झ. <u>नेपाली सेनाबाट सञ्चालित स्वास्थ्यसेवा सुविधाको क्षमता अभिवृद्धिः</u>

- स्वास्थ्य उपचार सेवालाई विकेन्द्रित गर्दै लैजाने उद्देश्यअनुरूप आ.व. २०७६/७७ देखि इटहरी र पोखरामा समेत क्षेत्रीय सैनिक अस्पताल स्थापना गरी उपचार सुविधा प्रारम्भ गरिएको।

## ञ. सैनिक कूटनीतिसँग सम्बद्ध अन्तर्राष्ट्रिय मञ्चमा सहभागिता तथा द्विपक्षीय भ्रमण:

- माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री चीनका रक्षा मन्त्रीको निमन्त्रणामा चीनको उहान शहरमा सन् २०१९ अक्टोबर १८ मा आयोजित 7th CISM Military World Games को उद्घाटन समारोह तथा तत् पश्चात् २० देखि २२ अक्टोबर २०१९ सम्म बेइजिङ्गमा आयोजित 9th Beijing Xiangshan Forum मा सहभागी हुनु भई २२ अक्टोबरको पूर्णसत्रमा साना तथा मध्यम आकारका मुलुकहरूको सुरक्षा सरोकारका विषयमा नेपालको धारणा राख्नु भएको।
- सोही कार्यक्रमको सन्दर्भमा २० अक्टोबर २०१९ का दिन माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री र चीनका माननीय रक्षामन्त्री बीच चीन सरकारले ३ वर्षभित्र नेपाललाई उपलब्ध गराउने १५० मिलियन युयान (ने.रू. करिब २ अर्ब ५० करोड) बराबरको HADR Military Assistance सहायता सम्झौतामा हस्ताक्षर भएको।
- संयुक्त अरब इमिरेट्सका महामहिम उपराष्ट्रपति तथा रक्षा मन्त्रीको निमन्त्रणामा माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री मिति २०७६ मंसिर १ गतेदेखि ५ गतेसम्म दुबईमा आयोजित "16th Session of the 2019 Edition of Dubai Airshow" मा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्नुभएको।
- मित्रराष्ट्र बंगलादेशका सेना प्रमुखको औपचारिक निमन्त्रणामा प्रधान सेनापति मिति २०७६/०९/२७ गतेदेखि मिति २०७६/१०/०१ गतेसम्म बंगलादेशको भ्रमण गर्नुभई द्विपक्षीय सैनिक सम्बन्ध विस्तारका क्षेत्रमा छलफल भएको। साथै, बंगलादेशको सेना प्रमुखले २०७६ माघ महिनाको अन्त्यमा नेपालको औपचारिक भ्रमण गर्नु भएको।
- प्रधान सेनापतिको औपचारिक निमन्त्रणामा मित्रराष्ट्र संयुक्त अधिराज्य बेलायती सेनाका सेनाध्यक्षले मिति २०७६ फाल्गुन महिनामा पोखरा भ्रमण गर्नु भएको।

## ट. तालिम/प्रशिक्षणतर्फ:

- नेपाली सेना र नागरिकबीचको सम्बन्ध, संयुक्त राष्ट्रसंघको विश्व शान्ति अभियानमा नेपालको योगदान एवं समसामयिक सुरक्षा सरोकारका विषयमा कूटनीतिज्ञ तथा सुरक्षा विशेषज्ञ समेतको सहभागितामा उच्चस्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको।
- नेपाली सेना लगायत विभिन्न सुरक्षाकर्मीहरूलाई अन्तर्राष्ट्रिय मानवीय कानुन र मानव अधिकारसम्बन्धी विषयमा २ वटा प्रशिक्षण/ अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको। नेपाली सेनाको स्वदेशमा सञ्चालित विभिन्न प्रकारका १ हजार ३१ वटा तालिमहरूमा ३५ हजार १ सय ३५ जनाले र विदेशमा ५ सय ५९ जनाले प्रशिक्षण लिएको।
- राष्ट्रिय सेवा दलबाट देशव्यापी रूपमा तालिम विस्तार गरी राष्ट्रसेवक युवा उत्पादन गर्ने उद्देश्यअनुरूप ७ हजार ७ सय जनालाई राष्ट्रिय सेवा दलको तालिम दिइएको र हालसम्म ५१ हजार ३ सय ३२ युवा जनशक्ति उत्पादन भएको।

## ठ. संयुक्त राष्ट्रसंघीय शान्ति स्थापना कार्यतर्फ:

- विभिन्न १२ वटा मिसनमा ५ हजार ७८ जना नेपाली शान्ति सैनिक कार्यरत रहनुका साथै विश्वसनीय फौज योगदान गर्ने देशको सूचीमा नेपाल चोथौं स्थानमा रहन सफल भएको छ। शान्ति स्थापनार्थ फौजको

संख्या वार्षिक रूपमा कुल नफ्रिको १० प्रतिशत पुऱ्याउने हेतुले फौजको हातहतियार तथा सैन्य सामग्रीहरूको व्यवस्थापन गरिएको।

ड. **खेलकुद प्रतियोगितामा सहभागितातर्फः**

- विभिन्न खेलकुद प्रतियोगितामा सहभागिता जनाउँदै राष्ट्रको प्रतिष्ठा र स्वाभिमान बढाउन "प्रधान सेनापति ट्रफी" खेलकुद प्रतियोगिता लगायत विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गरिएको।
- २०७६ मंसिर १५ गतेदेखि ऐ. २४ गतेसम्म काठमाडौंमा आयोजित १३औं दक्षिण एसियाली खेलकुद प्रतियोगिता (13th South Asian Games - SAG) मा समावेश गरिएका २६ खेलहरू मध्ये २१ वटा खेलमा नेपाली सेनाका खेलाडीहरूले सहभागिता जनाई १४० वटा स्वर्ण पदक, ३१ वटा रजत पदक र ४९ वटा काँस्य पदक हासिल गरी देशको गौरव र प्रतिष्ठा बढाउन महत्त्वपूर्ण योगदान पुऱ्याएको।
- चीनको Wuhan शहरमा सन् २०१९ को अक्टोबरमा आयोजित 7th CISM Military World Game मा सदस्यता प्राप्त गरे पश्चात् पहिलो पटक नेपाली सेनाका खेलाडी, प्रशिक्षक, चिकित्सक गरी ६४ जनाले २७ मध्ये १३ वटा खेल विधामा सहभागिता जनाएको।

ढ. **वातावरण, प्रकृति तथा प्राकृतिक सम्पदा संरक्षणतर्फः**

- नेपाल सरकारको नीतिअनुरूप पर्यावरण तथा वन्यजन्तु संरक्षणमा योगदान पुऱ्याउने उद्देश्यले नेपाली सेनाबाट राष्ट्रिय निकुञ्ज, जलाधार तथा वन्यजन्तु आरक्षहरूको सुरक्षामा फौज तैनाथ गरिएको।
- वन्यजन्तुको चोरी शिकारी, वन पैदावारको तस्करी, अवैध अतिक्रमण कार्यलाई नियन्त्रण गर्न Zero Tolerance सिद्धान्तलाई अवलम्बन गर्दै २०७६/०९/०१ गतेदेखि २०७७/०२/३२ गतेसम्म अप्रेशन महाहण्ट-६ सञ्चालन गरिएको। संरक्षण कार्यलाई प्रभावकारी बनाउँदै लैजान प्रविधिको प्रयोग विस्तार गर्ने क्रममा ५ वटा ड्रोनहरूको समेत प्रयोग गरिएको।

ण. **सैनिक हवाई सेवातर्फः**

- नेपाली सेनाको हवाई सेवा विस्तार गर्ने क्रममा मिति २०७६ भाद्र १७ गतेबाट सुर्खेतमा पश्चिम एयर वेश सञ्चालनमा ल्याइएको।

त. **कोभिड-१९ रोकथाम, नियन्त्रण तथा व्यवस्थापन कार्यतर्फः**

- मिति २०७६ फाल्गुन ४ गते चीनको उहानबाट उद्धार गरिएका १७५ जनालाई तथा चैत्र ८ र १२ गते विभिन्न देशहरूबाट नेपाल आएका ९६ जनालाई खरिपाटी र तेलकोट स्थित क्वारेन्टाइनमा व्यवस्थापन गरिएको।
- मिति २०७६ चैत्र ४ र ५ गते जंगी अड्डामा ४८ वटा टेन्ट खडा गरी नमुना क्वारेन्टाइन स्थल बनाई प्रत्येक पृतनाबाट खटिएका शिक्षार्थीहरूलाई "क्वारेन्टाइन व्यवस्थापन" तालिम प्रदान गरिएको।
- छाउनीस्थित वीरेन्द्र अस्पताललाई Covid Hub Hospital को रूपमा स्थापना गर्ने क्रममा २० बेडको भेन्टिलेटर सहितको ICU Ward र १०० बेडको Isolation Ward तयार गरिएको। नेपाली सेनाको फ्लाइटमार्फत मेडिकल सामग्रीहरू ढुवानी तथा ४, हजार ५ सय ४५ जनाको स्वाब सङ्कलन कार्यहरू गरेको।

- कोभिड-१९ Unified Hospital मा वीरेन्द्र अस्पतालबाट मेडिकल अधिकृत सहितको टिम खटाइएको। वीरेन्द्र अस्पतालमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका ५२० जना सकल दर्जालाई सहभागी गराई कोभिड-१९ प्रतिकार्य तालिम सञ्चालन गरिएको। ११ वटा जिल्लामा NCC क्याडेट छात्र/छात्राहरूले कोभिड-१९ सम्बन्धी जनचेतना जगाउने कार्य गरेको।

## ९. आर्थिक वर्ष २०७६/७७ को खुद बजेट तथा खर्चको यथार्थ विवरण:

चालु खर्च (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४५०००११३ | रक्षा मन्त्रालय | ७९१०० | ५७४७९ | ७२.६७ |
| ३४५०००१२३ | राष्ट्रिय सुरक्षा परिषद् | ४६३१७ | ३९१०७ | ८४.४३ |
| ३४५०१०११३ | जंगी अड्डा | ४२६४४१६० | ४१९५५३८५ | ९८.३८ |
| ३४५०१०१२३ | सैनिक हवाई महा-निर्देशनालय | ५६०२२९ | ५०६२३६ | ९०.३६ |
| ३४५०१०१३३ | वीरेन्द्र अस्पताल (पोष्ट एक्सीडेन्ट सेन्टर समेत) | ७८८६२३ | ७८२४३७ | ९९.२२ |
| ३४५०१०१४३ | सैनिक कमाण्ड तथा स्टाफ कलेज | ९४७०९ | ९४१८३ | ९९.४४ |
| ३४५०१०१५३ | राष्ट्रिय सेवा दल | ३२३३५७ | ३१७८१८ | ९८.२९ |
| ३४५०१०१६३ | अति विशिष्ट व्यक्तिहरूको सुरक्षा | ११४८० | ८३२९ | ७२.५५ |
| | **कुल जम्मा** | **४४५४७९७५** | **४३७६०९७४** | **९८.२३** |

पुँजीगत खर्च (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४५०००११४ | रक्षा मन्त्रालय | ६४००० | ४९८७५ | ७७.९३ |
| ३४५०००१२४ | राष्ट्रिय सुरक्षा परिषद् | २८०० | २११२ | ७५.४१ |
| ३४५०१०११४ | जंगी अड्डा | ७९०२५७७ | ६१७५७८६ | ७८.१५ |
| ३४५०१०१२४ | सैनिक हवाई महा-निर्देशनालय | ७९००० | ७६९३८ | ९७.३९ |
| ३४५०१०१३४ | वीरेन्द्र अस्पताल (पोष्ट एक्सीडेन्ट सेन्टर समेत) | १०००० | ९९८५ | ९९.८५ |
| ३४५०१०१४४ | सैनिक कमाण्ड तथा स्टाफ कलेज | ७५०० | ४९२० | ६५.६ |
| ३४५०१०१५४ | राष्ट्रिय सेवा दल | ३०५३५० | १८८२०३ | ६१.६४ |
| | **कुल जम्मा** | **८३७१२२७** | **६५०७८१९** | **७७.७४** |

## १०.चालु आर्थिक वर्ष २०७७/७८ मा खुद बजेट तथा फागुन मसान्तसम्मको खर्चको विवरण:

चालु खर्च (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४५०००११३ | रक्षा मन्त्रालय | ७१९६८ | ३३६५८ | ४६.७७ |
| ३४५०००१२३ | राष्ट्रिय सुरक्षा परिषद् | ४९१०० | २६२४७ | ५३.४६ |
| ३४५०१०११३ | जंगी अड्डा | ४१८९१४७० | २७२३३२७९ | ६५.०१ |
| ३४५०१०१२३ | सैनिक हवाई महा-निर्देशनालय | ६२२६७९ | ३५८५०७ | ५७.५७ |
| ३४५०१०१३३ | वीरेन्द्र अस्पताल (पोष्ट एक्सीडेन्ट सेन्टर समेत) | १३९४३३८ | ९४८८२८ | ६८.०५ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४५०१०१४३ | सैनिक कमाण्ड तथा स्टाफ कलेज | १२९५६० | ७८०१९ | ६०.२२ |
| ३४५०१०१५३ | राष्ट्रिय सेवा दल | २३७०४३ | १२०९०२ | ५१.०० |
| ३४५०१०१६३ | अति विशिष्ट व्यक्तिहरूको सुरक्षा | २०६६०० | १४२६८२ | ६९.०६ |
| | **कुल जम्मा** | **४४६०२७५८** | **२८९४२१२२** | **६४.८९** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४५०००११४ | रक्षा मन्त्रालय | ४२४०० | ३७१७ | ८.७७ |
| ३४५०००१२४ | राष्ट्रिय सुरक्षा परिषद् | १५०० | ४८७ | ३२.४८ |
| ३४५०१०११४ | जंगी अड्डा | ८७४७८२४ | २६१६९६१ | २९.९२ |
| ३४५०१०१२४ | सैनिक हवाई महा-निर्देशनालय | २२८१०० | ० | ०.०० |
| ३४५०१०१३४ | वीरेन्द्र अस्पताल (पोष्ट एक्सीडेन्ट सेन्टर समेत) | १०६१८७ | २७१५ | २.५६ |
| ३४५०१०१४४ | सैनिक कमाण्ड तथा स्टाफ कलेज | ३३०३६ | २१७७३ | ६५.९१ |
| ३४५०१०१५४ | राष्ट्रिय सेवा दल | ६६०३ | २८४१ | ४३.०३ |
| ३४५०१०१६४ | अति विशिष्ट व्यक्तिहरूको सुरक्षा | ५७८१ | ३८१ | ६.५८ |
| | **कुल जम्मा** | **९१७१४३१** | **२६४८८७६** | **२८.८८** |

◆ ◆ ◆

# वन तथा वातावरण मन्त्रालय

## १. पृष्ठभूमिः

वन तथा वातावरण मन्त्रालयको प्रमुख जिम्मेवारीमा वन, वातावरण तथा जलवायु परिवर्तनका क्षेत्रहरू समावेश छन्। वन अन्तर्गत मूलतः वन, वन्यजन्तु, वनस्पति, जैविक विविधता र जलाधारहरूको दिगो, समावेशी र सहभागितामूलक व्यवस्थापन र तिनबाट प्राप्त प्रतिफलको न्यायोचित उपयोग गर्ने विषय पर्दछन्। वातावरण कार्यक्षेत्र तर्फ तीनै तहका सरकार, समुदाय र निजीक्षेत्रको सहयोग र सहकार्यमा खासगरी प्रदूषण नियन्त्रण, फोहोरमैला व्यवस्थापन, हरियाली प्रवर्द्धन, वातावरणीय मापदण्डको निर्धारण र वातावरणीय प्रभावको नियमन रहेका छन्। जलवायु परिवर्तन तर्फ मानव समाज र प्राकृतिक वातावरणमा जलवायु परिवर्तनले पारेका वा पार्न सक्ने प्रभावहरूबाट बच्न अनुकूलनका उपायहरूको खोजी र विस्तार गर्नु, र हरितगृह ग्याँसको उत्सर्जनको नियमित मापन गर्नु जस्ता क्रियाकलापहरू रहेका छन्। यी तीनवटै कार्यक्षेत्रमा लैंगिक तथा सामाजिक समावेशीकरण, अध्ययन-अनुसन्धान, क्षमता विकास र शासकीय सुधार प्रमुख अन्तरसम्बन्धित पक्षहरु हुन्।

## २. दीर्घकालीन सोचः

वन क्षेत्रको दिगो व्यवस्थापन, सफा, स्वच्छ र हरित वातावरण तथा जलवायु समानुकूलित समाजको निर्माणबाट नेपालको आर्थिक, सामाजिक र साँस्कृतिक समृद्धि र सुखमा योगदान।

## ३. उद्देश्यः

**वनसम्बन्धी**

- वन क्षेत्रको उत्पादन, उत्पादकत्व र वातावरणीय सेवामा अभिवृद्धि गर्ने,
- वन पैदावरमा मूल्य अभिवृद्धि सहित निर्यात प्रवर्द्धन गरी आत्मनिर्भर बनाउने,
- संरक्षित क्षेत्र, सिमसार क्षेत्र तथा वन व्यवस्थापन पद्धतिहरूबाट पर्यटन प्रवर्द्धनमा उल्लेख्य योगदान पुऱ्याउने,
- वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण पुनर्स्थापना र दिगो उपयोग गर्ने,
- फलफूल लगायतका कृषि वनको विकास र संरक्षण गरी वन क्षेत्रलाई आर्थिक उपार्जनको माध्यमको रूपमा विकास गर्ने,
- जलाधार क्षेत्रहरूको एकीकृत व्यवस्थापनबाट जल र भूमिको संरक्षण गर्ने,
- वन क्षेत्रको अध्ययन अनुसन्धान शैक्षिक गुणस्तर तथा क्षमता अभिवृद्धि गर्ने।

**वातावरणसम्बन्धी**

- जल, वायु, माटो, ध्वनि, विद्युत-चुम्बकीय तरङ्ग, रासायनिक र रेडियोधर्मी लगायत सबै प्रकारका प्रदूषणको रोकथाम नियन्त्रण र न्यूनीकरण गर्ने,
- घरेलु औद्योगिक तथा सेवा क्षेत्र लगायत सबै स्रोतबाट सिर्जित फोहोरमैलाको व्यवस्थापन गर्ने,
- शहरी तथा नगर क्षेत्रमा उद्यान विकास तथा हरियाली विस्तार गर्ने,

- वातावरण संरक्षण र व्यवस्थापनका लागि शोध अनुसन्धान र क्षमता अभिवृद्धि गर्ने,

<u>जलवायु सम्बन्धी</u>

- सङ्कटासन्न र जोखिमपूर्ण अवस्थामा रहेका व्यक्ति, परिवार, समूह र समुदायको जलवायु परिवर्तन अनुकूलन क्षमता अभिवृद्धि गर्ने,
- जलवायु परिवर्तनका प्रतिकूल प्रभावको जोखिममा रहेका परिस्थितिकीय प्रणालीहरूको उत्थानशीलता विकास गर्ने,
- न्यून कार्बन उत्सर्जन विकासको अवधारणा अवलम्बन गर्दै हरित अर्थतन्त्रको प्रवर्द्धन गर्ने,
- जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन कार्यक्रमहरूमा लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई मूलप्रवाहीकरण गर्ने।

## ४. कार्यक्षेत्र:

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायअनुसार रहेका छन्:

- राष्ट्रिय वनसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- राष्ट्रिय वनको सर्वेक्षण, वर्गीकरण, नाप नक्सा र सीमाङ्कन,
- निजी वन, सार्वजनिक वन, सरकारी वन, धार्मिक वन, सामुदायिक वन, साझेदारी वन, कबुलियती वन, चक्ला वनसम्बन्धी नीति, कानुन र मापदण्ड,
- वन्यजन्तु र चराचुरुङ्गीसम्बन्धी नीति, कानुन र मापदण्ड,
- राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा सिकार आरक्ष र सीमसार क्षेत्रसम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तथा कार्यान्वयन,
- हात्तीसार,
- प्राणीउद्यान (चिडियाखाना)सम्बन्धी नीति, कानुन र मापदण्ड,
- मध्यवर्ती क्षेत्र तथा संरक्षण क्षेत्र व्यवस्थापनसम्बन्धी नीति र मापदण्ड,
- जैविक विविधता, प्राकृतिक वातावरण संरक्षण, सदुपयोग र स्रोतको व्यवस्थापन,
- वन्यजन्तु, जैविक विविधता र वन पैदावार ओसारपसार एवं अपराध नियन्त्रणसम्वन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन,
- वन क्षेत्र अतिक्रमण र वन क्षेत्रको भू-उपयोगको परिवर्तन,
- वनस्पति उद्यान र वनस्पति पहिचान तथा अभिलेखीकरणसम्बन्धी नीति, कानुन र मापदण्ड,
- हर्वेरियम व्यवस्थापन,
- वनस्पतिहरूको रसायनिक गुणहरूको परीक्षण, प्रयोगशाला, प्रत्यायन, प्रमाणीकरण र गुणस्तर,
- आनुवांशिक स्रोत, दुर्लभ तथा लोपोन्मुख प्रजाति र आयातित प्रजाति,
- वातावरण, जलवायु परिवर्तन, जलवायु परिवर्तन अनुकूलन, न्यूनीकरणसम्बन्धी नीति, कानुन र मापदण्ड,
- कार्बन सेवा र कार्बन सञ्चिति,

- अन्तर प्रादेशिक जङ्गल, हिमाल, वन, संरक्षण क्षेत्र, जैविक विविधता तथा भू-जलाधार क्षेत्रको संरक्षण, सम्बर्द्धन र व्यवस्थापनसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- अन्तरदेशीय वन तथा वन्यजन्तुसम्बन्धी विषय,
- वन, वनस्पति, वातावरण तथा जलवायु परिवर्तनसम्बन्धी अध्ययन अनुसन्धान,
- प्राकृतिक नदी नाला, ताल तलैया, पोखरी, सीमसार एवं जलाधार क्षेत्रको वातावरणीय संरक्षण एवं स्वच्छता कायमसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- वायु र वायुमण्डलको गुणस्तर, मापदण्ड, अनुगमन र लेखाजोखा,
- हरित अर्थतन्त्रसम्बन्धी नीति र मापदण्ड,
- विकिरण, जल, ठोस, तापीय, नाभकीय, विद्युतीय, चुम्बकीय, रसायन, ध्वनिलगायतका प्रदूषण नियन्त्रण,
- हरितगृह ग्यासको मापदण्ड र नियमन,
- राष्ट्रियस्तरमा वातावरणीय सूचना प्रणाली,
- वातावरणीय प्रभाव अध्ययनसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति, राष्ट्रिय प्रकृति संरक्षण कोष,
- सशस्त्र वन रक्षक,
- मन्त्रालय सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय
- मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,
- नेपाल वन सेवाको सञ्चालन।

## ५. चालु आर्थिक वर्ष २०७७/०७८ को बजेट वक्तव्यमा उल्लिखित नीति र कार्यक्रमका बुँदाहरूको फागुन मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ११६ | नेपालीको जीवनपद्धति र समृद्धिको आधारको रूपमा रहेको वन क्षेत्रको सम्वर्द्धन मार्फत वातावरणीय सन्तुलन कायम गर्दै वन सम्पदाको बहुउपयोग गरी आय, रोजगारी एवम् व्यवसाय प्रवर्द्धन गरिनेछ। वैज्ञानिक वन व्यवस्थापनको माध्यमबाट वन पैदावारलाई आर्थिक क्रियाकलापसँग जोडिनेछ। समृद्धिको लागि वन कार्यक्रम सञ्चालन गरी वन पैदावारमा काष्ठ, गैरकाष्ठ र जडीबुटीमा आधारित उद्यमको विकास गरिनेछ। | • वन क्षेत्रका विभिन्न क्रियाकलापबाट १७ लाख ४९ हजार श्रमदिन रोजगारी सिर्जना गरिएको।<br>• १ सय ६८ हेक्टर वन अतिक्रमण हटाइएको। १ लाख ३६ हजार फलफूल र ४२ लाख ४३ हजार अन्य बिरुवा उत्पादन तथा खरिद गरिएको।<br>• कृषि वन प्रवर्द्धनका लागि १ सय ५१ हेक्टर क्षेत्रको लागि प्रजाति छनौट र स्थान तयार गरिएको।<br>• राष्ट्रिय तथा निजी वनबाट ७२ लाख ११ हजार क्यू. फिट काठ उत्पादन गरिएको।<br>• ७ सय ६८ साना तथा लघु वन उद्यम प्रवर्द्धन तथा विकास गरिएको। |

| | | |
|---|---|---|
| | | • संरक्षित क्षेत्र भित्र २ हजार ६५ हेक्टर घाँसे मैदान निर्माण तथा व्यवस्थापन गरिएको।<br>• १४९ पानी पोखरी निर्माण तथा मर्मत गरिएको। १३ सिमसार क्षेत्र व्यवस्थापन / पुनर्स्थापना गरिएको।<br>• रामसार सूचिमा सूचीकृत पोखरा उपत्यकाका ताल मध्ये मैदीताल र दिपांग तालमा सिमसार क्षेत्र व्यवस्थापन कार्य सम्पन्न गरिएको। |
| ११८ | नेपाल सरकारका आयोजनाले वनको क्षतिपूर्ति बापत रकम उपलब्ध गराउनु नपर्ने व्यवस्था मिलाइनेछ। विकास आयोजनाले प्रयोग गरेको वनक्षेत्रको क्षतिपूर्ति स्वरूप सार्वजनिक पर्ती जग्गा, झाडी बुट्यान क्षेत्र र वन नभएका स्थानीय तहका उपलब्ध जमीनमा वृक्षारोपण गर्नुपर्ने प्रावधान कार्यान्वयन गरिने। | • बारा जिल्लाको साझेदारी वनमा १९५.६२ हेक्टरमा वृक्षारोपणको लागि तयारी गरिएको। |
| ११९ | जडीबुटीको व्यावसायिक खेती विस्तार गर्दै प्रशोधन, बजारीकरण र विशिष्ट ब्राण्डिङ्ग गरी निर्यात प्रवर्द्धन गरिनेछ। कर्णाली लगायतका हिमाली क्षेत्र र सुदूरपश्चिम प्रदेशमा जडीबुटी विकास विशेष कार्यक्रम सञ्चालन गरिनेछ। जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको क्षमता अभिवृद्धि गर्दै नविन प्रविधिको प्रयोग गरी गुणस्तरीय उच्च मूल्यका जडीबुटीजन्य वस्तु उत्पादन गरिनेछ। | • जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडबाट १६.५२ टन सुगन्धित तेल उत्पादन गरिएको।<br>• जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडबाट हर्बल केयर ४७ लाख ७ हजार ४ सय ३२ थान उत्पादन भएको।<br>• विदेश निकासीमा टेवा पुऱ्याउने उद्देश्यले १ हजार २ सय ६५ वटा विभिन्न जडीबुटी प्रजातिका नमुनाको परीक्षण, विश्लेषण, प्रमाणीकरण, गुण निर्धारण तथा सिफारिस गरिएको। |
| १२० | राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षित तथा मध्यवर्ती क्षेत्र, वनस्पति उद्यान र सम्भाव्य सामुदायिक वनलाई प्रकृतिमा आधारित पर्यटन गन्तव्यको रूपमा विकास गरिनेछ। बृहत् वनस्पति उद्यान स्थापना सम्बन्धी प्रारम्भिक कार्य शुरु | • ४ उद्यान निर्माणको लागि भीमदत्त नगरपालिका, कञ्चनपुर; राप्ती नगरपालिका, चितवन, भेरी नगरपालिका, जाजरकोट, सैलुङ गाउँपालिका दोलखा र रामापिथेकस वन उद्यान, रुपन्देहीसँग समन्वय भइरहेको।<br>• सैलुङ गाउँपालिका दोलखामा उद्यान निर्माणको |

| | | |
|---|---|---|
| | गरिनेछ। | लागि ड्रइङ्ग तथा डिजाइन कार्य सम्पन्न भएको।<br>• बृहत वनस्पति उद्यान निर्माणका लागि नेपाल ट्रष्टको नुवाकोट स्थित लिखु-६, थानसिङमा सम्भाव्यता अध्ययन गरिएको।<br>• सदर चिडियाखाना तथा राष्ट्रिय वनस्पति उद्यानमा ५ सय १३ जना विदेशी सहित जम्मा २ लाख ३३ हजार ५० जनाले भ्रमण गरेको।<br>• ३ हजार ४ सय ३३ जना विदेशी सहित जम्मा १ लाख ३४ हजार ५४ जना पर्यटकले संरक्षित क्षेत्र भ्रमण गरेको। |
| १२१ | लोपोन्मुख तथा दुर्लभ वन्यजन्तुको प्रजाति संरक्षण गरिनेछ। मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्न वन्यजन्तुको वासस्थान व्यवस्थित गरिनेछ। मध्यवर्ती क्षेत्रका बासिन्दालाई वन्यजन्तुको आक्रमणबाट जोगाउन भरपर्दो सुरक्षा व्यवस्था मिलाउनुका साथै क्षतिपूर्तिको व्यवस्था गरिनेछ। | • मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि १०.८७ मेषजाली सहितको तारबार निर्माण सम्पन्न।<br>• बाघ र हात्ती गरी २ प्रजाति संरक्षण कार्ययोजनाको मस्यौदा तयार भएको तथा गिद्ध र कृष्णसार २ प्रजाति संरक्षण कार्ययोजनाको मस्यौदा कार्य भइरहेको। |
| १२२ | कोशी, गण्डकी, कर्णाली र महाकाली जलाधार क्षेत्रमा एकीकृत रूपमा भू-संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ। | • ३४ वटा गल्छी/पहिरो नियन्त्रणका लागि संरचना निर्माण गरिएको।<br>• १ सयवटा पानी पोखरीको लागि संरचना निर्माण गरिएको। १ सय २४ वटा पानीको मुहान संरक्षण तथा व्यवस्थापनका लागि इन्जिनियरिङ्ग संरचना निर्माण तथा व्यवस्थापन गरिएको। |
| १२३ | राष्ट्रपति चुरे संरक्षण कार्यक्रमको पुनर्संरचना गरी भू-क्षय नियन्त्रण, क्षतिग्रस्त भूमिको पुनर्स्थापना, कृषि वन, बायो इञ्जिनियरिङ सहितको तटबन्ध निर्माण कार्यलाई तीव्रता दिइनेछ। चुरे क्षेत्रमा वर्षातको पानी उपयोग, जलपुनर्भरण सहित सिमसार व्यवस्थापन र अति जोखिमयुक्त वस्तीको पुनर्व्यबस्थापन लगायतका कार्यक्रम | • चुरे क्षेत्रमा ९८ वटा गल्छी/पहिरो नियन्त्रणका लागि संरचना निर्माण गरिएको। भूमिगत जल पुनर्भरण र सतहमुनिको पानी उपयोगका लागि ३८ पुनर्भरण पोखरी निर्माण गरिएको।<br>• तालतलैया/सिमसार संरक्षण तथा व्यवस्थापनका लागि २० वटा संरचना निर्माण गरिएको। पर्यापर्यटन प्रवर्द्धनका लागि १० स्थानमा संरचना निर्माण गरिएको।<br>• १४.५९ कि.मी. नदी तथा खोला किनारा |

| | | |
|---|---|---|
| | सञ्चालन गरिनेछ। | स्थिरीकरण गरिएको। |
| १२४ | वातावरण संरक्षणसँग सम्बन्धी अन्तर्राष्ट्रिय तथा राष्ट्रिय प्रतिबद्धता र उत्तरदायित्व प्रति सरकार सजग छ। कार्बन उत्सर्जन न्यूनीकरण गरी मानव स्वास्थ्यको सुरक्षा गर्न देशका मुख्य शहरमा हुने वायु, ध्वनि, जल लगायतका प्रदूषण नियन्त्रणका मापदण्ड अद्यावधिक गरी लागू गरिनेछ। शहरी क्षेत्रमा वृक्षारोपणलाई प्रोत्साहन गरी हरित शहरको रूपमा विकास गर्दै लगिनेछ। प्रदेश तथा स्थानीय तहको सहकार्यमा जलवायुजन्य जोखिम न्यूनीकरण तथा अनुकूलन कार्यक्रम सञ्चालन गरिनेछ। वन क्षेत्रबाट कार्बन व्यापारको लाभ लिन रेडप्लस कार्यक्रमलाई निरन्तरता दिइनेछ। | • जलवायु परिवर्तन अनुकूलनका २ सय ४१ वटा योजनाको कार्यान्वयन गरिएको।२० वटा स्थानीय तहको भू-उपयोग योजना तयार गरिएको।<br>• वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षण गरेका ४० आयोजनाको स्थलगत अनुगमन गरिएको। १ आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन गरिएको।<br>• सबै प्रदेश राजधानीहरूमा वातावरण मैत्री शहरी बृहत वृक्षारोपण सहित उद्यान निर्माण गर्न सातै प्रदेशका ७ वटा स्थानीय तहसँग सम्झौता गरिएको।<br>• विश्व बैंक र नेपाल सरकारबीच उत्सर्जन न्यूनीकरण भुक्तानी सम्झौता सम्पन्न भएको। |
| १२५ | विश्वविद्यालय तथा अनुसन्धान प्रतिष्ठानको समन्वय र साझेदारीमा वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार, वातावरण र जलवायु परिवर्तनका विषयमा अध्ययन अनुसन्धान गरिनेछ। | • विश्वविद्यालयमा अध्ययनरत २ सय ५ जना विद्यार्थीलाई अध्ययन अनुसन्धानमा परिचालन गरिएको। |

## ६. चालु आर्थिक वर्ष २०७७/०७८ को फागुन मसान्तसम्म सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

- १६ वटा आयोजनालाई कूल ६१६.६५६ हेक्टर वन क्षेत्र उपलब्ध गराइएको। जलविद्युत् उत्पादन, विद्युतीय प्रसारणलाईन निर्माण, विभिन्न स्तरका सडक निर्माण आयोजना लगायतका विभिन्न ४० वटा आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन गरिएको। २३ वटा आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने प्रयोजनार्थ तयार गरिएको क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूची स्वीकृत तथा ४ वटा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गरी नेपालको विकास प्रक्रियालाई वातावरण मैत्री तुल्याउने कार्यमा तीव्रता प्रदान गरिएको।
- संरक्षित क्षेत्रको प्रवेश शुल्क, सरकारद्वारा व्यवस्थित वनको काठ दाउरा तथा जडिबुटी एवं अन्य गैरकाष्ठ वन पैदावार बिक्रीबाट प्राप्त राजस्व, जरीवाना रकम तथा प्रदूषण नियन्त्रण शुल्क आदिबाट रु.२ अर्ब ३५ करोड राजस्व संकलन गरिएको।

- मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि ६ हजार ५ सय ९४ घटनाहरूको लागि रु.६ करोड ८० लाख राहत वितरण गरिएको।

## ७. आर्थिक वर्ष २०७६/०७७ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

- राष्ट्रिय वन र निजी वनबाट १ करोड ४३ लाख क्यू.फिट काठ तथा १३ हजार २ सय ८० चट्टा दाउरा उत्पादन तथा संकलन गरिएको। आ.व. २०७५/०७६ को तुलनामा काठको आयात ३५ प्रतिशतले घटेको। आ.व २०७६/०७७ मा ५ लाख १० हजार क्यू.फिट. काठ आयात गरिएको। काठ, दाउरा, जडिबुटी र पर्यापर्यटनबाट रु.५ अर्ब १ करोड राजस्व संकलन गरिएको।
- २ करोड ३४ लाख २१ हजार बिरुवा उत्पादन तथा खरिद गरी २ हजार ९ सय ७३ हेक्टर क्षेत्रफलमा वृक्षारोपण गरिएको। ७ सय ९७.०८ हेक्टर अतिक्रमण हटाई वनको पुनर्स्थापना गरिएको।
- कर्णाली क्षेत्रको १५ वटा स्थानमा १ सय ५० हेक्टरमा जडिबुटी खेती विस्तार गरिएको।४२ वटा आयोजनाहरूलाई ५ सय ७४.०७५ हेक्टर गरी आर्थिक वर्ष २०७६/०७७ को अन्त सम्ममा १७ हजार ९ सय ५.८५१ हेक्टर कुल वन क्षेत्र उपलब्ध गराइएको।
- विभिन्न ६४ वटा आयोजनाहरूको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन (EIA) र ५ वटा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन (SEIA), २३ वटा त्यस्ता आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने प्रयोजनार्थ तयार गरिएको क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूची स्वीकृत गरिएको तथा वातावरण संरक्षण ऐन विपरीत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत तथा मापदण्ड पुरा नगरेको ३६ वटा उद्योग/आयोजना/अस्पतालहरूलाई कारबाही गरिएको।
- २ लाख ६० हजार ५ सय ३५ जना विदेशी पर्यटक सहित जम्मा ५ लाख ५ सय ३७ जना पर्यटकले संरक्षित क्षेत्रहरूमा तथा विदेशी पर्यटक सहित जम्मा ११ लाख ५ हजार ६ सय १५ जनाले राष्ट्रिय वनस्पति उद्यान र सदर चिडियाखानामा भ्रमण गरेको।
- २०७६/०७७ को अन्त्य सम्ममा २३ हजार ६ सय ८२ वटा सामुदायिक वनको व्यवस्थापन गरिएको। जस मध्ये १ सय ३७ वटा मध्यवर्ती क्षेत्र तथा संरक्षण क्षेत्र भित्र रहेका, ७ हजार ९ सय ७६ कबुलियती वनको रूपमा व्यवस्थापन भई आएको जस मध्ये ८८ वटा मध्यवर्ती क्षेत्र तथा संरक्षण क्षेत्र भित्र रहेका, १ सय ८५ वटा धार्मिक वनको रूपमा व्यवस्थापन भई आएको जस मध्ये ७ वटा मध्यवर्ती धार्मिक वन रहेको। तराईका विभिन्न १३ वटा जिल्लाहरूमा ३१ वटा साझेदारी वन रहेको तथा १० वटा वन संरक्षण क्षेत्रको रूपमा व्यवस्थापन गरिएको।
- मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि तराई संरक्षित क्षेत्रमा २८.९१ कि.मी. मेषजाली सहितको तारवार तथा १४ कि.मी. सोलार फेन्स निर्माण, २ हजार २ सय ७९ हेक्टर घाँसे मैदान निर्माण तथा व्यवस्थापन, चितवन राष्ट्रिय निकुञ्ज, कोशी वन्यजन्तु आरक्ष र बर्दिया राष्ट्रिय निकुञ्जमा वन्यजन्तु उद्धार केन्द्र निर्माण तथा देशभरमा ८ हजार १ सय ६४ घटनाहरुको लागि रु.१० करोड ६६ लाख राहत वितरण गरिएको।

- दुर्लभ तथा लोपोन्मुख वन्यजन्तु तथा वनस्पति संरक्षणका लागि पाँचऔले, जटामसी, खयर, सिमल, दार, मौवा र हल्दु गरी ७ वनस्पति प्रजाति तथा डल्फिन, सारस र कस्तुरी गरी ३ वन्यजन्तु प्रजातिहरूको प्रजाति संरक्षण कार्ययोजना तयार गरिएको।
- संरक्षित क्षेत्र भित्र पर्यापर्यटन प्रवर्द्धनका लागि संरक्षित क्षेत्रहरूमा २७ वटा मचान निर्माण, ३९ वटा काठेपूल निर्माण र ५८ वटा पर्यटक विश्रामस्थल निर्माण तथा मर्मत, शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज, चितवन राष्ट्रिय निकुञ्ज र शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज गरी ३ वटा राष्ट्रिय निकुञ्जहरुमा विद्युतीय पर्यटक सूचना केन्द्र निर्माण तथा व्यवस्थापनका साथै मकालु वरुण राष्ट्रिय निकुञ्ज र खप्तड राष्ट्रिय निकुञ्जमा एक-एक होमस्टे प्रवर्द्धन गरिएको।
- राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम अन्तर्गत ३७ जिल्लाका ३० वटा मुख्य नदी प्रणालीमा २०३ वटा गल्छी पहिरो र खहरे नियन्त्रण, १९.३३४ कि.मी. नदी खोला किनारा व्यवस्थापन , भूमिगत जल पुनर्भरण र सतहमुनिको पानी उपयोगको लागि १०३ वटा पुनर्भरण पोखरी, ७३.६ हेक्टर क्षेत्रमा हरित पेटिका निर्माण, ९९ हेक्टर भिरालो जग्गामा वहुवर्षीय खेती विस्तार गरिएको।
- वन वन्यजन्तु र वनस्पतिको चोरी शिकार नियन्त्रणका लागि १७० पटक चोरी शिकार नियन्त्रण स्विप अप्रेशन र ४८ पटक जिल्लास्तरीय वन्यजन्तु अपराध नियन्त्रण ब्यूरो बैठक सम्पन्न गरिएको।
- जलवायु परिवर्तन अनुकूलनका लागि २ सय १९ स्थानीय अनुकूलन/जलवायु उत्थानशील विकास योजना तयार गरिएको। महेन्द्रनगर, धनगढी, रारा, भरतपुर, हेटौंडा, जनकपुर र विराटनगर गरी ७ स्थानमा वायु गुणस्तर मापन केन्द्र स्थापना गरिएको। हाल नेपालमा २९ वटा वायु गुणस्तर मापन केन्द्रहरू सञ्चालनमा रहेको।
- राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशाला गोदावरीमा ३० हजार ७० हर्वेरियम नमुनाहरूको Digitization कार्य सम्पन्न भएको। १ हजार ५ सय ७ जडीबुटीजन्य नमुना र सारतत्वको विश्लेषण, प्रमाणीकरण तथा विदेश निर्यातमा सिफारिस गरिएको। जडिवुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडबाट ४४.८ टन सुगन्धित तेल तथा ४९ लाख ६५ हजार ९ सय ३४ थान हर्बल केयर उत्पादन गरिएको।

## ८. आर्थिक वर्ष २०७६/०७७ को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

**चालु खर्च** (रु. हजारमा )

| ब.उ.शि.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | यथार्थ खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२९०००११३ | वन तथा वातावरण मन्त्रालय | १६०७५४ | १३९३५७ | ८६.६९ |
| ३२९००१०१३ | नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम | ५३३३०० | २३३५२४ | ४३.७९ |
| ३२९००१०२३ | रेड फरेष्ट्रि तथा जलवायु परिवर्तन कार्यक्रम | ४६९२६५ | ६९२८४ | १४.७६ |
| ३२९००१०३३ | पहाडी साना किसानका लागि अनुकूलन आयोजना | ७१८७१ | ५०६९७ | ७०.५४ |
| ३२९००१०४३ | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | १०८७९१ | ८१२५१ | ७४.६९ |
| ३२९०१०११३ | वन तथा भू सरक्षण विभाग | ३९५८३७ | २१८५९५ | ५५.२२ |
| ३२९०१०१२३ | डिभिजन वन कार्यालयहरु (वन सुरक्षा सैनिक समेत) | ३४५०६६ | १८९८०३ | ५५ |
| ३२९०११०१३ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | १३८६९६ | ९६९१८ | ६९.८८ |

| ब.उ.शि.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | यथार्थ खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२९०११०२३ | जलाधार सरक्षण तथा व्यवस्थापन कार्यक्रम | ६२५० | २५३४ | ४०.५५ |
| ३२९०११०३३ | पर्वतिय जलाधारहरुको जलाधारहरुको जलवायु परिवर्तन समानुकूलन आयोजना | १९०००० | १२३४९२ | ६५ |
| ३२९०११०४३ | प्रकृतिमा आधारित पर्यटन कार्यक्रम | २१९१७ | ९२११ | ४२.०३ |
| ३२९०११०५३ | जोखिमयुक्त जलाधारमा जलवायु समानुकूलन कार्यक्रम | ५६८०० | १७५६ | ३.०९ |
| ३२९०२०११३ | वनस्पति विभाग | २२५१४६ | १७५५७८ | ७७.९८ |
| ३२९०२१०१३ | जडिवुटी विकास कार्यक्रम | ७०००० | ४५०२२ | ६४.३२ |
| ३२९०२१०२३ | वनस्पति संरक्षण तथा उद्यान विकास आयोजना | ३०७१२ | २६९५९ | ८७.७८ |
| ३२९०२१०३३ | वनस्पति अध्ययन अनुसन्धान तथा वजारीकरण कार्यक्रम | १९५०० | ११७४८ | ६०.२५ |
| ३२९०३०११३ | रा.नि.तथा व.ज.सं.विभाग | ३९८३५५ | ३५३७७१ | ८८.८१ |
| ३२९०३०१२३ | राष्ट्रिय निकुञ्ज सुरक्षा टोली | ३४०८३२२ | ३३५१६११ | ९८.३४ |
| ३२९०३०१३३ | हात्तीसारहरू | १५०८७७ | १३२३३२ | ८७.७१ |
| ३२९०३१०१३ | राष्ट्रिय निकुन्ज तथा आरक्ष आयोजना | ८८२८९१ | ८२०००० | ९२.८८ |
| ३२९०३१०२३ | सिमसार व्यवस्थापन कार्यक्रम | ६१४० | ३७७५ | ६१.४९ |
| ३२९०४०११३ | वन अनुसन्धान तथा सर्भेक्षण विभाग | ५०५०८ | ३९९३९ | ७९.०७ |
| ३२९०४१०१३ | वन अनुसन्धान तथा सर्भेक्षण आयोजना | १३८२०० | ८८८६८ | ६४.३ |
| ३२९०५०११३ | वातावरण विभाग | ९३३३२ | ५३२४८ | ५७.०५ |
| ३२९०६०११३ | केन्द्रीय वन तालिम तथा प्रसार केन्द्र | ६७२८ | ५५३२ | ८२.२३ |
| | **कुल जम्मा** | **७९७९२५८** | **६३२४८०५** | **७९.२६** |

**पुँजीगत खर्च** (रु. हजारमा)

| ब.उ.शि.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | यथार्थ खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२९०००११३ | वन तथा वातावरण मन्त्रालय | ९०८९ | ६९४१ | ७६.३६ |
| ३२९००१०२३ | रेड फरेष्ट्रि तथा जलवायु परिवर्तन कार्यक्रम | १४००० | ११५५४ | ८२.५३ |
| ३२९००१०३३ | पहाडी साना किसानका लागि अनुकूलन आयोजना | ९३४९४४ | ५३९६४८ | ५७.७२ |
| ३२९००१०४३ | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | १५६३१३२ | १३३३४०९ | ८५.३१ |
| ३२९०१०११३ | वन तथा भू सरक्षण विभाग | १७२०० | ३४५३ | २०.०८ |
| ३२९०१०१२३ | डिभिजन वन कार्यालयहरु (वन सुरक्षा सैनिक समेत) | ६१७०० | ७६४६ | १२.३९ |
| ३२९०११०१३ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | २५१२२५ | १२९८६० | ५१.६९ |
| ३२९०११०२३ | जलाधार संरक्षण तथा व्यवस्थापन कार्यक्रम | १३४५०० | ११२८८० | ८३.९३ |
| ३२९०११०३३ | पर्वतिय जलाधारहरुको जलाधारहरूको जलवायु परिवर्तन समानुकूलन आयोजना | ५३६७२७ | २०९७४५ | ३९.०८ |
| ३२९०११०४३ | प्रकृतिमा आधारित पर्यटन कार्यक्रम | ११००० | ८२१६ | ७४.६९ |
| ३२९०११०५३ | जोखिमयुक्त जलाधारमा जलवायु समानुकूलन कार्यक्रम | ११७७०० | ० | ०.०० |
| ३२९०२०११३ | वनस्पति विभाग | १६०० | १४२० | ८८.७२ |
| ३२९०२१०१३ | जडिवुटी विकास कार्यक्रम | ६८५०० | ४७८९२ | ६९.९२ |

| ब.उ.शि.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | यथार्थ खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२९०२१०२३ | वनस्पति संरक्षण तथा उद्यान विकास आयोजना | ४६१०० | ४०१२५ | ८७.०४ |
| ३२९०२१०३३ | वनस्पति अध्ययन अनुसन्धान तथा वजारीकरण कार्यक्रम | ९५०० | ३८३९ | ४०.४१ |
| ३२९०३०११३ | रा.नि.तथा व.ज.सं.विभाग | १२११४० | ६२६५६ | ५१.७२ |
| ३२९०३०१२३ | राष्ट्रिय निकुञ्ज सुरक्षा टोली | १०४१०० | ९८९२९ | ९५.०३ |
| ३२९०३०१३३ | हात्तीसारहरू | ८४४० | ७९६९ | ९४.४२ |
| ३२९०३१०१३ | राष्ट्रिय निकुन्ज तथा आरक्ष आयोजना | ६७७७९१ | ५५४३२२ | ८१.७८ |
| ३२९०३१०२३ | सिमसार व्यवस्थापन कार्यक्रम | २०००० | १९००३ | ९५.०२ |
| ३२९०४०११३ | वन अनुसन्धान तथा सर्भेक्षण विभाग | ५००० | १९८१ | ३९.६१ |
| ३२९०४१०१३ | वन अनुसन्धान तथा सर्भेक्षण आयोजना | ८२०० | ६७११ | ८१.८४ |
| ३२९०५०११३ | वातावरण विभाग | २०७९९६ | १८८३४० | ९०.५५ |
| ३२९०६०११३ | केन्द्रीय वन तालिम तथा प्रसार केन्द्र | १५०० | ३६ | २.४१ |
| | **कुल जम्मा** | **४९३१०८५** | **३३९६५७५** | **६८.८८** |

## ९. चालु आर्थिक वर्ष २०७७/०७८ को खुद बजेट तथा फागुन मसान्तसम्मको खर्चको अवस्थाः

**चालु खर्च** (रु. हजारमा)

| ब.उ.शि.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | यथार्थ खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२९०००११३ | वन तथा वातावरण मन्त्रालय | २१७४८५ | १०२९८५ | ४७.३५ |
| ३२९००१०१३ | नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम | ५६२९७२ | ० | ०.०० |
| ३२९००१०२३ | रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम | २५८१५० | ४७७१ | १.८५ |
| ३२९००१०३३ | पहाडी साना किसानका लागि अनुकूलन आयोजना | ९४४०० | ३१४६४ | ३३.३३ |
| ३२९००१०४३ | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | १३८७०० | ५१००८ | ३६.७८ |
| ३२९००१०५३ | सम्वृद्धिका लागि वन | १०००० | ६०० | ६.०० |
| ३२९००१०७३ | स्वच्छ वातावरण कार्यक्रम | २०००० | ५२४ | २.६२ |
| ३२९००१०८३ | जलवायु उत्थानशिल चुरे कार्यक्रम | १२०७०० | ९८२ | ०.८१ |
| ३२९०१०११३ | वन तथा भू-संरक्षण विभाग | १८१६९० | ८१८४१ | ४५.०४ |
| ३२९०१०१२३ | डिभिजन वन कार्यालयहरु (वन सुरक्षा सैनिक समेत) | ७५५८९ | १८९२१ | २५.०३ |
| ३२९०११०१३ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | ६२४०० | २२५० | ३.६१ |
| ३२९०११०२३ | जलाधार संरक्षण तथा सीमसार ब्यवस्थापन कार्यक्रम | ४४४०० | ८०६७ | १८.१७ |
| ३२९०११०४३ | प्रकृतिमा आधारित पर्यटन कार्यक्रम | १४७१५० | २७९२ | १.९० |
| ३२९०२०११३ | वनस्पति विभाग | १७४६०० | ८०९८६ | ४६.३८ |
| ३२९०२१०१३ | जडिबुटी विकास कार्यक्रम | ७०८०० | १३७९३ | १९.४८ |
| ३२९०२१०३३ | वनस्पति अनुसन्धान सं. तथा उद्यान विकास कार्यक्रम | ४७३०० | २३२४६ | ४९.१५ |
| ३२९०३०११३ | राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग | ३६७२०० | १७३३३६ | ४७.२० |
| ३२९०३०१२३ | राष्ट्रिय निकुन्ज सुरक्षा टोली (नेपाली सेना) | ३४७६२५० | २४०७९५१ | ६९.२७ |
| ३२९०३०१३३ | हात्तिसारहरू | १६३४५० | ८०१५० | ४९.०४ |
| ३२९०३१०१३ | राष्ट्रिय निकुन्ज तथा आरक्ष आयोजना | ८७४४५० | ४३६१५४ | ४९.८८ |

| ब.उ.शि.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | यथार्थ खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२९०४०११३ | वन अनुसन्धान तथा सर्वेक्षण विभाग | ५४९०० | २४७१५ | ४५.०२ |
| ३२९०४१०१३ | बन अनुसन्धान तथा सर्भेक्षण आयोजना | १०९४०० | ६३८८ | ५.८४ |
| ३२९०५०११३ | वातावरण विभाग | १७११०० | २६३४८ | १५.४० |
| ३२९०६०११३ | केन्द्रीय वन तालिम तथा प्रसार केन्द्र | ६४६६ | ५६९ | ८.८० |
| | जम्मा | ७४४९५५२ | ३५७९८४२ | ४८.०५ |

**पुँजीगत खर्च** (रु. हजारमा)

| ब.उ.शि.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | यथार्थ खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२९०००११४ | वन तथा वातावरण मन्त्रालय | ११०० | १०२ | ९.३१ |
| ३२९००१०१४ | नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम | ४३५२८ | ० | ०.०० |
| ३२९००१०२४ | रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम | ३९९०० | ० | ०.०० |
| ३२९००१०३४ | पहाडी साना किसानका लागि अनुकूलन आयोजना | १०१५००० | १४६७७० | १४.४६ |
| ३२९००१०४४ | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | १४२०१०० | २६९९९८ | १९.०१ |
| ३२९००१०५४ | सम्वृद्धिका लागि वन | ५०००० | ३४८५ | ६.९७ |
| ३२९००१०७४ | स्वच्छ वातावरण कार्यक्रम | १३१००० | ५४९५ | ४.१९ |
| ३२९००१०८४ | जलवायु उत्थानशिल चुरे कार्यक्रम | २०३०० | ० | ०.०० |
| ३२९०१०११४ | वन तथा भू-संरक्षण विभाग | ४१६०० | ५६१४ | १३.४९ |
| ३२९०१०१२४ | डिभिजन वन कार्यालयहरु (वन सुरक्षा सैनिक समेत) | १०५३०० | १५८९९ | १५.१० |
| ३२९०११०१४ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | ७६२०० | ४२३६ | ५.५६ |
| ३२९०११०२४ | जलाधार संरक्षण तथा सीमसार ब्यवस्थापन कार्यक्रम | २५११०० | ९८६३२ | ३९.२८ |
| ३२९०११०४४ | प्रकृतिमा आधारित पर्यटन कार्यक्रम | २९७५०० | ६०४७ | २.०३ |
| ३२९०२०११४ | वनस्पति विभाग | ७८०० | ४७६ | ६.१० |
| ३२९०२१०१४ | जडिबुटी विकास कार्यक्रम | ९०६०० | १५५३६ | १७.१५ |
| ३२९०२१०३४ | वनस्पति अनुसन्धान सं. तथा उद्यान विकास कार्यक्रम | ६५८०० | १०४८० | १५.९३ |
| ३२९०३०११४ | राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग | १५३२०० | १५०६१ | ९.८३ |
| ३२९०३०१२४ | राष्ट्रिय निकुन्ज सुरक्षा टोली (नेपाली सेना) | ७३२०० | १२९६४ | १७.७१ |
| ३२९०३०१३४ | हात्तिसारहरू | २२३०० | ३४५५ | १५.४९ |
| ३२९०३१०१४ | राष्ट्रिय निकुन्ज तथा आरक्ष आयोजना | ५५६८०० | १०८११० | १९.४२ |
| ३२९०४०११४ | वन अनुसन्धान तथा सर्वेक्षण विभाग | ३५०० | ० | ०.०० |
| ३२९०४१०१४ | बन अनुसन्धान तथा सर्भेक्षण आयोजना | ५२१० | ११८ | २.२६ |
| ३२९०५०११४ | वातावरण विभाग | १८७७०० | ८७६ | ०.४७ |
| ३२९०६०११४ | केन्द्रीय वन तालिम तथा प्रसार केन्द्र | २००० | ० | ०.०० |
| | कुल जम्मा | ४६६०७३८ | ७२३३५३ | १५.५२ |

◆ ◆ ◆

# शहरी विकास मन्त्रालय

## १. पृष्ठभूमिः

शहर तथा शहरउन्मुख बस्तीको योजनावद्ध शहरी पूर्वाधार विकास, आवास व्यवस्था, सरकारी भवन निर्माणसम्बन्धी नीति, योजना तथा कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्न तथा तत्सम्बन्धी विकासका क्रियाकलापहरूमा तीब्रता ल्याउन एक छुट्टै नेतृत्वदायी निकायकोरूपमा शहरी विकास मन्त्रालय गठन भएको हो। रणनीतिक सडक बाहेकका शहरी सडकको निर्माण तथा सम्भारको जिम्मा पाएको यस मन्त्रालयले शहरी विकासका नीतिगत कार्यका साथै भइरहेका निर्माण तथा सेवा प्रवाहको अनुगमन तथा मूल्याङ्कन गर्दछ।

## २. दीर्घकालीन सोचः

- पूर्वाधार तथा सेवा सुविधायुक्त, व्यवस्थित, सफा र सुन्दर शहर तथा बस्ती निर्माण गर्ने,
- सुरक्षित, किफायती, वातावरणमैत्री भवन निर्माण गर्ने।

## ३. उद्देश्यः

- व्यवस्थित, सफा, सुविधायुक्त, पूर्वाधार सेवा सहितको सुन्दर शहर तथा बस्तीहरूको विकास गर्ने,
- सबै आय वर्गका लागि सुरक्षित र किफायती आवास व्यवस्था गर्ने,
- सुरक्षित, सुविधायुक्त र आकर्षक भवनहरू निर्माण, स्तरोन्नति तथा सुधार गर्ने।

## ४. रणनीतिः

- शहरीकरणलाई व्यवस्थापन गर्न स्वीकृत भू-उपयोग नीतिमा आधारित एकीकृत पूर्वाधार विकास कार्यक्रम सञ्चालन गर्ने,
- आवास विकासमा सार्वजनिक-नीजी साझेदारीको माध्यमद्वारा निजी क्षेत्रलाई प्रोत्साहन गर्दै आवश्यक स्रोत पहिचान तथा परिचालनमा सहजीकरण गर्ने,
- भौगोलिक रूपमा विकट, सेवा सुविधा पुऱ्याउन कठिन, अपायक तथा विपदको उच्च जोखिमयुक्त स्थानमा रहेका घरपरिवारहरूलाई एकीकृत बस्ती विकास गरी स्थानान्तरण गर्ने तथा नजिकको एकीकृत वस्तीमा स्थानान्तरण हुन प्रोत्साहन गर्ने,
- वातावरणीय दृष्टिले स्वच्छ, वित्तीय दृष्टिले सम्भाव्य र प्राविधिक दृष्टिले उपयुक्त भवन निर्माण प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्ने,
- काठमाडौं उपत्यकाको शहरीकरणलाई व्यवस्थित गर्न जग्गा विकास, नयाँ वस्ती विकास, शहरी पुनः स्थापन कार्यक्रम, खुल्लाक्षेत्र व्यवस्थापन र सफा शहरको अवधारणालाई कार्यान्वयन गर्दै लैजाने।

## ५. कार्यक्षेत्रः

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायअनुसार रहेका छन्:

- शहरी विकाससम्बन्धी नीति, कानुन, मापदण्ड,
- बस्ती विकास, शहरी विकास र आवास विकाससम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- राष्ट्रिय भवन संहितासम्बन्धी नीति, कानुन, मापदण्ड,
- सङ्घीय सचिवालयको भवन निर्माण, मर्मत तथा व्यवस्थापन,
- राष्ट्रिय शहरी पूर्वाधार विकास, सङ्घीय सरकारी आवास, भवन निर्माण तथा मर्मत सम्भार,
- विशिष्ट शहरी संरचना,
- राष्ट्रियस्तरका संयुक्त र बहुतल्ले आवाससम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- लोपोन्मुख, सीमान्तकृत, गरिब, जेष्ठ नागरिक लक्षित आवास व्यवस्थापन नीति, कानुन र मापदण्ड,
- नगर विकास कोष,
- मन्त्रालयसम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थासँग सन्धि सम्झौता सम्पर्क र समन्वय,
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,
- नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल इन्जिनियरिङ्ग समूहको विल्डिङ्ग एण्ड आर्किटेक्ट उपसमूहको सञ्चालन।

## ६. चालु आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्यमा उल्लेखित नीति र कार्यक्रमका बुँदाहरूको फागुन मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| २१७ | बढ्दो शहरीकरणबाट सिर्जित चुनौतिको सामना गर्न राष्ट्रिय शहरी विकास रणनीति र एकीकृत शहरी पूर्वाधार विकास गुरुयोजनाको कार्यान्वयन गर्दै आधारभूत पूर्वाधार सहितको सुरक्षित र दिगो शहर निर्माण कार्य अघि बढाइनेछ। | • व्यवस्थित शहरी विकासलाई निर्देशित गर्न गत आ.व.मा १ सय ८५ वटा नगरपालिकाको एकीकृत शहरी विकास योजना तयार भएकोमा यस आ.व.मा थप ५० नगरपालिकाको एकीकृत शहरी विकास योजना तयार गर्न परामर्शदाता नियुक्त गर्न आशय पत्र माग गरी सोको मूल्याङ्कन भइरहेको। |
| २१८ | नवलपरासी पूर्व र रुकुम पूर्व जिल्ला सदरमुकामको पूर्वाधार निर्माण अगाडि बढाउन तथा मध्यपहाडी लोकमार्गले जोड्ने १० स्थान लगायत अन्य सम्भाव्य स्थानमा उपयुक्तताको आधारमा सुविधायुक्त नयाँ शहरको विकास गरिनेछ। शहरी कोरिडोर आयोजना अन्तर्गत हालसम्म शुरु गरिएका क्षेत्रहरूको विस्तृत सम्भाव्यता अध्ययन सम्पन्न गरी मेघा सिटी निर्माण आरम्भ गरिनेछ। सार्वजनिक-निजी साझेदारीमा काठमाडौं उपत्यकाभित्र चारवटा उपशहर | • नवलपरासी (पूर्व) जिल्ला सदरमुकाममा पूर्वाधार विकास गर्न बोलपत्र आह्वान भई मूल्याङ्कनको क्रममा रहेको।<br>• नयाँ शहर आयोजना अन्तरगत १६ कि.मी.. ट्रयाक खोल्ने कार्य, १.६ कि.मी. सडक ढलान गर्ने कार्य, ७ सरकारी भवन निर्माण कार्य, ३ हाट वजार निर्माण कार्य, २ बसपार्क निर्माण कार्य तथा २ पार्क निर्माण कार्य सम्पन्न भएको।<br>• वीरगञ्ज-पथलैया, हेटौडा-निजगढ कोरिडोरको अध्ययन कार्य सम्पन्न हुने चरणमा रहेको र अन्य दुई कोरिडोरको अध्ययन कार्य भइरहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | विकास कार्य शुरु गरिनेछ। | • काठमाडौं उपत्यकाभित्र चार उपशहर मध्ये तीन (काठमाडौं-आग्नेय, काठमाडौं-ईशान, काठमाडौं-उत्तर) को भौतिक विकास योजना तयार भई स्वीकृतिको प्रक्रियामा रहेको। |
| २१९ | नागरिकको सुरक्षित आवासको हक सुनिश्चित गर्न ३ वर्ष भित्र सबै खर र फुसका छाना भएका घर प्रतिस्थापन गर्ने गरी आगामी वर्ष थप १ लाख सुरक्षित आवास निर्माणका गर्नका लागि बजेट विनियोजन गरिएको छ। प्रदेश मार्फत सञ्चालित जनता आवास कार्यक्रमलाई निरन्तरता दिइएको छ। सुर्खेत, बर्दिया, दाङ लगायत तराई-मधेश तथा पहाडी जिल्लाका बाढी, पहिरोमा परि घरबार गुमाएका परिवारको लागि सुरक्षित आवास कार्यक्रम सञ्चालन गरिनेछ। | • सुरक्षित नागरिक आवास कार्यक्रम अन्तरगत सुरक्षित नागरिक आवास समन्वय समितिबाट ७ सय ५३ स्थानीय तहका १ लाख ४३ हजार २ सय १८ फुसका छाना भएका आवास भवनका छाना जस्तापाताले विस्थापन गर्न स्थानीय तहमा आवास संख्या निर्धारण भएको। उक्त कार्यक्रम कार्यान्वयनका लागि पहिलो किस्ता वापत रू.२ अर्ब १८ करोड २४ लाख २ हजार सम्बन्धित स्थानीय तहमा पठाइएको।<br>• बाँके, बर्दिया, दाङ, सुर्खेत र सिन्धुपाल्चोक जिल्लामा २०७१ सालको बाढी पहिरोवाट प्रभावित ६ हजार ७ सय ८२ परिवारको आवास निर्माण गर्न प्रति परिवार रू.५० हजारका दरले अनुदान रकम सम्बन्धित स्थानीय तहमा पठाइएको।<br>• २०७४ सालको बाढी पहिरोका कारण बिस्थापित परिवारलाई स्थानान्तरण गर्न डडेलधुरामा जग्गा खरिद गरी पूर्वाधार (सडक, ढल) निर्माण कार्य भएको।<br>• मोरङको उर्लाबारीमा विस्थापित सन्थाल जातिका लागि एकीकृत बस्ती विकासको कार्य शुरु गरिएको। |
| २२० | शहरी पूर्वाधारको एकीकृत विकास गर्न सञ्चालित सघन शहरी विकास कार्यक्रमको लागि बजेट विनियोजन गरिएको छ। | • शहरी सडक मापदण्ड नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत भई नेपाल राजपत्रमा प्रकाशन भएको।<br>• शहरी विकास मन्त्रालय अन्तर्गत देश भर हाल ४३ बसपार्क, १७ पोखरी ताल संरक्षण र १३ मनोरञ्जन पार्क निर्माण भइरहेको। देशभरमा २७ नयाँ शहर र १३ स्मार्ट शहर निर्माण गर्न पूर्वाधारको निर्माण कार्य शुरु गरिएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| २२१ | निर्माणाधीन सङ्घीय संसद भवन निर्माणको कार्यलाई निरन्तरता दिइने छ। | • सङ्घीय संसद भवन निर्माण कार्य २५ प्रतिशत सम्पन्न भएको। |
| २२२ | ललितपुरको गोदावरीमा निर्माणाधीन ३ हजार व्यक्ति क्षमताको सभाहल निर्माण सम्पन्न गरिनेछ। सम्भाव्यताको आधारमा भक्तपुरमा ५ हजार क्षमताको आधुनिक सभाहल निर्माणको कार्य शुरु गरिनेछ। बुटवलमा निर्माणाधीन अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्र र चितवनको सिटिहल निर्माणलाई निरन्तरता दिइनेछ। | • गोदावरीमा ३ हजार व्यक्ति क्षमताको निर्माणाधीन सभाहलको निर्माण कार्य अन्तिम चरणमा रहेको।<br>• भक्तपुरमा निर्माण गरिने ५ हजार व्यक्ति क्षमताको सम्मेलन केन्द्रको आर्किटेक्चरल र स्ट्रक्चरल डिजाइन कार्य सम्पन्न भएको।<br>• बुटवलमा निर्माणाधीन अन्तर्राष्ट्रिय सभाहलको प्रथम चरण (मुख्य सभाहल भवन) को निर्माण कार्य ९७ प्रतिशत सम्पन्न भएको। दोस्रो चरण अन्तर्गतका कार्यहरू (North Block, South Block, Staff Quarter, Parking) को ४० प्रतिशत र प्रदर्शनी केन्द्रको २२ प्रतिशत निर्माण कार्य सम्पन्न भएको। |
| २२३ | आगामी आर्थिक वर्ष सबै प्रदेशका २९ शहरमा शहरी पूर्वाधार विकास र ४ स्थानीय तहमा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ। नगर विकास कोषलाई शहरी विकास निगमको रुपमा पुनर्संरचना गरी शहरी पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने पुँजी परिचालन गर्ने संस्थाको रूपमा विकास गर्ने प्रबन्ध मिलाइने छ। | • नेपाल सरकार र विश्व बैंकबीच २०७७ मंसिर ३ गते नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना सञ्चालनार्थ ऋण सम्झौता भएको।<br>• Urban Development Grant अन्तर्गत १७ नगरपालिकासँग Participation Agreement भएको।<br>• आयोजना सञ्चालनार्थ Project Implementation Manual तयार भई नगरपालिकाहरूमा पठाइएको। |
| २२४ | सरकारी भवनको डिजाइन क्षेत्रफल तथा लागतसम्बन्धी मापदण्ड तयार गर्न ठूला र जटिल पूर्वाधार आयोजनाको प्राविधिक उपयुक्तता पुनरावलोकन गर्ने तथा भवन संहिता र भवन निर्माण मापदण्ड कार्यान्वयनको प्रभावकारी नियमन गर्ने व्यवस्था मिलाइएको छ। | • सरकारी भवनको डिजाइन क्षेत्रफल तथा लागतसम्बन्धी मापदण्ड चालु आ.व. भित्रै तयार हुने गरी कार्य भइरहेको।<br>• भूकम्प प्रतिरोधी भवन डिजाइनसम्बन्धी संहिता (NBC:105) परिमार्जन भई नेपाल राजपत्रमा प्रकाशन गरिएको।<br>• सरकारी/सार्वजनिक भवन निर्माणमा राष्ट्रिय भवन संहिता लागू गरिएको। |

## ७. चालु आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

**शहरी विकास**

- व्यवस्थित शहरीकरण मार्फत दिगो आर्थिक सामाजिक समृद्धि भन्ने दीर्घकालीन सोच र सर्वसुलभ, समृद्ध, दिगो र सुन्दर शहरको विकास गर्ने लक्ष्य सहित शहरी विकास तर्फ सघन शहरी विकास कार्यक्रम, नयाँ शहर आयोजना, स्मार्ट शहर, एक शहर एक पहिचान, वागमती सुधार आयोजना, धोबीखोला सुधार आयोजना, क्षेत्रीय शहरी विकास आयोजना जस्ता कार्यक्रमहरू सञ्चालन भइरहेको।
- वागमती नदी सफाई अभियानलाई निरन्तरता दिँदै काठमाडौं उपत्यकाको सभ्यताको रूपमा रहेको वागमती, विष्णुमती, रुद्रमती, इच्छुमती, मनोहरा, हनुमन्ते र नख्खुखोला लगायतका नदी ढल र प्रदुषणमुक्त बनाउन २.८ कि.मी. ढल निर्माण, १ कि.मी. सडक तथा २.२ कि.मी.. नदी नियन्त्रणको कार्य भएको। वागमती नदीमा सुख्खायाममा समेत न्यूनतम् वहाव कायम राख्ने उद्देश्यले निर्माण शुरु गरिएको धाप ड्याम निर्माण ९० प्रतिशत सम्पन्न भएको।
- काठमाडौं उपत्यकाका १८ वटै नगरपालिकाहरूको फोहोर मैला व्यवस्थापन गर्न नुवाकोट जिल्लाको वञ्चरेडाडामा फोहोर मैला व्यवस्थापनको पहिलो चरणको निर्माण कार्य ५२ प्रतिशत सम्पन्न भएको। Lechate Pond को राफ्ट ढलान सम्पन्न भएको र Cell-1 को निर्माण कार्य वैशाखभित्र सम्पन्न गर्ने गरी कार्य भइरहेको। दोस्रो चरणको निर्माण कार्य पनि शुरु भएको।
- रामेछापको भंगेरीमा पुष्पलाल पार्क र सिन्धुली दुम्जा धरनी डाँडामा वि.पी. स्मृति पार्क निर्माण कार्यको खरिद सम्झौता भएको। शहीद पार्क निर्माण कार्यको (गोकर्ण काठमाडौं) अध्ययन कार्यको लागि परामर्शदातासँग खरिद सम्झौता भएको।
- सघन शहरी विकास कार्यक्रम, क्षेत्रीय शहरी विकास आयोजना, वागमती सुधार आयोजना, काठमाडौं उपत्यका विकास प्राधिकरण मार्फत ९६.३१ कि.मी.. सडक, ६.२ कि.मी.. ढल, २२.१७ कि.मी.. सतह नाला र १ सय ५ कि.मी.. ड्रेन निर्माण सम्पन्न भएको।
- काठमाडौंको साँखु मूलपानी क्षेत्र र भक्तपुरको खरिपाटी सिन्टीटारलगायतको क्षेत्र (काठमाडौं इशान) को १ लाख रोपनी, भक्तपुरको कटुञ्जे गुण्डु क्षेत्र (काठमाडौं आग्नेह) मा १० हजार रोपनी र काठमाडौंको टोखा तारकेश्वर क्षेत्र (काठमाडौं उत्तर) क्षेत्रमा १० हजार रोपनीमा नयाँ उपशहर निर्माणका लागि सम्भाव्यता अध्ययन सम्पन्न भई भौतिक विकास योजना तर्जुमा भएको।
- ललितपुरको गोदावरी नगरपालिका डुकुछाप क्षेत्रमा १ हजार १ सय २५ रोपनीमा जग्गा विकास कार्यक्रम सञ्चालन गर्न भौतिक विकास योजना तयार गरी स्वीकृतिका लागि नेपाल सरकार मन्त्रिपरिषद्मा प्रस्ताव पेश भएको।
- धोवीखोला सुधार आयोजना अन्तरगत ३.७ कि.मी. ढल र ३.८ कि.मी. वाटो कालोपत्रे भएको। काठमाडौं उपत्यकाका भित्र ६.५ कि.मी. बाटो विस्तार कार्य सम्पन्न गरिएको। बाढीबाट विस्थापित सन्थाल जातिका लागि मोरङ्गको उर्लाबारीमा १ सय ३२ आवास इकाई सहितको एकीकृत वस्ती निर्माण शुरु भएको।

<u>आवास</u>

- एकीकृत बस्ती विकास कार्यक्रम अन्तर्गत मुगुमा पहिरोबाट प्रभावित ३४ परिवारहरूका लागि आवास निर्माण कार्य शुरु गरिएको र छाना छाउने काम भैरहेको। डडेलधुरा ३५ परिवारका ब्लक प्लान स्वीकृतिको प्रकृयामा रहको र सर्लाहीमा बाढी प्रभावितहरूका लागि पूर्वाधारको सडक ड्रेनको काम भइरहेको।

<u>भवन निर्माण</u>

- भरतपुर सभाहलको सम्माननीय प्रधानमन्त्रीज्यूबाट मिति २०७७।१०।१७ मा शिलान्यास भई हाल जगको काम भइरहेको।
- ३५ प्रतिशत निर्माण कार्य सम्पन्न भएको दमक भ्यू-टावरको बेसमेन्टको ढलान सम्पन्न भएको।
- निर्माणाधीन २८ सभाहल मध्ये ८ सभाहलको निर्माण कार्य अन्तिम चरणमा पुगेको।
- २० सरकारी भवनको निर्माण सम्पन्न भएको।

## ८. आर्थिक वर्ष २०७६/७७ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

- **वाग्मती सुधार आयोजनाः** काठमाडौं उपत्यकाको सभ्यताको रुपमा रहेको वाग्मती, मनोहरा, ईच्छुमती, रुद्रमती, विष्णुमती, हनुमन्ते र नख्खुखोला लगायतका नदीहरू ढल र प्रदुषणमुक्त बनाउन ८.३३ कि.मी. ढल र १३.०९ कि.मी. तटबन्ध निर्माण भएको। वागमती नदीमा सुख्खायाममा समेत न्यूनतम बहाव कायम राख्ने उद्देश्यले निर्माण सुरु गरिएको धाप ड्याम निर्माण कार्यको ८० प्रतिशत निर्माण कार्य सम्पन्न भएको। वागमती नदीको तटीय क्षेत्र सौन्दर्यीकरण कार्यक्रममा ४३ हरियाली पार्क निर्माण, सिनामङ्गलदेखि थापाथली पुलसम्म ४ सय ३८ सोलार बत्ती जडान भएको, साथै हनुमन्ते, नक्खु र बल्खु खोलामा तटबन्ध, ढल र सडक सुधारको कार्य एकीकृत रुपमा सञ्चालन गरिएको।
- **आवास व्यवस्था कार्यक्रमः** सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत १ लाख ६८ हजार २ सय ८१ लाभग्राही छनौट भएको। छनौट भएका मध्ये २०७७ असाढ मसान्तसम्म १४ हजार १९ लाभग्राहीसँग अनुदान सम्झौता भएकोमा ८ सय ५ आवास इकाईको निर्माण कार्य सम्पन्न भएको।
- **एकीकृत कार्यमूलक योजनाः** व्यवस्थित शहरी विकासलाई निर्देशित गर्न १ सय ८५ वटा नगरपालिकाको एकीकृत शहरी विकास योजना तर्जुमा भएको। १३ वटा नगरपालिका (भरतपुर, धनकुटा, निजगढ, मिर्चैया, चन्द्रपुर, काभ्रे उपत्यका, पालुङ्गटार, वालिङ्ग, लुम्बिनी, तुल्सीपुर, दुल्लु, अमरगढी, टिकापुर) हरूलाई स्मार्ट सिटी को रुपमा विकास गर्न गुरुयोजना तयार भएको। औद्योगिक तथा व्यापारिक महत्वका बीरगञ्ज-जीतपुर-सिमरा-पथलैया-हेटौडा कोरिडोर सम्भाव्यता अध्ययन सम्पन्न भएको। ट्रान्स हिमालयन ट्रेलमा पर्ने ५ नयाँ शहरहरूको (लुक्ला, स्याफ्रुवेसी, जोमसोम, सिमिकोट र मार्तडी) सम्भाव्यता अध्ययन गर्ने कार्यको अन्तिम प्रतिवेदन प्राप्त भएको।
- **सघन शहरी विकास कार्यक्रमः** यस कार्यक्रम अन्तर्गत तराई मधेशका सदरमुकामका २१ नगरपालिकाहरूमा कालोपत्रे सडक १ सय १० कि.मी., नाला १ सय ६५ कि.मी., बसपार्क २ वटा, हाटबजार २ वटा को ८० प्रतिशत र २ वटा ताल तथा पोखरी (धनुषा र महोत्तरी) को ९० प्रतिशत कार्य सम्पन्न भएको।

- **मझौला शहर एकीकृत शहरी वातावरण सुधार आयोजनाः** एसियाली विकास बैंकको सहयोगमा आ.व. २०६७/०६८ देखि शुरु भएको मझौला शहर एकीकृत शहरी वातावरण सुधार आयोजना आ.व. २०७६/०७७ मा सम्पन्न भएको। आयोजना अवधिभरमा १ सय २१ कि.मी.. सतह नाली, ५१ कि.मी.. ढल र ५२ कि.मी.. सडक सुधार/निर्माण कार्य सम्पन्न भएको। सोही आयोजना मार्फत काभ्रे उपत्यकाका ३ वटा नगरपालिकामा सञ्चालित करिब रू.१ अर्ब लागतको एकीकृत खानेपानी आयोजनाको ९० प्रतिशत कार्य सम्पन्न भएको र वीरगञ्जमा आगामी २० वर्ष अवधिलाई धान्न सक्ने एकीकृत फोहरमैला व्यवस्थापन केन्द्रको निर्माण सम्पन्न भएको।
- **राष्ट्रिय भवन संहिताः** वि.सं. २०७२ को विनाशकारी भूकम्प र यसले पुर्याएको क्षति समेतलाई मध्यनजर गरी राष्ट्रिय भवन संहिताका २३ भाग मध्ये ५ भागहरू समय सापेक्ष परिमार्जन गरिएको। NBC 105 स्वीकृतिका लागि नेपाल सरकार, मन्त्रिपरिषद्मा पेश गरिएको। थप २ भागहरू परिमार्जनका क्रममा रहेको। राष्ट्रिय भवन संहितालाई देशैभर लागु गरिएको।
- **सभाहल र अन्य भवन निर्माणः** भरतपुर सभाहलको डिजाइन र लागत अनुमान तयार भएको। दमक भ्यू टावरको १५ प्रतिशत निर्माण कार्य सम्पन्न भएको। बुटवल अन्तराष्ट्रिय सम्मेलन केन्द्र लगायत अन्य २६ वटा सभाहलहरू निर्माणाधीन रहेको।
- **एकीकृत शहरी विकास आयोजनाः** एसियाली विकास बैंकको सहयोगमा आ.व. २०६९/७० देखि शुरु भएको एकीकृत शहरी विकास आयोजना आ.व. २०७६/०७७ मा सम्पन्न भएको। आयोजना अवधिभर १ सय ३५ कि.मी. सतह नाली र ३० कि.मी. सडक सुधार/निर्माण कार्य सम्पन्न भएको। धरान उपमहानगरपालिकामा ४ सय ५० कि.मी. पाइपलाइन विस्तार सहित खानेपानी आयोजना सम्पन्न भएको।
- **नयाँ शहर आयोजनाः** नयाँ शहर आयोजनातर्फ खुर्कोट, चौरजहारी, डुम्रे भन्सार, पाटन, फिदिम, बसन्तपुर, बुर्तिबाङ्ग, बैंरेनीगल्छी, राकम कर्णाली र साँफेबगरमा ३० कि.मी. सडक निर्माण कार्य सम्पन्न भएको। फिदिम बस पार्क निर्माण कार्यको ११ प्रतिशत, चौरजहारी बसपार्क निर्माण कार्यको १६ प्रतिशत सम्पन्न भएको। मौलापुर बसपार्कको निर्माण कार्य सम्पन्न भएको। प्युठानको भिङ्ग्री नयाँ शहरमा डिपिआर अनुसार मालुङफाँटमा निर्माणाधिन चिल्ड्रेन पार्कको १४ प्रतिशत कार्य सम्पन्न भएको।
- **क्षेत्रीय शहरी विकास आयोजनाः** एसियाली विकास बैंकको सहयोगमा आ.व. २०७३/०७४ देखि शुरु भएको क्षेत्रीय शहरी विकास आयोजनाबाट विराटगनगर, वीरगञ्ज, सिद्धार्थनगर र नेपालगञ्ज न.पा. मा आ.व. २०७६/०७७ मा ३३.०५ कि.मी.. सतह नाली, ०.६४२ कि.मी.. ढल र २५.०६ कि.मी.. सडक निर्माण सम्पन्न भएको।
- **एकीकृत बस्ती विकासः** रसुवा र कास्कीका एक एक स्थानमा एकीकृत बस्ती विकासका लागि सम्भाव्यता अध्ययन कार्य सम्पन्न भएको।
- **विशेष भवन निर्माण आयोजनाः** सङ्घीय संसद भवन निर्माण कार्यको ८ प्रतिशत, प्रधानमन्त्री सरकारी आवास निर्माण कार्यको २५ प्रतिशत, प्रदेश प्रमुख तथा मुख्यमन्त्रीका लागि आवास तथा सम्पर्क कार्यालय निर्माण कार्यको २१ प्रतिशत, र मन्त्री आवासको निर्माण कार्यको २२ प्रतिशत निर्माण कार्य सम्पन्न भएको। राजकीय अतिथी गृह निर्माण कार्यको डिजाईन कार्य सम्पन्न भएको।

- **काठमाडौं उपत्यका विकास प्राधिकरणः** शहरी सडक विस्तार कार्यक्रम अन्तर्गत काठमाडौं उपत्यकाको विभिन्न भागमा सडक चौडा गर्ने, पर्खाल लगाउने, सार्ने तथा सुधार गर्ने (क्षतिपूर्ति र योजना तयार समेत) कार्य ३० कि.मी सम्पन्न भएको। काठमाडौं उपत्यकाको चार स्थानमा नयाँ नगर निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भएको।
- **धोवीखोला सुधार आयोजनाः** थप १५ कि.मी.. सडक निर्माण कार्य सम्पन्न भएको।
- **स्वास्थ भवन निर्माणः** थप २ सय ५९ स्वास्थ्य भवनको निर्माण कार्य सम्पन्न भएको र विभिन्न ३ सय ३ भवन निर्माणाधीन रहेको।

## ९. आर्थिक वर्ष २०७६/७७ को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४७०००११३ | शहरी विकास मन्त्रालय | ७९२१५ | ६९५७५ | ८७.८३ |
| ३४७००१०१३ | वागमती सुधार आयोजना | १३८२०८ | ९५३५१ | ६८.९९ |
| ३४७०१०११३ | शहरी विकास तथा भवन निर्माण बिभाग | ९१३०० | ७५०५० | ८२.२ |
| ३४७०१०१२३ | सङ्घीय सचिवालय निर्माण तथा ब्यवस्थापन कार्यालय | १९१२८० | १३२६०२ | ६९.३२ |
| ३४७०१०१३३ | सङ्घीय सहरी विकास आयोजना कार्यान्वयन कार्यालयहरू | १२५४४२ | १०२२४३ | ८१.५१ |
| ३४७०११०१३ | आवास व्यवस्था कार्यक्रम | १०९७०० | १०६४२८ | ९७.०२ |
| ३४७०११०२३ | एकीकृत कार्यमूलक योजना (शहरी विकास) | ५०० | ३१९ | ६३.७२ |
| ३४७०११०३३ | सघन शहरी विकास कार्यक्रम | ७२७०० | ४९४७८ | ६८.०६ |
| ३४७०११०४३ | शहरी तथा वातावरणीय सुधार आयोजना | ६५३४५० | ५७३८०३ | ८७.८१ |
| ३४७०११०५३ | भवन निर्माण संहिता, सरकारी भवन निर्माण | ८३९०० | २९५९८ | ३५.२८ |
| ३४७०११०६३ | गणतन्त्र स्मारक तथा गणतन्त्र स्तम्भ | २०० | ० | ० |
| ३४७०११०७३ | नेपाल-भारत सीमा एकीकृत जाँच चौकी विकास आयोजना | ३३०० | १३२९ | ४०.२९ |
| ३४७०११०८३ | शहरी शासकीय क्षमता विकास कार्यक्रम | ५८९९५ | ७९६५ | १३.५ |
| ३४७०११०९३ | एकीकृत शहरी विकास आयोजना | ५७५०७१ | ४१०६९१ | ७१.४२ |
| ३४७०१११०३ | नयाँ सहर आयोजना | १२५४५५ | ६०१६८ | ४७.९६ |
| ३४७०११११३ | क्षेत्रीय शहरी विकास कार्यक्रम | ४६५३७७९ | २५७८१०० | ५५.४ |
| ३४७०१११७३ | विशेष भवन निर्माण आयोजना | १०१०० | ३५४० | ३५.०५ |
| ३४७५११०१३ | नगर विकास कोष | ४६०००० | २१५९३७ | ४६.९४ |
| ३४७७११०१३ | काठमाडौं उपत्यका विकास प्राधिकरण | ९६६८८ | ८२१३७ | ८४.९५ |
| ३४७७११०२३ | धोविखोला कोरिडोर सुधार आयोजना | ५२०० | ४७४२ | ९१.२ |
| | **कुल जम्मा** | ७५३४४८३ | ४५९९०५६ | ६१ |

पुँजीगत खर्च (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४७०००११४ | शहरी विकास मन्त्रालय | ८९०० | ५८१२ | ६५.३१ |
| ३४७००१०१४ | वागमती सुधार आयोजना | ४७५७२०० | ३१४१०२४ | ६६.०३ |
| ३४७०१०१२४ | सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय | ४२०९९७ | ३०५३०५ | ७२.५२ |
| ३४७०१०१३४ | सङ्घीय सहरी विकास आयोजना कार्यान्वयन कार्यालयहरू | २९००० | १६४७८ | ५६.८२ |
| ३४७०११०१४ | आवास व्यवस्था कार्यक्रम | ९६२६७ | ३५०३४ | ३६.३९ |
| ३४७०११०२४ | एकीकृत कार्यमूलक योजना (शहरी विकास) | ६०८९०० | ४९९८०६ | ८२.०८ |
| ३४७०११०३४ | सघन शहरी विकास कार्यक्रम | ९२७५२६६ | ८१५३८१२ | ८७.९१ |
| ३४७०११०४४ | शहरी तथा वातावरणीय सुधार आयोजना | १५०००० | ० | ० |
| ३४७०११०५४ | भवन निर्माण संहिता, सरकारी भवन निर्माण | २२२७८०० | १९७६८५२ | ८८.७४ |
| ३४७०११०६४ | गणतन्त्र स्मारक तथा गणतन्त्र स्तम्भ | १९८०० | २८८५ | १४.५७ |
| ३४७०११०७४ | नेपाल-भारत सीमा एकीकृत जाँच चौकी विकास आयोजना | ८६९०० | ५३६६६ | ६१.७६ |
| ३४७०११०८४ | शहरी शासकीय क्षमता विकास कार्यक्रम | ११२८०० | ५९३९ | ५.२६ |
| ३४७०११०९४ | एकीकृत शहरी विकास आयोजना | ७५०० | ७२६६ | ९६.८८ |
| ३४७०१११०४ | नयाँ सहर आयोजना | १७०५६०० | १४३६५२५ | ८४.२२ |
| ३४७०११११४ | क्षेत्रीय शहरी विकास कार्यक्रम | २४४३४४४ | २९४४७२ | १२.०५ |
| ३४७०१११४४ | एकीकृत बस्ती विकास कार्यक्रम | २०१०५३ | १३५०१८ | ६७.१६ |
| ३४७०१११७४ | विशेष भवन निर्माण आयोजना | २९२९७०७ | २१०८८३२ | ७१.९८ |
| ३४७७११०१४ | काठमाडौं उपत्यका विकास प्राधिकरण | १७५४५५८ | १५२०८४१ | ८६.६८ |
| ३४७७११०२४ | धोविखोला कोरिडोर सुधार आयोजना | ३१५३०० | २७२८०४ | ८६.५२ |
| | **कुल जम्मा** | **२७१५०९९२** | **१९९७२३७१** | **७३.५६** |

## १०. चालु आर्थिक वर्ष २०७७।७८ को खुद बजेट तथा फागुन मसान्तसम्मको खर्चको अवस्थाः

चालु खर्च (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४७०००११३ | शहरी विकास मन्त्रालय | १५१३०० | २८९११ | १९.११ |
| ३४७००१०१३ | वागमती सुधार आयोजना | १३९००० | ६५५६२ | ४७.१७ |
| ३४७०१०११३ | शहरी विकास तथा भवन निर्माण बिभाग | ९४९०० | ४५९९४ | ४८.४७ |
| ३४७०१०१२३ | सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय | १८२७०० | ७११४५ | ३८.९४ |
| ३४७०१०१३३ | सङ्घीय सहरी विकास आयोजना कार्यान्वयन कार्यालयहरू | १२९६०० | ७१५२० | ५५.१८ |
| ३४७०११०१३ | आवास व्यवस्था कार्यक्रम | १४२१४६५ | ५५०७ | ०.३९ |
| ३४७०११०२३ | एकीकृत कार्यमूलक योजना (शहरी विकास) | ३०० | १६५ | ५४.८४ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४७०११०३३ | सघन शहरी विकास कार्यक्रम | ६७६०० | २४९७० | ३६.९४ |
| ३४७०११०५३ | भवन निर्माण संहिता, सरकारी भवन निर्माण | ३५००० | १३१७४ | ३७.६४ |
| ३४७०११०७३ | नेपाल-भारत सीमा एकीकृत जाँच चौकी विकास आयोजना | ३४०० | १५७३ | ४६.२७ |
| ३४७०११०८३ | शहरी शासकीय क्षमता विकास कार्यक्रम | २६४०० | ४८८१ | १८.४९ |
| ३४७०१११०३ | नयाँ सहर आयोजना | ९०६०० | ३९५१९ | ४३.६२ |
| ३४७०११११३ | क्षेत्रीय शहरी विकास कार्यक्रम | २२५६९०० | १४३८१२६ | ६३.७२ |
| ३४७०१११७३ | विशेष भवन निर्माण आयोजना | १७४०० | ८०९८ | ४६.५४ |
| ३४७०१११८३ | शहरी कोरिडोर आयोजना | ६८०० | ११८९ | १७.४८ |
| ३४७५११०१३ | नगर विकास कोष | २७०००० | ३०००० | ११.११ |
| ३४७७११०१३ | काठमाडौं उपत्यका विकास प्राधिकरण | ९४५०० | ५१६०१ | ५४.६० |
| ३४७७११०२३ | धोविखोला कोरिडोर सुधार आयोजना | ५६०० | २६१४ | ४६.६७ |
| | **कुल जम्मा** | **४९९३४६५** | **१९०४५४८** | **३८.१४** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४७०००११४ | शहरी विकास मन्त्रालय | १३१८० | ८४८० | ६४.३४ |
| ३४७००१०१४ | वागमती सुधार आयोजना | २४९०६०० | ६५४१४६ | २६.२६ |
| ३४७०१०१२४ | सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय | ३४०१०० | १२८७१९ | ३७.८५ |
| ३४७०१०१३४ | सङ्घीय सहरी विकास आयोजना कार्यान्वयन कार्यालयहरू | ७७००० | २८२११ | ३६.६४ |
| ३४७०११०१४ | आवास व्यवस्था कार्यक्रम | १२४३९९ | २९३९७ | २३.६३ |
| ३४७०११०२४ | एकीकृत कार्यमूलक योजना (शहरी विकास) | ३९४७०० | २१०४१ | ५.३३ |
| ३४७०११०३४ | सघन शहरी विकास कार्यक्रम | ९७०९६०० | ३८८५२९९ | ४०.०२ |
| ३४७०११०५४ | भवन निर्माण संहिता, सरकारी भवन निर्माण | २३२६००० | १२०२५५० | ५१.७० |
| ३४७०११०७४ | नेपाल-भारत सीमा एकीकृत जाँच चौकी विकास आयोजना | १०१०० | ३९२१ | ३८.८२ |
| ३४७०११०८४ | शहरी शासकीय क्षमता विकास कार्यक्रम | १७७५०० | १७९४७ | १०.११ |
| ३४७०१११०४ | नयाँ सहर आयोजना | २०६१२०० | ४३१९१७ | २०.९५ |
| ३४७०११११४ | क्षेत्रीय शहरी विकास कार्यक्रम | २८८४७०० | २०५५५७ | ७.१३ |
| ३४७०१११४४ | एकीकृत बस्ती विकास कार्यक्रम | ३५०००० | ५७७०५ | १६.४९ |
| ३४७०१११७४ | विशेष भवन निर्माण आयोजना | ३७५२८०० | १०९८६५५ | २९.२८ |
| ३४७०१११८४ | शहरी कोरिडोर आयोजना | १२०००० | ० | ०.०० |
| ३४७७११०१४ | काठमाडौं उपत्यका विकास प्राधिकरण | १०४६८३३ | ३८५५०८ | ३६.८३ |
| ३४७७११०२४ | धोविखोला कोरिडोर सुधार आयोजना | २४४८०० | १९४८३५ | ७९.५९ |
| | **कुल जम्मा** | **२६१२३५१२** | **८३५३८८६** | **३१.९८** |

◆ ◆ ◆

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

## १. पृष्ठभूमिः

राष्ट्रको शिक्षा सम्बन्धी सम्पूर्ण नीति निर्धारण, योजना निर्माण, कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गरी मुलुकभरिको शिक्षा क्षेत्रको व्यवस्थापन गर्न शिक्षा मन्त्रालयको स्थापना भएको हो। यस मन्त्रालयको दायित्व र जिम्मेवारी रहेको छ। वि.सं. २०७४ चैत्र १ मा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको गठन गरिएको हो। यस मन्त्रालयले अनिवार्य तथा निःशुल्क शिक्षाको मापदण्डको आधारमा विद्यालय शिक्षामा पहुँच सुनिश्चित गर्न सरकारका सबै तहलाई जवाफदेही बनाउँदै उच्च शिक्षाको अवसर सुनिश्चित गरी शैक्षिक जनशक्ति उत्पादन काय गर्दछ।

## २. दीर्घकालीन सोचः

शिक्षा र विज्ञान तथा प्रविधिको विकासमार्फत देशको आर्थिक-सामाजिक रूपान्तरण।

## ३. उद्देश्यः

- बालशिक्षाको अनुभवसहित विद्यालय उमेरका सबै बालबालिकाहरूलाई निःशुल्क र अनिवार्य शिक्षामा पहुँच सुनिश्चित गरी विद्यालय शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउने,
- गुणस्तरीय, नव प्रवर्तनात्मक र उद्यमशीलतामा आधारित प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासको अवसर सुनिश्चित गर्ने,
- उच्च शिक्षालाई वैज्ञानिक, प्रवर्तनात्मक, अनुसन्धानमुखी एवं प्रविधिमैत्री र रोजगारमूलक बनाउने,
- औपचारिक, अनौपचारिक र वैकल्पिक सिकाइमार्फत सबै नागरिकका लागि जीवनपर्यन्त शिक्षा उपलब्ध गराउने,
- विज्ञान तथा प्रविधिमैत्री शिक्षाको माध्यमद्वारा पारमाणविक, अन्तरिक्ष, जैविकलगायतका प्रविधिको विकास, विस्तार र उपयोगमा विविधिकरण तथा क्षमताको अभिवृद्धि गर्ने,
- शिक्षा र विज्ञान तथा प्रविधिको क्षेत्रमा सङ्घीय संरचनाअनुसार सरकारको सबै तह र निकायहरूमा सुशासन, जवाफदेहिता र पारदर्शिता कायम गर्ने।

## ४. रणनीतिः

- एक वर्ष अवधिको प्रारम्भिक बाल शिक्षा कार्यक्रमलाई सबै बालबालिकाका लागि अनिवार्य गर्ने। अनिवार्य तथा निःशुल्क शिक्षाको मापदण्डको आधारमा विद्यालय शिक्षामा पहुँच सुनिश्चित गर्न सरकारका सबै तहलाई जवाफदेही बनाउने
- मानव संसाधन, पूर्वाधार तथा प्रविधिको विकास र जीवनोपयोगी ज्ञान र सीपमा आधारित पाठ्यक्रम तथा पाठ्यपुस्तक, प्रविधिमैत्री विद्यालयको वातावरण र दक्ष एवं समर्पित शिक्षकमार्फत सबै तहको शिक्षामा गुणस्तर सुनिश्चित गर्ने,

- श्रम बजारमा जान इच्छुक युवाका लागि स्थानीय तहमै गुणस्तरीय प्राविधिक शिक्षा तथा सीप विकासको पहुँच सुनिश्चित गर्न प्रत्येक स्थानीय तहमा कम्तीमा एउटा प्राविधिक शिक्षालय तथा सीप विकास केन्द्र स्थापना गर्ने,
- सिकाइका सबै विधि र मार्गहरू खुला गर्दै राष्ट्रिय योग्यता प्रणालीको माध्यमबाट साधारण शिक्षा, प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकासको गतिशीलता (Mobility) र पारगम्यता (Permeability) को सिद्धान्तको आधारमा, शिक्षा, तालिम, सीप र सिकाइको योग्यता निर्धारण गर्ने,
- ज्ञानको स्थानान्तरण र विकासका लागि उच्च शिक्षा प्रदायक विश्वविद्यालय तथा शिक्षण संस्थाहरूलाई प्रविधिमैत्री सिकाइ केन्द्रको रूपमा विकास गर्दै गुणस्तर सुनिश्चितता एवं प्रत्यायन प्रणाली लागु गर्ने,
- अनौपचारिक शिक्षा तथा वैकल्पिक सिकाइमार्फत सिकेका ज्ञान तथा सीपलाई आयमूलक कार्यक्रमसँग आबद्ध गरी जीवनपर्यन्त सिकाइलाई सुनिश्चित गर्ने,
- परम्परागत र स्थानीय प्रविधिको सम्वर्द्धन र संरक्षण गर्दै वैज्ञानिक खोज र अनुसन्धानबाट प्रतिपादित नवीनतम प्रविधिलाई मुलुकको समग्र विकास प्रक्रियामा उपयोग गर्ने,
- विज्ञान तथा प्रविधिका क्षेत्रमा विकास भएका परमाणु, सूचना, अन्तरिक्ष, जैविक र नानोलगायतका प्रविधिहरूको उपयोगका लागि अनुसन्धान, क्षमता विकास तथा नियमनलाई प्रभावकारी बनाउने,

## ५. कार्यक्षेत्रः

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायअनुसार रहेका छन्:

- शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- केन्द्रीय विश्वविद्यालयसम्बन्धी नीति, कानुन र मापदण्ड,
- विदेशी विश्वविद्यालयसँगको सम्बन्धन, समकक्षता निर्धारण, प्रत्यायन (Accreditation) समन्वय तथा नियमन,
- केन्द्रीय पुस्तकालयसम्बन्धी नीति, कानुन र व्यवस्थापन,
- मानव संसाधन, आवश्यकता प्रक्षेपण, राष्ट्रिय शैक्षिक योजना एवं मानव स्रोत विकास योजना,
- विद्यालय तहको राष्ट्रिय पाठ्यक्रम प्रारूप, मूल विषयको पाठ्यक्रम, नमुना पाठ्यपुस्तक र नियमन,
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको राष्ट्रिय नीति, पाठ्यक्रम प्रारूप, योग्यता निर्धारण, सीप परीक्षणको मापदण्ड,
- विद्यालय शिक्षकको सेवा शर्त, योग्यता एवं समकक्षताको नीति र मापदण्ड,
- शिक्षक तालिमसम्बन्धी नीति, मापदण्ड र स्तरीकरण, पाठ्यक्रम प्रारूप, योग्यता निर्धारण, सीप परीक्षणको मापदण्ड तथा तालिम केन्द्रसँगको समन्वय,
- विद्यालय तहको परीक्षाको राष्ट्रिय मापदण्ड निर्धारण, माध्यमिक तहको परीक्षा व्यवस्थापन तथा समकक्षता निर्धारण,
- कूटनीतिक नियोगको स्वीकृतिमा सम्बन्धन लिई सञ्चालन हुने शैक्षिक संस्थाहरूको स्वीकृति,
- विदेशी शैक्षिक संस्थाबाट सम्बन्धन लिई सञ्चालन हुने शैक्षिक संस्थाको स्वीकृति प्रत्यायन तथा नियमन,

- प्रदेश तथा स्थानीय तहको शैक्षिक विषयमा नियमन,
- विश्वविद्यालय अनुदान आयोग, केन्द्रीय विश्वविद्यालय, खुला विश्वविद्यालय र केन्द्रीयस्तरका शैक्षिक प्रतिष्ठान,
- छात्रवृति र विद्वतवृत्तिसम्बन्धी नीति र मापदण्ड,
- शैक्षिक अध्ययन, अनुसन्धानको स्वीकृतिसम्बन्धी नीति, कानुन र मापदण्ड,
- राष्ट्रिय प्राज्ञिक अनुसन्धान र शैक्षिक तथ्याङ्क व्यवस्थापन,
- शैक्षिक गुणस्तर मानक निर्धारण, मापन र नियमन,
- राष्ट्रिय परीक्षा बोर्ड, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्,
- विज्ञान प्रविधिसम्बन्धी नीति, कानुन र मापदण्ड,
- वैज्ञानिक, अन्तरिक्ष विज्ञान र खगोल विज्ञानसम्बन्धी अध्ययन र अनुसन्धान,
- विज्ञान र प्रविधिको खोज, अनुसन्धान, आविष्कार, प्रवर्द्धन र विकास,
- विज्ञान प्रविधि विषयक तथ्याङ्क सङ्कलन, प्रवर्द्धन र सर्वेक्षणको मापदण्ड,
- पारमाणविक प्रविधि, रेडियोधर्मी पदार्थहरूको गुणस्तर र उपयोगसम्बन्धी तथ्याङ्क प्रणालीको स्थापना, व्यवस्थापन र नियमन,
- जैविक तथा पारमाणविक प्रविधिको उपयोग तथा प्रवर्द्धन, नियन्त्रण र नियमन,
- ओजोन अध्ययन, सौर्य विकिरण मापन तथा सूचना प्रवाह,
- वैज्ञानिक उपकरण क्यालिब्रेशन तथा प्रमाणीकरण,
- रासायनिक पदार्थको उपयोग तथा प्रवर्द्धन, नियन्त्रण र नियमन,
- पारमाणविक पदार्थ, वेवारिसे स्रोतहरूको खोज तथा पुनर्लाभ र व्यवस्थापन,
- आणविक ऊर्जासम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन,
- नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, राष्ट्रिय विधि विज्ञान प्रतिष्ठान, प्लानेटोरियम, वेदशाला र विज्ञान सङ्ग्रहालय,
- मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,
- नेपाल शिक्षा सेवाको सञ्चालन (आर्कियोलोजी समूह बाहेक)।

## ६. चालु आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्यमा उल्लिखित नीति र कार्यक्रमका बुँदाहरूको फागुन मसान्तसम्मको प्रगति विवरणः

| बुदाँ नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| १६० | विद्यालय जाने उमेर समूहका सबै बालबालिकालाई विद्यालय भर्ना गरी आगामी वर्ष भित्र आधारभूत शिक्षामा सबैको पहुँच सुनिश्चित गरिनेछ। माध्यामिक तहसम्म निःशुल्क शिक्षा प्रदान गरिनेछ। मातृभाषामा आधारभूत शिक्षा | • माध्यमिक तहसम्म निःशुल्क शिक्षाको व्यवस्था रहेको र शिक्षक दरबन्दी वा शिक्षक अनुदान प्राप्त नगरेका २ हजार ५ सय १४ सामुदायिक विद्यालयलाई ४ हजार १ सय शिक्षक व्यवस्था गर्न एकमुष्ठ अनुदान उपलब्ध गराइएको।<br>• "साक्षर नेपाल, २०७६" कार्यक्रम अन्तर्गत हाल |

| बुदाँ नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | प्रदान गरिरहेका मदरसा, गुरुकुल र गुम्बा लगायतका शिक्षालयलाई आधुनिक शिक्षाको मूलधारमा आवद्ध गरिनेछ। आगामी वर्ष साक्षर हुन बाँकी २४ जिल्लामा साक्षरता कार्यक्रम अभियानको रूपमा सञ्चालन गरी साक्षर नेपाल घोषणा गरिनेछ। | ५३ जिल्ला साक्षर घोषणा भइसकेको। साक्षर घोषणा हुन बाँकी २४ जिल्ला मध्ये अछाम जिल्लाका सम्पूर्ण स्थानीय तहहरू साक्षर घोषणा भइसकेका र जिल्ला साक्षर घोषणा हुने अन्तिम चरणमा रहेको।<br>• मुगु, जुम्ला, कालिकोट कैलाली, डोटी, बाँके, काठमाडौं, कपिलवस्तु र ताप्लेजुङ साक्षर जिल्ला घोषणा गर्ने चरणमा रहेका छन्।<br>• बझाङ, बाजुरा, कञ्चनपुर र महोत्तरीमा थप कक्षा सञ्चालन पश्चात साक्षर घोषणा हुन सक्ने अवस्था रहेको।<br>• धनुषा, रौतहट, सर्लाही, सिरहा, सप्तरी, बारा, पर्सा, सोलुखुम्बु, हुम्ला, डोल्पा, जिल्लामा सघन अभियानको रूपमा साक्षरता कार्यक्रम सञ्चालन गर्नुपर्ने अवस्था रहेको। |
| १६१ | माध्यमिक तहदेखि नै प्राविधिक तथा व्यावसायिक शिक्षालाई जोड दिदै सबै स्थानीय तहका न्यूनतम एक विद्यालयमा प्राविधिक धारको पठनपाठन सञ्चालन गर्ने कार्यक्रम अघि बढाइएको छ। यस अन्तर्गत हालसम्म ६०७ स्थानीय तहमा शुरु भइसकेको यो कार्यक्रम आगामी वर्ष बाँकी सबै स्थानीय तहमा बिस्तार गरिनेछ। | • प्राविधिक शिक्षालयहरूको संस्थागत पहुँच नपुगेका स्थानीय तह पहिचानको कार्य सम्पन्न भएको।<br>• हालसम्म ६ सय ३५ वटा स्थानीय तहमा प्राविधिक धारको पठनपाठन सञ्चालन भएको। |
| १६२ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको बिस्तार गरी कक्षा कोठा निर्माण, प्राविधिक शिक्षकको व्यवस्था, शिक्षक तालीम, स्वयमसेवक शिक्षक परिचालन, विज्ञान प्रयोगशाला, सूचना प्रविधि ल्याव, खेल मैदान र खेल सामाग्रीको व्यवस्था लगायतका शैक्षिक पूर्वाधार र गुणस्तर अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ। सार्वजनिक विद्यालय सबलीकरण दशकका कार्यक्रमलाई यसै कार्यक्रमको अङ्गको | • राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनको लागि ६ हजार ३६ विद्यालयहरूमा परियोजना सञ्चालन हुने गरी ५ अर्ब ७ करोड ४१ लाख ५० हजार वित्तीय हस्तान्तरण गरिएको।<br>• कार्यक्रम अन्तर्गत २ हजार ९ सय ८० कक्षाकोठा निर्माण, ३ सय १२ शौचालय निर्माण, ५ सय ६६ शैक्षिक सामग्री व्यवस्थापन, ८ सय ९६ सूचना तथा प्रविधि प्रयोगशाला निर्माण, ३ सय ३१ प्रयोगशाला तथा पुस्तकालय स्थापना तथा व्यवस्थापन, ८ सय ८० नवीन प्रविधि |

| बुदाँ नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | रुपमा सञ्चालन गरिनेछ। | प्रयोग तथा प्रवर्द्धन, ४५ विशेष विद्यालय सुविधा बिस्तार सम्बन्धी परियोजनाहरु छनौट गरिएको। |
| १६३ | कोभिड–१९ को कारण पठनपाठनमा सिर्जना भएको अवरोधलाई दृष्टिगत गरी भर्चुअल कक्षा सञ्चालन, अनलाइन शिक्षा तथा टेलिभिजन एवम् रेडियो मार्फत् नयाँ शैक्षिक वर्षको पठनपाठन अघि बढाइनेछ। संक्रमण जोखिमको कारण विद्यार्थीमा परेको मनोसामाजिक असर निवारण गर्न सकारात्मक सोचसहित सिर्जनसिलता विकासका क्रियाकलाप सञ्चालन गरिनेछ। | • कोभिड-१९ का कारण बालबालिकाको सिकाइमा क्षति हुन नदिन र अवरूद्ध सिकाइमा निरन्तरताको लागि विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७, विद्यालय शिक्षासम्बन्धी आकस्मिक कार्ययोजना, २०७७, विद्यालय सञ्चालनसम्बन्धी कार्यढाँचा, २०७७, पाठ्यवस्तु समायोजन ढाँचा २०७७ जारी भई कार्यान्वयन गरिएको।<br>• विद्यालय तहको पाठयक्रमलाई केन्द्रित गरी विभिन्न विषयमा अनलाइन, अफलाइन सिकाइ सामग्री तयार गरी वेब साइटमा राखिएको। रेडियो, एफएम रेडियो एवम् टेलिभिजन च्यानलहरूबाट पाठ्यक्रममा आधारित श्रव्य तथा श्रव्यदृष्य सिकाइ सामग्रीहरू समयतालिका सहित प्रकाशन गरी प्रसारण गरिएको।<br>• शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेवसाइटमा सिकाइ वेब पोर्टल विकास गरी विभिन्न सिकाइ सामग्रीहरूको पहुँच स्थापित गरिएको।<br>• स्वअध्ययन सिकाइ सामग्रीको विकास, शिक्षक विद्यार्थी तथा विद्यार्थी विद्यार्थी सञ्चारलाई सम्भव तुल्याउन क्लोज्ड यूजर्स ग्रुप निर्माण गरी सेवामा सहुलियत, वैकल्पिक विधिको प्रयोग, सम्पर्क कक्षाको व्यवस्था, घरलाई सिकाइ केन्द्रको रूपमा विकास, अस्थाई सामुदायिक सिकाइ केन्द्र स्थापना, शिक्षक घरदैलो कार्यक्रम सञ्चालन लगायतका कार्यहरूमार्फत विद्यार्थीको सिकाइ निरन्तरता दिने कार्य गरिएको।<br>• कोभिड-१९को सङ्क्रमणको अवस्था विश्लेषण गरी विद्यालय खोल्ने, बन्द गर्ने लगायतका विषयमा निर्णय लिन सम्बन्धित स्थानीय तहलाई जिम्मेवार बनाइएको। |

| बुदाँ नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | • विद्यार्थीले पूरा गर्नु पर्ने शैक्षिक उपलब्धि हासिल गर्ने गरी चालू शैक्षिक सत्र २०७७ लाई २०७८ जेठ मसान्तसम्म कायम गर्ने र शैक्षिक सत्र २०७८ लाई २०७८ असार १ गतेबाट शुरू गरी २०७८ चैत्र मसान्तमा अन्त्य गर्ने गरी पठनपाठन परीक्षा लगायतका कार्यहरू कार्यान्वयनका लागि र कक्षा १० र कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरूको स्थानान्तरणलाई सहजीकरण गर्न शिक्षा नियमावली, २०५९ मा संशोधन गरिएको। |
| १६४ | आगामी आर्थिक वर्ष १ हजार ८ सय विद्यालय भवन र ३८ आङ्गिक क्याम्पस भवन पुनर्निर्माण, २ हजार ५ सय २० कक्षाकोठा, एक एक हजारको संख्यामा विज्ञान प्रयोगशाला, पुस्तकालय र कम्प्युटर ल्याव स्थापना गरिनेछ। | • सार्वजनिक विद्यालयहरूका लागि २ हजार ५ सय कक्षा कोठा निर्माण, एक हजार विज्ञान प्रयोगशाला निर्माण, एक हजार विद्यालयमा पुस्तकालय स्थापना र एक हजार विद्यालयमा सूचना तथा प्रविधि प्रयोगशाला स्थापनाका लागि स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको।<br>• राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनको लागि ६ हजार ३६ वटा विद्यालयहरूमा परियोजना सञ्चालन गर्न स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको।<br>• ३८ आङ्गिक क्याम्पसका भवन निर्माणका लागि विश्वविद्यालय अनुदान आयोगबाट सम्बन्धित विश्वविद्यालयमा रकम निकासा गरिएको। |
| १६५ | छात्रवृत्ति कार्यक्रमलाई एकीकृत रूपमा सञ्चालन गरी आगामी वर्ष विपन्न र अपाङ्गता भएका नागरिकका बालबालिका, शहीदका छोरा छोरी र जेहेन्दार विद्यार्थी समेत मुलुकभरका करिब २६ लाख छात्रछात्रा लाभान्वित हुने गरी छात्रवृत्ति प्रदान गर्न वजेट विनियोजन गरिएको छ। | • मुलुकभरका करिब २६ लाख छात्रछात्रा लाभान्वित हुने गरी छात्रवृत्ति प्रदान गर्न स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको। |
| १६७ | सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ५ सम्मका विद्यार्थीलाई विद्यालयमा टिकाई राख्न हाल ४३ जिल्लामा लागु भएको दिवा खाजा कार्यक्रम देशभर | • विद्यार्थीको सर्वाङ्गीण विकासका लागि अति आवश्यक पोषण र खाद्य उपलब्ध गराउने क्रममा ७७ जिल्लाका २९ लाख ९ हजार ५ सय ३७ (नेपाल सरकारको स्रोतबाट ७० जिल्लाका |

| बुदाँ नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | विस्तार गरिनेछ। | २७ लाख ५३ हजार १ सय २७ र विश्व खाद्य कार्यक्रमबाट ७ जिल्लाका १ लाख ५६ हजार ४ सय १०) बालबालिकालाई दिवा खाजा उपलब्ध गराउन सशर्त अनुदानको रूपमा स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको।<br>• उक्त विवरण दिवा खाजा कार्यक्रमको मापदण्ड तथा मार्गदर्शन कार्यक्रम कार्यान्वयन पुस्तिका-२०७७/०७८ मा समावेश गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेवसाइटमा राखिएको। |
| १६८ | देशभरका सबै सामुदायिक विद्यालयमा अध्ययनरत १३ लाख ४० हजार छात्रालाई सेनेटरी प्याड निःशुल्क उपलब्ध गराउन स्थानीय तहमार्फत सशर्त अनुदानको रुपमा वित्तीय हस्तान्तरण गरिनेछ। | • कक्षा ६ देखि १२ सम्म अध्ययनरत छात्राहरूका लागि निःशुल्क सेनेटरी प्याड उपलब्ध गराउनका लागि स्थानीय तहमा वित्तीय हस्तान्तरण गरी कार्यक्रम सञ्चालन भएको। |
| १६९ | बालविकास केन्द्रहरुको सुदृढीकरणका लागि स्थानीय तहको लागत सहभागितामा कार्यक्रम सञ्चालन गर्न सशर्त अनुदानको व्यवस्था गरिएको छ। | • बालविकास केन्द्रहरुको सुदृढीकरणका लागि बालविकास केन्द्रको सञ्चालन लागत सहभागिता सम्बन्धी राष्ट्रिय प्रारुप, २०७७ को मस्यौदा तयार गरिएको। |
| १७० | आगामी वर्ष कैलालीको गेटा मेडिकल कलेज सञ्चालन ल्याई यसलाई सिकलसेल एनिमियाको अनुसन्धान केन्द्रको रुपमा समेत विकास गर्न र बर्दिवास, बुटवल तथा सुर्खेत मेडिकल कलेजको पूर्वाधार विकास गरिनेछ। | • कैलालीको गेटा मेडिकल कलेज सञ्चालनमा ल्याई यसलाई सिकलसेल एनिमियाको अनुसन्धान केन्द्रको रूपमा विकास गर्न अवधारणा पत्रको मस्यौदा तयार भएको तथा आवश्यक पूर्वाधार निर्माणको क्रममा रहेको।<br>• बर्दिवास, बुटवल कलेजको पूर्वाधार विकासको कार्य जारी रहेको। |
| १७१ | शिक्षक विद्यार्थी अनुपात धेरै भएका विद्यालय तथा गणित, अंग्रेजी र विज्ञान शिक्षक नपुग भएका विद्यालयमा थप ६ हजार स्वयंसेवक शिक्षक परिचालन गरिनेछ। | • शिक्षक विद्यार्थी अनुपात धेरै भएका विद्यालय तथा गणित, अंग्रेजी र विज्ञान शिक्षक नपुग भएका विद्यालयमा थप ६ हजार स्वयंसेवक शिक्षक परिचालन गर्न शिक्षण स्वयंसेवक परिचालन कार्यविधि, २०७७ जारी गरी स्वयंसेवक शिक्षक परिचालनको आधार तयार गरिएको। |
| १७२ | निःशुल्क वितरण गरिने पाठ्यपुस्तक | • निःशुल्क वितरण गरिने पाठ्यपुस्तक समयमा नै |

| बुदाँ नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | शैक्षिक वर्ष शुरु हुनु अगावै सबै विद्यालयमा पुग्नेगरी छपाई तथा वितरण गर्ने व्यवस्था मिलाइएको छ। शिक्षण सिकाइलाइ प्रभावकारी बनाउन आधारभूत तहसम्म रंगिन पाठ्यपुस्तक सहित करिब ४६ लाख छात्रछात्रा लाभान्वित हुने गरी निःशुल्क पाठ्यपुस्त उपलब्ध गराइने छ। | सबै बालबालिकालाई पुग्नेगरी छपाई तथा वितरणको व्यवस्थापन गर्न पाठ्यपुस्तकको रकम स्थानीय तहमा सशर्त अनुदानको रूपमा वित्तीय हस्तान्तरण गरिएको।<br>• शिक्षण सिकाइलाई प्रभावकारी बनाउन आधारभूत तहसम्म सबै बालबालिकाका लागि रंगिन पाठ्यपुस्तक छपाई गरी उपलब्ध गराउन व्यवस्था मिलाइएको। |
| १७३ | उच्च शिक्षालाई गुणस्तरयुक्त तथा प्रतिस्पर्धी बनाउन विश्वविद्यालय अनुदान आयोग मार्फत बाँडफाँड हुने अनुदानलाई नतिजामा आधारित बनाइनेछ। विश्वविद्यालयलाई अध्ययन अनुसन्धान गर्ने केन्द्रको रुपमा विकास गरिनेछ। विकास निर्माणका क्षेत्रमा राष्ट्रिय आवश्यकता र अन्तर्राष्ट्रिय अवसरका आधारमा जनशक्तिको प्रक्षेपण गरी विषय क्षेत्रगत जनशक्ति उत्पादन गरिनेछ। | • उच्च शैक्षिक निकायहरूलाई व्यवस्थित गर्न उच्च शिक्षा विधेयक, २०७६ को मस्यौदा तर्जुमा गरिएको।<br>• जनशक्ति प्रक्षेपणको प्रतिवेदन तयार भई कार्यान्वयनमा लैजान परामर्श र छलफल भइरहेको। |
| १७४ | कृषि, विज्ञान तथा इञ्जिनियरिङ्ग लगायतका विषय पठनपाठन हुने सुदूर पश्चिम र कर्णाली प्रदेशका सामुदायिक क्याम्पसहरुलाई क्रमशः त्रिभुवन विश्वविद्यालयको आङ्गिक क्याम्पसको रुपमा सञ्चालन गर्दै लगिनेछ। | • कृषि, विज्ञान तथा इञ्जिनियरिङ्ग लगायतका विषय पठनपाठन हुने सुदूर पश्चिम र कर्णाली प्रदेशका सामुदायिक क्याम्पसहरूलाई क्रमशः त्रिभुवन विश्वविद्यालयको आङ्गिक क्याम्पसको रूपमा सञ्चालन गर्ने कार्यका लागि मापदण्ड विकास, सम्भाव्यता अध्ययन र सिफारिस गर्न विश्वविद्यालय अनुदान आयोगद्वारा ४ सदस्यीय समिति गठन गरी कार्य प्रारम्भ गरिएको। |
| १७५ | आयुर्वेद विषयमा उच्च शिक्षा प्रदान गर्न योगमाया आयुर्वेद विश्वविद्यालय स्थापना गर्न, मदन भण्डारी प्रौद्योगिक विश्वविद्यालयको कानूनी संरचना निर्माण गरी सञ्चालन गर्न र प्रत्येक प्रदेशमा प्राविधिक सीप परीक्षण केन्द्र तथा बहु–प्राविधिक शिक्षालय स्थापना गरिनेछ। | • योगमाया आयुर्वेद विश्वविद्यालय स्थापना गर्न बनेको विधेयक सङ्घीय संसदमा पेश गरिएको।<br>• विदुषी योगमाया आयुर्वेद विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति गठन आदेश, २०७७ र मदन भण्डारी प्रौद्योगिक विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति गठन आदेश, २०७७ स्वीकृत भई विकास समिति गठन गरी कार्य अघि बढाइएको। |

| बुदाँ नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | • शिक्षालय पोलिटेक्निकहरुको शैक्षक भवन, प्रयोगशालका साथै अन्य भौतिक पूर्वाधार विकासका लागि गत आर्थिक वर्षमा सम्झौता भई सम्पन्न हुन बाँकी १७ भवन निर्माण सम्पन्न गरिएको। |
| १७६ | आधुनिक राष्ट्र र ज्ञानमा आधारित प्रतिस्पर्धी, उन्नत अर्थतन्त्र निर्माणका लागि विज्ञान तथा प्रविधिको विकास गरिनेछ। यस क्षेत्रमा विश्वस्तरको अध्ययन, अनुसन्धान हुने विशिष्टिकृत विश्वविद्यालयको रुपमा मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयको पूर्वाधार निर्माण गरी शैक्षिक कार्यक्रम शुरु गरिनेछ। | • मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सङ्घीय संसदको सामाजिक समितिमा छलफलको क्रममा रहेको।<br>• मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति गठन आदेश, २०७५ संशोधन गरिएको। |
| १७७ | राष्ट्रियस्तरको विधि विज्ञान प्रयोगशालालाई सुदृढ गर्दै सबै प्रदेशमा एक एक विधि विज्ञान प्रयोगशाला स्थापना गर्ने क्रममा आगामी वर्ष दुई प्रदेशमा प्रयोगशाला सञ्चालन गरिनेछ। | • राष्ट्रियस्तरको विधि विज्ञान प्रयोगशालालाई सुदृढ गर्दै सबै प्रदेशमा एक एक विधि विज्ञान प्रयोगशाला स्थापना गर्ने क्रममा प्रदेश २ को बर्दिबासमा र सुदुरपश्चिम प्रदेशको धनगढीमा प्रयोगशाला सञ्चालनमा आएको। |

## ७. चालु आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म सम्पादित मुख्य-मुख्य कार्यहरू:

**कानुन/नीतिगत:**

- अनिवार्य तथा नि:शुल्क शिक्षासम्बन्धी नियमावली, २०७७ जारी गरिएको।
- सङ्घीय स्वरुप अनुसार शैक्षिक संरचना परिवर्तन तथा कोभिड-१९ र यस्तै प्रकृतिका महामारीको अवस्थालाई समेत सम्बोधन हुने गरी शिक्षा नियमावली, २०५९ को नवौं संशोधन गरिएको।
- शैक्षिक वर्ष २०७७ देखि कक्षा ११ को नयाँ पाठ्यक्रम कार्यान्वयनमा ल्याइएको।

**विद्यालय क्षेत्र विकास कार्यक्रम:**

- विद्यालय क्षेत्र विकास कार्यक्रमबाट २ हजार ५ सय २० नयाँ कक्षाकोठा निर्माण, १ हजार ५ सय ५८ शौचालय निर्माण र ३ सय ३ वटा नमुना विद्यालय विकासको भौतिक पुर्वाधार कार्यक्रम तथा शिक्षण सहयोग अनुदान समेतका कार्यक्रमबाट ५६ हजार ५ सय २१ जनाका लागि रोजगारी सिर्जना भएको।

**छात्रवृत्ति कार्यक्रम:**

- आर्थिक वर्ष २०७७/७८ मा विद्यालयतहमा अध्ययन गर्ने शहीदका छोराछोरी, द्वन्द्वपीडित बालबालिका, दलित, अति सीमान्तकृत तथा लोपोन्मुख जनजातिका सन्तति तथा विपन्न लक्षित छात्रवृत्ति कार्यक्रम निरन्तर रहेको।
- माध्यमिक तहमा विपन्न लक्षित छात्रवृत्ति वितरण निरन्तरता गरी कक्षा ११ र १२ मा विज्ञान विषय पढन थप प्रोत्साहन हुने गरी छात्रवृत्तिको व्यवस्था गरिएको।

**अपाङ्गता भएका बालबालिकाका लागि शिक्षा:**

- अपाङ्गता भएका बालवालिकालाई शिक्षामा पहुँच अभिवृद्धि गर्न हाल ३३ वटा विशेष विद्यालय, २३ वटा एकीकृत विद्यालय, ३ सय ८० वटा स्रोत कक्षाको व्यवस्था र दृष्टि सम्बन्धी अपाङ्गता भएका विद्यार्थीका लागि निःशुल्क रूपमा ब्रेल पाठ्यपुस्तक उपलब्ध गराउने तथा सांकेतिक भाषा एवम् अन्य सिकाइ सामग्री विकास एवम् वितरण गरिएको।
- टेलिभिजनबाट प्रसारण हुने पाठहरूलाई बहिरा/सुस्तश्रवण विद्यार्थीलाई उपयोगी हुने गरी सांकेतिक भाषामा समेत प्रसारण योग्य बनाउन ६० वटा पाठहरू परीक्षणमा लगिएको।
- आधारभूत तथा माध्यमिक तह तर्फ आवासीय एवम् गैह्रआवासीय छात्रवृत्ति मार्फत ५२ हजार ६ सय ३ जना अपाङ्गता भएका बालबालिका विद्यालय शिक्षामा समेटिएको।

**पाठ्यक्रम, पाठ्यपुस्तक र सिकाइ सामग्री:**

- स्थानीय पाठ्यक्रम निर्माणका लागि स्थानीय तहलाई सहजीकरण गर्न पाठ्यक्रम विकास केन्द्रमा सहायता कक्ष स्थापना र सञ्चालन गरिएको।
- कक्षा १-१० को पाठ्यवस्तु समायोजन ढाँचा र प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम स्वीकृत गरिएको। संस्कृत तर्फ कक्षा २,३ र ६ को पाठ्यपुस्तक लेखन कार्य सम्पन्न भएको। कक्षा ११ का अनिवार्य ३ विषय नेपाली, अंग्रेजी, गणित/सामाजिक तथा जीवनोपयोगी शिक्षा का पाठ्यसामग्री तयार गरी वेबसाइटमा प्रकाशन गरिएको।
- रेडियोबाट प्रसारण गर्नको लागि पाठ्यक्रममा आधारित ३४० वटा श्रव्य पाठ उत्पादन गरिएको र १५० वटा पाठ प्रसारण गरिएको। पाठ्यक्रममा आधारित ८७८ वटा श्रव्यदृश्य पाठ उत्पादन भई टेलिभिजन मार्फत प्रसारण गरिएको। ६५ वटा शैक्षिक कार्यक्रम उत्पादन र प्रशारण भएको।

**प्राविधिक तथा व्यवसायिक शिक्षा:**

- छोटो अवधिको सीपमूलक तालीम सञ्चालन कार्यविधि, २०७७ स्वीकृत गरी प्रदेश तहबाट २१ हजार र ENSSURE परियोजना मार्फत कार्यस्थलमा आधारित तालिम, औद्योगिक प्रशिक्षार्थी, OJT सहितको तालिम सञ्चालन गरिएको। ८ सय ४८ प्रशिक्षकहरुलाई क्षमता अभिवृद्धि तालिम उपलब्ध गराईएको।
- विशेष छात्रवृति तर्फ ५ सय ६० जनालाई डिप्लोमा तथा प्रमाणपत्र तहमा र प्रि डिप्लोमा तहमा प्रशिक्षण गर्नका लागि कार्यक्रम, संस्था र कोटा निर्धारणको कार्य सम्पन्न गरिएको।
- वैदशिक रोजगारीबाट फर्किएका तथा स्वेदेशमै रहेका १४ हजार ५ सय वेरोजगार युवाहरूको सीप परीक्षण गरिएको।

- प्राविधिक तथा व्यवसायिक तालिम परिषदबाट सम्बन्धन प्राप्त निजी शिक्षण संस्थाहरूको अनलाईन प्रणालीबाट नवीकरण गर्न शुरूवात गरिएको।

**नमुना विद्यालय:**

- आर्थिक वर्ष २०७५/७६ सम्म ३ सय २२ वटा र आर्थिक बर्ष २०७६/०७७ मा थप १ सय गरी ४ सय २२ सामुदायिक विद्यालयलाई नमूना विकासका लागि छनौट गरिएको।

**शिक्षामा सूचना प्रविधिको उपयोग:**

- मुलुकभर सञ्चालित २७ हजार ८ सय १३ सामुदायिक विद्यालय मध्ये ११ हजार ३ सय ६६ विद्यालयहरूमा कम्प्युटर सुबिधा उपलब्ध भई ६ हजार ६ सय ७६ विद्यालयहरूले शिक्षण सिकाइ क्रियाकलापमा सूचना प्रविधिको प्रयोग गर्दै आएको।
- सूचना प्रविधिको उपयोगबाट शिक्षण सिकाइलाई थप प्रभावकारि वनाउन १ हजार १२ माध्यमिक विद्यालयमा सूचना प्रविधि प्रयोगशाला (ICT Lab) स्थापना गरिएको।

**विधि विज्ञान प्रयोगशाला:**

- अपराध अनुसन्धानसम्बन्धी ४ सय ५० केशका १ हजार ५ सय १२ वटा नमूना परीक्षण गरी प्रहरी, अदालतलगायतका निकायहरूमा परीक्षण प्रतिवेदन पठाइएको।
- राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट पानी तथा अन्य खाद्य बस्तुहरूको २ सय ६७ नमूनाहरुको परीक्षण गरिएको।

**उच्च प्राविधिक शिक्षामा छात्रवृति:**

- चिकित्सा शिक्षा आयोग कोष सञ्चालन कार्यविधि, २०७७ स्वीकृत गरी कार्यान्वयनमा आएको।
- चिकित्सा शिक्षा अध्यापन गर्ने विश्वविद्यालय, प्रतिष्ठान र शिक्षण संस्थाको गुणस्तर मूल्याङ्कन कार्यविधि, २०७७ तथा Standard Format for Institutional Inspection Report तयार गरी कार्यान्वयनमा आएको।
- स्नातकोत्तर तहको एकीकृत प्रवेश परीक्षा सम्पन्न गरिएको।

**उच्च शिक्षा:**

- उच्च शिक्षा तर्फ विभिन्न विश्वविद्यालय र अन्तर्गतका क्याम्पसमा अध्ययन गरिरहेका विद्यार्थीको संख्या गत आर्थिक वर्षको तुलनामा १.४९ प्रतिशतले बढेर ५ लाख ४६ हजार पुगेको।
- विश्वविद्यालय अनुदान आयोगबाट हालसम्म ६० वटा उच्च शैक्षिक संस्थालाई गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रमाणपत्र प्रदान गरिएको।

## ८. आर्थिक वर्ष २०७६/७७ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

**कानुन/नीतिगत:**

- रेडियोधर्मी पदार्थको उपयोग तथा नियमन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ जारी गरिएको।
- शिक्षक सेवा आयोग (दशौं संशोधन) नियमावली, २०७६ जारी गरिएको।
- मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति गठन आदेश, २०७५ संशोधन गरिएको।

- विदुषी योगमाया आयुर्वेद विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति गठन आदेश, २०७७ जारी गरिएको।
- मदन भण्डारी प्रौद्योगिक विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति गठन आदेश, २०७७ जारी गरिएको।
- शिक्षा क्षेत्रको एकीकृत स्वरूपको राष्ट्रिय शिक्षा नीति, २०७६ स्वीकृत भएको।
- राष्ट्रिय विज्ञान, प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ स्वीकृत भएको।
- दीगो विकासको लक्ष्य नम्बर ४ (SDG 4) कार्यान्वयनका लागि राष्ट्रिय कार्य ढाँचा (National Framework) तयार गरिएको।
- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ स्वीकृत भएको।
- सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ स्वीकृत भएको।
- शिक्षण स्वयम् सेवा परिचालन कार्यविधि, २०७६ स्वीकृत भएको।
- शिक्षासँगै कमाइ कार्यक्रम कार्यविधि, २०७६ स्वीकृत भएको।
- शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यवधि – २०७६ स्वीकृत भएको।
- खुला विश्वविद्यालयसँगको सहकार्यमा १ बर्षे बिएड कार्यक्रम सञ्चालनका लागि कार्यविधि, २०७६ स्वीकृत भएको।
- विद्यालयमा ICT Lab स्थापनासम्बन्धी कार्यविधि, २०७६ स्वीकृत भएको।
- विद्यालयमा क्वारेन्टाइन व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७६ स्वीकृत भएको।
- वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ स्वीकृत भएको।

**सबैका लागि शिक्षा:**

- शिक्षामा सबै बालबालिकाको पहुँच पु्याउने लक्ष्य अनुसार १२६ स्थानीय तहहरूमा आधारभूत तह विद्यालय उमेर समूह (५-१२वर्ष) का बालबालिकाहरु विद्यालय बाहिर नरहेको घोषणा गरिएको।
- बालबालिकाको सर्वाङ्गीण विकासका लागि अति आवश्यक पोषण र खाद्य उपलब्ध गराउने क्रममा ७७ जिल्लाका ३० लाख ४३ हजार ४ सय ६१ जना बालबालिकालाई दिवाखाजा उपलब्ध गराइएको।

**नमुना विद्यालय:**

- आर्थिक वर्ष २०७६/२०७७ मा १०० विद्यालय थप भई ४ सय २२ सामुदायिक विद्यालयहरु नमूना विद्यालयको रूपमा विकास गरिएको।

**शिक्षक व्यवस्थापन:**

- नेपाल सरकार मन्त्रिपरिषदको २०७६/०५/०४ को निर्णय बमोजिम सबै तहको शिक्षक दरबन्दी एकमुष्ठ गणना गरी शिक्षा नियमावली बमोजिम न्यूनतम दरबन्दी तोकी स्थानीय तहगत दरबन्दी मिलान गर्ने कार्य अगाडि बढाइएको।
- शिक्षक सेवा आयोग नियमावली, २०५९ को दशौं संशोधनबाट शिक्षक छनौट प्रणालीमा सुधार गरी गुणस्तरीय शिक्षक आपूर्तिको व्यवस्था मिलाइएको।

- शिक्षण पेशामा स्थायित्व अभिवृद्धि गर्न माध्यमिक, निम्न माध्यमिक र प्राथमिक तह गरी जम्मा १२ हजार ६ सय २७ जना शिक्षकहरूको स्थायी नियुक्ति गरिएको। विषयगत पाठ्यक्रमका आधारमा थप १७ हजार ४१ जनालाई स्थायी अध्यापन अनुमति पत्र प्रदान गरिएको।
- सामुदायिक विद्यालयमा अस्थायी/करारमा पदपूर्ति गर्ने प्रयोजनका लागि १५ हजार ६ सय २७ जनाको योग्यताक्रमअनुसारको सूची प्रकाशन गरिएको छ।

**पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री:**

- सार्वजनिक विद्यालयका ५६ लाख ३५ हजार ५ सय ४५ जना विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तकको व्यवस्था मिलाउन स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको।
- विद्यार्थीहरूलाई शिक्षण सिकाइप्रति आकर्षित गर्न र सिकाइतर्फ उत्प्रेरणा जगाउन सबै सामुदायिक विद्यालयका कक्षा ८ सम्म अध्ययनरत छात्रछात्राहरूलाई रंगिन पाठ्यपुस्तक उपलब्ध गराइएको। पाठ्यक्रममा अन्तर्निहित विषयगत सीमा हटाउन र समय सापेक्ष तुल्याउन आधारभूत तह कक्षा १ को एकीकृत पाठ्यक्रम शैक्षिक सत्र २०७७ बाट देशभर लागु गरिएको।
- शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट कक्षा ३ र ८ को विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण सञ्चालन गरिएको। बहुभाषिक शिक्षा नीति कार्यान्वयन गर्न हालसम्म २६ वटा मातृभाषाका पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार गरिएको।

**विद्यालय पुनर्निर्माण:**

- २०७२ सालको विनाशकारी भूकम्पबाट ७ हजार ९ सय २३ वटा विद्यालय भवन क्षतिग्रस्त भएकोमा केही विद्यालय गाभिन गई कुल ७ हजार ५ सय ५३ विद्यालय भवन पुनर्निर्माण गर्नुपर्नेमा हालसम्म ५ हजार ५ सय ९८ विद्यालय भवन निर्माण कार्य सम्पन्न भैसकेको र आ.व. २०७७।७८ मा बाँकी १ हजार ९ सय ५५ विद्यालय भवन निर्माण कार्य सम्पन्न गरिने।

**साक्षरता तथा अनौपचारिक शिक्षा**

- आर्थिक वर्ष २०७६/२०७७ मा थप दुई जिल्ला काभ्रेपलाञ्चोक र संखुवासभा गरी साक्षर घोषणा भएका जिल्लाहरूको संख्या ५३ वटा पुगेको।

**प्राविधिक तथा व्यावसायिक शिक्षा:**

- प्राविधिक शिक्षाको संस्थागत पहुँच नपुगेका ६०७ वटा स्थानीय तहमा प्राविधिक शिक्षा कार्यक्रमको संस्थागत पहुँच पुऱ्याइएको। निर्माणाधीन १४ वटा बहुप्राविधिक शिक्षालय र यस अघि सञ्चालन रहेका १८ वटा शिक्षालयमा डिप्लोमा र प्राविधिक एसएलसी तहमा विभिन्न विषयमा कार्यक्रम थप गरिएको।
- उद्योगी, व्यावसायी र रोजगारदाताको माग अनुसार दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्न उद्योग, व्यावसायसँग सहकार्य गरी १ हजार १ सय ६० जनालाई औद्योगिक प्रशिक्षार्थी (Apprenticeship) तालीम सञ्चालन शुरु गरिएको।
- अपाङ्गता भएका भएका व्यक्तिहरुलाई प्राविधिक शिक्षामा पहुँच अभिवृद्धि गर्न सांकेतिक भाषा एवम् अन्य सिकाइ सामग्री विकास गरी विशेष छात्रवृति उपलब्ध गराई पठनपाठन गरिदै आएको।
- इभेन्ट परियोजना मार्फत ३ हजार ३ सय ७८ युवाहरूको सीप प्रमाणीकरण भएको। प्रदेश तहमा नमूना बहु प्राविधिक शिक्षालयको स्तरोन्नतिका लागि थप भौतिक पूर्वाधार विकाससम्बन्धी कार्यहरू

भइरहेको। ४ विषयका राष्ट्रिय पेशागत सीप प्रमाणिका निर्माण भएको, १४ वटा विषयका परिमार्जन गरिएको। औपचारिक तथा अनौपचारिक रूपमा सीप सिकेका ५६ हजार ४ सय ९४ जनाको सीप प्रमाणीकरण गरिएको।

**विज्ञान तथा प्रविधि:**

- बुटबल, बर्दिबास र काठमाडौंमा Science Exhibition/Expo तथा STEAM Challenge आयोजना गरिएको। १ हजार विद्यालयमा ICT Lab स्थापनाका लागि स्थानीय तहमा सशर्त अनुदानको रूपमा वित्तीय हस्तान्तरण गरिएको।

**उच्च शिक्षा:**

- खुल्ला विश्वविद्यालयमार्फत सूचना र सञ्चार प्रविधि (ICT) लगायत १८ वटा विषयहरूमा अध्ययन अध्यापन शुरुवात गरिएको।
- चिकित्सा शिक्षातर्फ ७५ प्रतिशत छात्रवृत्तिको व्यवस्था कार्यान्वयनमा ल्याइएको। राष्ट्रिय चिकित्सा शिक्षा नियमावली तर्जुमा गरिएको।
- १७ वटा समेत गरी हालसम्म ४९ वटा शैक्षिक संस्थालाई विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रमाणपत्र प्रदान गरिएको।
- देशभरका ४ सय ५८ वटा सामुदायिक क्याम्पसहरुलाई नियमित अनुदान र १ सय ४६ सामुदायिक क्यापसहरूलाई भौतिक विकास अनुदान प्रदान गरिएको। गुणस्तर सुधार कार्यक्रम अन्तरगत एम.फिल वृत्तिमा ५२ जना र एम.फिल. शोधग्रन्थ तयारी सहयोगमा १० जना, अनुसन्धान व्यवस्थापन विकासमा १० जना तथा लघु अनुसन्धान विकास र नवप्रवर्तन अनुदान ५० जनालाई प्रदान गरिएको।

**पुस्तकालय तथा वाचनालय:**

- सञ्चालन रहेका ६ सय ८६ वटा सार्वजनिक पुस्तकालयहरूलाई प्रदेश समाजिक मन्त्रालय मार्फत अनुदान उपलब्ध गराइएको। नेपाल राष्ट्रिय पुस्तकालयको गुरु योजना स्वीकृत भई विस्तृत परियोजना प्रतिवेदन तयार भएको।

**कोभिड-१९ को कारण विद्यालय बन्दाबन्दीको अवस्थामा वैकल्पिक सिकाइको व्यवस्था:**

- कोभिड-१९ को कारण विद्यालय बन्दाबन्दीको अवस्थामा वैकल्पिक सिकाइको व्यवस्थाका लागि वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका जारी गरी वि.सं. २०७७ असार देखि १ गते कार्यान्वयनमा आई वैकल्पिक माध्यमबाट सिकाइमा सहजीकरण गरिएको।
- कक्षा १ देखि १० सम्मका लागि रेडियो तथा टेलिभिजनबाट Virtual पाठ प्रसारणको सामग्री विकास र समय तालिका सार्वजनिक गरी सोही अनुसार पाठहरु प्रशारण गरिएको। उच्च शिक्षामा पनि Virtual पाठहरू प्रशारण गरिएका छन्। एम. फ़िल., लघु अनुसन्धान, शोधग्रन्थ तयारीमा पनि online विधि अवलम्वन गरिएको।

## ९. आर्थिक वर्ष २०७६/७७ को खुद बजेट तथा खर्चको यथार्थ विवरण:

**चालु खर्च** (रू. हजारमा)

| ब.उ. शि.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद रकम | यथार्थ खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५०००११३ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | ४८४२२२२ | ४१९६९१ | ८.६७ |

| ब.उ. शि.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद रकम | यथार्थ खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५०००००१२३ | पुस्तकालयहरु-३ (डिल्लीरमण, केशर, राष्ट्रिय) | २७१३२ | २५२३७ | ९३.०२ |
| ३५०००१०१३ | शिक्षाका लागि खाद्य कार्यक्रम(प्राथमिक विद्यालय पौष्टिक आहार) | ४९३९२३ | ४२२८९० | ८५.६२ |
| ३५०००१०२३ | सबैका लागि शिक्षा- शिशु विकास कार्यक्रम | १६४०० | ० | ० |
| ३५०००१०३३ | व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि योजना- दोस्रो | १८२४४०४ | ९९३९४६ | ५४.४८ |
| ३५०००१०४३ | पढाइ सीप प्रवर्द्वन कार्यक्रम | १५३५०० | २३९७० | १५.६२ |
| ३५०००१०८३ | विद्यालय क्षेत्र विकास कार्यक्रम- केन्द्र स्तर | ३२११००९ | २८५७३६ | ८.९ |
| ३५००१०११३ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | १०५३६२ | ८३०४६ | ७८.८२ |
| ३५००१०१३३ | शिक्षा विकास तथा समन्वय इकाई | ५६४१६१ | ३७९०९३ | ६७.२ |
| ३५००२०११३ | पाठ्यक्रम विकास केन्द्र | ५९११६ | ५४६०४ | ९२.३७ |
| ३५००३०११३ | शैक्षिक गुणस्तर परीक्षण केन्द्र | १८०६३ | १६८४५ | ९३.२५ |
| ३५००४०११३ | विद्यालय शिक्षक किताबखाना | २६६०२ | २४९६९ | ९३.८६ |
| ३५००४०१२३ | शिक्षक सेवा निवृत्त सुविधा | १९१२४२०० | १६८६९१४५ | ८८.२१ |
| ३५०२१०११३ | विश्वविद्यालय अनुदान आयोग | १६५३१०२८ | १५२४२०४८ | ९२.२ |
| ३५०२१०१२३ | शिक्षक सेवा आयोग | १७८८९८ | १३५५२२ | ७५.७५ |
| ३५०२१०१३३ | यूनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग | १५२०० | १३७४३ | ९०.४२ |
| ३५०२१०१४३ | चिकित्सा शिक्षा आयोग | ८५०००० | ३८५९५३ | ४५.४१ |
| ३५०२११०१३ | उच्च शिक्षा सुधार परियोजना | २३००००० | २२९९९५० | १०० |
| ३५०३१०११३ | राष्ट्रिय परीक्षा बोर्ड | २७११०० | १३९६२७ | ५१.५ |
| ३५०४१०११३ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (विशेष कार्यक्रम समेत) | २०२४२०० | १३४१६७१ | ६६.२८ |
| ३५०६१०११३ | नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान | २८२५८३ | १७६४०५ | ६२.४३ |
| | **कुल जम्मा** | **५२९१९१०३** | **३९३३४०९१** | **७४.३३** |

**पुंजीगत खर्च** (रू. हजारमा )

| ब.उ. शि.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद रकम | यथार्थ खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५००००११४ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | ४८६०० | २१०५१ | ४३.३१ |
| ३५०००००१२४ | पुस्तकालयहरू-३ (डिल्लीरमण, केशर, राष्ट्रिय) | ५०४०० | ३२२३९ | ६३.९७ |
| ३५०००१०१४ | शिक्षाका लागि खाद्य कार्यक्रम(प्राथमिक विद्यालय पौष्टिक आहार) | १७०० | १६७७ | ९८.६६ |
| ३५०००१०३४ | व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि योजना- दोस्रो | ७०० | ५९७ | ८५.३१ |
| ३५०००१०८४ | विद्यालय क्षेत्र विकास कार्यक्रम- केन्द्र स्तर | १३००० | २९८३ | २२.९४ |
| ३५००१०११४ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | ७५० | ४३३ | ५७.७२ |
| ३५००१०१३४ | शिक्षा विकास तथा समन्वय इकाई | ६२८५० | ३३४६१ | ५३.२४ |
| ३५००२०११४ | पाठ्यक्रम विकास केन्द्र | २०० | १९७ | ९८.३१ |
| ३५००४०११४ | विद्यालय शिक्षक किताबखाना | ४०० | ३९८ | ९९.५४ |

| ब.उ. शि.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद रकम | यथार्थ खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५०२१०११४ | विश्वविद्यालय अनुदान आयोग | २२४००० | ० | ० |
| ३५०२१०१२४ | शिक्षक सेवा आयोग | २३०० | १४२८ | ६२.०८ |
| ३५०२१०१४४ | चिकित्सा शिक्षा आयोग | ५०००० | ५७१४ | ११.४३ |
| ३५०६१०११४ | नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान | १४९८०० | ४५४८२ | ३०.३६ |
| | कुल जम्मा | ६०४७०० | १४५६६० | २४.०९ |

## १०.आ.व.२०७७/७८ को खुद बजेट तथा फागुन मसान्तसम्मको खर्चको अवस्थाः

**चालु खर्च** (रू. हजारमा )

| ब.उ. शि.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद रकम | यथार्थ खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५००००११३ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | ४८७७०० | २२०९१६ | ४५.३० |
| ३५००००१२३ | पुस्तकालयहरू-३ (डिल्लीरमण, केशर, राष्ट्रिय) | २९८०० | १६८३२ | ५६.४८ |
| ३५०००१०१३ | शिक्षाका लागि खाद्य कार्यक्रम(प्राथमिक विद्यालय पौष्टिक आहार) | ४५५९०० | १३५२०८ | २९.६६ |
| ३५०००१०२३ | सबैका लागि शिक्षा- शिशु विकास कार्यक्रम | १६००० | ४६२ | २.८९ |
| ३५०००१०३३ | व्यवसायिक शिक्षा तथा तालिम अभिवृद्धि योजना-दोस्रो | २८७९००० | १८६६४९ | ६.४८ |
| ३५०००१०४३ | पढाइ सीप प्रवर्द्वन कार्यक्रम | १२४३०० | ० | ०.०० |
| ३५०००१०८३ | विद्यालय क्षेत्र विकास कार्यक्रम- केन्द्र स्तर | ३०३१२४५ | २०८८७१ | ६.८९ |
| ३५००१०११३ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | १७७४६०० | ५०१८६ | २.८३ |
| ३५००१०१३३ | शिक्षा विकास तथा समन्वय इकाई | ६०८१०० | २६१७२६ | ४३.०४ |
| ३५००२०११३ | पाठ्यक्रम बिकास केन्द्र | ६०१०० | २६१८७ | ४३.५७ |
| ३५००३०११३ | शैक्षिक गुणस्तर परीक्षण केन्द्र | २०३०० | १२२४१ | ६०.३० |
| ३५००४०११३ | विद्यालय शिक्षक किताबखाना | २५९०० | १५७१५ | ६०.६८ |
| ३५००४०१२३ | शिक्षक सेवा निवृत्त सुविधा | १७९९९२०० | १०१७४०५१ | ५६.५३ |
| ३५०२१०११३ | विश्वविद्यालय अनुदान आयोग | १६४६१४०० | १०३३२४९७ | ६२.७७ |
| ३५०२१०१२३ | शिक्षक सेवा आयोग | १४२७०० | २३५०३ | १६.४७ |
| ३५०२१०१३३ | यूनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग | १६६०० | ६६२८ | ३९.९३ |
| ३५०२१०१४३ | चिकित्सा शिक्षा आयोग | ५१७०५४ | ३६१३१ | ६.९९ |
| ३५०२११०१३ | उच्च शिक्षा सुधार परियोजना | १७५१४०० | ४५०४६० | २५.७२ |
| ३५०३१०११३ | राष्ट्रिय परीक्षा बोर्ड | ३००००० | १८१९०० | ६०.६३ |
| ३५०४१०११३ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (विशेष कार्यक्रम समेत) | १४९२५०० | ३२२९६४ | २१.६४ |
| ३५०६१०११३ | नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान | २९३७०० | ७३७२२ | २५.१० |
| | कुल जम्मा | ४८४८७४९९ | २२७३६८५० | ४६.८९ |

**पुँजीगत खर्च** (रू. हजारमा )

| ब.उ. शि.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद रकम | यथार्थ खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५०००० ११४ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | ८०४०० | १५८७९ | १९.७५ |
| ३५००००१२४ | पुस्तकालयहरू-३ (डिल्लीरमण, केशर, राष्ट्रिय) | १००९०० | २०९७२ | २०.७९ |
| ३५०००१०१४ | शिक्षाका लागि खाद्य कार्यक्रम(प्राथमिक विद्यालय पौष्टिक आहार) | १९०० | १५० | ७.८९ |
| ३५०००१०३४ | व्यवसायिक शिक्षा तथा तालिम अभिवृद्धि योजना- दोस्रो | ४०० | ३४२ | ८५.५७ |
| ३५०००१०८४ | विद्यालय क्षेत्र विकास कार्यक्रम- केन्द्र स्तर | १९०० | १०४१ | ५४.८१ |
| ३५००१०११४ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | ९०० | २६१ | २९.०० |
| ३५००१०१३४ | शिक्षा विकास तथा समन्वय इकाई | ४६९०० | ५५१७ | ११.७६ |
| ३५००२०११४ | पाठ्यक्रम बिकास केन्द्र | ९०० | ८३६ | ९२.८७ |
| ३५००४०११४ | विद्यालय शिक्षक कितावखाना | ६२०० | १०१८ | १६.४१ |
| ३५०२१०११४ | विश्वविद्यालय अनुदान आयोग | ७०००० | ० | ०.०० |
| ३५०२१०१२४ | शिक्षक सेवा आयोग | ९१०० | १९५८ | २१.५१ |
| ३५०२१०१४४ | चिकित्सा शिक्षा आयोग | ३५५०० | ८५५१ | २४.०९ |
| ३५०६१०११४ | नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान | ९७१०० | ५२७४७ | ५४.३२ |
| | **कुल जम्मा** | **४५२१००** | **१०९२७२** | **२४.१७** |

♦ ♦ ♦

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

## १. पृष्ठभूमिः

श्रम, रोजगार र सामाजिक सुरक्षाको क्षेत्रमा राष्ट्रिय नीति, योजना र कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गरी आन्तरिक श्रम व्यवस्थापनको माध्यमबाट सकारात्मक औद्योगिक श्रम सम्बन्धको स्थापना, आन्तरिक रोजगारीका अवसर विस्तार, आन्तरिक रोजगारी प्रवर्द्धन र सामाजिक सुरक्षाको प्रत्याभूति गर्न श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय गठन भएको हो। वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाई वैदेशिक रोजगारीबाट आर्जित सीप, ज्ञान, प्रविधि र पुँजीको उपयोगबाट राष्ट्रिय उत्पादन बढाउनका साथै आन्तरिक रोजगारी प्रवर्द्धन गर्न सघाउनु पनि यस मन्त्रालयको जिम्मेवारी रहेको छ।

## २. दीर्घकालीन सोचः

श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष, सीपयुक्त र उत्पादनशील मानव संसाधनको विकास गरी उत्पादनशील तथा मर्यादित रोजगारीका अवसर सिर्जना, असल श्रम सम्बन्धको विकास, बालश्रमको निवारण तथा सामाजिक सुरक्षाको प्रत्याभूति गर्दै सामाजिक न्यायसहितको आर्थिक विकासमा सघाउ पुऱ्याउने।

## ३. उद्देश्यः

- स्वदेशमा नै मर्यादित रोजगारका अवसरहरुको सिर्जनाद्वारा बेरोजगारी न्यूनीकरण गर्दै संविधानले प्रत्याभूत गरेको रोजगारीको हकलाई सुनिश्चित गर्ने,
- वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने,
- असल श्रम सम्बन्धको विकास गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने,
- सबै प्रकारका श्रम शोषण र बालश्रमको अन्त्य गर्ने,
- योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीलाई सुदृढीकरण तथा व्यवस्थापन गर्ने।

## ४. रणनीतिः

- राष्ट्रिय रोजगार नीतिको तर्जुमा, श्रमको हक एवं रोजगारीको हकसम्बन्धी कानुन निर्माण गर्ने।
- वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित, भरपर्दो र प्रतिफलयुक्त बनाउने।
- श्रमिकको हक अधिकारको संरक्षण तथा लगानी मैत्री वातावरणको सिर्जना गरी असल श्रम सम्बन्ध स्थापना गर्ने।
- सीप तथा व्यावसायिक तालिमका अवसरहरूको विकास एवं विस्तार गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धी श्रमशक्तिको उत्पादन गर्ने।
- सामाजिक सुरक्षा कोषको प्रभावकारी परिचालन गर्ने।
- सबै किसिमको बालश्रम उन्मूलन गर्ने। महिलाको रोजगारीलाई सुरक्षित, भरपर्दो र व्यवस्थित गरी वैदेशिक रोजगारीमा जाँदा उत्पन्न हुने जोखिम न्यूनीकरण गर्ने।

## ५. कार्यक्षेत्रः

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायअनुसार रहेका छन्:

- श्रम तथा रोजगारसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन;
- वैदेशिक रोजगारसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- श्रमिक तथा कामदारको सामाजिक सुरक्षा र सामाजिक सुरक्षा कोष सञ्चालनसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- औद्योगिक विवाद समाधान,
- रोजगारसम्बन्धी तथ्याङ्क, अध्ययन र अनुसन्धान,
- श्रम तथा व्यावसायजन्य स्वास्थ्य सुरक्षा निरीक्षण र श्रम-सम्बन्धसम्बन्धी आयोग,
- रोजगारउन्मुख सीपमूलक एवं व्यावसायिक तालिम नीति,
- ट्रेड युनियनसम्बन्धी एकीकृत कानुन र नियमन,
- बालश्रम निवारणसम्बन्धी नीति र कानुन,
- व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षासम्बन्धी नीति, कानुन र मापदण्ड,
- विदेशीहरूका लागि श्रम स्वीकृति,
- श्रम सहचारी,
- बेरोजगारीसम्बन्धी एकीकृत तथ्याङ्क व्यवस्थापन, अध्ययन र अनुसन्धान,
- मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन।

## ६. चालु आर्थिक वर्ष २०७७/७८ को बजेट व्यक्तव्यमा उल्लिखित नीति र कार्यक्रमका बुँदाहरूको फागुन मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ६३ | प्रधानमन्त्री रोजगार कार्यक्रमको दायरा विस्तार गरी संघ, प्रदेश र स्थानीय तहमा सञ्चालित सार्वजनिक विकास निर्माण श्रममूलक प्रविधिबाट कार्यान्वयन गरिनेछ। यो कार्यक्रम मार्फत थप २ लाख रोजगारी सिर्जना गर्ने। | • प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत ३३ हजार ७ सय ५३ लाई रोजगारी दिइएको।<br>• स्थानीय तहबाट रोजगारमूलक आयोजना सञ्चालन गरी न्यूनतम रोजगारी उपलब्ध गराउन रू. ११ अर्ब २० करोड ९९ लाख ७ सय ५३ स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको।<br>• हालसम्म ७ लाख ५१ हजार ८७४ जना बेरोजगारको रोजगार ब्यवस्थापन सूचना प्रणाली (EMIS) मा सूचीकृत गरिएको।<br>• स्थानीय तहमा कार्यरत २ हजार २ सय ५९ कर्मचारीलाई प्रधानमन्त्री रोजगार कार्यक्रम |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | सम्बन्धमा क्षमता विकास तालिम दिइएको।<br>• श्रमिक सूचना बैंकको प्रारम्भिक अवधारणापत्र तयार भई सो सम्बन्धी व्यवस्थापकीय र प्राविधिक कार्य अगाडि बढाइएको। |
| ६४ | कोरोनाको कारण रोजगारी गुमेका र तत्काल पुनरुत्थान भई रोजगार सिर्जना हुन नसक्ने क्षेत्रमा कार्यरत रहेका मजदुरको सीप रूपान्तरण गरी अन्यत्र काम गर्न सक्षम तुल्याउन विभिन्न सीप विकास तालिम तथा प्रशिक्षण संघ र प्रदेशस्तरमा सञ्चालन गरिनेछ। कम्तीमा ५० हजार व्यक्तिले रोजगारी प्राप्त गर्न सक्ने गरी बजेट विनियोजन गरिएको छ। | • संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीमा आधारित व्यावसायिक तथा सीप विकास तालिम सञ्चालन कार्यविधि, २०७७ स्वीकृत भई तालिम सञ्चालनको लागि प्रदेशमा रू.६० करोड वित्तीय हस्तान्तरण गरिएको। |
| ६६ | प्राविधिक तथा व्यवसायिक शिक्षा एवं तालिम प्रदायक संस्थाको सुदृढीकरण गरी आगामी वर्ष ७५ हजार व्यक्तिलाई सीपमूलक तालिम प्रदान गरिनेछ। | • व्यवसायिक तथा सीप विकास तालिम प्रतिष्ठानको कार्यक्षेत्र पुनरावलोकन गरिएको।<br>• व्यवसायिक तथा सीप विकास तालिम प्रतिष्ठान मार्फत ७ सय ६१ लाई तालिम प्रदान गरिएको र ७ हजार ४ सय ६० जनाको तालिम सञ्चालन भइरहेको। |
| ६९ | नेपाली नागरिकलाई रोजगारीका थप अवसर सिर्जना गर्न श्रम स्वीकृति नलिई विदेशी नागरिकलाई काममा लगाउन नपाउने व्यवस्थाको कडाइका साथ कार्यान्वयन गरिनेछ। प्रतिष्ठानस्तरमा श्रमिकको सुरक्षा र व्यवसायजन्य सुरक्षालाई सुनिश्चित गर्न श्रम निरीक्षणको व्यवस्था गरिनेछ। | • ५ सय ७५ विदेशी नागरिकलाई श्रम स्वीकृति दिइएको। ८ सय ४४ जनाको श्रम स्वीकृति नवीकरण गरिएको।<br>• विदेशी श्रमिकले श्रम स्वीकृति लिए नलिएको सम्वन्धमा ३५ वटा प्रतिष्ठान अनुगमन गरिएको। श्रम कानूनको पालना भए/नभएको सम्बन्धमा १ हजार १ सय ८३ प्रतिष्ठान निरीक्षण गरिएको। १ हजार ७ सय ४९ वटा प्रतिष्ठानमा श्रम अडिट गरिएको। १ हजार ३ सय ७५ प्रतिष्ठानमा बालश्रम निरीक्षण गरिएको। |
| ७७ | सबै श्रमिक तथा कामदारलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन सबै प्रतिष्ठानलाई सामाजिक सुरक्षा कोषमा | • १३ हजार ५ सय २६ रोजगारदाता र १ लाख ९३ हजार ७२ जना श्रमिक सामाजिक सुरक्षा कोषमा आबद्ध भएका। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | सूचीकृत हुन प्रोत्साहित गरिनेछ। योगदानमा आधारित निवृत्तिभरणको मौजुदा व्यवस्थामा नसमेटिएका राष्ट्र सेवकलाई यसको दायरामा ल्याउन अवकाश कोष, सञ्चालनसम्बन्धी मौजुदा कानुनमा संशोधन गरिनेछ। | • अनौपचारिक क्षेत्रमा रहेका किसान, श्रमिक तथा स्वरोजगारीमा रहेका व्यक्तिलाई सामाजिक सुरक्षाको दायरामा ल्याउने सम्बन्धमा गठित कार्यदलले प्रतिवेदन पेश गरेको।<br>• सामाजिक सुरक्षा कोषको रकम लगानीसम्बन्धी कार्यविधि, २०७७ स्वीकृत भएको। सामाजिक सुरक्षा कोषमा हालसम्म कुल ४ अर्ब ६९ करोड योगदान रकम संकलन गरिएको। |
| २८६ | सार्वजनिक निकायमा कार्यरत सबै अस्थाई र करार कर्मचारीलाई योगदानमा आधारित सामाजिक सुरक्षाको दायरामा ल्याउन सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने व्यवस्था मिलाइनेछ। | • सामाजिक सुरक्षा कोषमा आवद्ध गर्नका लागि सार्वजनिक निकायमा रहेका अस्थायी र करारका कर्मचारीको विवरण संकलन कार्य जारी रहेको (हालसम्म संघीय कार्यालयतर्फ २ हजार ५ सय जना र स्थानीय तह तर्फ १८ हजार जनाको लगत संकलन भएको)। |

## ७. चालु आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

- आप्रवासी कामदारहरुका निम्ती "आफ्नो अधिकार जानौं (Know Your Rights)" पुस्तिकाको तयार गरी मन्त्रालयको वेवसाइटमा प्रकाशन गरिएको। Foreign Employement Management Information System (FEMIS) को स्तरोन्नति गरी अध्यागमन विभागसँग आबद्ध गरिएको।
- मलेसियामा रहेका नेपाली कामदारलाई मलेशिया सरकारको सामाजिक सुरक्षा कार्यक्रममा आबद्धता गराउन मलेशिया स्थित Social Security Organization (SOCSO) र वैदेशिक रोजगार बोर्डबीच सम्झौता भएको।
- ३२ हजार ९ सय ६१ लाई श्रम स्वीकृति र ८५ हजार २ सय ५० लाई पुनः श्रम स्वीकृति दिइएको।
- विदेशमा अलपत्र परेका २१७ जना श्रमिकलाई कल्याणकारी कोषको रकमबाट उद्धार गरिएको। विदेशमा मृत्यु भएका ५ सय ४५ जना कामदारको शव व्यवस्थापन गरिएको। वैदेशिक रोजगारीको क्रममा मृत्यु भएका ८ सय ८१ जना मृतकको परिवारलाई रु.४८ करोड २६ लाख क्षतिपूर्ति प्रदान गरिएको।
- सूचना प्रविधिको प्रयोगसम्बन्धी ३ वर्षे कार्ययोजना स्वीकृत भई कार्यान्वयनका लागि सम्वन्धित निकायमा पठाइएको। सुधार कार्ययोजना स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको।
- प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५, योगदानमा आधारित सामाजिक सुरक्षा योजना कार्यविधि, २०७७ समेतका ६ वटा कानुन संशोधन भएको।

## ८. आर्थिक वर्ष २०७६/७७ मा सम्पन्न भएका महत्त्वपूर्ण कार्यहरू:

### श्रम सम्बन्ध

- राष्ट्रिय व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा नीति, २०७६ स्वीकृत भई कार्यान्वयनमा आएको। उद्योग/प्रतिष्ठानको निरीक्षणसम्बन्धी एकीकृत पुस्तिका मन्त्रालयबाट स्वीकृत भएको।
- नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय श्रम संगठन (आइ.एल.ओ.) का महासन्धिहरू मध्ये यस वर्ष Equal Remuneration Convention, 1951 (C100) र Discrimination (Employment & Occupation), 1958 (C111) ) लगायतका ४ वटा (Convention/Recommendation) को कार्यान्वयन अवस्थासम्बन्धी प्रतिवेदन तयार गरी आइ.एल.ओ.को मुख्यालयमा पठाइएको।
- १ हजार १ वटा प्रतिष्ठानमा बालश्रम निरीक्षण गरिएको, १ हजार ६ सय ५३ वटा प्रतिष्ठानमा श्रम अडिट गरिएको र १ हजार ५ सय १ वटा प्रतिष्ठानहरुमा न्यूनतम पारिश्रमिक दिने व्यवस्था मिलाइएको।
- श्रम गन्तव्य मुलुकहरुमा रिक्त रहेका श्रम काउन्सेलर/सहचारी पदमा कर्मचारी पदपूर्ति गरिएको।

### आन्तरिक रोजगार प्रवर्द्धन (प्रधानमन्त्री रोजगार कार्यक्रम)

- प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनमा प्रभावकारीता ल्याउन "कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६" स्वीकृत भई कार्यान्वयनमा आएको।
- बेरोजगार व्यक्तिको पहिचान तथा प्राथमिकीकरणको प्रक्रियालाई व्यवस्थित गर्न बेरोजगार सूची निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन, २०७६ स्वीकृत गरी सबै स्थानीय तह मार्फत कार्यान्वयनमा आएको।
- रोजगारीसम्बन्धी एकीकृत तथ्याङ्क व्यवस्थित र अद्यावधिक गर्न ७ सय ५३ वटै स्थानीय तहमा रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) प्रणाली सञ्चालनमा ल्याइएको र स्थानीय तहमा कार्यरत ५ सय ५० जना रोजगार संयोजकहरूलाई EMIS सम्बन्धी तालिम प्रदान गरिएको।
- सार्वजनिक खरिद नियमावली, २०७५ को नवौं संशोधनमा निर्माण व्यवसायीले निर्माण कार्यको लागि प्रचलित कानूनबमोजिम रोजगार सेवा केन्द्रमा सूचीकृत भएका बेरोजगार व्यक्तिलाई रोजगारीमा प्राथमिकता दिनुपर्ने नीतिगत व्यवस्था गरिएको।
- स्थानीय तहमा रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) सञ्चालनमा ल्याई नियमित स्तरोन्नति भइरहेको तथा ७ सय ५३ रोजगार सेवा केन्द्रको सुदृढीकरण/स्तरोन्नति गरी ३ लाख ९३ हजार ९ सय ३६ जना बेरोजगार व्यक्तिहरूलाई रोजगार व्यवस्थापन सूचना प्रणालीमा सूचीकृत गरिएको साथै कामको लागि पारिश्रमिकतर्फ ९९ हजार ६ सय ९९ जनालाई रोजगारी उपलब्ध गराइएको।
- प्रधानमन्त्री रोजगार कार्यक्रमसँग आबद्ध भई सञ्चालन हुने करिब १४ अर्ब रुपैंयाको ५ वर्षे युवारुप (युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजना) आयोजनाको सम्झौता भई कार्यान्वयन भइरहेको।

### वैदेशिक रोजगार

- नेपाल तथा मलेशिया र नेपाल तथा संयुक्त अरव ईमिरेट्सबीच संयुक्त कार्य समूहको बैठक सम्पन्न भई दुवै मुलुकसँग श्रमिकको लागत रोजगारदाताबाटै व्यहोर्ने गरी श्रम समझदारीको कार्यान्वयन भएको।

साउदी अरब, टर्की, इजरायल, कुवेत र रोमानियासँग श्रम सम्झौता/समझदारी गर्नको लागि प्रस्तावित मस्यौदाको आदान प्रदान भएको। कतार, संयुक्त अरव ईमिरेट्स, दक्षिण कोरिया, बहराइन, जापान, इजरायल, जोर्डन, मलेशिया र मोरिसस गरी नौ वटा देशहरूसँग द्विपक्षीय श्रम सम्झौता गरिएको।

- वैदेशिक रोजगार सम्बन्धी सूचना तथा परामर्श सेवा प्रदान गर्न राष्ट्रिय आप्रवासी स्रोत केन्द्र मार्फत ३९ जिल्लामा आप्रवासी स्रोत केन्द्र स्थापना गरी २ हजार ९ सय २० जनालाई मनोसामाजिक परामर्श र ३ हजार १ सय ८० जनालाई वित्तीय साक्षरता प्रदान गरिएको।
- श्रम स्वीकृतिलाई व्यवस्थित बनाउन अनलाईन स्टिकरको व्यवस्था, अनलाईन पालो प्रणाली एवं मोबाइलबाट वैदेशिक रोजगार सम्बन्धी सूचना दिने व्यवस्था गरिएको। वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगारीको लागि १ लाख ९० हजार ४ सय ५३ श्रमिकले श्रम स्वीकृति र ३ लाख ६८ हजार ४ सय ३३ ले पुनः श्रम स्वीकृति लिएका।

## सामाजिक सुरक्षा

- योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा १ लाख ६८ हजार २ सय ४२ योगदानकर्ता र १२ हजार ४ सय ७९ प्रतिष्ठान सूचीकृत भई १६१.६८ करोड योगदान रकम संकलन भएको।७८ हजार ९ सय २१ श्रमिक र २ हजार १ सय २७ रोजगारदातालाई परिचयपत्र वितरण भएको साथै सामाजिक सुरक्षा कार्यक्रममा सूचिकृत भएको प्रमाणपत्र रोजगारदाता आफैले आफ्नै Portal बाट प्रिन्ट गर्नसक्ने व्यवस्था मिलाइएको।
- सामाजिक सुरक्षा योजनाको जानकारीमूलक वृतचित्र तयार भई ६ वटा टेलिभिजनच्यानलबाट प्रसारण भईरहेको र सामाजिक सुरक्षा कार्यक्रमसम्बन्धी २ वटा चेतनामूलक सूचना सामाग्री (जिङ्गल) तयार भई १५ वटा सञ्चार माध्यमबाट प्रसारण भइरहेको। सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा संघीय तहमा १२ वटा, प्रदेश स्तरमा ७ वटा, औद्योगिक क्षेत्रमा १२ वटा र औद्योगिक करिडोरमा ४ वटा अन्तरक्रिया सम्पन्न भएको। करिव २० हजार जना श्रमिकलाई कल सेन्टर मार्फत KYC अद्यावधिक गर्न अनुरोध गरिएको।

## सीप विकास

- श्रम बजारमा सीपयुक्त जनशक्ति माग र आपूर्तिको अन्तर विश्लेषण (Gap Analysis) र तालिमको आवश्यकता पहिचान गर्न अध्ययनको अवधारणापत्र तयार गरिएको।
- निजी क्षेत्रसँगको साझेदारीमा कार्यस्थलमा आधारित सीपमूलक तालिम सञ्चालन गर्न कार्यविधि स्वीकृत भई निजी क्षेत्रसँगको साझेदारीमा एप्रेन्टिसिप तालिम सञ्चालन गरिएको।
- वैदेशिक रोजगारबाट प्राप्त बिप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्ने उद्देश्यले छोटो अवधिको वित्तीय साक्षरता तालिम सञ्चालन भएको। वैदेशिक रोजगार बोर्डबाट २ हजार ४ सय ३५ जनालाई नवीन र विशेष सीपमूलक तालिम प्रदान गरिएको। व्यवसायिक तथा सीप विकास तालिम प्रतिष्ठान मार्फत ४ हजार ८ सय जनालाई विभिन्न विषयक्षेत्रमा अल्पकालीन रोजगारमूलक तालिम उपलब्ध गराइएको।

आ.व.२०७६/७७ मा तर्जुमा/संशोधन गरिएका कानूनी व्यवस्था

- कोभिड १९ विश्वव्यापी संक्रमणको कारण वैदेशिक रोजगारीका क्रममा अलपत्र परेका नेपाली कामदारको उद्धार गरी स्वदेश फिर्ता गर्ने सम्बन्धी निर्देशिका, २०७७,
- विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि, २०७६
- वैदेशिक रोजगार नियमावली, २०६४,
- रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ संशोधन

## ९. आर्थिक वर्ष २०७६/७७ को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

चालु खर्च (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३७१०००११३ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | २४२३७८ | ७८३६७ | ३२.३३ |
| ३७१०००१२३ | वैदेशिक रोजगार न्यायाधिकरण | १३८२३ | १२५३८ | ९०.७ |
| ३७१००१०१३ | रोजगार प्रवर्द्धन कार्यक्रम | ३२७९०० | २६८९९८ | ८२.०४ |
| ३७१००१०२३ | प्रधानमन्त्री रोजगार कार्यक्रम | २६८३०३० | १३५७२ | ०.५१ |
| ३७१०१०११३ | श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग | १७३३३ | ९६१७ | ५५.४८ |
| ३७१०१०१२३ | श्रम तथा रोजगार कार्यालयहरु | ९२५९६ | ६३२१० | ६८.२६ |
| ३७१०११०२३ | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र | ४९४०० | २४५०३ | ४९.६ |
| ३७१०२०११३ | वैदेशिक रोजगार विभाग | १८९६२३ | ११६११३ | ६१.२३ |
| ३७१०३०११३ | व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान | २१०००० | ४२८५९ | २०.४१ |
| ३७१३१०११३ | वैदेशिक रोजगार बोर्ड | १५००० | १२५५६ | ८३.७ |
| ३७१५१०११३ | सामाजिक सुरक्षा कोष | २४८९६७ | २२९८३७ | ९२.३२ |
| | कुल जम्मा | ४०९००५० | ८७२१७० | २१.३२ |

पुँजीगत खर्च (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३७१०००११४ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | २८१०० | ६०८९ | २१.६७ |
| ३७१०००१२४ | वैदेशिक रोजगार न्यायाधिकरण | ४८०० | ४४४२ | ९२.५३ |
| ३७१००१०१४ | रोजगार प्रवर्द्धन कार्यक्रम | १८००० | १७७८० | ९८.७८ |
| ३७१०१०११४ | श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग | ८०० | २८८ | ३६ |
| ३७१०१०१२४ | श्रम तथा रोजगार कार्यालयहरु | ८४८२८ | ७३४७२ | ८६.६१ |
| ३७१०११०२४ | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र | ५०० | ४९२ | ९८.४४ |
| ३७१०२०११४ | वैदेशिक रोजगार विभाग | ८७०० | ५०५८ | ५८.१४ |
| ३७१०३०११४ | व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान | २८९०० | ९०६५ | ३१.३७ |
| ३७१५१०११४ | सामाजिक सुरक्षा कोष | ५९३०० | १०९२३ | १८.४२ |
| | कुल जम्मा | २३३९२८ | १२७६०९ | ५४.५५ |

## १०. चालु आर्थिक वर्ष २०७७/७८ को खुद बजेट तथा फागुन मसान्तसम्मको खर्चको अवस्थाः

चालु खर्च (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३७१०००११३ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | १२९४५९२ | ८९९४१६ | ६९.४७ |
| ३७१०००१२३ | वैदेशिक रोजगार न्यायाधिकरण | २३३०० | ७५१३ | ३२.२५ |
| ३७१००१०१३ | रोजगार प्रवर्द्धन कार्यक्रम | ३१०५०० | १२७३ | ०.४१ |
| ३७१००१०२३ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ३८३२८०० | ४५४४२ | १.१९ |
| ३७१०१०११३ | श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग | ३०६०० | १३५८३ | ४४.३९ |
| ३७१०१०१२३ | श्रम तथा रोजगार कार्यालयहरु | १०५३०० | ४३४९७ | ४१.३१ |
| ३७१०११०२३ | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र | २०९०० | ६४६४ | ३०.९३ |
| ३७१०२०११३ | वैदेशिक रोजगार विभाग | १३९२०० | ५८०८० | ४१.७२ |
| ३७१०३०११३ | व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान | ४०१७०० | २०६९१ | ५.१५ |
| ३७१३१०११३ | वैदेशिक रोजगार बोर्ड | १८२०० | ७१७५ | ३९.४२ |
| | कुल जम्मा | ६१७७०९२ | ११०३१३३ | १७.८६ |

पुँजीगत खर्च (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३७१०००११४ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | १६४५० | ६७९८ | ४१.३२ |
| ३७१०००१२४ | वैदेशिक रोजगार न्यायाधिकरण | ३००० | ६८० | २२.६८ |
| ३७१००१०१४ | रोजगार प्रवर्द्धन कार्यक्रम | ३६०० | ० | ०.०० |
| ३७१०१०११४ | श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग | १८०० | ४०७ | २२.५८ |
| ३७१०१०१२४ | श्रम तथा रोजगार कार्यालयहरु | ३४८५० | १५८६ | ४.५५ |
| ३७१०११०२४ | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र | ५०० | ९५ | १९.०४ |
| ३७१०२०११४ | वैदेशिक रोजगार विभाग | ४६०० | १५२१ | ३३.०६ |
| ३७१०३०११४ | व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान | ६५०० | १५२५ | २३.४६ |
| | कुल जम्मा | ७१३०० | १२६१२ | १७.६९ |

♦ ♦ ♦

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

## १. पृष्ठभूमिः

प्राकृतिक सौन्दर्यता तथा मूर्त र अमूर्त साँस्कृतिक सम्पदाको संरक्षण, विकास र प्रचारप्रसारका माध्यमबाट पर्यटन क्षेत्रको विकास गर्न आवश्यक नीति तर्जुमा तथा कार्यान्वयन गर्ने जिम्मेवारी संस्कृति, पर्यटन तथा नगरिक उड्डयन मन्त्रालयको हो। पर्यटनलाई मुलुकको आर्थिक आधारको रूपमा ग्रामीण तहसम्म बिस्तार गरी यसको प्रतिफल जनजीवनको तल्लो तहसम्म पुऱ्याउन संस्कृति र पर्यटन क्षेत्रको विविधिकरण, बिस्तार र प्रवर्द्धनमा आवश्यक नीतिगत व्यवस्था गरी कार्यान्वयन गर्न यो मन्त्रालय क्रियाशिल छ। पर्यटन क्षेत्रको विकास र बिस्तार सहित आन्तरिक र बाह्य हवाई यातायात विकास गरी थप सुरक्षित, स्तरीय र भरपर्दो बनाउन यो मन्त्रालय केन्द्रित रहेको छ।

## २. दीर्घकालीन सोचः

मूर्त अमूर्त संस्कृतिको संरक्षण एवं सुरक्षित र भरपर्दो नागरिक उड्डयन क्षेत्रको माध्यमबाट पर्यटन क्षेत्रको विकास गरी राष्ट्रिय विकासमा योगदान अभिवृद्धि गर्ने।

## ३. उद्देश्यः

- नेपाललाई गुणस्तरीय पर्यापर्यटनको अनुकुल र सुरक्षित गन्तव्य बनाई आकर्षक तथा प्रमुख पर्यटकीय गन्तव्य (Regional Hub) को रूपमा स्थापित गर्ने,
- पर्यटकीय गन्तव्यस्थल तथा उपजमा विविधीकरण गरी पर्यटन सँस्कृतिको विकास गर्ने,
- नागरिक उड्डयन क्षेत्रलाई सुरक्षित र भरपर्दो बनाउने,
- मूर्त र अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण र विकास गरी पर्यटन प्रवर्द्धन गर्ने।

## ४. रणनीतिः

- पर्यटनलाई सबै मौसममा चलायमान बनाउन प्रविधि तथा गतिविधिको विकास गर्ने,
- छिमेकी मुलुकहरू तथा प्रमुख पर्यटन बजारमा प्राकृतिक एवं ऐतिहासिक महत्त्वका पर्यटकीय अवस्थितीको बारेमा व्यापक प्रचारप्रसार र प्रवर्द्धन गरी गुणस्तरीय पर्यटक वृद्धि गर्ने,
- पर्यटकीय गतिविधिहरूलाई सुरक्षित, दिगो र गुणस्तरीय बनाउँदै पर्यटनको सम्भावना बोकेका शिक्षा, स्वास्थ्य, खेलकूद जस्ता क्षेत्रहरू समेटेर एकीकृत पर्यटन विकासमा जोड दिने,
- स्वदेशी तथा विदेशी लगानी प्रोत्साहित गर्दै सार्वजनिक-निजी-सहकारी साझेदारीको अवधारणाअनुरूप पर्यटन पूर्वाधारहरूको विकास, बजारीकरण र प्रर्वद्धन गर्ने,
- सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय कायम गरी पर्यटकीय गन्तव्यस्थलको एकीकृत विकास तथा विस्तार गर्ने। पर्यटकीय उपजलाई मूल्य श्रृङ्खलामा आवद्ध गरी जनस्तरसम्म लाभ पुऱ्याउने।

## ५. कार्यक्षेत्र :

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायअनुसार रहेका छन्:

- संस्कृति, ललितकला, धर्म, सभ्यता र सम्पदासम्बन्धी नीति, कानुन, मापदण्ड,
- पुरातात्विक महत्त्वका स्थान र प्राचीन स्मारकसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- राष्ट्रिय सङ्ग्रहालय, अभिलेखालय,
- अन्तर्राष्ट्रिय एवं राष्ट्रियस्तरका ऐतिहासिक, पुरातात्विक, धार्मिक एवं साँस्कृतिक महत्त्वका स्थल एवं विश्व सम्पदामा सूचीकृत सम्पदासम्बन्धी नीति, कानुन, मापदण्ड, संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान, उत्खनन्, पुनर्निर्माण र प्रचारप्रसार,
- प्राकृतिक, धार्मिक, साँस्कृतिक, पुरातात्विक, साहसिक पर्यटनसम्बन्धी नीति, मापदण्ड र नियमन,
- केन्द्रीयस्तरका प्रज्ञाप्रतिष्ठानसम्बन्धी नीति तथा कानुन,
- विदेशी मित्रराष्ट्रहरूसँग भएका सन्धि सम्झौताका राष्ट्रिय महत्त्वका दस्तावेज संरक्षण,
- पर्यटनसम्बन्धी नीति, कानुन र मापदण्ड,
- क्यासिनोसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- पर्वतारोहण, ट्राभल, ट्रेकिङ्गसम्बन्धी नीति, कानुन र मापदण्ड र नियमन,
- पर्यटन शुल्क निर्धारणसम्बन्धी नीति, कानुन र मापदण्ड र नियमन,
- भाषा आयोग, नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान तथा नेपाल संगीत तथा नाट्यकला प्रतिष्ठान,
- पशुपति क्षेत्र विकास कोष, लुम्बिनी विकास कोष, बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्,
- विभिन्न धर्म, जातजाती, सम्प्रदाय, भाषाभाषिकाको साहित्य, संगीत, लिपी, कला, संस्कृति र चलचित्रको संरक्षण तथा विकाससम्बन्धी नीति, कानुन र मापदण्ड,
- निकासी गरिने पुरातात्विक वस्तुहरूको जाँच र अनुमति,
- वायुयान निर्माण तथा डिजाइन, सञ्चालन र मर्मत सम्भार, विमानस्थल निर्माण तथा सञ्चालन, एयर नेभिगेसन सेवा तथा उड्डयन तालिम संस्था आदिको इजाजत र नियमन ,
- हवाइ भाडा, विमानस्थल शुल्क, एयर नेभिगेशन सेवा शुल्क र नियमन,
- वायुसेवा कार्यसञ्चालन अनुमति, इजाजत र उडान अनुमति,
- नागरिक उड्डयनसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- नागरिक उड्डयन व्यवसाय तथा पेशाविद्हरूको अनुमति, स्तर निर्धारण र नियमन,
- हवाइ सुरक्षासम्बन्धी अन्तर्राष्ट्रिय सँगठनबाट प्रतिपादित स्तर, मापदण्ड, मार्गदर्शन र कार्यान्वयन,
- एयरनेभिगेसन र एयर ट्राफिक सेवा,
- हवाईक्षेत्र व्यवस्थापन,
- उड्डयन सेवाको लागि मौसमसम्बन्धी सूचना सेवा,
- उड्डयन खोज तथा उद्धार कार्यमा सहयोग तथा समन्वय,
- अन्तर्राष्ट्रिय, क्षेत्रीय र आन्तरिक विमानस्थल निर्माण, सञ्चालन र व्यवस्थापन,
- वायुयान दुर्घटना जाँचसम्बन्धी,
- अल्ट्रालाइट, प्यारागलाइडिंग, ह्याङ्गग्लाइडिंग जस्ता हवाई खेल, साहसिक उड्डयन, मनोरन्जनात्मक उड्डयन क्रियाकलापसम्बन्धी नीति र मापदण्ड,
- प्रतिलिपी अधिकारसम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन,

- मन्त्रालयसम्बन्धी अन्तर्राष्ट्रिय संघ संस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,
- नेपाल शिक्षा सेवाअन्तर्गत आर्कियोलजी समूहको सञ्चालन,
- नेपाल इन्जिनियरिङ्ग सेवा अन्तर्गत देहायका समूहको सञ्चालन,
  - (क) सिभिल इन्जिनियरिङ्ग समूहअन्तर्गत एअरपोर्ट उपसमूह
  - (ख) एरोनटिकल इन्जिनियरिङ्ग समूह,
  - (ग) सिभिल एभिएसन अपरेसन एण्ड इन्जिनियरिङ्ग समूह।

## ६. चालु आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूका बुँदाहरूको फागुन मसान्तसम्मको प्रगति विवरण:

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| १२७ | एक प्रदेश एक पर्यटकीय गन्तव्य अवधारणाअनुरूप सबै प्रदेशमा ठूला पर्यटकीय पूर्वाधार विकास गरिनेछ। निजी क्षेत्र समेतको सहभागितामा हिमाल तथा पहाडी क्षेत्रमा पर्यटनका सम्भावना पहिचान गरी पर्यटक आकर्षण गर्ने मौलिक संस्कृतिको विकास र प्रवर्द्धन गर्न पर्यटन पूर्वाधारको विकास गरिनेछ। | • प्रत्येक प्रदेशमा पर्यटकीय/साँस्कृतिक ग्राम स्थापना गर्न सातै वटा प्रदेशमा बजेट पठाइएको र यसको कार्यविधि स्वीकृत भई नमुना गाउँ समेत छनौट भएको।<br>• सन्दकपुर, ईन्द्रसरोवर, पञ्चासे, भादगाँउ, निग्लिहवा र धनुषाधाम पर्यटकीय पूर्वाधार निर्माणको दोश्रो चरणको निर्माण कार्यको ३५ प्रतिशत सम्पन्न भएको।<br>• रारा क्षेत्र पर्यटकीय पूर्वाधार निर्माणको प्रथम चरणको कार्यको ६५ प्रतिशत सम्पन्न भएको।<br>• मुक्तिनाथ क्षेत्रको आनि गुम्बा निर्माण, कागबेनीको पिण्डस्थान पुनर्निर्माणको प्रथम चरणको कार्यको ७५ प्रतिशत सम्पन्न भएको। |
| १२८ | कोरोना संक्रमणको जोखिम न्यूनीकरण हुनासाथ पर्यटन क्षेत्रलाई शीघ्र पुनर्स्थापित गर्न पर्वतीय, कृषि, ग्रामीण, जलयात्रा, सांस्कृतिक, मनोरञ्जन, खेल, स्वास्थ्य तथा पर्या-पर्यटन लगायतका नयाँ पर्यटकीय सेवा विस्तार गर्न आवश्यक पूर्वाधार विकास गरिनेछ। | • उपत्यका वरिपरि प्रमुख हाईकिङ्ग गन्तव्यहरू तथा एडभेञ्चर साईक्लिङ्ग रूट विकास गर्ने सम्झौता भई निर्माण कार्य शुरू भएको।<br>• नारायणी नदी किनार (नारायणी पुलदेखी उत्तरपूर्व) सौन्दर्यीकरण तथा Lighting व्यवस्थाको लागि प्रस्ताव आह्वान भएको। |
| १२९ | पर्यटक आगमन, पदयात्रा, हिमाल आरोहण र उद्धारलाई थप व्यविस्थत एवं सुरिक्षत बनाउन नवीन पर्यटक सूचना व्यवस्थापन प्रणाली लागू गरिनेछ। | • पदयात्रा तथा हिमाल आरोहणमा जाने पर्यटकको GPS Tracking System लागु गर्न परामर्श सेवाका लागि प्रस्ताव आह्वान गरिएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | पर्यटन क्षेत्रमा अध्ययन र अनुसन्धान गर्न मानित पर्यटन विश्वविद्यालय स्थापनाको लागि सम्भाव्यता अध्ययन गरिनेछ। माध्यमिक तह भन्दा माथिको पाठ्यक्रममा पर्यटन विषय समावेश गरिनेछ। | • नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानको कलेज सञ्चालन गर्न विर्तामोड, बर्दिबास र बाँके जिल्लाको नेपालगञ्जमा शाखा कार्यालय स्थापना गरिएको।<br>• मानित विश्वविद्यालयको सट्टा नेपाल पर्यटन तथा पर्वतारोहण अध्ययन प्रतिष्ठानको व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा भइरहेको। |
| १३० | पशुपति, जनकपुर र मुक्तिनाथसहित अन्य मठ, मन्दिर, गुम्बा तथा चुचुरा, नदी, ताल र कुण्ड लगायतका धार्मिक तथा पर्यटकीय क्षेत्र विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ र नेपाल एकीकरणको इतिहाससँग जोडिएका गढी, किल्ला र बाटोको संरक्षण गर्दै देशभरका सांस्कृतिक र ऐतिहासिक क्षेत्रलाई सांस्कृतिक एवं पयर्टकीय गन्तव्यको रूपमा विकास गरिनेछ। | • पञ्चकोशी परिक्रमा पथमा पूर्वाधार निर्माण कार्य सम्पन्न भएको।<br>• मकवानपुरगढीको संरचनाको गारो निर्माण कार्य भइरहेको र सिन्धुपाल्चोकको दुगुनागढीको भूकम्पबाट धसिएका ढुङ्गाहरू निकाल्ने कार्य भइरहेको। |
| १३१ | रारा ताल क्षेत्रको दीर्घकालीन विकासको लागि गुरूयोजना तयार गरी कार्यान्वयन गरिनेछ। पहाडी र हिमाली क्षेत्रका सम्भाव्य पयर्टकीय स्थललाई सुविधायुक्त हिल स्टेसनको रूपमा विकास गर्न पूर्वाधार विस्तार गरी पर्यटन प्रवर्द्धन गरिनेछ। आन्तरिक पर्यटन प्रवर्द्धन गरी शिथिल पर्यटन क्षेत्रलाई पुनर्जागृत गर्न कोरोनाको जोखिम समाप्त भएसँगै राष्ट्रसेवक कर्मचारी तथा संगठित संस्था र निजी क्षेत्रका कर्मचारीलाई समेत देश दशर्न गर्न प्रोत्साहित गरिनेछ। | • राष्ट्र सेवक कर्मचारीको लागि देश दर्शन कार्यक्रम प्याकेज स्वीकृत भई कार्यान्वयनको क्रममा रहेको।<br>• रारा ताल क्षेत्रको विस्तृत परियोजना प्रतिवेदन (DPR) सहितको वृहत्तर गुरूयोजना तयार गर्ने कार्य प्रारम्भ गरिएको। |
| १७९ | देशको भाषा, साहित्य, कला र संस्कृतिलाई राष्ट्रिय सम्पत्तिको रूपमा जगेर्ना गरिनेछ। सांस्कृतिक विविधताको सम्मान गर्दै भाषा र संस्कृतिको अध्ययन, अनसुन्धान र विकास गरिनेछ। जीवन्त | • भाषा र संस्कृतिको अध्ययन अनुसन्धानको लागि प्रदेश नं १, प्रदेश नं २, लुम्बिनी प्रदेश, सुदूरपञ्चिम प्रदेशमा रू.१५/१५ लाखका दरले अनुदान निकासा भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | इतिहासको रूपमा रहेको पुरातात्विक महत्वका ऐतिहासिक धरोहरको संरक्षण, सम्वर्द्धन र विकास गरिनेछ। | |
| १८० | काठमाडौं उपत्यकाको मौलिक संस्कृति तथा सम्पदाको जगेर्ना गर्दै पर्यटन प्रवर्द्धन गर्न भक्तपुरवाट थालनी गरिएको रात्रीकालीन सम्पदा यात्रा कार्यक्रमलाई उपत्यकाका अन्य शहरमा विस्तार गरिनेछ। | • रात्रिकालीन काठमाडौं उपत्यका सम्पदा यात्रा सञ्चालनसम्बन्धी अवधारणापत्र तयार गरी कीर्तिपुर, भक्तपुर, ललितपुर र काठमाडौँमा सम्पदा यात्राको रूट पहिचान भएको।<br>• मिस नेपाल तथा अन्य व्यक्तिहरूको सहभागीतामा पाटन तथा काठमाडौँमा सम्पदा यात्रा सम्पन्न गरिएको। |
| १८१ | राष्ट्रिय संस्कृतिक संग्रहालय कीर्तिपुरको निर्माण कार्य अगाडि बढाइनेछ। उपयुक्त स्थानमा राष्ट्रियस्तरको वृहत् शहीद पार्क निर्माण कार्य शुरू गरिनेछ। विश्व सम्पदा सूचीमा परेका सम्पदाको संरक्षण र सम्वर्द्धन गरिनेछ। बृहत्तर लुम्बिनी क्षेत्रको गुरूयोजना तथा रामग्राम गुरूयोजना कार्यान्वयनमा ल्याइनेछ। तिलौराकोटलाई विश्व सम्पदा सूचीमा समावेश गर्ने प्रकृया अगाडि बढाइनेछ। लुम्बिनीमा निर्माणाधीन ५ हजार क्षमताको ध्यान केन्द्र तथा सभा हलको निर्माण सम्पन्न गरिनेछ। | • राष्ट्रिय सांस्कृतिक संग्रहालय स्थापना गर्न जग्गाको भोगाधिकार प्राप्ती भइसकेको। संग्रहालय निर्माणका लागि कीर्तिपुर नगरपालिकासँग छलफल भइरहेको। गुरूयोजनाको DPR तयारी तथा परामर्शदाता छनौट भएको।<br>• बृहत्तर लुम्बिनी अवधारणा कार्यान्वयन सम्वन्धमा कोषका उपाध्यक्षको संयोजकत्वमा बृहत्तर लुम्बिनी क्षेत्र विकास योजना समिति गठन गरिएको। असार महिनाभित्र सम्पन्न गर्ने गरी बृहत्तर लुम्बिनी क्षेत्रको गुरूयोजना वैज्ञानिक, वस्तुनिष्ठ र यथार्थपरक रूपमा तयार गर्ने कार्य शुरू गरिएको।<br>• पुरातत्व विभाग, स्थानीय जनप्रतिनिधिहरू र लुम्बिनी विकास कोषबीच नक्साङ्कन गर्ने र संरक्षित स्मारक क्षेत्र घोषणा गर्ने सम्बन्धमा तिलौराकोटमा पहिलो चरणको अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको।<br>• लुम्बिनीमा निर्माणाधीन ५ हजार व्यक्ति क्षमताको ध्यान केन्द्र तथा सभाहलको पहिलो चरणको निर्माण कार्य सम्पन्न भई दोस्रो चरणको निर्माण कार्य भइरहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| १८२ | जानकी मन्दिर क्षेत्र र मिथिला संस्कृतिको संरक्षण र विकासको लागि गुरूयोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ। देवघाट, पाथिभरा, रूरू, विराट क्षेत्र, बराह क्षेत्र, खप्तड क्षेत्र, काँक्रिविहार, हलेसी, गौरीशंकर लगायतका धार्मिक क्षेत्रको विकासका लागि आवश्यक रकम व्यवस्था गरिएको छ। रामायण परिपथ निर्माणको कार्य शुरु गर्न तथा अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण र जगेर्नाका लागि राष्ट्रिय अभिलेख पुस्तिका तयार गर्न बजेट व्यवस्था गरिएको छ। | • देवघाट, पाथिभरा, बराहक्षेत्र, हलेसी क्षेत्र विकास समिति मार्फत उक्त धार्मिक स्थलहरूको संरक्षण र विकासका कार्यहरू भइरहेको।<br>• संस्कृति प्रवर्द्धन कार्यक्रम अन्तर्गत नेपालमा बसोबास गर्ने सम्पूर्ण जाति/समुदायहरूमा भएका अमूर्त सांस्कृतिक सम्पदाको राष्ट्रिय विवरण सूची तयार गर्न कार्यदल गठन भई प्रारम्भिक सूची तयार गर्ने क्रममा रहेको। |
| १८३ | साहित्य, कला तथा संगीत क्षेत्रको उत्थान तथा विकासका साथै सबै समुदायको परम्परागत सीप र सांस्कृतिक मूल्य मान्यताको संरक्षण र सम्वर्द्धन गर्न कार्यक्रम सञ्चालनका लागि तथा नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान र संगीत तथा नाट्यप्रतिष्ठानका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ।। | • साहित्य, कला तथा संगीत क्षेत्रको उत्थान तथा विकासको लागि सम्बन्धित प्रतिष्ठानबाट वार्षिक कार्यक्रम तयार गरी कार्यान्वयन भएको। |
| २४७ | सुरक्षित, नियमित, विश्वसनीय र सुलभ हवाई सेवाका लागि गुणस्तरीय हवाई पूर्वाधार निर्माणलाई प्राथमिकता दिइएको छ। अन्तरप्रदेश हवाई सम्पर्क विस्तार गर्न र अन्तर्राष्ट्रिय हवाई सेवा बढाउन बजेट व्यवस्था गरिएको छ। | • त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नति गर्ने सम्बन्धमा सर्भे सम्पन्न भएको। साईट डिमार्केशनको कार्य सम्पन्न भएको। Domestic Renovation को ९६ प्रतिशत, Granite flooring को ९५ प्रतिशत, Canopy Construction को ४३ प्रतिशत, Renovation of International Terminal Building को ७५ प्रतिशत कार्य सम्पन्न भएको।<br>• पोखरा - भैरहवा र पोखरा- भरतपुर उडान नियमित रूपमा सञ्चालन भइरहेको। |
| २४८ | गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा ल्याउन तथा दोस्रो टर्मिनल | • गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको भौतिक प्रगति ९५.१८८ प्रतिशत भएको। दोश्रो टर्मिनल |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | भवन लगायतका थप पूर्वाधार निमार्ण गर्न, त्रिभुवन विमानस्थलको स्तरोन्नति गर्न तथा अन्तर्राष्ट्रिय टर्मिनल भवनको स्तरोन्नति र पोखरा विमानस्थलको काम सम्पन्न गरिनेछ। निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको हवाई क्षेत्र भित्रको वस्ती स्थानान्तरण गर्न परिपथ निर्माण गर्न आवश्यक बजेट व्यवस्था गरेको छ। अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लागि रू.१९ अर्ब ४२ करोड विनियोजन गरिएको छ। | भवन निर्माण कार्यको लागि परामर्शदाता नियुक्त गरिएको। विभिन्न यन्त्र उपकरण जडान कार्य हुँदै गरेको।<br>• पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको हालसम्मको समष्टिगत भौतिक प्रगति ७२ प्रतिशत रहेको। Earthwork Cutting र Filling कार्यको ९८ प्रतिशत सम्पन्न, Runway, Taxiway, Apron र Hanger Apron कार्य सम्पन्न। Strom Water Drainage, Irrigation Canal, Grouted Riprap Drain, Outlet Structure (Drop Structure) निर्माण कार्यको ९० प्रतिशत सम्पन्न। सबै भवनहरूको Concrete/Steel Structure तथा छाना छाउने, Roof Slab मा Water Proofing, Block Masonry, Flooring तथा Plaster गर्ने कार्य सम्पन्न भएको।<br>• निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको हवाई क्षेत्र भित्रको वस्ती स्थानान्तरण गर्ने र परिपथ निर्माण गर्ने सम्बन्धमा गुरूयोजना तयारको खरिद कार्य सम्झौता भई कार्य प्रारम्भ भएको। |
| २४९ | अन्तर प्रदेश हवाई सम्पर्क विस्तार गर्न सुर्खेत र भरतपुर विमानस्थललाई प्रादेशिक विमानस्थलको रूपमा स्तरोन्नति गर्न, विराटनगर र नेपालगञ्जमा नयाँ टमिर्नल भवन निर्माण शुरू गर्न तथा दाङको नारायणपुर र तेह्रथुमको चुहानडाँडा लगायतका आन्तरिक विमानस्थलको निर्माण कार्य अघि बढाउन आवश्यक रकम विनियोजन गरिएको छ। चन्द्रगढी, धनगढी र जनकपुर लगायतका विमानस्थलको सुधार तथा स्तरोन्नति गर्न र ट्रङ्क रूटका विमानस्थलको स्तरोन्नति एवम् विस्तार गरी रात्रिकालीन उडान सञ्चालनयोग्य बनाउन बजेट व्यवस्था गरिएको छ। | • दाङ्गको नारायणपुरमा विमानस्थल निर्माणको Detail Survey/ EIA को TOR Scoping गर्न परामर्शदाताको टोली खटिई फिल्डको काम सम्पन्न भएको।<br>• भरतपुर विमानस्थलको Obstacle Limitation Surface को सर्भे भई Chart तयार भएको र विमानस्थलको गुरूयोजना अन्तिम चरणमा रहेको, जग्गा प्राप्तिको लागि नेपाली सेनासँग सहकार्य भइरहेको।<br>• सुर्खेत विमानस्थल धावनमार्ग विस्तार गर्न कर्णाली प्रदेश सरकार र प्राधिकरण बीच लगानी साझेदारी गरिएको।<br>• तेह्रथुमको चुहानडाँडा विमानस्थलको EIA कार्यको लागि प्रतिवेदन पेश गरी विभिन्न विशेषज्ञसँग राय सुझाव माग गरिएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| २५० | हवाई क्षेत्रमा राष्ट्रिय आवश्यकताको परिपूर्ति, विश्वव्यापी नवप्रवर्तन र प्रविधिको विकासलाई सम्बोधन गर्ने र हवाई सुरक्षा सुनिश्चित गर्ने गरी हवाई नीति तर्जूमा गरिनेछ। निजी लगानी प्रवर्द्धन गर्ने गरी गैर सैनिक हवाई उड्डयन ऐनमा समसामयिक संशोधन गरिनेछ। नागरिक उड्डयन प्राधिकरणको पुनर्संरचना गरी नियामक र सेवा प्रदायकको छुट्टा छुट्टै संस्थागत व्यवस्था गरिनेछ। | • हवाई नीति, २०७७ को मस्यौदा तयार भई पेश भएको। नेपाल नागरिक उड्डयन प्राधिकरण (नियमनकारी निकाय) र नेपाल हवाई सेवा प्राधिकरण (सेवा प्रदायी निकाय) गठन गर्ने सम्बन्धि विधेयक राष्ट्रिय सभामा पेश भएको। |

## ७. चालु आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

### पर्यटन पूर्वाधार

- बृहत्तर जनकपुर, बृहत्तर बिराट, बृहत्तर गौरिशंकर, वृहत्तर रारा र बृहत्तर खप्तड गुरूयोजना तर्जुमा गरी निर्माण कार्य भइरहेको।
- पोखरा राष्ट्रबैंक चोकमा पर्यटकीय बसपार्क निर्माण कार्य अन्तिम चरणमा रहेको। फूल्चोकी पनौति नमोबुद्ध Adventure Cycling Route सम्पन्न हुने चरणमा रहेको। नारायणी नदी छेउमा Lighting सहितको फुट ट्रेल र जलविहार स्ट्याण्ड तथा राम नगरको जंगलमा Night सफारीको लागि Lighting सहितको फुट ट्रेल निर्माण गर्ने कार्य भइरहेको।
- प्रदेश नं. २ अन्तर्गत धनुषाधाम क्षेत्र धनुषामा पर्यटकीय पूर्वाधार निर्माण कार्य जारी रहेको (Foot Path, Service Center, Tea house, Rest Shed, Beautification of Pond, Toilet तथा अन्य पूर्वाधार निर्माण भइरहेको।
- हिमालय क्षेत्रमा आरोहणको लागि आवश्यक GPS Tracking System सञ्चालनको लागि पूर्वाधार तयार भइरहेको।

### नागरिक उड्डयन

- चन्द्रगढी विमानस्थलको धावनमार्ग ट्याक्सीवे एप्रोन ओभरले कार्य सम्पन्न भएको। रामेछाप मन्थली विमानस्थल नयाँ टर्मिनल भवन तथा कन्ट्रोल टावर निर्माण कार्यको २५ प्रतिशत र धावनमार्ग बिस्तार कार्यको ३० प्रतिशत सम्पन्न भएको।
- रारा मुगु विमानस्थल एप्रोन तथा धावनमार्गको पूर्व पट्टी पहिरो नियन्त्रण कार्यको ४० प्रतिशत सम्पन्न भएको। पालुङ्टार विमानस्थल धावनमार्ग ट्याक्सीवे एप्रोन ड्रेनेज एक्सेस रोड पेरिफेरी रोड निर्माण कार्यको ४० प्रतिशत सम्पन्न भएको।

- सिमरा विमानस्थल पेरिफेरि रोड तथा एक्सेस रोड निर्माण कार्य तथा धावनमार्ग ट्याक्सीवे ओभरले कार्यको ३० प्रतिशत सम्पन्न भएको। भरतपुर विमानस्थल विमानस्थल मास्टरप्लान तयार गर्ने कार्य ९० प्रतिशत सम्पन्न भएको।

**संस्कृति तथा पुरातत्व**

- ४ सय ९० वटा सम्पदाका पुनर्निर्माण कार्य सम्पन्न भएको।
- राष्ट्रिय अभिलेखालयमा Server Storage System खरिद, सिसि टिभि जडान, माइक्रोफिल्म स्क्यानर खरिद गरी कार्यान्वयनमा ल्याइएको।
- पशुपतिनाथमा सुनको जलहरी राखिएको।
- नारायणहिटी दरबार संग्रहालय सञ्चालनमा आएको १० वर्ष पश्चात श्रीपेच संग्रहालयका थप १० ऐतिहासिक कक्षहरू सर्वसाधारणको प्रदर्शनीका लागि खुला गरिएको।

## ८. आ.व. २०७६/७७ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

**पर्यटन प्रवर्द्धन**

- विश्वका मुख्य ६ भाषा (अङ्ग्रेजी, चाइनीज, स्पेनीस, फ्रेन्च, जर्मनी र रसियन) मा वेबसाईट तयार गरी सञ्चालनमा ल्याएको। पर्यटकीय क्षेत्रको प्रचारप्रसारको डिजिटल मार्केटिङ्ग सञ्चालनमा आएको। Nepal Tourism Board (NTB) को Website जापानी भाषामा शुरुवात गरिएको। नयाँ गन्तव्यहरूको आकर्षण झल्कने गरी ७ वटा भिडियोहरू निर्माण भएको।
- भारत र चीनसहित प्रमुख १० वटा स्रोत बजारको पर्यटक आगमन प्रक्षेपण गरी आवश्यक प्रवर्द्धनका कार्यक्रमहरूको खाका तयार गरिएको। ललितपुर महानगरपालिका परिसर र काठमाडौंको दरवार मार्गमा नमस्ते सेन्टर निर्माण भएको। १०० वटा घोषित नयाँ गन्तव्यहरू मध्ये ५५ को ड्राफ्ट प्रोफाइल तयार भएको।
- पर्यटन क्षेत्रलाई आवश्यक गुणस्तरीय जनशक्ति विकास कार्यक्रम अन्तर्गत Tour Guide, Cooking, Trekking Guide र Hospitality सम्बन्धी तालीम १० हजार जनालाई प्रदान गरिएको। पर्वतीय पर्यटनमा दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यका साथ १०+२ को पाठ्यक्रममा पर्वतारोहण अध्यापन शुरु गरिएको।
- भक्तपुरमा रात्रीकालीन सम्पदा यात्राको शुभारम्भ गरिएको। World Craft Council द्वारा ललितपुर शहर World Craft City को रूपमा घोषणा भएको। काठमाडौंलाई विश्व प्रसिद्ध ट्राभल मिडिया Guide Book ले सन् २०१९ मा घुम्नै पर्ने प्रमुख १० शहरमा र विश्व प्रशिद्ध ट्राभल वेवसाईट Lonely Planet ले घुम्नै पर्ने प्रमुख ५ शहरको सूचीमा समावेश गरेको।

**पर्यटन पूर्वाधार**

- एक प्रदेश एक नमुना पर्यटन गन्तव्य पहिचान भएको। नमुना पर्यटकीय गन्तव्य अन्तर्गत पञ्चासे, निग्लिहवा र भादगाँउको ९०/९० प्रतिशत, सन्दकपुर, धनुषाधाम र इन्द्रसरोवरको ८०/८० प्रतिशत तथा राराको ६५ प्रतिशत निर्माण कार्य सम्पन्न भएको।
- लुम्बिनीमा ५ हजार जना अट्ने क्षमता भएको सभा/ ध्यान हल निर्माण कार्यको करिब ९० प्रतिशत कार्य सम्पन्न भएको।

- प्रत्येक जिल्लामा कम्तीमा एक वटा रहने गरी १०० वटा नयाँ पर्यटकीय गन्तव्य छनौट गरी सम्बन्धित स्थानीय तहसँगको सहकार्यमा पूर्वाधार विकास एवं प्रवर्द्धन कार्य सञ्चालन गरिएको। सबै प्रदेशहरूको केही पर्यटकीय सम्पदाहरूको नक्साङ्कन कार्य सम्पन्न भएको। फुलचोकी - गुर्दुम डाँडा महाभारत ट्रेल निर्माण सम्पन्न भएको। हेलम्बु - लाङटाङ पदमार्ग, कालापनी शैलुङ पदमार्ग दोलखा, कञ्चनजङगा क्षेत्र, मकालु क्षेत्र, शे-फोक्सुण्डो क्षेत्र, लिंपुलेम क्षेत्र पदमार्ग निर्माण सम्पन्न भएको। फुलचोकी नमोबुद्ध Adventure Cycling Rout निर्माण सम्पन्न भएको। रानीमहल पाल्पा-नुवाकोट Adventure Cycling Rout निर्माण कार्य ९० प्रतिशत सम्पन्न भएको। कञ्चनपुरको राना थारू संग्रहालयको पूर्वाधार निर्माण कार्य ७५ प्रतिशत सम्पन्न भएको।
- चितवन जिल्ला सौराहा र सोलुखुम्बुको लुक्लामा निर्माणाधीन पर्यटकीय सूचना केन्द्रको निर्माण कार्य ९० प्रतिशत सम्पन्न भएको। मुक्तिनाथ मन्दिर तथा कागवेनीमा डिपिआर बमोजिमको पर्यटकीय पूर्वाधार निर्माण कार्य ६० प्रतिशत सम्पन्न भएको। सहलेस दरवार पूर्वाधार निर्माण कार्य ९० प्रतिशत सम्पन्न भएको। ककनीमा १ सय ५० देखि २ सय रोपनी क्षेत्रमा निर्माण हुने International Convention and Exhibition Centre को सम्भाव्यता अध्ययन गरी Master Plan तयार गर्ने कार्य सम्पन्न भएको।

**नागरिक उड्डयन तर्फ**

- गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको तीन हजार मिटर लम्बाईको धावन मार्ग, ट्याक्सी–वे एवम् एप्रोनको सिभिल निर्माण तर्फको कार्य सम्पन्न भई निर्माण कार्यको ९१ प्रतिशत सम्पन्न भएको। विमानस्थल आयोजना IT Building उत्तर तर्फ कार पार्किङ्ग एरियामा कालोपत्रे गर्ने काम सम्पन्न भएको। कार पार्किङ्ग स्ट्रीट लाईट केवल Layout कार्य सम्पन्न भएको। IT Building देखि प्रशासनिक भवन, सेक्युरिटी भवन, Domestic कार पार्किङ्गको उत्तरसम्म हयुम पाईप Layout कार्य सम्पन्न भएको। Runway, Taxiway, Apron को निर्माण कार्य सम्पन्न भएको। धावन मार्ग र जहाज पार्किङ्ग क्षेत्र जोड्ने Link Taxiway को निर्माण कार्य सम्पन्न भएको।
- पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको भौतिक प्रगति १०० प्रतिशत र वित्तीय प्रगति ६९ प्रतिशत रहेको। आयोजनाको लागि आवश्यक पर्ने थप जग्गा अधिग्रहण सम्बन्धी प्रारम्भिक कार्य सम्पन्न भएको। Access Road को Base राख्ने कार्य, Hanger भवनमा छाना छाउने कार्य सम्पन्न भएको। टर्मिनल भवनमा Partition कार्य भएको। रनवेमा Primary Cable बिछ्याउने कार्य सम्पन्न भएको।
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको टर्मिनल भवन विस्तारको ४५.३३ प्रतिशत कार्य सम्पन्न भएको तथा धावनमार्ग विस्तार (दक्षिणतर्फ) को ८५ प्रतिशत कार्य सम्पन्न भएको।
- नेपालगञ्ज विमानस्थलमा एप्रोन को Rigid Pavement निर्माण कार्य ९० प्रतिशत सम्पन्न भएको। नेपालगञ्ज विमानस्थलको Aerodrome Certification भएको।
- विराटनगर र जनकपुर विमानस्थलमा एप्रोन तथा ट्याक्सीवे विस्तार भइसकेको। भरतपुर र धनगढी विमानस्थलमा Asphalt Concrete Overlay गरिएको कार्य सम्पन्न भएको। चन्द्रगढी विमानस्थलमा Apron र धावन मार्गमा Asphalt Concrete Overlay गरिएको। भरतपुर र धनगढी विमानस्थलमा Asphalt Concrete Overlay गरिएको।

- डोटी र बैतडी विमानस्थलको Black top भई स्तरोन्नति भएको र ९ वटा विमानस्थलमा अग्नि निवारण सेवा थप भएको। काभ्रेको नागिडाँडामा विमानस्थल निर्माणको विस्तृत सम्भावना अध्ययन सम्पन्न भएको।
- चुहानडाँडा विमानस्थल निर्माणको लागि TOR Scoping Document तयार भएको। डोल्पा विमानस्थलमा मौसमी सूचना प्रणाली उपकरण खरिद तथा जडान कार्यसम्पन्न भएको। राजविराज विमानस्थलमा Precision Approach Path Indicator (PAPI) Light जडान कार्यसम्पन्न भएको। नेपाल वायु सेवा निगमको Continuing Airworthiness & Management Department ले ISO 9001:2015 Certification सहितको मान्यता प्राप्त गरेको।
- नेपालका वायुसेवा कम्पनीहरूले (नेपाल वायुसेवा निगम, हिमालय एयरलाइन्स र बुद्ध एयर) ले ९ वटा मुलुकका १६ वटा सेक्टरमा वायुसेवा सञ्चालन गरिरहेको।
- अन्तर्राष्ट्रिय क्षेत्रमा Online Booking पूर्ण रूपमा सञ्चालन भई सकेको र आन्तरिक उडानका लागि अनलाइन टिकेटिङ प्रणाली प्रारम्भ गरिएको।
- नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठान ICAO TRAINAIR PLUS Program को Full Membership प्राप्त भएको।

**संस्कृति तथा पुरातत्व तर्फ**

- विनाशकारी भूकम्पबाट क्षति भएका काठमाडौं उपत्यकाका विश्व सम्पदा सूचीमा सूचीकृत सांस्कृतिक तथा ऐतिहासिक सम्पदा लगायत अन्य सम्पदाको पुनर्निर्माण कार्यलाई तीव्रताका साथ अघि बढाइएको।
- आदिवासी जनजातिहरूद्वारा सञ्चालित होमस्टेलाई संस्कृतिको संरक्षण गरी व्यवस्थित पर्यटन व्यवसाय सञ्चालनका लागि गण्डकी प्रदेश अन्तर्गत रहेका जिल्लाहरूका होमस्टे सञ्चालकहरूलाई अभिमुखीकरण तथा प्रशिक्षण कार्यक्रम सम्पन्न भएको।
- दाङको घोराहीमा लुम्बिनी प्रदेश भित्रका ३९ जना आदिवासी जनजातीका अगुवाहरूलाई अमूर्त साँस्कृतिक सम्पदा सम्बन्धी कानुन र संरक्षण योजना सम्बन्धमा विषय विज्ञहरू मार्फत प्रशिक्षक प्रशिक्षण कार्यक्रम (TOT ) प्रदान गरिएको।
- ताप्लेजुङ र झापामा स्थानीय तहको सहकार्यमा सांस्कृतिक संस्थानका कलाकारहरू सहित साँस्कृतिक महोत्सव सम्पन्न भएको। धरानको दन्तकाली, जुम्लाको चन्दननाथ मन्दिरको धार्मिक वृत्तचित्र र नेपालका मुख्य होमस्टेहरूमा संस्कृति प्रवर्द्धन गर्ने सम्बन्धी वृत्तचित्र तयार गरी टेलिभिजन मार्फत प्रसारण गरिएको।
- अमूर्त संस्कृति नामक अनुसन्धानमूलक लेखहरू समावेश भएको "अमूर्त संस्कृति" नामक जर्नल प्रकाशन गरिएको।

## ९. आर्थिक वर्ष ०७६।०७७ को खुद बजेट तथा खर्चको यथार्थ विवरण :

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२५०००११३ | सस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | २७५६३७ | २५५९४८ | ९२.८६ |
| ३२५००१०१३ | पर्वतीय पर्यटन तथा पर्यटन प्रवर्द्धन आयोजना | १३८०० | ६८३८ | ४९.५५ |
| ३२५००१०२३ | दक्षिण एशिया पर्यटन पुर्वाधार विकास आयोजना | २८५०९२ | १९११७१ | ६७.०६ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२५००१०३३ | संस्कृति प्रवर्द्धन कार्यक्रम | ४२३४०० | ३९८१३४ | ९४.०३ |
| ३२५०१०११३ | पर्यटन विभाग | १३८८०० | १२४४०६ | ८९.६३ |
| ३२५०११०६३ | पर्यटन पूर्वाधार विकास आयोजना | ११३१९२ | ७०२५३ | ६२.०७ |
| ३२५०२०११३ | पुरातत्व विभाग | ४९७५९ | ४९१२६ | ९८.७३ |
| ३२५०२०१२३ | राष्ट्रिय संग्राहालय (छाउनी) | २८८०० | २३१३९ | ८०.३४ |
| ३२५०२०१३३ | केन्द्रीय सांस्कृतिक सम्पदा संरक्षण प्रयोगशाला | २३२५ | २१८८ | ९४.१३ |
| ३२५०२०१४३ | नारायणहिटी दरबार संग्रहालय | ८९९६१ | ८८५४२ | ९८.४२ |
| ३२५०२०१५३ | राष्ट्रिय कला संग्रहालय (भक्तपुर) | १२९०० | ११६४६ | ९०.२८ |
| ३२५०२०१६३ | क्षेत्रीय संग्रहालयहरू | ६३०० | ४३६६ | ६९.३१ |
| ३२५०२०१७३ | संग्रहालयहरू (जातीय संग्रहालय समेत) | २०८६१ | १७४४९ | ८३.६५ |
| ३२५०२०१८३ | ऐतिहासिक दरबारहरू | ७४४७४ | ५९४०४ | ७९.७६ |
| ३२५०२०१९३ | स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय (भक्तपुर) | ९८०० | ६५२२ | ६६.५६ |
| ३२५०२१०१३ | पुरातात्विक स्थल संरक्षण आयोजना | ३४०० | २९३५ | ८६.३१ |
| ३२५०२१०२३ | विश्व सम्पदा क्षेत्र संरक्षण आयोजना | ५०० | ४५९ | ९१.८२ |
| ३२५०३०११३ | राष्ट्रिय अभिलेखालय | २१७०० | १७४८८ | ८०.५९ |
| ३२५०४०११३ | नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय | ११४०० | ८२०९ | ७२.०१ |
| ३२५२१०११३ | भाषा आयोग | ६१८९६ | ४६३३३ | ७४.८६ |
| ३२५४१०११३ | बृहतर जनकपुर क्षेत्र विकास परिषद् | ४२००० | ४२००० | १०० |
| ३२५५१०११३ | पशुपति क्षेत्र विकास कोष | ३५०००० | २३१५०० | ६६.१४ |
| ३२५५१०१२३ | लुम्बिनी विकास कोष | १०००००० | ७५०००० | ७५ |
| ३२५६१०११३ | नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान | २६००० | २६००० | १०० |
| ३२५८१०११३ | बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति | ५३४०० | ५३४०० | १०० |
| | **कुल जम्मा** | **३११५३९७** | **२४८७४५६** | **७९.८४** |

**पुँजीगत खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२५०००११४ | सस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ४५७५ | ४४२६ | ९६.७४ |
| ३२५००१०१४ | पर्वतीय पर्यटन तथा पर्यटन प्रवर्द्धन आयोजना | ५०० | ५०० | १०० |
| ३२५००१०२४ | दक्षिण एशिया पर्यटन पुर्वाधार विकास आयोजना | ९८०० | २५८३ | २६.३६ |
| ३२५००१०३४ | संस्कृति प्रवर्द्धन कार्यक्रम | ४०० | ४०० | १०० |
| ३२५०१०११४ | पर्यटन विभाग | २९०० | १४०६ | ४८.४७ |
| ३२५०११०६४ | पर्यटन पूर्वाधार विकास आयोजना | १७४५३०८ | ११२४३९१ | ६४.४२ |
| ३२५०२०११४ | पुरातत्व विभाग | ९९७०० | ६७८ | ०.६८ |
| ३२५०२०१२४ | राष्ट्रिय संग्राहालय (छाउनी) | १२९०० | ११४०७ | ८८.४३ |
| ३२५०२०१३४ | केन्द्रीय सांस्कृतिक सम्पदा संरक्षण प्रयोगशाला | ३४०० | १८६१ | ५४.७३ |
| ३२५०२०१४४ | नारायणहिटी दरबार संग्रहालय | १०२०० | ९३४० | ९१.५७ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२५०२०१५४ | राष्ट्रिय कला संग्रहालय (भक्तपुर) | ३५०० | २६२० | ७४.८५ |
| ३२५०२०१६४ | क्षेत्रीय संग्रहालयहरू | ७२०० | १४३३ | १९.९ |
| ३२५०२०१७४ | संग्रहालयहरू (जातीय संग्रहालय समेत) | ४९०० | ३०८५ | ६२.९६ |
| ३२५०२०१८४ | ऐतिहासिक दरबारहरू | ४८०० | ४५०५ | ९३.८६ |
| ३२५०२०१९४ | स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय (भक्तपुर) | १३०० | ९७६ | ७५.०७ |
| ३२५०२१०१४ | पुरातात्विक स्थल संरक्षण आयोजना | ३१६४०० | २०२२४२ | ६३.९२ |
| ३२५०२१०२४ | विश्व सम्पदा क्षेत्र संरक्षण आयोजना | १५९०० | ५९७९ | ३७.६ |
| ३२५०३०११४ | राष्ट्रिय अभिलेखालय | २९००० | ८७७२ | ३०.२५ |
| ३२५०४०११४ | नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय | ६०० | ५४७ | ९१.१७ |
| ३२५२१०११४ | भाषा आयोग | ६३५० | ६१७३ | ९७.२१ |
| | कुल जम्मा | २२७९६३३ | १३९३३२४ | ६१.१२ |

## १०. चालु आर्थिक वर्ष २०७७/७८ को खुद बजेट तथा २०७७ फाल्गुण मसान्तसम्मको खर्चको विवरणः

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२५०००११३ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | १२८२०० | ४५४९२ | ३५.४९ |
| ३२५००१०१३ | पर्वतीय पर्यटन तथा पर्यटन प्रवर्द्धन आयोजना | ७९०० | ० | ०.०० |
| ३२५००१०२३ | दक्षिण एसिया पर्यटन पूर्वाधार विकास आयोजना | ७७९३८ | ३६७०० | ४७.०९ |
| ३२५००१०३३ | संस्कृति प्रवर्द्धन कार्यक्रम | ४३६७०० | २४६३७० | ५६.४२ |
| ३२५०१०११३ | पर्यटन विभाग | १४५४०० | ८४२३१ | ५७.९३ |
| ३२५०११०६३ | पर्यटन पूर्वाधार विकास आयोजना | ८८३९०० | ४४३०३ | ५.०१ |
| ३२५०२०११३ | पुरातत्व विभाग | ४११९८ | २६३४३ | ६३.९४ |
| ३२५०२०१२३ | राष्ट्रिय संग्रहालय (छाउनी) | ३१७०० | १४३३८ | ४५.२३ |
| ३२५०२०१३३ | केन्द्रीय सांस्कृतिक सम्पदा संरक्षण प्रयोगशाला | २९०० | ६७ | २.३० |
| ३२५०२०१४३ | नारायणहिटी दरबार संग्रहालय | ९५४८९ | ४६५४० | ४८.७४ |
| ३२५०२०१५३ | राष्ट्रिय कला संग्रहालय (भक्तपुर) | १५९०० | ७४५० | ४६.८६ |
| ३२५०२०१६३ | क्षेत्रीय संग्रहालयहरू | ७१०० | २२३४ | ३१.४७ |
| ३२५०२०१७३ | संग्रहालयहरू (जातीय संग्रहालय समेत) | २४१०० | १०४२१ | ४३.२४ |
| ३२५०२०१८३ | ऐतिहासिक दरबारहरू | ७९५०० | ३८३१३ | ४८.१९ |
| ३२५०२०१९३ | स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय (भक्तपुर) | १२२०० | ५७२६ | ४६.९४ |
| ३२५०२१०१३ | पुरातात्विक स्थल संरक्षण आयोजना | २४०० | ३३ | १.३८ |
| ३२५०२१०२३ | विश्व सम्पदा क्षेत्र संरक्षण आयोजना | १३०० | २०० | १५.३८ |
| ३२५०३०११३ | राष्ट्रिय अभिलेखालय | २४१०० | १०३७८ | ४३.०६ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२५०४०११३ | नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय | १२२३७ | ५७३८ | ४६.८९ |
| ३२५२१०११३ | भाषा आयोग | ६२७०० | २५२१० | ४०.२१ |
| ३२५४१०११३ | बृहतर जनकपुर क्षेत्र विकास परिषद् | ४९००० | २८०८५ | ५७.३२ |
| ३२५५१०११३ | पशुपति क्षेत्र विकास कोष | ६५९९३५ | ५८१३३५ | ८८.०९ |
| ३२५५१०१२३ | लुम्बिनी विकास कोष | ९५६७९८ | ५५३७९० | ५७.८८ |
| ३२५६१०११३ | नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान | ४४००० | १४८६८ | ३३.७९ |
| ३२५८१०११३ | बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति | ७६२०० | २६५१५ | ३४.८० |
| | **कुल जम्मा** | **३८७८७९५** | **१८५४६८२** | **४७.८२** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२५०००११४ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | २८०० | १७५ | ६.२५ |
| ३२५००१०१४ | पर्वतीय पर्यटन तथा पर्यटन प्रवर्द्धन आयोजना | १०० | ० | ०.०० |
| ३२५००१०२४ | दक्षिण एसिया पर्यटन पूर्वाधार विकास आयोजना | १८६३९६ | ७२१५ | ३.८७ |
| ३२५००१०३४ | संस्कृति प्रवर्द्धन कार्यक्रम | १०१०० | ९९ | ०.९८ |
| ३२५०१०११४ | पर्यटन विभाग | १३०० | ४८८ | ३७.५५ |
| ३२५०११०६४ | पर्यटन पूर्वाधार विकास आयोजना | १३१९००० | ५२२६०५ | ३९.६२ |
| ३२५०२०११४ | पुरातत्व विभाग | १५४००० | ४०० | ०.२६ |
| ३२५०२०१२४ | राष्ट्रिय संग्रहालय (छाउनी) | ९२०० | ४२८६ | ४६.५९ |
| ३२५०२०१३४ | केन्द्रीय सांस्कृतिक सम्पदा संरक्षण प्रयोगशाला | २८०० | १३३१ | ४७.५२ |
| ३२५०२०१५४ | राष्ट्रिय कला संग्रहालय (भक्तपुर) | २६०० | ३९८ | १५.३० |
| ३२५०२०१६४ | क्षेत्रीय संग्रहालयहरू | ६२०० | ० | ०.०० |
| ३२५०२०१७४ | संग्रहालयहरू (जातीय संग्रहालय समेत) | ४४०० | २७३ | ६.२१ |
| ३२५०२०१८४ | ऐतिहासिक दरबारहरू | २१०० | १९८ | ९.४३ |
| ३२५०२०१९४ | स्मारक संरक्षण तथा दरवार हेरचाह कार्यालय (भक्तपुर) | १००० | ० | ०.०० |
| ३२५०२१०१४ | पुरातात्विक स्थल संरक्षण आयोजना | ३७३८०० | १९६७२ | ५.२६ |
| ३२५०२१०२४ | विश्व सम्पदा क्षेत्र संरक्षण आयोजना | १५००० | ० | ०.०० |
| ३२५०३०११४ | राष्ट्रिय अभिलेखालय | ४२९०० | १७४५० | ४०.६८ |
| ३२५०४०११४ | नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय | २३०० | २८३ | १२.३२ |
| ३२५२१०११४ | भाषा आयोग | १२०० | ७३८ | ६१.५३ |
| | **कुल जम्मा** | **२१३७१९६** | **५७५६१२** | **२६.९३** |

◆ ◆ ◆

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## १. पृष्ठभूमिः

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मुलतः कर्मचारी प्रशासनसम्बन्धी केन्द्रीय निकायको रूपमा र सङ्घीयता व्यवस्थापन अन्तरगत सङ्घ-स्थानीयतह र प्रदेश-स्थानीय तहबीच समन्वयको काम गर्दछ। यस मन्त्रालयले सङ्घ, प्रदेश र स्थानीय तहमा कर्मचारी व्यवस्थापन गर्ने र सङ्घीयता व्यवस्थापनको सन्दर्भमा सङ्घ र स्थानीय तह तथा प्रदेश र स्थानीय तहबीचको सम्पर्क र सम्बन्धका विषयमा एवं स्थानीय पूर्वाधार निर्माणमा समन्वयकारी भूमिका निर्वाह गर्दछ। यसका अतिरिक्त यस मन्त्रालयले सार्वजनिक क्षेत्रको सेवा प्रवाह र शासकीय सुधार एवं सुशासनका मामिलामा केन्द्रित रही कार्य गर्दै आएको छ।

## २. दीर्घकालीन सोचः

सबल सङ्घीयतासहितको सक्षम, सुदृढ र जनउत्तरदायी सार्वजनिक प्रशासन।

## ३. लक्ष्य :

स्थानीय तहको सबलीकरण, तहगत अन्तरसम्बन्धको सुदृढीकरण एवं व्यवसायिक, सदाचारी र उत्प्रेरित कर्मचारीतन्त्रको विकास गरी सार्वजनिक सेवा प्रवाहमा उत्कृष्टता ल्याउने।

## ४. उद्देश्यः

- स्थानीय तहको संस्थागत क्षमता विकास तथा सङ्घ, प्रदेश र स्थानीय तहका एकल तथा साझा अधिकार कार्यान्वयनमा सङ्घीय एकाइहरूबीच प्रभावकारी समन्वय र सहजीकरण गर्नु,
- सार्वजनिक प्रशासनमा सदाचारी, व्यावसायिक एवं उत्तरदायी जनशक्तिको प्राप्ति, विकास र उपयोग सुनिश्चित गर्नु,
- दिगो र सन्तुलित स्थानीय पूर्वाधार विकासका लागि सहजीकरण गर्नु,
- सहज, सुलभ र गुणस्तरीय सार्वजनिक सेवा प्रवाहका लागि नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र सहजीकरण गर्नु।

## ५. रणनीतिः

- सङ्घ, प्रदेश र स्थानीय तहबीच प्रशासनिक अन्तरसम्बन्ध सुदृढ गर्ने,
- सङ्घ र स्थानीय तह एवं प्रदेश र स्थानीय तहबीच प्रभावकारी अन्तरसम्बन्ध कायम गर्ने,
- स्थानीय तहको दिगो र सन्तुलित आर्थिक तथा सामाजिक विकासका लागि समन्वय र सहजीकरण गर्ने,
- सङ्घ, प्रदेश र स्थानीय तहको कार्यजिम्मेवारीअनुरूप जनशक्ति प्रक्षेपण गरी सार्वजनिक सेवामा प्रतिभावान व्यक्तिहरूको आकर्षण अभिवृद्धि गर्ने,
- वृत्तिपथ तथा सेवा सुविधा पूर्वानुमानयोग्य बनाई निजामती कर्मचारीलाई उत्प्रेरित र उच्च मनोबलयुक्त बनाउने,
- प्रशासन सुधारलाई संस्थागत गर्न निरन्तर सुधारलाई कार्य संस्कृतिको रूपमा विकास गर्ने,

- दिगो स्थानीय पूर्वाधार विकासका लागि नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयनमा सहजीकरण गर्ने,
- सङ्घ, प्रदेश र स्थानीय तहबाट प्रवाह गरिने सार्वजनिक सेवामा गुणस्तरीयता कायम गर्न आवश्यक नीति, कानून तथा मापदण्ड तयार गरी लागू गर्ने,
- प्रशासकीय सुशासन कायम गर्न आवश्यक औजारहरूको विकास गरी कार्यान्वयन गर्ने।

## ६. कार्यक्षेत्र:

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायबमोजिम रहेका छन्:

- सङ्घीय र स्थानीय तथा प्रदेश र स्थानीय तहबीचको सम्पर्क र समन्वय,
- स्थानीय तहको संख्या, सिमाना, वडा र केन्द्र निर्धारणसम्बन्धी नीति, मापदण्ड, कार्यान्वयन र सहजीकरण,
- विशेष, संरक्षित र स्वायत्त क्षेत्रको सिमाङ्कन र संरचनासम्बन्धी नीति, कानुन र मापदण्ड,
- राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाती आयोग, मधेशी आयोग, थारू आयोग र मुस्लिम आयोग,
- स्थानीय पूर्वाधार विकाससम्बन्धी नीति, कानुन, मापदण्ड, प्रविधि विकास र अनुसन्धान,
- फोहरमैला व्यवस्थापनसम्बन्धी नीति, मापदण्ड, समन्वय र सहजीकरण,
- स्थानीय तहका पदाधिकारी र कर्मचारीको वैदेशिक भ्रमणसम्बन्धी नीति, कानुन, मापदण्ड,
- सङ्घीय निजामती तथा अन्य सङ्घीय सरकारी सेवाका निवृत्तिभरण लगायत अवकाशजन्य सुबिधासम्बन्धी नीति, मापदण्ड र व्यवस्थापन,
- सङ्घीय कर्मचारी निकायसम्बन्धी कार्य,
- सार्वजनिक सेवा प्रवाहसम्बन्धी नीति, कानुन र मापदण्ड,
- संगठन तथा व्यवस्थापन सर्भेक्षणसम्बन्धी नीति, कार्यान्वयन र समन्वय,
- प्रशासनिक सुधारसम्बन्धी नीति, योजना, समायोजन र समन्वय,
- सङ्घीय निजामती सेवा र अन्य सरकारी सेवा सञ्चालनसम्बन्धी नीति, कानुन, मापदण्ड तथा सेवा, समूह र उपसमुहको व्यवस्थापन,
- सङ्घीय निजामती सेवा र अन्य सङ्घीय सरकारी सेवाहरूको व्यवस्थापन सङ्घ, प्रदेश र स्थानीय तहमा समायोजन र अन्तरप्रदेश कर्मचारी समन्वय एवं व्यवस्थापन,
- कर्मचारी कल्याण सम्बन्धी नीति, कानुन र मापदण्ड,
- सङ्घ, प्रदेश र स्थानीय तहमा रहने पदहरूको दरबन्दी सिर्जना सम्बन्धी नीति र मापदण्ड,
- बढुवा समितिको सचिवालय,
- सङ्घीय निजामती तथा अन्य सङ्घीय सरकारी सेवाका पदाधिकारीको सेवा, सर्त र सुविधा,
- सङ्घ, प्रदेश र स्थानीय तहका कर्मचारीहरूको न्यूनतम शैक्षिक योग्यतासम्बन्धी नीति, कानुन र मापदण्ड,
- स्थानीय तहको सार्वजनिक पदाधिकारीको सुविधासम्बन्धी नीति र मापदण्ड,

- सङ्घीय निजामती तथा अन्य सङ्घीय सरकारी सेवाको तालिमसम्बन्धी नीति, कानुन, मापदण्ड, अध्ययन, अनुसन्धान र विकास,
- सार्वजनिक पदाधिकारीहरूको क्षमता विकाससम्बन्धी नीति र मापदण्ड,
- प्रशासकीय अभिलेख र तथ्याङ्क,
- निजामती अस्पताल, कर्मचारी प्रशिक्षण प्रतिष्ठान र नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान,
- मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदीको सञ्चालन र नियमन, राष्ट्रसेवक कर्मचारी सम्बद्ध सङ्घसंस्था,
- रज्जुमार्ग, केबलकार सम्बन्धी नीति, कानून र मापदण्ड,
- नेपाल प्रशासन सेवा, नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा र नेपाल विविध सेवाको सञ्चालन,
- नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल इन्जिनियरिङ्ग समूहको जनरल उपसमूहको सञ्चालन।

## ७. चालू आ.व. २०७७/७८ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूका बुँदाहरूको फागुन मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| २५१ | प्रदेश र स्थानीय तहबीचको अन्तर आवद्धता सुदृढ गर्न सबै स्थानीय तहका केन्द्रलाई क्रमशः कालोपत्रे सडकद्वारा प्रदेश राजधानीसँग जोडने गरी सडक निर्माण शुरु गरिनेछ। प्रदेश तथा स्थानीय तहको सह-लगानीमा आयोजना शुरु गर्न बजेट विनियोजन गरिएको छ। | • प्रादेशिक एवं स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ स्वीकृत भएको।<br>• प्रादेशिक एवं स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम कार्यान्वयन समेत हेर्ने गरी सबै प्रदेशमा स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय स्थापना गरिएको।<br>• स्थानीय तहको केन्द्रलाई प्रदेश राजधानी वा राष्ट्रिय सडक सञ्जालसँग जोड्ने ३ सय ९२ सडकको स्थानीय तहबाट माग प्राप्त भएको तथा २०७७ चैत्र १ गते सम्माननीय प्रधानमन्त्रीज्यूबाट कार्यक्रम शुभारम्भ भई माग सत्यापन गर्ने, समझदारी पत्रमा हस्ताक्षर गर्ने एवं विस्तृत परियोजना प्रतिवेदन तयारीको काम अगाडि बढाइएको। |
| २५२ | सबै स्थानीय तह तथा प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा साधन श्रोतको वितरण सम-न्यायिक तुल्याउन एक निर्वाचन क्षेत्र एक रणनीतिक सडक, प्रत्येक निर्वाचन क्षेत्रमा विद्युत, कृषि, सिंचाइ र नदी नियन्त्रण लगायतका पूर्वाधार | • स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७७ स्वीकृत भई स्थानीय तहमा बजेट उपलब्ध गराइएको। स्थानीय तहबाट आयोजना कार्यान्वयन भइरहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | विकास कार्यक्रममा बजेट विनियोजन गर्ने व्यवस्था मिलाई सबै निर्वाचन क्षेत्रमा स्वास्थ्य तथा पूर्वाधार विकासका बाँकी कार्य सम्पन्न गर्न स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ। | |
| २५३ | सबै स्थानीय तहको प्रशासकीय भवन निर्माण गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको छ। मानव विकास सूचकाङ्कमा पछाडि परेका सीमा क्षेत्रका जिल्लाको आर्थिक सामाजिक विकास एवं पूर्वाधार निर्माण गर्न तराई-मधेश समृद्धि कार्यक्रमका लागि बजेट विनियोजन गरिएको छ। | • स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ स्वीकृत भएको।<br>• चालु आ.व.मा सम्पन्न गर्ने गरी ३१ स्थानीय तहलाई २२ करोड २७ लाख, ४८ स्थानीय तहका निर्माणाधीन आयोजनाहरूको लागि २८ करोड ५२ लाख र १४२ वटा स्थानीय तहलाई निर्माण शुरु गर्नको लागि २५ करोड ५६ लाख गरी जम्मा २२१ स्थानीय तहलाई ७६ करोड ३५ लाख वित्तीय हस्तान्तरण मार्फत बजेट उपलब्ध गराइएको।<br>• हालसम्म १३ वटा स्थानीय तहका क्रमागत प्रशासकीय भवनको निर्माण सम्पन्न भएको।<br>• तराई मधेश समृद्धि कार्यक्रम अन्तरगतका आयोजनाको भर्चुअल विधिबाट समीक्षा गरी प्रतिवेदन तयार भएको। तराई मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ स्वीकृत भएको। |
| २५४ | हिमाली तथा उच्च पहाडी जिल्लामा उत्तरी क्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रमलाई बिस्तार गरी कार्यान्वयन गरिने छ। | • प्रारम्भिक चरणमा छनौट भएका २४ आयोजनाहरू मध्येबाट १५ बटा आयोजना पुनः छनौट गरिएको। |
| २५५ | सबै प्रकारका अस्थायी साँघुलाई झोलुङ्गे पुल तथा अन्य सुरक्षित संरचनाबाट प्रतिस्थापन गर्न र आवागमन सहज तुल्याउन २ हजार २ सय निर्माणाधीन झोलुङ्गे पुलका लागि बजेट विनियोजन गरिएको छ। | • २ सय ६४ झोलुङ्गेपुल निर्माण सम्पन्न भएको। ५८ झोलुङ्गे पुलको ठेक्का बन्दोवस्त गरिएको। ४ सय ४३ झोलुङ्गेपुलको विस्तृत परियोजना प्रतिवेदन तयार भएको।<br>• झोलुङ्गेपुल निर्माणका लागि आवश्यक लठ्ठा तथा बुलडग ग्रिप्स खरिदको ठेक्का सम्झौता गरिएको। |
| २५६ | प्रदेश तथा स्थानीय तह शासकीय सहयोग | • देहायबमोजिम नमूना कानून तर्जुमा गरी प्रदेश तथा |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | कार्यक्रम सञ्चालन गर्न स्थानीय नेतृत्व विकास, संस्थागत क्षमता सुदृढिकरण र प्रणाली सुधारका लागि बजेट विनियोजन गरिएको छ। | स्थानीय तहमा पठाइएको।<br>• प्रदेश प्रशिक्षण प्रतिष्ठान सञ्चालन ऐन, २०७७,<br>• स्थानीय तहको कार्यसञ्चालन निर्देशिका २०७७,<br>• टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७७.<br>• ११ वटा नमूना कानून निर्माणको लागि नेपाल कानून क्याम्पससँग सम्झौता भएको।<br>• स्थानीय तहको वित्तीय जोखिम न्यूनीकरण कार्ययोजना निर्माण भएको। प्रदेश तहको वित्तीय जोखिम न्यूनीकरण कार्ययोजना स्वीकृतिका लागि पेश भएको।<br>• प्रदेश तथा स्थानीय तहको क्षमता विकाससम्बन्धी क्रियाकलापहरूको गुणस्तर नियन्त्रण ढाँचा निर्माण भएको। प्रदेश र स्थानीय तहको बेरूजु फछ्यौंट रणनीति तयार भएको।<br>• स्थानीय तहहरूबाट भएका असल अभ्यासहरूको संकलन गरी डकुमेन्ट्री तथा प्रतिवेदन तयार गरी प्रचार प्रसारको क्रममा रहेको।<br>• स्थानीय तहको राजस्व सुधार कार्ययोजनामा सम्पत्ती कर संकलन र व्यवस्थापनसम्बन्धी अध्ययन प्रस्तावका आधारमा तथ्याङ्क संकलन गरी अन्तिम प्रतिवेदन तयार गरिएको। |
| २८९ | सरकारी सेवालाई सहज र प्रविधिमैत्री बनाइनेछ। | • सरूवासम्बन्धी कार्यलाई थप व्यवस्थित गर्न सफ्टवेयर निर्माण गरी सञ्चालनमा ल्याइएको।<br>• मन्त्रालयको सम्पूर्ण नेटवर्किङ व्यवस्थापन कार्यको ९० प्रतिशत भौतिक प्रगति हासिल भएको। |
| २९१ | उच्च व्यवस्थापन तहमा कार्यरत कर्मचारीसँग कार्यसम्पादन सम्झौता गर्ने कार्यलाई नतिजासूचकमा आधारित बनाई सोबाट प्राप्त उपलब्धिलाई कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गरिनेछ। | • कार्यसम्पादन सम्झौताको नमुना ढाँचाको मस्यौदा तयार भई छलफलको क्रममा रहेको। |
| २९५ | सार्वजनिक खर्च पुनरावलोकन आयोगको सुझावअनुसार कार्यबोझ र कार्य प्रकृतिका | • कार्यवोझ र कार्य प्रकृतिका आधारमा आवश्यक नदेखिएका निकायहरूको विवरण संकलन कार्य |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | आधारमा आवश्यक नदेखिएका र काममा दोहोरोपना भएका सार्वजनिक निकाय खारेज गरिनेछ। अत्यावश्यक सेवा बाहेकका सार्वजनिक निकायका सबै रिक्त दरबन्दीमा नयाँ नियुक्ति रोक्का गरिनेछ। | भइरहेको।<br>• सङ्गठन संरचना र दरबन्दी पुनरावलोकन कार्यविधि, २०७७ को मस्यौदा तयार भएको। |
| ३०३ | सङ्घीयताको प्रभावकारी कार्यान्वयन गर्न तर्जुमा हुन बाँकी सङ्घीय कानून तर्जुमा गरिनेछ। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन तथा स्थानीय सरकार सञ्चालन ऐन संशोधन विधेयक संसदको यसै अधिवेशनमा पेश गरिनेछ। अन्तर-प्रदेश परिषद, प्रदेश समन्वय परिषद र अन्तर-सरकारी वित्त परिषदको भूमिकालाई थप सुदृढ गरी सङ्घ, प्रदेश र स्थानीय तहबीचको पारस्परिक सहयोग, सहकार्य र समन्वयलाई मजबुत बनाइनेछ। | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ संशोधनको लागि तयार गरिएको मस्यौदा रायको लागि कानून न्याय तथा संसदीय मामिला मन्त्रालय र अर्थ मन्त्रालयमा पठाइएकोमा अर्थ मन्त्रालयबाट राय प्राप्त भएको र छलफलको क्रममा रहेको। |
| ३०७ | जिल्ला समन्वय समितिको क्षमता विकास गरी स्थानीय तहबाट सञ्चालन हुने विकास आयोजना र गैरसरकारी संस्थाबाट सञ्चालन हुने कार्यक्रमको अनुगमन गर्न सक्षम बनाइनेछ। | • जिल्ला समन्वय समितिवाट हुने गाउँपालिका/नगरपालिकाको अनुगमनसम्बन्धी कार्यविधि तयार भएको।<br>• गाउँपालिका/नगरपालिकाको संस्थागत प्रबन्ध, सेवा प्रवाह र वार्षिक विकास कार्यक्रम कार्यान्वयनको अनुगमनसम्बन्धी सफ्टवेयर निर्माण गरी परीक्षणको क्रममा रहेको। |

## ८. चालु आर्थिक वर्ष ०७७/७८ को फागुन मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

**सङ्घीयता कार्यान्वयन तथा सहजीकरण**

- रज्जुमार्ग तथा केवलकारसम्बन्धी नीति स्वीकृतिको लागि मन्त्रिपरिषदमा पेश गरिएको।
- सार्वजनिक खरिद योजना निर्माणलाई सहज र व्यवस्थित गराउन सार्वजनिक खरिद योजना निर्माण कार्यविधि तयार भएको।
- स्थानीय तहको संस्थागत स्वःमूल्याङ्कन (LISA) कार्यविधि स्वीकृत भई ७ वटै प्रदेशमा प्रशिक्षक प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको। स्थानीय तहको योजना तर्जुमासम्बन्धी हाते पुस्तिका तयार गरी पठाइएको।स्थानीय तहमा संक्षिप्त तथा प्रारम्भिक वातावरणीय अध्ययनसम्बन्धी नमूना कार्यविधि उपलब्ध गराई सबै स्थानीय तहलाई अभिमूखीकरण गरिएको।

- स्थानीय तहका असल अभ्यास प्रकाशनको लागि १ सय ६२ वटा स्थानीय तहबाट विवरण सङ्कलन भएको। ६२ वटा स्थानीय तहहरू नमूनाको रूपमा छनौट भई कार्यहरूको विस्तृत विवरण लिन टोली खटाउने तयारी भएको।
- प्रदेश र स्थानीय तहसँग सङ्घीयता संवादको लागि अवधारणा पत्र तयार भई पहिलो चरणमा सुदूरपश्चिम प्रदेशका ९ स्थानीय तह छनौट भएको।
- नवप्रवर्तन साझेदारी कोष सञ्चालन कार्यविधि तयारीको लागि काठमाडौं विश्वविद्यालयसँग सम्झौता भएको।
- राष्ट्रिय सामाजिक समावेशीकरण नीति, २०७७ को मूलप्रवाहीकरण कार्यढाँचासम्बन्धी अवधारणापत्र स्वीकृत भएको।
- ५० वटा स्थानीय तहको न्यायिक समितिबाट भएको निर्णयको विश्लेषण कार्यक्रम सम्पन्न भई अन्तिम प्रतिवेदन तयारीको अवस्थामा रहेको।
- वागमती प्रदेशका ६, गण्डकी प्रदेशका ३, लुम्विनी प्रदेशका ४, कर्णाली प्रदेशका ५, सुदूरपश्चिम प्रदेशका ३ गरी जम्मा २१ स्थानीय तहको कार्यसम्पादनको स्थलगत निरीक्षण प्रतिवेदन प्राप्त भएको।

**मानव संशाधन विकास**

- सङ्घीय सरकार अन्तर्गतका गृह मन्त्रालय, रक्षा मन्त्रालय, महान्याधिवक्ताको कार्यालय, अर्थ मन्त्रालय र घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र समेत ५ वटा निकायहरूको दरवन्दी पुनरावलोकन गरिएको।
- सङ्घ, प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका कर्मचारीहरूको गुनासो सम्बोधन गर्न कर्मचारी समायोजन/मिलानसम्बन्धी मापदण्ड, २०७७ स्वीकृत भई समायोजन/मिलानको कार्य भइरहेको।
- सबै स्थानीय तह तथा सबै जिल्ला समन्वय समितिको कार्यालयमा करार सेवामा कार्यरत कर्मचारीहरूलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न नाम नामेसी प्रविष्टि गर्ने कार्य भइरहेको। स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान र अन्तर्गतका प्रशिक्षण केन्द्रहरूमा कार्यरत कर्मचारीहरूको व्यवस्थापनसम्बन्धी नीतिगत निर्णय भएको।
- प्रदेश तथा स्थानीय तहका प्राविधिक कर्मचारीहरूको क्षमता विकासका लागि शैक्षिक कार्यक्रम तथा तालिमहरू सञ्चालन गर्ने सम्बन्धी त्रिभुवन विश्वविद्यालय ईन्जिनियरिङ्ग अध्ययन संस्थान पुल्चोकसँग समझदारी पत्रमा हस्ताक्षर भएको। काठमाडौं विश्वविद्यालयसँगको समझदारीबमोजिम Kathmandu University, School of Management बाट सञ्चालन हुने Public policy and Management बिषयमा छात्रवृत्तिमा अध्ययनको लागि सङ्घ, प्रदेश र स्थानीय तहका गरी ९ जना कर्मचारी मनोनयन भई काठमाडौं विश्वविद्यालयमा सिफारिस गरिएको।
- सङ्घमा कार्यरत निजामती सेवाका राजपत्र अनंकित प्रथम र द्वितीय श्रेणीका कर्मचारी तथा प्रदेश र स्थानीय तहमा कार्यरत चौथो र पाँचौ तहका ३ सय ९ जना कर्मचारीहरूलाई सेवाकालीन तालिम प्रदान गरिएको। स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानबाट नेपालमा अनलाईन शिक्षा सम्भावना र चुनौती विषयमा अनुसन्धानात्मक प्रतिवेदन तयार भएको।

### सुशासन प्रवर्द्धन तथा सेवा प्रवाह

- अर्थ मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, भन्सार विभाग, सडक विभाग र वन विभाग गरी ६ वटा निकायको व्यवस्थापन परीक्षण गरिएको।
- स्थानीय तहबाट प्रवाह हुने सेवालाई थप प्रभावकारी बनाउने सन्दर्भमा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतलाई प्रतिबद्धता फाराम भर्ने व्यवस्था गरिएको। सेवाग्राही सन्तुष्टी सर्वेक्षण निर्देशिका, २०७७ को प्रतिवेदन पेश भएको।
- राष्ट्रिय किताबखानामा PIS–Reengineering का लागि Software design and development, testing, data migration र training को कार्य सम्पन्न भएको।
- उच्चस्तरीय प्रशासन सुधार कार्यान्वयन तथा अनुगमन समितिबाट कोभिड-१९ पछिको सार्वजनिक प्रशासन, सेवा प्रवाह र सुशासनका क्षेत्रमा अवलम्वन गर्नुपर्ने नीतिगत, कानूनी, संरचनागत तथा व्यवहारगत पक्षहरूमा गर्नुपर्ने सुधारसम्बन्धी अन्तरिम प्रतिवेदन तयार गरिएको। नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानबाट ६ वटा अनुसन्धान कार्य सम्पन्न भई अनुसन्धान प्रतिवेदन तयार भएको।

### स्थानीय पूर्वाधार विकास

- भारत सरकारको सहयोगमा सञ्चालित साना विकास परियोजना अन्तर्गत हुम्लाको चंखेली गाउँपालिका र वुटवल उपमहानगरपालिकासँग समझदारी-पत्रमा हस्ताक्षर भएको।
- भरतपुर र विराटनगर महानगरपालिकाको फोहोरमैला व्यवस्थापनका लागि कोरियाली सहयोगमा गुरूयोजना तयारी कार्य भइरहेको।
- दार्चुलाको ब्यास गा.पा. १ छाङरूबाट वडा नं. २ दुम्लिङ्सम्मको घोडेटो बाटो निर्माण कार्यको लागि प्राविधिक मूल्याङ्कन सम्पन्न भई आर्थिक प्रस्ताव खोल्न सूचना प्रकाशन भएको।
- ग्रामीण सडक सञ्जाल सुधार आयोजना अन्तर्गत नयाँ १ हजार कि.मि. सडकको DPR तयार गर्ने लक्ष्य रहेकोमा ५ वटा प्याकेज अन्तर्गत परामर्शदाताहरूबाट ५४ वटा सडकहरूको करिब १ हजार १ सय कि.मि Engineering Survey भएको।
- स्थानीय पूर्वाधार विकास तर्फका निम्न आयोजनाहरू सम्पन्न गरिएको:

| | |
|---|---|
| सडकपुल निर्माण | ४ वटा |
| सडक कालोपत्रे | ५८.५ कि.मि. |
| सडक स्तरोन्नति | ७६.११ कि.मि. |
| खानेपानी आयोजना | ४५ वटा |
| सिँचाई तथा बहुपयोगी योजना | १४ वटा |
| विद्यालय, स्वास्थ्य चौकी तथा सार्वजनिक स्थानमा संस्थागत शौचालय निर्माण | २२ वटा |
| मुगु-हुम्ला लिंक सडक | ५.७ किमि |

## ९. आर्थिक वर्ष २०७६/७७ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

### सङ्घीयता कार्यान्वयन तथा सहजीकरण

- ढुङ्गा, गिटी, बालुवा उत्खनन विक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ स्वीकृत भएको।

- स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ स्वीकृत भएको।
- तराई-मधेश समृद्धि कार्यक्रमको परिमार्जित कार्यविधि स्वीकृत भएको।
- प्रशिक्षण केन्द्र (सञ्चालन तथा व्यवस्थापन) नियमावली, २०७६ स्वीकृत भएको।
- स्थानीय तहको क्षमता विकास कार्यक्रम सञ्चालन गर्न स्थानीय तह छनौटको मापदण्ड स्वीकृत भएको।
- गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजनासम्बन्धी दिग्दर्शन, २०७६ स्वीकृत भएको।
- स्थानीय तहको घरजग्गा बहाल कर व्यवस्थापन कार्यविधि, २०७६ (नमूना) स्वीकृत भएको।
- स्थानीय तहको व्यवसाय कर व्यवस्थापन कार्यविधि, २०७६ (नमूना) स्वीकृत भएको।
- गाउँपालिका/नगरपालिकाको वारूणयन्त्र व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७६(नमूना) स्वीकृत भएको।
- स्थानीय तहमा वातावरण तथा प्राकृतिक स्रोतको संरक्षणसम्बन्धी ऐन तयार गरिएको।
- जिल्ला समन्वय समितिले गर्नुपर्ने अनुगमन सूचक निर्माण गरिएको।
- पोषणमैत्री स्थानीय तह कार्यविधिको मस्यौदा तयार गरिएको।
- स्थानीय तहबाट सम्पादन भएका विकास निर्माण तथा सेवा प्रवाहका कार्यहरूलाई थप प्रभावकारी बनाउन सहसचिवको संयोजकत्वमा ७ वटै प्रदेशका लागि विश्लेषण तथा सहजीकरण टोली गठन गरी स्थानीय तहमै गई स्थानीय तहको कार्यसम्पादनमा सहजीकरण गर्ने कार्य भएको। यस अन्तर्गत ७ जिल्लाका ८ न.पा र ३ वटा गा.पा.को सहजीकरण गरिएको।

**मानव संशाधन विकास**

- संगठन संरचना तथा दरबन्दी पुनरावलोकन संक्षिप्त कार्यविधि, २०७६ स्वीकृत भएको। संगठन संरचना र दरवन्दी पुनरावलोकन संक्षिप्त कार्यविधि, २०७६ बमोजिम ४ निकायको संगठन संरचना र दरबन्दी पुनरावलोकन भई स्वीकृत भएको।
- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानबाट सञ्चालन हुने रा.प.प्रथम श्रेणीका कर्मचारीका लागि SEDP कार्यक्रममा सबै सेवा समूहबाट ज्येष्ठताका आधारमा तालिम प्रदान गरिएको। साथै, नव नियुक्त सह-सचिवहरूलाई अभिमूखीकरण तालिम दिने व्यवस्था प्रारम्भ गरिएको। नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान तथा स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानबाट अधिकृतस्तरका १ हजार २ सय २६ तथा सहायकस्तरका ७ सय ३७ जनालाई सेवाकालीन तालिम प्रदान गरिएको।
- प्रदेश नं १ र २ का गाउँपालिकाका राजस्व परामर्श समितिका ४ सय ९७ जना पदाधिकारीलाई राजस्व सुधार कार्ययोजना तर्जुमासम्बन्धमा अभिमूखीकरण गरिएको।
- स्थानीय तहमा सिफारिस भई गएका तर हाजिर नगराई फिर्ता गरिएका २ सय १३ जना कर्मचारीको व्यवस्थापन गरिएको।
- विभिन्न दातृ निकायको सहयोगमा प्रदेश तथा स्थानीय तहको क्षमता विकासका लागि छाता कार्यक्रम स्वीकृत भई कार्यान्वयन प्रारम्भ भएको।

**सुशासन प्रवर्द्धन तथा सेवा प्रवाह**

- ५ वटा कार्यालयको व्यवस्थापन परीक्षण सम्पन्न भएको।
- निजामती कर्मचारी अस्पतालबाट १ लाख ९९ हजार २११ जनालाई ओ.पि.डि. सेवा प्रदान गरिएको।
- राष्ट्रिय किताबखानावाट PIS Re-engineering सम्बन्धी कार्य भइरहेको।
- Local Level Capacity Development Mapping सम्बन्धी प्रतिवेदन तयार भएको।
- स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरूको योग्यता मापदण्ड तयार भएको।
- विभिन्न विकास साझेदार संघसंस्थाहरूसँगको समन्वयमा वातावरण, जलवायु परिवर्तन अनुकूलन, वातावरणमैत्री स्थानीय शासन, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी अभिमूखीकरण कार्यक्रमहरू स्थानीय तहहरूमा सञ्चालन गरिएको।

**स्थानीय पूर्वाधार विकास र वैदेशिक सहायता परिचालन**

- हिमाली क्षेत्र जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ स्वीकृति भई मित्रराष्ट्र चीनसँग सिमाना जोडिएका स्थानीय तहका २४ वटा आयोजना कार्यान्वयनका लागि अर्थ मन्त्रालय मार्फत अनुरोध गरिएको।
- प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ मन्त्रिपरिषद्वाट स्वीकृति भएको।
- स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ मन्त्रिपरिषद्वाट स्वीकृत भई ७९ वटा स्थानीय तहलाई ४४ करोड ९० लाख बजेट निकासा गरिएको।
- मन्त्रालयको क्षेत्राधिकार अन्तर्गत रहेका स्थानीय, प्रदेश तथा सङ्घीय सरकारका विकास निर्माण र आयोजनासँग सम्बन्धित १५ वटा प्रस्तावहरूको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन स्वीकृत गरिएको।
- तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत तराई-मधेशका २२ जिल्लाका २७७ स्थानीय तहका ५६८ वटा आयोजना स्वीकृत भई कार्यान्वयन भएको।
- स्थानीय पूर्वाधार विकास तर्फका निम्न आयोजनाहरू निर्माण गरिएको:

| | |
|---|---|
| झोलुङ्गेपुल निर्माण सम्पन्न | ३४२ वटा |
| सडकपुल निर्माण | ५२ वटा |
| सडक कालोपत्रे | २५०.१२ कि.मि. |
| ग्राभेल सडक निर्माण | १०५ कि.मि. |
| सडक आवधिक मर्मत सम्भार | ५५७ कि.मि. |
| नियमित मर्मत सम्भार | १७१६ कि.मि. |
| खानेपानी आयोजना सम्पन्न | १६२ वटा |
| सिँचाई तथा बहुपयोगी योजना सम्पन्न | ६२ वटा |

- ७ सय ६९ वटा झोलुङ्गेपुलको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भएको। १ सय ४४ वटा झोलुङ्गेपुलको परामर्श सेवाको खरिद सम्झौता भएको। १ सय १६ वटा सडकपुलको DPR तयार भएको।

**कोभिड-१९ संक्रमण नियन्त्रणसम्बन्धी:**

- माननीय मन्त्रीबाट कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा व्यवस्थापन एवं अन्य समसामायिक विषयमा ६९ वटा स्थानीय तहका प्रमुखसँग सातवटा Virtual meeting र नेपाल नगरपालिका सङ्घ, गाउँपालिका राष्ट्रिय महासङ्घ नेपाल, जिल्ला समन्वय समिति महासङ्घ नेपाल एवं काठमाडौं उपत्यकाका नगर प्रमुखहरूसँग ३ वटा समन्वय बैठक आयोजना गरिएको।
- सबै प्रदेशका स्थानीय तहहरूसँग सम्पर्क तथा समन्वयको लागि सात जना उपसचिवलाई फोकल पर्सन तोकिएको।
- कोभिड-१९ संक्रमण व्यवस्थापन सन्दर्भमा स्थानीय तहले गरेका क्रियाकलापहरूको सङ्घीय ईकाइहरूबीच प्रतिवेदन गर्ने प्रणालीमा सहजता ल्याउन CMIS (Crisis Management Information System) तयार गरी कार्यान्वयनमा ल्याइएको।
- स्थानीय तहको योजना प्रक्रियालाई कोभिड संवेदनशील बनाउन "स्थानीय तहको तात्कालिक आवश्यकता पहिचान तथा कोभिड-१९ संवेदनशील योजना तर्जुमा" ढाँचाको नमुना तयार गरी मार्गदर्शनको रूपमा उपलव्ध गराउनुको साथै सो सम्बन्धमा अभिमुखीकरण गरिएको।
- कोभिड-१९ को कारण गरिएको बन्दाबन्दीको समयमा नागरिकको गुनासो सुन्नको लागि २४ सै घण्टा खुल्ला रहने गरी निःशुल्क हटलाईन सेवा सञ्चालन गरिएको।
- कोभिड-१९ संक्रमण रोकथाम तथा न्यूनीकरणको सम्बन्धमा बिषयगत मन्त्रालय तथा केन्द्रीय निकायबाट भए गरेका विषयहरूमा स्थानीय तहलाई निरन्तर समन्वय र सहजीकरण गरिएको।
- कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि स्थानीय तहहरूले स्थापना गरी सञ्चालनमा रहेका क्वारेन्टिनहरू निर्धारित मापदण्ड बमोजिम थप व्यवस्थित गर्न, क्वारेन्टिनमा बसेका व्यक्तिहरूको बसोबास बन्दोबस्त गर्न र खानपिन व्यवस्था मिलाउने प्रयोजनको लागि स्थानीय तहले CMIS मा प्रविष्टि गरेको तथ्याङ्कको आधारमा ४१२ स्थानीय तहलाई रू.४३ करोड ६७ लाख ५३ हजार २ सय ७५ तथा २० वटा स्थानीय तहमा होल्डिङ् सेन्टर व्यवस्थापनका लागि रू. २ करोड ७७ लाख २३ हजार निकासा गरिएको।
- स्थानीय पूर्वाधार साझेदारी विकास कार्यक्रममा विनियोजित बजेटमध्ये असार १५ सम्म खर्च हुन नसकेको बजेट कोभिड-१९ रोकथाम तथा नियन्त्रण कोषमा जम्मा गरी खर्च गर्न सकिने व्यवस्था गरिएको।

## १०. आर्थिक वर्ष.२०७६।७७को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३६५०००११३ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ४२९७३१ | २११८३८ | ४९.३ |
| ३६५०००१२३ | अतिरिक्त समूह | १००३५५ | ९९०९२ | ९८.७४ |
| ३६५००१०२३ | सङ्घीय शासन प्रणाली व्यवस्थापन कार्यक्रम | ८४०० | १७२८ | २०.५७ |
| ३६५००१०४३ | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ९९०२५०० | ८६१६९५८ | ८७.०२ |
| ३६५००१०५३ | जिल्ला समन्वय समितिको कार्यालयहरू | ९८२५६९ | ७७३९२६ | ७८.७७ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३६५००१०६३ | बहुक्षेत्रीय पोषण कार्यक्रम | ५५९८०० | २१०६९६ | ३७.६४ |
| ३६५००१०७३ | तराई मधेस समृद्धि कार्यक्रम | १८३०० | १२४२३ | ६७.८८ |
| ३६५००१०८३ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | ९७९७०० | २६१४६४ | २६.६९ |
| ३६५००१०९३ | हिमाली-क्षेत्र जीविकोपार्जन सुधार कार्यक्रम | १०००००० | ० | ० |
| ३६५०१०११३ | स्थानीय पूर्वाधार विभाग | २७३९६ | २१६८२ | ७९.१४ |
| ३६५०११०१३ | ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना | १७६०० | ८७८२ | ४९.९ |
| ३६५०११०२३ | ग्रामीण सडक सञ्जाल सुधार आयोजना | १०२४३२ | ७२५१३ | ७०.७९ |
| ३६५०११०३३ | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | २४३०० | २१२८३ | ८७.५८ |
| ३६५०११०४३ | ग्रामीण पहुँच कार्यक्रम | २५६०० | १८३९८ | ७१.८७ |
| ३६५०११०६३ | स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुँच सुधार परियोजना | २७०० | २२८९ | ८४.७६ |
| ३६५०११०७३ | पूर्वी चितवन नदी व्यवस्थापन तथा जीविकोपार्जन सुधार कार्यक्रम | ८३०० | ३२८६ | ३९.५८ |
| ३६५०११०८३ | राष्ट्रिय ग्रामीण यातायात सुदृढीकरण कार्यक्रम | ८५९५५ | ४२७३८ | ४९.७२ |
| ३६५०११०९३ | साना सिँचाइ कार्यक्रम | १६३०० | ३७९२ | २३.२७ |
| ३६५०१११११३ | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार बिकास कार्यक्रम | ५२०० | २५१ | ४.८३ |
| ३६५०१११२३ | प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम | ४६०६६३८ | ० | ० |
| ३६५०२०११३ | निजामती किताबखाना | ५१०७७ | ४७३९५ | ९२.७९ |
| ३६५६१०११३ | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | ११८५०० | ६४७३१ | ५४.६३ |
| ३६५६१०१२३ | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | २२५००० | १७८३५० | ७९.२७ |
| ३६५६१०१३३ | आदिवासि / जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान | ६२१०० | ४७४१६ | ७६.३५ |
| ३६५८१०११३ | निजामती कर्मचारी अस्पताल विकास समिति | ३१९८०० | २७६७८२ | ८६.५५ |
| | **कुल जम्मा** | **१९६८०२५३** | **१०९९७८१३** | **५५.८८** |

**पूँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३६५०००११४ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २१९०० | ६८५९ | ३१.३२ |
| ३६५००१०७४ | तराई मधेस समृद्धि कार्यक्रम | १००० | २८ | २.८३ |
| ३६५००१०८४ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | ५२०३०० | १२३२१ | २.३७ |
| ३६५०१०११४ | स्थानीय पूर्वाधार विभाग | १०१००० | १५४४६ | १५.२९ |
| ३६५०११०१४ | ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना | ९०० | ८८५ | ९८.३१ |
| ३६५०११०२४ | ग्रामीण सडक सञ्जाल सुधार आयोजना | ५३७१२०० | २४५२९४१ | ४५.६७ |
| ३६५०११०३४ | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | २२४९४०० | १७२७३४६ | ७६.७९ |
| ३६५०११०६४ | स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुँच सुधार परियोजना | १०८९९०० | ४७५६१६ | ४३.६४ |
| ३६५०११०७४ | पूर्वी चितवन नदी व्यवस्थापन तथा जीविकोपार्जन | १५५०० | १५४९७ | ९९.९८ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| | सुधार कार्यक्रम | | | |
| ३६५०११०८४ | राष्ट्रिय ग्रामीण यातायात सुदृढीकरण कार्यक्रम | २३५३०० | १५१६९४ | ६४.४७ |
| ३६५०११०९४ | साना सिँचाई कार्यक्रम | ६७८०० | ६२४१८ | ९२.०६ |
| ३६५०१११४ | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार बिकास कार्यक्रम | ४४९००० | ३५१०९० | ७८.१९ |
| ३६५०१११२४ | प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम | ५०००० | ० | ० |
| ३६५०२०११४ | निजामती किताबखाना | ४७४०० | ४०२२ | ८.४९ |
| ३६५६१०११४ | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | ६४०० | ७८२ | १२.२२ |
| ३६५६१०१३४ | आदिवासी / जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान | ६३०० | ४९२१ | ७८.११ |
| | **कुल जम्मा** | **१०२३३३००** | **५२८१८६६** | **५१.६१** |

## ११. चालु आर्थिक वर्ष २०७७।७८ को खुद बजेट तथा फाल्गुन मसान्तसम्मको खर्चको विवरण:

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३६५०००११३ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ३१०८४७ | १११६८३ | ३५.९३ |
| ३६५०००१२३ | अतिरिक्त समूह | १८७७०० | ४२४३३ | २२.६१ |
| ३६५००१०२३ | सङ्घीय शासन प्रणाली ब्यवस्थापन कार्यक्रम | ६४०० | ० | ०.०० |
| ३६५००१०४३ | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ६६०७११७ | २००८०५ | ३.०४ |
| ३६५००१०५३ | जिल्ला समन्वय समितिको कार्यालयहरू | ११५७१९३ | ५२५०५० | ४५.३७ |
| ३६५००१०६३ | बहुक्षेत्रीय पोषण कार्यक्रम | १३८४३७ | ७४८ | ०.५४ |
| ३६५००१०७३ | तराई मधेस समृद्धि कार्यक्रम | १६१०० | ५२०८ | ३२.३५ |
| ३६५००१०८३ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | ४५०४०० | १४६७५८ | ३२.५८ |
| ३६५००१०९३ | उत्तरीक्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रम | १६६९५०० | ० | ०.०० |
| ३६५००११०३ | साना विकास परियोजना | ४८०००० | ० | ०.०० |
| ३६५०१०११३ | स्थानीय पूर्वाधार विभाग | २५६०० | १३८३४ | ५४.०४ |
| ३६५०११०१३ | ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना | १६८०० | ४८०९ | २८.६३ |
| ३६५०११०२३ | ग्रामीण सडक सञ्जाल सुधार आयोजना | १०४१०० | ४४५५४ | ४२.८० |
| ३६५०११०३३ | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | २६००० | १३८८९ | ५३.४२ |
| ३६५०११०४३ | ग्रामीण पहुँच कार्यक्रम | ३२०० | १७१२ | ५३.५० |
| ३६५०११०६३ | स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुँच सुधार परियोजना | २५०० | ११०३ | ४४.१३ |
| ३६५०११०७३ | पूर्वी चितवन नदी व्यवस्थापन तथा जीविकोपार्जन सुधार कार्यक्रम | ४२५०० | ० | ०.०० |
| ३६५०११०९३ | साना सिँचाई कार्यक्रम | २४०० | ९८४ | ४०.९९ |
| ३६५०११११३ | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार बिकास | ४१०० | ११६९ | २८.५१ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| | कार्यक्रम | | | |
| ३६५०११११२३ | प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम | ५०००० | ३२४ | ०.६५ |
| ३६५०२०११३ | निजामती किताबखाना | ४९००० | २६४७६ | ५४.०३ |
| ३६५६१०११३ | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | ८९६०० | २९५७४ | ३३.०१ |
| ३६५६१०१२३ | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | २४५५०० | १६७१६६ | ६८.०९ |
| ३६५६१०१३३ | आदिवासी / जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान | ५२५०० | १९७८३ | ३७.६८ |
| ३६५८१०११३ | निजामती कर्मचारी अस्पताल विकास समिति | ६६१६२२ | २२३९०२ | ३३.८४ |
| | कुल जम्मा | १२३९९११७ | १५८१९६२ | १२.७६ |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३६५०००११४ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ४८०० | ३२०५ | ६६.७६ |
| ३६५००१०४४ | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ३३०३ | ३३०३ | १००.०० |
| ३६५००१०७४ | तराई मधेस समृद्धि कार्यक्रम | ३०० | ० | ०.०० |
| ३६५००१०८४ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | १२८६०० | ४६७६५ | ३६.३६ |
| ३६५०१०११४ | स्थानीय पूर्वाधार विभाग | १४४७८० | ३६२२७ | २५.०२ |
| ३६५०११०१४ | ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना | १०० | ० | ०.०० |
| ३६५०११०२४ | ग्रामीण सडक सञ्जाल सुधार आयोजना | ५६०९२०० | ११२११७४ | १९.९९ |
| ३६५०११०३४ | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | २९२४३०० | १२९०१३७ | ४४.१२ |
| ३६५०११०४४ | ग्रामीण पहुँच कार्यक्रम | ११००० | ० | ०.०० |
| ३६५०११०६४ | स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुँच सुधार परियोजना | ६८८२०० | ४६०६४ | ६.६९ |
| ३६५०११०९४ | साना सिँचाइ कार्यक्रम | १४७३०० | ० | ०.०० |
| ३६५०११११४ | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार बिकास कार्यक्रम | ७९५९०० | ० | ०.०० |
| ३६५०१११२४ | प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम | ४९५०००० | ० | ०.०० |
| ३६५०२०११४ | निजामती किताबखाना | ४५६२० | २४९६८ | ५४.७३ |
| ३६५६१०१३४ | आदिवासी / जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान | ६३०० | २०० | ३.१७ |
| कुल जम्मा | | १५४५९७०३ | २५७२०४३ | १६.६४ |

◆ ◆ ◆

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

## १. पृष्ठभूमिः

नेपालको संविधानले व्यवस्था गरेका पूर्ण प्रेस स्वतन्त्रता, वाक र प्रकाशन स्वतन्त्रता, सूचनाको हक, सञ्चारको हकको प्रत्याभूति गर्ने कार्य जिम्मेवारी रहेको यस मन्त्रालय अन्तर्गत मूलतः आमसञ्चार, दूरसञ्चार सेवा, सूचना प्रविधि, हुलाक सेवा, मुद्रण सेवा, विज्ञापन र चलचित्र क्षेत्र पर्दछन्। सञ्चार तथा सूचना प्रविधिको अधिकतम उपयोग गर्ने नीति तर्जुमा, कार्यान्वयन र अनुगमन गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालय गठन गरिएको हो।

## २. दीर्घकालीन सोचः

सञ्चार तथा सूचना प्रविधिको क्षेत्रमा विकसित नवीन प्रविधिहरूको अधिकतम् उपयोग गर्दै आर्थिक समृद्धि हासिल गर्ने।

## ३. उद्देश्यः

सञ्चार तथा सूचना प्रविधिको क्षेत्रमा विकसित नवीन प्रविधिको उपयोग गरी सञ्चार तथा सूचना प्रविधि मार्फत मुलुकमा सामाजिक, आर्थिक विकाससहित समृद्धि हासिल गर्ने।

## ४. रणनीतिः

- पूर्ण प्रेस स्वतन्त्रता कायम गर्दै सञ्चार र सूचनाको हकको प्रत्याभूत गर्ने आमसञ्चार क्षेत्रको विकास गर्ने,
- दूरसञ्चार सेवासँग सम्बन्धित नीतिगत, कानुनी र भौतिक पूर्वाधार विकास गरी पहुँच विस्तार गर्ने,
- सूचना प्रविधिको प्रयोग गरी विद्युतीय सुशासन कायम गर्ने,
- साईबर सुरक्षा प्रदान गर्ने,
- सूचना प्रविधिमा आधारित व्यवसाय प्रवर्द्धन गर्ने,
- हुलाक सेवालाई स्वायत्त, प्रतिस्पर्धी र व्यावसायिक बनाउने,
- चलचित्र क्षेत्रलाई उद्योगको रूपमा विकास गर्ने र नेपाली चलचित्रको प्रवर्द्धन गर्ने,
- सुरक्षण मुद्रण नेपालमै गर्ने गरी कानुनी, संस्थागत र पूर्वाधार विकास गर्ने।

## ५. कार्यक्षेत्रः

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायअनुसार रहेका छन्:

- सञ्चार तथा सूचना, दूरसञ्चार, सूचना तथा सञ्चार प्रविधिसम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन,
- दूरसञ्चार र प्रसारण फ्रिक्वेन्सी बाँडफाँड, शुल्क निर्धारण र नक्साङ्कन, प्रयोगको अनुमति, नवीकरण र नियमन,
- सञ्चार तथा सूचना प्रविधिसम्बन्धी अध्ययन, अनुसन्धान, प्रवर्द्धन र नियमन,

- माइक्रोवेभ प्रणालीको विस्तार, ब्याण्डविथको अन्तर्राष्ट्रिय कनेक्टिभिटी र रेडियोयन्त्र प्रयोग,
- रेडियो, टेलिभिजन, छापा सञ्चार र समाचार संस्थासम्बन्धी नीति, कानुन र मापदण्ड,
- राष्ट्रियस्तरका रेडियो, टेलिभिजन, प्रसारण संस्था र बहुवितरण प्रसारण प्रणालीको अनुमति, नवीकरण र नियमन,
- विदेशी टेलिभिजन च्यानलको डाउनलिङ्क,
- अनलाइन मिडियासम्बन्धी नीति, कानुन र मापदण्ड,
- श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिकसम्बन्धी नीति, कानुन र मापदण्ड,
- सार्वजनिक प्रसारण, छापा र प्रसारण संस्थासम्बन्धी नीति, कानुन र मापदण्ड,
- स्वदेशी तथा नेपालबाट प्रसारण गरिने विदेशी छापा प्रकाशनसम्बन्धी नीति, कानुन र मापदण्ड,
- राष्ट्रिय विज्ञापन नीति, र मापदण्ड ,
- हुलाकसम्बन्धी नीति, कानुन, मापदण्ड, सञ्चालन र नियमन,
- हुलाक टिकट प्रकाशन, भण्डारण तथा अभिलेख व्यवस्थापन,
- धनादेश सेवा, हुलाक बैङ्क, अन्तर्राष्ट्रिय डाँक लेखा व्यवस्थापन,
- चलचित्र र सिनेमा हलसम्बन्धी नीति, कानुन र मापदण्ड,
- सुरक्षण मुद्रण,
- नेपाल राजपत्रको मुद्रण, वितरण तथा अभिलेख,
- पत्रपत्रिकासम्बन्धी आचारसंहिता,
- भू-उपग्रहको उपयोग ,
- सूचना प्रविधिको प्रवर्द्धन, राष्ट्रिय सूचना प्रविधि केन्द्र र सूचना प्रविधि पार्क,
- साइबर सुरक्षा,
- राष्ट्रिय सूचना आयोग,
- प्रेस काउन्सिल, केन्द्रीय प्रेस रजिस्ट्रार, नेपाल दूरसञ्चार प्राधिकरण र चलचित्र विकास बोर्ड,
- मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,
- मन्त्रालयको विषयक्षेत्रसँग सम्बन्धित सेवा, समूह र उपसमूहको सञ्चालन,
- नेपाल इन्जिनियरिङ्ग सेवाको इलेक्ट्रोनिक एण्ड टेलिकम्युनिकेसन समूह सञ्चालन।

**६. चालु आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्यमा उल्लिखित नीति र कार्यक्रमका बुँदाहरूको २०७७ फागुन मसान्तसम्मको प्रगति विवरणः**

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ५९ | कोरोनाको कारण निर्माण, यातायात, आमसञ्चार, चलचित्र लगायतका क्षेत्रमा परेको प्रभाव सम्बोधन गर्न इजाजत पत्र तथा उपकरणको नवीकरण दस्तुरमा छुट तथा चालु पुँजीको लागि कर्जा सुविधा एवं | • कोरोनाको कारण चलचित्र क्षेत्रमा परेको प्रभाव सम्बोधन गर्नका लागि चलचित्रघरलाई आ.व. २०७७।०७८ मा लाग्ने नवीकरण दस्तुर पूर्ण छुट दिइएको। चालु आ.व.को फागुन मसान्तसम्म ७ चलचित्रघरले उक्त छुट |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | लकडाउन अवधिभरको ठेक्का तथा बैंक ग्यारेन्टीको म्याद थपको व्यवस्था गरिएको। | सुविधा लिएको। |
| १५३ | आगामी आर्थिक वर्षदेखि नेशनल पेमेण्ट गेटवे सञ्चालनमा ल्याई नेपालभित्रका सबै प्रकारका भुक्तानी फरफारक हुने व्यवस्था मिलाइनेछ। विद्युतीय भुक्तानी कारोबारको लागत घटाउँदै नगदरहित कारोबारलाई प्रोत्साहन गरिनेछ। विद्युत, खानेपानी, शिक्षा र स्वास्थ्य लगायतका सार्वजनिक सेवा शुल्कको भुक्तानी विद्युतीय माध्यमबाट गर्ने व्यवस्था मिलाइनेछ। | • नेशनल पेमेन्ट गेटवे सञ्चालनका लागि आवश्यक पर्ने सूचना प्रविधि प्रणाली र पूर्वाधार तयार भएको। म.ले.नि.का.को EFT प्रणालीको Technical and Business Process Documentation तयार भई कागजात प्राप्तिको चरणमा रहेको। |
| २६० | डिजिटल नेपाल फ्रेमवर्कको कार्यान्वयन गरी डिजिटल प्रविधिको माध्यमबाट विश्व अर्थतन्त्रमा आबद्ध हुँदै त्यसबाट सिर्जना हुने आर्थिक अवसरको उपयोग गरिनेछ। सूचना प्रविधि, दूरसञ्चार र विद्यमान ब्रोडव्याण्ड नीति परिमार्जन गर्दै फाइबर टु होम प्रविधिबाट स्तरीय र भरपर्दो ब्रोडव्याण्ड इन्टरनेट सेवा २ वर्षभित्र सबै स्थानमा पुऱ्याइनेछ। आगामी वर्ष फोर जी सेवा देशव्यापी विस्तार गरिनेछ। | • चालु आ.व.को फागुन मसान्तसम्म ७ सय ६७ कि.मी. अप्टिकल फाइबर विच्छ्याउने कार्य सम्पन्न भएको।<br>• सूचना तथा सञ्चार प्रविधि नीति, २०७२, ब्रोडव्याण्ड नीति, २०७१ र दूरसञ्चार नीति, २०६० को कार्यान्वयन प्रभावकारिता अध्ययन भएको।<br>• फ्रिक्वेन्सी व्यवस्थापनका लागि स्पेक्ट्रम मार्गचित्रको अन्तिम प्रतिवेदन तयार भएको।<br>• इन्टरनेटलाई अत्यावश्यक सेवामा समावेश गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गरिएको।<br>• कोहलपुरमा डाटा सेन्टर निर्माणका लागि ३० कट्ठा र ललितपुरमा डाटा सेन्टर र ईन्टरनेट एक्सचेन्ज सेन्टर निर्माणका लागि १५ रोपनी जग्गा प्राप्त भएको।<br>• सरकारी निकायका सूचना प्रविधि प्रणाली, पूर्वाधार र सूचना एवं तथ्याङ्कको सुरक्षित र भरपर्दो भण्डारण र संरक्षणका लागि गभर्नमेन्ट क्लाउडको विस्तार गर्ने कार्य सम्पन्न हुने क्रममा रहेको। Government Enterprise Architiecture (GEA) को Artifact तयार भई २५ वटा निकायको GEA Audit को कार्य |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | प्रारम्भ भएको।<br>• थप २ सय ३८ वटा स्थानीय तहहरूमा 4G सेवा विस्तार भई ७७ जिल्लाका ६ सय ५५ स्थानीय तहमा उक्त सेवा पुगेको। 5G सेवा परीक्षणका लागि फ्रिक्वेन्सी उपलब्ध गराउन फ्रिक्वेन्सी निर्धारण गरिएको।<br>• हालसम्म १ हजार २ सय ३२ वटा विद्युतीय हस्ताक्षर टोकन वितरण भएको।<br>• ७० सामुदायिक माध्यमिक विद्यालयहरूमा डिजिटल साक्षरता कार्यक्रम सञ्चालन भएको।<br>• हालसम्म ४२ सरकारी निकायका ४२ सूचना प्रविधि प्रणालीको सेक्यूरिटी अडिट सम्पन्न भएको।<br>• स्थानीय तहहरूले प्रयोगमा ल्याएको Common Mobile Application को स्तरोन्नति गरी ६ सय ६७ स्थानीय तहहरूमा प्रयोग गरिएको। |
| २६१ | ज्ञानमा आधारित अर्थतन्त्र विकासको लागि सूचना प्रविधिमा आधारित उद्योग व्यवसायको प्रवर्द्धन गर्न ललितपुरको खुमलटारमा राष्ट्रिय ज्ञान पार्क स्थापनाको कार्य अगाडि बढाइनेछ। सबै प्रदेशमा सञ्चारग्राम स्थापना गर्ने कार्यलाई निरन्तरता दिइनेछ। नेपाल टेलिभिजनको क्षमता विकास गर्दै अन्तर्राष्ट्रियस्तरमा प्रसारण गरिनेछ। | • ललितपुरको खुमलटारमा राष्ट्रिय ज्ञान पार्कको जग्गामा पहिलो चरणमा २ सय ५० मी. पर्खाल निर्माण पूरा भएको। दोस्रो चरणमा ५ सय मी. पर्खाल निर्माणकार्य शुरु भएको।<br>• प्रदेश नं. १ को विराटनगरमा तारिणीप्रसाद कोइराला सञ्चारग्राम प्रारम्भिक सञ्चालनमा आएको। |
| २६२ | पत्रकारिता क्षेत्रको व्यावसायिकता अभिवृद्धि गर्न क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ। पत्रकार दुर्घटना बीमा र पत्रकार वृत्ति कोषलाई सञ्चारकर्मीको हितका कार्यमा उपयोग गरिनेछ। सूचना प्रविधिमा आधारित सञ्चार माध्यमलाई प्रवर्द्धन गर्न सार्वजनिक सरोकार र लोककल्याणकारी विज्ञापन अनलाइनबाट समेत प्रसारण गर्ने व्यवस्था मिलाइनेछ। | • विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ स्वीकृत भएको। विज्ञापन बोर्ड गठन भई कार्य सञ्चालन भएको।<br>• पत्रकार दुर्घटना बीमा कार्यान्वयनका लागि बीमा कम्पनी छनौट भई बीमा गर्ने कार्य भइरहेको। हालसम्म १ सय ६३ पत्रकारको बीमा गरिएको।<br>• २०७७ कार्तिक ८ गतेबाट क्लिन फिड लागु भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| २६३ | सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग बढाइनेछ। साइवर सुरक्षा जोखिमको पहिचान, असर न्यूनीकरण र आकस्मिक साइबर सुरक्षा छरितो र भरपर्दो बनाउन साइबर फरेन्सिक ल्यावको स्तरोन्नति गरिनेछ। छुट्टै साइबर सुरक्षा केन्द्र स्थापनाको लागि सम्भाव्यता अध्ययन गरिनेछ। | • फरेन्सिक ल्याबको स्तरोन्नति गर्नको लागि लाइसेन्स तथा उपकरण खरिद, जडान र परीक्षणका लागि संस्था छनौट भई सम्झौता भएको। |
| २६४ | सुरक्षण मुद्रण स्थापनाको लागि पूर्वाधार तथा उपकरणको व्यवस्था गरिनेछ। व्यावसायिक सम्भाव्यताको आधारमा नेपालको आफ्नै स्याटलाइट सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ। | • राहादानी र नागरिकता लगायतका महत्त्वपूर्ण कागजात हुलाक मार्फत सम्बन्धित स्थानमा पुऱ्याउने सम्बन्धमा सम्भाव्यता अध्ययन प्रतिवेदन तयार भएको।<br>• नेपालको आफ्नै स्याटलाइट सञ्चालन गर्न परामर्शदाता छनौट कार्य सम्पन्न भएको। |
| २६५ | **छायाङ्कनको लागि नेपाल** कार्यक्रम कार्यान्वयन गरिनेछ। प्रदेश सरकारको समन्वयमा राष्ट्र, राष्ट्रियता, राष्ट्रिय एकता र भाषा संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्ने गरी चलचित्र निर्माण गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ। प्रत्येक प्रदेशमा फिल्म छायाङ्कनस्थल निर्माण गर्न, चलचित्र कलाकार संघको भवन निर्माण गर्न तथा नेपाली चलचित्रको सुरक्षित भण्डारणका लागि चलचित्र विकास बोर्डलाई आवश्यक बजेट विनियोजन गरिएको छ। | • छाँयाङ्कनको लागि नेपाल कार्यक्रम कार्यान्वयन गर्न छाँयाङ्कनस्थल वेब पोर्टल निर्माण गरी ६३ छायाङ्कनस्थलहरूको वेब पोर्टल मार्फत् प्रवर्द्धन गरिएको।<br>• फिल्म छायाङ्कनस्थल निर्माण गर्न सात वटै प्रदेशमा छायाङ्कनस्थल पहिचान गरिएको।<br>• मौलिक कथाहरूको संकलन गरी स्टोरी बैंक तयार गर्न ५१ वटा कथाहरू सङ्कलन भएकोमा ५ वटा कथाहरूको प्रचारप्रसार गरिएको।<br>• चलचित्र कलाकार संघको भवन निर्माणका लागि जग्गा प्राप्त गरी भवन निर्माणको कार्य भइरहेको।<br>• अत्याधुनिक चलचित्र स्टुडियो निर्माणको कार्य आरम्भ गर्न बनेपा नगरपालिका वडा नं. १० स्थित वन उपभोक्ता समूहको १९ हजार ८ सय २८.७६ व.मी. जग्गा पहिचान भई भोगाधिकार लिने कार्यका लागि IEE गर्ने कार्य भइरहेको। |
| २६६ | जातीय एवं सामाजिक सद्भाव अभिवृद्धि तथा स्थानीय भाषा र संस्कृतिको | • राष्ट्रिय प्रसारण (दशौं संशोधन) नियमावली, २०७७ स्वीकृत भई कार्यान्वयनमा आएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | सम्वर्द्धनमा योगदान पुऱ्याइरहेका स्थानीय प्रसारण माध्यमलाई राज्यको तर्फबाट आवश्यक सहयोग गरिनेछ। चालु आर्थिक वर्षमा नवीकरण गर्न छुट भएका सामुदायिक, निजी तथा सहकारी क्षेत्रबाट सञ्चालित प्रसारण संस्थाले २०७७ पौष महिनासम्म इजाजत नवीकरण गर्दा लाग्ने थप शुल्क र जरिवाना छुट दिने व्यवस्था मिलाइएको छ। | • प्रसारण संस्थाहरूको इजाजत नवीकरण गर्न लाग्ने थप शुल्क र जरिवाना छुट भई प्रसारण संस्थाको नवीकरण कार्य भइरहेको। |
| २६७ | हुलाक प्रणालीको पुनर्संचना गरिनेछ। हुलाक सेवालाई आधुनिक र प्रविधियुक्त बनाउँदै सम्भाव्यताको आधारमा सेवाको क्षेत्र विस्तार गरिनेछ। | • राहदानी र नागरिकता लगायतका महत्वपूर्ण कागजात हुलाक मार्फत सम्बन्धित स्थानमा पुऱ्याउने सम्बन्धमा सम्भाव्यता अध्ययन भई प्रतिवेदन तयार भएको।<br>• हुलाकबाट सम्बन्धित ठेगानामा पुऱ्याउन गुगल प्लस कोड काठमाडौं उपत्यकाबाट शुरू गरिएको। |

**७. चालु आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:**

- दूरसञ्चार विधेयक, आमसञ्चारसम्बन्धी विधेयक, २०७७, हुलाक सेवा विधेयक, २०७७, चलचित्र क्षेत्रलाई व्यवस्थापन र नियमन गर्न बनेको विधेयक, २०७७ तर्जुमा गरिएको ।
- प्रेस काउन्सिल (कार्य व्यवस्था) (तेस्रो संशोधन) नियमावली, २०७७, विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७, सुरक्षण मुद्रण विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०७७, सूचनाको हकसम्बन्धी (तेस्रो संशोधन) नियमावली, २०७७, राष्ट्रिय प्रसारण (दशौं संशोधन) नियमावली, २०७७, चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) (छैठौं संशोधन) नियमावली, २०७७, विद्युतीय आमसञ्चार माध्यमहरूलाई वितरण गरिने लोककल्याणकारी विज्ञापन वितरणसम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भई नेपाल राजपत्रमा प्रकाशन भएको।
- मध्यपहाडी लोकमार्ग र आसपासका जिल्ला सदरमुकामसम्म अप्टिकल फाइबर विच्छाई सूचना महामार्ग निर्माण गर्ने कार्यअन्तर्गत यस आर्थिक वर्षमा ९ सय ६७ कि.मि. अप्टिकल फाइबर बिच्छाउने कार्य सम्पन्न भएको।
- फ्रिक्वेन्सी व्यवस्थापनका लागि स्पेक्ट्रम मार्गचित्रको अन्तिम प्रतिवेदन तयार भई कार्यान्वयनको क्रममा रहेको।
- देशभरका पालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य केन्द्र र सामुदायिक माध्यमिक विद्यालयमा ब्रोडव्याण्ड इन्टरनेट सुविधा पुऱ्याउने उद्देश्यले आ. व. २०७५/०७६ मा ब्रोडव्याण्ड परियोजना शुरु गरिएकोमा हालसम्म देहायअनुसार ब्रोडव्याण्ड इन्टरनेट सेवा विस्तार भएको छ।

| क. सं. | निकाय/स्थान | संख्या | सेवा विस्तार | | |
|---|---|---|---|---|---|
| | | | २०७६/७७ को अवस्था | २०७७/०७८ फागुन मसान्तसम्मको प्रगति | हालसम्मको जम्मा |
| १ | पालिकाको केन्द्र | ७५३ | ४३१ | १७७ | ६०८ |
| २ | वडा कार्यालय | ६७४३ | ३६१२ | १४८४ | ५०९६ |
| ३ | स्वास्थ्य केन्द्र | ४५०४ | २५४६ | ९०८ | ३४५४ |
| ४ | सामुदायिक माध्यमिक विद्यालय | ५८०१ | २९४८ | १२४९ | ४१९७ |

- डिजिटल रूपान्तरणको व्याकबोनको रूपमा रहेको फाईबर टु द होम (FTTH) विस्तारको क्रममा थप ३७ वटा शहर/शहरोन्मुख क्षेत्रमा FTTH सेवा विस्तार भएको।
- पाथीभरा, हलेसी, बराहक्षेत्र, जानकी मन्दिर, मुक्तिनाथ, लुम्बिनी, अन्नपूर्ण र सगरमाथा आधारशिविर र गुरूद्वारा लगायतका १० स्थानमा हटस्पट वाईफाई स्थापना गर्ने कार्य सम्पन्न भएको।
- उच्चगतिको इन्टरनेट कनेक्टिभिटी सम्बन्धमा अध्ययन प्रतिवेदन प्राप्त भएको। देशभर 4G LTE सेवा विस्तार गर्ने कार्यक्रम अन्तर्गत २ सय ३८ पालिकामा 4G/LTE सेवा विस्तार भई सबै जिल्लाको ६ सय ५५ पालिकामा सेवा पुगेको।
- सरकारी सेवाहरूलाई एकीकृत प्रणालीमार्फत् विद्युतीय माध्यमबाट सर्वसाधारण समक्ष पुऱ्याउन नागरिक एप्सको Beta Version परीक्षण सञ्चालनमा ल्याइएको।
- नेपाल राजपत्रका २ हजार २ सय ५७ ग्राहकहरूको विवरण विद्युतीय दर्ता प्रणालीमा प्रविष्ट गर्ने कार्य सम्पन्न भएको। सूचना प्रविधि विभागबाट निर्माण भई सञ्चालनमा रहेको राजपत्रको मोबाईल एप्स "नेपाल गजेट" को स्वामित्व मुद्रण विभागको नाममा हस्तान्तरण भएको।
- तथ्याङ्क विभाग, प्रदेश लोक सेवा आयोग, नगरपालिका, गाउँपालिका कार्यालय, संघीय संसद सचिवालय लगायत अन्य धेरै निकायलाई सर्भर, स्टोरेज तथा वेब साईट/ईमेल सेवा उपलव्ध गराइएको।
- नेपाल टेलिभिजनको डिजिटल ट्रान्समिटर जडानका लागि बुढीतोला, हेटौंडा र पाल्पामा टावर एक्सटेन्सनको कार्य सम्पन्न भएको। साथै, वागमती प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र २ नम्बर प्रदेश ब्यूरोमा स्टुडियो निर्माणको लागि सामग्री प्राप्त भएको।
- प्रत्येक निर्वाचन क्षेत्रमा ४ र भूकम्प अति प्रभावित जिल्लाका समेत गरी कुल ९ सय ९० वटा सामुदायिक माध्यमिक विद्यालयहरूमा सूचना प्रविधि प्रयोगशाला स्थापना गर्ने कार्य सम्पन्न भएको।

## ८. आर्थिक वर्ष २०७६/७७ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

### नीतिगत, कानूनी र संरचनागत सुधारः

- डिजिटल नेपाल फ्रेमवर्क २०७६, भू-उपग्रह नीति, २०७७, विज्ञापन (नियमन गर्ने) ऐन, २०७६, राष्ट्रिय प्रसारण (नवौं संशोधन) नियमावली, २०७७ अनलाइन बाल सुरक्षा निर्देशिका, २०७६ सूचनाको हक कार्यान्वयन अनुगमन निर्देशिका, २०७६ र राष्ट्रिय ज्ञानपार्क (स्थापना र सञ्चालन) कार्यविधि, २०७६ नेपाल दूरसञ्चार प्राधिकरण (अनुमतिपत्र प्राप्त व्यक्तिको शेयर खरिद विक्रि) विनियमावली, २०७६ स्वीकृत भई कार्यान्वयनमा ल्याइएको।

- राजपत्रमा प्रकाशन गरिएको।, नेपाल मिडिया काउन्सिल विधेयक, २०७६, सूचना प्रविधि सम्बन्धी विधेयक, सार्वजनिक सेवा प्रसारण विधेयक, २०७७, सुरक्षण मुद्रणसम्बन्धी विधेयक, २०७७ तर्जुमा गरिएको।

**दूरसञ्चार सेवा**

- मुलुकका ४५ मुख्य-मुख्य शहर र शहरोन्मुख स्थानहरूमा अप्टिकल फाइबरमा आधारित भई FTTH (Fiber to the Home) सेवा विस्तार गरिएको। २ लाख क्षमताको नेटवर्क जडान गरी ७६ हजार लाईन वितरण गरि एउटै लाइनबाट टेलिफोन सेवा, उच्च गतिको आई.पी. प्रविधिमा आधारित इन्टरनेट सेवा प्रदान गरिएको।
- देशका विभिन्न ४ सय ३१ वटा पालिकाहरूमा 4G/LTE सेवा विस्तार गरिएको।मोवाइल सिमकार्ड बिक्री-वितरणको नियमनलाई प्रभावकारी बनाउन मोवाईल सेवाप्रदायकहरूलाई निर्देशन दिइएको।
- नेपाल टेलिकममार्फत् डिजिटल भुक्तानी सहायक कम्पनी सञ्चालन गरी डिजिटल भुक्तानी सेवाको शुरुवात गर्न मोबाइल फाइनान्स कम्पनीका लागि नेपाल राष्ट्र बैंकबाट आशय पत्र प्राप्त गरी कार्यहरू अगाडि बढाइएको।
- ४ सय ३१ पालिका केन्द्र, ३ हजार ७ सय ३८ वडा कार्यालय, २ हजार ६ सय स्वास्थ्य केन्द्र, ३ हजार ४ सय ८ सामुदयिक माध्यामिक विद्यालयमा ब्रोडव्याण्ड इन्टरनेट सेवा बिस्तार गरिएको।
- सञ्चार पूर्वाधारहरूलाई थप व्यवस्थित गर्न GIS Based Telecommunications Infrastructure Management Information System (GBTIMIS) प्रयोगमा ल्याइएको।
- नेपालको आफ्नै भू-उपग्रह अन्तरिक्षमा पठाउन अन्तर्राष्ट्रिय दूरसञ्चार संघ (ITU) सँग समन्वय गरी नेपालको आफ्नै भू-उपग्रह राख्न सकिने व्यवस्था मिलाइएको। अर्बिटल स्लटमा प्रयोग हुने C-band र Ku-band को EIRP (Effective Isotropic Radiated Power) गर्न ITU मा Satellite Filing गरिएको।
- नेपाल राष्ट्र बैंक र नेपाल दूरसञ्चार प्राधिकरणबीच मोवाइल वित्तीय सेवा र मोवाइल भुक्तानी सेवाको विकास र नियमनका लागि गरिने समझदारी पत्रमा हस्ताक्षर भई कार्यान्वयनमा आएको र नेपाल दूरसञ्चार कम्पनी लिमिटेड र एनसेल प्रा. लि.लाई सहायक कम्पनी स्थापना गरी भुक्तानी सेवा प्रदायकको कार्य गर्न स्वीकृति प्रदान गरिएको ।
- मोबाईल सेटको अवैध आयात रोक्न र मोबाईलको माध्यमबाट हुने फ्रडलाई नियन्त्रण गर्ने उद्देश्यले मोवाईल डिभाइस मेनेजमेन्ट सिस्टम (MDMS) स्थापना गरी सञ्चालनमा ल्याउन आवश्यक पर्ने सफ्टवेयर तयार गरी जडान गर्ने क्रममा रहेको।

**सूचना प्रविधिः**

- सरकारी सूचना एवं तथ्याङ्कहरू सुरक्षित राख्न सरकारी इमेल प्रणालीलगायत नेपाल सरकारका विभिन्न १० वटा निकायका सूचना प्रविधि प्रणाली र डाटाहरू हेटौडामा रहेको डिजास्टर डाटा रिकभरी सेन्टरमा ब्याकअपको रूपमा सुरक्षित भण्डारण गरिएको। डिजास्टर रिकभरी सेन्टरको सर्भरको क्षमता ५ सय टेरावाईटले वृद्धि गरिएको।
- विद्युतीय पत्राचार (इमेल) व्यवस्थापन निर्देशिका, २०७६ स्वीकृत भए पश्चात शुरु गरिएको नेपाल सरकारको एकीकृत/केन्द्रीय इमेल प्रणालीमा विभिन्न सरकारी निकायका डोमेनअनुसार र सरकारी

निकायका कर्मचारीको nepal.gov.np मा हालसम्ममा ११ हजार इमेल ठेगाना व्यवस्थापन गरिएको। नेपाल सरकारका विभिन्न निकायका २२ वटा अनलाईन सेवालाई राष्ट्रिय पोर्टलमा आवद्ध गरिएको।

- विभिन्न ६२ जिल्ला हुलाक कार्यालयमा हुलाक बचत बैङ्क सञ्चालनमा रहेका। हुलाक बचत वैंङ्कको कारोबारलाई स्वचालित एवं छिटो- छरितो र पारदर्शी गराउने उद्देश्यले हुलाक बचत वैंङ्क सफ्टवेयर निर्माण गरी सञ्चालनमा ल्याइएको। हुलाक वस्तुको प्राप्ति, प्रशोधन र ढुवानी तथा वितरणमा सबै तहको सूचना विद्युतीय माध्यमबाट पठाउन र प्राप्त गर्न सक्ने गरी विश्व हुलाक संघ (UPU) ले सञ्चालनमा ल्याएको शुरुको IPS Light को Software लाई IPS.Post मा Migration गरी कार्यान्वयनमा ल्याइएको।
- विद्युतीय माध्यमबाट हुने कारोवार र चिठ्ठी-पत्रलगायत अन्य कागजातको विश्वसनीयता अभिवृद्धि गरी विद्युतीय माध्यमबाट हुने सबै कारोबारको साइबर सुरक्षा जोखिम न्यूनीकरण गर्न विद्युतीय हस्ताक्षरलाई कार्यान्वयनमा ल्याइएको। यसका लागि विद्युतीय हस्ताक्षरको आधिकारिकता र Real Time Settlement को लागि Authentication and validation perpetual license खरिद र जडान गरी सञ्चालनमा ल्याउनुका साथै ४ वटा सरकारी निकायका सूचना प्रविधि प्रणालीलाई विद्युतीय हस्ताक्षरमैत्री बनाउन Public Key Infrastructure enabled (PKI-enabled) गरिएको। त्यसैगरी विद्युतीय हस्ताक्षर प्रयोगका लागि हालसम्म १ हजार २ सय वटा विद्युतीय हस्ताक्षर टोकन प्रयोगमा ल्याइएको।
- साइबर सुरक्षा चुनौती तथा सूचना प्रविधिको माध्यमबाट हुनसक्ने अपराधजन्य गतिविधिलाई पहिचान गरी निराकरण गर्न राष्ट्रिय साइबर सुरक्षा अनुगमन केन्द्रबाट नियमित अनुगमन गर्ने कार्य गरिएको। नेपाल प्रहरीबाट साइवर अपराधको अनुसन्धान गरी सरकारवादी मुद्दा चलाउने प्रयोजनका लागि प्रमाणीकरण गर्न अनुरोध भई आएका १९ वटा साइबर अपराधका डिभाइसको Cyber Forensic Investigation गरी प्रमाणीकरण गरिएको।
- सरकारी निकायका सूचना प्रविधि प्रणालीमा हुने साइवर सुरक्षा जोखिम न्यूनीकरण र व्यवस्थापन गर्न ५१ वटा सरकारी कार्यालयका वेवसाइट र सूचना प्रविधि प्रणालीहरूको सूचना प्रविधि प्रणाली अडिट (IT Security Audit) सम्पन्न गरी सुझावसहितको प्रतिवेदन बुझाइएको। Website/ Web Application को सुरक्षाका लागि सम्बन्धित निकायले अपनाउनु पर्ने सजगताका सम्बन्धमा सूचना प्रविधि विभागबाट निर्देशन जारी गरिएको।
- शिक्षालाई वैज्ञानिक, प्राविधिक, सीपमूलक एवं रोजगारमूलक बनाउदै सक्षम, प्रतिस्पर्धी जनशक्ति तयार गर्ने उद्देश्यले मुलुकभरका ९ सय ९० सामुदायिक माध्यमिक विद्यालयमा कम्प्युटर ल्याव स्थापना गर्ने कार्यक्रम अन्तर्गत प्रतिवेदन वर्षमा ४ सय ८५ सामुदायिक माध्यमिक विद्यालयमा कम्प्युटर ल्याव स्थापना गरिएको।
- कक्षा ४ देखि १२ सम्मको विज्ञान (भौतिक, रसायन, जीव), गणित र ऐच्छिक. गणित विषयको सबै पाठ्यक्रम समेटिने गरी विशेषज्ञ शिक्षकहरूबाट शैक्षिक सामग्रीहरूको प्रयोग गरी श्रव्य-दृश्य शिक्षण सामग्री निर्माण गरी सरकारी क्लाउड र यु-ट्युव मा राखिएको।

**आमसञ्चारः**

- विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ बमोजिम विज्ञापन बोर्डको गठनका लागि विज्ञापन बोर्डको सङ्गठन संरचना स्वीकृत भएको।

- रेडियो नेपाल र नेपाल टेलिभिजनलाई एकीकरण (मर्ज) गरी सार्वजनिक सेवा प्रसारकको स्थापनाका लागि रेडियो नेपाल र नेपाल टेलिभिजनको सम्पत्ति दायित्वको मूल्याङ्कन, सार्वजनिक सेवा प्रसारकको ढाँचा, सिफारिस, सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणसहितको प्रतिवेदन तयार भएको।
- रूग्ण आयोजनाको रूपमा रहेको नेपाल टेलिभिजनको इटहरी प्रसारण केन्द्रको भवन निर्माण सम्पन्न गरी नेपाल टेलिभिजनको पाँचौ च्यानलबाट एच.डी. प्रविधिमा प्रसारण शुरु गरिएको।
- विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस सम्वन्धमा आम-जनमानसमा सचेतना ल्याउन सरकारी सञ्चार माध्यम लगायतका आमसञ्चारका माध्यमबाट दैनिक विभिन्न भाषामा PSA को प्रकाशन र प्रसारण, कोभिड हेरचाह अन्तरवार्ता (Covid Care Interview), दैनिक कोभिड हट लाइन लगायत कोरोनाका अपडेटका विषयहरू नियमित रूपमा प्रकाशन र प्रसारण गरिएको।
- आमसञ्चार माध्यमको संस्थागत विकासमा सहयोग पुऱ्याउदै सार्वजनिक सरोकारका विषयमा आम जनतालाई सु-सूचित गर्ने उद्देश्यले वर्गीकरणमा समावेश भएका ८ सय १२ पत्रपत्रिका, ४ सय २८ रेडियो/ एफ.एम. रेडियो र २२ टेलिभिजनहरूबाट लोककल्याणकारी विज्ञापन प्रकाशन र प्रसारण गरी सोवापतको रकम भुक्तानी गरिएको।
- नेपाल टेलिभिजनबाट नियमित रूपमा विभिन्न ४ भाषामा समाचार प्रसारण र ६ भाषामा साप्ताहिक रूपमा कार्यक्रम र रेडियो नेपालबाट विभिन्न २१ भाषामा नियमित रूपमा समाचार, २० भाषामा कार्यक्रम उत्पादन र प्रसारण गरिएको।गोरखापत्रमा विभिन्न ३९ भाषामा लेखरचना नियमित रूपमा प्रकाशित गरिएको।
- आमसञ्चार माध्यममा समावेशीकरणलाई प्रवर्द्धन गर्न समाचारका माध्यममा महिला शीर्षकमा सामग्री निर्माण गरी नेपाल टेलिभिजन र नेपाल टेलिभिजनको युट्युब च्यानलमार्फत् प्रसारण गरिएको। नेपाल टेलिभिजनबाट प्रसारण हुने राष्ट्रिय महत्त्वका कार्यक्रम र नियमित समाचार बुलेटिनमा सांकेतिक भाषाको प्रस्तुति शुरू गरिएको।
- रेडियो नेपालका करिब ४२ हजार पुराना अडियो टेपको Digital Archiving गर्ने कार्य र राष्ट्रिय समाचार समितिको स्थापनादेखि वि.सं. २०५२ सम्मका समाचार बुलेटिनलाई डिजिटल आर्काइभिङ्ग गर्ने कार्यसम्पन्न गरिएको। नेपाल टेलिभिजनका पुराना दृश्य सामग्रीहरू र गोरखापत्र संस्थानको स्थापना कालदेखि वि.सं. २०६२ सम्मका अंकहरूको डिजिटल आर्काइभिङ्ग गर्ने कार्य भइरहेको।तनहुँको बन्दीपुरमा नयाँ एफ.एम. स्टेशनको शुरुवात र बाराको एफ.एम. स्टेशन मर्मत गरी रेडियो नेपालको प्रसारण पहुँच १ प्रतिशतले बढाईएको।
- नेपाल टेलिभिजनको भू-सतही प्रसारणलाई एनालग प्रविधिबाट डिजिटल प्रविधिमा रूपान्तरण गर्ने कार्य भइरहेको। नेपाल टेलिभिजनको नयाँ ३ वटा प्रसारण केन्द्र स्थापनाको लागि पूर्वाधार निर्माणको कार्य भइरहेको।नेपाल टेलिभिजनको आफ्नै मोबाईल एप्स, यु-ट्यूब च्यानल तथा विभिन्न सोसियल मेडिया पेज सञ्चालनमा आएको। रेडियो नेपालको अनलाईन संस्करण र गोरखापत्रको अनलाईन न्यूज पोर्टल सञ्चालनमा ल्याईएको।
- नेपाल टेलिभिजनको कोहलपुर प्रसारण केन्द्रलाई अप्टिकल फाईबरमार्फत वागमती प्रदेश, लुम्बिनी प्रदेश र कर्णाली प्रदेशमा जोडिएको, नेपाल टेलिभिजनको समाचार बुलेटिन र नेपाल टेलिभिजनको

प्रसारण पहुँच वृद्धिका लागि पर्वत, रूकुम र डडेल्धुरामा टावर निर्माणका लागि वन क्षेत्रको जग्गा प्राप्त गरी थप कार्य अगाडि बढाइएको।

- गोरखापत्रको क्षेत्रीय प्रकाशन प्रदेश १ र २ का लागि विराटनगरमा तथा लुम्बिनी प्रदेश, कर्णाली र सुदूरपश्चिम प्रदेशका लागि कोहलपुरबाट प्रकासन शुरु गरिएको, यसबाट गोरखापत्रको वितरण पहुँच ५ प्रतिशतले बढेको।

**फ्रिक्वेन्सी व्यवस्थापनः**

- ग्रामीण क्षेत्रसम्म 4G/LTE जी सेवा विस्तारको लागि ९ सय MHZ band लाई प्रविधि तटस्थताका लागि सिफारिस गरिएको, १ हजार ८ सय MHZ ब्याण्ड फ्रिक्वेन्सीलाई Reframing गरी यस ब्याण्डमा बाँकी रहेको ९ मेगाहर्ज एनसेल र ५ मेगाहर्ज नेपाल टेलिकमलाई प्रदान गरिएको।
- मुलुकमा विभिन्न स्थानमा एफ.एम. स्टेशन सञ्चालन गर्न ५१ वटा संस्थालाई फ्रिक्वेन्सी उपलब्ध गराइएको। रेडियो यन्त्र प्रयोग गर्न वाकीटकी (VHF/UHF) ६२ वटा, Animal Tracker १ वटा र माइक्रोवेभ १ वटा लाई फ्रिक्वेन्सी उपलब्ध गराइएको।
- रेडियो ऐन, २०१४ तथा रेडियो (सञ्चार ) लाइसेन्स नियमावली, २०४९ अनुसार लाइसेन्स प्राप्त ३८ संस्थाहरूलाई दण्ड जरिवाना गरिएको।

**चलचित्र**

- चलचित्र पर्यटनको प्रवर्द्धन गरी नेपाललाई अन्तर्राष्ट्रिय छायाङ्कन स्थलको रूपमा विकास गर्नुका साथै आर्थिक वृद्धिमा टेवा पुऱ्याउने उद्देश्यले नेपालका ऐतिहासिक, धार्मिक, साँस्कृतिक र पुरातात्विक सम्पदा रहेका स्थलहरू र अद्वितीय प्रकृति भएका स्थानहरूको फोटो चित्रसहित ती स्थानहरूको परिचय समावेश भएको लोकेशन प्रोडक्शन गाईड (पुस्तक) प्रकाशन गरी राष्ट्रिय/ अन्तर्राष्ट्रिय चलचित्र महोत्सव तथा नेपाल स्थित विदेशी कूटनीतिक नियोग र विदेश स्थित नेपाली कूटनीतिक नियोगमार्फत प्रचार प्रसार गरिएको।
- चलचित्र विकास बोर्डको संग्राहलयमा रहेका १० वटा पुराना नेपाली चलचित्र र १५ घण्टा बराबरका पुराना वृत्तचित्रहरू डिजिटल सिनेमा प्याकेज (DCP) मास्टरिङ्ग गर्ने कार्य सम्पन्न गरी विद्युतीय प्रति संरक्षण गरिएको। चलचित्र विकास बोर्डमा दर्ता हुन आएका तामाङ्, भोजपुरी, नेवारी, लिम्बु, मैथिली, गुरूङ् र थारू भाषाका १६ वटा आदिवासी चलचित्रहरू मध्ये १२ वटा आदिवासी चलचित्रहरूलाई सेन्सर सिफारिस गरिएको। नेपाली चलचित्र एवं चलचित्रकर्मीहरूको विद्युतीय अभिलेखका लागि यससम्बन्धी सफ्टवेयर निर्माण गरी विद्युतीय अभिलेख अद्यावधिक गरिएको।
- बक्स अफिस सिस्टम प्याकेज गरी देशभर लागु गर्नुका साथै यस प्रणालीका डाटाहरू डिजास्टर रिकभरी सेन्टरमा सुरक्षित रूपमा ब्याकअप राखिएको। बक्स अफिस सिस्टमसम्बन्धी मोवाईल एप्स् निर्माण गरी प्रयोगमा ल्याइएको।

**हुलाकः**

- विभिन्न १० प्रकारका थप हुलाक टिकट प्रचलनमा ल्याइएको। अन्तर्राष्ट्रिय हुलाक महसुल दरमा पुनरवलोकन गर्न र समग्र हुलाक सेवामा सुधार गर्नुपर्ने विषयमा अध्ययन प्रतिवेदन तयार भएको।

- सबै हुलाक वस्तुको ट्र्याकिङ गर्ने व्यवस्थाको लागि सबै जिल्लामा अनलाइन पोस्टल इन्टरनल ट्र्याकिङ्ग सिस्टम (PITS) सुरूवात गरी यसको नियमितताका लागि स्थलगत तालिम सञ्चालन गरिएको।
- भोजपुरको बालंखामा १, स्याङ्जा (रङ्गेठाँटी, पञ्चमूल) मा २ र गुल्मीको श्रृङ्गामा १ गरी ४ वटा भवन निर्माण सम्पन्न भएको तथा २३ जिल्लामा भवन मर्मत सम्भारको कार्य भएको।
- नियमित यातायात सेवा नभएका उच्च पहाडी र हिमाली जिल्लाको डाँक ढुवानी कार्य स्थल मार्गबाट हुने गरेकोमा निजी हवाई सेवाप्रदायकसँग सम्झौता गरी ढुवानी गर्ने व्यवस्था मिलाईएको। साथै, हुलाक वस्तुको वितरणमा सुधार ल्याउन काठमाडौं उपत्यकाको चक्रपथ भित्र वन डे डेलिभरी सिस्टम कार्यान्वयनमा गरिएको।
- लामो समयदेखि अवरूद्ध भएको अन्तराष्ट्रिय डाँकलेखाको हिसाब मिलान गर्ने कार्य शुरूवात गर्नुका साथै विश्व हुलाक संघले निर्धारण गरेको मापदण्डबमोजिम इ.एम.एस्., पार्सल, चिठ्ठीका विभिन्न फारमका ढाचाँ बनाई लेखा राख्ने कार्यको शुरूवात गरिएको ।

**मुद्रण**

- सुरक्षण मुद्रण पूर्वाधार निर्माणको लागि सूचना प्रविधि पार्क, काभ्रेमा जग्गा व्यवस्थापन गर्ने कार्य सम्पन्न हुने क्रममा रहेको। सुरक्षण मुद्रणालय स्थापना स्थल बनेपामा २ लाख लिटर क्षमताको अन्डरग्राउन्ड पानी टंकी निर्माण कार्य सम्पन्न भएको। साथै, भूमिगत हाई भोल्टेज विद्युत्त प्रशारण लाईन व्यवस्थापन गर्ने तथा उद्योगलाई आवश्यक पर्ने ४ हजार के.भी.ए. विद्युत लाईन जडान गर्ने कार्य सम्पन्न हुने क्रममा रहेको।
- राजपत्रका ग्राहकको अनलाईन रजिष्ट्रेशन सफ्टवेयर निर्माण भई सञ्चालनमा आएको।

**कोभिड-१९ सम्बन्धी:**

- दूरसञ्चार सेवाप्रदायकको रिङ्ग व्याक टोन मार्फत् कोभिड-१९ का बारेमा जनचेतनामूलक सन्देश प्रसारण भई हालसम्म निरन्तर रहेको।
- नेपाल टेलिकमबाट डाटा तथा भ्वाइस सेवामा छुट तथा सहुलियत दरमा डाटा प्याकेज (Stay Connected Pack) उपलब्ध गराईएको।विद्यार्थीको अनलाईन अध्ययनलाई सहयोग पुऱ्याउने उद्देश्यले सहुलियत दरमा ई-शिक्षा तथा ह्यापी लर्निङ्ग प्याक उपलब्ध गराईएको। कोभिड-१९ को संक्रमण नियन्त्रण एवं रोकथामका लागि स्थापना भएका होल्डिङ्ग सेन्टरमा निःशुल्क रूपमा ८५ हजार सिम कार्ड उपलब्ध गराइएको।
- कोभिड-१९ संक्रमणको जोखिमबाट जोगिन अपनाउनु पर्ने सतर्कताका सम्बन्धमा विद्युतीय एवं छापा माध्यम मार्फत सर्वसाधारण नागरिकमा सूचनाहरू सार्वजनिक गरी जनचेतना जगाउन आमसञ्चार माध्यमलाई अनुरोध गरिएको साथै अपनाउनु पर्ने सतर्कता सम्बन्धी सूचना/जिङ्गल तथा लोककल्याणकारी विज्ञापनको रूपमा सबै आमसञ्चार माध्यमबाट प्रसारण/प्रकाशन गरिएको।
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त कोभिड-१९ को संक्रमणको जोखिमबाट जोगिन अपनाउनु पर्ने सतर्कताको बारेमा विभिन्न पाँच (नेपाली, भोजपुरी, मैथिली, अवधि र डोटेली) भाषामा रेडियो जिङ्गल लोककल्याणकारी विज्ञापनको रूपमा विद्युतीय सञ्चार माध्यमबाट प्रसारण गरिएको।

- प्रेस काउन्सिल नेपालबाट कोभिड-१९ का सम्वन्धमा आमजनमानसमा भ्रम फैलाउने, उत्तेजना बढाउने र निराशा हुनेगरी विना तथ्य अतिरञ्जित तवरबाट सामग्री सम्प्रेषण गर्ने ४७ वटा अनलाइन सञ्चार माध्यमलाई स्पष्टीकरण/ध्यानाकर्षण र सचेत गराईएको, २२ वटा वेबसाइट नेपालभित्र संप्रेषण हुन नसक्ने व्यवस्थाका लागि नेपाल दूरसञ्चार प्राधिकरणलाई पत्राचार गरिएको र एउटा यूट्युव च्यानललाई आवश्यक कारबाहीका लागि साइवर ब्यूरोलाई पत्राचार भएको।
- कोरोना संक्रमित व्यक्तिको पहिचान तथा कन्ट्याक ट्रेसिङ्ग तथा ट्र्याकिङ्ग प्रयोजनको लागि नेपाल स्वास्थ्य अनुसन्धान परिषद् र नेपाली सेनाको सहकार्यमा Unstructured Supplementary Service Data (USSD) प्रविधिमा आधारित स्व-घोषणा सर्वेक्षण कार्य *१४१९# मार्फत् सञ्चालन गरिएको। कोभिड-१९सम्बन्धी र्‍यापिड रेस्पोन्स संयन्त्रको लागि टोल फ्रि सेवा सञ्चालन गरिएको।

## ९. आर्थिक वर्ष २०७६/०७७ को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५८०००११३ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ४८४७२१ | ४१६२७७ | ८५.८८ |
| ३५८००१०१३ | राष्ट्रिय सूचना प्रविधि केन्द्र | ११२००० | १०००९१ | ८९.३७ |
| ३५८०१०११३ | मुद्रण विभाग | ७३७४५ | ६३२४६ | ८५.७६ |
| ३५८०२०११३ | सूचना तथा प्रशारण विभाग | ११५४६५ | ९२८१५ | ८०.३८ |
| ३५८०२०१२३ | सञ्चार केन्द्रहरू | १२२०० | ४०७४ | ३३.३९ |
| ३५८०३०११३ | हुलाक सेवा विभाग | १७१३२५ | १२७३३७ | ७४.३२ |
| ३५८०३०१२३ | हुलाक निर्देशनालयहरू | २६०१३२ | २३९४४६ | ९२.०५ |
| ३५८०३०१३३ | गोश्वारा हुलाक | २००१६९ | १९२४८२ | ९६.१६ |
| ३५८०३०१४३ | जिल्ला हुलाक कार्यालयहरू | २९३४२६० | २७१५८३७ | ९२.५६ |
| ३५८०३०१५३ | हुलाक प्रशिक्षण केन्द्र | १६००१ | ११३०५ | ७०.६६ |
| ३५८०३०१६३ | केन्द्रीय धनादेश कार्यालय | १२८७० | १००६४ | ७८.२ |
| ३५८०३०१७३ | केन्द्रीय टिकट भण्डार तथा फिलाटेलिक ब्यूरो | ४४९८६ | २०२७३ | ४५.०६ |
| ३५८०४०११३ | सूचना प्रविधि विभाग | ५२८०० | २५८९४ | ४९.०४ |
| ३५८०५०११३ | प्रमाणीकरण नियन्त्रकको कार्यालय | १२६०० | ९१८५ | ७२.८९ |
| ३५८२१०११३ | राष्ट्रिय सूचना आयोग | ५०३४१ | ३८६१४ | ७६.७१ |
| ३५८४१०११३ | प्रेस काउन्सिल | ५१९०० | ५१९०० | १०० |
| ३५८८१०११३ | राष्ट्रिय समाचार समिति | १२८४०० | १२८४०० | १०० |
| ३५८८१०१२३ | न्यूनतम पारिश्रमिक निर्धारण समिति | ६५०० | ६१२७ | ९४.२६ |
| ३५८८१०१३३ | रेडियो प्रसार सेवा विकास समिति | ३४५०३५ | ३४५०३५ | १०० |
| ३५८८१०१४३ | सुरक्षण मुद्रण केन्द्र | २०३०० | १०९८४ | ५४.११ |
| | **कुल जम्मा** | **५१०५७५०** | **४६०९३८६** | **९०.२८** |

पुंजीगत खर्च (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५८०००११४ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | २७००० | ९३७४ | ३४.७२ |
| ३५८००१०१४ | राष्ट्रिय सूचना प्रविधि केन्द्र | ५०५८०० | ३९५०३२ | ७८.१ |
| ३५८०१०११४ | मुद्रण विभाग | ४०४०० | ११९४ | २.९५ |
| ३५८०२०११४ | सूचना तथा प्रशारण विभाग | ३७५०० | २७०६४ | ७२.१७ |
| ३५८०२०१२४ | सञ्चार केन्द्रहरू | ६०० | २५१ | ४१.८२ |
| ३५८०३०११४ | हुलाक सेवा विभाग | ७६११५ | ४२६४ | ५.६ |
| ३५८०३०१२४ | हुलाक निर्देशनालयहरू | १०३०० | ५४४० | ५२.८२ |
| ३५८०३०१३४ | गोश्वारा हुलाक | ३३००० | २२९५८ | ६९.५७ |
| ३५८०३०१४४ | जिल्ला हुलाक कार्यालयहरू | ४५६८५ | ३२९०४ | ७२.०२ |
| ३५८०३०१५४ | हुलाक प्रशिक्षण केन्द्र | १२९०० | ३४१ | २.६४ |
| ३५८०३०१६४ | केन्द्रीय धनादेश कार्यालय | ११०० | १०७३ | ९७.५५ |
| ३५८०३०१७४ | केन्द्रीय टिकट भण्डार तथा फिलाटेलिक ब्यूरो | ४५०० | २५०० | ५५.५६ |
| ३५८०४०११४ | सुचना प्रविधि विभाग | १०६००० | ६२६८० | ५९.१३ |
| ३५८०५०११४ | प्रमाणीकरण नियन्त्रकको कार्यालय | ८६९०० | ५७१७४ | ६५.७९ |
| ३५८२१०११४ | राष्ट्रिय सूचना आयोग | १२००० | ४१७ | ३.४७ |
| ३५८८१०१२४ | न्यूनतम पारिश्रमिक निर्धारण समिति | १००० | ९०२ | ९०.१८ |
| ३५८८१०१४४ | सुरक्षण मुद्रण केन्द्र | ५५२३०० | ४९६१६८ | ८९.८४ |
| | कुल जम्मा | १५५३१०० | १११९७३६ | ७२.१० |

## १०. चालु आर्थिक वर्ष २०७७/०७८ को खुद बजेट तथा फागुन मसान्तसम्मको खर्चको अवस्थाः

चालु खर्च (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५८०००११३ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ४४६३०० | १२८१३८ | २८.७१ |
| ३५८००१०१३ | राष्ट्रिय सूचना प्रविधि केन्द्र | १५८२०० | १०४४६९ | ६६.०४ |
| ३५८०१०११३ | मुद्रण विभाग | ७७६८० | ३७२०२ | ४७.८९ |
| ३५८०२०११३ | सूचना तथा प्रशारण विभाग | १३४२५० | ४६४७० | ३४.६१ |
| ३५८०३०११३ | हुलाक सेवा विभाग | ८४६७४ | १७५३६ | २०.७१ |
| ३५८०३०१२३ | हुलाक निर्देशनालयहरू | २८४७५० | १४७०६४ | ५१.६५ |
| ३५८०३०१३३ | गोश्वारा हुलाक | २०२००० | १००९६५ | ४९.९८ |
| ३५८०३०१४३ | जिल्ला हुलाक कार्यालयहरू | ३२४४६६६ | १६५७४५५ | ५१.०८ |
| ३५८०३०१५३ | हुलाक प्रशिक्षण केन्द्र | १५५५० | ५०६७ | ३२.५९ |
| ३५८०३०१६३ | केन्द्रीय धनादेश कार्यालय | १४३५० | ५७३१ | ३९.९४ |
| ३५८०३०१७३ | केन्द्रीय टिकट भण्डार तथा फिलाटेलिक ब्यूरो | ४०८०० | १८३०१ | ४४.८६ |
| ३५८०४०११३ | सुचना प्रविधि विभाग | ३९२०० | १४४९८ | ३६.९८ |
| ३५८०५०११३ | प्रमाणीकरण नियन्त्रकको कार्यालय | १४५०० | ५२८९ | ३६.४८ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५८२१०११३ | राष्ट्रिय सूचना आयोग | ५००४३ | २६४११ | ५२.७८ |
| ३५८४१०११३ | प्रेस काउन्सिल | ५०४०० | ३६०९१ | ७१.६१ |
| ३५८८१०११३ | राष्ट्रिय समाचार समिति | १३८३०० | ८८९७० | ६४.३३ |
| ३५८८१०१२३ | न्यूनतम पारिश्रमिक निर्धारण समिति | ७३०० | २५२६ | ३४.६१ |
| ३५८८१०१३३ | रेडियो प्रसार सेवा विकास समिति | २४०००० | २४०००० | १००.०० |
| ३५८८१०१४३ | सुरक्षण मुद्रण केन्द्र | १६५०० | ४८६५ | २९.४८ |
| | कुल जम्मा | ५२५९४६३ | २६८७०४८ | ५१.०९ |

**पुंजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५८०००११४ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ११४०० | ११९५ | १०.४८ |
| ३५८००१०१४ | राष्ट्रिय सूचना प्रविधि केन्द्र | ६६५९९८ | ५६८७६ | ८.५४ |
| ३५८०१०११४ | मुद्रण विभाग | ८६७५ | १११९ | १२.९० |
| ३५८०२०११४ | सूचना तथा प्रशारण विभाग | ५९०० | ० | ०.०० |
| ३५८०३०११४ | हुलाक सेवा विभाग | ६४०० | ३१ | ०.४९ |
| ३५८०३०१२४ | हुलाक निर्देशनालयहरू | ४७०० | ७६१ | १६.२० |
| ३५८०३०१३४ | गोश्वारा हुलाक | १०४०० | ७४१३ | ७१.२८ |
| ३५८०३०१४४ | जिल्ला हुलाक कार्यालयहरू | ७४१६० | १५४८४ | २०.८८ |
| ३५८०३०१५४ | हुलाक प्रशिक्षण केन्द्र | २०० | १७० | ८४.७५ |
| ३५८०३०१६४ | केन्द्रीय धनादेश कार्यालय | १०० | ० | ०.०० |
| ३५८०३०१७४ | केन्द्रीय टिकट भण्डार तथा फिलाटेलिक ब्यूरो | २०० | २०० | ९९.८५ |
| ३५८०४०११४ | सूचना प्रविधि विभाग | २७६६०० | ७८०९ | २.८२ |
| ३५८०५०११४ | प्रमाणीकरण नियन्त्रकको कार्यालय | ४११०० | ६२५७ | १५.२२ |
| ३५८२१०११४ | राष्ट्रिय सूचना आयोग | १००० | ४८३ | ४८.२९ |
| ३५८८१०१२४ | न्यूनतम पारिश्रमिक निर्धारण समिति | १०० | १०० | ९९.९५ |
| ३५८८१०१४४ | सुरक्षण मुद्रण केन्द्र | ७७८९२७ | ० | ०.०० |
| ३५८०००११४ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ११४०० | ११९५ | १०.४८ |
| | **कुल जम्मा** | **१८८५८६०** | **९७८९७** | **५.१९** |

◆ ◆ ◆

# स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

## १. पृष्ठभूमिः

स्वास्थ्य सेवामा सबैको समान पहुँचको व्यवस्था गर्ने, कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने, प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हकको कार्यान्वयन गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय स्थापना गरिएको छ। राज्यले स्वास्थ्य क्षेत्रमा लगानी वृद्धि गर्दै गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवामा सबै नागरिकको समान पहुँच बढाउँदै स्वस्थ जीवन प्रत्याभूत गरी दिगो विकास सुनिश्चित गर्नुपर्ने दायित्व यस मन्त्रालयको रहेको छ।

## २. दीर्घकालीन सोचः

सबै नेपाली नागरिक शारीरिक, मानसिक, सामाजिक र भावनात्मक रूपमा स्वस्थ रही उत्पादनशील र गुणस्तरीय जीवनयापन गर्न सक्षम हुने।

## ३. उद्देश्यः

- संघ, प्रदेश र स्थानीय तहमा सबै किसिमका स्वास्थ्य सेवाको सन्तुलित विकास र विस्तार गर्ने,
- स्वस्थ सेवामा नागरिकको पहुँच तथा उपभोग बढाई सेवा प्रदायक र सेवाग्राहीलाई थप जिम्मेवार बनाउँदै स्वस्थ जीवनशैली प्रवर्द्धन गर्ने,
- सबै नागरिकलाई स्वस्थ्य, सबल र सक्रिय बनाई औषत आयुमा वृद्धि गर्ने,
- बसाइँसराइ तथा शहरीकरणको व्यवस्थापन र जनसाँख्यिक लाभांशको सदुपयोग गर्ने।

## ४. रणनीतिः

- प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रशामक (Palliative Care) लगायतका आधारभूतदेखि विशिष्टीकृत र गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्ने,
- आयुर्वेद, प्राकृतिक चिकित्सा तथा अन्य चिकित्सा पद्धतिहरूको योजनाबद्ध विकास र विस्तार गर्ने,
- जीवनपथको अवधारणा (Life Course Approach) अनुरूप सबै उमेर समूहका नागरिकहरूको स्वास्थ्य आवश्यकतालाई सम्बोधन गर्ने गरी मातृशिशु, बालबालिका र किशोरकिशोरीको सर्वाङ्गीण विकास र परिवार व्यवस्थापन सेवालाई थप सुधार तथा विस्तार गर्ने,
- जनसङ्ख्याको वितरण, भौगोलिक अवस्थिति एवं आवश्यकताको आधारमा संघ, प्रदेश तथा स्थानीय तहमा अस्पताल र स्वास्थ्य संस्थाहरू तथा सीप-मिश्रित सामाजिक उत्तरदायित्व बहन गर्न सक्ने दक्ष जनशक्तिको विकास तथा बिस्तार गर्ने,
- स्वास्थ्यमा राष्ट्रिय लगानी वृद्धि गर्दै दिगो स्वस्थ्य वित्तीय प्रणालीको विकास गर्ने,
- स्वास्थ्य सेवामा सरकारको नेतृत्वदायी भूमिका सुनिश्चित गरी सरकारी, निजी तथा गैरसरकारी क्षेत्रबीचको सहकार्य तथा साझेदारीलाई व्यवस्थापन तथा नियमन गर्ने,
- नयाँ प्रविधिजन्य स्वास्थ्य सामग्रीहरूका साथै औषधि तथा औषधिजन्य सामग्रीको उत्पादन, आयात, भण्डारण, वितरण तथा प्रयोगको नियमन तथा व्यवस्थापन गर्ने,
- सर्ने तथा नसर्ने रोग नियन्त्रण तथा जनस्वास्थ्य विपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्यको लागि

सामुदायिक स्वास्थ्य प्रणालीसहित एकीकृत उपाय अवलम्बन गर्ने,

- नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को कार्यक्षेत्रलाई समयानुकूल परिमार्जन गर्दै प्रदेशस्तरसम्म विकास र बिस्तार गर्ने,
- आप्रवास प्रक्रियाबाट जनस्वास्थ्यमा हुनसक्ने जोखिमलाई न्यूनीकरण गर्ने व्यवस्था गर्ने।

## ५. कार्यक्षेत्र:

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायअनुसार रहेका छन्:

- स्वास्थ्य तथा पोषणसम्बन्धी नीति, कानुन र मापदण्ड,
- राष्ट्रियस्तरमा प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र निवारणात्मकसम्बन्धी नीति, कानुन र मापदण्ड,
- स्वास्थ्यसम्बन्धी प्राज्ञिक, व्यावसायिक र पेसागत संघ संस्थासम्बन्धी नीति, कानुन र मापदण्ड,
- राष्ट्रिय तथा केन्द्रीय अस्पताल, स्वास्थ्य प्रतिष्ठानहरूको स्थापना, सञ्चालन र नियमन,
- नर्सिङ्ग होम लगायतका स्वास्थ्य संस्था स्थापना तथा सञ्चालनसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन
- अस्पताल तथा स्वास्थ्य संस्थाको प्रत्यायन,
- विशिष्ट सेवा प्रदायक अस्पतालसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- औषधि, स्वास्थ्य सामग्री तथा स्वास्थ्य प्रविधिको उत्पादन र विकास, सञ्चय, बिक्री वितरण, अन्तिम विसर्जनसम्बन्धी गुणस्तर मापदण्ड र नियमन,
- आयुर्वेदिक युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवासम्बन्धी नीति, कानुन र मापदण्ड,
- सर्ने र नसर्ने रोग रोकथाम तथा नियन्त्रणसम्बन्धी नीति तथा मापदण्ड,
- अन्तर्राष्ट्रिय स्वास्थ्य नियमन,
- स्वास्थ्य बीमा तथा सामाजिक स्वास्थ्य सुरक्षा,
- स्वास्थ्य तथा जनसङ्ख्या क्षेत्रको मानवश्रोत विकास र व्यवस्थापन,
- स्वास्थ्य सेवा तथा वस्तुको शुल्कसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- औषधि निगरानी र नियमन,
- औषधि खरिद तथा आपूर्तिसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- अति आवश्यक स्वास्थ्य सामग्री (खोप र परिवार नियोजन साधन) आपूर्ति र व्यवस्थापन,
- स्वास्थ्य विज्ञानसम्बन्धी अध्ययन र अनुसन्धानसम्बन्धी मापदण्ड,
- जडीबुटी, जान्तव र खनिज (हर्वल, एनिमल र मिनरल) को औषधीय अनुसन्धान,
- स्वास्थ्य सूचना प्रणाली व्यवस्थापन र स्वास्थ्य लेखा पद्धति,
- राष्ट्रिय एवं अन्तर्राष्ट्रिय चासोका जनस्वास्थ्य समस्याको निगरानी,
- आधारभूत स्वास्थ्य सेवा र क्षेत्रको मापदण्ड,
- विभिन्न तहमा आवश्यक पर्ने स्वास्थ्य सेवा राष्ट्रिय प्रोटोकल,
- राष्ट्रिय रिफरेन्स प्रयोगशाला र परीक्षण केन्द्रको स्थापना, सञ्चालन र नियमन,
- स्वास्थ्य पर्यटन प्रवर्द्धनसम्बन्धी समन्वय,

- जनस्वास्थ्यसम्बन्धी आपतकालीन अवस्था, स्वास्थ्य क्षेत्रमा विपद् र महामारी व्यवस्थापन,
- आपतकालीन अवस्थाका लागि औषधि तथा औषधिजन्य सामग्रीको मौज्दात (बफरस्टक) व्यवस्थापन,
- आकस्मिक स्वास्थ्य सेवा प्रवाह तथा रिफरल पद्धतिको विकास,
- जनसङ्ख्या, बसाइँसराइ, परिवार नियोजन, मातृशिशु कल्याण, प्रजनन स्वास्थ्यसम्बन्धी राष्ट्रिय नीति, कानुन, मापदण्ड,
- राष्ट्रियस्तरमा जनसङ्ख्यासम्बन्धी अध्ययन, अनुसन्धान एवं प्रक्षेपण सूचना प्रणाली,
- बसाइँसराइ सर्वेक्षण तथा स्थिति विश्लेषण,
- स्वास्थ्यजन्य सरसफाइ तथा स्वच्छतासम्बन्धी नीति र मापदण्ड,
- मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,
- मन्त्रालयको विषय क्षेत्रसँग सम्बन्धित सेवा, समूह र उपसमूह सञ्चालन।

**६. चालु आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्यमा उल्लिखित नीति र कार्यक्रमका बुँदाहरूको फागुन मसान्तसम्मको प्रगति विवरणः**

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| २९ | कोरोना महामारी लगायत संक्रामक तथा अन्य रोगबाट सिर्जना हुने स्वास्थ्य जोखिमको न्यूनीकरण गर्न रोगको रोकथाम, नियन्त्रण र उपचारका लागि गुणस्तरीय स्वास्थ्य सेवा, पूर्वाधार विकास, औषधि एवं उपकरण र दक्ष चिकित्सक तथा स्वास्थ्यकर्मीको सेवा विस्तार गर्न उच्च प्राथमिकता दिइनेछ। | • कोभिड-१९ विरुद्धको खोप अभियान सञ्चालन गरी प्राथमिकताको आधारमा १६ लाख ७३ हजार २ सय २७ जनालाई खोप दिइएको।<br>• कोभिड-१९ संक्रमणसम्बन्धमा नागरिक सचेतनाका लागि रेडियो तथा टेलिभिजनहरूबाट चेतनामूलक सामग्रीहरू प्रसारण गरिएको। |
| ३० | कोरोना संक्रमणलाई थप विस्तार हुन नदिनका लागि उच्च जोखिमयुक्त क्षेत्रमा परीक्षणको दायरा बढाउन, गुणस्तरीय स्वास्थ्य परीक्षण सहितको थप क्वारेन्टाइन केन्द्रहरूको स्थापना गर्न, भरपर्दो उपचार सेवा प्रवाह गर्न र नागरिकमा सिर्जना भएको मनोवैज्ञानिक त्रासलाई सम्बोधन गर्न आवश्यक स्रोतको व्यवस्था मिलाइएको छ। कोरोना संक्रमण नियन्त्रण तथा उपचारको लागि तत्काल आवश्यक पर्न सक्ने औषधि, उपकरण तथा उपचार सामग्री कमी हुन नदिने समेत व्यवस्थापन मिलाइएको छ। | • काठमाडौं उपत्यका सहित सातै प्रदेशका स्वास्थ्य कर्मीहरूलाई तालीम प्रदान गरी स्वास्थ्य चौकी सम्म कोभिड-१९ को कन्ट्याक्ट ट्रेसिङ गरिएको।<br>• देशभरका ४८ सरकारी, ३६ गैर सरकारी प्रयोगशालाहरूमा Polymerase Chain Reaction (PCR) परीक्षण सेवा विस्तार गरी २२ लाख १२ हजार भन्दा बढीको परीक्षण गरिएको।<br>• कोरोना संक्रमण रोकथाम गर्न संक्रमितहरूको सम्पर्कमा आएका ब्यक्ति र बिदेशबाट आएका ब्यक्तिको लागि सबै स्थानीय तहमा क्वारिन्टिनको व्यवस्था गरिएको। |
| ३१ | चिकित्सक, स्वास्थ्यकर्मी तथा प्रयोगशालामा काम गर्ने कर्मचारीका लागि व्यक्तिगत सुरक्षा | • कोरोना लगायत अन्य संक्रामक रोग विरुद्ध कार्यरत सबै स्वास्थ्यकर्मीलाई निःशुल्क स्वास्थ्य |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | उपकरणको व्यवस्था सहित सेवामा उत्प्रेरित गर्न प्रोत्साहन भत्ताको व्यवस्था गरिएको छ। कोरोना लगायत अन्य संक्रामक रोग विरुद्ध कार्यरत सबै स्वास्थ्यकर्मीलाई रू.५ लाखसम्मको निःशुल्क स्वास्थ्य बीमा गर्ने व्यवस्था मिलाइएको छ। | उपचारसम्बन्धी निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याएको।<br>• कोरोना लागेका स्वास्थ्यकर्मीहरूलाई निःशुल्क उपचार गर्ने कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याएको।<br>• कोभिड-१९ संक्रमणको उपचारमा खटिएका चिकित्सक तथा स्वास्थ्यकर्मीहरूलाई व्यक्तिगत सुरक्षा उपकरण तथा ५० प्रतिशतदेखि १०० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराइएको। |
| ३२ | आगामी वर्ष काठमाडौं उपत्यकामा ३०० शैय्याको सुविधा सम्पन्न छुट्टै सरूवा रोग अस्पताल निर्माण, काठमाडौं उपत्यका र प्रदेश राजधानीका सरकारी अस्पतालमा थप २५० शैय्या आईसियू बेड स्थापना र सबै प्रदेश राजधानीमा ५० शैयाको सरूवा रोग अस्पताल सञ्चालन गरिनेछ। | • काठमाडौं उपत्यकामा ३०० शैयाको सरूवा रोग अस्पतालको लागि काठमाडौंको चन्द्रागिरी न.पा. वार्ड नं. ९ दहचोकमा स्थान छनौट गरी जग्गा प्राप्तिको लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरिएको।<br>• सातै प्रदेश स्थित सङ्घीय अस्पतालहरूमा ५० शैयाको सरूवारोग विभाग निर्माणको लागि भवनको प्रोटोटाईप सहित रकम हस्तान्तरण गरिएको। |
| ३३ | राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको क्षमता विस्तार गरी अन्तर्राष्ट्रिय मापदण्डअनुरुपको बनाउन, सबै प्रदेश राजधानीमा अत्याधुनिक स्वास्थ्य प्रयोगशाला स्थापना गर्न, सबै स्वास्थ्य संस्थामा उपचार सेवाको लागि आवश्यक प्रयोगशाला बिस्तार गर्न तथा रोग निदान एवं फार्मेसी सेवा अनिवार्य रूपमा सञ्चालन गर्न र विदेशबाट आउने व्यक्तिको अनिवार्य स्वास्थ्य परीक्षण गर्न प्रमुख प्रवेश नाकामा आवश्यक उपकरण सहितको **स्वास्थ्य डेस्क** स्थापना गरिनेछ। | • राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको क्षमता बिस्तारको लागि भवन निर्माण गर्न माटो परीक्षणको काम सम्पन्न भएको।<br>• हरेक प्रदेशमा प्रयोगशालासहित सरूवारोग विभाग स्थापनाको लागि वित्तीय हस्तान्तरण गरिएको।<br>• त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र चीन र भारतसँग जोडिएको ११ स्थलगत नाकामा हेल्थ डेस्क स्थापना भई सञ्चालनमा रहेको। |
| ३४ | गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्न सबै स्थानीय तहमा ५ देखि १५ शैयासम्मका आधारभूत अस्पताल स्थापना गर्ने नीति अनुसार आगामी वर्ष थप २७२ अस्पताल स्थापना गर्न र साबिकका जिल्ला तथा अञ्चल अस्पतालको | • हरेक स्थानीय तहमा एक अस्पताल रहने गरी जनसङ्ख्याको आधारमा ५ देखि १५ शैयासम्मको ३९६ अस्पतालहरूको शिलान्यास भई भवन डिजाईनको प्रोटोटाईप सहित स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको, उक्त अस्पतालहरूको संगठन तथा व्यवस्थापन सर्बेक्षणको मस्यौदा तयार |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | स्तरोन्नति गर्न आवश्यक बजेट व्यवस्था गरिएको छ। एक चिकित्सक एक स्वास्थ्य संस्थाको व्यवस्था शुरु गरिनेछ। | भएको।<br>• एक चिकित्सक एक स्वास्थ्य संस्थाको कार्यविधि मन्त्रिपरिषद, सामाजिक समितिमा छलफलमा रहेको। |
| ३५ | तीन वर्षभित्रमा सबै नागरिकमा स्वास्थ्य बीमा पुग्ने गरी आगामी वर्ष सबै स्थानीय तहका ४० प्रतिशत जनसङ्ख्यालाई बीमाको दायरामा ल्याइनेछ। स्वास्थ्य बीमा कार्यक्रममा आधारभूत बाहेकका स्वास्थ्य सेवालाई पनि क्रमशः समावेश गर्दै लगिनेछ। | • ६९ जिल्लाको ६ सय ७३ स्थानीय तहमा स्वास्थ्य बीमा कार्यक्रम विस्तार गरी, कुल ७ लाख ४२ हजार १ सय ९२ परिवारको ३७ लाख १० हजार ९ सय ६२ (१२.३%) नागरिकको स्वास्थ्य बीमा गरिएको। बीमित मध्ये ४ लाख ५९ हजार ३ सय २६ जना अति गरिब, ४१ हजार ५ सय ९९ जना जेष्ठ नागरिक, १२ हजार ७ सय ९१ जना HIV संक्रमित, ५२ हजार ४ सय ८५ जना अति अशक्त अपाङ्ग, १ हजार ९ सय १९ कुष्ठरोग संक्रमित र ४७ हजार २ सय १ महिला स्वास्थ्य स्वयंसेविका रहेको। |
| ३६ | सबै स्थानीय तहका स्वास्थ्य संस्थाबाट सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सेवा तथा महिलाहरूमा हुने सर्भाइकल र स्तन क्यान्सरजस्ता घातक रोग पहिचान र उपचारको लागि निःशुल्क स्वास्थ्य परीक्षण गरिनेछ। सबै स्वास्थ्य संस्थाबाट पोषणका कार्यक्रम सञ्चालन गरिनेछ। आगामी वर्ष नेपाललाई पूर्ण खोपयुक्त मुलुक घोषणा गर्न आवश्यक बजेट व्यवस्था गरिएको छ। | • सर्भाइकल र स्तन क्यान्सर रोगको निःशुल्क स्क्रिनिङ सेवा निर्देशिका तयार गरी प्रत्येक प्रदेशमा ६५ लाख र स्थानीय तहमा २ लाखका दरले वित्तीय हस्तान्तरण गरी स्थानीय तहमा कार्यक्रम प्रारम्भ भएको।<br>• पूर्णखोप सुनिश्चितता निर्देशिका परिमार्जन तथा पूर्णखोप घोषणा योजना स्वीकृत भएको। चालु आ.ब.मा स्वीकृत कार्यक्रमअनुसार ७७ वटै जिल्लामा अभिमुखीकरण सम्पन्न भई कार्ययोजना अनुसार २०७८ वैशाखमा नेपाललाई पूर्ण खोपयुक्त मुलुक घोषणा गरिने कार्यक्रम रहेको। |
| ३७ | विपन्न नागरिकलाई घातक रोग एवम् जेष्ठ नागरिक तथा बालबालिकाको मुटुरोगको निःशुल्क उपचार गर्न र क्षयरोग, एड्स तथा यौन रोग र कुष्ठरोग नियन्त्रण कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरिएको छ। केन्द्रीय अस्पतालबाट गरिब तथा विपन्न वर्गलाई प्रारम्भिक चरणको आकस्मिक स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने | • त्रि.वि. शिक्षण अस्पताल, मनमोहन कार्डियोथोरासिक भास्कुल तथा ट्रन्सप्लाण्ट सेन्टर, बि.पि.कोइराला लायन्स सेन्टर फर अप्थाल्मिक स्टडिज, कान्ति बाल अस्पताल, राष्ट्रिय ट्रमा सेन्टर, बीर अस्पताल, शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र, कोशी अस्पताल, नारायणी अस्पताल, भरतपुर अस्पताल, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, भेरी अस्पताल, सुर्खेत प्रादेशिक अस्पताल, डडेलधुरा |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | व्यवस्था मिलाइएको छ। | अस्पताल र महाकाली प्रादेशिक अस्पतालबाट गरिब तथा विपन्न नागरिकलाई आकस्मिक स्वास्थ्य सेवा निःशुल्क गर्ने कार्यविधिबमोजिम रकम हस्तान्तरण गरी सम्बन्धित अस्पतालबाट सो सेवा प्रारम्भ भएको। |
| ३८ | स्वदेशमै संक्रामक लगायत सबै प्रकारका रोगको परीक्षण गर्न दक्ष प्राविधिक तथा आधुनिक उपकरणसहितको अन्तर्राष्ट्रियस्तरको **राष्ट्रिय रोग निदान केन्द्र** स्थापना गरिनेछ। | • राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालालाई अन्तर्राष्ट्रियस्तरको राष्ट्रिय रोग निदान केन्द्रको रूपमा स्तरोन्नति गर्न भवनको लागि पूर्वाधार तयार भएको र औजार उपकरणको सूची तयार भएको। |
| ३९ | गंगालाल हृदय रोग केन्द्र, परोपकार प्रसूति अस्पताल, मानव अङ्ग प्रत्यारोपण केन्द्र, कान्ति वाल अस्पताल र बीर अस्पताल लगायतका विशिष्टिकृत अस्पतालले स्थानीय तहका स्वास्थ्य संस्थामा विशेषज्ञ चिकित्सकको सेवासहित स्याटेलाइट तथा अनुसेवा क्लिनिक सञ्चालन गर्न र विशेषज्ञ स्वास्थ्य सुविधा नपुगेका दुर्गम स्थानका बिरामीको लागि भरपर्दो टेलिमेडिसिन सेवा प्रणाली सञ्चालनमा ल्याइनेछ। | • परोपकार प्रसुति तथा स्त्रीरोग अस्पतालले विभिन्न जिल्ला अस्पतालसँग सम्झौता गरी स्याटेलाईट क्लिनिक सञ्चालन गरेको।<br>• टेली मेडिसिन सञ्चालनको लागि केन्द्रीय हब अस्पतालहरू तय गरिएको। |
| ४१ | **निरोगी नेपाल निर्माण** अभियान अघि बढाउन सुदृढ सार्वजनिक स्वास्थ्य सेवाका अतिरिक्त स्वच्छ र सन्तुलित आहार, शारीरिक व्यायाम, सरसफाइसहितको स्वस्थ जीवनशैली अवलम्बन गर्न प्रोत्साहित गरिनेछ। आयुर्वेद लगायतका वैकल्पिक उपचार पद्धतिको प्रवर्द्धन गर्दै रोग प्रतिरोधात्मक क्षमता बढाउन तथा मानसिक स्वास्थ्य सम्वर्द्धन गर्न स्थानीय तह एवम् सामुदायिक संघ संस्था समेतको सहभागितामा आरोग्य केन्द्र, व्यायामशाला र योग केन्द्र सञ्चालन गरिनेछ। | • देशभरी २ सय १८ स्थानमा नागरिक आरोग्य सेवा केन्द्र स्थापना गरिएको।<br>• सबै प्रदेशमा नागरिक आरोग्य कार्यक्रममार्फत जीवनशैली शिविर व्यवस्थापन तथा स्तनपान गराइरहेका महिलालाई समेत निःशुल्क आयुर्वेदिक स्वास्थ्य सेवा प्रदान गरिएको। |
| ४२ | निजी क्षेत्रबाट सञ्चालित अस्पतालले प्रदान गर्ने सेवाको प्रभावकारी अनुगमन गर्दै विपद् तथा महामारीको समयमा निजी क्षेत्रका | • निजी अस्पतालहरूलाई विपद् तथा महामारीको समयमा सरकारले उपयोग गर्ने सम्बन्धी कार्यविधि स्वीकृत भई कार्यान्वयनमा आएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | स्वास्थ्य संस्थालाई सरकारले उपयोग गर्न सक्ने र निजी क्षेत्रबाट सञ्चालित अस्पतालका चिकित्सकले जिल्ला अस्पताल र स्थानीय तहका स्वास्थ्य संस्थामा अनिवार्य रूपमा विशेषज्ञ सेवा उपलब्ध गराउनुपर्ने व्यवस्था मिलाइएको छ। | |
| ४३ | नेपाल स्वास्थ्य अनुसन्धान परिषद्लाई संक्रामक रोग नियन्त्रणको समेत अनुसन्धान गर्ने सक्षम निकायको रूपमा विकास गर्ने, नेपाल औषधि लिमिटेडको क्षमता विस्तार गर्ने तथा स्वास्थ्य संस्थामा अति आवश्यक औषधिको मौज्दात निरन्तर कायम राख्ने व्यवस्था मिलाइएको छ। | • नेपाल स्वास्थ्य अनुसन्धान परिषद्बाट विभिन्न संक्रामक रोगको विषयमा अनुसन्धान भएको।<br>• देशभरका सबै स्वास्थ्य संस्थामा अति आवश्यक तथा नेपाल सरकारले निःशुल्क वितरणको लागि तोकिएका औषधि मौज्दात रहने गरी व्यवस्था गरिएको। |
| ४४ | मुलुकभरका ५२ हजार महिला स्वास्थ्य स्वयंसेविकाको परिवारलाई उपलब्ध गराउँदै आएको निःशुल्क स्वास्थ्य बीमालाई निरन्तरता दिंदै यातायात खर्च दोब्बर गरिएको छ। स्थानीय तह, गैर सरकारी संस्था तथा सामुदायिक क्षेत्रको सहकार्यमा महिला स्वास्थ्य स्वयंसेविकाको समेत परिचालन गरी सरसफाई, स्वास्थ्य सचेतना र स्वास्थ्य बीमाको अभियान चलाउने व्यवस्था मिलाइएको छ। | • मुलकभरका ४७ हजार २ सय १ जना महिला स्वास्थ्य स्वयं सेविकाको निःशुल्क स्वास्थ्य बीमा गरिएको।<br>• महिला स्वास्थ्य स्वयं सेविकाको लागि यातायात खर्च दोब्बर गर्ने प्रक्रियामा रहेको।<br>• महिला स्वास्थ्य स्वयं सेविकालाई स्वास्थ्य बीमा लगायत अन्य अभियानमा समेत परिचालन गरिएको। |
| ४५ | कान्ति बाल अस्पतालमा थप आइसियू सहितको पूर्वाधार निर्माण गरी उच्च शिक्षा अध्ययन गर्ने उत्कृष्ट केन्द्रको रूपमा विकास गर्न, शहीद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्रमा बाल मुटु रोग उपचार सुविधा शुरु गर्न तथा थप उपकरण खरिद गर्न र स्वास्थ्य संस्थाका भवन निर्माण गर्न बजेट व्यवस्था गरिएको छ। | • कान्ति बाल अस्पतालमा उच्च शिक्षा अध्ययन गर्ने उत्कृष्ट केन्द्रको रूपमा विकास गर्ने अवधारणा पत्र तयार गरिएको।<br>• शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रमा बाल मुटु रोग उपचार सुविधा शुरु गर्ने अवधारणापत्र तयार गरिएको। |
| ४६ | राजमार्गका बढि दुर्घटना हुने क्षेत्रमा रहेका अस्पतालमा ट्रमा सेन्टर स्थापना गर्न र मुलुकभर एउटै फोन नम्बरमा सम्पर्क गरी | • बैतडीको खोड्पे, दैलखको राकम कर्णाली, गुल्मीको रिडी, बाग्लुङ अस्पताल, तनहुँको भानु, भरतपुर अस्पताल, धादिङको गजुरी, बर्दिवास अस्पताल, |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | बिरामीले सहज र सुलभरूपमा एम्बुलेन्स सेवा प्राप्त गर्न सक्ने व्यवस्था गरिएको छ। | सिराहा र मोरङको सुन्दर हरैचा स्वास्थ्य संस्थामा ट्रमा सेवा बिस्तार गरिएको।<br>• एम्बुलेन्स सेवालाई एकीकृत गर्ने निर्देशिका तयार गरी १०२ नं. को टेलिफोन सेवाबाट एम्बुलेन्स सेवा सञ्चालन गर्न नेपाल एम्बुलेन्स सर्भिससँग सम्झौता भई कार्यान्वयनमा आएको |
| ४७ | स्वास्थ्य क्षेत्रका आयोग, प्रतिष्ठान, काउन्सिल, अनुसन्धान केन्द्र र अस्पताल सञ्चालनमा एकरुपता ल्याई व्यवस्थित गर्न क्षेत्रगत एकीकृत छाता ऐन तर्जुमा गरिनेछ। स्वास्थ्य सेवाको विद्यमान दरबन्दीलाई पुनरावलोकन गरी स्वास्थयकर्मीको संख्या, थप गर्न, सेन्टर फर डिजिज कन्ट्रोल, फुड एण्ड एडमिनिस्ट्रेशन र राष्ट्रिय स्वास्थ्य प्रत्यायन प्राधिकरण स्थापनाको लागि प्रारम्भिक कार्य शुरू गरिनेछ। | • परिषद्को एकीकृत छाता विधेयकको सैद्धान्तिक सहमतिको लागि नेपाल सरकार, मन्त्रिपरिषद्मा पेश गरिएको।<br>• अस्पतालहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षणको मस्यौदा तयार भएको।<br>• सेन्टर फर डिजिज कन्ट्रोलको अबधारणा पत्र उपर रायको लागि कानून मन्त्रालयमा पठाइएको, फुड एण्ड ड्रग एडमिनिस्ट्रेशनसम्बन्धी विधेयक कृषि तथा सहकारी मन्त्रालयमा रायको लागि पठाइएको र राष्ट्रिय स्वास्थ्य प्रत्यायन प्राधिकरण अवधारणापत्र मन्त्रिपरिषद् विधेयक समितिमा छलफलमा रहेको। |

## ७. चालु आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्य:

**स्वास्थ्य सेवा:**

- सबै सरकारी, निजी र सामुदायिक स्वास्थ्य संस्थाबाट अन्तरंगमा ६ लाख ६१ हजार १ सय ९० जना, बहिरङ्गमा १ करोड ७२ लाख ७२ हजार ६ सय ८१ जना र आकस्मिक कक्षमा ११ लाख ७९ हजार ८ सय २७ जनालाई सेवा प्रदान गरिएको।
- राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत बालबालिकाको लागि बि.सि.जि., डी. पी. टि. हेपाटाईटिस बि., दादुरा र गर्भवती महिलाहरूको लागि टिटानस डिप्थेरिया विरूद्धको खोप लगायत ११ विभिन्न खोपहरु उपलव्ध गराइएको। २०७७ फाल्गुण सम्ममा १६ लाख ७३ हजार २ सय २७ जनालाई कोभिड-१९ विरुद्धको खोपको पहिलो मात्रा लगाइएको।
- स्वास्थ्य संस्थामा प्रसूति गराउने संख्या फागुन मसान्त सम्म ४६.२ प्रतिशत पुगेको र आ.व.को अन्त्यसम्ममा ७० प्रतिशत पुग्ने अनुमान गरिएको। परिवार नियोजनका साधन प्रयोगकर्ताको संख्या १३ लाख पुगेको।
- गर्भवती महिलाहरूमा रक्तअल्पता हुन नदिन ३ लाख ५ हजार ६ सय ५२ जना गर्भवती महिलाहरूलाई आइरन चक्की बितरण गरिएको, १ लाख ८३ हजार ५ सय ३२ जना सुत्केरी महिलाहरुलाई भिटामिन "ए" बितरण गरिएको।
- झाडा पखाला लागेका ५ वर्ष मुनिका ५ लाख ९१ हजार ३५८ जना बालबालिकालाई जिंक र

पुनर्जलीय झोलबाट उपचार गरिएको र १ लाख २ हजार १ सय ५७ जनालाई निमोनियाको उपचार गरिएको।

- शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रको स्थापना भएदेखि हालसम्म ७ सय १० बिरामीको मृगौला प्रत्यारोपण र ६ बिरामीको कलेजो प्रत्यारोपण गरिएको।

**<u>सरूवा रोग तथा महामारी प्रकोप व्यवस्थापनः</u>**

- कोभिड-१९ नियन्त्रणको लागि गत सालदेखि आ.ब. २०७७/७८ को फागुण महिनासम्म कूल २२ लाख १२ हजार ७ सय ९८ जनाको पि.सि.आर. परीक्षण गरिएको, २ लाख ७५ हजार १ सय ७८ जनामा कोरोना पोजेटिभ भएको, ३ हजार १४ जनाको मृत्यु भएको र २ लाख ७१ हजार २ सय ४९ जना निको भएको।
- औलोका शंकास्पद बिरामी मध्ये आर.डि.टी.बाट मात्र ८१ हजार ३८०जना, माईक्रोस्कोपबाट मात्र १३ हजार ६ सय ८१ जना र आर.डि.टी र माईक्रोस्कोप दुबैबाट ३ हजार ७ सय ५० जना गरी जम्मा ९८ हजार ८ सय ११ जनाको रक्त नमूना परीक्षण गर्दा ५ सय ९२ लाई औलो भएको पाइएको।
- हात्तीपाइले रोग निवारणको लागि १२ जिल्लामा कार्यक्रम सञ्चालन भई करिव ५१ लाख १० हजार व्यक्तिलाई औषधि खुवाइएको।
- ४ हजार ३ सय ८२ क्षयरोग उपचार केन्द्र, ६ सय ४ प्रयोगशाला, ७० जीन एक्सपर्ट केन्द्र तथा २ राष्ट्रिय प्रयोगशाबाट क्षयरोग उपचार तथा निदान सेवा सञ्चालन भइरहेको। औषधि प्रतिरोधी क्षयरोगका २१ उपचार केन्द्र, ८१ उपचार उपकेन्द्र ६ डि. आर होस्टेल, १ डी.आर. प्रेषण केन्द्रबाट औषधि प्रतिरोधी क्षयरोगका बिरामीहरूलाई सेवा दिंइदै आइएको र १८ हजार ४ सय ४७ जना क्षयरोगका बिरामी दर्ता भएकोमा उपचार पूरा हुने दर ८४% रहेको।
- Prevention of Mother-To-Child- Transmission (PMTCT) कार्यक्रममा आवद्ध ६६ गर्भवती महिला सहित १९ हजार ८ शय २७ जनालाई ८० ART केन्द्रबाट उक्त सेवा दिइएको। मौखिक पुर्नस्थापना उपचार OST (Opoid Substitution Therapy) मा ८ सय ५६ जनाले सेवा पाएको।

**<u>सामाजिक स्वास्थ्य सुरक्षाः</u>**

- शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रबाट शुल्क तिर्न नसक्ने २ सय ४६ जना बिरामीहरूलाई निःशुल्क मुटुको भल्भको शल्यक्रिया गरिएको, ५ सय ४१ जना बिरामीहरुको मुटुको विभिन्न शल्यक्रिया गरिएको, ४ हजार २ सय ८६ जना बिरामीहरूको क्याथल्याब मार्फत विभिन्न सेवा उपलब्ध गराइएको, जसमध्ये १५ वर्षमुनिका २ सय ९० जना र ७५ वर्ष माथिका ३ सय २३ जना बिरामीलाई निःशुल्क सेवा उपलब्ध गराइएको र १ सय १८ जना बिरामीहरूको मुटुको साँघुरिएको भल्भ खोलिएको। त्यस्तै, Cardiac CT Scan सेवा मार्फत Coronary ९ सय ७३ लाई उपलब्ध गराइएको।

**<u>प्रयोगशाला सेवाः</u>**

- नेपालमा विभिन्न रोगको परीक्षण तथा निदानात्मक विशिष्टीकृत सेवा प्रदान गर्नको लागि स्थापित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट १ लाख ९६ हजार ७ सय ४५ जनालाई प्रयोगशाला सेवाहरू प्रदान गरिएको।

<u>जनशक्ति विकास तथा सेवा विस्तारः</u>

- स्वास्थ्यकर्मीहरूको दक्षता विकास गरी गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन स्वास्थ्य सेवाका विभिन्न विषयमा ४ हजार ७८ जनालाई तालिम प्रदान गरिएको।

## ८. आर्थिक वर्ष २०७६/७७ मा सम्पादन भएका प्रमुख कार्यहरूः

- कोभिड-१९ पि सि आर परीक्षण प्रतिदिन १८ हजार जनासम्मको गर्न सक्ने गरी देशको ३२ स्थानमा बिस्तार गरिएको। कोभिड National Testing Guideline तयार गरिएको। सम्पर्क परीक्षणको लागि स्थानीय तहमा १ हजार ७५ वटा Case Investigation and Contact Tracing (CICT) परिचालन गरिएको।
- कोभिड-१९ अस्पतालहरू Level I, II, III, युनिफाईड अस्पताल, Home Isolation, Isolation Centre को स्थापना गरिएको। कोभिड-१९ को संक्रमणको उपचार बापत अस्पताललाई अनुदान उपलब्ध गराउने सम्बन्धी आदेश, २०७७ जारी गरिएको।
- कोभिड-१९ को नियन्त्रण र उपचारको लागि निम्न आदेश/निर्देशिका जारी गरी कार्यान्वयन गरिएको:
  - उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७,
  - Case Management Guideline, 2077,
  - Guideline for Infection Prevention and Control,
  - एम्बुलेन्सको सररफाई तथा निसंक्रमणसम्बन्धी मान सञ्चालन कार्यविधि, २०७७,
  - शव व्यवस्थापनसम्बन्धी संक्षिप्त कार्यविधि, २०७६ (पहिलो संशोधन २०७७),
  - कोभिड तथा अन्य सेवा प्रवाहका लागि अन्तरिम निर्देशिका
- २ हजार ६ सय २६ आधारभूत स्वास्थ्य केन्द्रहरूको निर्माण र सेवा सञ्चालनको लागि वित्तीय हस्तान्तरण गरिएको। सबै संघीय र प्रदेश अस्पतालहरूमा न्यूनतम सेवा मापदण्ड (Minimum Service Standard) कार्यान्वयन गरिएको।
- सङ्घीय अस्पतालहरू (कोशी, भरतपुर, नारायणी, भेरी र डडेलधुरा अस्पताल) लाई बिशिष्टिकृत स्वास्थ्य सेवा उपलब्ध गराउन स्तरोन्नति गरिएको।
- क्षयरोगको नेशनल प्रि-भ्यालेन्स सर्भे सम्पन्न गरिएको। ५८ जिल्ला पूर्ण खोपयूक्त जिल्ला घोषणा भएको। नियमित खोप सेवामा रोटा खोपको शुरुवात भएको। दादुरा रुबेला अभियान २०७६ सम्पन्न भई २५ लाख ६३ हजार ८ सय १० जना ९ महिनादेखि ५ वर्षसम्मका बालबालिका लाभान्वित भएको। हरेक स्थानीय तहको एउटा स्वास्थ्य संस्थामा पोषण कर्नर स्थापना भएको।
- एच आई भी को अनुमानित सङ्क्रमित सङ्ख्या २९ हजार ५ सय ३ मध्ये २३ हजार १ सय ३६ जनाको (७८.४ प्रतिशत) निदान गरिएको मध्ये १८ हजार ८ सय ७ जना (८१ प्रतिशत) लाई ए. आर. भी. उपचार गरिएको।
- औलो रोगीको प्रकोपदर प्रति हजार जनसङ्ख्यामा ०.०७ रहेको, औलोको उच्च र मध्यम जोखिम क्षेत्रमा १ लाख २२ हजार विषाधियुक्त झुल वितरण गरिएको।
- करिब ३२ हजार कुष्ठरोगको नयाँ विरामी पत्ता लागेको। ८० भन्दा बढी कुष्ठरोगका विरामीहरूको सुधारात्मक शल्यक्रिया र आवश्यक सहायक सामग्री वितरण गरिएको। तराई क्षेत्रका कुष्ठरोग प्रकोप दर बढी भएका १७ जिल्ला/स्थानीय तहमा कुष्ठरोग निवारण अभियान सञ्चालन गरिएको।

- राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालालाई अत्याधुनिक प्रविधियुक्त राष्ट्रिय निदान केन्द्रको रूपमा स्तरोन्नति गर्न गुरुयोजना स्वीकृत गरिएको। रक्त सञ्चार सेवा मापदण्ड स्वीकृत भएको।
- Burn Care and Management, Road Traffic Accident and Safety, Occupational Health and Safety, Menstrual Hygiene Management, Health Care Waste Management, Organizational Capacity Assessment Tools (OCAT), Physiotherapy Training, Primary Emergency Care, Minimum Initial Service Package (MISP) update, Spinal cord injury, Anti-Microbial Resistance Prevention, Psychosocial counseling, Basic Life support लगायत थप तालिमका प्याकेजहरू तयार गरिएको।
- विद्यालय स्वास्थ्य कार्यक्रमको व्यवस्थापनका लागी प्रत्येक विद्यालयमा एक जना नर्स राख्न निर्देशिका तयार गरिएको। आँखा, नाक, कान घाँटी र मुख स्वास्थ्यसम्बन्धी बिद्यालय स्वास्थ्य शिक्षा र स्वास्थ्यकर्मीको लागि निर्देशिका तयार गरिएको।
- घरमा आधारित स्वास्थ्य सेवासम्बन्धी, मापदण्ड र कार्यविधि तयार गरिएको। दूरचिकित्सा (Telimedicine) सम्बन्धी कार्यविधि तयार गरिएको।
- स्वास्थ्य तालिम रणनीति तयार गरिएको। स्वास्थ्यकर्मीहरूलाई Geriatric care विषयमा e-based modality मा तालिम सञ्चालनका लागि तालिम प्याकेज निर्माण गरिएको।
- केमोथेरापी प्रिपरेशन र एड्मिनिस्ट्रेशन, फिस्टुला पञ्चर र हेमोडाईलासिस, भेन्टिलेटर केयर प्रक्रियाहरूको प्रोटोकल तयार गरिएको।
- सुरक्षित मातृत्व र मिडवाइफ सेवाको लागि अस्पतालमा मिडवाईफ परिचालन कार्यविधि तयार गरिएको। स्वास्थ्य चौकीस्तरीय न्युनतम सेवा मापदण्ड (HP MSS) सम्बन्धी TOOLS, मार्गदर्शन तयार गरिएको।
- औषधिको प्रतिजैबिक प्रतिरोध (Antimicrobial Resistance-AMR) सम्बन्धी निर्देशिका तयार गरिएको। स्वास्थ्यकर्मी तथा बिरामी सुरक्षाका लागि बिरामी सुरक्षा (Patient Safety) सम्बन्धी country roadmap निर्माण गरिएको। नागरिक आरोग्य कार्यक्रम सञ्चालन निर्देशिका, २०७६ तयार गरिएको। "मेरो स्वास्थ्य, मेरो जिम्मेवारी" एप तयार गरिएको।
- कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा डिप्लोमा इन फार्मेशी (जाजरकोट जिल्लामा) कार्यक्रम सञ्चालन, Anesthesia Assistant र Skilled Birth Attendant (SBA) प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको।
- शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रबाट ४ सय २३ जनालाई निःशूल्क भल्भ शल्यक्रिया, १ हजार १ सय ४७ जना बिरामीहरुको मुटुको विभिन्न खाले शल्यक्रिया, ६ हजार २ सय २८ जनाको क्याथल्याब मार्फत विभिन्न सेवा (एन्जीयोग्राफी ३ हजार १ सय ४८, एन्जीयोप्लाष्टी १ हजार ४ सय ९, पेशमेकर ३ सय ८ र अन्य १३ हजार ६ सय ३०), ६ सय १३ जना १५ वर्ष मुनिका निःशुल्क शल्यक्रिया, ६८४ जना ७५ वर्ष माथिका निःशुल्क सेवा र २ सय ५७ जना बिरामीहरूको मुटुको साँघुरिएको भल्भ (Percutaneous transvenous mitral commissurotomy-PTMC) खोलिएको।
- मनमोहन कार्डियो थोरासिस एण्ड ट्रान्सप्लाण्ट केन्द्रबाट जेष्ठ नागरिक ३८ जना, बालबालिका १ सय ३ जना, PTMC ४२ जना, AAA ११ जना र RHD १ सय १२ जना गरी जम्मा ५ सय ५६ जनालाई निःशुल्क सेवा प्रदान गरिएको।
- निःशुल्क आँखा शिविर मार्फत ३ हजार ४३ जना मोतीबिन्दुको अपरेशन गरिएको। आँखा अस्पतालमा १ हजार ५ सय विपन्न नागरिकको आँखाको मोतिविन्दु शल्यक्रिया गरिएको।

- ५८ जिल्लाको ५ सय ६३ स्थानीय तहमा स्वास्थ्य बीमा कार्यक्रम विस्तार भई कुल ८ लाख ५३ हजार ३ सय ९० परिवारको २८ लाख ८२ हजार १ सय ७ जना बीमित भएको।

## ९. आर्थिक वर्ष २०७६/७७ को खुद बजेट एवं खर्चको यथार्थ विवरणः

चालु खर्च (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३७०००००११३ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | ७८६४४६ | १८४६७० | २३.४८ |
| ३७०००००१२३ | राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र | २३३३४ | २१८६० | ९३.६८ |
| ३७०००००१३३ | पशुपति होमियो चिकित्सालय र युनानी औषधालय | १५१०० | ११०२१ | ७२.९९ |
| ३७००००१०१३ | कान्ति बाल अस्पताल | ३८२४०० | २३३२८८ | ६१.०१ |
| ३७००००१०२३ | शुक्रराज ट्रपिकल अस्पताल | ७५४४४ | १५०६७३ | १९९.७२ |
| ३७००००१०३३ | परोपकार प्रसुति अस्पताल | ४५७८१८ | ४५६५०० | ९९.७१ |
| ३७००००१०४३ | नेपाल आँखा अस्पताल | ३३००० | ३१४४१ | ९५.२८ |
| ३७००००१०५३ | बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल | ६१४१५२ | ६१३९०० | ९९.९६ |
| ३७००००१०६३ | मनमोहन कार्डियोथेरासिक भस्कुलर तथा ट्रान्स्प्लान्ट केन्द्र, महाराजगञ्ज | ५३१५०० | ५३१५०० | १०० |
| ३७००००१०७३ | शहिद गंगालाल हृदय केन्द्र | ८३१००० | ८३१००० | १०० |
| ३७००००१०८३ | त्रि.वि. शिक्षण अस्पताल (सुरेश वाग्ले स्मृति क्यान्सर केन्द्र समेत) | ५०१६०७ | ५०१६०७ | १०० |
| ३७००००१०९३ | स्वास्थ्य कर कोषबाट सञ्चालित कार्यक्रमहरू | ६५००० | ३२६५८ | ५०.२४ |
| ३७००००११०३ | आयुर्वेद चिकित्सालय, नरदेवी | ८८३०० | ७३८६४ | ८३.६५ |
| ३७००००१११३ | सिंहदरबार वैद्यखाना | ३००६८ | ८९०० | २९.६ |
| ३७००००११२३ | बी.पी. कोईराला लायन्स नेत्र अध्ययन केन्द्र | १६००० | १५५०० | ९६.८८ |
| ३७००००११३३ | नेपाल नेत्र ज्योति संघ | ५८००० | ५५६२८ | ९५.९१ |
| ३७००००११४३ | अनुगमन, मूल्याङ्कन तथा योजना सुदृढीकरण | १४६१६५३ | ३००२०३ | २०.५४ |
| ३७००००११५३ | मानव अङ्ग प्रत्यारोपण केन्द्र | १९०५०० | १५२०९८ | ७९.८४ |
| ३७००००११८३ | कोभिड-१९ रोकथाम तथा नियन्त्रण कार्यक्रम | ३५९४८१६ | २३४६३७४ | ६५.२७ |
| ३७००१०११३ | स्वास्थ्य सेवा विभाग | १६०९०८ | १५२५४७ | ९४.८ |
| ३७००११०१३ | क्षयरोग नियन्त्रण | ५३३०९९ | ४०८५०७ | ७६.६३ |
| ३७००११०२३ | एड्स तथा यौन रोग नियन्त्रण | ५२०४७० | ४२२३३३ | ८१.१४ |
| ३७००११०३३ | एकीकृत महिला स्वास्थ्य तथा प्रजनन स्वास्थ्य कार्यक्रम | ३४७१०० | २६७०८२ | ७६.९५ |
| ३७००११०४३ | एकीकृत बाल स्वास्थ्य एवं पोषण कार्यक्रम | २८३४२९१ | २२५०५९६ | ७९.४१ |
| ३७००११०५३ | महामारी तथा रोग नियन्त्रण कार्यक्रम | ४२४२३१ | १७८७२१ | ४२.१३ |
| ३७००११०६३ | अपाङ्गता रोकथाम तथा कुष्ठरोग नियन्त्रण कार्यक्रम | २४३०० | ६२२१ | २५.६ |
| ३७००११०७३ | औषधि र उपकरण आपूर्ति | १११४०० | ५७९९० | ५२.०६ |
| ३७००११०८३ | अस्पताल निर्माण सुधार तथा व्यवस्थापन सूचना प्रणाली | १२५९०० | ७४४०६ | ५९.१ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३७००११०९३ | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र | १२३५७६ | ९२७७५ | ७५.०८ |
| ३७००१११०३ | राष्ट्रिय तालिम कार्यक्रम | ९०३०० | ४५३५५ | ५०.२३ |
| ३७००११११३ | किटजन्य रोग नियन्त्रण अनुसन्धान तथा तालिम केन्द्र | २३७९३ | १६८३३ | ७०.७५ |
| ३७००१११२३ | राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला | १८२००० | १७०९८७ | ९३.९५ |
| ३७००१११५३ | उपचारात्मक सेवा कार्यक्रम | २४५३९१ | १३२५२७ | ५४.०१ |
| ३७००१११६३ | नर्सिङ्ग तथा सामाजकि सुरक्षा सेवा कर्ायक्रम | २४२२७०० | २३२९३२४ | ९६.१५ |
| ३७००२०११३ | औषधि व्यवस्था विभाग | १४३३८० | ८४८०७ | ५९.१५ |
| ३७००३०११३ | आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग | २४५०० | १८६६१ | ७६.१७ |
| ३७००३१०१३ | विविध कार्यक्रम (आयुर्वेद विभाग) | २५६०० | १२०३२ | ४७ |
| ३७०३११०१३ | स्वास्थ्य बीमा बोर्ड | ५१९५१०० | ४६५३८९४ | ८९.५८ |
| ३७०४१०११३ | स्वास्थ्य अनुसन्धान परिषद् | ११०००० | ९१९६४ | ८३.६ |
| ३७०६१०११३ | केन्द्रीय अस्पताल तथा प्रतिष्ठान | १९६५०२७ | १६०२२२८ | ८१.५४ |
| ३७०६१०१२३ | चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पताल समेत) | २४०३३४१ | २२३४७४० | ९२.९८ |
| ३७०६१०१३३ | बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान | ८८२०५० | ८८२०५० | १०० |
| ३७०६१०१४३ | कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान | ४५१६०० | ४५१६०० | १०० |
| ३७०६१०१५३ | पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान | १४७९५२ | १४७९५२ | १०० |
| ३७०६१०१६३ | रासी स्वास्थ्य विज्ञान प्र्ष्तिठान | २९३४९८ | २९३४९८ | १०० |
| ३७०६१०१७३ | पोखरा स्वास्थ्य विज्ञान प्र्ष्तिठान | ३८२७८७ | २५२४७० | ६५.९६ |
| | **कुल जम्मा** | **२९९५०४३२** | **२३८८४७८५** | **७९.७५** |

**पुँजीगत खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३७००००१३४ | पशुपति होमियो चिकित्सालय र युनानी औषधालय | २१०० | २०८५ | ९९.३ |
| ३७०००१०५४ | बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल | १००००० | ८७००० | ८७ |
| ३७०००११४४ | अनुगमन, मूल्याङ्कन तथा योजना सुदृढीकरण | ३४३०० | २०३६५ | ५९.३७ |
| ३७०००११६४ | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ५७४८८४९ | ३९२४२९० | ६८.२६ |
| ३७०००११८४ | कोभिड-१९ रोकथाम तथा नियन्त्रण कार्यक्रम | २४६५८५१ | २४५११५८ | ९९.४ |
| ३७००११०१४ | क्षयरोग नियन्त्रण | १४८००० | ८४४४२ | ५७.०६ |
| ३७००११०२४ | एड्स तथा यौन रोग नियन्त्रण | २८००० | ० | ० |
| ३७००११०३४ | एकीकृत महिला स्वास्थ्य तथा प्रजनन स्वास्थ्य कार्यक्रम | ९९०० | ९२८२ | ९३.७६ |
| ३७००११०४४ | एकीकृत बाल स्वास्थ्य एवं पोषण कार्यक्रम | २७०३०० | ५७८१३ | २१.३९ |
| ३७००११०५४ | महामारी तथा रोग नियन्त्रण कार्यक्रम | २८९०० | ६७१० | २३.२२ |
| ३७००११०६४ | अपाङ्गता रोकथाम तथा कुष्ठरोग नियन्त्रण कार्यक्रम | १२०० | ० | ० |
| ३७००११०७४ | औषधि र उपकरण आपूर्ति | १३४१०० | ८७९३५ | ६५.५७ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३७००११०८४ | अस्पताल निर्माण सुधार तथा व्यवस्थापन सूचना प्रणाली | ५८०० | २७८३ | ४७.९९ |
| ३७००११०९४ | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र | ५०० | ४७८ | ९५.६७ |
| ३७००१११०४ | राष्ट्रिय तालिम कार्यक्रम | २२०० | २१९९ | ९९.९५ |
| ३७००१११२४ | राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला | ३४५०० | २६५६० | ७६.९९ |
| ३७००१११५४ | उपचारात्मक सेवा कार्यक्रम | ७१०० | ९४० | १३.२३ |
| ३७००१११६४ | नर्सिङ्ग तथा सामाजकि सुरक्षा सेवा कर्यक्रम | ३२०० | २००६ | ६२.६९ |
| ३७००२०११४ | औषधि व्यवस्था विभाग | ५१४०० | ७४३७ | १४.४७ |
| ३७००३१०१४ | विविध कार्यक्रम (आयुर्वेद विभाग) | ६३०० | ४०९३ | ६४.९६ |
| ३७००३१०२४ | आयुर्वेद सेवा कार्यक्रम | २५२५०० | २००५४९ | ७९.४३ |
| | कुल जम्मा | ९३३५००० | ६९७८१२५ | ७४.७५ |

## १०. चालु आर्थिक वर्ष २०७७/७८ को खुद बजेट तथा फागुन मसान्तसम्मको खर्चको अवस्था:

चालु खर्च (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३७००००११३ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | २३८७४८९ | ५८८५१५ | २४.६५ |
| ३७००००१३३ | पशुपति होमियो चिकित्सालय र युनानी औषधालय | १६७४७ | ७६६३ | ४५.७६ |
| ३७०००१०१३ | कान्ति बाल अस्पताल | ४८४३७० | १३९७९८ | २८.८६ |
| ३७०००१०२३ | शुक्रराज ट्रपिकल अस्पताल | १९०५४३ | ८०१५० | ४२.०६ |
| ३७०००१०३३ | परोपकार प्रसुती अस्पताल | ५६८०९६ | ३०९४०१ | ५४.४६ |
| ३७०००१०४३ | नेपाल आखाँ अस्पताल | ३०००० | ११४०७ | ३८.०२ |
| ३७०००१०५३ | बी.पी. कोईराला मेमोरियल क्यान्सर अस्पताल | २४०७०० | २३५९०७ | ९८.०१ |
| ३७०००१०६३ | मनमोहन कार्डियोथेरासिक भस्कुलर तथा ट्रान्स्प्लान्ट केन्द्र, महाराजगञ्ज | २९१८०० | ४४४७३ | १५.२४ |
| ३७०००१०७३ | शहीद गंगालाल हृदय केन्द्र | ४७०१०० | ३०८१६० | ६५.५५ |
| ३७०००१०८३ | त्रि.वि. शिक्षण अस्पताल (सुरेश वाग्ले स्मृति क्यान्सर केन्द्र समेत) | ५१२३०० | ३६०४३२ | ७०.३६ |
| ३७०००१०९३ | स्वास्थ्य कर कोषबाट सञ्चालित कार्यक्रमहरू | ३९३००० | १३२२८४ | ३३.६६ |
| ३७०००११०३ | आयुर्वेद चिकित्सालय, नरदेवी | ८५५३७ | ४२८९८ | ५०.१५ |
| ३७०००१११३ | सिंहदरबार वैद्यखाना | २५५०० | २६२० | १०.२७ |
| ३७०००११२३ | बी.पी. कोइराला लायन्स नेत्र अध्ययन केन्द्र | १२५०० | १०००० | ८०.०० |
| ३७०००११३३ | नेपाल नेत्रज्योति संघ | ४३००० | १८४८३ | ४२.९८ |
| ३७०००११४३ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ५१३६९५७ | ४४८४५ | ०.८७ |
| ३७०००११५३ | मानव अङ्ग प्रत्यारोपण केन्द्र | ४२३३०० | १६९३४५ | ४०.०१ |
| ३७०००११८३ | कोभिड-१९ रोकथाम तथा नियन्त्रण कार्यक्रम | ७६७३३२९ | २८०३५०६ | ३६.५४ |
| ३७००१०११३ | स्वास्थ्य सेवा विभाग | १९१५५९ | ९१७८६ | ४७.९२ |
| ३७००११०१३ | क्षयरोग नियन्त्रण | ७१६३१६ | ५०३५९ | ७.०३ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३७००११०२३ | एड्स तथा यौन रोग नियन्त्रण | ५६७३८५ | १३५५७२ | २३.८९ |
| ३७००११०३३ | परिवार कल्याण कार्यक्रम | २७२०४०० | २१२४८७ | ७.८१ |
| ३७००११०५३ | महामारी रोग नियन्त्रण कार्यक्रम | ६२२००० | २३१३५१ | ३७.१९ |
| ३७००११०७३ | स्वास्थ्य व्यवस्थापन कार्यक्रम | १७०१०० | ३६०४० | २१.१९ |
| ३७००११०९३ | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र | १०७८९८ | ४६१९९ | ४२.८२ |
| ३७००१११०३ | राष्ट्रिय स्वास्थ्य तालिम कार्यक्रम | ११०६०० | ४६६६० | ४२.१९ |
| ३७००११११३ | किटजन्य रोग नियन्त्रण अनुसन्धान तथा तालिम केन्द्र | २४२९९ | १०३७५ | ४२.७० |
| ३७००१११२३ | राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला | १९९९०० | १०२५२४ | ५१.२९ |
| ३७००१११५३ | उपचारात्मक सेवा कार्यक्रम | ९४३०० | १२२१९ | १२.९६ |
| ३७००१११६३ | नर्सिङ्ग तथा सामाजकि सुरक्षा सेवा कर्यक्रम | २५५१४८८ | १२५९२२८ | ४९.३५ |
| ३७००२०११३ | औषधि व्यवस्था विभाग | १४०८०० | ४३७४९ | ३१.०७ |
| ३७००३०११३ | आयुर्वेद सेवा कार्यक्रम | ५५९८६ | १५१३९ | २७.०४ |
| ३७०३११०१३ | स्वास्थ्य वीमा बोर्ड | ७५००००० | ३५३८११६ | ४७.१७ |
| ३७०४१०११३ | स्वास्थ्य अनुसन्धान परिषद् | १९८६०० | १३२३८० | ६६.६६ |
| ३७०६१०११३ | केन्द्रीय अस्पताल तथा प्रतिष्ठान | २७९९३८४ | १०६२३२१ | ३७.९५ |
| ३७०६१०१२३ | चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पताल समेत) | २३०७१८४ | १२६०५८७ | ५४.६४ |
| ३७०६१०१३३ | बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान | ६८०००० | ४३९७५२ | ६४.६७ |
| ३७०६१०१४३ | कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान | ४८५४४८ | २८०५८० | ५७.८० |
| ३७०६१०१५३ | पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान | १७३३०० | ३८३५० | २२.१३ |
| ३७०६१०१६३ | रासी स्वास्थ्य विज्ञान प्रष्तिठान | १५७००० | ९८५०० | ६२.७४ |
| ३७०६१०१७३ | पोखरा स्वास्थ्य विज्ञान प्रष्तिठान | ७१३९०५ | १९५३३२ | २७.३६ |
| | कुल जम्मा | ४२२७३१२० | १४६४९४९४ | ३४.६५ |

**पुंजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३७००००११४ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | १३२५० | ० | ०.०० |
| ३७००००१३४ | पशुपति होमियो चिकित्सालय र युनानी औषधालय | २१०० | ७८८ | ३७.५५ |
| ३७००००११४४ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ७४५०० | २६०९ | ३.५० |
| ३७००००११६४ | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | १४३४५१३८ | १४७७७४४ | १०.३० |
| ३७००००११८४ | कोभिड-१९ रोकथाम तथा नियन्त्रण कार्यक्रम | ६४७८५ | २२२८ | ३.४४ |
| ३७००११०१४ | क्षयरोग नियन्त्रण | ९८६१३ | ४१४३६ | ४२.०२ |
| ३७००११०३४ | परिवार कल्याण कार्यक्रम | ३३७२०० | १५५१५ | ४.६० |
| ३७००११०५४ | महामारी रोग नियन्त्रण कार्यक्रम | ८८४०० | ४८९ | ०.५५ |
| ३७००११०७४ | स्वास्थ्य व्यवस्थापन कार्यक्रम | ७६५७५९ | ११४८४ | १.५० |
| ३७००११०९४ | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र | ५०० | २२० | ४४.०८ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३७००१११०४ | राष्ट्रिय स्वास्थ्य तालिम कार्यक्रम | २२०० | २०२२ | ९१.९२ |
| ३७००१११२४ | राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला | ७८६६० | ३६०० | ४.५८ |
| ३७००१११५४ | उपचारात्मक सेवा कार्यक्रम | १६०० | १०० | ६.२५ |
| ३७००१११६४ | नर्सिङ्ग तथा सामाजकि सुरक्षा सेवा कायक्रम | ३०० | २०० | ६६.६७ |
| ३७००२०११४ | औषधि व्यवस्था विभाग | २४६०० | १४७४ | ५.९९ |
| ३७००३०११४ | आयुर्वेद सेवा कार्यक्रम | ४५२०० | १८६ | ०.४१ |
| ३७०६१०११४ | केन्द्रीय अस्पताल तथा प्रतिष्ठान | ८१८४० | ० | ०.०० |
| ३७०६१०१४४ | कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान | ७११०० | ३५६०० | ५०.०७ |
| | **कुल जम्मा** | **१६०९५७४५** | **१५९५६९५** | **९.९१** |

◆ ◆ ◆

# अनुसूचीहरू

# अनुसूची-१

## आर्थिक वर्ष २०७६/७७ को वैदेशिक सहायता प्राप्तिको विवरण

(रू. हजारमा)

| सि.नं. | मन्त्रालयको नाम | अनुदान | | | | | ऋण | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नगद अनुदान | सोधभर्ना हुने अनुदान | सोझै भुक्तानी | वस्तुगत सहायता | जम्मा अनुदान | नगद ऋण | सोधभर्ना हुने ऋण | सोझै भुक्तानी ऋण | जम्मा ऋण | |
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ० | २०२२ | | | २०२२ | | | | ० | २०२२ |
| २ | अर्थ मन्त्रालय | ११६०९२ | १४०६६५ | ३८७५०० | | ६४४२५७ | २३६६९१ | | | २३६६९१ | ८८०९४८ |
| ३ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | | २६०६४२ | ७९०२५ | | ३३९६६७ | | ४९६२३८ | | ४९६२३८ | ८३५९०५ |
| ४ | उर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय | ११९९३८ | ५२६८४२ | ३४८८१९ | | ९९५५९९ | | ३७०२७६ | ६६३९६ | ४३६६७२ | १४३२२७१ |
| ५ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | ८७१८४८ | ० | ५७०३७८ | | १४४२२२५ | ९५७८२२९ | ४७१५७७ | | १००४९८०६ | ११४९२०३१ |
| ६ | खानेपानी मन्त्रालय | ० | २३७२४३ | २३९५ | | २३९६३८ | | १६६५०८९ | ९३३१८७ | २५९८२७६ | २८३७९१४ |
| ७ | गृह मन्त्रालय | ० | ० | ३०७ | | ३०७ | | ८२६१०६ | ० | ८२६१०६ | ८२६४१२ |
| ८ | संस्कृती, पर्यटन तथा नागरीक उड्डयन मन्त्रालय | ० | ३१८० | १३९८३७ | | १४३०१७ | ० | | | ० | १४३०१७ |
| ९ | वन तथा वातावरण मन्त्रालय | ० | ६२३०७६ | ४२६५३४ | | १०४९६१० | | ० | ० | ० | १०४९६१० |
| १० | भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय | ० | ११७५७२८ | ६७६१०३ | | १८५१८३१ | २०५६०६५० | ३०८७०२९ | ६१८३३१७ | २९८३०९९६ | ३१६८२८२६ |
| ११ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | २०४१ | | १९८५२ | | २१८९३ | | | | ० | २१८९३ |
| १२ | शहरी विकास मन्त्रालय | | १६७५६८ | २४६२६५ | | ४१३८३३ | १९९२७७५ | २७५१६३० | ५२४५१९ | ५२६८९२३ | ५६८२७५७ |
| १३ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | ० | ९५४१६ | ७९१४९९ | २८६११५ | ११७३०३० | | ३३३८७६८ | | ३३३८७६८ | ४५११७९८ |
| १४ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ७५६५३ | ३०७२५३ | ५९१४७७ | ० | ९७४३८२ | | १६६६६४६ | १४१७८ | १६८०८२४ | २६५५२०७ |
| १५ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | १७७८१ | २५८६१२१ | ३११११३२ | १४५८७१५ | ४३७३७४९ | | ३८९९७५१ | | ३८९९७५१ | ८२७३५०० |
| १६ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | ४७५२ | | २८२०२५ | | २८६७७७ | | ० | | ० | २८६७७७ |
| १७ | राष्ट्रिय योजना आयोग | १८१९८ | | | | १८१९८ | | | | ० | १८१९८ |
| १८ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | | ६९७६५७ | | | ६९७६५७ | | १८६६७३९७ | ४०७४९२ | १९०७४८९० | १९७७२५४६ |
| १९ | अर्थ मन्त्रालय वित्तीय व्यवस्था | ० | ३४६५४० | ३०१४१३७ | | ३३६०६७७ | ५५००००० | २७९७७९५ | २३५०४४१४ | ३१८०२२०९ | ३५१६२८८६ |
| २० | प्रदेश सरकार | १६९३३३ | ४७०३०० | ० | | ६३९६३३ | | ९९३२२३ | | ९९३२२३ | १६३२८५६ |
| २१ | स्थानीय तह | २१७२५४ | ३४४६४४५ | १३८२७८८ | | ५०४६४८७ | | ६११०५४४ | | ६११०५४४ | १११५७०३१ |
| | **जम्मा** | **१६१२८८९** | **११०८६६९८** | **९२७००७०** | **१७४४८३०** | **२३७१४४८७** | **३७८६८३४६** | **४७१४२०६९** | **३१६३३५०२** | **११६६४३९१७** | **१४०३५८४०४** |

**स्रोतः महालेखा नियन्त्रक कार्यालय**

# अनुसूची- २

## Project Aid Commitment
## Projectwise Report Upto Falgun

**FY 2020/21 (2077/78)**

| S.N. | Date of Agreement | Donor | Name of the Project | Type of Assistance | Amount (in millions) | | Sector |
|---|---|---|---|---|---|---|---|
| | | | | | In Foreign Currency | In NRs. | |
| 1 | 17 July 2020 (2 Shrawan 2076) | WB | Strategic Road Connectivity and Trade Improvement Project | Loan | USD 450 | 54000.00 | Road |
| 2 | 23 July 2020 (7 Shrawan 2076) | JAPAN | School Sector Development Program (SSDP) | Grant | JPY 300 | 335.00 | Education |
| 3 | 31 July 2020 (16 Shrawan 2076) | WB | Earthquake Housing Reconstruction Project (MDTF) | Grant | USD 5 | 600.00 | Reconstruction |
| 4 | 27 August 2020 (11 Bhadra 2076) | Norway | SASEC Power Transmission and distribution system strengthening Project (PTDSSP) | Grant | USD 35 | 4150.30 | Energy |
| | | ADB | | Loan | USD 200 | 23716.00 | |
| 5 | 4 September 2020 (19Bhadra 2077) | WB | School Sector Development Program (SSDP) | Grant | USD 10.85 | 1270.00 | Education |
| 6 | 12 October 2020 (26 Aswin 2077) | IFAD | Supporting COVID-19 Recovery Through Accelerated private Investment in Agriculture | Grant | USD 0.5453 | 63.61 | Covid Support |
| 7 | 16 October 2020 (30 Ashwin 2077) | Germany | Support for the National Health Sector Programme | Grant | EURO 10 | 1260.00 | Covid Support |
| 8 | 19 October 2020 ( Kartik 2077) | DFID | Nepal Health Sector Program-III | Grant | Pound 22.5 | 3401.55 | Health |
| 9 | October 2020 ( Kartik 2077) | GEF/UNDP | Developing Climate Resilient Livelihood in Vulnerable watershed in Nepal | Grant | USD 7.9 | 1750.00 | Forest and Environment |
| 10 | October 2020 ( Kartik 2077) | GEF/WWF | Integrated Landscape Management to Secure Nepal's Protected Areas and Critical Corridors | Grant | USD 6.69 | | |
| 11 | 19 November 2020 (3 Mangsir 2077) | WB | Nepal Urban Governance and Infrastructure Project | Loan | USD 150 | 17763.00 | Urban Development |
| | | | Finance for Growth Development Policy Credit | Loan | USD 200 | 23684.00 | DPC |
| 12 | 29 November 2020 (Mangsir 2077) | Switzerland | Nepal Agricultural Market Development Programme-II | Grant | CHF 9.54 | 1259.09 | Agriculture |
| 13 | 04 December 2020(Mangsir 2077) | EU | Supporting Nepal's School Sectors | Grant | EURO 20 | 2857.20 | Education |
| 14 | 21 December 2020(Poush 2077) | WB | Rural Enterprise and Econimic Development Project | Loan | USD 80 | 9392.00 | Agriculture |
| 15 | 22 December 2020(Poush 2077) | ADB | Priority River Basin Flood Risk Management | Loan | USD 40 | 4714.00 | Irrigation |
| | | | Priority River Basin Flood Risk Management | Grant | USD 10 | 1178.50 | |

| S.N. | Date of Agreement | Donor | Name of the Project | Type of Assistance | Amount (in millions) | | Sector |
|---|---|---|---|---|---|---|---|
| | | | | | In Foreign Currency | In NRs. | |
| | | | | | | | |
| 16 | 22 December 2020(Poush 2077) | ADB | SASEC Airport Capacity Enhancement Project | Loan | USD150 | 17763.00 | Capacity Enhancement |
| 17 | 30 December 2020 (Poush 2077) | ADB | Electricity Grid Modernization Project | Loan | USD156 | 18279.02 | Energy |
| **Total** | | | | | | **187436.27** | **Percentage** |
| | | | | | **Grant** | **18125.25** | 9.67 |
| “उपर्युक्त विवरण २०७७ फागुन मसान्तसम्मको हो।” | | | | | **Loan** | **169311.02** | 90.33 |
| | | | | | **Total** | **187436.27** | **100.00** |

## अनुसूची- ३

### आ.व.२०७७/७८ को श्रावण देखी फागुन मसान्तसम्म आर्थिक ऐन, २०७७ को दफा १८ बमोजिम दिइएको राजस्व छुटको विवरण

| सि.नं. | छुट प्रदान गरिएको निकायको नाम | पैठारी मूल्य (रू.) | छुट दिइएको राजस्व (रु.) |
|---|---|---|---|
| १. | गृह मन्त्रालय | १५,८९,८९,२९६ | ७,४५,६५,९८४ |
| २. | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २,१०,०१,४९२ | ३९,१६,७८१ |
| ३. | नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान | ३३,२२,३४४ | ५,८६,३९५ |
| ४. | स्वास्थ्य सेवा विभाग | ७,९४,१२,३३३ | १,८९,६८,१७८ |
| ५. | नेपाली सेना मुख्यालय | १,१९,८५,५४,०६६ | १,२६,७४,२८,०५३ |
| ६. | राष्ट्रिय क्षयरोग केन्द्र | २१,७४,७९,७६७ | ३,४४,२२,०८० |
| ७. | जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक | २,४९,६३,०२६ | १,०७,४९,३९९ |
| ८. | हुलाक सेवा विभाग | १०,६३,९३४ | २,५८,५३७ |
| ९. | श्रम, रोजगता तथा सामाजिक सुरक्षा मन्त्रालय | ४५,०३,०६२ | ६३,८५,६७६ |
| १०. | पर्वत अस्पताल | ९८,९२,८६४ | १८,४५,०२५ |
| ११. | जुगल गाँउपालिका | ४५,४३,८४० | २०,६६,०५६ |
| १२. | चौतारा साँगा चोक नगरपालिका | २३,८३,२८० | १०,७२,५२० |
| १३. | बाह्रबिसे नगरपालिका | ५२,०३,७६० | २३,६३,४९९ |
| १४. | भोटेकोशी गाउँपालिका | ३६,२१,७६० | १६,४१,५३० |
| १५. | सशस्त्र प्रहरी बल | १,९४,७६,२४० | ३६,३२,३२६ |
| १६. | बिगु गाउँपालिका | ८८,९९,८५६ | ५०,७५,२०१ |
| १७. | खुम्बु पासाङ्गल्हामु गाउँपालिका | १,१२,८७,९३६ | २७,४२,९७० |
| १८. | घोराही उपमहानगरपालिका | २६,१०,४८० | ६,०५,३९९ |
| १९. | काठमाडौं महानगरपालिका | १,९१,४३,६०० | ३३,७८,८४६ |
| २०. | दुल्लु नगरपालिका, कर्णाली प्रदेश | ५४,८१,५२१ | १३,३०,३५४ |
| २१. | ज्ञानोदय मध्यामिक विद्यालय | २७,९४,४६३ | ३,७६,०४० |
| २२. | नेपाल आयल निगम लि. | १,६७,३४,१९,२०४ | १,७१,७८,४०,५९२ |
| २३. | ब्रिटिश गोर्खाज नेपाल | १,६५,५२,०९५ | ५१,३३,३२० |
| २४. | (एचआरडी) कोरिया इपिएस सेन्टर नेपाल | ४,६९,७२६ | १,४०,६८५ |
| २५. | संयुक्त राष्ट्र संघ विकास कार्यक्रम | १,२९,६७,३६३ | २५,०९,७५३ |
| २६. | संयुक्त राष्ट्र संघ उच्च आयुक्तको कार्यालय | ४३,९३,१८२ | १७,७३,८०२ |
| २७. | नेपाल रेडक्रस सोसाइटि | २२,९८,११४ | ९,७३,९४४ |
| २८. | कुष्ठरोग मिशन नेपाल | ९,२७,७५० | १,७३,०२६ |
| २९. | राष्ट्रिय आविष्कार केन्द्र | ५,१७,२४१ | १,३७,२१८ |
| ३०. | केयर नेपाल | ३,४८,३६,५५२ | १,८७,१२,०५८ |
| ३१. | नेपाल गल्फ एशोसियसन | ४,६२,२३४ | २,१६,७८९ |
| ३२. | राधा स्वामी सतसङ्ग व्यास नेपाल | ४१,११,८१४ | ११,७०,३९१ |
| ३३. | वन हर्ट वर्ल्ड वाइड नेपाल | ३५,००,९९१ | ६,३३,०३५ |
| ३४. | खगेन्द्र नवजीवन विशेष शिक्षालय | १७,३२,१४४ | ४२,३९,९४४ |
| ३५. | विज्ञान तथा प्रविधि मन्त्रालय | १५,४४,८५३ | ३६,२४,३८१ |
| ३६. | नेपाल जुडो सङ्घ | ९,५७,३०५ | ४,२७,९५७ |
| ३७. | रोटरी क्लब अफ मध्यपुर | ३८,८४,६५७ | ७,२४,४९७ |

| सि.नं. | छुट प्रदान गरिएको निकायको नाम | पैठारी मूल्य (रू.) | छुट दिइएको राजस्व (रु.) |
|---|---|---|---|
| ३८. | काठमाडौं इन्स्चिच्यूट अफ एप्लाइड साइन्स | १२,७७,६८५ | २,२५,५१३ |
| ३९. | नेपाल क्यान्सर फाउन्डेशन | ११,३६,५०६ | २,१०,८५७ |
| ४०. | मानव सेवा आश्रम | १५,६१,७४१ | ३९,६३,३८८ |
| ४१. | धुलिखेल अस्पताल | ४,६७,००,३६० | ८९,२९,८३१ |
| ४२. | रोटरी क्लब अफ दमक | ४८,२०,५७४ | ८,५०,८३२ |
| ४३. | कृषि विभाग | ७३,७३,३८३ | १५,३६,५८४ |
| ४४. | नेपाल प्रहरी प्रधान कार्यालय | १,३२,८३,७७९ | १८,५२,८६६ |
| ४५. | सडक विभाग | १०,६३,९९,२९४ | २,०४,९०,७७९ |
| ४६. | नेपाल विद्युत्त प्राधिकरण | ४,०७,०७,६१,८९० | १,२६,६९,१३,३५१ |
| ४७. | चाइना-एड टिमुरे बोर्डर इन्सपेक्सन | ५,२८,२१,५७४ | १,९३,६१,५९७ |
| ४८. | विश्व खाद्य कार्यक्रम | १९,८५,३४,३८० | २,७२,७१,४८५ |
| ४९. | हाज्मा एण्डो कर्पोरेशन | ५५,८२,३६,३५८ | १९,०७,६६,९३२ |
| ५०. | हेलभेटास नापल | ६,४५,७३,६१८ | २,०२,९६,१७५ |
| ५१. | कन्ट्राक्टर गोन्झाउ कन्सट्रक्सन ईन्जिनियरिङ | २,४३,९२,४५९ | ७५,२८,६४२ |
| ५२. | जय मंगला कन्सट्रक्सन | १,२९,४८,३८४ | ३१,४६,४५८ |
| ५३. | चाइना नेशनल एरो - टेक्नोलोजी इन्टरनेशनल | ५,६८,२८,८६९ | २,१०,१६,३७७ |
| ५४. | नेपाल विद्युत्त प्राधिकरण-कालिगण्डकी | २४,०१,०७,५१५ | ८,३५,२०,९९९ |
| ५५. | महेश पावर कन्ट्रोल इन्सट्रुमेन्ट | ८७,९७,२७६ | २८,०३,१७८ |
| ५६. | स्थानिय सडक पूल कार्यक्रम | ८८,८३,६६६ | २२,९५,७३६ |
| ५७. | टेलिकम्यूनिकेशन कन्सल्टयान्ट भारत | ३,३९,५९,९०४ | १,७७,५४,९१६ |
| ५८. | राजदीप बिल्डकन प्रा.लि. | ४८,१६,०४२ | २२,१३,६६,४५३ |
| ५९. | अपर त्रिशुली थ्री ए हाइड्रो प्रोजेक्ट | ८,६७,३१७ | २,५१,०८८ |
| ६०. | तनहुँ हाइड्रोपावर लि. | २९,४५,१३,७१९ | १०,६७,६२,५५४ |
| ६१. | चाइना सिएएमसि ईन्जिनियरिङ्ग क.लि. | २,८२,८८,६०,८९१ | ७५,१९,३४,३८० |
| ६२. | बागमती कन्स्ट्रक्सन कम्पनि | २४,६०,६९७ | ७,१०,४२१ |
| ६३. | इरकन ईन्टरनेशनल लि. | १३,६०,८४,३०५ | ३,३१,२०,२१६ |
| ६४. | पीपी मण्डल प्रोजेक्टस् प्रा.लि. | ६,४७,९१,३८९ | १,५९,४६,७५५ |
| ६५. | सिनो हाइड्रो ब्यूरो-६ क.लि., स्कुल | ७,६८,२३,३४६ | ३,०२,१२,०७८ |
| | **कुल जम्मा** | **१२,४८,९८,२१,०६६** | **६,०६,२८,८२,६८२** |

नेपाल सरकार

**अर्थ मन्त्रालय**

सिंहदरबार, काठमाडौं, नेपाल

फोन नं. ०१-४२११३२४, ४२११३०१

फ्याक्स: ०१-४२११३००

Website:www.mof.gov.np

मुद्रकः- मुद्रण विभाग, सिंहदरबार, काठमाडौं ।